सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सुरक्षा क्षेत्रका कानुनी विधि तथा व्यवस्था

हरि फुयाल (सं.)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सशस्त्र शक्तिहरूको लोकतान्त्रिक नियन्त्रणका लागि जेनेभा केन्द्र (Geneva Center for the Democratic Control of Armed Forces (DCAF), जेनेभा, स्विट्जरल्यान्ड युरोपेली अध्ययन केन्द्र (युरोपियन स्टडिज् सेन्टर), मानविकी सङ्काय, युनिभर्सिटी पेकस्, हङ्गेरी

युरोपियन युनियनमा २००९ मा ब्राम्बउएर प्रकाशन, हङ्गेरीद्वारा प्रकाशित

नेपालमा नेपाली संस्करण २०६७ राष्ट्रिय शान्ति अभियानद्वारा प्रकाशित

भाषा सम्पादन : हरिहर चापागाईं

ISBN: 978-9937-2-2400-0

प्रथम संस्करण २०६७, जेठ

यो सङ्क्रमण पुस्तक शृङ्खला (अङ्ग्रेजी भाषामा) सशस्त्र शक्तिहरूको लोकतान्त्रिक नियन्त्रणका लागि जेनेभा केन्द्र र युरोपेली अध्ययन केन्द्र (युरोपियन स्टडिज् सेन्टर) द्वारा संयुक्त रूपमा प्रकाशित गरिएको हो ।

यस पुस्तकको प्रकाशन नेपालमा सुरक्षा क्षेत्र रूपान्तरणको आधार खडा गर्ने परियोजनाको एक अंशका रूपमा डेनमार्क, नर्वे, स्विट्जरल्यान्डका परराष्ट्रमन्त्रालयहरू तथा अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त अधिराज्यको विभाग (डी.एफ.आई.डी) ले गरेको उदार सहयोगका कारण सम्भव भएको हो ।

डिजाइन: राजन काफ्ले

कभर डिजाइन: आकोश माझारी, partoldalak@gmail.com

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

धन्यवाद ज्ञापन

समान सोच राख्ने पाँच राज्यहरू (डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विट्जरल्यान्ड र संयुक्त अधिराज्य) ले खुला हृदयले आर्थिक सहयोग प्रदान गरेकामा यस परियोजनाका दुई साझेदारहरू सशस्त्र शक्तिहरूको लोकतान्त्रिक नियन्त्रणका लागि जेनेभा केन्द्र (डिक्याफ) तथा राष्ट्रिय शान्ति अभियान (एन.पी.सी.) उनीहरूलाई धन्यवाद ज्ञापन गर्दछौँ ।

आफ्नो व्यस्तताका बाबजुद यस पुस्तकका लागि समय निकालेर उत्साहपूर्वक योगदान दिनुभएकामा हाम्रा सम्पादक श्री हरि फुँयाल तथा टिप्पणीकर्ताहरूलाई हार्दिक धन्यवाद दिन्छौँ ।

यसै गरी भाषा सम्पादनमा सहयोग गर्नुहुने हरिहर चापागाईंलाई विषेश धन्यवाद दिन्छौँ ।

डिक्याफका पूर्वपरियोजना नेतृत्वकर्ता श्री पिटर भ्यानहुटेले यस परियोजनाको सुरुआतदेखि नै सम्पादक तथा लेखकहरूलाई राम्रोसँग मार्गनिर्देशन गर्दै तथा साथ दिँदै आउनुभएको हो ।

डिक्याफ जेनेभाका लागि कानुनी सल्लाहकार श्री एड्रियन अर्जुन बी.ए. (अनर्स), एल.एल.बी. (अनर्स) ले यस पुस्तकको अङ्ग्रेजी संस्करणलाई अन्तिम रूप दिनुभएको हो ।

फिलिप फ्लुरी,
उपनिर्देशक, डिक्याफ

कोमल पोखेल
निर्देशक, एन.पी.सी., काठमाडौँ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भूमिका

सन् २००९ को मे महिनामा पाँचवटा समान सोच राख्ने देशहरू (डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विट्जरल्यान्ड र संयुक्त अधिराज्य) को संयुक्त मञ्चले सशस्त्र शक्तिहरूको लोकतान्त्रिक नियन्त्रणका लागि जेनेभा केन्द्र (डिक्याफ) लाई स्थानीय साझेदार राष्ट्रिय शान्ति अभियान (एन.पी.सी) का साथमा एउटा बृहत् किसिमको संसदीय क्षमता विकास कार्यक्रम सुरुआत गर्न अनुरोध गरे । यस कार्यक्रमको उद्देश्य संविधानसभा तथा सङ्घीय गणराज्य नेपालको संसद्लाई प्रजातान्त्रिक गणतान्त्रिक संविधान निर्माण गर्न सहयोग पुऱ्याउनु तथा संसारका अरू लोकतान्त्रिक संसद्हरूसँग अन्तर्संसदीय संवादका लागि दह्रो आधार बनाउनमा सहयोग गर्नु हो । त्यसैले यस कार्यक्रमले शान्ति प्रक्रियामा, अनुगमन गर्ने बृहत् संसदीय भूमिकाका प्रारम्भिक प्रयासहरूमा तथा नेपालको सुरक्षा क्षेत्रमा सरोकारवालाहरूको संलग्नता बढाउनमा सहयोग गर्दछ ।

लोकतान्त्रिक सङ्क्रमणको प्रक्रियामा काम गर्दा उपलब्ध सूचनाहरू सङ्कलन गरी कार्य प्रारम्भ गर्नु राम्रो हुन्छ । अलोकतान्त्रिक समाज सामान्यतः पारदर्शी बन्न चाहँदैनन् । त्यसैले सुरक्षा क्षेत्रका कानुन तथा नियमहरू (यदि बनाइएका छन् भने पनि) सबैको जानकारी तथा पहुँचमा हुँदैनन् । सुरक्षा क्षेत्रसँग सम्बन्धित कुराबारे संसद् वा संसदीय समितिहरूका सन्दर्भमा पनि यही वा यस्तै कुरा लागु हुन्छ । डिक्याप:एन.पी.सी.को यस परियोजनाले संसद् र सुरक्षाक्षेत्रलाई बृहत् सहयोग गर्नेमात्र होइन, नीतिनिर्माता तथा कानुन निर्माताहरूलाई निकट भविष्यमा आवश्यक पर्ने अत्यन्त सान्दर्भिक दस्तावेजहरू सङ्कलन तथा प्रकाशनसमेत गर्नेछ ।

यसरी सङ्कलन तथा प्रकाशन गरिने दस्तावेजहरू हुन् :

१. सबै सुरक्षा क्षेत्रसँग सम्बन्धित नियमकानुनहरू व्यापक रूपमा समेट्ने सङ्कलन, नेपाली र अङ्ग्रेजी भाषामा ।

२. विद्यमान कानुनबारेमा नेपाली तथा विदेशी विशेषज्ञहरूको टिप्पणी तथा

३. नेपाली सुरक्षा क्षेत्रको संरचना र अभिमुखीकरणका बारेमा नागरिक विशेषज्ञहरूको अगुवाइमा नेपाली र अङ्ग्रेजीमा यस सङ्ग्रहको पहिलो संस्करण प्रकाशन गरिनेछ । यसले सुरक्षा क्षेत्रमा पारदर्शिता ल्याउन सहयोग

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गर्नुका साथै सुरक्षा क्षेत्रसँग सम्बन्धित निकायहरू तथा प्रक्रियाहरूको विश्लेषण तथा अभिलेखीकरणमा नागरिक संलग्नता बढाउनेछ ।

सङ्घीय गणतान्त्रिक नेपालका सुरक्षा क्षेत्रसँग सम्बन्धित निकायहरू तथा प्रक्रियाका बारेमा प्रकाशन गरिने शृङ्खलाको दोस्रो भाग प्रस्तुत गर्न पाउँदा परियोजनाका दुई साझेदारहरू हर्षित छौँ । श्री हरि फुयालले अत्यन्त मिहिनेत तथा सक्षमताका साथ पुस्तक सम्पादन गर्नुभएको तथ्यमा हामी गर्व गर्दछौँ, यसका साथै उहाँले अनुवादकर्ताहरूको काम पनि सफलतापूर्वक निरीक्षण गर्नुभएको छ । श्री फुयालले आफ्नो कार्यव्यस्थताका बावजुद पनि यो पुस्तक प्रकाशनार्थ गर्दा आइ परेका चुनौतीलाई दक्षता तथा मिहिनेतका साथ सफलतापूर्वक यो कार्य सम्मपन्न गर्ने उपलब्धि हासिल गर्नुभएको छ ।

जेनेभा र काठमाडौँ, जेठ २०६७

फिलिप फ्लुरी,
उपनिर्देशक, डिक्याफ

कोमल पोखेल
निर्देशक, एनपीसी, काठमाडौँ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

विषय सूची

ऐन तथा नियमावली		पेज
खण्ड (क) विशेष प्रावधान		
१.	नेपालको अन्तरिम संविधान, २०६३	१–५
२.	नेपाल सन्धि ऐन, २०४७	६-१०
३	नेपाल नागरिकता ऐन, २०६३	११–२०
खण्ड (ख) सुरक्षा निकायहरूसँग सम्बन्धित कानुनी प्रावधान		
४.	सैनिक ऐन, २०६३	२१–१०६
५.	सैनिक प्रहरीसम्बन्धी, नियमावली, २०५८	१०७–११४
६.	सशस्त्र प्रहरी ऐन, २०५८	११५–१३१
७.	सशस्त्र प्रहरी नियमावली, २०६०	१३२–२०४
८.	प्रहरी ऐन, २०१२	२०५–२२७
९.	प्रहरी नियमावली, २०४९	२२८–३३५
१०.	स्थानीय प्रशासन ऐन, २०२८	३३६–३६०
खण्ड (ग) राज्यको सुरक्षा सुनिश्चितासँग सम्बन्धित कानुनी प्रावधान		
११.	जासुसी ऐन, २०१८	३६१–३६४
१२.	नेपाल विशेष सेवा ऐन, २०४२	३६५–३६८
१३.	राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६	३६९–३७१
१४.	सार्वजनिक सुरक्षा ऐन, २०४६	३७२–३७७
१५.	आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२	३७८–३९२
१६.	आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७	३९३–३९८
१७.	आवश्यक सेवा सञ्चालन ऐन, २०१४	३९९–४०१
१८.	केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७	४०२–४०५
१९.	सरकारी मुद्दासम्बन्धी ऐन, २०४९	४०६–४२८

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२०. सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ ४२९–४६२

खण्ड (घ) कानुनी प्रकृया तथा सजायसँग सम्बन्धित कानुनी प्रावधान

२१. कारागार ऐन, २०१९ ४६३–४८०
२२. कारागार नियमावली, २०२० ४८१–५०७
२३. वन ऐन, २०४९ ५०८–५४१
२४. वन नियमावली, २०५१ ५४२–५८२
२५. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ ५८३–५९७

खण्ड (ङ) गुनासाहरूमाथि पुनरावलोकनसँग सम्बन्धित कानुनी प्रावधान

२६. सैनिक अदालत नियमावली, २०६४ ५९८–६२९
२७. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ६३०–६३३
२८. मानव अधिकार आयोग ऐन, २०५३ ६३४–६४५

खण्ड (च) बसाइँ- सराइसँग सम्बन्धित कानुनी प्रावधान

२९. सुपुर्दगी ऐन, २०४५ ६४६–६५२
३०. अध्यागमन ऐन, २०४९ ६५३–६५८
३२. अध्यागमन नियमावली, २०५१ ६५९–७१७
३३. राहदानी ऐन, २०२४ ७१८–७२०
३४. राहदानी नियमावली, २०५९ ७२१–७३१

खण्ड (छ) हतियार तथा विस्फोटक पदार्थसँग सम्बन्धित कानुनी प्रावधान

३५. विस्फोटक पदार्थ ऐन, २०१८ ७३२–७३८
३६. हातहतियार खरखजाना ऐन, २०१९ ७३९–७८१
३७. हातहतियार खरखजाना नियमावली, २०२८ ७८२–७८५

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नेपालको अन्तरिम संविधान, २०६३

भाग १९

सङ्कटकालीन अधिकार

धारा १४३ : सङ्कटकालीन अधिकार :

(१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङ्खलताका कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनका लागि व्यवस्थापिका-संसद्को बैठकमा पेस गरिनेछ ।

(३) उपधारा (२) बमोजिम अनुमोदनका लागि पेस भएको घोषणा वा आदेश व्यवस्थापिका-संसद्को बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएका मितिले तीन महिनासम्म लागु रहनेछ ।

(४) उपधारा (२) बमोजिम व्यवस्थापिका-संसद्को बैठकमा अनुमोदनका लागि पेस भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै व्यवस्थापिका–संसद्को बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एकपटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिका लागि सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(६) उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानुनसरह लागु हुनेछ ।

(७) राष्ट्रपतिबाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिँदा सो घोषणा वा आदेश बहाल रहेसम्मका लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ ।

तर, धारा १२ को उपधारा (१), (२) र उपधारा (३) को खण्ड (ग) र (घ), धारा १३ र १४, धारा १५ को उपधारा (२) र (३), धारा १६, १७, १८, २०, २१, २२, २३, २४, २६, २९, ३० र ३१ तथा त्यस्ता धारासँग सम्बन्धित धारा ३२ बमोजिम सवैधानिक उपचारको हक र बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिनेछैन ।

(८) उपधारा (७) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनका लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

(९) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुनविपरीत वा बद्नियत साथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षतिबापत क्षतिपूर्तिको दाबी गर्न सक्नेछ र दाबी मनासिब ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(१०) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकैबखत पनि फिर्ता लिन सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भाग २०

सेनासम्बन्धी व्यवस्था

धारा १४४: नेपाली सेनाको गठन :

(१) नेपालमा नेपाली सेनाको एक सङ्गठन रहनेछ ।

(१क) राष्ट्रपति नेपाली सेनाको सर्वोच्च परमाधिपति हुनेछ ।

(२) नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ ।

(३) नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन कानुनबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ । मन्त्रिपरिषद्ले राजनैतिक सहमति र व्यवस्थापिका-संसद्को सम्बन्धित समितिको सुझाव लिई नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(४) उपधारा (३) बमोजिम कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दा नेपाली सेनाको उपयुक्त सङ्ख्या, लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गरी लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने काम गरिनेछ ।

(४क) नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसी, आदिवासी/जनजाति दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानुनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।

(५) नेपाली सेनासम्बन्धी अन्य कुराहरू कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

धारा १४५ : राष्ट्रिय सुरक्षा परिषद् :

(१) नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोग गर्नका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्न नेपालमा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ, जसमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :

(क) प्रधानमन्त्री – अध्यक्ष

(ख) रक्षामन्त्री – सदस्य

(ग) गृहमन्त्री – सदस्य

(घ) मन्त्रिपरिषद्मा रहेका राजनीतिक दलहरूमध्ये फरकफरक दलको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री – सदस्य

तर, मन्त्रिपरिषद्मा तीनभन्दा कम राजनीतिक दलको प्रतिनिधित्व भएका अवस्थामा सोभन्दा कम राजनीतिक दलको प्रतिनिधित्व गर्ने गरी तोक्न बाधा पुगेको मानिनेछैन ।

(२) प्रधानमन्त्री र रक्षामन्त्री एकै व्यक्ति रहेका अवस्थामा मन्त्रिपरिषद्को वरिष्ठतम् सदस्य राष्ट्रिय सुरक्षा परिषद्को सदस्य हुनेछ ।

(३) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो बैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) राष्ट्रिय सुरक्षा परिषद्को सचिवको काम रक्षामन्त्रालयको सचिवले गर्नेछ र निजको अनुपस्थितिमा प्रधानमन्त्रीले तोकेको अधिकृतले गर्नेछ ।

(५) प्राकृतिक विपत्तिमा परेको कारणले नेपाली सेना परिचालन भएकोमा बाहेक सेना परिचालनसम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय एक महिनाभित्र व्यवस्थापिका-संसदले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

(६) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो कार्याविधि आफैँ व्यवस्थित गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

धारा १४६ : लडाकुहरूको सङ्क्रमणकालीन व्यवस्था :

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति संविधानसभामा प्रतिनिधित्व गरेका प्रमुख राजनीतिक दलहरूको प्रतिनिधित्व हुने गरी मन्त्रिपरिषद्ले विशेष समिति बनाउनेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार मन्त्रिपरिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

धारा १४७ : व्यवस्थापन र अनुगमन :

सेना र हतियार व्यवस्थापन र अनुगमनसम्बन्धी अन्य व्यवस्था नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २०६३ साल मङ्सिर ५ गतेको 'विस्तृत शान्ति सम्झौता' र २०६३ साल मङ्सिर २२ गतेको 'सेना र हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौतामा' उल्लेख भएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नेपाल सन्धि ऐन, २०४७

लालमोहर र प्रकाशन मिति

२०४७।८।१

२०४७ सालको ऐन नं. १६

सन्धिसम्बन्धी कार्याविधिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनसम्बन्धी कार्याविधि तथा त्यस्तो सन्धि वा सम्झौताको कार्यान्वयनको सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट संविधानको धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "नेपाल सन्धि ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन २०४७ साल कार्तिक २३ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

(३) यो ऐन संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष हुने सन्धिका सम्बन्धमा लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सन्धि" भन्नाले दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर सरकारी सङ्ठनबीच लिखित रूपमा सम्पन्न भएको सम्झौता सम्झनुपर्छ र सो शब्दले यसै प्रकृतिको जुनसुकै नामकरण गरिएको लिखितसमेतलाई जनाउनेछ ।

(ख) "पूर्णाधिकार" भन्नाले सन्धि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रमाणित प्रति स्वीकार गर्न वा सन्धिमा हस्ताक्षर गर्न अख्तियारी दिई नेपाल सरकारले जारी गरेको अधिकारपत्र सम्झनुपदर्छ र सो शब्दले त्यस्तो सन्धि वार्ता गर्दा वा सन्धि हस्ताक्षर गर्दा आरक्षण राख्न वा त्यस्तो सन्धि सम्बन्धमा अन्य कुनै काम गर्न प्रदान गरेको अख्तियारीसमेतलाई जनाउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) "आरक्षण" भन्नाले बहुपक्षीय सन्धिलाई हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथन गर्दा कुनै पक्षले सो सन्धिको कुनै प्रावधान आफूलाई लागु नहुने भनी गरेको घोषणा सम्झनुपर्छ र सो शब्दले त्यस्तो प्रावधानको व्याख्या कुनै पक्षले आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणासमेतलाई जनाउनेछ ।

(घ) "सन्धि परित्याग" भन्नाले सन्धिमा उल्लेख भएको रीत पुऱ्याई सन्धि समाप्त गर्न गरेको घोषणा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनुपर्छ ।

३. सन्धि सम्पन्न गर्ने अधिकार : (१) श्री ५ महाराजाधिराज, प्रधानमन्त्री र परराष्ट्र मन्त्रीबाहेक अरू कसैले पूर्णधिकार बिना नेपाल अधिराज्य वा नेपाल सरकारको तर्फबाट कुनै पनि सन्धि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रमाणिक प्रति स्वीकार गर्न वा त्यस्तो सन्धिमा हस्ताक्षर गर्न वा आरक्षण राख्न वा तत्सम्बन्धी अन्य कुनै काम गर्नु हुँदैन ।

तर, यस दफामा लेखिएको कुनै कुराले कुनै विदेशी राज्य वा अन्तर्राष्ट्रिय सङ्गठनमा प्रतिनिधित्व गर्ने शाही नेपाली राजदूत वा नियोग प्रमुखले त्यस्तो राज्य वा अन्तरसरकारी सङ्गठनसँग गर्ने जुनसुकै विषयको सन्धि सम्बन्धमा र कुनै अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने प्रतिनिधि मण्डलका नेताबाट सो सम्मेलनमा गरिने सन्धिको सम्बन्धमा वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रमाणिक प्रति स्वीकार गर्न बाधा पर्ने छैन ।

४. सन्धिको अनुमोदन तथा सम्मिलनको कार्याविधिः

(१) संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिबाहेक अन्य विषयका सन्धिहरूमध्ये अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथन गनुपर्ने भनी व्यवस्था भएको सन्धिलाई अनुमोदन, स्वीकृति वा सर्मथन गर्नुपरेमा वा कुनै सन्धिमा सम्मिलित हुन चाहेमा सोसम्बन्धी प्रस्ताव नेपाल सरकारले प्रतिनिधिसभामा पेस गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम पेस भएको सन्धिको अनुमोदन, स्वीकृति, सर्मथन वा सम्मिलनसम्बन्धी प्रस्ताव प्रतिनिधिसभामा उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट पारित हुनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपदफा (२) बमोजिम प्रतिनिधिसभाबाट प्रस्ताव पारित भएपछि नेपाल सरकारले सो सन्धिमा भएको व्यवस्थाबमोजिम अनुमोदन, स्वीकृति, सर्मथन वा सम्मिलनको सूचना सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ ।

(४) कुनै अन्तरसरकारी सङ्गठनको स्थापना गर्ने वा त्यस्तो कुनै सङ्गठनको सदस्यता प्राप्त गर्ने सन्धि वा प्रचलित कानुनको प्रतिकूल हुने सन्धिको हकमा त्यस्तो सन्धिमा अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथनको व्यवस्था नगरिएको भए तापनि प्रतिनिधिसभाबाट प्रस्ताव पारित नभएसम्म नेपाल अधिराज्य वा नेपाल सरकार त्यस्तो सन्धिको पक्ष हुन सक्ने छैन ।

५. केही खास सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथन :

(१) संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा सार्मथन गराउनुपर्दा वा त्यस्तो सन्धिमा सम्मिलत हुने अनुमति प्राप्त गर्नुपर्दा नेपाल सरकारले यस सम्बन्धमा संसद्मा प्रस्ताव पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएको सन्धिको सम्बन्धमा संविधानको धारा १२६ को उपधारा (२) बमोजिम संसद्बाट प्रस्ताव पारित भएपछि त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको सूचना नेपाल सरकारले सो सन्धिमा उल्लेख भएको व्यवस्थाअनुसार सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ ।

६. नेपाल सरकारले हस्ताक्षर गरी सन्धि लागु गर्न सक्ने : दफा ४ वा संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरूबाहेक अन्य जुनसुकै विषयका सन्धिमा नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो सन्धिमा नेपाल अधिराज्य वा नेपाल पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिनेछ ।

७. सन्धिको परित्याग वा निलम्बन गर्न सकिने : नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएको सन्धिमा अन्यथा व्यवस्था भएकामा बाहेक त्यस्तो सन्धिलाई परित्याग गर्ने वा आंशिक वा पुरै निलम्बन गर्ने वा निलम्बन फुकुवा गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र त्यस्तो सन्धि दफा ४ वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएको सन्धिसँग सम्बन्धित रहेछ भने सोसम्बन्धी जानकारी प्रतिनिधिसभालाई दिनुपर्नेछ ।

८. सन्धि पश्चात्दर्शी नहुने : सन्धिमा अन्यथा व्यवस्था भएकामा बाहेक सन्धिलाई पश्चात्दर्शी प्रभाव दिने गरी लागु गरिने छैन ।

९. सन्धि व्यवस्था कानुनसरह लागु हुने :

(१) संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथन भई नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागु हुनेछ ।

(२) संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल अधिराज्य वा नेपाल सरकारउपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कार्बाही चलाउनुपर्दछ ।

१०. प्रतिनिधिसभा समक्ष पेस गर्नुपर्ने : दफा ६ बमोजिम नेपाल सरकारले स्वीकार गरी लागु गरेका सन्धिहरूको सूचना प्रतिनिधिसभा बसेको एक महिनाभित्र जानकारीको लागि प्रतिनिधिसभामा पेस गर्नुपर्नेछ ।

११. सन्धि दर्ता गर्ने : नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएका सन्धिहरू मध्ये नेपाल सरकारले उपयुक्त ठहराएका सन्धिहरू सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठन वा संयुक्त राष्ट्र सङ्घको सचिवालयमा दर्ता गराउन सक्नेछ ।

१२. सन्धि प्रकाशन गर्नुपर्ने : नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएका सन्धिहरू मध्ये नेपाल सरकारले उचित ठहराएका सन्धिहरूको प्रमाणिक प्रति नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, संसद्बाट अनुमोदन, स्वीकृति वा सर्मथन भएका सन्धिहरू र संसदको निर्णयबमोजिम नेपाल अधिराज्य वा नेपाल सरकार सम्मिलित भएका सन्धिहरू त्यसरी अनुमोदन, सम्मिलन, स्वीकृति वा सर्मथन भएको मितिले साठी दिनभित्र अनिवार्य रूपले नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्नेछ ।

१३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

१४. सङ्क्रमणकालीन व्यवस्था : संविधान बमोजिम निर्वाचन भई संसद्को प्रथम अधिवेशन प्रारम्भ नभएसम्मको लागि संविधानको धारा १२६ को उपधारा (२) मा उल्लिखित विषयका सन्धिहरू बाहेक नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष हुने अन्य विषयको सन्धिहरूको अनुमोदन, सम्मिलिन, स्वीकृति वा सर्मथन गर्ने अधिकार मन्त्रिपरिषद्मा रहनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नेपाल नागरिकता ऐन, २०६३

प्रमाणीकरण मिति

२०६३।८।१०।१

संशोधन गर्ने ऐन

केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ २०६४।५।९

२०६३ सालको ऐन नं. २५

नागरिकतासम्बन्धी नेपाल कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको र राज्यशक्तिको स्रोत नेपाली जनता नै रहेको विद्यमान अवस्थामा विगतमा नेपाली नागरिकहरूले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसक्दा अप्ठेरो परिरहेको अवस्थालाई महसुस गरी प्रतिनिधिसभाको घोषणा, २०६३ ले नेपाल राज्यभित्रको नागरिकता सम्बन्धी समस्याको समाधान यथाशीघ्र गर्ने सङ्कल्प लिए अनुरूप २०६३ साल कार्तिक २२ गते भएको राजनीतिक सहमतिको आधारमा नेपालको नागरिकता प्राप्ति, समाप्ति र तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्नका लागि प्रचलित कानुनी व्यवस्थालाई समयानुकूल संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

प्रतिनिधिसभाका घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

(१) सङ्क्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "नेपाल नागरिकता ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) "नाबालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनुपर्छ ।

(ख) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. वंशजको नाताले नेपाली नागरिकता प्राप्ति :

(१) कुनै व्यक्तिको जन्महुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानका हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

४. जन्मका आधारमा नेपाली नागरिकताको प्राप्ति :

(१) संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएका व्यक्ति जन्मका आधारमा नेपालको नागरिक हुनेछ ।

(२) उपदफा (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनु अगावै निवेदन दिने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र तोकिएबमोजिम निवेदन दिन सक्नेछ ।

५. अङ्गीकृत नेपाली नागरिकताको प्राप्ति :

(१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिँदा नेपाली

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कार्बाही चलाएको निस्सा पनि साथै पेस गर्नुपर्नेछ ।

(२) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताका आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ :

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस,

(ग) बाबुको नागरिकताका आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

(४) देहायका सर्त र अवस्था पूरा गरिसकेका विदेशी नागरिक मध्ये विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्व शान्ति, मानव कल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनी मनासिब आधारमा नेपाल सरकारले ठऱ्याएको व्यक्तिलाई तोकिएबमोजिम अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सकिनेछ :

(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,

(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको,

(ग) अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको,

(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानुनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको,

(च) असल चालचलन भएको,

(छ) मानसिक रूपले स्वस्थ भएको

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेको सन्तानले तोकिएबमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम अङ्गीकृत नेपाली नागरिकता पाउने व्यक्तिलाई अनुसूची बमोजिमको शपथग्रहण गराई तोकिएको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ र त्यस्तो प्रमाणपत्र पाएको मिति देखि त्यस्तो व्यक्ति नेपालको अङ्गीकृत नागरिक हुनेछ ।

६. सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने : दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ ।

७. क्षेत्र गाभिँदाको नागरिकता : नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस क्षेत्रभित्रको व्यक्ति यस ऐनको अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिए बमोजिम सोही सूचनामा तोकेको मितिदेखि नेपालको नागरिक मानिनेछ ।

८. नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि निवेदन दिनुपर्ने :

(१) दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ :

(क) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

तर, विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाका हकमा यो व्यवस्था लागु हुनेछैन ।

(ख) जन्मस्थान र नाता खुल्ने गरी गाउँ विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिस ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) दफा ४ बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारी समक्ष देहायका कागजातको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ :

(क) निजको जन्म नेपालमा भएको र नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिस,

(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपुर्जा वा मोहियानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले प्राप्त प्रमाणका आधारमा छानविन गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।

(४) कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिमका प्रमाणहरू निवेदनसाथ पेस गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सर्जमिनस्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्थलगत सर्जमिन गर्दा निवेदक नेपालमा जन्म भई निरन्तर रुपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(६) उपदफा (३) वा (४) बमोजिम छानविन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा तोकिएको अवधिभित्र सोही व्यहोराको निर्णय गरी निजलाई सोको जानकारी दिनुपर्नेछ ।

९. नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार : वंशजको नाताले, जन्मका आधारमा वा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१०. नेपाली नागरिकता कायम नरहने :

(१) नेपालको कुनै नागरिकले आफूखुसी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहनेछैन ।

(२) नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न तोकिएबमोजिम सूचना गरेपछि तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहनेछैन ।

(३) दफा १४ बमोजिम कुनै व्यक्तिलाई नेपाली नागरिकताबाट हटाइएकोमा त्यसरी हटाइएको मितिदेखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन ।

(४) कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नुपर्नेछ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहनेछैन ।

(५) नेपालको नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले प्रचलित कानुनबमोजिम निर्णय गर्नेछ ।

११. पुनः नेपाली नागरिकता कायम हुने : कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुनेछ ।

१२. नागरिकताको प्रमाणपत्र रद्द गर्ने : कुनै नेपाली नागरिकले झुटो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द गर्नेछ ।

१३. दोहोरो नागरिकताको प्रमाणपत्र लिन नहुने : कसैले पनि एकभन्दा बढी नागरिकताको प्रमाणपत्र लिनुहुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, बसाइँ सरेको आधारमा कुनै व्यक्तिले चाहेमा सम्बन्धित कार्यालयबाट निजले पहिले लिएको नागरिकता खिची अर्को नागरिकताको प्रमाणपत्र जारी गर्न बाधा पर्नेछैन ।

१४. नेपाली नागरिकताबाट हटाउने :

(१) कुनै विदेशी व्यक्तिले झुटो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ ।

(२) यस दफा बमोजिम नेपाल सरकारले कुनै व्यक्तिलाई नेपालको नागरिकताबाट हटाउने गरी दिएको आदेशउपर पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

१५. नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने : नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्नेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१६. अधिकार, कर्तव्य र दायित्व लोप नहुने : कुनै कारणबाट कसैको नेपाली नागरिकता समाप्त भएमा नेपालको नागरिक रहेको बखत निजले गरेको कुनै कार्यका सम्बन्धमा निजको अधिकार, कर्तव्य र दायित्व त्यसरी नागरिकता समाप्त भएको कारणले मात्र लोप भएको मानिनेछैन ।

१७. विवरण सच्याउने :

(१) कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि 'सानातिना त्रुटि' भन्नाले नागरिकताको प्रमाणपत्रमा उल्लेखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तै : 'कुमारी, देवी, बहादुर, प्रसाद' जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकारमा फरक परेको वा यस्तै अन्य सानातिना त्रुटिलाई जनाउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम निवेदन परेपछि सम्बन्धित अधिकारीले निजसँग भएको सबुद प्रमाण र आवश्यकताअनुसार साक्षी सर्जमिनसमेत बुझी त्यस्तो विवरण सच्याई पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(३) विवाह वा सम्बन्धविच्छेद भएकी महिलाले थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची थर, वतन वा विवरण संशोधन गरी अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

१८. दोहोऱ्याई हेर्ने :

(१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यस ऐनबमोजिम दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेशउपर दोहोऱ्याई हेरियोस् भनी त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र नेपाल सरकारसमक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि आदेश दिने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदनसमेतको विचार गरी नेपाल सरकारले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र सो निर्णय वा आदेश अन्तिम हुनेछ ।

१९. नामावली प्रकाशन : दफा १४ बमोजिम नेपाली नागरिकताबाट हटाइएका व्यक्तिहरूको नामावली प्रत्येक वर्ष नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

२०. अधिकार प्रत्यायोजन :

(१) नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा १४ बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुनेछैन ।

(२) यस ऐनबमोजिम नागरिकताको प्रमाणपत्र वितरण गर्न तोकिएको अधिकारीले आफूलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२१. <u>दण्डसजाय</u> :

(१) कुनै विदेशीले नेपाली नागरिक भएको दाबी गरी झुटो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । झुटो विवरण दिई नागरिकता प्राप्त गरेबापत यस उपदफाबमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।

(२) कुनै विदेशीलाई झुटो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गर्ने व्यक्तिलाई छ महिनादेखि तीन वर्षसम्म कैद वा पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले नेपाली नागरिकताको झुटो वा किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) कसैले सक्कल नागरिकताको प्रमाणपत्रमा भएको विवरणमा आफूखुसी थपघट गरेमा वा सच्चाएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) दफा १२ बमोजिम झुटो विवरण दिई नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा वा दफा १७ बमोजिम सच्चाइएको विवरण झुटो प्रमाणित भएमा त्यस्तो झुटो विवरण दिने व्यक्तिलाई वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप अन्य कुनै कसुर गर्ने गराउने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(६) नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकारीले जानीजानी वा बदनियत राखी यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित हुने गरी नागरिकताको प्रमाणपत्र दिएमा वा नागरिकताको प्रमाणपत्रको विवरण सच्चाएमा त्यस्तो पदाधिकारी वा कर्मचारीउपर प्रचलित कानुनबमोजिम विभागीय कार्बाही हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(७) उपदफा (१), (२) र (३) अन्तर्गत सजाय हुने कसुर गर्न उद्योग गर्ने वा मद्दत गर्ने व्यक्तिलाई सोही उपदफामा तोकिएको सजायको आधा सजाय हुनेछ ।

२२. नागरिकता टोली खटाउन सक्ने :

(१) नेपाल सरकारले आवश्यक देखेमा नागरिकताको प्रमाणपत्र वितरण गर्नका लागि नागरिकता प्रमाणपत्र वितरण टोली खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटाइएको टोलीले नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही नागरिकताको प्रमाणपत्र वितरण गर्नेछ ।

२३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२४. खारेजी र बचाउ :

(१) नेपाल नागरिकता ऐन, २०२० खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐनबमोजिम भएगरेका कामकार्बाही यसै ऐन अन्तर्गत भएगरेको मानिनेछ ।

अनुसूची

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

म .....ईश्वरको नाममा शपथ लिन्छु/सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि नेपाल राज्य, प्रचलित संविधान र कानुनप्रति बफादार रही श्रद्धा एवम् निष्ठापूर्वक नेपाली नागरिकको रूपमा आफ्नो कर्तव्य पालना गर्नेछु ।

दस्तखत :

मिति : नाम :

वतन :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सैनिक ऐन, २०६३

प्रमाणीकरण तथा प्रकाशन मिति

२०६३।६।१२

प्रस्तावना : ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको र राज्य शक्तिको स्रोत नेपाली जनता नै रहेको हुँदा नेपाली सेनालाई नेपाली जनताप्रति उत्तरदायी बनाउन नेपाली सेनाको स्थापना, व्यवस्था, नियन्त्रण, प्रयोग र परिचालन सम्बन्धमा प्रचलित कानुनी व्यवस्थामा समयानुकूल संशोधन तथा एककीरण गर्न वाञ्छनीय भएकाले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "सैनिक ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नेपाली सेना" भन्नाले यस ऐनअन्तर्गत नेपाली सेनामा नियुक्त व्यक्तिहरूको सामूहिक सङ्गठन वा त्यसको कुनै अङ्ग सम्झनुपर्छ ।

(ख) "बल (फोर्स)" भन्नाले नेपाल सरकारले खास कामका निमित्त खडा गरेको नेपाली सेनाको कुनै अङ्ग वा समूहको सङ्गठित बल सम्झनुपर्छ ।

(ग) "जङ्गी कार्बाहीमा लागेको" भन्नाले देहायका कुनै अवस्था सम्झनुपर्छ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) नेपाली सेनाको कुनै अङ्ग भई वा त्यस्तो अङ्गसँग मिली शत्रु विरुद्ध कार्बाहीमा लागेको वा काम गरिरहेको,

(२) पूर्ण वा आंशिक रूपमा शत्रुले कब्जा गरिराखेको मुलुक वा स्थानमा जङ्गी कार्बाही गरिरहेको वा त्यस्तो मुलुक वा स्थानतिर बढ्दै गइरहेको नेपाली सेनाको कुनै अङ्ग भई वा त्यस्तो सेनासँग मिली काम गरिरहेको,

(३) कुनै विदेशी मुलुकको सैनिकको कब्जामा रहेको बखत नेपाली सेनाको कुनै अङ्ग भई वा त्यस्तो सेनासँग मिली काम गरिरहेको,

(४) हतियार लिई वा नलिई विध्वंसात्मक वा हिंसात्मक कार्बाहीमा लागेका वा लाग्ने आशङ्का भएका जुनसुकै व्यक्ति वा समूह विरुद्ध नेपाली सेनाको कुनै अङ्ग भई वा त्यस्तो सेनासँग मिली आन्तरिक सुरक्षाको कार्बाहीमा संलग्न रहेको,

(५) नेपाल सरकारले दफा १३५ बमोजिम जङ्गी कार्बाहीमा लागेको भनी घोषणा गरेको ।

(घ) "प्रधानसेनापति (चिफ अफ दी आर्मी स्टाफ)" भन्नाले दफा ८ बमोजिम नियुक्त नेपाली सेनाको प्रधानसेनापति सम्झनुपर्छ ।

(ङ) "अधिकृत" भन्नाले पदिकभन्दा माथिका नेपाली सेनाका अधिकृत सम्झनुपर्छ र सो शब्दले जगेडा बल (रिजर्भ फोर्स) का सोसरहका अधिकृतसमेतलाई जनाउँछ ।

(च) "पदिक (जुनियर कमिसन्ड अफिसर)" भन्नाले नेपाली सेनाको प्रमुख सुवेदार, सुवेदार, जमदार सम्झनुपर्छ र सो शब्दले जगेडा बलको सोसरहका व्यक्तिसमेतलाई जनाउँछ ।

(छ) "कमान्डिङ्ग अधिकृत" भन्नाले देहायका कुनै अधिकृत सम्झनुपर्छ :

(१) युनिट, सबयुनिटको तालुकवाला,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) युनिट वा सबयुनिटका टुकडी बेग्लै खटिएका बेलामा त्यस्ता टुकडीहरूलाई मातहतमा राख्ने पदाधिकारी,

(३) दफा ३ को उपदफा (१) को खण्ड (ख)अन्तर्गतको हरेक व्यक्तिका लागि आफू संलग्न भएको कुनै चमु, डिट्याचमेन्ट डिपार्टमेन्टको कमान्डिङ्ग अधिकृत,

(४) उपखण्ड (३) बमोजिम आफू कहीँ संलग्न नभएको अवस्थामा आफूले तत्काल सेवा गरिराखेको बलको कमान्ड गर्ने अधिकृतले निजको कमान्डिङ्ग अधिकृत भनी मनोनीत गरेको वा तोकेको अधिकृत,

(५) उपखण्ड (४) बमोजिम कुनै अधिकृत मनोनीत वा तोकेको नभएमा सम्बन्धित बल कमान्ड गर्ने अधिकृत ।

(ज) "बिल्लादार (नन कमिसन्ड अफिसर)" भन्नाले नेपाली सेनाका हुद्दा, अमलदार, प्युठ सम्झनुपर्छ र सो शब्दले खास कामका निमित्त खडा भएको बलमा रहेको त्यस्तो दर्जाको व्यक्तिसमेतलाई जनाउँछ ।

(झ) "चमु" भन्नाले नेपाली सेनाअन्तर्गत चमु भनी खडा गरिएको छुट्टै एकाइ सम्झनुपर्छ ।

(ञ) "पृतना" भन्नाले नेपाली सेनाअन्तर्गत पृतना भनी खडा गरिएको छुट्टै एकाइ सम्झनुपर्छ ।

(ट) "बाहिनी" भन्नाले नेपाली सेनाअन्तर्गत बाहिनी भनी खडा गरिएको छुट्टै एकाइ सम्झनुपर्छ ।

(ठ) "गण" भन्नाले नेपाली सेनाअन्तर्गत गण भनी खडा गरिएको छुट्टै एकाइ सम्झनुपर्छ ।

(ड) "पति" भन्नाले अधिकृतदेखि बिल्लादारसम्मका दर्जालाई जनाउँछ ।

(ढ) "आफूभन्दा माथिको अधिकृत" भन्नाले आफूभन्दा निकटतम माथिको अधिकृत सम्झनुपर्छ र यस प्रयोजनका लागि पदिक वर्ग तथा बिल्लादारसमेतलाई जनाउँछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ण) "कसुर" भन्नाले परिच्छेद ७ बमोजिमको कसुर मानिने कार्य सम्झनुपर्छ ।

(त) "शत्रु" भन्नाले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने जुनसुकै व्यक्तिले कार्बाही गर्नुपर्ने सशस्त्र सैनिक विद्रोह, सशस्त्र देशद्रोही, सशस्त्र उपद्रवी, सशस्त्र डाँकु तथा अन्य जुनसुकै सशस्त्र व्यक्ति सम्झनुपर्छ ।

(थ) "सैनिक अदालत" भन्नाले दफा ६७ बमोजिमको जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत, डिस्ट्रिक्ट सैनिक अदालत, समरी सैनिक अदालत र दफा ११९ बमोजिमको सैनिक विशेष अदालत सम्झनुपर्छ ।

(द) "समिति" भन्नाले दफा २९ बमोजिमको सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ध) "कल्याणकारी कार्य" भन्नाले बहालवाला तथा भूतपूर्व सैनिक व्यक्ति र निजका परिवारको हितका लागि बिमा, औषधोपचार, स्वास्थ्य, छात्रवृत्ति, आवास उपलब्ध गराउने तथा क्यान्टिन सञ्चालन गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले विद्यालय तथा महाविद्यालय स्थापना गरी सञ्चालन गर्ने कार्यलाई समेत जनाउँछ ।

(न) "कल्याणकारी योजना" भन्नाले कल्याणकारी कार्यमा सहयोग पुऱ्याउने आयमूलक कार्य सम्झनुपर्छ र सो शब्दले नेपालमा स्थापना हुने पूर्वाधार एवम् सेवामूलक परियोजना, वित्तीय संस्था तथा उद्योग व्यवसायमा तोकिएका आधारमा ऋण वा सेयर लगानी गर्ने कार्यलाई समेत जनाउँछ ।

तर, यस्तो लगानी प्रवर्द्धकका रूपमा हुनेछैन ।

(प) "आयमूलक कार्य" भन्नाले कल्याणकारी कार्यमा सहयोग पुऱ्याउन प्रचलित कानुनबमोजिम अनुमति प्राप्त गरी कुनै संस्थामा लगानी गरी आयआर्जन गर्ने कार्य सम्झनुपर्छ ।

(फ) "सैनिक प्रहरी प्रमुख" भन्नाले दफा ७८ बमोजिम नियुक्त सैनिक प्रहरी प्रमुख सम्झनुपर्छ र सो शब्दले निजको मातहतमा रही निजको तर्फबाट कानुनबमोजिम अधिकार प्रयोग गर्ने अन्य जुनसुकै व्यक्तिसमेतलाई जनाउँछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ब) "प्राड विवाक" भन्नाले दफा ८१ बमोजिम सैनिक अदालतमा प्राड विवाकका रूपमा उपस्थित हुने व्यक्ति सम्झनुपर्छ ।

(भ) "अन्य अदालत" भन्नाले प्रचलित कानुनबमोजिम गठित सैनिक अदालत बाहेकको अन्य अदालत सम्झनुपर्छ ।

(म) "विभागीय सजाय" भन्नाले दफा १०५ बमोजिम दिइने विभागीय सजाय सम्झनुपर्छ ।

(य) "कारागार" भन्नाले कारागारसम्बन्धी प्रचलित कानुनबमोजिमको कारगार सम्झनुपर्छ र सो शब्दले दफा १३६ बमोजिमको सैनिक कारागारसमेतलाई जनाउँछ ।

(र) "आदेश" भन्नाले यो ऐन तथा यस अन्तर्गत बनेका नियमहरू बमोजिम अधिकारप्राप्त अधिकारीले जारी गरेको आदेश सम्झनुपर्छ ।

(ल) "तोकिए" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. <u>यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिहरू :</u>

(१) देहायका व्यक्तिहरू यस ऐनको क्षेत्राधिकारभित्र पर्नेछन् :

(क) यस ऐनअन्तर्गत नेपाली सेनामा नियुक्त व्यक्तिहरू,

(ख) जङ्गी कार्बाहीका निमित्त क्याम्पमा वा मार्चमा वा नेपाल सरकारबाट जङ्गी कार्बाहीको इलाका भनी घोषित इलाकामा नेपाली सेनाले काममा लगाएका वा नेपाली सेनाको सेवामा रहेका वा नेपाली सेनाको कामको सहयोगमा जाने गैरसैनिक व्यक्तिहरू,

(ग) नेपाली सेनामा नियुक्त हुन छानिएका व्यक्तिहरू ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका व्यक्ति आफू संलग्न कुनै विभाग, फर्मेसन वा एकाइको कमान्डिङ्ग अधिकृतको मातहतमा रहेको मानिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको व्यक्ति उपदफा (२) बमोजिम कुनै विभाग, फर्मेसन वा एकाइको कमान्डिङ्ग

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकृतको मातहतमा संलग्न नरहेका अवस्थामा आफूले केही समयका लागि तत्काल सेवा गरिराखेको बलको कमान्ड गर्ने अधिकृतले निजको कमान्डिङ्ग अधिकृत भनी तोकेको वा मनोनीत गरेको अधिकृत वा त्यसरी तोकिएको वा मनोनीत नगरिएको भए सम्बन्धित बलको कमान्ड गर्ने अधिकृतको कमान्डमा रहेको मानिनेछ ।

(४) बलको कमान्डिङ्ग अधिकृतले उपदफा (१) को खण्ड (ख) मा उल्लेख गरिएका कुनै पनि व्यक्तिलाई निजभन्दा माथिल्लो अधिकृत भएसम्म निजभन्दा तल्लो अधिकृतको मातहतमा राख्नुहुँदैन ।

(५) उपदफा (१) बमोजिमका व्यक्तिहरूले नेपाल राज्यबाहिर कसुर गरेमा पनि यस ऐनको क्षेत्राधिकार कायम हुनेछ ।

(६) उपदफा (१) बमोजिमका व्यक्तिहरूले संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा संलग्न भई खटिएको देशका नागरिक विरुद्ध गरेका कसुरहरू अन्य अदालतको क्षेत्राधिकार भित्र पर्दछन् ।

परिच्छेद – २

नेपाली सेनाको स्थापना र व्यवस्था

४. नेपाली सेनाको स्थापना र व्यवस्था :

(१) नेपाल राज्यको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको संरक्षण तथा प्रतिरक्षाका लागि नेपाली सेनाको स्थापना गरिनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाली सेना यसै ऐनबमोजिम स्थापना भएको मानिनेछ ।

(३) नेपाली सेनाको व्यवस्था यो ऐन र यस ऐनअन्तर्गत बनेका नियमहरूमा उल्लेख भएबमोजिम हुनेछ र अन्य कुराहरूका हकमा नेपाल सरकारले निर्देशन दिएबमोजिम हुनेछ ।

५. नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकारले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाली सेना परिचालनसम्बन्धी नेपाल सरकारको निर्णय तीस दिनभित्र अनुमोदनको लागि प्रतिनिधिसभा, सुरक्षा विशेष समितिमा पेस गर्नुपर्नेछ ।

६. राष्ट्रिय सुरक्षा परिषद् :

(१) नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालनका लागि नेपाल सरकारलाई सिफारिस गर्न देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहेको एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ :

(क) प्रधानमन्त्री –अध्यक्ष

(ख) रक्षामन्त्री –सदस्य

(ग) गृहमन्त्री –सदस्य

(घ) अर्थमन्त्री –सदस्य

(ङ) परराष्ट्रमन्त्री –सदस्य

(२) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो बैठकमा आवश्यकताअनुसार अन्य मन्त्री, प्रधानसेनापति, नेपाल सरकारका मुख्य सचिव, सचिवलगायत अन्य सुरक्षा निकायका प्रमुख वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित कामका अतिरिक्त राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य तथा अधिकार देहाय बमोजिमको हुनेछ :

(क) नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,

(ख) नेपाली सेनाको सङ्ख्या र सङ्गठनात्मक संरचना सम्बन्धमा नेपाल सरकारलाई सुझाव पेस गर्ने,

(ग) नेपाली सेनाको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेस गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) नेपाली सेनाको हतियार, खरखजाना तथा अन्य सैन्य सामग्रीको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेस गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(४) राष्ट्रिय सुरक्षा परिषद्को सचिवको काम रक्षामन्त्रालयको सचिवले गर्नेछ । निजको अनुपस्थितिमा प्रधानमन्त्रीले तोकेको अधिकृतले गर्नेछ ।

(५) राष्ट्रिय सुरक्षा परिषद्को कामकार्बाही सञ्चालन गर्नका लागि रक्षामन्त्रालय अन्तर्गत एक सचिवालय रहनेछ । सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(६) राष्ट्रिय सुरक्षा परिषद्को बैठकसम्बन्धी कार्याविधि राष्ट्रिय सुरक्षा परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

७. सङ्गठनको स्वरूप :

(१) नेपाली सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नीति, योजना तथा कार्यक्रम बनाउनेछ ।

(३) नेपाली सेनाको सङ्गठनात्मक संरचना तथा दरबन्दी सङ्ख्या नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

तर, महारथीको दरबन्दी एकमात्र रहनेछ र सोही महारथीलाई प्रधानसेनापतिमा नियुक्ति गरिनेछ ।

(४) नेपाली सेनाको सङ्गठनमा प्रधानसेनापति र अनुसूची – १ मा उल्लेख भएका पदहरू रहनेछन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ३

प्रधान सेनापतिको नियुक्ति, काम, कर्तव्य र अधिकार

८. प्रधान सेनापति :

(१) प्रधान सेनापतिको नियुक्ति नेपाल सरकारबाट हुनेछ । निजलाई दर्ज्यानी चिन्ह प्रधानमन्त्रीबाट प्रदान गरिनेछ ।

(२) प्रधान सेनापति नेपाली सेनाको प्रमुख हुनेछ ।

(३) बिदामा बसेको वा अन्य कुनै कारणले प्रधान सेनापतिको पद रिक्त हुन आएका अवस्थामा नेपाल सरकारले तोकेको नेपाली सेनाको वरिष्ठ अधिकृतले कायममुकायम भई प्रधान सेनापतिको कार्यभार सम्हाल्नेछ ।

९. नेपाल सरकारप्रति उत्तरदायी हुने :

(१) प्रधान सेनापति आफूले सम्पादन गर्नुपर्न काम कर्तव्यका सम्बन्धमा नेपाल सरकारप्रति उत्तरदायी हुनेछ ।

(२) प्रधान सेनापतिले आफ्नो कार्यभार सम्हाल्नुअघि अनुसूची – २ बमोजिमको ढाँचामा प्रधानमन्त्री समक्ष शपथ लिनुपर्नेछ ।

१०. प्रधान सेनापतिको काम, कर्तव्य र अधिकार :

(१) नेपाल सरकारले दिएको निर्देशन र प्रचलित कानुनका अधीनमा रही नेपाली सेनाको व्यवस्थापन गर्नु प्रधान सेनापतिको काम र कर्तव्य हुनेछ ।

(२) प्रधान सेनापतिले प्रत्येक वर्ष वैशाख महिनाभित्र नेपाली सेनाको व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गर्नेछ र त्यसरी प्राप्त प्रतिवेदन नेपाल सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरी राज्यव्यवस्था समितिमा छलफल गराइनेछ ।

(३) प्रधान सेनापतिको अन्य काम, कर्तव्य र अधिकार यो ऐन तथा यस ऐनअन्तर्गत बनेका नियमहरूमा तोकिएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

११. उमेरको हद तथा पदावधि :

(१) प्रधान सेनापति ६१ वर्षको उमेरसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(२) उपदफा (१) का अधीनमा रही प्रधान सेनापतिको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक सम्झेमा सो अवधि पूरा हुनुअगावै प्रधान सेनापतिलाई अवकाश दिन सक्नेछ । त्यसरी अवकाश दिनुपूर्व सफाइको मौका दिइनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको प्रधान सेनापति उपदफा (२) को अधीनमा रही आफ्नो पदमा बहाल रहनेछ ।

परिच्छेद – ४

नियुक्ति तथा सेवाका सर्तहरू

१२. नियुक्ति तथा पदपूर्ति :

(१) नेपाली सेनामा रिक्त अधिकृत तहको पदपूर्तिका लागि सिफारिस गर्न लोकसेवा आयोगको अध्यक्ष वा लोकसेवा आयोगले तोकेको सो आयोगको सदस्यको अध्यक्षतामा र अधिकृतभन्दा तल्लो तहको पदपूर्तिका लागि सिफारिस गर्न लोकसेवा आयोगले तोकेको प्रतिनिधिसमेत सदस्य रहने गरी तोकिएबमोजिमको पदपूर्ति समिति रहनेछ ।

तर, उपदफा (१) बमोजिमको समितिले लिखित परीक्षासम्बन्धी कार्य गरी लोकसेवा आयोगको अध्यक्षले तोकेको प्रतिनिधिको रोहबरमा सो बाहेकका अन्य परीक्षा सञ्चालन गर्न यस दफामा लेखिएका कुराले कुनै बाधा पुग्नेछैन ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) पदपूर्तिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) नेपाली सेनाका विभिन्न पदमा नियुक्त हुनका लागि आवश्यक पर्ने योग्यता तोकिए बमोजिम हुनेछ ।

१३. अयोग्यता :

(१) देहायको व्यक्ति नेपाली सेनामा नियुक्त हुन अयोग्य मानिनेछ :

क) गैरनेपाली नागरिक,

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको,

ग) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

घ) मानवअधिकार हननमा कसुरदार ठहरिएको,

ङ) दफा १२ को उपदफा (४) बमोजिम तोकिएको योग्यता नभएको ।

(२) उपदफा (१) को खण्ड (क) मा लेखिएका कुराले अल्पकालको लागि गैरनेपाली नागरिकबाट प्राविधिक तथा विशेषज्ञ सेवा प्राप्त गर्न नेपाल सरकारलाई बाधा पुऱ्याएको मानिनेछैन ।

१४. नियुक्त गर्ने अधिकारी : यस ऐनको दफा १२ बमोजिम पदपूर्ति समितिको सिफारिसमा नेपाली सेनाको अधिकृत तहको पदमा नेपाल सरकारले र अन्य तहको पदमा तोकिएको अधिकारीले नियुक्त गर्नेछ ।

१५. आयुक्त पद प्रदान गर्ने : यो ऐन तथा यस ऐनअन्तर्गत बनेका नियमहरूमा उल्लेखित व्यवस्थाहरूको अधीनमा रही योग्य ठहरिएका नेपाली सेनाका अधिकृतलाई रक्षामन्त्रीले आयुक्त पद प्रदान गर्नेछ ।

१६. शपथग्रहण गर्ने : नेपाली सेनाको पदमा नियुक्त हुने प्रत्येक व्यक्तिले अनुसूची -२ मा तोकिए बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

१७. सेवाअवधि :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) दफा ११ मा उल्लेख भएदेखि बाहेक नेपाली सेनामा कार्यरत अधिकृतको उमेरको हद अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) का अधीनमा रही नेपाली सेनाको अधिकृतको पदावधि अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो अवधिसम्म सेवा गरी शारीरिक रूपमा सक्षम रहेका अधिकृतको सेवा नेपाली सेनाका लागि आवश्यक छ भनी मनासिब आधार र कारण खोली नेपाल सरकारसमक्ष प्रधानसेनापतिले सिफारिस गरेमा नेपाल सरकारले अनुसूची -५ बमोजिम पदावधि थप गर्न सक्नेछ ।

१८. सेवाबाट हटाउने तथा दर्जा घटाउने :

(१) नेपाल सरकारले नेपाली सेनामा कार्यरत जुनसुकै व्यक्तिलाई पनि सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(२) प्रधान सेनापतिले अधिकृत बाहेक नेपाली सेनामा कार्यरत जुनसुकै व्यक्तिलाई पनि तल्लो तलबमानमा ओह्राल्न वा दर्जा घटाउन वा सेवाबाट हटाउन सक्नेछ ।

(३) चमु, पृतना, बाहिनी वा सोसरहका पति वा सो सरह अख्तियार पाएका अधिकृतले, अधिकृत र पदिकबाहेक आफ्नो मातहतमा रहेका जुनसुकै व्यक्तिलाई सेवाबाट हटाउन वा दर्जा घटाउन सक्नेछ ।

(४) युनिट, सबयुनिटका कमान्डिङ्ग अधिकृतले आफ्नो मातहतमा रहेका हुद्दा र सोभन्दा तल्लो दर्जाको सैनिकलाई सेवाबाट हटाउन वा दर्जा घटाउन सक्नेछ ।

(५) यस दफा बमोजिमको अधिकार प्रयोग गर्दा यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूका अधीनमा रही गर्नुपर्नेछ ।

(६) यस दफाबमोजिमको कार्बाही गर्दा सफाइको मौका प्रदान गरिनेछ ।

(७) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति कार्यभारबाट मुक्त भएपछि वा हुने अवस्थामा निजको कमान्डिङ्ग

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकृतले निजलाई तोकिए बमोजिमको विवरण खोलिएको प्रमाणपत्र दिनेछ ।

१९. सङ्घ, संस्था खोल्न, सञ्चालन गर्न तथा भाग लिन नहुने :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै पनि व्यक्तिले देहायको कामकार्बाही गर्नुहुँदैन :

(क) सङ्घ, संस्था वा सङ्गठन खोल्न, सञ्चालन गर्न सदस्य बन्न, सहयोग गर्न वा त्यस्तो सङ्घ, संस्था वा सङ्गठनले आयोजना गरेको कार्यक्रममा भाग लिन,

(ख) कुनै सभामा भाग लिन, भाषण गर्न वा राजनीतिक वा त्यस्तै अन्य उद्देश्यबाट कुनै व्यक्ति वा समूहले आयोजना गरेको प्रदर्शनमा भाग लिन,

(ग) कुनै पर्चा, पम्प्लेट वा त्यस्तै प्रकारका अन्य कागजपत्रहरू छपाउन ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले नेपाल सरकारको स्वीकृति लिई यस ऐनका अधीनमा रही कुनै धार्मिक, सामाजिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक सङ्घ, संस्था वा सङ्गठनलाई सहयोग गर्न वा त्यस्तो सङ्घ, संस्था वा सङ्गठनद्वारा आयोजित कार्यक्रममा भाग लिन बाधा पुऱ्याएको मानिनेछैन ।

२०. तालिम तथा प्रशिक्षण :

(१) नेपाली सेनाको सङ्गठनमा समावेश गरिने कुनै पनि व्यक्तिलाई सैनिक शिक्षा, आचरण, शारीरिक अभ्यास, मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन लगायतका विषयमा तालिम तथा प्रशिक्षण दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम तथा प्रशिक्षणसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. बढुवा, बिदा र सेवाका अन्य सर्त तथा सुविधा : नेपाली सेनाको नियुक्ति, बढुवा, बिदा र सेवाका अन्य सर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ५

सुविधा तथा उन्मुक्ति

२२. कर्तव्य पालनका सिलसिलामा गरेको कामको बचाउ : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनका सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति हुन गएमा त्यस्तो व्यक्तिउपर कुनै पनि अदालतमा मुद्दा चलाउन सकिनेछैन ।

तर, दफा ६२ र ६६ मा उल्लेखित कसुरहरूलाई कर्तव्य पालनका सिलसिलामा असल नियतले गरिएको कार्य मानिनेछैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि कर्तव्यपालनका सिलसिलामा असल नियतले गरिएको कुनै कार्य भन्नाले कर्तव्यपालना गर्दा गरिने कार्यका साथै आन्तरिक सुरक्षा वा आत्मरक्षाका लागि गरिने कार्य फ्ल्यागमार्च, पेट्रोलिङ, चपटे ड्युटीसमेतलाई जनाउँछ ।

२३. पक्राउबाट उन्मुक्ति :

(१) सैनिक अदालतको कुनै अध्यक्ष वा सदस्य वा प्राड विवाक वा सैनिक अदालतको कार्बाहीसँग सम्बन्धित कुनै व्यक्ति निजको कानुन व्यवसायी वारिस वा सैनिक अदालतबाट जारी भएको समाह्वान बमोजिम हाजिर हुन आउने साक्षीलाई सैनिक अदालतमा हाजिर हुन जान लागेको वा त्यहाँबाट फर्किरहेका समयमा कुनै अदालत वा अर्धन्यायिक अधिकारीको आदेशले पक्राउ गरिनेछैन ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्रिएको भन्ने जानकारी प्राप्त हुन आएमा सैनिक अदालतले सम्बन्धित अधिकारीलाई त्यसरी पक्राउ परेको व्यक्तिलाई तुरुन्त छोडिदिनका लागि अनुरोध गर्न सक्नेछ ।

(३) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति जङ्गी कार्बाहीमा रहेको अवस्थामा निजले तिर्नु बुझाउनु पर्ने ऋणबापत निजलाई कुनै अदालत वा अर्धन्यायिक अधिकारीको निर्णय फैसला वा आदेशबाट थुनछेक गरिनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपदफा (१) बमोजिम पक्राउ गर्न नहुने व्यक्ति पक्राउ परेको भन्ने जानकारी प्राप्त हुन आएमा अन्य अदालत वा अर्धन्यायिक अधिकारीले तुरुन्त छोडिदिनुपर्नेछ ।

२४. रोक्का वा जफत नगरिने : सैनिक अदालतबाहेक अन्य अदालत वा अर्धन्यायिक अधिकारीको निर्णय, फैसला वा आदेशले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनका सिलसिलामा प्रयोग गरेका हातहतियार, लत्ताकपडा, सैनिक सरसामान, जनावर, सवारी साधन र मालसामानलगायत तलब, भत्ता पूर्ण वा आंशिक रूपमा रोक्का वा जफत गरिनेछैन ।

२५. जगेडा बलले पाउने उन्मुक्ति र सुविधा : दफा २३ को उपदफा (३) र दफा २४ बमोजिमको उन्मुक्ति तथा सुविधा जगेडा बलमा रहेका व्यक्तिले नेपाल सरकारबाट तालिम वा काममा बोलाइएको बखत जाँदाआउँदा वा काममा रहिरहँदाका अवस्थामा पनि पाउनेछन् ।

२६. मुद्दामामिलामा प्राथमिकता :

(१) नेपाली सेनामा कार्यरत कुनै पनि व्यक्ति पक्ष भई कुनै अड्डाअदालतमा दायर रहेको मुद्दा सुनुवाइको क्रममा आफ्नो बिदा स्वीकृत गर्ने अधिकारीबाट सो प्रयोजनका लागि बिदा स्वीकृत गराई उपस्थित भएको रहेछ भने निजले बिदाका अवधिभित्र मुद्दाको किनारा गर्न बिदा स्वीकृत भएको पत्र र मुद्दाको विवरणसमेत संलग्न गरी निवेदन दिएमा सम्बन्धित अड्डाअदालतले पनि बिदाको अवधिभित्रै त्यस्तो मुद्दाको किनारा गरिदिने प्राथमिकताका क्रममा राखिदिनुपर्नेछ ।

(२) उपदफा (१)अन्तर्गत दिइने निवेदनबापत दस्तुर लाग्नेछैन ।

(३) बिदाको अवधिभित्र मुद्दाको किनारा हुन नसक्ने भएमा अड्डाअदालतले सोही व्यहोराको जानकारी दिनुपर्नेछ ।

(४) बिदा स्वीकृत गर्ने अधिकारीका विषयमा प्रश्न उठेमा पृतनापति वा बाहिनीपति वा सोसरहको अधिकारीको निर्णय अन्तिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२७. मर्का वा अन्याय परेका विषयमा उजुरी :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै अधिकृतलाई कमान्डिङ्ग अधिकृत वा आफूभन्दा माथिको अधिकृतले कुनै विषयमा मार्का पारेमा सो विरुद्ध निजले आफ्नो कमान्डिङ्ग अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरीका सम्बन्धमा कमान्डिङ्ग अधिकृत वा पतिले दिएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले प्रधान सेनापति समक्ष निवेदन दिन सक्नेछ ।

(३) अधिकृत तहभन्दा मुनिको व्यक्तिका हकमा निजले सम्बन्धित पति समक्ष उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी दिँदा पतिबाट निजलाई परेको मर्काको सुनुवाइ नभएको अवस्थामा कमान्डिङ्ग अधिकृत समक्ष र कमान्डिङ्ग अधिकृतबाट पनि सुनवाइ नभएमा वा निजको निर्णयमा चित्त नबुझेमा सोभन्दा माथिल्लो तहका कमान्डिङ्ग अधिकृत समक्ष उजुरी दिन पाउनेछ र त्यस्तो उजुरी पर्नआएमा कमान्डिङ्ग अधिकृतले त्यस्तो उजुरवालालाई सोको निस्सा दिई माथिल्लो तहमा पठाइदिनुपर्नेछ । कमान्डिङ्ग अधिकृतले त्यस्तो उजुरी माथिल्लो तहमा नपठाएमा निजउपर अनुशासनात्मक कार्बाही हुनेछ ।

(५) उपदफा (१) र (४) बमोजिम पर्न आएको उजुरीका सम्बन्धमा उजुरी सुन्ने अधिकृतले जाँचबुझ गरी उजुरवालालाई परेको मर्का निराकरण गर्नुपर्नेछ र आवश्यक परेमा उजुरीलाई आफूभन्दा माथिको अधिकृत समक्ष पेस गर्नुपर्नेछ ।

(६) उजुरी सुन्ने अधिकृत विरुद्ध नै उजुर गर्नुपर्ने रहेछ भने मर्का पर्ने व्यक्तिले त्यस्तो अधिकृतभन्दा माथिको अधिकृतसमक्ष उजुरी दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको उजुरीसम्बन्धमा प्रधान सेनापतिबाट भएको निर्णय अन्तिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(८) उजुरीको सुनुवाइ गर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

(९) नेपाल सरकारले मनासिब ठानेमा यस दफा बमोजिम भएको निर्णयको पुनरावलोकन गर्न सक्नेछ ।

२८. प्रचलित कानुन बमोजिम प्राप्त सुविधामा असर नपार्ने : यस परिच्छेद बमोजिम प्राप्त हुने सुविधालाई प्रचलित कानुन बमोजिम प्राप्त गरेको अन्य सुविधाले असर पार्नेछैन ।

परिच्छेद – ६

सैनिक कल्याणकारी कोष

२९. कल्याणकारी कोषको स्थापना र सञ्चालन :

(१) नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजका परिवारको कल्याणसम्बन्धी कार्यका लागि एक कल्याणकारी कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकमहरू रहनेछन् :

(क) संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वको कुनै पनि भागमा शान्ति स्थापना गर्ने कार्यमा खटिएका नेपाली सेनाले सेवा गरेबापत प्राप्त हुने रकमबाट तोकिए बमोजिमको प्रतिशतले कट्टा गरेको रकम,

(ख) विभिन्न बैङ्क तथा वित्तीय संस्थामा जम्मा गरेको रकममा प्राप्त ब्याजबाट कल्याणकारी कार्य सञ्चालन गरी बचत हुन आएको रकम,

(ग) तोकिए बमोजिमका कल्याणकारी कार्यमा लगानी गरी आर्जन गरेको रकम,

(घ) संवत् २०३२ साल आषाढ महिनादेखि यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको मूल धनका रूपमा विभिन्न बैङ्क तथा वित्तीय संस्थामा राखिएको रकम र सोबाट प्राप्त ब्याज रकम,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

ङ) कल्याणकारी कार्यका लागि नेपाली जङ्गी अड्डाले तोकेको संस्थाका नाममा रहेको चलअचल सम्पत्ति र सोबाट बढेबढाएको रकम,

च) कल्याणकारी कार्यका लागि नेपाली सेनाले हाल प्रयोग गरिरहेको चलअचल सम्पत्ति र सोबाट बढेबढाएको रकम ।

(३) उपदफा (१) बमोजिमको कल्याणकारी कोष सञ्चालन गर्न देहायबमोजिमका सात सदस्यीय एक सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) प्रधानसेनापति –अध्यक्ष

(ख) संरक्षकबाट भूतपूर्व र बहालवाला सैनिक अधिकृतमध्येबाट मनोनीत दुईजना –सदस्य

(ग) प्रधानसेनापतिबाट बहालवाला र भूतपूर्व सैनिक अधिकृतमध्येबाट मनोनीत दुईजना –सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय (रा.प.प्रथम श्रेणीको अधिकृत) –सदस्य

(ङ) प्रतिनिधि, रक्षामन्त्रालय (रा.प.प्रथम श्रेणीको अधिकृत –सदस्य

(४) समितिको दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउनका लागि नेपाली जङ्गी अड्डामा एक कल्याणकारी योजना निर्देशनालय रहनेछ । यसको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम कल्याणकारी कोषमा जम्मा भएको रकम नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजहरूका परिवारको कल्याणका लागि तोकिएबमोजिम खर्च गरिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि परिवार भन्नाले नेपाली सेनाका भूतपूर्व तथा बहालवाला व्यक्तिले आफैँले पालनपोषण गर्नुपर्ने पति वा पत्नी, छोराछोरी र आमा बाबु र महिला कर्मचारीका हकमा निजका सासु, ससुरासमेतलाई जनाउँछ ।

३०. कोषको संरक्षक : प्रधानमन्त्री कोषको संरक्षक र रक्षामन्त्रालय हेर्ने मन्त्री सहसंरक्षक रहनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३१. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) कल्याणकारी कार्य र तोकिएबमोजिमका आयमूलक कार्य तथा कल्याणकारी योजना तर्जुमा, कार्यान्वयन, समन्वय तथा अनुगमन गर्ने,

(ख) सैनिक क्रियाकलापमा संलग्न रहँदाका अवस्थामा मृत्यु भएका वा अङ्गभङ्ग भएका सैनिकका परिवारका सम्बन्धमा आवश्यक पर्ने कल्याणकारी कार्यसम्बन्धी कार्य गर्ने,

(ग) कल्याणकारी कार्यअन्तर्गतका सुविधा तथा सहुलियत घटाउने, बढाउने वा हटाउने,

(घ) कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन गर्नका लागि आवश्यक पर्ने कार्याविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) नेपाली सेनाले उपभोग गरिरहेको जग्गा तथा भौतिक पूर्वाधारमा नेपाली जङ्गी अड्डासँग सम्झौता गरी कल्याणकारी कार्य गर्ने,

(च) कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन गर्न आवश्यकताअनुसार प्रशासनिक, आर्थिक तथा प्राविधिक एकाइ गठन गरी सो एकाइका लागि आवश्यक जनशक्ति नियुक्ति गरी निजको सेवा, सर्त तथा पारिश्रमिक तोक्ने,

(छ) कल्याणकारी कार्य, कल्याणकारी योजना तथा आयमूलक कार्य प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि विशेषज्ञ नियुक्त गर्ने र निजको सेवा, सर्त तथा पारिश्रमिक तोक्ने,

(ज) कल्याणकारी कार्य, आयुमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन भएका स्थानको सुरक्षाका लागि आवश्यकताअनुसार बहालवाला सैनिक व्यक्ति खटाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) यस ऐनका अधीनमा रही चलअचल सम्पत्ति प्राप्त गर्ने, खरिद गर्ने, बहालमा लिने, उपयोग गर्ने तथा बेचबिखन गर्ने,

(ञ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

३२. कोषको लेखा तथा लेखा परीक्षण :

(१) कोषको दैनिक आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ र कोषको आन्तरिक लेखा परीक्षण समितिले तोकेबमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

३३. वार्षिक प्रतिवेदन पेस गर्ने : प्रत्येक वर्ष समितिले कोषको आय, व्यय र प्रगति विवरणसहितको प्रतिवेदन संरक्षकसमक्ष पेस गरी त्यसको प्रति प्रतिनिधिसभा, राज्यव्यवस्था समितिलाई समेत उपलब्ध गराउनुपर्नेछ ।

३४. अधिकार प्रत्यायोजन : यस परिच्छेदबमोजिम समितिलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आवश्यकताअनुसार कल्याणकारी योजना निर्देशनालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. सुविधा तथा सहुलियतबाट वञ्चित गरिने अवस्था :

(१) देहायका अवस्थामा बहालवाला र भूतपूर्व सैनिक व्यक्ति वा निजका परिवारलाई पुरै वा आंशिक रूपमा कल्याणकारी कार्य अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधा तथा सहुलियतबाट वञ्चित गर्न सकिनेछ :

(क) नेपाली सेनालाई आँच पुऱ्याउने कार्य गरेको प्रमाणित भएमा,

(ख) संविधान तथा यस ऐन विपरीत काम गरेको प्रमाणित भएमा,

(ग) यस परिच्छेदबमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरूपयोग गरेको प्रमाणित भएमा,

(घ) राज्य विरुद्धको अपराधमा सजाय पाएमा ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बहालवाला तथा भूतपूर्व सैनिक व्यक्ति वा निजको परिवारको जुन सदस्यले उपनियम (१) मा उल्लेखित कार्य गरेको छ सो सदस्यलाई मात्र कल्याणकारी कार्यअन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधा तथा सहुलियतबाट वञ्चित गरिनेछ ।

३६. अन्य व्यवस्था : सैनिक कल्याणकारी कोषको प्रयोग, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

परिच्छेद – ७

कसुर

३७. कसुर गरेको मानिने : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले दफा ३८ देखि ६५ सम्मको कुनै कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ ।

३८. शत्रुसम्बन्धी कसुर : देहायका कुनै कार्य गरेमा शत्रुसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) आफूले सुरक्षाको जिम्मा लिएको कुनै ग्यारिजन, किल्ला, चौकी, ठाउँको पालोपहरा छोडेमा वा नामर्दगी गरी शत्रुलाई सुम्पिदिएमा वा त्यस्तो काम गर्न गराउन कुनै कमान्डिङ्ग अधिकृत वा अरू कसैलाई प्रेरित गराएमा वा विवश पारेमा,

(ख) शत्रुका सामु लाजमर्दो किसिमले हातहतियार, खरखजना, सरसामान फ्याँकेमा वा काँथरपना झल्किने अन्य दुर्व्यवहार गरेमा,

(ग) युद्ध वा सैनिक कार्बाही चलिरहेका समयमा ग्यारिजन, क्याम्प वा पल्टनलाई हरेस खुवाउने वा आतङ्कित गराउने उद्देश्यले झुट्टो खबर फैलाएमा,

(घ) नेपाल राज्य विरुद्ध हातहतियार उठाइराखेको कुनै व्यक्ति वा शत्रुसँग देशका विरुद्ध विश्वासघात हुने गरी पत्रव्यवहार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वा गोप्य खबर आदनप्रदान गरेमा वा अन्य कुनै काम गरेमा,

(ङ) शत्रुलाई हात हतियार, गोली-गठ्ठा, नगदजिन्सी लगायतका कुनै जिन्सी सरसमान दिई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मद्दत गरेमा,

(च) नेपाली सेना वा त्यसको कुनै बल वा अङ्गलाई असफल बनाउने कुनै काम गरेमा,

(छ) विश्वासघात गरी वा काँथरपना देखाई शत्रु समक्ष युद्ध विश्रामको झन्डा उठाएमा,

(ज) कैदी बनेको शत्रुसँग राजीखुसीले मिलेर काम गरेमा वा शत्रुलाई सहयोग गरेमा,

(झ) युद्धबन्दी भई नरहेको कुनै शत्रुलाई जानीजानी आश्रय दिएमा वा रक्षा गरेमा,

(ञ) लडाइँ वा आतङ्कका समयमा चपटे (सेन्ट्री) भएर आफ्नो पोस्टमा निदाएमा वा कुनै पनि प्रकारको लागु औषध वा मादक पदार्थ सेवन गरेमा,

(ट) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिलाई शत्रु विरुद्ध कामकार्बाही गर्न नदिने, बाधाविरोध खडा गर्ने, हतोत्साह गर्ने उद्देश्यले जानीजानी कसैलाई प्रेरित गरेमा वा विवश पारेमा,

(ठ) जङ्गी कार्बाहीमा लागेका बेलामा आफ्नो कमान्डिङ्ग अधिकृतबाट बिदा स्वीकृत नगराई हिँडेमा वा आफ्नो पोस्ट, गार्ड, पिकेट, पेट्रोल वा समूहबाट रीतपूर्वक बदला नभई वा बिदा नपाई छोडिगएमा ।

३९. सैनिक विद्रोह (म्युटिनी) : देहायको कुनै कार्य गरेमा सैनिक विद्रोहको कसुर गरेको मानिनेछ :

(क) सैनिक विद्रोहमा सरिक भएमा,

(ख) नेपाली सेना वा यसलाई सहयोग दिने कुनै बलको कुनै व्यक्तिसँग मिली सैनिक विद्रोह गरेगराएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा षड्यन्त्र गरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) सैनिक विद्रोह भएका स्थानमा आफू उपस्थित भएका अवस्थामा सैनिक विद्रोहलाई सकेसम्म रोक्ने प्रयास नगरेमा,

(घ) सैनिक विद्रोह गर्ने मनसाय राखेको वा षड्यन्त्र भइरहेको थाहा पाई वा सैनिक विद्रोह गर्ने मनसाय छ वा षड्यन्त्र भइरहेको छ भनी विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि आफ्नो कमान्डिङ्ग अधिकृत वा आफूभन्दा माथिको अधिकृतलाई त्यसको खबर नदिएमा,

(ङ) देशभक्ति र आफ्नो कर्तव्य पालनबाट विचलित भएमा वा त्यस्ता व्यक्तिलाई देशभक्ति र आफ्नो कर्तव्य पालनबाट विचलित गराएमा वा विचलित गराउने दुरुत्साहन गरेमा,

४०. शत्रुसम्बन्धी अन्य कसुर : देहायको कुनै कार्य गरेमा शत्रुसम्बन्धी अन्य कसुर गरेको मानिनेछ :

(क) अघिबाटै उचित तवरले सचेत नभई आदेश नमानी जानीजानी आफ्नो कर्तव्य पालनमा लापर्बाही गरी शत्रुको कैदी भएमा वा शत्रुको कैदी भएपछि फिर्ता आउन सक्ने अवस्था भए तापनि फिर्ता नआएमा,

(ख) उचित अधिकारबिना शत्रुसँग पत्र व्यवहार गरेमा वा अरू कुनै किसिमले खबर प्रदान गरेमा वा त्यस्तो कार्बाही भएको थाहा पाउँदा पनि आफ्नो कमान्डिङ्ग अधिकृत वा माथिको अधिकृतलाई तुरुन्त सोको सूचना नदिएमा,

(ग) उचित अधिकारबिना युद्ध विश्रामको झन्डा उठाएमा ।

४१. जङ्गी कार्बाही विरुद्धको कसुर : देहायको कुनै कार्य गरेमा जङ्गी कार्बाही विरुद्धको कसुर गरेको मानिनेछ :

(क) सुरक्षा गार्ड वा चपटेलाई बलजफत गरेमा वा गर्न लगाएमा,

(ख) लुटपाट गर्ने मनसायले कुनै घर वा स्थानमा घुसेमा,

(ग) चपटे भएर आफ्नो पोस्टमा निदाएमा वा कुनै पनि प्रकारको लागुऔषध वा मादक पदार्थ सेवन गरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) आफूभन्दा माथिल्लो अधिकृतको अनुमतिबिना आफ्नो गार्ड, पिकेट, पेट्रोल वा पोस्ट ड्युटी छाडिगएमा,

(ङ) जानीजानी वा लापर्बाही गरी क्याम्प, ग्यारिजन वा क्वार्टरमा आतङ्कको सङ्केत वा सूचना दिएमा वा नचाहिँदो हरेस खुवाउने वा आतङ्कित पार्ने खबर फैलाएमा,

(च) अधिकार नभएका व्यक्तिलाई प्यारोल, सङ्केत शब्द (वाच वर्ड र काउन्टर साइन) लिएदिएमा वा अधिकारप्राप्त व्यक्तिलाई जानीजानी झुटो वा फरक प्यारोल, सङ्केत शब्द दिएमा ।

४२. भगौडासम्बन्धी कसुर :

(१) देहायको कुनै कार्य गरेमा भगौडासम्बन्धी कसुर गरेको मानिनेछ :

(क) जङ्गी कार्बाहीको आदेश जारी भएपछि वा त्यस्तो कार्बाही सुरु भएपछि सेवा छोडी भागेमा,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा सेवा छोडी भागेमा,

(ग) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति सेवा छोडी भागेकोमा निजलाई जानीजानी शरण दिएमा,

(घ) भगौडा भन्ने थाहा हुँदाहुँदै निजलाई फाइदा, मद्दत वा सहयोग पुऱ्याउने कार्य गरेमा,

(ङ) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति सेवा छाडी भागेको वा भाग्न लागेको जानकारी भएर पनि आफ्नो वा अरू कुनै माथिल्लो अधिकृतलाई तुरुन्त सूचना नदिएमा वा पक्राउ गर्नुपर्ने आफ्नो अख्तियार बमोजिम पक्राउ नगरेमा,

(च) भगौडालाई तदारुकताका साथ खोजी गरी पक्राउ नगरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(छ) भगौडा भन्ने थाहा हुँदाहुँदै पनि आवश्यक कार्बाही नगरेमा,

(ज) ब्यारेक, क्याम्प वा क्वाटर छोडी भागेमा ।

(२) गयल ठहरिएको व्यक्ति आफैँ हाजिर हुन नआएमा वा फेला नपरेमा भगुवा मानिनेछ ।

४३. जिम्मामा रहेकालाई भगाएको कसुर : गार्ड, पिकेट, पेट्रोल, पोस्टको कमान्ड गरेका बेलामा वा पालो लिएका बेलामा उचित अख्तियार नभई वा मनासिब माफिकको कारण नभई आफ्नो जिम्मा रहेको व्यक्तिलाई छोडिदिएमा वा जिम्मा लिनुपर्ने कुनै कैदी वा व्यक्तिको पालो नबुझेमा जिम्मा रहेकालाई भगाएको कसुर गरेको मानिनेछ ।

४४. हातपात वा धम्कीसम्बन्धी कसुर : देहायको कुनै कार्य गरेमा हातपात वा धम्कीसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) आफूभन्दा माथिको अधिकृतलाई धम्की दिएमा,

(ख) आफूभन्दा माथिको अधिकृतलाई हातपात गरेमा वा निजउपर आपराधिक बल प्रयोग गरेमा,

(ग) आफूभन्दा माथिको अधिकृतको मर्यादा नराखी होच्याई बोलेमा वा निजलाई अपमानजनक व्यवहार गरेमा ।

४५. अवज्ञासम्बन्धी कसुर : देहायको कुनै कार्य गरेमा अवज्ञासम्बन्धी कसुर गरेको मानिनेछ :

क) यस ऐनबमोजिम अधिकारप्राप्त कुनै निकाय वा अधिकारीले वा आफूभन्दा माथिको अधिकृतले कामका सिलसिलामा मौखिक, लिखित, सङ्केत वा अरू कुनै प्रकारले दिएको कानुनी आज्ञालाई जानीजानी अटेर गरेमा,

ख) आफूभन्दा माथिको अधिकृतले दिएको सामान्य स्थानीय वा अरू किसिमका आदेश पालन गर्न लापर्बाही गरेमा ।

४६. सम्पत्तिको हानिनोक्सानी सम्बन्धी कसुर : देहायका कुनै कार्य गरेमा सम्पत्तिको हानिनोक्सानी सम्बन्धी कसुर गरेको मानिनेछ :

(क) दफा ४१ को खण्ड (क) बमोजिमको सम्पत्ति वा सैनिक संस्थाको वा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वा नेपालीसेनामा काम गरिरहेका वा नेपाली सेनामा सम्मिलित भएका अन्य व्यक्तिको सम्पत्तिमा हानिनोक्सानी पुऱ्याएमा,

(ख) सरकारी सम्पत्तिमा आगो लगाई वा अरू कुनै कुराले नोक्सान वा क्षति पुऱ्याउने काम गरेमा,

(ग) आफ्नो जिम्मामा रहेको कुनै जनावरलाई दुर्व्यवहार गरेमा, घाइते पारेमा, मारेमा, लिई भागेमा वा हराएमा ।

४७. किर्ते र झुट्टा व्यहोरासम्बन्धी कसुर : देहायका कुनै कार्य गरेमा किर्ते र झुटो व्यहोरासम्बन्धी कसुर गरेको मानिनेछ :

(क) अधिकारप्राप्त व्यक्तिले बनाएको वा हस्ताक्षर गरेको कुनै प्रतिवेदन, फाँटवारी, विवरण, प्रमाणपत्र वा अरू कुनै लिखतमा लेखिएको व्यहोरा साँचो भएनभएको एकिन गर्नुपर्ने कर्तव्य भएको व्यक्तिले लापर्बाहीका साथ परीक्षण गरेमा वा धोका दिने नियतले त्यस्तो लिखतमा लेखिएको झुट्टो व्यहोरालाई साँचो छ भनी प्रमाणित गरेमा वा सो गर्ने कार्यमा मतियार भएमा,

(ख) खण्ड (क) बमोजिम लिखत प्रमाणित गर्ने क्रममा जानीजानी धोखा दिने नियतले लेख्नुपर्ने कुरा नलेखेमा वा त्यस्तो कार्यमा मतियार भएमा,

(ग) आफूले सुरक्षित गर्नुपर्ने वा चाहिएको बखत पेस गर्नुपर्ने कुनै लिखत कसैलाई हानि पुऱ्याउने वा धोखा दिने नियतले जानीजानी बिगारेमा, दबाएमा, लिई भागेमा वा त्यस्तो लिखतको कुनै विवरण खाली राखी कागजात तयार गरेमा,

(घ) कुनै विषयका बारेमा जानकारी राख्नुपर्ने कर्तव्य भएको व्यक्तिले जानीजानी झुट्टो व्यहोरा घोषणा गरेमा,

(ङ) कसैले आफ्नो वा अरूका निमित्त निवृत्तिभरण, भत्ता वा अरू सहुलियत वा विशेष सुविधा प्राप्त गर्न प्रस्तुत गरेको माग पत्र वा विवरण झुट्टो हो भन्ने जानकारी हुँदाहुँदै वा सो कुरामा विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि कुनै बयान वा लिखत वा अभिलेखमा झुट्टो व्यहोरा लेखाएमा ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४८. बाधाविरोध तथा आपराधिक बल प्रयोगसम्बन्धी कसुर : देहायको कुनै कार्य गरेमा बाधाविरोध तथा आपराधिक बल प्रयोगसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) कुनै हुलदङ्गा, झगडा, हातपात वा कुटपिटमा संलग्न भएका अवस्थामा आफूभन्दा तल्लो दर्जाको अधिकृत भए तापनि आफूलाई गिरफ्तार गर्ने गरी दिएको आदेश अटेर गरेमा वा त्यस्तो गिरफ्तारीको आदेश दिने अधिकृतलाई हमला गरेमा वा निजउपर आपराधिक बल प्रयोग गरेमा,

(ख) कानुनबमोजिम कुनै व्यक्तिकले हिरासतमा रहँदा आफूलाई हिरासतमा राख्ने व्यक्ति यस ऐनको क्षेत्राधिकारभित्र पर्ने वा नपर्ने भए तापनि वा निज आफूभन्दा माथिल्लो अधिकृत भए वा नभए तापनि निजमाथि हमला गरेमा वा बल प्रयोग गरेमा,

(ग) आफूलाई पक्राउ गर्ने वा जिम्मा लिने कर्तव्य भएका कुनै व्यक्ति वा एस्कर्टलाई बाधा पुऱ्याएमा,

(घ) सैनिक प्रहरी प्रमुख वा निजका तर्फबाट कानुनी रूपमा काम गर्ने कुनै व्यक्तिका काममा बाधा पुऱ्याएमा वा निजले आफ्नो कर्तव्यपालन गर्न मद्दत माग्दा नदिएमा,

(ङ) नेपाली सेनाका निमित्त मालसामान वा रसद ल्याउने कुनै व्यक्तिमाथि हमला गरेमा वा आपराधिक बल प्रयोग गरेमा ।

४९. सम्पत्तिसम्बन्धी कसुर : देहायको कुनै कार्य गरेमा सम्पत्तिसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) सरकारी वा सार्वजनिक सम्पत्ति, नेपाली सेनाको मेस, ब्यान्ड वा कुनै सैनिकको वा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको सम्पत्ति बद्नियत राखी निजी काममा उपयोग गरेमा वा हिनामिना गरेमा वा चोरी गरेमा वा बद्नियतपूर्वक विश्वासघात गरी कब्जामा लिएमा,

(ख) खण्ड (क) बमोजिमको कसुर भएको थाहा पाई वा सो कुरामा विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि बेइमानी गरी त्यस्तो सम्पत्ति लिएमा वा आफ्नो साथमा राखेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) आफ्नो जिम्मामा रहेको सरकारी सम्पत्तिमा जानीजानी हानिनोक्सानी पुऱ्याएमा ।

५०. ठगी तथा करकापसम्बन्धी कसुर : देहायका कार्य गरेमा ठगी तथा करकापसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) कुनै व्यक्तिलाई ठग्ने वा अनुचित फाइदा वा नोक्सानी पुऱ्याउने नियतले कुनै काम गरेमा,

(ख) जबर्जस्ती गरी वा करकापमा पारी कुनै व्यक्तिबाट अनधिकृत रूपमा नगद वा जिन्सी लिएमा वा निजलाई काममा लगाएमा ।

५१ . हतियारलगायत अन्य सरसमान लिई भागेमा वा दुरूपयोगसम्बन्धी कसुर : देहायका कार्य गरेमा हतियारलगायत अन्य सरसामान लिई भागेको वा दुरूपयोगसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) आफ्नो प्रयोगका निमित्त वा आफूले जिम्मा लिई राखेको हातहतियार गोलीगठ्ठा, सरसामान, इक्विप्मेन्ट, ज्याबल, लत्ताकपडा वा अरू कुनै सरकारी मालवस्तु लिई भागेमा वा त्यसरी भगाउने काममा मतियार भएमा,

(ख) खण्ड (क) मा लेखिएको कुनै वस्तु हराएमा,

(ग) आफूलाई प्रदान गरिएको पदक वा विभूषण बिगारेमा, नासेमा बेचबिखन गरेमा वा बन्धक राखेमा ।

५२. अनुशासन तथा आचरणसम्बन्धी कसुर : देहायको कुनै कार्य गरेमा अनुशासन तथा आचरणसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) लागुऔषध सेवन गरेमा,

(ख) अशिष्ट, अस्वाभाविक, निन्दनीय किसिमको आचरण गरेमा वा निर्दयी भएमा,

(ग) आफूमा शारीरिक कमजोरी वा रोग पैदा गरेमा,

(घ) शरीर निरोगी हुँदाहुँदै रोग वा कमजोरीको बहाना गरेमा वा जानीजानी रोग लम्ब्याउने वा निको हुन नदिने कार्य गरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) आफू वा अरू कसैलाई सेवाका लागि अयोग्य ठहऱ्याउने मनसायले आफू वा अरू कसैलाई घाउचोट पुऱ्याएमा,

(च) कुनै अधिकृत, पदिक वा बिल्लादारले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई आफूभन्दा तल्लो दर्जाको भनी आपराधिक बल प्रयोग गरी दुर्व्यवहार गरेमा,

(छ) सुव्यवस्था तथा सैनिक अनुशासन कायम राख्न गर्नुपर्ने कुनै काम नगरेमा वा सुव्यवस्था तथा सैनिक अनुशासन विरुद्ध हुने कुनै काम गरेमा,

(ज) मादक पदार्थ सेवन गरेमा,

(झ) आफ्नो ओहदाअनुसारको आचरण नगरेमा,

(ञ) दफा १९ विपरीत सङ्घ, संस्था खोलेमा, सञ्चालन गरेमा वा त्यस्तो गतिविधिमा भाग लिएमा,

(ट) कुनै पनि सैनिकलाई यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिमको कर्तव्य पालनासम्बन्धी तोकिए बमोजिमको कार्यमा बाहेक अन्यत्र प्रयोग गरेमा ।

५३. अधुरो कागजात प्रमाणितसम्बन्धी कसुर : देहायका कुनै कार्य गरेमा अधुरो कागजात प्रमाणितसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) तलब, हातहतियार, गोलीगठ्ठा, सरसामान, इक्विप्मेन्ट, लत्ता, कपडा, रसद, मालसामान, स्टोर्स वा सरकारी सम्पत्तिको अभिलेखसम्बन्धी लिखत तयार गर्ने र त्यस्तो लिखत प्रमाणित गर्ने कर्तव्य भएको व्यक्तिले धोखा दिने नियतले लेख्नुपर्ने स्थान खाली राखी प्रमाणित गरेमा,

(ख) कुनै प्रतिवेदन तथा विवरण तयार गर्ने वा पठाउनुपर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो प्रतिवेदन तथा विवरण तयार गर्न वा पठाउन इन्कार गरेमा वा लापर्वाही गरी तयार नगरेमा वा नपठाएमा ।

५४. झुट्टा बयान वा विवरणसम्बन्धी कसुर : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले सैनिक अदालतमा शपथ लिएपछि कुनै झुट्टा बयान वा विवरण दिएमा वा झुट्टा भनी विश्वास भएको वा दिएको बयान वा विवरण

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

साँचो भनी विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण नभएमा झुट्टा बयान वा विवरणसम्बन्धी कसुर गरेको मानिनेछ ।

५५. ढाँटी छली नियुक्त भएको कसुर : देहायका कुनै कार्य गरेमा ढाँटी छली नियुक्त भएको कसुर गरेको मानिनेछ :

(क) आफू कार्यरत रहेको चमु वा विभागबाट नियमित प्रक्रियाबाट कार्यभार मुक्त नभई वा नियुक्तिका निमित्त आवश्यक सर्त पूरा नगरी आफू अघि कार्यरत रहेको चमु वा विभागभन्दा अर्को चमु वा विभागमा नियुक्त भएमा,

(ख) कुनै व्यक्ति नेपाली सेनाको कुनै अङ्गमा नियुक्त हुँदा निजले यस ऐनबमोजिम कसुर गरेको मानिने अवस्था छ भन्ने जानकारी हुँदाहुँदै वा विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण हुँदाहुँदै त्यस्तो व्यक्तिलाई नेपाली सेनाको कुनै अङ्गमा नियुक्ति गराउने काममा संलग्न भएमा,

(ग) भर्नाको आवेदन फारममा जानीजानी झुट्टा विवरण दिएको भन्ने तथ्य सावित हुन आएमा,

(घ) भर्ना बढुवा तथा तालिमलगायत सेवाका अन्य प्रयोजनका लागि किर्ते वा नक्कली प्रमाणपत्र पेस गरेमा ।

५६. हिरासतबाट भागेको कसुर : कानुनी हिरासतमा रहेका बेलामा भागेमा हिरासतबाट भागेको कसुर गरेको मानिनेछ ।

५७. झुट्टा आरोपसम्बन्धी कसुर : देहायका कुनै कार्य गरेमा झुट्टा आरोपसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) कुनै कुरा झुट्टा हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण हुँदाहुँदै यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई त्यस्तो झुट्टा आरोप लगाएमा,

(ख) कुनै कुरा झुट्टा हो भन्ने थाहा पाउँदापाउँदै वा विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको चरित्रमा धक्का पुग्ने गरी दफा २७ बमोजिम उजुरी दिएमा वा झुट्टा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

बयान दिएमा वा तत्सम्बन्धमा जानकारी भएका यथार्थ कुराहरू जानीजानी लुकाएमा ।

५८. गयलसम्बन्धी कसुर : देहायका कुनै कार्य गरेमा गयलसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) बिदा स्वीकृत नगराई बसेमा,

(ख) पर्याप्त कारण नभई स्वीकृत बिदाभन्दा बढी दिन अनुपस्थित भएमा,

(ग) बिदामा बसेको बेलामा फर्मेसन, युनिट वा यसको कुनै अङ्गलाई जङ्गी कार्बाहीको लागि आदेश दिएको सूचना सम्बन्धित अधिकारीबाट पाएर पनि पर्याप्त कारण नभई तुरुन्त सामेल नभएमा,

(घ) पर्याप्त कारणबिना कर्तव्य वा व्यायामका निमित्त तोकिएका ठाउँमा वा परेडमा तोकिएका समयमा उपस्थित नभएमा,

(ङ) आफूभन्दा माथिल्लो अधिकृतको अनुमति नलिई वा पर्याप्त कारणबिना परेड वा मार्चको पङ्क्ति छाडेमा,

(च) कुनै क्याम्प, ग्यारिजन वा अरू ठाउँमा भएको बेलामा कुनै सामान्य स्थानीय वा अरू आदेशअन्तर्गत निर्धारित स्थान वा बाहिर वा मनाही भएको स्थानमा आफूभन्दा माथिको अधिकृतबाट पास वा लिखित अनुमति नलिई उपस्थित भएको ठहरिएमा,

(छ) अध्ययनका लागि खटाइएको कुनै शिक्षालयमा आफूभन्दा माथिको अधिकृतबाट बिदा स्वीकृत नगराई वा उचित कारण नभई अनुपस्थित भएमा ।

५९. सैनिक अदालतसम्बन्धी कसुर : देहायको कुनै कार्य गरेमा सैनिक अदालतसम्बन्धी कसुर गरेको मानिनेछ :

(क) सैनिक अदालतमा साक्षीको रूपमा हाजिर हुनपर्ने व्यक्तिलाई रीतपूर्वकको समाह्वान वा आदेश जारी गरेकोमा मनासिब माफिकको कारणबिना अनुपस्थित रहेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) सैनिक अदालतमा शपथ लिन इन्कार गरेमा,

(ग) आफ्नो जिम्मामा रहेको कुनै लिखत सैनिक अदालतमा पेस गर्न वा बुझाउन दिएको आदेशको अवज्ञा गरेमा,

(घ) साक्षीको हैसियतमा कानुनबमोजिम सोधिएको सवालको जवाफ दिन इन्कार गरेमा,

(ङ) सैनिक अदालतको कार्बाहीमा बाधा वा रोकावट गरी धम्कीपूर्ण वाक्य बोली सैनिक अदालतको अपमान वा अवहेलाना गरेमा,

(च) सैनिक अदालतबाट भएका फैसला वा आदेशको कार्यान्वयनमा बेवास्ता गरेमा ।

६०. गैरकानुनी तलब रोक्कासम्बन्धी कसुर : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई तलबको जिम्मा लिने व्यक्तिले बुझाउनुपर्ने तलब समयमै नबुझाई गैरकानुनी रूपले तलब रोक्का राखेमा वा दिन इन्कार गरेमा गैरकानुनी तलब रोक्कासम्बन्धी कसुर गरेको मानिनेछ ।

६१. अनियमित गिरफ्तार वा थुनछेकको कसुर : देहायको कुनै कार्य गरेमा अनियमित गिरफ्तार वा थुनछेकको कसुर गरेको मानिनेछ :

(क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी तहकिकातका निमित्त सम्बद्ध अधिकारीसमक्ष मुद्दा पेस नगरेमा वा बिनाकारण मुद्दाको पुर्पक्ष नगरी ढिलो गरेमा,

(ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले सैनिक हिरासतमा राख्न पाउने अधिकार भएको अधिकारी तथा प्राड विवाकलाई मनासिब माफिकका कारणले बाहेक उसैबखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि चौबीस घण्टाभित्र हिरासतमा राख्नुपरेको कारण खोली विवरण पेस नगरेमा ।

६२. भ्रष्टाचार, चोरी, यातना र बेपत्ताको कसुरसम्बन्धी विशेष व्यवस्था :

(१) प्रचलित कानुनबमोजिम भ्रष्टाचार, चोरी यातना र बेपत्ता गरेको ठहरिने कार्य गरेमा भ्रष्टाचार, चोरी यातना र बेपत्तासम्बन्धी कसुर गरेको मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) अन्तर्गतका कसुरको अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने प्रयोजनका लागि देहायबमोजिमको समिति रहनेछ :

(क) नेपाल सरकारले तोकेको नायब महान्यायधिवक्ता –अध्यक्ष

(ख) रक्षामन्त्रालयको कानुन शाखा प्रमुख –सदस्य

(ग) प्राड विवाकको कम्तीमा सेनानी स्तरको प्रतिनिधि –सदस्य

(३) उपदफा (२) को खण्ड (ग) मा उल्लेखित प्रतिनिधि सम्बन्धित मुद्दाको सैनिक अदालतसँगसम्बद्ध नभएको व्यक्ति हुनुपर्नेछ ।

(४) उपदफा (१) अन्तर्गतका मुद्दाको सुरु कार्बाही र किनारा गर्ने अधिकार दफा ११९ को उपदफा (१) बमोजिम गठित सैनिक विशेष अदालतलाई हुनेछ ।

(५) उपदफा (२) बमोजिमको समितिलाई प्रचलित कानुनबमोजिम तत् तत् मुद्दाका सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई भएसरहको अधिकार हुनेछ ।

६३. विविध कसुर :

(१) देहायका कुनै कार्य गरेमा विविध कसुर गरेको मानिनेछ :

(क) कुनै पोस्ट वा मार्चको कमान्ड गरी रहेको व्यक्तिले आफ्नो कमान्डमा रहेको कुनै व्यक्तिलाई दुर्व्यवहार, कुटपिट वा अरू कुनै किसिमले दुःख दिएमा वा कुनै सार्वजनिक स्थानमा हुलहुज्जत गरेमा वा अनाधिकार प्रवेश गरेमा, हुलहुज्जत गरी प्रवेश गरेकोले नोक्सान भएको भनी पर्नआएको क्षतिपूर्तिसम्बन्धी उजुरी सम्बद्ध अधिकारीसमक्ष पेस नगरेमा वा क्षतिपूर्ति नदिलाएमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) धार्मिक स्थलको पवित्रतामा खलल पुऱ्याएमा वा अन्य कुनै तरिकाले जानीजानी कसैको धर्मको अपमान गरेमा वा धार्मिक भावनामा आघात पुऱ्याएमा,

(ग) जमदारभन्दा तल्लो दर्जाको सैनिकले ड्युटीमा नखटिएको बेलामा क्याम्प वा छाउनीको वरपर वा सहरबजार जाँदाआउँदा सम्बद्ध अधिकारीको आदेशबिना हतियार वा खरखजाना लिई हिँडेमा,

(घ) कसैलाई नेपाली सेनामा नियुक्ति वा बढुवा गराउने, बिदा स्वीकृत गराउने वा अरू कुनै फाइदा दिलाउने विश्वास दिलाई त्यसबापत कुनै किसिमको फाइदा लिन प्रत्यक्ष वा अप्रत्यक्ष रूपले घूस रिसवत लिएमा, लिन मन्जुर गरेमा,

(ङ) आफू सेवारत मुलुकको नागरिक वा बासिन्दाको शरीर वा सम्पत्तिमा कुनै हानिनोक्सानी पुऱ्याएमा ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक बिल्लादार वा सोभन्दा तल्लो दर्जाको सैनिकले जङ्गी कार्बाहीमा लागेका बखतमा यस परिच्छेदमा लेखिएदेखि बाहेक प्रतिबन्धित अन्य कुनै काम गरेमा विविध कसुर गरेको मानिनेछ ।

६४. कसुरको उद्योग : यस परिच्छेदमा उल्लेखित कुनै कसुर गर्ने उद्योग गरेमा वा त्यस प्रयोजनका लागि कुनै कार्य गरेमा त्यस्तो कसुरको उद्योग गरेको मानिनेछ ।

६५. कसुर गर्न सुऱ्याउने : यस परिच्छेदमा उल्लेखित कुनै कसुर गर्न सुऱ्याएमा कसुर गर्न सुऱ्याएको कसुर गरेको मानिनेछ ।

६६. अन्य कानुनअन्तर्गतका कसुरहरू :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले दफा ३८ देखि ६५ सम्मका कसुर गरेका अवस्थामा र उल्लेखित कसुरहरू सैनिक सैनिकबीच भएका अवस्थामा बाहेक यस ऐनको क्षेत्राकिरभित्र पर्ने व्यक्तिले देहायबमोजिमको कसुर गरेमा सो सम्बन्धी मुद्दा अन्य अदालतको क्षेत्राधिकारभित्र पर्नेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) हत्या,

(ख) बलात्कार ।

(२) उपदफा (१) बमोजिमको कसुरमा संलग्न भनी आरोपित व्यक्तिहरूलाई सोसम्बन्धमा अपराध अनुसन्धान तहकिकात गर्ने निकाय वा अनुसन्धान अधिकृतको आदेश भएमा त्यस्ता व्यक्तिहरू काम गरिरहेको स्थानको कमान्डिङ्ग अधिकृत वा पति वा सम्बन्धित अधिकृतले माग गरेको निकाय वा अधिकृतलाई बुझाउनुपर्नेछ । कुनै व्यक्ति सेवा निवृत वा भगौडा भएमा पनि प्रचलित कानुनबमोजिम अनुसन्धान र कार्बाही गर्न कुनै बाधा पुग्नेछैन ।

(३) अन्य अदालतको क्षेत्राधिकारभित्र परी अनुसन्धानका क्रममा रहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्ति थुनामा रहेको अवधिभर अदालतमा मुद्दा चलेकोमा अन्तिम फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ ।

(४) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिका हकमा अन्य अदालतको क्षेत्राधिकारअन्तर्गतको अपराधमा अनुसन्धान सुरु भइसकेको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कसुरका सम्बन्धमा कोर्ट अफ इन्क्वारी गठन गरी अनुसन्धान गर्न र त्यस्ता व्यक्तिउपर आवश्यक कार्बाही चलाउने कार्यमा यस दफाको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

परिच्छेद – ८

सैनिक अदालतको गठन तथा अधिकारक्षेत्र

६७. सैनिक अदालतको गठन :

(१) परिच्छेद ७ बमोजिमको कसुरसम्बन्धी मुद्दाको कार्बाही र किनारा गर्नका लागि देहायबमोजिमको सैनिक अदालतको गठन हुनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) कम्तीमा एकजना रथीवृन्द, दुईजना महासेनानी वा प्रमुख सेनानी र दुईजना सेनानी दर्जाका अधिकृत रहने पाँचजना अधिकृत रहेको जनरल सैनिक अदालत,

(ख) कम्तीमा दुईजना सेनानी दर्जाका अधिकृत रहने गरी कम्तीमा तीनजना अधिकृत रहेको समरी जनरल सैनिक अदालत,

(ग) कम्तीमा दुई वर्ष आयुक्त पद प्राप्त गरेका मध्येबाट कम्तीमा तीनजना अधिकृत रहेको डिस्ट्रिक्ट सैनिक अदालत,

(घ) नेपाली सेनाको विभाग, फर्मेसन वा एकाइको कुनै कमान्डिङ्ग अधिकृत रहेको एक व्यक्तिको समरी सैनिक अदालत ।

(२) खण्ड -क) र (ख) बमोजिमका सैनिक अदालतमा उपलब्ध भएसम्म कम्तीमा एकजना अधिकृत कानुन विषयमा स्नातक गरेको हुनुपर्नेछ ।

(३) समरी सैनिक अदालतको कार्बाहीमा सहयोग पुऱ्याउनको लागि दुईजना अधिकृत वा दुईजना पदिक वा दुवै दर्जाका एकएकजना गरी जम्मा दुईजना उपस्थित रहनेछन् ।

(४) उपदफा (१) बमोजिमको सङ्ख्याभन्दा कम हुने गरी सैनिक अदालतले मुद्दाको कार्बाही तथा किनारा गर्नेछैन ।

६८. सैनिक अदालतको अधिकारक्षेत्र : सैनिक अदालतको अधिकारक्षेत्र यस ऐनको दफा ६२ र ६६ मा उल्लेख भएका मुद्दाहरूमा बाहेक देहायबमोजिमको हुनेछ :

(क) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले गरेको कसुरसम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाइ, कार्बाही र किनारा गरी सजाय दिने अधिकार जनरल सैनिक अदालत तथा समरी जनरल सैनिक अदालतलाई हुनेछ ।

(ख) अधिकृत तथा पदिक दर्जाका बाहेक यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले बढीमा दुई वर्षसम्म कैदको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सजाय हुने कसुर गरेमा सोसम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाइ, कार्बाही र किनारा गरी सजाय दिने अधिकार डिस्ट्रिक्ट सैनिक अदालतलाई हुनेछ ।

(ग) देहायका उपखण्डहरूमा लेखिएको व्यवस्थाका अधीनमा रही यस ऐनको क्षेत्राधिकारभित्र पर्ने अधिकृत र पदिकबाहेकका व्यक्तिले गरेको कसुरसम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाइ, कार्बाही र किनारा गरी सजाय दिने अधिकार समरी सैनिक अदालतलाई हुनेछ :

(१) प्रमुख सेनानी वा सोभन्दा माथिको दर्जाकाले सैनिक अदालत बोलाएको भए एक वर्षसम्म कैद सजाय हुने मुद्दा,

(२) प्रमुख सेनानीभन्दा तल्लो दर्जाकाले सैनिक अदालत बोलाएको भए ६ महिनासम्म कैद सजाय हुने मुद्दा ।

६९. <u>सैनिक अदालत वा अन्य अदालतमा मुद्दा चलाउने निर्णय :</u>

(१) यस ऐनअन्तर्गतका कसुरहरूका सम्बन्धमा सैनिक अदालत वा अन्य अदालतमध्ये कुन अदालतमा मुद्दा चलाउने भन्ने विषयमा विवाद उत्पन्न भएमा अन्य अदालतमा मुद्दा चलाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्य अदालतमा मुद्दा दायर हुने भएमा अभियुक्तलाई सेवाबाट निलम्बन गरी मुद्दा दायर गरिने अदालतमा बुझाइदिनुपर्नेछ ।

७०. <u>एकै कसुरमा एकभन्दा बढीपटक कार्बाही नहुने</u> : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिउपर यस ऐनको दफा ३८ देखि ६५ सम्मको कुनै कसुरका सम्बन्धमा सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, सुनुवाइ, कार्बाही र किनारा भइसकेपछि वा विभागीय सजाय दिई सकेपछि सोही व्यक्तिउपर सोही कसुरमा पुनः कार्बाही हुनेछैन ।

७१. <u>मुद्दा चलाउने हदम्याद</u> :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) दफा ३९, ४२, ४६, ४९, ५५, ५६ र ६२ बमोजिमको कसुरबाहेक अन्य कसुर गरेको तीन वर्ष नाघेपछि सैनिक अदालतमा मुद्दा चलाइनेछैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि समय गणना गर्दा युद्धबन्दी भएको वा शत्रुले आफ्नो इलाकामा मिलाएको वा कसुर गरी पक्राउमा नपरी बसेको समयको गणना हुनेछैन ।

७२. मुद्दा चलाउन सकिने :

(१) यस ऐनको क्षेत्राधिकारभित्र रहेका बखत कुनै व्यक्तिले गरेको कसुरबापत निज यस ऐनको क्षेत्राधिकारबाट मुक्त भएपछि पनि निजलाई सैनिक हिरासतमा राख्न र निजउपर मुद्दा चलाउन सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३९, ४२ वा ५५ बमोजिमको कसुर गरेकामा बाहेक अन्य कसुर गरेकामा यस ऐनको क्षेत्राधिकारबाट मुक्त भएको ६ महिनाभित्र मुद्दा नचाइएमा कसुर गर्ने व्यक्तिउपर मुद्दा चलाइनेछैन ।

(३) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिलाई सैनिक अदालतले कैदको सजाय दिएपछि सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा कुनै तरिकाबाट यस ऐनको क्षेत्राधिकारबाट मुक्त भए तापनि ठहर भएको कैद सजायको अवधिसम्म निज यस ऐनको क्षेत्राधिकारभित्र रहेको मानी सजाय कार्यान्वयन गर्न गराउन सकिनेछ ।

७३. सैनिक अदालत बोलाउने अधिकार :

(१) सैनिक अदालत बोलाउने अधिकार देहायको अधिकारीलाई हुनेछ :

(क) नेपाल सरकारले अन्यथा निर्देशन दिएका बाहेक प्रधानसेनापति वा निजले अख्तियारी दिएको अधिकृतले जनरल सैनिक अदालत,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) नेपाल सरकारले अन्यथा निर्देशन दिएमा बाहेक देहायका अधिकारीहरूले समरी जनरल सैनिक अदालत सञ्चालन गर्नेछन् :

(१) प्रधानसेनापतिले अख्तियार दिएको अधिकृत,

(२) जङ्गी कार्बाहीमा लागेको कमान्डिङ्ग अधिकृत वा निजले अख्तियार दिएको अधिकृत,

(३) सेनाको अनुशासन र आवश्यकतालाई उचित विचार गरी कुनै कसुरको पुर्पक्ष जनरल सैनिक अदालतद्वारा गर्न व्यावहारिक हुँदैन भनि ठहर गर्ने जङ्गी कार्बाहीमा लागेको कुनै अङ्गलाई कमान्ड गर्ने अधिकृत ।

(ग) खण्ड (क) बमोजिम जनरल सैनिक अदालत बोलाउन पाउने अख्तियार प्राप्त अधिकारी वा निजले अख्तियार दिएको अधिकृतले डिस्ट्रिक्ट सैनिक अदालत,

(घ) नेपाली सेनाको विभाग, फर्मेसन वा एकाइको कुनै कमान्डिङ्ग अधिकृतले समरी सैनिक अदालत ।

(२) सैनिक अदालत बोलाउने अधिकारीले सैनिक अदालत बोलाउनुपर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र सैनिक अदालत बोलाउनुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम अख्तियारी दिँदा अख्तियारवालाले आवश्यकताअनुसार सर्त तोक्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ९

अनुसन्धान, तहकिकात र मुद्दा दायरी

७४. सैनिक हिरासतमा राख्ने :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई परिच्छेद- ७ बमोजिमको कुनै कसुरको अभियोग लागेमा सैनिक हिरासतमा राख्न सकिनेछ ।

(२) कसुरको अभियोग लागेको व्यक्तिलाई निजभन्दा माथिल्लो दर्जाको जुनसुकै अधिकृतले सैनिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि झगडा, हुलदङ्गा वा गोलमालमा संलग्न व्यक्ति आफूभन्दा माथिल्लो दर्जाको अधिकृत भए तापनि तल्लो दर्जाको अधिकृतले सैनिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

(४) सैनिक अदालतबाट नहेरिने कुनै कसुरको अभियोगमा अन्य अदालतमा मुद्दा दायर गर्नुपर्ने व्यक्तिलाई अनुसन्धान तहकिकातदेखि मुद्दा दायर गर्दासम्मका अवधिमा कानुनबमोजिम थुनामा राखी कार्बाही गर्नुपर्ने भयो भने निजलाई सेवाबाट निलम्बन गरी त्यस्तो अदालतको आदेशले सैनिक वा प्रहरी हिरासतमा राख्न सकिनेछ । सैनिक हिरासतमा रहेका अवस्थामा अदालतमा उपस्थित गराउनुपरेमा सम्बन्धित सैनिक अधिकारीले गराउनेछ ।

तर, मुद्दा दायर भएपछि सैनिक हिरासतमा राखिनेछैन ।

(५) सैनिक अदालतमा मुद्दा दायर गर्ने भएमा सैनिक अदालतमा र अन्य अदालतमा मुद्दा दायर गर्ने भएमा अन्य अदालतमा पठाइनेछ ।

७५. हिरासतमा राख्दा कमान्डिङ्ग अधिकृतको जिम्मेबारी :

(१) आफ्नो कमान्डमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिएको प्रतिवेदन कमान्डिङ्ग अधिकृतलाई प्राप्त भएमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निजले बिनातहकिकात बाटाको म्यादबाहेक चौबीस घण्टाभन्दा बढी अवधि हिरासतमा नराख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक यातायात सेवाका दृष्टिले सम्भव नहुने अवस्थामा मनासिब माफिकको अवधिसम्म हिरासतमा राख्न सकिनेछ ।

(३) कमान्डिङ्ग अधिकृतले चौबीस घण्टाभन्दा बढी अवधि हिरासतमा रहेको प्रत्येक व्यक्तिको विवरण र कारणसहितको प्रतिवेदन प्रधानसेनापति वा प्राड विवाकसमक्ष पठाउनुपर्नेछ ।

(४) जङ्गी कार्बाहीमा नलागेका व्यक्तिको मुद्दा हेर्नका निमित्त सैनिक अदालत बोलाउने आदेश नदिएको कारणले आठ दिनभन्दा बढी अवधिसम्म अभियुक्त सैनिक हिरासतमा रहने भएमा त्यसरी ढिलो भएको कारणको बारेमा कमान्डिङ्ग अधिकृतले सैनिक अदालत गठन नभएसम्म वा अभियुक्त हिरासतबाट नछुटेसम्म प्रत्येक आठ दिनमा उपदफा (३) बमोजिमको अधिकारीसमक्ष प्रतिवेदन पठाउनुपर्नेछ ।

(५) यस दफाको प्रयोजनका लागि चौबीस घण्टाको समय गणना गर्दा सार्वजनिक बिदाको दिनलाई गणना गरिनेछैन ।

७६. <u>पक्राउका लागि अनुरोध गर्न सक्ने</u> :

(१) कमाडिङ् अधिकृतले कसुरको अभियोग लागेका व्यक्तिलाई पक्राउ गर्नुपरेमा अभियुक्त रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले अभियुक्तलाई गिरफ्तार गरी सम्बन्धित अधिकृतलाई बुझाइदिनुपर्नेछ ।

(२) सेवा छाडी भागेको भगुवाको फर्मेसन, युनिट, सबयुनिटका कमान्डिङ्ग अधिकृतले त्यस्ता भगुवालाई पक्राउ गर्न प्रमुख जिल्ला अधिकारीलाई भगुवाको विवरण खोली अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा सम्बद्ध

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकारीले सो भगुवालाई पक्राउ गरी सम्बन्धित अधिकृतलाई बुझाइदिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा छोडी वा अन्य कुनै कसुर गरी भागेको भन्ने प्रहरी अधिकृतलाई विश्वास हुने मनासिब माफिकको कारण भएमा प्रहरी अधिकृतले बिनापुर्जी त्यस्ता व्यक्तिलाई पक्राउ गरी आवश्यक कार्बाहीका लागि चलान गर्न प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाउनुपर्नेछ ।

७७. गयल परेकोमा जाँचबुझ गर्ने : बिदा स्वीकृत नगराई तीस दिनभन्दा बढी गयल भएमा जाँचबुझ गर्न यथाशक्य छिटो कोर्ट अफ इन्क्वायरी गठन गर्नुपर्नेछ । कोर्टको अधिकृतले शपथ लिई जाँचबुझ गर्दा गयल पर्ने व्यक्तिले बिदा स्वीकृत नगराई वा अन्य पर्याप्त कारण नभई गयल भएको र निजको जिम्मामा रहेको सरकारी सम्पत्ति, हातहतियार, खरखजाना, सरसामान (इक्विप्मेन्ट), इन्स्टुमेण्ट, लत्ताकपडा वा अन्य सामान पुगनपुग भएको विषयमा समेत जाँचबुझ गरी निर्णय गर्नेछ । कमान्डिङ्ग अधिकृतले सो निर्णयको अभिलेख सम्बन्धित चमु वा विभागको सैनिक अदालत किताबमा जनाइराख्नेछ ।

७८. सैनिक प्रहरी प्रमुख:

(१) नेपाल सरकारले अन्यथा निर्देशन दिएमा बाहेक प्रधानसेनापति वा निजले तोकेको अधिकृतले सैनिक प्रहरी प्रमुख नियुक्त गर्न सक्नेछ ।

(२) कुनै कसुरमा हिरासतमा रहेको व्यक्तिलाई जिम्मा लिनु, सेनामा सुव्यवस्था र अनुशासन कायम गराउनु र नेपाली सेनामा सम्मिलित वा सेवारत व्यक्तिबाट सुव्यवस्था र अनुशासन भङ्ग हुने कार्य हुन नदिनु सैनिक प्रहरी प्रमुखको कर्तव्य हुनेछ ।

(३) कसुर गरेको वा कसुरको अभियोग लगाइएको व्यक्तिलाई पुर्पक्षका निमित्त सैनिक प्रहरी प्रमुखले जुनसुकै समयमा पक्राउ गर्न सक्नेछ र सैनिक अदालत वा विभागीय सजायको आदेश दिने अधिकृतले दिएको सजाय तामेल गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – १०

सैनिक अदालतको कार्याविधि

७९. सैनिक अदालतको मुकाम तथा इजलास :

(१) सैनिक अदालतले मुद्दाको पुर्पक्षका क्रममा नेपाल राज्यबाहिर वा भित्र जुनसुकै स्थानमा पनि आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

(२) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था र पीडितको अधिकारको संरक्षण गर्नुपर्ने अवस्थामा बाहेक सामान्यतया सैनिक अदालतको इजलास खुल्ला रहनेछ ।

८०. सैनिक अदालतको अध्यक्ष :

(१) सैनिक अदालतमा रहने अधिकृतहरूमध्ये वरिष्ठ अधिकृतले सैनिक अदालतको अध्यक्षता गर्नेछ ।

(२) सैनिक अदालतको अध्यक्षता गर्ने वरिष्ठ अधिकृतको अनुपस्थितिमा दफा ६७ को व्यवस्थाका अधीनमा रही निजपछिको वरिष्ठ अधिकृतले सैनिक अदालतको अध्यक्षता गर्नेछ ।

८१. प्राड विवाकको उपस्थिति :

(१) प्रत्येक जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत र डिस्ट्रिक्ट सैनिक अदालतमा प्राड विवाक वा प्राड विवाकले खटाएको वा तोकेको प्राड अधिकृत प्राड विवाकको रूपमा उपस्थित हुनेछ ।

(२) कुनै कसुरको अभियोगमा मुद्दा चलाइएको अभियुक्तले सैनिक अदालतमा आपनो प्रतिरक्षाका लागि आफूले रोजेको प्राड अधिकृत खटाइ पाउँ भनी प्राड विवाकको प्रतिरक्षा शाखामा अनुरोध गरेमा प्राड विवाकले प्राड अधिकृत खटाइदिनुपर्नेछ । यसरी प्राड अधिकृत खटाइएकोमा त्यस्तो प्राड अधिकृतले सैनिक अदालतमा अभियुक्तको तर्फबाट प्रतिरक्षा गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८२. विरोध गर्न सकिने :

(१) सैनिक अदालतमा पुर्पक्षका लागि मुद्दा पेस भएपछि सैनिक अदालतका अध्यक्ष तथा सदस्यहरूको नाम अभियुक्तलाई सुनाइनेछ र अध्यक्ष तथा कुनै सदस्यको सम्बन्धमा विरोध भएनभएको बारेमा अभियुक्तसँग सोधिनेछ ।

(२) उपदफा (१) बमोजिम अभियुक्तले अध्यक्ष तथा कुनै सदस्यको सम्बन्धमा विरोध जनाएमा सोको कारण र विरोध जनाइएका अध्यक्ष तथा सदस्यले दिएको जवाफसमेतको अभिलेख खडा गर्नुपर्नेछ । विरोध नगरिएका अध्यक्ष तथा सदस्यले विरोध गरिएका अध्यक्ष तथा सदस्यको अनुपस्थितिमा त्यस्तो विरोधको विषयमा छलफल गरी निर्णय गर्नुपर्नेछ ।

(३) कम्तीमा पचास प्रतिशत सदस्यले अभियुक्तको विरोधलाई स्वीकार गरेमा विरोध गरिएको अध्यक्ष वा सदस्यको स्थान रिक्त हुनेछ । रिक्त स्थानमा अर्को अधिकृत मुकरर गर्नुपर्नेछ र नयाँ मुकरर भएका अध्यक्ष तथा सदस्यका सम्बन्धमा पनि उपदफा (१) बमोजिम पुनः विरोधको प्रक्रिया अपनाउनुपर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम विरोधको प्रक्रिया सम्पन्न भएपछि सैनिक अदालतले मुद्दाको पुर्पक्ष सुरु गर्नेछ ।

८३. शपथ : मुद्दाको पुर्पक्ष गर्नुअघि सैनिक अदालतका अध्यक्ष तथा सदस्य र प्राड विवाकले तोकिएबमोजिम शपथ लिनुपर्नेछ ।

८४. निर्णय प्रक्रिया :

(१) सैनिक अदालतको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा अभियुक्तको पक्षमा निर्णय भएको मानिनेछ ।

तर, देहायको विषयमा देहायबमोजिम हुनेछ :

(क) जनरल सैनिक अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय ठहर हुन कम्तीमा दुई तिहाइ मतको आवश्यकता पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) समरी जनरल सैनिक अदालतबाट सर्वस्वसहित जन्मकैद सजाय ठहर हुन सर्वसम्मति हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय तथा ठहरबाहेकका प्रक्रियागत विषयमा अध्यक्षले समर्थन गरेको राय मान्य हुनेछ ।

(३) सैनिक अदालतबाट सजाय ठहर हुँदा सैनिक अदालतमा उपस्थित प्राड विवाक वा निजको प्रतिनिधिले आफ्नो छुट्टै राय व्यक्त गर्न सक्नेछ ।

(४) सैनिक अदालतमा सुनुवाइ हुने मुद्दाको अनुसन्धान र सुनुवाइको क्रममा अभियुक्तका फौजदारी न्यायका अधिकारहरूको संरक्षण गरिनेछ र प्रतिरक्षाका प्रमाणहरू पेस गर्न उचित मौका दिइनेछ ।

८५. न्यायिक जानकारीमा राख्ने : सैनिक अदालतले अध्यक्ष तथा सदस्यहरूमा रहेको सैनिक विषयको समान्य ज्ञानलाई न्यायिक जानकारीमा लिन सक्नेछ ।

८६. समाह्वान जारी गर्ने :

(१) सैनिक अदालत बोलाउने अधिकृत वा सैनिक अदालतको अध्यक्ष वा प्राड विवाक वा अभियुक्तको कमान्डिङ् अधिकृतले सम्बद्ध व्यक्तिलाई कुनै लिखत वा अरू कुरा पेस गर्न वा साक्षी बक्न तोकिएको ठाउँ र समयमा उपस्थित हुन समाह्वान जारी गर्न सक्नेछ ।

(२) कुनै साक्षीका अधीनमा रहेको खास लिखत वा अरू कुनै कुरा पेस गराउनुपरेमा सो कुरा स्पष्ट रूपमा समाह्वानमा उल्लेख गर्नुपर्नेछ ।

(३) कुनै साक्षी यस ऐनको क्षेत्राधिकारभित्रको व्यक्ति रहेछ भने निजको कमान्डिङ् अधिकृतलाई समाह्वान पठाइनेछ र निजले त्यस्तो समाह्वान तामेल गराउनेछ ।

(४) कुनै प्रमुख जिल्ला अधिकारीको क्षेत्रभित्र कुनै साक्षी रहेको जानकारी भएमा त्यस्तो साक्षीको समाह्वान सोही प्रमुख जिल्ला अधिकारीसमक्ष पठाइनेछ र निजले त्यस्तो साक्षीलाई समाह्वान तामेल गराउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) सैनिक अदालतमा साक्षी बक्ने प्रत्येक व्यक्तिलाई बयान गराउनुभन्दा अघि तोकिएबमोजिम शपथ गराइनेछ ।

८७. बन्द सवाल :

(१) मुद्दाको पुर्पक्षका सिलसिलामा कुनै साक्षीलाई सैनिक अदालतमा उपस्थित गराई बकाउँदा मुद्दाको कार्बाहीमा अनावश्यक ढिलाइ, खर्च वा असुविधा हुन लागेमा सैनिक अदालतले त्यस्तो साक्षीलाई बन्द सवालद्वारा बुझ्न प्राड विवाकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि प्राड विवाकले साक्षीका नाउँमा बन्द सवाल तामेल गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्न सक्नेछ र त्यस्तो अनुरोध भएमा प्रमुख जिल्ला अधिकारीले प्रचलित कानुनबमोजिम बन्द सवाल तामेल गराइदिनुपर्नेछ ।

(३) अभियुक्त वा निजको कानुन व्यवसायीले उठाउन चाहेको प्रश्नमध्ये मुद्दासँग सम्बद्ध प्रश्नलाई सैनिक अदालतले बन्द सवालमा उल्लेख गर्नुपर्नेछ ।

(४) अभियुक्तको कानुन व्यवसायी वा वारेस वा अभियुक्त हिरासतमा नरहेको भए निज आफैँले प्रमुख जिल्ला अधिकारीसमक्ष उपस्थित भई साक्षीसँग जिरह गर्न सक्नेछ ।

(५) प्रमुख जिल्ला अधिकारीले बन्द सवालबमोजिम बयान लिने काम समाप्त भएपछि बन्द सवाल प्राड विवाकमा पठाउनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त बन्द सवाल प्राड विवाकले सम्बन्धित सैनिक अदालतमा पठाइदिनेछ । सैनिक अदालत विघटन भएको अवस्थामा त्यस्तो मुद्दा पुर्पक्ष गर्ने अन्य अदालतमा पठाइदिनुपर्नेछ । प्राप्त बन्द सवाल सैनिक वा अन्य अदालतले मिसिल संलग्न गर्नेछ र त्यस्तो बन्दसवाल कानुन व्यवसायी वा अभियुक्तले चाहेमा हेर्न पाउनेछन् ।

(७) बन्द सवाल तामेल भइआउन लाग्ने मनासिब माफिकको समयसम्मका लागि सैनिक अदालतले मुद्दाको पुर्पक्ष स्थगन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८८. हस्ताक्षरसम्बन्धी अनुमान : यस ऐनबमोजिम कुनै कार्बाहीमा नेपाल सरकारको जुनसुकै सेवामा रहेका जुनसुकै अधिकृतले कुनै दर्खास्त, प्रमाणपत्र, पक्राउ पुर्जी पत्रोत्तर वा अरू कुनै लिखतमा गरेको हस्ताक्षरलाई अन्यथा प्रमाणित भएमा बाहेक निजकै हस्ताक्षर मानिनेछ ।

८९. प्रमाण लाग्ने लिखत : सैनिक अदालतबाट कार्बाही भएका मुद्दामा देहायका लिखतमा लेखिएका व्यहोरालाई प्रमाणमा लिइनेछ :

(क) नियुक्ति हुँदाको समयमा सम्बन्धित व्यक्तिले सिटरोल फारममा उल्लेख गरेको विवरण,

(ख) सिटरोल फारमको सक्कलै वा सो फारम जिम्मा रहेको अधिकारीबाट "सक्कलबमोजिम नक्कल दुरुस्त छ" भनी हस्ताक्षर गरी दिएको नक्कल,

(ग) नेपाली सेनामा सेवा गरेको, बर्खास्त भएको वा कार्यभार मुक्त भएको सम्बन्धमा नेपाल सरकारका तर्फबाट प्रधानसेनापति वा निजले तोकेको अधिकृतले हस्ताक्षर गरेको कुनै पत्र, पत्रोत्तर वा अरू लिखतको व्यहोरा,

(घ) नेपाली सेनाको किताबमा दर्ता भएको वा सैनिक आदेश वा नेपाल राजपत्रमा प्रकाशित पदिक वा अरू दर्ज्यानीहरूको स्टेटस्, दर्जा र नियुक्तिसम्बन्धी सोही किताबमा दर्ता भएको सैनिक आदेश वा नेपाल राजपत्रमा उल्लिखित व्यहोरा,

(ङ) कमान्डिङ्ग अधिकृत वा अभिलेख राख्ने जिम्मेवार अधिकृतको हस्ताक्षर भएको पल्टनियाँ किताब (रेजिमेन्ट बुक) मा उल्लिखित व्यहोरा,

(च) पल्टनियाँ किताब जिम्मा लिने अधिकृतले सक्कल बमोजिम नक्कल दुरुस्त छ भनी हस्ताक्षरद्वारा प्रमाणित नक्कलमा उल्लिखित व्यहोरा,

(छ) दफा ४२ र ५८ बमोजिमको कसुरको अभियोगमा पुर्पक्ष भइरहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले कुनै अधिकृतकहाँ वा नेपाली सेनाको कुनै अङ्ग समक्ष आत्मसमर्पण गरेको छ वा त्यस्ता व्यक्तिलाई कुनै अधिकृत वा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले पक्राउ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गरेको छ भने सो सम्बन्धमा त्यस्ता अधिकृत वा त्यस्ता व्यक्तिको वा नेपाली सेनाको त्यस अङ्गको कमान्डिङ्ग अधिकृतले आत्मसमर्पण गरेको वा पक्राउ भएको ठाउँ, मिति र त्यस व्यक्तिले लगाएको पोसाकको छाँटसमेतका बारेमा यथार्थ कुरा खुलाई हस्ताक्षरद्वारा प्रमाणित पत्रमा उल्लिखित व्यहोरा,

(ज) दफा ४२ र ५८ बमोजिमको कसुरको अभियोगमा पुर्पक्ष भइरहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले प्रहरी थानाको प्रमुख समक्ष आत्मसमर्पण गरेका बेलामा वा त्यस्तो व्यक्तिलाई प्रहरी थानाको प्रमुखले पक्राउ गरेका बेलामा त्यस प्रहरी अधिकृतले आत्मसमर्पण गरेको वा पक्राउ भएको ठाउँ मिति र त्यस व्यक्तिले लगाएको पोसाकको छाँट समेतका बारेमा यथार्थ कुरा खुलाई हस्ताक्षरद्वारा प्रमाणित पत्रमा उल्लिखित व्यहोरा ।

(झ) जाँचपड्ताल वा अनुसन्धानका लागि पेस भई कुनै विधिविज्ञान विशेषज्ञ वा विधिविज्ञान प्रयोगशालाबाट रीतपूर्वक प्राप्त प्रतिवेदनमा उल्लिखित व्यहोरा।

९०. सरकारी अधिकृतसँग विवरण माग गर्ने :

(१) दफा ४२ र ५८ बमोजिम कसुरको अभियोगमा लागेको व्यक्तिले तत्सम्बन्धमा नेपाल सरकारको कुनै अधिकृतसँग बुझी पाउन अनुरोध गरेमा वा स्वयं सैनिक अदालतले सो बारेमा बुझ्न मनासिब ठानेमा त्यस्तो अधिकृतसँग आवश्यक जानकारी माग गर्न र त्यस्तो जानकारी नआएसम्म मुद्दाको पुर्पक्ष स्थगन राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त जानकारीलाई सैनिक अदालतसमक्ष दिएको बयानसरह मानिनेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त नहुँदै सैनिक अदालत विघटन भएमा वा सैनिक अदालतले यस दफाअनुसारको प्रक्रिया पूरा गर्न छुट्टाएकोमा सैनिक अदालत बोलाउने अधिकृतले सो कार्बाही रद्द गरी पुनः पुर्पक्ष गर्न आदेश दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

९१. पहिलेको दण्डसजाय र चरित्रको प्रमाण :

(१) परिच्छेद ७ बमोजिमको कसुर गरेको अभियोगमा मुद्दा दायर गरिएको कुनै अभियुक्तको सम्बन्धमा फैसला गर्दा त्यस्तो अभियुक्त यसअघि सैनिक अदालत वा अन्य अदालतबाट दोषी ठहरिए नठहरिएको वा विभागीय सजाय पाएनपाएको बुझी त्यसमा भएको निर्णयसमेतलाई प्रमाणका रूपमा लिन सकिनेछ । यस प्रयोजनका लागि अभियुक्तको चरित्र र निजको विगत क्रियाकलापलाई समेत सैनिक अदालतले जानकारीमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाण मौखिक वा सैनिक अदालतको किताब वा अरू सरकारी किताबमा लेखिएको कुरा वा त्यस्तो किताबको हो भनी प्रमाणित उत्तार हुन सक्नेछ र अघि ठहरिएको कसुर वा अभियुक्तको चरित्र र निजको विगत क्रियाकलापलाई समेत प्रमाणका रूपमा लिन सकिनेछ भनी पूर्पक्ष अगावै अभियुक्तलाई सूचना दिनु अवश्यक पर्नेछैन ।

(३) समरी सैनिक अदालतले उचित ठहऱ्याएमा अभियुक्तको सम्बन्धमा यसअघि कुनै फैसला भएकोमा यसै ऐनबमोजिम सो फैसला निजको चरित्र र विगत क्रियाकलापको सम्बन्धमा आफूलाई प्राप्त जानकारी प्रमाणित नगराईकन पनि अभिलेख राख्न सक्नेछ ।

९२. प्रमाण ऐन, २०३१ को व्यवस्था लागु हुने : सैनिक अदालतले यस ऐनबमोजिमको कसुरसम्बन्धी मुद्दाको पुर्पक्षका क्रममा प्रमाण बुझ्दा यस ऐनमा व्यवस्था भएकोमा यसै ऐनबमोजिम र अरूमा प्रमाण ऐन २०३१ बमोजिमको कार्याविधि अपनाउनुपर्नेछ ।

९३. विक्षिप्त अभियुक्तको बचाऊ :

(१) सैनिक अदालतबाट मुद्दा पुर्पक्ष हुँदा अभियुक्त विक्षिप्त भएका कारणबाट प्रतिवाद गर्न असमर्थ छ वा निजमाथि लगाएको आरोप निज विक्षिप्त भएको कारणबाट सो कामको प्रकृति र सो काम अनुचित र कानुन विरुद्ध छ भन्ने जान्न नसक्ने भई यस्तो कसुर गरेको हो भन्ने

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लागेमा सैनिक अदालतले सो ासम्बन्धमा पर्चा खडा गर्नेछ ।

(२) सैनिक अदालतको अध्यक्षले वा समरी सैनिक अदालतको हकमा पुर्पक्ष गर्ने अधिकृतले उपदफा (१) बमोजिम खडा गरेको पर्चा अविलम्ब उक्त मुद्दा सदर गर्ने अधिकारी वा दफा ११५ को उपदफा (३) बमोजिमको अधिकारी समक्ष पेस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनलाई मुद्दा सदर गर्ने अधिकारीले सदर नगरेको त्यस्तो अभियुक्तको मुद्दा सोही वा अरू सैनिक अदालतबाट पुर्पक्ष गराउनका लागि आवश्यक कार्बाही गर्न सक्नेछ ।

(४) यसरी सैनिक अदालतले उपदफा (२) बमोजिम पेस गरेको पर्चामा उल्लिखित व्यहोरा सदर गरेमा सदर गर्ने अधिकारीले अभियुक्तलाई हिरासतमा राख्ने आदेश दिई स्वीकृतिका लागि नेपाल सरकार, रक्षा मन्त्रालयमा पेस गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रतिवेदन प्राप्त भएपछि रक्षा मन्त्रालायले अभियुक्तलाई पागलखाना वा उपयुक्त अरू सुरक्षित स्थानमा थुनामा राख्न आदेश दिन सक्नेछ ।

९४. <u>विक्षिप्त अभियुक्तको मुद्दाको पुर्पक्ष :</u>

(१) दफा ९३ बमोजिम हिरासतमा रहेको विक्षिप्त अभियुक्तले आफूमाथि लागेको अभियोग प्रतिवाद गर्न समर्थ छ भन्ने चिकित्सकबाट प्रतिवेदन प्राप्त भएमा वा पागलखाना वा कारागारमा हिरासतमा रहेको विक्षिप्त अभियुक्तले आफूमाथि लागेको अभियोगको प्रतिवाद गर्न सक्छ भनी त्यस्तो पागलखाना वा कारागार प्रमुखले प्रमाणित गरिदिएमा अभियुक्त रहेको क्षेत्रको सेना, चमु, पृतना वा बाहिनीपतिले वा निजको सटट्ा अरू कुनै अधिकृतले पहिले लगाइएको अभियोग सोही वा अन्य सैनिक अदालतबाट पुर्पक्ष गराउन आदेश दिन सक्नेछ । यस ऐनबमोजिमका

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कसुरबाहेक प्रचलित कानुनबमोजिमका अन्य कसुर भए अन्य अदालतबाट पुर्पक्ष गराउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश रक्षा मन्त्रालयको जानकारीका लागि पठाउनुपर्नेछ ।

९५. विक्षिप्त अभियुक्तलाई छोड्न सक्ने : हिरासतमा रहेको अभियुक्तको हकमा चिकित्सकको प्रतिवेदनका आधारमा र थुनामा राखिएको अभियुक्तको हकमा पागलखाना वा कारागार प्रमुखले अभियुक्तलाई छुटकारा दिएमा वा निजले आफ्नै वा अरू कसैको पनि हानी नोक्सानी गर्न सक्दैन भनी प्रमाणित गरिदिएमा रक्षा मन्त्रालयले दफा ९३ बमोजिम हिरासतमा रहेका अभियुक्तलाई छाड्न वा हिरासतमा राख्न वा अघिदेखि नै पागलखानामा राखेको रहेनछ भने पागलखानामा पठाउन सक्नेछ ।

९६. विक्षिप्त अभियुक्त हकदार वा संरक्षकलाई सुम्पिन सक्ने : दफा ९३ बमोजिम हिरासतमा रहेको अभियुक्तको कुनै हकदार वा संरक्षकले आफ्नो रेखदेखमा राख्न वा जिम्मामा लिन निवेदन दिएमा त्यस्तो अभियुक्तको रेखदेख हुने आफैं वा अरू कसैलाई क्षति नपुऱ्याउने र निर्धारित समय र मितिमा तोकिएको अधिकृतसमक्ष जाँचका निमित्त उपस्थित गराउने कुरामा रक्षा मन्त्रालय सन्तुष्ट भएमा सो मन्त्रालयले निजलाई निजको हकदार वा संरक्षकलाई सुम्पन सक्नेछ ।

९७. कसुरसँग सम्बद्ध मालसामानको लिलाम बिक्री तथा बन्दोबस्त :

(१) सैनिक अदालतले मुद्दाको पुर्पक्षका क्रममा आफूसमक्ष पेस भएको कसुरसँग सम्बद्ध मालसामानको सुरक्षा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षाको लागि राखेको मालसामान सडी, गली, नासी जाने भएमा सैनिक अदालतले त्यस्तो मालसामान लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम सरकारी खातामा आम्दानी बाँध्न आदेश दिन सक्नेछ ।

(३) सैनिक अदालतबाट मुद्दाको कार्बाही समाप्त भएपछि त्यस्तो सैनिक अदालतबाट भएको ठहर सजायलाई सदर गर्ने अधिकारी वा सो अधिकृतभन्दा माथिको अधिकृतले र त्यस्तो सजाय सदर गराउनुनपर्ने सैनिक अदालतको ठहर भएपछि सेना, चमु, पृतना वा बाहिनीपतिले मुद्दाको पुर्पक्षका क्रममा सैनिक अदालतसमक्ष पेस भएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कसुरसँग सम्बद्ध मालसामान, लिखत, जफत गर्न नष्ट गर्न वा त्यसको हकदार भनी दाबी गर्ने व्यक्तिलाई फिर्ता दिन वा बिक्री गर्न मनासिब माफिकको आदेश दिन सक्नेछ ।

(४) मुद्दाको पुर्पक्ष नेपालराज्यभित्र नभएको अवस्थामा उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारीले आदेश नक्कल मालसामान रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष पठाउनुपर्नेछ र प्रमुख जिल्ला अधिकारीले पनि त्यस्तो आदेशबमोजिम काम तामेल गराउनुपर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि मालसामान भन्नाले कसुरसँग सम्बद्ध मालसामानको हकमा सुरु कब्जा वा अधिकारभित्र रहेको मालसामानलगायत सो मालसामान तुरुन्त वा पछि परिर्वतन गरी वा सटही गरी वा बिक्री गरी प्राप्त भए गरेको आम्दानीसमेतलाई जनाउँछ ।

९८. सैनिक अदालतको कार्बाहीको मान्यता : यस ऐनअन्तर्गत सैनिक अदालतले गरेको पुर्पक्षलाई अदालती कार्बाही मानिनेछ ।

९९. सैनिक अदालतको स्थगन तथा विघटन :

(१) देहायको अवस्थामा सैनिक अदालत स्थगन हुनेछ :

(क) मुद्दाको पुर्पक्ष सुरु भएपछि दफा ६७ बमोजिम निर्धारित अध्यक्ष तथा सदस्यको सङ्ख्या घट्न गएमा,

(ख) पुर्पक्षको क्रम जारिरहँदा प्राड विवाकको प्रतिनिधि वा अभियुक्त बिरामी भएको कारणबाट पुर्पक्ष चालु राख्न सम्भव नभएमा ।

(२) सैनिक आवश्यकता वा अनुशासनको दृष्टिकोणले सैनिक अदालत जारी राख्न असम्भव वा अनुचित देखिएमा सैनिक अदालत बोलाउने अधिकारप्राप्त अधिकारीले सैनिक अदालत विघटन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपदफा (१) बमोजिमको कारण परी स्थगित भएको सैनिक अदालत पूर्वस्थितिमा आएमा पुर्पक्ष पुनः चालु गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको कारण परी विघटन भएको सैनिक अदालत पुनः बोलाई मुद्दा चालु गर्न सकिनेछ ।

(५) सैनिक अदालतबाट फैसलासम्बन्धी सम्पूर्ण कार्बाही समाप्त भएपछि त्यस्तो सैनिक अदालत स्वतः विघटन हुनेछ ।

१००. मिसिल पठाउने :

(१) समरी अदालतबाहेक अन्य सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, कार्बाही र किनारा समाप्त भएपछि निर्णयसहितको मिसिल प्राड विवाक पठाउनुपर्नेछ र प्राड विवाकले आवश्यक जाँचबुझ गरी फैसला वा राय सदरका लागि क्रमशः दफा १०८, १०९ र ११० बमोजिमका अधिकारीसमक्ष पठाउनुपर्नेछ ।

(२) समरी सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, कार्बाही र किनारा भएपछि निर्णयसहितको मिसिल प्राड विवाकमा पठाउनुपर्नेछ र प्राड विवाकले आवश्यक जाँचबुझ गर्नेछ ।

(३) दफा १०५ बमोजिम विभागीय सजायको आदेश भएको अवस्थामा सजाय दिने अधिकृतले कार्बाहीको मिसिलको प्रमाणित नक्कल दफा ११८ बमोजिमको अधिकारीसमक्ष पठाउनुपर्नेछ ।

परिच्छेद – ११

दण्डसजाय

१०१. सैनिक अदालतबाट दिइने सजाय :

(१) सैनिक अदालतबाट देहायबमोजिमको सजाय दिन सकिनेछ :

(क) सर्वस्वसहित जन्मकैद गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) अंश सर्वस्व गर्ने,

(ग) १४ वर्षसम्म कैद सजाय गर्ने,

(घ) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी हटाउने वा भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गर्ने,

(ङ) दर्जा घटाउने,

(च) पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(छ) जङ्गी कार्बाहीमा गरिएको कसुरमा तीन महिनासम्मको तलबभत्ता कट्टा गर्ने,

(ज) क्षतिपूर्ति नभएसम्म तलबभत्ता रोक्का गर्ने,

(झ) बढीमा दुई वर्षसम्म तलबवृद्धि रोक्का गर्ने,

(ञ) नसिहत दिने ।

(२) देहायको कसुर गरेमा देहायबमोजिमको सजाय हुनेछ :

(क) दफा ३८, ३९ र दफा ४२ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा सर्वस्वसहित जन्मकैद सजाय हुनेछ ।

(ख) देहायबमोजिमको कसुर गरेमा चौध वर्षसम्म कैद सजाय हुनेछ :

(१) दफा ४० बमोजिमको कसुर गरेमा,

(२) जङ्गी कार्बाहीमा लागेको बखत दफा ४१ र ४५ को खण्ड (क) बमोजिमको कसुर गरेमा,

(३) जानीजानी दफा ४३ वा ४६ बमोजिम कसुर गरेमा,

(४) जङ्गी कार्बाहीमा लागेको बखत आफ्नो कर्तव्य पालन गरिरहेको कुनै अधिकृत उपर दफा ४४ को खण्ड (क) वा (ख) बमोजिम कसुर गरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) दफा ४७ बमोजिमको कसुर गरेमा ।

(ग) देहायबमोजिमको कसुर गरेमा दस वर्षसम्म कैद सजाय हुनेछ :

(१) जङ्गी कार्बाहीमा नलागेको बखत कुनै अधिकृतउपर दफा ४४ को खण्ड (क) वा (ख) बमोजिमको कसुर गरेमा,

(२) दफा ४८, ४९ वा दफा ५० बमोजिमको कसुर गरेमा,

(३) दफा ५१ को खण्ड (क) वा दफा ५२ को खण्ड (क) बमोजिमको कसुर गरेमा,

(घ) दफा ४२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कसुर गरेमा अंश सर्वस्व वा सात वर्षसम्म कैद सजाय हुनेछ ।

(ङ) देहायबमोजिमको कसुर गरेमा सात वर्षसम्म कैद सजाय हुनेछ :

(१) जङ्गी कार्बाहीमा नलागेको बखत दफा ४१ बमोजिमको कसुर गरेमा,

(२) थाहा नपाई दफा ४६ बमोजिमको कसुर गरेमा,

(३) दफा ५२ को खण्ड (ख), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा,

(४) दफा ५३, ५४ वा दफा ६३ बमोजिमको कसुर गरेमा ।

(च) देहायबमोजिमको कसुर गरेमा पाँच वर्ष कैद सजाय हुनेछ :

(१) दफा ४४ को खण्ड (ग) बमोजिम कसुर गरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) जङ्गी कार्बाहीमा नलागेको बखत दफा ४५ को खण्ड (क) बमोजिमको कसुर गरेमा,

(३) दफा ५१ को खण्ड (ख) वा (ग) वा दफा ५५, ५६ वा दफा ५७ बमोजिमको कसुर गरेमा,

(छ) दफा ४२ को उपदफा (१) को खण्ड (ग) वा (घ) वा दफा ५८, ५९ वा दफा ६० बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद सजाय हुनेछ ।

(ज) देहायबमोजिमको कसुर गरेमा दुई वर्षसम्म कैद सजाय हुनेछ :

(१) दफा ४२ को उपदफा (१) को खण्ड (ङ) (च) (छ) वा (ज) बमोजिमको कसुर गरेमा,

(२) दफा ४५ को खण्ड (ख) बमोजिमको कसुर गरेमा,

(३) अधिकृतभन्दा तलको व्यक्तिले जङ्गी कार्बाही र कर्तव्य पालनाको समयमा दफा ५२ को खण्ड (ज) बमोजिमको कसुर गरेमा,

(४) थाहा नपाई दफा ४३ बमोजिमको कसुर गरेमा,

(५) दफा ६१ बमोजिम कसुर गरेमा ।

(झ) अधिकृतभन्दा तलको व्यक्तिले जङ्गी कार्बाही र कर्तव्य पालनबाहेक अन्य समयमा दफा ५२ को खण्ड (ज) बमोजिमको कसुर गरेमा ६ महिनासम्म कैद सजाय हुनेछ ।

(ञ) दफा ५२ को खण्ड (झ) र (ञ) बमोजिम कसुर गरेमा सेवाबाट बर्खास्त हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ट) दफा २ को खण्ड (ट) बमोजिम कसुर गरेमा दुई तलबवृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(ठ) सैनिक अदालतबाट परिच्छेद ७ मा उल्लिखित कसुर गर्ने उद्योग गरेको वा त्यस्तो कसुर गर्न सुऱ्याएको ठहरिएमा यस ऐनमा किटानी व्यवस्था भएकोमा बाहेक देहायबमोजिमको सजाय हुनेछ :

(१) सर्वस्वसहित जन्मकैद हुने कसुर गर्ने उद्योग गरेकोमा चौध वर्षसम्म कैद र अन्य कसुर गर्ने उद्योग गरेमा जुन कसुर गर्ने उद्योग गरेको छ सो कसुर गरेबापत हुने कैदको माथिल्लो हदको आधासम्म कैद हुनेछ ।

(२) कुनै कसुर गर्न सुऱ्याएकोमा जुन कसुर गर्न सुऱ्याएको छ सो कसुरलाई हुने सजाय बराबर सजाय हुनेछ ।

(३) सर्वस्वसहित जन्मकैद हुने कसुर गर्न सुऱ्याएको तर कसुर हुन नपाएकोमा चौध वर्षसम्म कैद र अन्य कसुर गर्न सुऱ्याएको तर कसुर हुन नपाएकोमा जुन कसुर गर्न सुऱ्याएको छ सो कसुर गरेबापत हुने कैदको माथिल्लो हदको आधासम्म कैद हुनेछ ।

(३) दफा ४२ को उपदफा (१) को खण्ड (क) बमोजिम कसुर गर्ने व्यक्ति भागेको मितिले पैंतीस दिनभित्र पनि फेला परेन वा हाजिर हुन आएन भने निजको अंश रोक्का गरिनेछ । त्यस्तो व्यक्ति तीन वर्षसम्म पनि हाजिर हुन आएन वा खोजी गर्दा पनि फेला परेन भने निजको अंश जफत र लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम सरकारी कोषमा दाखिल गरिनेछ ।

(४) उपदफा (३) बमोजिम अंश जफत गरेपछि कसुरदार फेला परेमा सर्वस्वसहित जन्मकैदको सजाय दिन सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) उपदफा (२) को खण्ड (ञ) बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएको कुनै व्यक्तिको सञ्चयकोषमा जम्मा भएको रकमबाहेक निजको बाँकी रहेको तलबभत्ता र निजले पाउनुपर्ने निवृत्तभरणलगायत अन्य सुविधा रकमसमेत दिइनेछैन ।

१०२. सजायमा थपघट गर्न सक्ने :

(१) सैनिक अदालत परिच्छेद ७ मा उल्लिखित कसुरको अभियोग ठहर भएमा सैनिक अदालतले सो कसुरको लागि दफा १०१ को उपदफा (२) मा लेखिएबमोजिमको सजाय वा कसुरको मात्राअनुसार सोही दफाको उपदफा (१) मा लेखिएको सजायहरूमध्ये कुनै कम सजाय दिन सक्नेछ ।

(२) सैनिक अदालतले दफा १०१ को उपदफा (१) को खण्ड (घ) बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गर्ने वा भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी हटाउने सजाय दिएकोमा सोही उपदफाको खण्ड (ङ), (च), (ज), (झ) वा (ट) बमोजिमको कुनै एक वा एकभन्दा बढी थप सजाय दिन सकिनेछ ।

(३) अधिकृत दर्जाको व्यक्तिलाई दफा १०१ को उपदफा (१) को खण्ड (क) (ख) वा (ग) बमोजिमको कुनै सजायको आदेश दिनुअगावै सोही दफाको खण्ड (घ) बमोजिमको सजाय गर्नुपर्नेछ ।

१०३. एक कसुरको अभियोग लागेको अभियुक्तलाई अर्को कसुरमा सजाय दिन सक्ने :

(१) देहायबमोजिमको कसुरको अभियोग लगाइएको अभियुक्तलाई सैनिक अदालतले देहायबमोजिमको कसुरमा दोषी ठहऱ्याई सजाय दिन सक्नेछ :

(क) भगुवाको अभियोग लगाइएकोलाई भाग्ने उद्योग गरेको वा गयल भएको कसुरमा,

(ख) भाग्ने उद्योग गरेको अभियोग लगाइएकोलाई गयल भएको कसुरमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) आपराधिक बल प्रयोग गर्ने अभियोग लगाइएकोलाई हमला गरेको कसुरमा,

(घ) धम्कीको बोली प्रयोग गर्ने अभियोग लगाइएकोलाई मर्यादा नराखी होच्याई बोलेको कसुरमा,

(ङ) दफा ४९ को खण्ड (क) वा (ख) बमोजिमको कुनै कसुरको अभियोग लगाइएको व्यक्तिलाई सोही दफाको खण्ड (ग) बमोजिमको कसुरमा ।

(२) यस ऐनबमोजिम कुनै कसुरको अभियोग लगाइएको अभियुक्तलाई कडा सजाय हुने परिस्थितिमा सो कसुर गरेको भनी प्रमाणित नभएमा सैनिक अदालतले सामान्य परिस्थितिमा कसुर गरेको मानी कम सजाय दिन सक्नेछ ।

(३) यस ऐनबमोजिम कुनै कसुरको अभियोग लगाएको अभियुक्तउपर सो कसुर गर्न उद्योग गरेको वा सुऱ्याएको भनी छुट्टै अभियोग नलगाइएको भए तापनि सैनिक अदालतले त्यस्तो कसुर गर्न उद्योग गरेको वा सुऱ्याएको भनी दोष ठहऱ्याई सजाय दिन सक्नेछ ।

१०४. रणभूमि सजाय :

(१) दफा ६३ को उपदफा (२) बमोजिमको कसुर गरेमा जिउमा क्षति पुऱ्याउनेबाहेक थुन्ने वा कडा परिश्रम गराउने गरी रणभूमि सजाय दिइनेछ ।

(२) हुद्दा, अमल्दार वा प्युठलाई रणभूमि सजाय दिएको अवस्थामा निज सिपाहीमा ओह्रालिएको मानिनेछ ।

१०५. विभागीय सजाय :

(१) परिच्छेद ८ र यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने देहायका दर्जाका व्यक्तिले यस ऐनबमोजिम कसुर गरेमा कसुरको गाम्भीर्य हेरी निजलाई सैनिक अदालत नबोलाई देहायबमोजिमको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकारीले देहायबमोजिम विभागीय सजायको आदेश दिन सक्नेछ :

(क) कमान्डिङ्ग अधिकृत वा सोसरहका कमान्डर वा नेपाल सरकारको स्वीकृति लिई प्रधानसेनापतिले तोकेको अन्य अधिकृतले अधिकृत तथा पदिक दर्जाबाहेक अन्य दर्जाका व्यक्तिलाई देहायको कुनै एक वा एकभन्दा बढी विभागीय सजायको आदेश दिन सक्नेछ :

(१) तीस दिनसम्म सैनिक हिरासतमा राख्ने,

(२) तीस दिनसम्म नजरबन्द राख्ने,

(३) तीस दिनसम्म लाइनमा थुन्ने,

(४) थप गार्ड वा ड्युटीमा राख्ने,

(५) गरिरहेको काम खोस्ने वा कायममुकायम भइरहेको दर्जाबाट हटाउने,

(६) असल सेवा, आचरण वा योग्यताबापत खाइपाई रहेको तलबभत्ता रोक्का वा कट्टा गर्ने,

(७) नसिहत दिने,

(८) एक महिनामा चौध दिनसम्मको तलब जरिवाना गर्ने ।

(९) क्षतिपूर्ति नभएसम्म तलबभत्ता रोक्का वा कट्टा गर्ने,

(१०) जङ्गी कार्बाहीमा लागेको बखतमा तीस दिनसम्म रणभूमि सजाय गर्ने,

(११) रणभूमि सजाय दिने ।

(ख) पृतनापति, बाहिनीपति वा सोसरहका पतिले वा नेपाल सरकारको स्वीकृति लिई प्रधानसेनापतिले तोकेको अन्य अधिकारीले सेनानीभन्दा तल्लो दर्जाको अधिकृत वा पदिकलाई देहायका कुनै एक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वा एकभन्दा बढी विभागीय सजायको आदेश दिन सक्नेछ :

(१) नसिहत दिने,

(२) चेतावनी दिने,

(३) क्षतिपूर्ति नभएसम्म तलबभत्ता रोक्का गर्ने,

(४) एक वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) एक वर्षसम्म ज्येष्ठता कट्टा गर्ने ।

(ग) उपरथी वा सोसरहका दर्जाको अधिकारीले वा नेपाल सरकारको स्वीकृति लिई प्रधानसेनापतिले तोकेको अन्य अधिकारीले प्रमुख सेनानी र सोभन्दा तल्लो दर्जाको अधिकृत र पदिकलाई देहायको कुनै एक वा एकभन्दा बढी विभागीय सजायको आदेश दिन सक्नेछ :

१) नसिहत दिने,

२) चेतावनी दिने,

३) क्षतिपूर्ति नभएसम्म तलबभत्ता रोक्का गर्ने,

४) एक वर्षसम्म बढुवा रोक्का गर्ने,

५) एक वर्षसम्म ज्येष्ठता कट्टा गर्ने ।

(घ) नेपाल सरकारको स्वीकृति लिई प्रधानसेनापति वा कमान्डिङ्ग अधिकृतले तोकेको अन्य अधिकृतले यस ऐनअन्तर्गतको कुनै कसुरको अभियोग लागेको पदिक दर्जाको सैनिकउपर तोकिएको तरिकाले कार्बाही चलाई कसुर गरेको ठहरिएमा हुन गएको क्षतिपूर्ति नभएसम्म निजको तलबभत्ता रोक्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२) उपदफा (१) बमोजिम विभागीय सजायको आदेश दिनुअघि सम्बन्धित अभियुक्तले चाहेमा त्यस्तो कसुरको पुर्पक्ष सैनिक अदालतबाट गराउनका लागि निवेदन दिने अधिकारबाट निजलाई वञ्चित गरिनेछैन ।

१०६. विभागीय सजायको हद :

(१) दफा १०५ को उपदफा (१) को खण्ड (क) बमोजिम विभागीय सजायको आदेश दिँदा सोही खण्डको उपखण्ड (१), (२) र (३) बमोजिम रणभूमि खपिने छैन् ।

(२) दफा १०५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमको सजायमध्ये दुई वा सोभन्दा बढी सजायको दिइएको अवस्थामा उपखण्ड (१) वा (२) बमोजिमको सजाय भुक्तान भएपछि मात्र उपखण्ड (३) वा (४) बमोजिमको सजाय थप हुनेछ ।

(३) दफा १०५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (१), (२) वा (३) बमोजिम एक वा एकभन्दा सजायको आदेश दिइएकोमा त्यस्ता सजायको कूल अवधि पैंतालिस दिनभन्दा बढी हुनेछैन् ।

(४) बिल्लादारभन्दा तल्लो दर्जाको सैनिकलाई दफा १०५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (७) बमोजिमको सजाय दिइनेछैन ।

१०७. सामूहिक जरिवाना :

(१) कुनै गुल्म, स्क्वाड्न, ब्याट्री वा त्यस्तो अरू युनिटको सरसमान (इक्विपमेन्ट) कुनै हातहतियार, गोलीगठ्ठा वा हातहतियारको कुनै पार्टपुर्जा हराए, चोरिएमा त्यस्ता युनिटका सेना, चमु, पृतना वा बाहिनीपतिले कोर्ट अफ इन्क्वायरीको प्रतिवेदन पाएपछि पदिक, हुद्दा, अमल्दार, प्युठ र त्यस युनिटका व्यक्तिहरू सबैलाई वा जवाफदेही हुनुपर्ने भनी आफूले ठहऱ्याएजति व्यक्तिहरूलाई सामूहिक जरिवाना गर्न सक्नेछ ।

(२) जरिवाना लागेका व्यक्तिहरूको तलबबाट दामासाहीले त्यस्तो जरिवाना असुलउपर गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – १२

मुद्दा सदर गर्ने र दोहोऱ्याउने

१०८. जनरल सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने : जनरल सैनिक अदालतबाट भएको ठहर वा सजाय नेपाल सरकारले वा नेपाल सरकारले अधिकार दिएको अधिकारीले सदर गर्न सक्नेछ ।

१०९. समरी जनरल सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने : सैनिक अदालत बोलाउने अधिकृतले वा निजले माथिल्लो तहमा पेस गर्नुभन्ने आदेश दिएमा निजभन्दा माथिका अधिकृतले समरी जनरल सैनिक अदालतबाट भएको ठहर वा सजाय सदर गर्न सक्नेछ ।

११०. डिस्ट्रिक्ट सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने : डिस्ट्रिक्ट सैनिक अदालतबाट भएको ठहर वा सजाय जनरल सैनिक अदालत बोलाउने अधिकारप्राप्त अधिकारी वा निजबाट अधिकारप्राप्त अधिकारीले सदर गर्न सक्नेछ ।

१११. मुद्दा सदर गराउँदा अपनाउनुपर्ने कार्याविधि : दफा १०८, १०९ र ११० बमोजिमको मुद्दा सदर गराउने प्रयोजनका लागि मुद्दा फैसला गर्ने सैनिक अदालतले फैसला भएको मितिले सात दिनभित्र स्पष्ट आधार र कारणसहितको फैसलाको पूर्ण पाठ तयार गरी सदरका लागि सम्बन्धित मिसिल तीस दिनभित्र उपलब्ध गराउनुपर्नेछ । त्यसरी प्राप्त भएको मिसिलका हकमा फैसला सदर गर्ने निकाय वा अधिकारीले त्यस्तो मिसिल प्राप्त भएको मितिले बढीमा तीस दिनभित्र आफ्नो कार्बाहीको टुङ्गो लगाउनुपर्नेछ ।

११२. सर्त तोक्न सक्ने : दफा १०८ वा ११० बमोजिम अधिकार दिने अधिकारीले अधिकार दिँदा आवश्यकताअनुसार सर्त तोक्न सक्नेछ ।

११३. सजाय घटाउन सक्ने : सैनिक अदालतको सजाय सदर गर्ने अधिकारीले दफा ११२ बमोजिम कुनै सर्त तोकिएमा त्यसको अधीनमा रही सैनिक अदालतको सजाय घटाउन वा दफा १०१ मा तोकिएको सजायहरूमध्ये कम सजाय दिन सक्नेछ ।

११४. ठहर वा सजाय दोहोऱ्याउने :

(१) सैनिक अदालतबाट ठहर भएको सजायलाई सो सदर गर्ने अधिकारीले दोहोऱ्याई हेर्न आदेश दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम आदेश भएमा सैनिक अदालतले सो मुद्दामा अरू थप सबुतप्रमाण बुझी मुद्दाको कार्बाही र किनारा गर्न सक्नेछ ।

(३) मुद्दा दोहोऱ्याई हेर्नुपर्दा कुनै अनिवार्य कारणले उपस्थित हुन नसकेमा बाहेक सुरु फैसला गर्ने अधिकृतहरूबाट नै दोहोऱ्याउनुपर्छ ।

(४) उपदफा (३) बमोजिम सुरु फैसला गर्ने अधिकृतहरू उपस्थित हुन नसकेमा सोको कारणसहितको निस्सा मिसिल सामेल राखी सुरु फैसला गर्ने अधिकृतमध्ये उपस्थित हुन नसक्ने सङ्ख्या बराबरका अन्य सदस्यहरू थपी मुद्दाको कार्बाही सुरु गर्नुपर्नेछ ।

११५. समरी सैनिक अदालतको ठहर वा सजाय :

(१) समरी सैनिक अदालतको ठहर वा सजाय सदर गराइरहनुपर्नेछैन । तुरुन्त तामेल गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच वर्षभन्दा कम सेवाअवधि भएका अधिकृतले कार्बाही गरेको रहेछ भने जङ्गी कार्बाहीमा लागेको बखतमा बाहेक बाहिनीपति वा सोभन्दा माथिल्लो अधिकृतको स्वीकृति प्राप्त नगरी सजाय तामेल गर्नु हुँदैन ।

(३) समरी सैनिक अदालतले गरेको ठहर वा सजाय बाहिनी वा पृतनापति वा प्रधानसेनापतिले अधिकार दिएको अधिकृतसमक्ष पेस गर्नुपर्नेछ र त्यस्तो अधिकृतले मुद्दाको वास्ताविक रूप हेरी ठहर वा सजाय बदर गर्न वा घटाउन सक्नेछ ।

११६. ठहर वा सजाय हेरफेर गर्ने :

(१) सैनिक अदालतको सजाय सदर भएको वा सदर गराउनुनपर्ने कुनै ठहर वा सजाय प्रमाणद्वारा समर्थन हुन नसकेमा वा अन्य कुनै कारणबाट मान्न नसकिने भएमा दफा ११३ बमोजिम सजाय घटाउन अधिकार पाएका अधिकारीले नयाँ ठहर वा सजाय गरेमा सोबमोजिम सजाय कार्यान्वयन गर्न सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, त्यस्तो ठहर वा सजायमा सैनिक अदालतले अधिकारक्षेत्रको प्रश्न उठाएमा वा सो ठहर वा सजाय हुने कारणमा सैनिक अदालत सन्तुष्ट हुन नसकेको अवस्थामा बाहेक नयाँ ठहर वा सजाय गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम नयाँ ठहर गरी सजाय दिइएकोमा बाहेक सैनिक अदालतबाट गरिएको र सदर भइसकेको वा सदर गराउनुनपर्ने कुनै सजाय कुनै कारणबाट अमान्य ठहरिन आएमा उपदफा (१) बमोजिमको अधिकारीले सोही उपदफामा उल्लिखित व्यवस्थाको अधीनमा रही आफूले उचित ठहऱ्याएको नयाँ सजाय दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम दिइने सजाय सैनिक अदालतबाट ठहर भएको सजायभन्दा बढी हुने गरी दिइनेछैन ।

(४) यस दफा अन्तर्गत हेरफेर वा ठहर भएको सजाय सैनिक अदालतबाट गरेसरह हुनेछ ।

११७. ठहर वा सदर मान्य नहुने : समरी सैनिक अदालतबाहेक अन्य सैनिक अदालतबाट भएको ठहर वा सजाय अधिकारप्राप्त अधिकारीबाट सदर नभएसम्म मान्य हुनेछैन ।

११८. विभागीय सजायको आदेशउपर पुनः विचार : विभागीय सजायको आदेश गैरकानुनी अन्यायपूर्ण वा बढी देखिनआएमा देहायका अधिकारीले पुनः विचार गरी सो सजाय बदर, हेरफेर वा घटाउने आदेश दिन सक्नेछ :

(क) कमान्डिङ्ग अधिकृतले दिएको सजायका हकमा त्यस्तो कमान्डिङ्ग अधिकृतभन्दा कमान्डमा उच्च भएको जुनसुकै अधिकृत,

(ख) अरू कुनै अधिकारीले दिएको सजायको हकमा नेपाल सरकार, प्रधानसेनापति वा प्रधानसेनापतिबाट तोकिएको अरू अधिकृत ।

११९. सैनिक अदालतको आदेश वा फैसलाउपर पुनरावेदन :

(१) दफा ६८ को खण्ड (क) अन्तर्गत जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतबाट भएको फैसला वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अन्तिम आदेशउपर पुनरावेदन सुन्न देहायको एक सैनिक विशेष अदालत रहनेछ :

(क) न्याय परिषद्को सिफारिसमा नेपाल सरकारले तोकेको पुनरावेदन अदालतको न्यायधीश–अध्यक्ष

(ख) रक्षा मन्त्रालयका सचिव –सदस्य

(ग) प्राड विवाकका प्रमुख –सदस्य

(२) दफा ६८ को खण्ड (क) अन्तर्गत जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले सो फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिनभित्र उपदफा (१) बमोजिमको अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अदालतले दफा ६२ अन्तर्गतका मुद्दाको सुरु कार्बाही र किनारासमेत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको फैसलाउपर पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको अदालतले मुद्दाको सुरु कार्बाही र किनारा तथा पुनरावदेनको कार्बाही र किनारा गर्दा अपनाउनुपर्ने कार्याविधि तोकिएबमोजिम हुनेछ ।

(६) दफा ६८ को खण्ड (ख) र (ग) अन्तर्गतको क्षेत्राधिकारभित्रको कसुरहरूको सम्बन्धमा सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिनभित्र प्राड विवाकमार्फत प्रधानसेनापतिसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम परेको पुनरावेदनको कार्बाही र किनारा गर्नका लागि देहायको एक पुनरावेदन समिति रहनेछ :

(क) प्रधानसेनापतिले तोकेको सहायक रथी –अध्यक्ष

(ख) प्रधानसेनापतिले तोकेको महासेनानी – सदस्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) सम्बन्धित मुद्दाको सैनिक अदालतमा संलग्न नरहेको प्राड विवाकको प्रतिनिधि –सदस्य

(८) उपदफा (७) बमोजिमको समितिले पुनरावेदनको कार्बाही र किनारा गर्दा अपनाउनुपर्ने कार्याविधि तोकिएबमोजिम हुनेछ ।

परिच्छेद – १३

सजायको कार्यान्वयन

१२०. कैद अवधिको गणना :

(१) सैनिक अदालतद्वारा दिइएको कैद सजाय दोहोऱ्याई हेरिएको भए तापनि, नभए तापनि हिरासतमा राखेको भए सो मितिदेखि र नराखेको भए मुद्दाको सुरु कार्बाहीमा अध्यक्षले र समरी सैनिक अदालतका हकमा उक्त अदालतको अधिकृतले हस्ताक्षर गरेको मितिदेखि कैदको अवधि गणना गरिनेछ ।

(२) जङ्गी कार्बाहीमा लागेको बखतमा कसुर गरेको भनी सैनिक अदालतबाट दोषी ठहर भएका व्यक्तिलाई बर्खास्त नगरी कैदको सजाय तोकिएकोमा कुनै कारणले कारागार चलान गर्न नसकिएको अवस्थामा तोकिएको अधिकृतले आफ्नो पदको जिम्मेबारी सम्हाली काम गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमका अवस्थामा गरेको सेवाअवधि कैदमा रहेसरह गणना गरिनेछ ।

१२१. कैद सजायको तामेली :

(१) सैनिक अदालतबाट कैद सजाय पाएको व्यक्तिलाई सजाय सदर गर्ने अधिकृतले वा समरी सैनिक अदालतको हकमा अदालतका अधिकृतले कैदको सजाय भुक्तान गर्न कारागार चलान गर्न आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएपछि सजाय भोग्ने व्यक्तिको कमान्डिङ्ग अधिकृत वा निजले तोकेको अरू

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकृतले थुनुवा पुर्जी साथ त्यस व्यक्तिलाई कारागार चलान गर्नुपर्नेछ ।

(३) कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा सार्दा उम्की, भागी जान वा अरू अवाञ्छित काम गर्न नपाउने गरी मनासिब माफिकको प्रतिबन्ध लगाउन सकिनेछ ।

(४) कारागारमा थुनिएको कैदीको सम्बन्धमा पहिले जारी भएको आदेशको सट्टा नयाँ आदेश जारी भएमा त्यस्तो आदेश दिने अधिकृतले सोही बमोजिमको थुनुवा पुर्जी सम्बन्धित कारागार प्रमुखलाई दिनुपर्नेछ ।

(५) सैनिक अदालतबाट कैदको सजाय पाएको र अन्य कारणले यस ऐनबमोजिम जारी भएको थुनुवा पुर्जी वा अरू कुनै लिखतमा सामान्य त्रुटि भएको वा ढाँचा नमिलेका कारणबाट मात्र कुनै थुनुवालाई गैरकानुनी थुनामा राखेको मानिनेछैन ।

(६) कैदको सजाय झुक्तान गराउन कारागार पठाउने आदेश भएकोमा सोकारागारमा नपठाउँदासम्म अभियुक्तलाई अरू उपयुक्त स्थानमा हिरासतमा राख्न सकिनेछ ।

(७) तीन महिनाभन्दा कम कैदको सजाय भएको अवस्थामा उपदफा (१) बमोजिमको अधिकृतले त्यस्तो सजाय पाएका व्यक्तिलाई सैनिक हिरासतमा राखी सजाय झुक्तान गराउने आदेश दिन सक्नेछ ।

(८) जङ्गी कार्बाहीमा लागेका बखतमा कमान्डिङ्ग अधिकृतले तोकेका ठाउँमा थुनी कैद सजाय झुक्तान गराउन सक्नेछ ।

(९) यस ऐनबमोजिम कैदमा रहेका कैदीलाई कैदमा रहँदा शारीरिक सजाय दिइनेछैन र प्रचलित कानुनले व्यवस्था गरेभन्दा अन्यथा हुने गरी कैद सजाय दिइनेछैन ।

(१०) सैनिक कारागार वा सैनिक हिरासतमा कैद सजाय तामेल हुन नसक्ने अवस्था छ भन्ने सेना, चमु, पृतना वा बाहिनी कमान्ड गर्ने अधिकृतलाई लागेमा अन्य कुनै कारागारमा कैद भुक्तान गराउन आदेश दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१२२. युद्धबन्दी मान्नुपर्ने अवधि : दफा १३१ को प्रयोजनको लागि कुनै व्यक्तिको दफा १२९ मा उल्लेख भएबमोजिम निजको आचरणको जाँचबुझ समाप्त नभएसम्म र जाँचबुझ समाप्त भएपछि आचरणबापत सेवाबाट बर्खास्त भएछ भने बर्खास्त भएको दिनसम्म युद्धबन्दी भइरहेको मानिनेछ ।

१२३. तलबभत्ता कटौती :

(१) सजायको आदेश कार्यान्वयन गर्ने प्रयोजनको लागि देहायबमोजिमको अवस्थामा अधिकृतको तलबभत्ता देहायबमोजिम कट्टा गरिनेछ :

(क) कमान्डिङ्ग अधिकृतलाई दिएको स्पष्टीकरण सन्तोषजनक भई नेपाल सरकारबाट स्वीकृत भएमा बाहेक गयल भएको दिनको तलबभत्ता,

(ख) कुनै सैनिक वा अन्य अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको सजायको आदेशबमोजिम हिरासतमा रहेको वा ड्युटीबाट निलम्बन भएको बेलाको तलबभत्ता,

(ग) गैरकानुनी रूपमा कसैको तलब रोकेको वा दिन इन्कार गरेकोमा दिनुपर्ने ठहरिन आएको रकम,

(घ) सैनिक अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सजायको आदेश दिँदा हुन गएको खर्च पूर्ति गर्न चाहिने रकम,

(ङ) सैनिक अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको सजायको आदेशबमोजिम जफत गर्ने वा रोक्ने भनी आदेश दिएको सबै तलबभत्ता,

(च) सैनिक अदालत वा दफा ६६ बमोजिम अन्य कुनै अदालतबाट गरिएको जरिवाना बापतको रकम,

(छ) कुनै अधिकृतको लापर्वाही वा गल्तीले नेपाल सरकार वा नेपाली सेनाको निजी सम्पत्ति चोरी वा हानिनोक्सानी भएको भनी रीतपूर्वकको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तहकिकातबाट देखिन आएमा त्यस्तो सम्पत्ति पूर्ति गर्न चाहिने रकम,

(ज) कुनै अधिकृत शत्रुसँग मिल्न गएको वा शत्रुको कब्जामा रहेको बेलामा शत्रुको सेवा गरी बसेको वा शत्रुको आदेशअन्तर्गत वा अरू तवरले शत्रुलाई सहायता गरेको वा अघिबाटै उचित सावधानी नगरी जानीजानी आपनो कर्तव्य पालनमा लापर्बाही गरी शत्रुको कैदी भएको वा शत्रुको कैदी भएपछि पनि फिर्ता आउन सक्ने अवस्था हुँदाहुँदै आफ्नो पक्षमा नआएको भन्ने प्रधानसेनापतिले खडा गरेको कोर्ट अफ इन्क्वायरीबाट ठहर भई नेपाल सरकारको आदेशले जफत भएको सबै तलबभत्ता रकम,

(झ) आफ्नो पत्नी र छोरा छोरीको पालनपोषणका लागि नेपाल सरकारको आदेशले दिनुपर्ने रकम वा त्यस्ता छोराछोरीको पालनपोषणका लागि नेपाल सरकारले दिइराखेको रकम,

(२) उपदफा (१) को व्यवस्थाको अधीनमा रही यस ऐनको क्षेत्राधिकारभित्र पर्ने अधिकृतबाहेक अरू व्यक्तिको तलबभत्ता रकमबाट देहायबमोजिम कटौती गर्न सकिनेछ :

(क) गयल वा भगुवा युद्धबन्दी भए वा सैनिक वा अन्य अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकृतले कैद गरेबापत वा सैनिक अदालत वा त्यस्तो अधिकृतले रणभूमि सजाय गरेबापत गयल भएको प्रत्येक दिनको तलबभत्ता र कुनै अभियोगमा थुनिएकोमा पछि सैनिक अदालत वा अन्य अदालतबाट दोषी सावित भई त्यस्तो थुनामा रहेको अवधिको प्रत्येक दिनको तलबभत्ता रकम,

(ख) सैनिक वा अन्य अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दोषी ठहराएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कसुरको अभियोगमा अघि हिरासतमा भएको वा निलम्बन भएको बखतको तलबभत्ता रकम,

(ग) यस ऐनअन्तर्गत कसुर ठहरिने काम गरेबाट बिरामी भएको भनी चिकित्सकले परीक्षण गरी प्रमाणपत्र दिएमा त्यसरी बिरामी भई अस्पताल बसेको प्रत्येक दिनको तलबभत्ता रकम,

(घ) दुराचार वा लापर्बाहीबाट बिरामी हुन गएको भनी चिकित्सकले परीक्षण गरी प्रमाणपत्र दिएमा त्यसरी बिरामी भई अस्पतालमा बसेको प्रत्येक दिनको नेपाल सरकारले तोकेका वा नेपाल सरकारद्वारा अधिकारप्राप्त कुनै अधिकृतले तोकेको रकम,

(ङ) सैनिक अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीबाट जफत गर्ने वा रोक्ने भनी आदेश भएको तलबभत्ता रकम,

(च) शत्रुले युद्धबन्दीको रूपमा राखेको वा शत्रुको कब्जामा रहेका बखत आपनो आचरणका कारण सेवाबाट बरखास्त गरिएको मितिले शत्रुबाट छुटाइएको मितिसम्मको प्रत्येक दिनको तलबभत्ता रकम,

(छ) नेपाल सरकारको कुनै घर वा सम्पत्तिको हानिनोक्सानी वा नास गरे हराए वा अनावश्यक रूपमा कुनै खर्च गराएको भनी आफ्नो कमान्डिङ्ग अधिकृतले ठहऱ्याएमा त्यस्तो पूर्ति गर्न चाहिने रकम,

(ज) सैनिक अदालत वा अन्य अदालत वा दफा ६६, १०५ वा १०७ बमोजिम अधिकार प्रयोग गर्ने कुनै अधिकारीबाट गरिएको जरिवाना तिर्न चाहिने रकम,

(झ) आफ्नो पत्नी र छोराछोरीको पालनपोषणका लागि नेपाल सरकारको आदेशले दिनुपर्ने रकम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वा त्यस्ता छोराछोरीको पालनपोषणका लागि नेपाल सरकारले दिइराखेको रकम ।

१२४. गयल वा हिरासतमा परेको समयको गणना : दफा १२३ को उपदफा (२) को खण्ड (क) को प्रयोजनाका लागि :

(क) एक दिन वा एकभन्दा बढी दिन गरी लगातार ६ घण्टाभन्दा कम गयल भएमा वा हिरासतमा परेमा गयल भएको वा हिरासतमा परेको मानिनेछैन ।

(ख) एक दिनभन्दा कम्ती गयल भएको वा हिरासतमा परेको कारणबाट कुनै सैनिकले पूरा समय काम गर्न नपाई अरू कसैलाई सो काममा लगाइएमा त्यसरी एक दिनभन्दा कम गयल वा हिरासतमा परेकोलाई एक दिन गयल भएको वा हिरासतमा परेको मानिनेछ ।

(ग) कुनै दिन लगातार बाह्र घण्टा वा बढी गयल भएको वा हिरासतमा परेको भए त्यस्तो समय जति भए तापनि एक दिनमात्र गयल भएको वा हिरासतमा परेको मानिनेछ ।

(घ) मध्य रात अगाडिदेखि गयल भई वा हिरासतमा रही मध्य रातपछि सो गयल वा हिरासत अन्त भएमा पूरा एक दिनको अवधि मानिनेछ ।

१२५. मुद्दा पुर्पक्ष हुँदाको तलबभत्ता : कुनै अभियोग लागी हिरासतमा रहेको वा निलम्बन भएको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको हकमा तोकिएको अधिकृतले दफा १२३ को उपदफा (१) को खण्ड (ख) र उपदफा (२) को खण्ड (ख) को कार्यान्वयनका लागि मुद्दा किनारा नलागेसम्म निजको तलबभत्ता रोक्का राख्न निर्देशन दिन सक्नेछ ।

१२६. कटौतीको हक : बर्खासीको सजाय भएकामा बाहेक दफा १२३ को उपदफा (२) को खण्ड (घ), (च), (छ) र (ज) सम्ममा लेखिएका कुराहरूबाट तलबभत्तामा हुने कटौती सम्बन्धित व्यक्तिले पाउने कुनै पनि महिनाको तलबभत्ताको आधाभन्दा बढी हुनेछैन ।

१२७. सञ्चयकोष, निवृत्तभरणबाहेक अरू रकमबाट कट्टा हुने : यस ऐनबमोजिम कुनै व्यक्तिको तलबभत्ताबाट कट्टा हुनेजति रकम असुलउपर गर्ने कुनै अर्को तरिकामा प्रतिकूल प्रभाव नपारी सञ्चयकोष र निवृत्तभरणबाट बाहेक सो व्यक्तिले पाउने अरू रकमबाट कट्टा हुन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१२८. सरकारी बाँकीसरह असुलउपर गरिने : यस ऐनबमोजिम अदालती कार्बाही गर्दा लागेको जरिवाना असुलउपर गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई लेखिपठाउन सकिनेछ । त्यसरी लेखिआएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रचलित नेपाल कानुनबमोजिम सरकारी बाँकीसरह असुलउपर गरी सम्बन्धित विभागमा पठाउनुपर्नेछ ।

१२९. चालचलनबारे जाँचबुझ हुँदासम्म युद्धबन्दीको तलबभत्ता : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति युद्धबन्दी हुँदा वा शत्रुको कब्जामा भएको बखत यो ऐन वा अरू ऐनअन्तर्गत चाल चलन बारे जाँचबुझ गर्नुपर्दा प्रधानसेनापति वा निजबाट अधिकारप्राप्त कुनै अधिकृतले त्यस्तो जाँचबुझको परिणाम थाहा नहुँदासम्म निजको पुरै वा आंशिक तलबभत्ता रोक्न आदेश दिन सक्नेछ ।

१३०. कटौतीहरू माफी दिने : यस ऐनबमोजिम तलबभत्तामा हुने कटौती तोकिएबमोजिमको मात्रामा माफी दिन सकिनेछ ।

१३१. माफी भएको कटौतीबाट युद्धबन्दीको आश्रितहरूको व्यवस्था :

(१) युद्धबन्दी भएको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिको तलबभत्ता दफा १२३ को उपदफा (१) को खण्ड (ज) र उपदफा (२) को खण्ड (क) बमोजिम जफत भएको तर दफा १३० बमोजिम माफी भएको रहेछ भने तोकिएका अधिकारीहरूले त्यस्ता व्यक्तिका आश्रितहरूलाई सो तलबभत्तामध्येबाट रासन र अरू आवश्यक कुराको व्यवस्था मिलाइदिनुपर्नेछ । त्यस्तो व्यवस्था मिलाइएकोमा बाँकी रहने रकममात्र माफी भएको मानिनेछ ।

(२) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति युद्धबन्दी भएको रहेछ वा जङ्गी कार्बाहीमा हराएको रहेछ भने तोकिएबमोजिम निजको तलबभत्ताबाट निजका आश्रितहरूका निमित्त उपयुक्त रासन र अन्य कुराको व्यवस्था मिलाइनेछ ।

१३२. नेपालबाहिर रहेका अवस्थामा सजायको कार्यान्वयन :

(१) यस ऐनबमोजिम सजाय पाएको व्यक्ति नेपाल राज्यबाहिर रहेको अवस्थामा निज रहेकै मुलुकमा वा नेपाल ल्याई सजायको कार्यान्वयन गर्न सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) नेपाली सेनामा कार्यरत कुनै व्यक्ति नेपाल राज्यबाहिर बसेको समयमा सेवाबाट मुक्त हुने भएमा वा मुक्त भएपछि निजलाई नेपाल झिकाउन सकिनेछ ।

परिच्छेद – १४

विविध

१३३. हातहतियार, खरखजाना तथा अन्य सैन्य सामग्रीको नियन्त्रण तथा जिम्मेबारी

(१) नेपाल सरकारले तोकेको व्यवस्थाका अधीनमा रही नेपाली सेनाको हातहतियार, खरखजना तथा अन्य सैन्य सरसामग्रीको नियन्त्रणको जिम्मा प्रधानसेनापतिमा रहनेछ ।

(२) नेपाली सेनाका लागि हातहतियार, खरखजाना तथा अन्य सैन्य सरसमाग्री खरिद गर्न आवश्यक परेमा प्रधानसेनापतिले त्यसको पुष्टचाइँसहितको विवरण रक्षा मन्त्रालयमा प्रस्तुत गर्नुपर्नेछ । त्यसरी प्राप्त विवरणका सम्बन्धमा नीतिगत निर्णयका लागि मन्त्रिपरिषद्मा सिफारिस गर्न राष्ट्रिय सुरक्षा परिषद्मा पेस गर्नुपर्नेछ ।

(३) प्रधानसेनापतिले आफ्नो जिम्मामा रहेको नेपाली सेनाको हातहतियार खरखजाना तथा अन्य सैन्यसामग्री प्रचलित कानुन तथा नेपाल सरकारले दिएको निर्देशनबमोजिम आफ्नो नियन्त्रण तथा जिम्मेबारीमा नेपाली सेनाको कुनै अङ्गलाई उपलब्ध गराउने आदेश दिन सक्नेछ ।

(४) प्रधानसेनापतिले नेपाली सेनाको हातहतियार, खरखजाना तथा अन्य सैन्य सरसामग्री नेपाल सरकारको स्वीकृति लिई नेपाली सेनाका अङ्गबाहेक अन्य निकायलाई हस्तान्तरण गर्न वा बालगिरीमा दिन सक्नेछ ।

(५) प्रधानसेनापतिले नेपाली सेनाको हातहतियार, खरखजाना तथा अन्य सैन्य सरसामग्रीको अद्यावधिक विवरण प्रत्येक ६/६ महिनामा रक्षामन्त्रालयमा पेस गर्नुपर्नेछ र सोबाहेक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

रक्षामन्त्रालयले माग गरेको समयमा त्यसको अद्यावधिक विवरण पेस गर्ने कर्तव्य प्रधानसेनापतिको हुनेछ ।

(६) सेनाको काम र तालिमका लागि खर्च भएको हातहतियार खरखजाना मिन्हा दिने अधिकार प्रधानसेनापतिलाई हुनेछ र सोबाहेक अन्य काममा खर्च भएको हातहतियार तथा खरखजाना मिन्हा दिने अधिकार रक्षामन्त्रालयलाई हुनेछ ।

१३४. प्रधानसेनापतिको पारिश्रमिक तथा सुविधा :

(१) प्रधानसेनापतिको मासिक पारिश्रमिक नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(२) नेपाल सरकारले प्रधानसेनापतिको मासिक पारिश्रमिकबाट सयकडा दसका दरले सञ्चयकोष कट्टा गरी सो कट्टा रकममा शतप्रतिशत थप गरी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।

(३) काठमाडौँ उपत्यकाभित्र उपयुक्त घर नहुने प्रधानसेनापतिलाई आवासको लागि नेपाल सरकारको तर्फबाट उपयुक्त घरको बन्दोबस्त हुनेछ ।

(४) प्रधानसेनापतिलाई नेपाल सरकारको तर्फबाट सवारी साधन उपलब्ध गराइनेछ ।

(५) प्रधानसेनापतिले सेवाबाट अवकाश प्राप्त गरेपछि नेपाली सेनाको निवृत्तभरणसम्बन्धी प्रचलित नियमअनुसार निवृत्तभरण पाउनेछ ।

(६) प्रधानसेनापतिको एकाघरसँगको परिवारलाई देहायबमोजिमको पारिवारिक निवृत्तभरण दिइनेछ :

(क) प्रधानसेनापति आफ्नो पदमा छँदै मृत्यु भएमा नेपाल सरकारले तोकेबमोजिमको एकमुष्ट रकम,

(ख) उपदफा (५) बमोजिम निवृत्तभरण पाउन थालेको नौ वर्ष नपुग्दै निजको मृत्यु भएमा नौ वर्ष पुग्न जति अवधि बाँकी रहन्छ त्यति अवधिसम्म सोही बमोजिमको रकम ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(७) उपदफा (५) र (६) मा जनुसुकै कुरा लेखिएको भए तापनि कायममुकायम प्रधानसेनापति भई कार्यभार सम्हालेको अवधिको निवृत्तभरण वा पारिवारिक निवृत्तभरण दिइनेछैन ।

(८) प्रधानसेनापतिले प्रत्येक वर्ष पूरा पारिश्रमिकसहित देहायबमोजिमको बिदा पाउनेछ :

(क) भैपरी आउने बिदा बीस दिन,

(ख) घर बिदा पैंतालीस दिन,

(ग) बिरामी बिदा पन्ध्र दिन ।

(९) भैपरी आउने बिदा सोही वर्ष उपयोग नभएमा अर्को वर्ष सञ्चित हुनेछैन । घर बिदा अधिकतम पैंतालीस दिनसम्म र बिरामी बिदा सेवाअवधिभरको सञ्चित रहनेछ । प्रधानसेनापतिले अवकाश प्राप्त गर्दा सञ्चित रहेको घर बिदा र बिरामी बिदा बापतको रकम प्राप्त गर्नेछ ।

(१०) प्रधानसेनापतिले भैपरी आउने बिदा आफैं लिन सक्नेछ र घर बिदा तथा बिरामी बिदा रक्षामन्त्रीबाट स्वीकृत गराउनुपर्नेछ ।

(११) नेपाल सरकारले बिदा भुक्तान नहुँदै प्रधानसेनापतिलाई काममा फिर्ता बोलाउन सक्नेछ ।

१३५. जङ्गी कार्बाहीमा लागेको घोषणा : नेपाल सरकारले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने जुनसुकै व्यक्ति वा व्यक्ति वा व्यक्तिहरूको बललाई जहाँसुकै काम गरिरहेको भए तापनि वा अरू कुनै ऐन लागु भइरहेको भए तापनि जङ्गी कार्बाहीमा लागेको भनी घोषणा गर्न सक्नेछ ।

१३६. सैनिक कारागार : नेपाल सरकारले आफ्नो अधीनमा रहेको मानवोचित भौतिक सुविधाहरू भएको कुनै घर वा घरको कुनै भागलाई सैनिक अदालतबाट कैद सजाय पाएका व्यक्तिलाई थुनामा राख्नको निमित्त सैनिक कारागार भनी तोक्न सक्नेछ ।

१३७. कुनै बलमा यस ऐनको प्रयोग :

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास कामको निमित्त छुट्टै बल गठन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा त्यसरी गठित बललाई नेपाल सरकारले यस ऐनका सबै वा केही दफाहरू रूपान्तर गरी वा नगरी लागु गर्न वा कुनै दफालाई केही समयसम्मको निमित्त स्थगन गर्ने गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा आवश्यक सर्तसमेत तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको व्यक्तिहरूको हकमा समेत लागु गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको बलमा नेपाल सरकारले नेपाली सेनामा कार्यरत विभिन्न दर्जाका सैनिकलाई समेत खटाउन सक्नेछ ।

१३८. विशेष अवस्थामा अधिकार प्रयोग गर्ने अधिकृतहरू :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिहरूले नेपाली सेनाको कुनै एकाइमा रहने सङ्ख्याभन्दा बढी सङ्ख्या भएको कुनै सैनिक सङ्गठनका कमान्डिङ्ग अधिकृतको अधीन काम गरिरहेको बखत त्यस्तो व्यक्तिहरूउपर कमान्डिङ्ग अधिकृतको अधिकार प्रयोग गर्ने गरी नेपाल सरकारले यस ऐनअन्तर्गत सेना, चमु, पृतना तथा बाहिनीको अधिकृतलाई निमित्त मुकर्रर गर्न सक्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम मुकरर गर्दा यस ऐनअन्तर्गत सबै वा केही अधिकार, सीमा, अपवाद र सर्तहरू तोक्न सक्नेछ ।

१३९. श्रेणी विभाजन तथा समावेश :

(१) नेपाल सरकारले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने दफा ३ बमोजिमको कुनै व्यक्ति वा व्यक्तिहरूको बललाई अधिकृत, पदिक वा बिल्लादार श्रेणीमा विभाजन गर्न र कुनै व्यक्तिलाई त्यसरी विभाजित श्रेणीमा समावेश गर्न र पहिले श्रेणीमा विभाजित भएकोमा बदर गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति अधिकृत, पदिक वा बिल्लादार श्रेणीमा विभाजन नगरिएको भए निज बिल्लादारभन्दा मुनिको मानिनेछ ।

१४०. जाँचबुझ आयोग गठन गर्न सक्ने :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिसमेत संलग्न भएको कुनै सार्वजनिक सरोकारका विषयमा जाँचबुझ गरी प्रतिवेदन पेस गर्न नेपाल सरकारले जाँचबुझ आयोग ऐन २०२६ बमोजिम जाँचबुझ आयोग गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने जाँचबुझ आयोगको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था सोही ऐनमा लेखिएबमोजिम हुनेछ ।

१४१. अधिकार प्रत्यायोजन गर्न सक्ने :

(१) नेपाल सरकारले यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकार प्रधानसेनापति तथा मातहतका निकाय वा अधिकारी वा अन्य सरकारी निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) नेपाल सरकारले विशेष परिस्थितिमा प्रचलित कानुनबमोजिम आफू वा कुनै निकाय वा अधिकारीमा निहित अख्तियार आवश्यकताअनुसार प्रधानसेनापति र निजमातहतका एकाइलाई सुम्पन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सुम्पिएको अख्तियार सुम्पिएकै अवस्थामा नेपाल सरकार वा सम्बद्ध निकाय वा अधिकारी आफैंले प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिनेछैन ।

(४) यस ऐन तथा प्रचलित कानुनबमोजिम प्रधानसेनापतिले आफूलाई प्राप्त अधिकार आफ्नो उत्तरदायित्वमा मातहतका निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१४२. निर्देशन दिन सक्ने :

(१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्नगराउन प्रधानसेनापतिलाई आवश्यकताअनुसार निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशन कार्यान्वयन गर्नुगराउनु प्रधानसेनापतिको कर्तव्य हुनेछ ।

१४३. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ :

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सेनासम्बन्धी देहायका विषयहरूमा नियमहरू बनाउन सकिनेछ :

(क) नियुक्ति, बिदा, बढुवा, दर्जा घटाउने, अवकाश, बर्खास्त तथा सेवाका अन्य सर्तसम्बन्धी विषयमा,

(ख) उन्मुक्ति र सुविधासम्बन्धी विषयमा,

(ग) कल्याणकारी कोष सञ्चालनसम्बन्धी विषयमा,

(घ) कसुरको अनुसन्धान, तहकिकात, अभियुक्तलाई हिरासतमा राख्ने र मुद्दा दायरसम्बन्धी विषयमा,

(ङ) सैनिक अदालतको गठन, विघटन, स्थगन, चालु गर्ने, अधिकारक्षेत्र, कार्याविधि, मुद्दा सदर गर्ने र दोहोऱ्याउने, ठहर वा सजाय कार्यान्वयनसम्बन्धी विषयमा,

(च) रणभूमि सजायको किसिम निर्धारणसम्बन्धी विषयमा,

(छ) कोर्ट अफ इन्क्वायरीको गठन, कार्याविधि, त्यस्तो कोर्टले शपथ गराउने तरिका र साक्षीप्रमाणको अभिलेखसम्बन्धी विषयमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ज) आश्रित व्यक्तिलाई सहायताको बन्दोबस्त र त्यसको कार्यान्वयनसम्बन्धी विषयमा,

झ) बेकम्मा वा वेचल्तीका सामानहरू मिन्हा र रद्दीसम्बन्धी विषयमा,

(ञ) भगुवाको तलब, भत्ता र अरू रकमको व्यवस्थासम्बन्धी विषयमा,

(ट) सैनिक कारागारहरूको प्रशासन, रेखदेख, व्यवस्थापन कारागार अधिकृतको सेवाका सर्तसम्बन्धी विषयमा,

(ठ) कैदीहरूको सुरक्षा, अनुशासन, विशेष परिश्रम, उनीहरूलाई काममा लगाउने, कसुरबापत सजाय र सजाय माफीसम्बन्धी विषयमा,

(ड) हातहतियार, खरखजाना तथा अन्य सैन्य सरसामग्रीको अरन, खटनपटन, हस्तेवारी दिने, मिन्हा र रद्दीसम्बन्धी विषयमा,

(ढ) इन्टेलिजेन्स काममा खर्च भएको रकम, रिभल्भिङ फन्डबाट खर्च भएको रकम तथा भैपरी आउने कामका लागि भएको खर्च रकम मिन्हासम्बन्धी विषयमा,

(ण) मनोरञ्जन अनुदानसम्बन्धी विषयमा,

(त) भगुवाउपर कार्बाही सम्बन्धी विषयमा,

(थ) सैनिक अस्पतालको व्यवस्थासम्बन्धी विषयमा,

(द) सैनिक चन्दा र पुरस्कारसम्बन्धी विषयमा,

(ध) प्राड विवाक नियुक्तिसम्बन्धी विषयमा,

(न) हवाई परिवहन तथा विमान सम्भार समूहसम्बन्धी विषयमा,

(प) प्यारासुट फोल्डर महिलासम्बन्धी विषयमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(फ) रक्षा, आर्थिक कार्याविधि तथा दैनिक तथा भ्रमण भत्तासम्बन्धी विषयमा,

(ब) उपदान, निवृत्तभरण र अन्य सुविधासम्बन्धी विषयमा,

(भ) अल्प सेवासम्बन्धी विषयमा,

(म) सैनिक उपचारिकासम्बन्धी विषयमा,

(य) लेखा समूहसम्बन्धी विषयमा,

(र) सैनिक प्रहरीसम्बन्धी विषयमा,

(ल) सैनिक प्राविधिज्ञसम्बन्धी विषयमा,

(व) भूतपूर्व सैनिक नियुक्तिसम्बन्धी विषयमा ।

१४४. खारेजी र बचाउ :

(१) देहायका ऐनहरू खारेज गरिएका छन् :

(क) सेवासम्बन्धी अख्तियार सुम्पने ऐन, २०१५,

(ख) सैनिक ऐन, २०१६

(ग) प्रधानसेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवासर्त ऐन, २०२६ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाली सेनामा बहाल रहेका सबै दर्जाका व्यक्ति यस ऐनबमोजिम नेपाली सेनाको तत् तत् पद तथा दर्जामा कायम रहेको मानिनेछ र निजहरू सेनासम्बन्धी प्रचलित कानुनले तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

(३) उपदफा (१) बमोजिमका ऐनबमोजिम भएगरेका कामकार्बाही यसै ऐनबमोजिम भएगरेको मानिनेछ ।

१४५. रूपान्तर : प्रचलित कानुनमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छ:

(क) 'शाही नेपाली' सेना को सट्टा नेपाली सेना,

(ख) 'श्री ५ को सशस्त्र सेना' को सट्टा नेपाली सेना ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – १

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

सेनामा रहने पदहरू

(क) महारथी

(ख) रथी

(ग) उपरथी

(घ) सहायक रथी

(ङ) महासेनानी

(च) प्रमुख सेनानी

(छ) सेनानी

(ज) सहसेनानी

(झ) उपसेनानी

(ञ) सहायक सेनानी

(ट) प्रमुख सुवेदार

(ठ) सुवेदार

(ड) जमदार

(ढ) हुद्दा

(ण) अमल्दार

(त) प्युठ

(थ) सिपाही

(द) फलोअर्स

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – २

(दफा ९ को उपदफा (२) र दफा १६ सँग सम्बन्धित)

शपथको ढाँचा

म ..... ईश्वरको नाममा शपथ लिन्छु/सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने भनी जनताद्वारा जनआन्दोलनमार्फत अभिव्यक्त भावनालाई उच्चसम्मान गर्दै नेपाल राज्यको सम्पूर्ण अधिकार सार्वभौमसत्ता सम्पन्न प्रतिनिधिसभाले नै प्रयोग गर्ने गरी प्रतिनिधिसभाबाट २०६३ जेष्ठ ४ गते पारित प्रतिनिधिसभाको घोषणा,२०६३ प्रति पूर्ण बफादार रही नेपाली सेनाको ..... पदको कामकाज प्रचलित कानुनका अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाका सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्नेछैन ।

मिति :.....

नाम :.....

सही :.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

नेपाली सेनामा कार्यरत व्यक्तिहरूको उमेरको हद

साधारण तर्फ

(क)	महारथी	६१ वर्ष
(ख)	रथी	५८ वर्ष
(ग)	उपरथी	५७ वर्ष
(घ)	सहायक रथी	५६ वर्ष
(ङ)	महासेनानी	५६ वर्ष
(च)	प्रमुख सेनानी	५४ वर्ष
(छ)	सेनानी	५३ वर्ष
(ज)	सहसेनानी	५२ वर्ष
(झ)	उपसेनानी	५१ वर्ष
(ञ)	सहायक सेनानी	५० वर्ष

प्राविधिक तर्फ :

(क)	उपरथी	५८ वर्ष
(ख)	सहायक रथी	५८ वर्ष
(ग)	महासेनानी	५७ वर्ष
(घ)	प्रमुख सेनानी	५६ वर्ष
(ङ)	सहायक सेनानीदेखि सेनानीसम्म	५५ वर्ष

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ४

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

नेपाली सेनाका अधिकृतहरूको पदावधि

साधारण तर्फ :

(क)	रथी	२ वर्ष
(ख)	उपरथी	३ वर्ष
(ग)	सहायक रथी	४ वर्ष
(घ)	महासेनानी	५ वर्ष
(ङ)	प्रमुख सेनानी	५ वर्ष
(च)	सेनानी (अधिकृत सेवाको कुल अवधि)	२० वर्ष

प्राविधिक तर्फ:

(क)	उपरथी	३ वर्ष
(ख)	सहायक रथी	४ वर्ष
(ग)	महासेनानी	५ वर्ष
(घ)	प्रमुख सेनानी	५ वर्ष

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ५

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

नेपाली सेनाका अधिकृतहरूको थप हुन सक्ने पदावधि

साधारण तर्फ :

(क)	रथी	एक वर्षको एक अवधि
(ख)	उपरथी	दुई वर्षको एक अवधि
(ग)	सहायक रथी	तीन वर्षको एक अवधि
(घ)	महासेनानी	दुई वर्षको एक अवधि
(ङ)	प्रमुख सेनानी	तीन वर्षको एक अवधि
(च)	सेनानी	एक पटकमा पाँच वर्षको एक अवधि र अर्कोपटक तीन वर्षको अवधि गरी जम्मा आठ वर्ष,

प्राविधिक तर्फ:

(क)	उपरथी	दुई वर्षको एक अवधि
(ख)	सहायक रथी	तीन वर्षको एक अवधि
(ग)	महासेनानी र प्रमुख सेनानी	तीन वर्षको एक अवधि

द्रष्टव्य : प्रथम पदावधिबाट अवकाश हुने प्रमुख सेनानीलाई सेवाअवधि थप गरी निवृत्तभरण दिइनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सैनिक प्रहरी सम्बन्धी नियमावली, २०५८

राजपत्रमा प्रकाशित मिति

२०५८।६।१५

सैनिक प्रहरी सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६० २०६०।७।२४

सैनिक ऐन, २०१६ को दफा ९६ को प्रयोजनका लागि सोही ऐनको दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "सैनिक प्रहरीसम्बन्धी नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले ***सैनिक ऐन, २०१६*** सम्झनुपर्छ ।

(ख) "प्रभोस्ट मार्सल" भन्नाले नियम ३ को उपनियम (१) बमोजिम नियुक्त नेपाली जङ्गी अड्डाअन्तर्गतको केन्द्रीय सैनिक प्रहरी गुल्मको पति सम्झनुपर्छ ।

(ग) "सैनिक प्रहरी" भन्नाले प्रभोस्ट मार्सलको मातहतमा रही काम गर्ने सैनिक अधिकृतदेखि जवानसम्म सम्झनुपर्छ र यो शब्दले प्रभोस्ट मार्सलसमेतलाई जनाउनेछ ।

३. प्रभोस्ट मार्सल :

(१) प्रधानसेनापतिले नेपाली जङ्गी अड्डाअन्तर्गत रहेको केन्द्रीय सैनिक प्रहरी गुल्मको पतिका रूपमा प्रभोस्ट मार्सलको नियुक्ति गर्न सक्नेछ ।

(२) प्रभोस्ट मार्सलले कार्यरथी विभागको विभागीय प्रमुखको नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४. सैनिक प्रहरी पदपूर्ति :

(१) नेपाली जङ्गी अड्डाअन्तर्गतको केन्द्रीय सैनिक प्रहरी गुल्मको सैनिक प्रहरीको दरबन्दीमा पदपूर्ति गर्दा पुरुष सैनिक प्रहरीतर्फ अन्य युनिटबाट सरुवा गरी र सैनिक प्रहरीको सिपाही पदमा महिलालाई भर्ना गर्दा खुल्ला प्रतिस्पर्धाको आधारमा पदपूर्ति गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सरुवा गरी पदपूर्ति गरिने पुरुष सैनिक प्रहरीको योग्यता देहायबमोजिम हुनुपर्नेछ :

(क) एस.एल.सीं वा आर्मी फस्ट क्लास पास,

(ख) ५ फिट ५ इच्च उचाइ भएको ।

(३) उपनियम (१) बमोजिम खुल्ला प्रतिपस्पर्धाको आधारमा नै पदपूर्ति गरिने व्यक्तिको योग्यता देहायबमोजिम हुनुपर्नेछ :

(क) नेपाली नागरिक भएको,

(ख) एस. एल. सी. वा सोसरह उत्तीर्ण भएको,

(ग) घटीमा ५ फिट २ इन्च उचाइ भएको,

(घ) दर्खास्त दिने अन्तिम दिनसम्मम १८ वर्ष उमेर पूरा गरी २२ वर्ष ननाँघेको,

(ङ) मेडिकल जाँचबाट योग्य ठहरिएको,

(च) सक्रिय राजनीतिमा नलागेको,

(छ) अङ्ग्रेजी लेखपढ गर्न सक्ने,

(ज) अविवाहित वा एकल महिला भएको

(४) महिला सैनिक प्रहरीमा नियुक्ति पाउने व्यक्तिले सैनिक प्रहरी आधार तालिमको अवधिभर विवाह गर्न पाउनेछैन ।

४क. भर्ना समिति : नियम ४ को उपनियम (१) बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सिपाही पदमा भर्ना हुन चाहने महिला उम्मेदवारको छानविन तथा नियुक्ति गर्न देहायबमोजिमको भर्ना समिति गठन हुनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) कार्यरथी वा निजले खटाएको अधिकृत –अध्यक्ष

(ख) कार्यरथी विभाग (सङ्गठन र सञ्चाल) का अधिकृत–सदस्य

(ग) केन्द्रीय सैनिक प्रहरी पति –सदस्य

(घ) नेपाली सैनिक अभिलेखालयका अधिकृत –सदस्य

(ङ) कार्यरथी विभाग (भर्ना छनौट) का मुख्य अधिकृत वा निजले तोकेको अधिकृत –सदस्यसचिव

४ख. महिला सैनिक प्रहरीमा पदोन्नति :

(१) सैनिक प्रहरीमा कार्यरत महिला सैनिक प्रहरीलाई अधिकृतमा पदोन्नतिका लागि सिफारिस गर्न देहायबमोजिमको प्रवर समिति गठन हुनेछ :

(क) कार्यरथी वा निजले खटाएको अधिकृत –अध्यक्ष

(ख) सैनिक सचिव वा निजको अनुपस्थितिमा निजले तोकेको अधिकृत –सदस्य

(ग) केन्द्रीय सैनिक प्रहरी पति – सदस्य

(घ) केन्द्रीय सैनिक प्रहरीका अधिकृत प्रतिनिधि –सदस्य

(ङ) कार्यरथी विभाग (भर्ना छनौट) मुख्य अधिकृत वा निजले तोकेको अधिकृत –सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको प्रवर समितिले निम्न योग्यता पुगेका सैनिक प्रहरीमा कार्यरत पदिक महिला सैनिक प्रहरीलाई पदोन्नतिका लागि छनौट गरी पदिक अधिकृत आधार तालिममा सरिक गराई उत्तीर्ण भएपछि नियम ४.घ बमोजिम आयुक्त पदको लागि सिफारिस गर्नेछ ।

(क) पदिक दर्जामा पाँच वर्ष सेवा गरी आवश्यक तालिम पूरा गरेको,

(ख) प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरी पदिक दर्जामा दुई वर्ष सेवा गरेको ।

४ग. महिला सैनिक प्रहरी अधिकृतको नियुक्ति : नियम ४ख. बमोजिमको प्रवर समितिले सिफारिस गरेको सैनिक प्रहरीमा कार्यरत महिला सैनिक प्रहरीलाई

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आयुक्त पदमा नियुक्ति गर्न प्रधानसेनापतिले राष्ट्रपतिको स्वीकृतिका निम्ति नेपाल सरकार, रक्षामन्त्रालयमा पेस गर्नुपर्नेछ र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

४घ. पदिक तथा हुद्दा अधिकृत क्याडेट छनौट : सैनिक प्रहरीमा कार्यरत महिला सैनिक प्रहरीको पदिक तथा हुद्दा अधिकृत क्याडेट छनौट नेपाली सेनाको प्रचलित कानुनबमोजिम हुनेछ ।

५. सैनिक सवारी साधन र चालकउपर नियन्त्रण गर्न सक्ने :

(१) सैनिक सवारी चालकले देहायको कार्य गरेको पाइएको सैनिक प्रहरी सैनिक सवारी साधनउपर नियन्त्रण गर्न सक्नेछ :

(क) सवारी चालक अनुमतिपत्र वा आफ्नो परिचयपत्र नलिई सवारी साधन चलाएमा,

(ख) मादक पदार्थ वा लागुपदार्थ सेवन गरी सवारी साधन चलाएमा,

(ग) सवारी नियम विपरीत साधन चलाएमा,

(घ) अनाधिकार व्यक्तिले सवारी साधन चलाएमा

(ङ) सवारी साधनमा गैरकानुनी र सेनाले निषेध गरेको चिजवस्तु राखेमा

(च) यान्त्रिक गडबडी भएको सवारी साधन चलाएमा,

(छ) तोकिएको स्थानभन्दा अन्यत्र र दिइएको निर्देशन विपरीत सवारी साधन चलाएमा ।

(२) उपनियम (१) को प्रयोजनको लागि सैनिक प्रहरीले कुनै पनि सैनिक सवारी साधन रोकी चालकसँग आवश्यक कुरा सोधपुछ गर्न वा त्यस्तो सवारी साधन जाँच गर्न र प्रचलित कानुनबमोजिम खानतलासी लिन सक्नेछ ।

६. सवारी दुर्घटना नियन्त्रण गर्ने : (१) सैनिक प्रहरीले सवारी दुर्घटना रोकथाम गर्न मुख्य मुख्य बाटो, नाका वा चोकमा अस्थायी चेकपोस्ट खडा गर्न वा मोबाइल वा पैदल गस्ती गर्न सक्नेछ ।

(२) सैनिक सवारी साधनको दुर्घटना भएको सूचना प्राप्त भएमा यथाशक्य चाँडो दुर्घटना स्थलमा पुगी सैनिक प्रहरीले अनुसूची– १

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

बमोजिमको ढाँचामा प्रारम्भिक ट्राफिक दुर्घटना प्रतिवेदन गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमका प्रारम्भिक दुर्घटना प्रतिवेदनका आधारमा सैनिक प्रहरीले अनुसूची– २ बमोजिमको ढाँचामा अन्तिम ट्राफिक दुर्घटना प्रतिवेदन तयार गर्नेछ र सो प्रतिवेदन कार्यरथी विभाग (प्राड विवाक) समक्ष पेस गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेस भएको प्रतिवेदनको आधारमा कार्यरथी विभागका विभागीय प्रमुखले दोषी देखिएको सैनिक सवारी चालकउपर प्रचलित कानुनबमोजिम कार्बाही गर्न वा गराउन सक्नेछ ।

७. अनुशासन कायम गर्ने सम्बन्धी व्यवस्था :

(१) नेपाली सेनामा अनुशासन कायम गराउन सैनिक प्रहरीले देहायबमोजिम गर्न सक्नेछ :

(क) नेपाली सेनाका व्यक्तिको संलग्नतामा अवैध कार्य हुने सम्भावित स्थानहरू पत्ता लगाई त्यस्ता स्थानमा पैदल र मोबाइल गस्तीद्वारा अवैध कार्य नियन्त्रण गर्ने,

(ख) नेपाली सेनाका शङ्कास्पद व्यक्तिहरूउपर आवश्यक निगरानी राख्ने,

(ग) ब्यारेक बाहिर सैनिक व्यक्तिहरूको घण्टे आउट, बिदाको प्रमाणपत्र, परिचयपत्र, टर्न आउट जाँच गर्ने,

(घ) सैनिक इलाकाभित्र आवतजावत गर्ने सवारी साधन, व्यक्ति वा सामानको जाँच गर्ने,

(ङ) सैनिक ऐन नियमको उल्लङ्घन गर्ने, अनुशासनहीन कार्य गर्ने, नेपाली सेनाको छविमाथि नराम्रो असर पार्ने वा सेनाको गोपनीयता भङ्ग गर्ने जस्ता कार्य गर्ने सैनिक व्यक्तिलाई कार्यरथी विभागको विभागीय प्रमुखको आदेशले पक्राउ गर्ने,

(च) नेपाली सेनाका व्यक्तिद्वारा लागु औषध बेचबिखन, सैनिक हातहतियार वा सामानको बेचबिखन, सेनाको गोप्य खबर तथा कागजपत्र हिनामिना तथा प्रचलित कानुन विपरीत

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कामकार्बाही भए गरेको शङ्का लागेमा प्रचलित कानुनबमोजिम खानतलासी लिने र कब्जा गर्ने ।

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिम पक्राउ गर्दा पक्राउ पर्ने नेपाली सेनाका व्यक्तिलाई पक्राउ गर्न परेको कारणसहितको सूचना दिनुपर्नेछ । यसरी पक्राउ गरिएको नेपाली सेनाका व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र कार्यरथी विभाग (प्राड विवाक) मार्फत कार्यरथीसमक्ष उपस्थित गराउनुपर्नेछ र कुनै पनि नेपाली सेनाका व्यक्तिलाई सो कार्य रथीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिनेछैन ।

(३) उपनियम (१) को खण्ड (ङ) र उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपराध गरेको वा अपराध गर्न लागेको अवस्थामा कार्यरथी विभागका विभागीय प्रमुखले सेनाका सकल दर्जालाई, सैनिक प्रहरी अधिकृतले आफूभन्दा माथिको अधिकृतसम्मलाई, पदिक सैनिक प्रहरीले प्रमुख सुवेदारसम्मलाई र अन्य दर्जाका सैनिक प्रहरीले गण स्टाफसम्मका सैनिक व्यक्तिलाई पक्राउ गर्न सक्नेछ ।

८. <u>समारोह वा कार्यक्रम स्थलको सुरक्षा र व्यवस्था गर्ने :</u>

(१) नेपाली सेनाले आयोजना गरेको समारोह वा कार्यक्रम स्थलको सुरक्षा र व्यवस्था गर्न सैनिक प्रहरीले देहायको कार्य गर्न सक्नेछ :

(क) समारोह वा कार्यक्रम स्थलमा आउने सवारी साधनको पार्किङको व्यवस्था गर्ने र ट्राफिक नियन्त्रण गर्ने,

(ख) समारोह वा कार्यक्रम स्थलमा आउने व्यक्तिहरूका लागि मर्यादाक्रमअनुसार बस्ने व्यवस्था मिलाउने,

(ग) समारोह वा कार्यक्रम स्थलमा आउने व्यक्तिहरूको परिचयपत्र र प्रवेश पास जाँच गर्ने,

(घ) समारोह वा कार्यक्रम स्थल वरिपरि असम्बन्धित व्यक्तिको आवतजावत नियन्त्रण गर्ने,

(ङ) अति विशिष्ट र विशिष्ट व्यक्तिको समारोह वा कार्यक्रम स्थलमा आगमन र प्रस्थान हुँदा सुरक्षाको आवश्यक व्यवस्था गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली सेनाले आयोजना गरेको समारोह बाहेक अन्य सरकारी समारोह वा कार्यक्रम स्थलको सुरक्षाका लागि अनुरोध भएमा सैनिक प्रहरीले आवश्यक सुरक्षा र व्यवस्था गर्ने ।

९. प्रवेश पासको व्यवस्था गर्ने : नेपाली सेनाले आयोजना गरेको समारोह वा कार्यक्रम स्थलमा प्रवेश गर्न वा नेपाली जङ्गी अड्डाभित्र प्रवेश गर्न सैनिक वा गैरसैनिक व्यक्तिलाई प्रवेश पासको व्यवस्था सैनिक प्रहरीले गर्नेछ ।

१०. सजाय तामेल गर्ने : सैनिक अदालत वा ऐनको दफा ६९ बमोजिम अख्तियार प्रयोग गर्ने कुनै अधिकृतले दिएको सजाय सैनिक प्रहरीले प्रचलित कानुनबमोजिम तामेल गर्नेछ ।

११. अभियुक्तको सुरक्षा गर्ने : ऐनबमोजिम कुनै अभियोग लागेको अभियुक्तलाई हिरासतमा राख्दा अदालतमा उपस्थित गराउँदा वा एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्दा वा कारागारमा लैजाँदा सैनिक प्रहरीले आवश्यक सुरक्षा प्रदान गर्नेछ ।

१२. हिरासतमा राखिएको व्यक्ति जिम्मा लिने : ऐनबमोजिम कुनै कसुरबापत हिरासतमा राखिएको व्यक्तिको जिम्मा सैनिक प्रहरीले लिनेछ ।

१३. सैनिक प्रहरीले आवश्यक सोधपुछ गर्न सक्ने : सैनिक प्रहरीले ऐन वा यस नियमावलीबमोजिम सुव्यवस्था र अनुशासन कार्य राख्ने प्रयोजनको लागि सम्बन्धित व्यक्तिसँग आवश्यक सोधपुछ गर्न र सोसम्बन्धमा जाँचबुझ गरी आवश्यक कार्बाहीको लागि सम्बन्धित अधिकृत समक्ष लेखिपठाउन सक्नेछ ।

१४. गैरसैनिक व्यक्तिलाई पक्राउ गरी जिम्मा लगाउने : कुनै गैरसैनिक व्यक्ति सैनिक अधिकारक्षेत्रभित्रको इलाकाभित्र घुसेको, तोडफोड गरेको वा त्यस्तो व्यक्तिले कुनै गैरकानुनी क्रियाकलाप गरेको वा गर्न लागेको शङ्का लागेमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी प्रहरी प्रशासनलाई जिम्मा लगाउन सक्नेछ ।

१५. बचाउ : यस नियममा लेखिएजति कुरामा यसै नियमबमोजिम र अन्य कुराहरूका हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

द्रष्टव्यः *सैनिक ऐन, २०१६* **सैनिक ऐन, २०६३** द्वारा खारेज भएको :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – १

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

प्रारम्भिक ट्राफिक दुर्घटना प्रतिवेदन

अनुसूची – २

(नियम ६ को उपनियम (३) सँग सम्बन्धित)

अन्तिम ट्राफिक दुर्घटना प्रतिवेदन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सशस्त्र प्रहरी ऐन, २०५८

लालमोहर र प्रकाशन मितिः

२०५८।५।६

सशस्त्र प्रहरी बलको गठन र सञ्चालनसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राज्यमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नका लागि सशस्त्र प्रहरी बलको गठन र सञ्चालनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "सशस्त्र प्रहरी ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "राष्ट्रिय सुरक्षा परिषद्" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४५ बमोजिमको राष्ट्रिय सुरक्षा परिषद् सम्झनुपर्छ ।

(ख) "केन्द्रीय सुरक्षा समिति" भन्नाले दफा ७ बमोजिमको केन्द्रीय सुरक्षा समिति सम्झनुपर्छ ।

(ग) "सशस्त्र प्रहरी सेवा" भन्नाले दफा ३ बमोजिम गठित सशस्त्र प्रहरी बलअन्तर्गतको सेवा सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) "सशस्त्र प्रहरी" भन्नाले सशस्त्र प्रहरी सेवामा नियुक्त भएको व्यक्ति सम्झनुपर्छ ।

(ङ) "सशस्त्र प्रहरी अधिकृत" भन्नाले सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथिको दर्जाको सशस्त्र प्रहरी अधिकृत सम्झनुपर्छ ।

(च) "राजपत्राङ्कित अधिकृत" भन्नाले सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथिको दर्जाको सशस्त्र प्रहरी अधिकृत सम्झनुपर्छ ।

(छ) "आयोग" भन्नाले दफा ११ बमोजिम गठित सशस्त्र प्रहरी सेवा आयोग सम्झनुपर्छ ।

(ज) "अख्तियारवाला" भन्नाले दफा १३ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ ।

(झ) "अन्य प्रहरी" भन्नाले प्रहरी ऐन २०१२, अन्तर्गतको प्रहरी सम्झनुपर्छ ।

(ञ) "सशस्त्र प्रहरी" विशेष अदालत भन्नाले दफा २८ वा दफा २९ बमोजिम गठित सशस्त्र प्रहरी विशेष अदालत सम्झनुपर्छ ।

(ट) "सशस्त्र विद्रोह" भन्नाले कसैले हातहतियार प्रयोग गरी नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गर्ने वा नेपाल राज्यको सत्ता पल्टाउने वा नेपाल राज्यको कार्यसञ्चालनमा बाधाविरोध उत्पन्न गर्ने उद्देश्यले गरिने कार्यलाई सम्झनुपर्छ ।

(ठ) "तोकिए" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद – २

सशस्त्र प्रहरी बलको गठन र सञ्चालन

३. सशस्त्र प्रहरी बलको गठन :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) नेपाल राज्यमा एक सशस्त्र प्रहरी बलको गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिम गठित सशस्त्र प्रहरी बलमा रहने सशस्त्र प्रहरीको दरबन्दी सङ्ख्या नेपाल सरकारले तोकिदिएबमोजिम हुनेछ ।

(३) सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरी बलको प्रमुख हुनेछ ।

(४) सशस्त्र प्रहरी बलको प्रधान कार्यालय काठमाडौँ उपत्यकामा रहनेछ र मातहतका कार्यालयहरू तोकिएबमोजिम हुनेछन् ।

४. रेखदेख, नियन्त्रण र निर्देशन :

(१) सशस्त्र प्रहरीको रेखदेख गर्ने, नियन्त्रण गर्ने र निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारलाई प्राप्त अधिकार नेपाल सरकारले मातहतका कुनै अधिकारीलाई आवश्यकताअनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) नेपाल सरकार र उपदफा (२) बमोजिम अधिकारप्राप्त अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु सशस्त्र प्रहरीको कर्तव्य हुनेछ ।

५. सशस्त्र प्रहरीको प्रशासन : सशस्त्र प्रहरीको प्रशासन यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानुन र नेपाल सरकारले समयसमयमा दिएको निर्देशनको अधीनमा रही सशस्त्र प्रहरी महानिरीक्षक तथा तोकिएका अन्य सशस्त्र प्रहरी अधिकृतले सञ्चालन गर्नेछन् ।

६. सशस्त्र प्रहरीको सञ्चालन:

(१) नेपाल सरकारले देहायबमोजिमका कार्य गर्ने प्रयोजनको लागि सशस्त्र प्रहरी सञ्चालन गर्नेछ :

(क) नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र सङ्घर्ष नियन्त्रण गर्न,

(ख) नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथक्तावादी गतिविधि नियन्त्रण गर्न,

(ग) नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने आतङ्ककारी गतिविधि नियन्त्रण गर्न,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्न,

(ङ) नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,

(च) नेपाल राज्यको कुनै नागरिक वा अरू कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशङ्का भएमा त्यसलाई नियन्त्रण गर्न,

(छ) नेपाल राज्यको सीमा सुरक्षा गर्न,

(ज) बाह्य आक्रमणका अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,

(झ) नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,

(ञ) नेपाल सरकारले सुरक्षा दिनुपर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,

(ट) यो ऐन र यस ऐनअन्तर्गत बनेका नियममा उल्लेख भएका वा अन्य प्रचलित कानुनबमोजिम तोकिएका कार्यहरू गर्न,

(ठ) नेपाल सरकारले समयसमयमा तोकेबमोजिमका अन्य कार्यहरू गर्न ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले नेपाल राज्यको कुनै भागमा सशस्त्र प्रहरी सञ्चालन गरेकोमा हप्तामा कम्तीमा एकपटक त्यस क्षेत्रमा सञ्चालन भएका सशस्त्र प्रहरीको सङ्ख्या र सशस्त्र प्रहरीले गरी रहेको कामकार्बाहीका सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद् र केन्द्रीय सुरक्षा समितिलाई जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारलाई प्राप्त अधिकार नेपाल सरकारले मातहतका कुनै विशिष्ट श्रेणीको अधिकारीलाई आवश्यकताअनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपदफा (३) बमोजिम अधिकारप्राप्त अधिकारीले नेपाल राज्यको कुनै भागमा सशस्त्र प्रहरी सञ्चालन गरेकामा हप्तामा कम्तीमा एकपटक त्यस क्षेत्रमा सञ्चालन भएका सशस्त्र प्रहरीको सङ्ख्या र सशस्त्र प्रहरीले गरिरहेको कामकार्बाहीका सम्बन्धमा नेपाल सरकारलाई जानकारी गराउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त जानकारी नेपाल सरकारले राष्ट्रिय सुरक्षा परिषद् र केन्द्रीय सुरक्षा समितिलाई दिनुपर्नेछ ।

७. केन्द्रीय सुरक्षा समिति:

(१) दफा ६ को उपदफा (१) को प्रयोजनका लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिने देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू रहेको केन्द्रीय सुरक्षा समिति रहनेछ :

(क)	गृहमन्त्री वा राज्यमन्त्री	–अध्यक्ष
(ख)	बलाधिकृत, नेपाली सेना	–सदस्य
(ग)	सचिव, रक्षामन्त्रालय	–सदस्य
(घ)	सचिव, गृहमन्त्रालय	–सदस्य
(ङ)	प्रहरी महानिरीषक	–सदस्य
(च)	सशस्त्र प्रहरी महानिरीषक	–सदस्य
(छ)	प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग	–सदस्य
(ज)	सहसचिव, गृहमन्त्रालय	–सदस्य सचिव

(२) केन्द्रीय सुरक्षा समितिको बैठकमा आवश्यकताअनुसार अन्य सम्बन्धित अधिकरीलाई आमन्त्रण गर्न सकिनेछ ।

८. नेपाली सेनाको नियन्त्रणमा रहने : नेपाल राज्यको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनका लागि नेपाली सेना सञ्चालन भएको अवस्थामा नेपाली सेना सञ्चालन भएको अवधिभर सम्बन्धित ठाउँका सशस्त्र प्रहरी नेपाली सेनाको नियन्त्रणमा रहनेछन् ।

परिच्छेद – ३

सेवाका सर्तहरू

९. सेवाका पद र पदावधि:

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) सशस्त्र प्रहरी सेवामा सशस्त्र प्रहरी महानिरीक्षक र तोकिएबमोजिमका अन्य पदहरू रहनेछन् ।

(२) सशस्त्र प्रहरी महानिरीक्षकको पदावधि चार वर्षको हुनेछ र अन्य राजपत्राङ्कित अधिकृतहरूको पदावधि आवश्यकताअनुसार तोकिएबमोजिम हुनेछ ।

१०. पदपूर्ति : सशस्त्र प्रहरी सेवाको पदपूर्ति तोकिएबमोजिम हुनेछ ।

११. सशस्त्र प्रहरी सेवा आयोग:

(१) सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा नियुक्तिका लागि अख्तियारवालासमक्ष सिफारिस गर्न देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू रहेको सशस्त्र प्रहरी सेवा आयोगको गठन हुनेछ :

(क) लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको सदस्य –अध्यक्ष

(ख) नेपाल सरकारको सेवामा बहाल विशिष्ट श्रेणीका अधिकृतहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति –सदस्य

(ग) सचिव, गृहमन्त्रालय –सदस्य

(घ) प्रतिनिधि (विशिष्ट श्रेणी) नेपाली सेना –सदस्य

(ङ) सशस्त्र प्रहरी महानिरीक्षक –सदस्य सचिव

(२) आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनःनियुक्तिका लागि योग्य हुनेछन्

(३) आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(४) आयोगले निर्धारण गरेको प्रक्रिया र आधारमा उम्मेदवारको उपयुक्तता जाँची नियुक्तिको लागि अख्तियारवालासमक्ष सिफारिस गर्नेछ ।

(५) आयोगले आफ्नो कार्याविधि आफैं निर्धारण गर्नेछ ।

(६) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

१२. आयोगको सिफरिसमा नियुक्ति हुने : सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा आयोगको सिफारिसमा नियुक्ति गर्नुपर्नेछ ।

१३. नियुक्ति गर्ने अधिकारी : राजपत्राङ्कित अधिकृतको नियुक्ति नेपाल सरकारले र अन्य सशस्त्र प्रहरीको नियुक्ति तोकिएको अधिकारीले गर्नेछ ।

१४. उम्मेदवार हुन चाहने योग्यता : खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने सशस्त्र प्रहरी सेवाको पदमा उम्मेदवार हुन चाहने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिएबमोजिम हुनेछ ।

१५. सरुवा र बढुवा : सशस्त्र प्रहरीको सरुवा र बढुवा तोकिएबमोजिम हुनेछ ।

१६. स्थानान्तरण गर्न सक्ने :

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको गठन नभएसम्मका लागि नेपाल सरकारले नेपाली सेनाको बहालवाला सैनिक तथा अन्य प्रहरी सेवाका बहालवाला प्रहरीलाई सशस्त्र प्रहरी सेवामा स्थानान्तरण गरी पदस्थापन गर्न सक्नेछ र यसरी सशस्त्र प्रहरी सेवामा पदस्थापन भएका सैनिक तथा अन्य प्रहरीको सेवा सशस्त्र प्रहरी सेवामा गणना हुनेछ ।

(२) सशस्त्र प्रहरीलाई नेपाली सेना वा अन्य प्रहरी सेवामा स्थानान्तरण गरिनेछैन र आयोगको गठन भएपछि नेपाली सेनाका सैनिक तथा अन्य प्रहरी सेवाका प्रहरीलाई पनि सशस्त्र प्रहरी सेवामा स्थानान्तरण गरिनेछैन ।

१७. शपथग्रहण : पहिलोपटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नुअघि प्रत्येक सशस्त्र प्रहरीले तोकिएबमोजिमको ढाँचामा शपथग्रहण गर्नुपर्नेछ ।

१८. पदाधिकार कायम रहने : देहायको अवस्था सशस्त्र प्रहरीको आफ्नो पदमाथिको पदाधिकार कायम रहेनछ :

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) बिदामा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) नेपाल सरकारद्वारा तोकिदिएको काम गरुन्जेलको अवधिभर,

(च) अन्य पदमा कामयमुकायम भई काम गरेको अवधिभर ।

१९. विभागीय कार्बाही, सजाय र पुनरावेदन :

(१) सशस्त्र प्रहरीले आफ्नो कर्तव्य पालना गर्दा असावधानी वा लापर्बाही गरेमा वा कुनै कर्तव्य पालन गर्नबाट बच्नका लागि कुनै बहाना गरेमा वा आफ्नो कर्तव्य पालन गर्न असक्षम भएमा वा अनुशासन भङ्ग गरेमा वा तोकिएबमोजिमको कुनै अनुचित आचरण गरेमा वा दफा २४ बमोजिमको कर्तव्यको पालना नगरेमा वा दफा २७ बमोजिमको अपराध गरेमा वा तोकिएको अन्य अवस्थामा त्यस्तो सशस्त्र प्रहरीलाई कसुरको मात्राअनुसार भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरर्खास्त गर्न, भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन वा तोकिएबमोजिमको अन्य विभागीय सजाय गर्न सक्नेछ ।

(२) सशस्त्र प्रहरीलाई विभागीय सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

(३) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी सशस्त्र प्रहरीलाई विभागीय सजायको आदेश दिने अधिकारी तोकिएबमोजिम हुनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिमको सजायको आदेश दिँदा सजायको आदेश दिनुपर्ने कारण तथा आधारसहितको अभियोग, सो सम्बन्धमा जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिइएकोमा निजको सफाइको जिकिर र सो जिकिरबमोजिम थप केही बुझिएको भए सो सम्बन्धमा समेत आफ्नो राय ठहर लेखी र सफाइको मौका नदिइएकोमा सो मौका दिन मनासिब नपरेको कारण, आधार र अवस्थासमेत देखाई व्यहोरा खुलाएको पर्चा खडा गरि सही गरी मिसिल सामेल राख्नुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) सशस्त्र प्रहरीलाई दिइएको विभागीय सजायको आदेशउपर तोकिएको अधिकारीसमक्ष पुनरावेदन लाग्नेछ ।

२०. निलम्बन गर्ने :

(१) दफा १९ बमोजिम विभागीय कार्बाहीमा परेको सशस्त्र प्रहरीलाई सजायको आदेश दिन पाउने अधिकारीले तोकिएको अवधिसम्म निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवम्बन गर्नुअघि त्यस्तो सशस्त्र प्रहरीलाई सजायको आदेश दिने अधिकारीले निशस्त्र गराउनेछ ।

(३) सशस्त्र प्रहरी देहायका अवस्थामा स्वतः निलम्बन भएको मानिनेछ :

(क) दफा २७ बमोजिमको अपराधको आरोप लागेको सशस्त्र प्रहरी पक्राउ परेको भए पक्राउ परेको मितिबाटै र पक्राउ नपरेको भए मुद्दा दायर गर्ने निर्णय भएको मितिदेखि,

(ख) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएकोमा त्यसरी थुनिएको अवधिभर ।

(४) कुनै सशस्त्र प्रहरी सरकारी कामका सम्बन्धमा वा नेपाल सरकारको तर्फबाट भएको कार्बाहीको फलस्वरूप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले खाइपाइआएको तलबको आधा तलबमात्र पाउनेछ ।

तर लागेको आरोप प्रमाणित नभई निजले सजाय पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरा तलब (तलबवृद्धि हुने भएमा सो समेत) पाउनेछ । कसुरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउनेछैन ।

(५) कुनै सशस्त्र प्रहरी उपदफा (४) मा उल्लिखित कारणबाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्बन रहेको अवधिको तलब पाउनेछैन ।

२१. मनमानी बर्खासी इत्यादिबाट बचाऊ : कुनै सशस्त्र प्रहरीलाई विभागीय सजाय गर्दा देहायको अवस्थामा बाहेक निजलाई सो गर्नुपनपर्ने कारण देखाउन मनासिब अवधि तोकी सफाइको मौका दिनुपर्नेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट कैदको सजाय पाएको,

(ख) दफा २७ बमोजिमको अपराध ठहरी कैदको सजाय पाएको वा

(ग) सफाइको मौका दिन मनासिब नपर्ने अवस्था देखाई व्यहोरा खोली सजाय दिने अधिकारीले पर्चा खडा गरेको ।

२२. मुद्दा चलाउन बाधा नपर्ने: कुनै सशस्त्र प्रहरीले यो ऐन वा अन्य प्रचलित कानुनबमोजिम कसुर ठहरिने अपराध गरेमा त्यस्तो प्रहरीउपर दफा १९ बमोजिम विभागीय कार्बाही वा सजाय भएकै कारणमात्र यो ऐन वा अन्य प्रचलित कानुनबमोजिम निजलाई मुद्दा चलाउन र सजाय गर्नमा बाधा पुऱ्याएको मानिनेछैन ।

२३. तलब, भत्ता तथा अन्य सुविधा र सेवाका अन्य सर्तहरू : सशस्त्र प्रहरीको तलब, भत्ता तथा अन्य सुविधा र सेवाको अन्य सर्तहरू तोकिएबमोजिम हुनेछन् ।

परिच्छेद –४

सशस्त्र प्रहरीको कर्तव्य र अधिकार

२४. सशस्त्र प्रहरीको कर्तव्य र अधिकार:

(१) सशस्त्र प्रहरीको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रत्येक सशस्त्र प्रहरी हरहमेशा ड्युटीमा रहेको मानिनेछ र निजले जुनसुकै बखत खटाइएको स्थानमा गई आफ्नो जिम्मेबारी पूरा गर्नुपर्नेछ ।

(ख) आफूभन्दा माथिको दर्जाको सशस्त्र प्रहरीको आज्ञा तदारुकताका साथ पालन गर्नुपर्नेछ ।

(ग) प्रत्येक सशस्त्र प्रहरी आफूलाई वा आफ्नो टोलीलाई सुम्पिएको कामप्रति सचेत र सतर्क रहनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा उल्लेख भएका तथा अन्य प्रचलित कानुनबमोजिम निजले गर्नुपर्ने भनी उल्लेख भएका अन्य काम गर्नु निजको कर्तव्य हुनेछ ।

(२) सशस्त्र प्रहरी अधिकृतले आफू खटिएको क्षेत्रको कुनै घर, ठाउँ, वा सवारी साधनमा प्रचलित कानुनबमोजिम निषेधित वस्तु वा अपराधमा संलग्न व्यक्ति रहेबसेको छ भनी शङ्का गर्नुपर्ने पर्याप्त र मनासिब आधार भएमा प्रचलित कानुनबमोजिम त्यस्तो घर, ठाउँ, वा सवारी साधनको खानतलासी गर्न र आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई पक्राउ गरी यथाशक्य चाँडो स्थानीय अन्य प्रहरीलाई सुम्पन सक्नेछ ।

२५. माथिको दर्जाको सशस्त्र प्रहरीको अधिकार : सशस्त्र प्रहरीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पाएको अख्तियार निजभन्दा माथिको दर्जाको सशस्त्र प्रहरीले आफू खटिएका क्षेत्रमा प्रयोग गर्न पाउनेछ ।

२६. असल नियतले गरेको कामको बचाउ : सशस्त्र प्रहरीले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा असल नियतले गरेकामा सजायको भागी हुनेछैन ।

परिच्छेद – ५

अपराध र सजाय

२७. कैदको सजाय हुने अपराधहरू :

(१) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनेछ :

(क) सशस्त्र विद्रोहमा सरिक भएमा,

(ख) नेपाल राज्यको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता वा अक्षुणतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरू कुनै किसिमबाट कुनै काम कुरा गरेगराएमा,

(ग) आफ्नो जिम्मामा रहेको सरकारी वा कसैको हातहतियार वा खरखजाना बेचबिखन गरेमा वा कुनै प्रकारबाट अरू कसैलाई सुम्पिएमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा,

(ङ) आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाएमा,

(च) सुरक्षासँग सम्बन्धित सूचना वा खबरहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनाधिकारिक व्यक्ति, संस्था वा समूहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाई त्यस्तो गर्न दुरुत्साहन गरेमा ।

(२) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई सात वर्षदेखि बाह्र वर्षसम्म कैदको सजाय हुनेछ :

(क) सशस्त्र विद्रोह गर्ने उद्योग गरेमा,

(ख) आफू खटिएको वा आफूले रक्षा गर्नुपर्ने सार्वजनिक महत्वको भवन संरचना वा स्थल, कार्यालय वा अन्य कुनै स्थानमा हुलदङ्गा गरेमा वा आक्रमणकारीले आक्रमण गरेको बखत नामर्दीपन देखाई भागेमा,

(ग लुट्ने अभिप्रायले कुनै घर वा कुनै ठाउँ भत्काए, फोरे वा कुनै किसिमले धनमाल लुटेमा वा हानिनोक्सानी वा क्षति गरेमा ।

(३) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई पाँच वर्षदेखि सात वर्षसम्म कैदको सजाय हुनेछ :

(क) ड्युटीमा रहेको वा नरहेको भए पनि माथिको दर्जाको सशस्त्र प्रहरी र सुरक्षासँग सम्बन्धित अधिकारप्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा थाहा हुने मनासिब आधार हुँदाहुँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,

(ख) सशस्त्र विद्रोहको षड्यन्त्र वा उद्योग गरेको थाहा पाएर पनि आफूभन्दा माथिको दर्जाको वा उच्च पदाधिकारीलाई यथाशक्य चाँडो खबर वा सूचना नदिएमा,

(ग) नेपाल सरकार वा नेपाल सरकारको कामकार्बाहीप्रति खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लेखेर वा वचन वा आकार र चिन्हद्वारा कुनै काम कुरा गरेगराएमा,

(घ) आफ्नो जिम्मामा रहेको थुनुवा वा कैदीलाई जानीजानी भाग्न दिएमा वा भगाएमा ।

(४) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैदको सजाय हुनेछ :

(क) आफूभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरीले दिएको आदेश पालन नगरेमा,

(ख) आफ्नो जिम्मामा वा कमाण्डमा रहेको व्यक्तिहरूको सङ्ख्या वा अवस्था वा नगदी वा जिन्सीको जानीजानी झुठो विवरण पेस गरेमा,

(ग) कुनै राजनीतिक सङ्गठन वा दलको सदस्यता ग्रहण गरेमा वा राजनितिक उद्देश्यले आयोजित जुलुस वा प्रर्दशनमा भाग लिएमा,

(घ) आफ्नो जिम्मामा रहेका हातहितयार, खरखजाना वा सवारी साधन वा नगदी वा जिन्सी सामानको दुरूपयोग गरेमा, लापर्बाहीपूर्वक हराएमा, बिगारेमा वा भत्काएमा,

(ङ) आफ्नो जिम्माको सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा,

(च) अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी लिएमा,

(छ) मुलुकको धार्मिक र सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा,

(ज) सशस्त्र प्रहरी बलको सेवाबाट भागेमा,

(झ) आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजतबिना राजिनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा ।

परिच्छेद – ६

सशस्त्र प्रहरी विशेष अदातल र पुनरावेदन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२८. सशस्त्र प्रहरी विशेष अदालतको गठन:

(१) परिच्छेद ५ अन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कार्बाही र किनारा गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एउटा सशस्त्र प्रहरी विशेष अदालत गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित सशस्त्र प्रहरी विशेष अदालतको मुकाम काठमाडौँ उपत्यकामा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको सशस्त्र प्रहरी विशेष अदालतमा न्याय सेवाको विशिष्ट श्रेणीको अधिकृतको अध्यक्षतामा सशस्त्र प्रहरी सेवाको कम्तीमा प्रहरी नायब महानिरीक्षकसम्मको प्रहरी अधिकृत एकजना र गृहमन्त्रालय वा सो अन्तर्गतको एकजना कम्तीमा सहसचिव स्तरसम्मको अधिकृतसहित तीनजना सदस्यहरू रहनेछन् ।

२९. गिरफ्तारी र हिरासतमा राख्ने:

(१) परिच्छेद ५ अन्तर्गतको कुनै कसुरको अभियोग लागेको कुनै सशस्त्र प्रहरीलाई निजभन्दा माथिको जुनसुकै दर्जाको सशस्त्र प्रहरी अधिकृतको आदेशले गिरफ्तार गरी हिरासतमा राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम हिरासतमा राख्नुभन्दा अघि त्यस्तो सशस्त्र प्रहरीलाई नि:शस्त्र गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गिरफ्तार गरी हिरासतमा राखिएकोमा त्यसको सूचना यथाशक्य चाँडो अभियुक्त कार्यरत रहेको निकायको प्रमुख र सशस्त्र प्रहरी महानिरीक्षकलाई दिनुपर्नेछ ।

३०. बयान लिने र साक्षी प्रमाण बुझ्ने व्यवस्था :

(१) सशस्त्र प्रहरी विशेष अदालतले मुद्दासँग सम्बन्धित अभियुक्तको बयान लिई मिसिल सामेल राख्नेछ ।

(२) मुद्दाको सुनुवाइका क्रममा कुनै लिखित प्रमाण बुझ्नुपरेमा सशस्त्र प्रहरी विशेष अदालतले सो प्रमाण पेस गर्न सम्बन्धित निकाय वा अधिकारीलाई आदेश दिन सक्नेछ र सो निकाय वा अधिकारीले पनि निर्धारित समयभित्र मागबमोजिमको लिखित प्रमाण पेस गर्नुपर्नेछ ।

(३) मुद्दाको सुनुवाइको क्रममा कुनै साक्षीबाट केही बुझ्नुपर्ने देखेमा सशस्त्र प्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाह्वान जारी गरी बुझ्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, बुझ्नुपर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाइ वा खर्च हुने वा असुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्दसवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्र प्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ ।

(४) सशस्त्र प्रहरी विशेष अदालतको अन्य कार्याविधि तोकिएबमोजिम हुनेछ ।

३१. मुद्दा किनारा गर्नुपर्ने अवधि : सशस्त्र प्रहरी विशेष अदालतले मुद्दामा साक्षी बुझेका मितिले सामान्यतया नब्बे दिनभित्र मुद्दाको किनारा गरिसक्नुपर्नेछ ।

३२. थुना र कारागारसम्बन्धी व्यवस्था : सशस्त्र प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नुपरेमा वा फैसलाबमोजिम कारागारमा राख्नुपरेमा नेपाल सरकारले नेपाल राज्यको जुनसुकै कारागारमा पनि थुन्न पठाउन सक्नेछ ।

३३. पुनरावेदनसम्बन्धी व्यवस्था : सशस्त्र प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

३४. समन्वय समिति :

(१) नेपाल राज्यभित्र शान्ति र सुव्यवस्था कायम गर्ने कार्यमा सशस्त्र प्रहरी र अन्य प्रहरी सङ्गठनको बीच सामान्जस्यता ल्याउन र समन्वय गर्न केन्द्रमा गृहमन्त्रालयको सचिवको सयोजकत्वमा प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी महानिरीक्षक सदस्य रहेको एक समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि क्षेत्रीय तथा जिल्लास्तरमा पनि तोकिएबमोजिमका पदाधिकारीहरू रहेको समन्वय समिति रहन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको समन्वय समितिले आफ्नो कार्याविधि आफैं व्यवस्थित गर्नेछ ।

३५. अधिकार प्रत्यायोजन : यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम अधिकारप्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकार आफ्नो जिम्मेबारीमा आफूभन्दा मुनिको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३६. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३७. बचाउ :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम हुनेछ ।

(२) मिति २०५७ साल माघ ९ गते जारी भएको सशस्त्र प्रहरी अध्यादेश, २०५७ बमोजिम भए गरेको कामकार्बाही यसै ऐनबमोजिम भएगरेको मानिनेछ ।

३८. सशस्त्र प्रहरी अध्यादेश २०५७ निष्क्रिय भएपछि त्यसको परिमाण : सशस्त्र प्रहरी अध्यादेश २०५७ निष्क्रिय भएपछि अर्को अभिप्राय: नदेखिएमा सो निष्क्रियताले:

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउनेछैन ।

(ख) सो अध्यादेशबमोजिम चालु भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्नेछैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा कर्तव्य वा दायित्वमा असर पार्नेछैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्नेछैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्डसजायका सम्बन्धमा गरिएको कुनै कामकार्बाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानुनी कार्बाही वा उपायलाई पनि सुरु गर्न, चालु राख्न वा लागु गर्न सकिनेछ ।

रूपान्तर :

(१) 'नेपाल अधिराज्यको संविधान, २०४७' को सट्टा नेपालको अन्तरिम संविधान, २०६३

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) 'श्री ५ को सरकार' को सट्टा नेपाल सरकार र नेपाल अधिराज्यको सट्टा नेपाल राज्य गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सशस्त्र प्रहरी नियमावली, २०६०

	नेपाल राजपत्रमा प्रकाशित मिति
	२०६०।२।१२
सशस्त्र प्रहरी (पहिलो संशोधन) नियमावली, २०६०	२०६०।११।२८
सशस्त्र प्रहरी (दोस्रो संशोधन) नियमावली, २०६३	२०६३।४।१५
सशस्त्र प्रहरी (तेस्रो संशोधन) नियमावली, २०६३	२०६३।१०।१९
सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०६४	२०६४।८।३

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यी नियमहरूको नाम "सशस्त्र प्रहरी नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले सशस्त्र प्रहरी ऐन, २०५८ सम्झनुपर्छ ।

(ख) "प्रधान कार्यालय" भन्नाले सशस्त्र प्रहरी बलको प्रधान कार्यालय सम्झनुपर्छ ।

(ग) "सशस्त्र प्रहरी जवान" भन्नाले सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार, सशस्त्र प्रहरी सहायक हवलदार र सशस्त्र प्रहरी जवान सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) "रिक्रुट" भन्नाले नयाँ नियुक्ति भई तालिमको अवधिमा रहेको सशस्त्र प्रहरी जवान सम्झनुपर्दछ ।

(ङ) "बढुवा समिति" भन्नाले नियम ३३ बमोजिमको बढुवा समिति सम्झनुपर्छ ।

(च) "परिवार" भन्नाले सशस्त्र प्रहरीसँग बस्ने तथा निज आफैँले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्दछ र सो शब्दले पुरुष सशस्त्र प्रहरीका हकमा निजको बाजे, बज्यै तथा महिला सशस्त्र प्रहरीका हकमा निजको सासुससुरालाई समेत जनाउँछ ।

परिच्छेद – २

सशस्त्र प्रहरीको श्रेणी, पद तथा कार्यालय

३. सशस्त्र प्रहरीको श्रेणी तथा पद :

(१) सशस्त्र प्रहरी सेवामा देहायबमोजिम श्रेणी रहनेछन् :

राजपत्राङ्कित	राजपत्र अनङ्कित
विशिष्ट श्रेणी	प्रथम श्रेणी
प्रथम श्रेणी	द्वितीय श्रेणी
द्वितीय श्रेणी	तृतीय श्रेणी
तृतीय श्रेणी	चतुर्थ श्रेणी

(२) उपनियम (१) बमोजिमका श्रेणीहरूमा देहायबमोजिमका पदहरू रहन सक्नेछन् :

राजपत्राङ्कित

विशिष्ट श्रेणी –सशस्त्र प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रथम श्रेणी	–सशस्त्र प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
द्वितीय श्रेणी	–सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायब उपरीक्षक
तृतीय श्रेणी	–सशस्त्र प्रहरी निरीक्षक

राजपत्र अनङ्कित

प्रथम श्रेणी	–सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक
द्वितीय श्रेणी	–सशस्त्र प्रहरी सहायक निरीक्षक
तृतीय श्रेणी	–सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार र सशस्त्र प्रहरी सहायक हवलदार
चतुर्थ श्रेणी	–सशस्त्र प्रहरी जवान र रिक्रुट

(३) सशस्त्र प्रहरी सेवाको विभिन्न श्रेणीमा विभिन्न प्राविधिक पदहरू र परिचर वा सोसरहका श्रेणी विहीन पदहरूसमेत रहन सक्नेछन् ।

४. सशस्त्र प्रहरी बलको कार्यालय:

(१) नेपाल राज्यमा सशस्त्र प्रहरी प्रधान कार्यालयको अतिरिक्त आवश्यकतानुसार देहायबमोजिमका अन्य सशस्त्र प्रहरी बलको कार्यालयहरू रहन सक्नेछन् :

(क) क्षेत्रीय सशस्त्र प्रहरी बलको मुख्यालय

(ख) सशस्त्र प्रहरी बलको प्रशिक्षण प्रतिष्ठान

(ग) सशस्त्र प्रहरी बलको तालिम महाविद्यालय

(घ) सशस्त्र प्रहरी बलको युक्ति तालिम महाविद्यालय

(ङ) सशस्त्र प्रहरी बलको विशेष कार्यदल

(च) सशस्त्र प्रहरी बलको प्राविधिक निर्देशनालय

(छ) सशस्त्र प्रहरी बलको गण

(ज) सशस्त्र प्रहरी बलको तालिम केन्द्र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) सशस्त्र प्रहरी बलको गुल्म

(ञ) नेपाल सरकारले समयसमयमा तोकेका अन्य सशस्त्र प्रहरी बलको कार्यालय ।

(२) प्रधान कार्यालयमा सशस्त्र प्रहरी महानिरीक्षक र अन्य सशस्त्र प्रहरी बलको कार्यालयमा नेपाल सरकारले तोकेको देहायबमोजिमका सशस्त्र प्रहरी अधिकृत कार्यालय प्रमुख रहनेछन् :

(क)	सशस्त्र प्रहरी बलको प्रशिक्षण प्रतिष्ठान	–सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक/ सशस्त्र प्रहरी नायब महानिरीक्षक
(ख)	क्षेत्रीय सशस्त्र प्रहरी बलको मुख्यालय	–सशस्त्र प्रहरी नायब महानिरीक्षक
(ग)	सशस्त्र प्रहरी तालिम बलको महाविद्यालय	–सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
(घ)	सशस्त्र प्रहरी बलको युक्ति तालिम महाविद्यालय	–सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
(ङ)	सशस्त्र प्रहरी बलको विशेष कार्यदल	–सशस्त्र प्रहरी उपरीक्षक
(च)	सशस्त्र प्रहरी बलको प्राविधिक निर्देशनालय	–सशस्त्र प्रहरी नायब महानिरीक्षक/सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
(छ)	सशस्त्र प्रहरी बलको गण	–सशस्त्र प्रहरी उपरीक्षक
(ज)	सशस्त्र प्रहरी बलको तालिम केन्द्र	–सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक/सशस्त्र प्रहरी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

उपरीक्षक

(झ) सशस्त्र प्रहरी बलको गुल्म –सशस्त्र प्रहरी नायब उपरीक्षक

(ञ) नेपाल सरकारले समयसमयमा तोकेका अन्य सशस्त्र प्रहरी कार्यालयमा नेपाल सरकारले तोकेको प्रहरी अधिकृत ।

परिच्छेद – ३

सशस्त्र प्रहरीको पदपूर्ति

५. सशस्त्र प्रहरी सेवाको पदपूर्ति :

(१) सशस्त्र प्रहरी सेवाको देहायको पद देहायबमोजिम पूर्ति गरिनेछ :

पद	खुल्ला प्रतियोगिताद्वारा प्रतिशतमा)	बढुवाद्वारा (प्रतिशतमा)
(क) सशस्त्र प्रहरी परिचर वा सोसरह	१००	-
(ख) सशस्त्र प्रहरी जवान	१००	-
(ग) सशस्त्र प्रहरी सहायक हवलदार	-	१००
(घ) सशस्त्र प्रहरी हवलदार	-	१००
(ङ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार	-	१००
(च) सशस्त्र प्रहरी सहायक	२५	७५

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निरीक्षक

(छ) सशस्त्र प्रहरी नायब निरीक्षक	-	१००
(ज) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक	-	१००
(झ) सशस्त्र प्रहरी निरीक्षक	६०	४०
(ञ) सशस्त्र प्रहरी निरीक्षकभन्दा माथिका सम्पूर्ण पदहरू	-	१००

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीको प्राविधिकतर्फको पद नेपाल सरकारले निर्धारण गरेबमोजिम खुल्ला प्रतियोगिता वा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पुर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद छुटचाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :

(क)	महिला	बीस प्रतिशत
(ख)	आदिवासी/जनजाति	बत्तीस प्रतिशत
(ग)	मधेसी	अठ्ठाईस प्रतिशत
(घ)	दलित	पन्ध्र प्रतिशत
(ङ)	पिछडिएको क्षेत्र	पाँच प्रतिशत

स्पष्टीकरण :

(१) यस उपनियमको (क), (ख), (ग), र (घ) को प्रयोजनको लागि महिला, आदिवासी/जनजाति, मधेसी र दलित

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेको महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई सम्झनुपर्छ ।

(२) यस उपनियमको प्रयोजनका लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

(४) उपनियम (३) बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।

तर, त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति, मधेसी, र दलित समुदायलाई आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) उपनियम (३) बमोजिम छुटचाइएको पदका लागि दर्खास्त पेस गर्दा देहायबमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ :

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

(ग) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको,

(घ) पिछाडिएको क्षेत्रका लागि उपनियम (३) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट दर्खास्त पेस गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(६) उपनियम (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एकप्रतिशतभन्दा कम घाताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्क जुन समुदायका हकमा आएको हो सो भन्दा लगतैपछिको समुदायमा सर्दै जानेछ ।

(७) उपनियम (३) बमोजिम छुटचाइएको पदमा कुनै दर्खास्त नपरेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक सङ्ख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पदसङ्ख्या उपनियम (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताका लागि हुने उम्मेदवारबाट पूर्ति गरिनेछ ।

६. पदपूर्तिमा बन्देज:

(१) सशस्त्र प्रहरी सेवाका कुनै पनि पदमा यस नियमावलीमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिनेछैन ।

(२) प्रधान कार्यालय र उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरीको हकमा प्रहरी किताबखाना र अन्य कार्यालयका सशस्त्र प्रहरीको हकमा कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलबभत्ता खुवाउनुहुँदैन ।

७. सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति : सशस्त्र प्रहरी सेवाको देहायको पदमा देहायको अधिकारीले नियुक्ति गर्नेछ :

(क) राजपत्राङ्कित पदमा नेपाल सरकार,

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक पदमा सशस्त्र प्रहरी महानिरीक्षक,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा सशस्त्र प्रहरी नायब महानिरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत,

(घ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार, सशस्त्र प्रहरी सहायक हवलदार र सशस्त्र प्रहरी जवान पदमा सशस्त्र प्रहरी उपरीक्षक वा सोभन्दा मथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत र

(ङ) सशस्त्र प्रहरी परिचर वा सोसरहको पदमा सशस्त्र प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८. सशस्त्र प्रहरी सेवामा नियुक्ति हुनका लागि आवश्यक योग्यता :

(१) सशस्त्र प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने देहायका पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) सशस्त्र प्रहरी निरीक्षकको लागि :

(१) विज्ञापन प्रकाशित भएको दिन एक्काईस वर्ष उमेर पूरा गरी चौबीस वर्ष ननाँघेको,

(२) स्वीकृत विश्वविद्यालयबाट स्नातक वा सोसरहको उपाधि प्राप्त गरेको,

(३) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

(४) घटीमा पाँच फिट दुई इन्च उचाइ भएको,

(५) छाती नफुलाउँदा एकतीस र फुलाउँदा तेत्तीस इन्च भएको,

(६) आँखा माइनस दुई वा प्लस दुईभन्दा बढी कमजोर नभएको,

(७) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(८) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदारबाहेकका अन्य दुईजना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,

(९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(१०) राजनीतिमा नलागेको,

(११) कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको,

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीका निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षकका लागि :

(१) विज्ञापन प्रकाशित भएको दिन अठार वर्ष उमेर पूरा भई एक्काईस वर्ष ननाँघेको,

(२) स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सोसरहको उपाधि प्राप्त गरेको,

(३) खण्ड (क) मा तोकिएबमोजिमका अन्य योग्यता पूरा भएको ।

(ग) सशस्त्र प्रहरी जवान तथा सशस्त्र प्रहरी परिचर वा सो सरहका लागि :

(१) सशस्त्र प्रहरी जवानको लागि विज्ञापन प्रकाशित भएको दिन अठार वर्ष उमेर पूरा भई २२ वर्ष ननाँघेको र सशस्त्र प्रहरी परिचर वा सोसरहका लागि विज्ञापन प्रकाशित भएको दिन अठार वर्ष उमेर पूरा भई ३० वर्ष ननाँघेको,

(२) सशस्त्र प्रहरी जवानको लागि सशस्त्र प्रहरी परिचरको हकमा साधारण लेखपढ गर्न जानेको,

(३) छाती नफुलाउँदा तीस इन्च र फुलाउँदा बत्तीस इन्च,

(४) खण्ड (क) मा तोकिएबमोजिमको अन्य योग्यता पूरा भएको ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी सेवामा बहाल भइरहेका व्यक्तिले तीस वर्ष उमेर पूरा नभएसम्म सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदका लागि उम्मेदवार हुन सक्नेछन् ।

(३) सशस्त्र प्रहरी सेवाको प्राविधिक पदको शैक्षिक योग्यता र अन्य योग्यता आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद – ४

सशस्त्र प्रहरी सेवा आयोगको काम, कर्तव्य र अधिकार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

९. आयोगबाट लिइने परीक्षाको तरिका: सशस्त्र प्रहरी सेवामा रिक्त पदपूर्ति गर्नका लागि आयोगले देहायको कुनै एक वा एकभन्दा बढी तरिकाद्वारा परीक्षा लिन सक्नेछ :

(क) प्रारम्भिक शारीरिक जाँच,

(ख) सहिष्णुता तथा बाधापार,

(ग) स्वस्थ्य परीक्षण,

(घ) प्रयोगात्मक परीक्षण,

(ङ) लिखित परीक्षा,

(च) अन्तर्वार्ता र

(छ) आयोगले तोकेको अन्य तरिका ।

१०. परीक्षाको पाठ्यक्रमसम्बन्धी व्यवस्था : नियम ९ बमोजिम लिइने परीक्षाको पाठ्यक्रम, अङ्क विभाजन र मूल्याङ्कन विधि आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

११. प्रतियोगिताको विज्ञापन हुनुपर्ने:

(१) सशस्त्र प्रहरी सेवामा रहेको रिक्त पदपूर्ति गर्नको लागि आयोगले आवश्यक विवरण खुलाई नेपाल राज्यको विभिन्न भागमा प्रचारप्रसार हुन सक्ने गरी पत्रपत्रिका वा सञ्चारका अन्य माध्यमबाट प्रतियोगिताका लागि विज्ञापन गर्नेगराउनेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशन गरिने विज्ञापनमा अन्य कुराका अतिरिक्त देहायबमोजिमका कुराहरू खुलाउनुपर्नेछ :

(क) परीक्षाको तरिका,

(ख) कम्तीमा पन्ध्र दिनको दर्खास्त दिने अवधि ।

(३) उपनियम (१) बमोजिमको विज्ञापनमा भाग लिन चाहने उम्मेदवारले आयोगले तोकेबमोजिमको दर्खास्त फारम भरी आयोगले तोकेबमोजिमको परीक्षा दस्तुरसहित विज्ञापनमा तोकिएको स्थान र समयमा दर्खास्त फारम बुझाउनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपनियम (३) बमोजिम पर्न आएका दर्खास्तहरूउपर आयोगले छानविन गरी रीत पुगेको देखिएमा सम्बन्धित उम्मेदवारलाई प्रवेशपत्र दिनेछ ।

तर, आयोगद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा विज्ञापनमा उल्लिखित अन्य विवरणहरू नखुलेको वा परीक्षा दस्तुर नबुझाएको दर्खास्तउपर कुनै कार्बाही गरिनेछैन ।

(५) यस नियमावलीबमोजिम लिइने परीक्षाहरू आयोगले तोकेको केन्द्रमा सञ्चालन हुनेछन् ।

(६) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापन सामान्यतया रद्द गरिनेछैन । तर कुनै अप्रत्यासित कठिनाइ आइपरेमा प्रकाशित विज्ञापन आयोगले रद्द गर्न वा स्थगित गर्न सक्नेछ । यसरी विज्ञापन रद्द भएमा वा कुनै उम्मेदवारको दर्खास्त अस्वीकृत भएको अवस्थामा बाहेक उम्मेदवारले आयोगमा बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछैन ।

१२. परीक्षा वा विज्ञापन रद्द गर्न सक्ने : आयोगले कुनै पनि परीक्षा सञ्चालन हुँदाको बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबढी वा अनियमितता भएमा वा कुनै बाधा अवरोध खडा भई एक वा सबै केन्द्रमा आंशिक वा पूर्ण रूपले परीक्षा सञ्चालन हुन नसकेमा वा सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा आंशिक वा पूर्ण रूपले आयोगले कारण जनाई रद्द गर्न सक्नेछ ।

१३. परीक्षाको स्तर : आयोगबाट लिइने परीक्षाको स्तर र प्रत्येक पत्रको उत्तीर्णाक प्रतिशत आयोगले तोकेबमोजिम हुनेछ ।

१४. प्रयोगात्मक परीक्षा : प्रयोगात्मक परीक्षा लिँदा आयोगले सम्बन्धित उम्मेदवारलाई त्यस्तो परीक्षाका निमित्त साधन उपलब्ध भएको अन्य कुनै कार्यालय वा संस्थामा समेत पठाउन सक्नेछ । त्यसरी प्रयोगात्मक परीक्षा लिँदा आयोगले सम्बन्धित विषयको दक्षको समेत सहयोग लिन सक्नेछ । प्रयोगात्मक परीक्षाको स्तर र उत्तीर्णाङ्क प्रतिशत आयोगले तोकेबमोजिम हुनेछ ।

१५. छनौट: पूर्ति गर्नुपर्ने पदको सङ्ख्यानुसार लिखित परीक्षा वा प्रयोगात्मक परीक्षाको लागि पर्याप्त उम्मेदवार उपलब्ध नभएमा वा अन्य कुनै कारणले गर्दा त्यस्तो परीक्षा लिइरहन सम्भव नभएमा वा कुनै खास पदको लागि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

त्यस्तो परीक्षा लिन आवश्यक नदेखिएमा आयोगले अवस्थानुसार अन्य प्रक्रियाद्वारा उम्मेदवार छनौट गर्न सक्नेछ ।

१६. सफल उम्मेदवारको सूची प्रकाशन: लिखित वा प्रयोगात्मक परीक्षामा उत्तीर्ण भई बढी अङ्क प्राप्त गर्ने उम्मेदवारमध्ये वा छनौटबाट बढी योग्य देखिएको उम्मेदवारमध्येबाट रिक्त पदको अनुपातमा आयोगले तोकेको सङ्ख्यामा उम्मेदवारको नामको सूची सम्बन्धित उम्मेदवारको जानकारीको लागि प्रकाशन गर्नेछ ।

१७. अन्तर्वार्ता समितिको गठन :

(१) नियम (१६) बमोजिमको सूचीमा नाम समावेश भएका उम्मेदवारको अन्तर्वार्ता लिनका निमित्त आयोगले समयसमयमा अन्तर्वार्ता समिति गठन गर्नेछ र त्यस्तो समितिको अध्यक्षता आयोगले तोकेको व्यक्तिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अन्तर्वार्ता समितिको कार्याविधि आयोगले तोकेबमोजिम हुनेछ ।

१८. दक्ष वा विशेषज्ञको मनोनयन: आयोगले यस नियमअन्तर्गत आफूले गर्नुपर्ने कामका लागि आवश्यक दक्ष वा विशेषज्ञ मनोनयन गर्न सक्नेछ ।

१९. पारिश्रमिकसम्बन्धी व्यवस्था : आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित दक्ष, परीक्षक, अन्तर्वार्ता समितिको सदस्य वा अन्य व्यक्तिलाई आयोगले तोकेबमोजिमको पारिश्रमिक दिइनेछ ।

२०. योग्यताक्रमको सूची तयार गर्ने : नियम ९ बमोजिम आयोगबाट लिइएको परीक्षामा सम्मिलित उम्मेदवारले प्राप्त गरेको अङ्क र खुल्ला प्रतियोगिताका हकमा विज्ञापनमा तोकिएको न्यूनतम शैक्षिक योग्यताबापत, श्रेणीबापत, श्रेणीबमोजिम आयोगले निर्धारण गरेको अङ्कसमेत जोडी योग्यताक्रम सूची तयार गर्नुपर्नेछ ।

२१. चालचलन बुझ्ने : सशस्त्र प्रहरी सेवामा नयाँ नियुक्ति हुने उम्मेदवार नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाए नपाएको वा ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य रहेनरहेको वा कुनै राजनीतिक दलका सदस्य रहेनरहेको सम्बन्धमा बुझी सो नभएको देखिएमा मात्र निजलाई सशस्त्र प्रहरी सेवामा नियुक्ति गरिनेछ ।

२२. योग्यताक्रमअनुसार सिफारिस गर्ने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) पदपूर्तिका लागि माग भई आएबमोजिम आयोगले नियुक्तिका लागि उम्मेदवारको नाम सिफरिस गर्दा नियम २० बमोजिमको सूचीबाट योग्यताक्रमअनुसार सिफारिस गर्नेछ र नियुक्तिको अधिकारीले पनि आयोगको सिफारिसको आधारमा योग्यताक्रम अनुसार सिफारिस प्राप्त भएको मितिले राजपत्राङ्कित अधिकृतका हकमा एक महिनाभित्र र राजपत्रअनङ्कितका हकमा पन्ध्र दिनभित्र नियुक्ति गरी नियुक्ति गरेको जानकारी यथाशक्य छिटो साधनद्वारा सम्बन्धित उम्मेदवार र आयोगलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्दा कुल रिक्त पदको आयोगले तोकेको प्रतिशतसम्म उत्तीर्ण भई प्राप्त गरेको योग्यताक्रमअनुसार वैकल्पिक उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

(३) उपनियम (२) बमोजिम वैकल्पिक सूचीमा नाम भएका उम्मेदवारहरूलाई देहायका अवस्थामा मात्र योग्यताक्रमअनुसार नियुक्ति दिइनेछ :

(क) सिफारिस गरिएको उम्मेदवारको नियुक्तिको सूचना पाएको/सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र नियुक्तिपत्र नलिएमा,

(ख) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा निजको माथिल्लो पदमा नियुक्त भई परीक्षणकालभित्रै निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा,

(ग) खण्ड (क) र (ख) को अवस्था परी रिक्त भएको पदपूर्ति गर्नुपरेमा नियुक्तिको अधिकारीले कुन अवस्था परी पद रिक्त भएको हो, सो खुलाई वैकल्पिक सूचीबाट उम्मेदवारको नियुक्ति गरी सो कुराको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(४) उपनियम (३) मा जनुसुकै कुरा लेखिएको भए तापनि आयोगले सिफारिस गरेको मितिले एकवर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछैन ।

२३. <u>पुनरावलोकन गर्न सक्ने</u> : आयोगले नयाँ नियुक्तिको लागि सिफारिस पठाएकोमा सो बमोजिम नियुक्तिपत्र दिनुअगावै कुनै उम्मेदवारको सिफारिस

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

उम्मेदवारले प्रस्तुत गरेको गलत विवरणको कारणबाट फिर्ता लिनुपरेमा आयोगले कारणजनाई सिफारिस रद्द गरी योग्यताक्रमको सिफारिसको अर्को सूचना प्रकाशन गर्न सक्नेछ ।

२४. गोप्य रहने: आयोगले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहनेछन् ।

२५. सपथग्रहण गर्ने: पहिलोपटक नियुक्ति भएका प्रत्येक सशस्त्र प्रहरीले अनुसूची १ मा तोकिएबमोजिमको ढाँचामा सपथग्रहण गर्नुपर्नेछ ।

२६. वैयक्तिक विवरण फारम :

(१) पहिलोपटक नियुक्ति भएका प्रत्येक सशस्त्र प्रहरीले अनुसूची २ मा तोकिएबमोजिमको ढाँचामा चारप्रति वैयक्तिक विवरण फारम भर्नुपर्नेछ ।

(२) देहायका सशस्त्र प्रहरीका वैयक्तिक विवरणको अभिलेख देहायबमोजिमको कार्यालयले राख्नेछ :

(क) सबै तहका सशस्त्र प्रहरीको प्रहरी किताबखाना र प्रधान कार्यालयमा,

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षकदेखि सशस्त्र प्रहरी महानिरीक्षकसम्मको गृहमन्त्रालयमा,

(ग) सम्बन्धित क्षेत्रका सबै तहका सशस्त्र प्रहरीको सम्बन्धित क्षेत्रीय मुख्यालयमा ।

(३) सशस्त्र प्रहरीको सरुवा, बढुवा, विभागीय कार्बाहीलगायतका सबै विवरणहरू वैयक्तिक विवरणमा जनाई अद्यावधिक गरी राख्नुपर्ने दायित्व उपनियम २ बमोजिम अभिलेख राख्ने कार्यालयको हुनेछ ।

२७. परीक्षणकाल : सशस्त्र प्रहरी सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा तालिम समाप्त भएको मितिले एक वर्षका लागि परीक्षणकालमा राखिनेछ । परीक्षणकालमा निजको काम र चालचलन सन्तोषजनक नभएमा निजको नियुक्ति बदर हुनेछ ।

२८. ज्येष्ठता कायम गर्ने : नियम २७ बमोजिम परीक्षणकाल समाप्त भई नियुक्ति सदर भएका सशस्त्र प्रहरीको ज्येष्ठताक्रम कायम गर्दा निजहरूले सशस्त्र प्रहरी आधारभूत तालिममा प्राप्त गरेको अङ्कका आधारमा र बढुवाका हकमा बढुवा हुँदा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२९. वार्षिक प्रतिवेदन: आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार, गृहमन्त्रालयसमक्ष पेस गर्नुपर्नेछ ।

परिच्छेद –५

सरुवा, काज तथा बढुवा

३०. सरुवा गर्ने तथा काज खटाउने अधिकार :

(१) सशस्त्र प्रहरीलाई सामान्यतया एकाइगत रूपमा विभिन्न क्षेत्रमा आलोपालो गरी सरुवा गरिनेछ ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि एकाइगत सरुवा भन्नाले गण, गुल्म तथा सो सरहका अन्य कार्यालयमा कार्यरत सम्पूर्ण सशस्त्र प्रहरीको सरुवालाई जनाउँछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीलाई देहायबमोजिम सरुवा गर्न वा काज खटाउन सकिनेछ :

(क) कुनै सशस्त्र प्रहरीले कारण देखाई आफू कार्यरत रहेको कार्यालय छाडी अर्को कुनै सशस्त्र प्रहरी कार्यालयमा सरुवा भई जान चाहेमा त्यस्तो सशस्त्र प्रहरीले कार्यरत रहेको कार्यालयमा निवेदन दिई सो कार्यालयले निजलाई सिफारिस गरेको र जान चाहेको सशस्त्र प्रहरी कार्यालयले स्वीकृति दिएमा,

(ख) कुनै प्राविधिक पद वा विशेष कामको लागि प्रधान कार्यालयले आवश्यक देखेमा ।

(३) देहायका सशस्त्र प्रहरीलाई सरुवा गर्ने तथा काज खटाउने अधिकार देहायका अधिकारीलाई हुनेछ :

(क) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सोभन्दा माथिल्लो दर्जाका सशस्त्र प्रहरीलाई नेपाल सरकार,

(ख) सशस्त्र प्रहरी उपरीक्षक र सोभन्दा तलका सशस्त्र प्रहरीलाई सशस्त्र प्रहरी महानिरीक्षक,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) आफ्नो क्षेत्रभित्रका सशस्त्र प्रहरी नायब निरीक्षक र सोभन्दा तलका सशस्त्र प्रहरीलाई सशस्त्र प्रहरी नायब महानिरीक्षक ।

(४) सशस्त्र प्रहरीलाई सामान्यतया संवेदनशील स्थानमा अठार महिना र एउटै स्थानमा तीन वर्षभन्दा बढी काममा लगाइनेछैन ।

३१. कायममुकायम, कार्यवाहाक तथा निमित्तसम्बन्धी व्यवस्था :

(१) सशस्त्र प्रहरी सेवाको कुनै पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक काम गर्न बाधा पर्न गएमा सो पदमा कायममुकायम मुकरर गरी काम लगाउन सकिनेछ ।

(२) यस नियमबमोजिम कायममुकायम मुकरर गर्दा एक तहमुनिको सशस्त्र प्रहरीहरूमध्ये बढुवाका लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सशस्त्र प्रहरीलाई मात्र कायममुकायम मुकरर गरिनेछ ।

(३) कुनै सशस्त्र प्रहरी जुन पदमा कायममुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(४) सशस्त्र प्रहरीको देहायका पदमा देहायको पदाधिकारीले कायममुकायम मुकरर गर्नेछ :

(क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृत पदमा नेपाल सरकार,

(ख) राजपत्रअनङ्कित तहको सशस्त्र प्रहरी पदमा सशस्त्र प्रहरी महानिरीक्षक ।

(५) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिको लागि रिक्त भएमा र सो पदमा कायममुकायम नतोकिएको अवस्थामा एक तहमाथिको कार्यालय प्रमुखले सो पदको कार्यवाहक भई कामकाज गर्न सो रिक्त पद भन्दा एक तहमुनिको कुनै सशस्त्र प्रहरीलाई तोक्न सक्नेछ । त्यसरी कार्यवाहक तोक्दा त्यसको सूचना सशस्त्र प्रहरी प्रधान कार्यालयमा दिनुपर्नेछ ।

तर, साधारणतया राजपत्रअनङ्कित तहको सशस्त्र प्रहरीको पदमा कार्यवाहक तोकिनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(६) उपनियम (५) बमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबैभन्दा वरिष्ठ सशस्त्र प्रहरीलाई कार्यवाहक तोक्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको सशस्त्र प्रहरीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(८) कायममुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाँघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ सशस्त्र प्रहरीले सो पदका निमित्त भई काम गर्नेछ ।

(९) कुनै पदमा कायममुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने सशस्त्र प्रहरीले जुन पदमा रही कायममुकायम वा कार्यवाहक वा निमित्त भई काम गरेको छ सोही पदको तलबभत्ता र रासन पाउनेछ । तर, पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरेबापत कुनै किसिमको तलबभत्ता र रासन दिइनेछैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा सो कार्यवाहक वा निमित्त भई काम गरेको पुरै अवधिको तलब, भत्ता र रासन दिइनेछ ।

(१०) कायममुकायम, कार्यवाहक वा निमित्त भई काम गर्ने सशस्त्र प्रहरीले पाउने तलबभत्ताको अङ्क निजले सो पदमा बढुवा पाएमा पाउने तलबभत्ताको अङ्कभन्दा बढी हुनेछैन ।

(११) उपनियम (९) बमोजिमको तलब, भत्ता र रासन कायममुकायम, कार्यवाहक वा निमित्त भई काम गरेको कार्यालयबाट दिइनेछ ।

३२. <u>बढुवा गर्ने अधिकारी :</u>

(१) सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूमध्येबाट र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा सशस्त्र प्रहरी नायब महानिरीक्षहरूमध्येबाट कार्यसम्पादन गर्न सक्ने खुबी, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको सशस्त्र प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा सशस्त्र प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट कार्यसम्पादन गर्न सक्ने खुबी, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको सशस्त्र प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

(३) सशस्त्र प्रहरी महानिरीक्षक तथा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकबाहेक सशस्त्र प्रहरी सेवाको अन्य पदहरूमा बढुवा गर्ने अधिकार बढुवा समितिको सिफारिसमा देहायको अधिकारीलाई हुनेछ :

(क) सशस्त्र प्रहरी नायब महानिरीक्षक र सोभन्दा मुनिको राजपत्राङ्कित अधिकृत तहको पदमा नेपाल सरकार,

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक पदमा सशस्त्र प्रहरी महानिरीक्षक,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा सशस्त्र प्रहरी नायब महानिरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत,

(घ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार तथा सशस्त्र प्रहरी सहायक हवलदार पदमा सशस्त्र प्रहरी उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत ।

३३. बढुवा समिति: देहायबमोजिमको पदमा गरिने बढुवाका लागि सिफारिस गर्न देहायबमोजिमको सदस्यहरू रहेको बढुवा समिति रहनेछ :

(क) सशस्त्र प्रहरी नायब महानिरीक्षक/सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदका लागि :

(१) सचिव, गृहमन्त्रालय –अध्यक्ष

(२) सशस्त्र प्रहरी महानिरीक्षक –सदस्य

(३) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायब महानिरीक्षक –सदस्य सचिव

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक पदका लागि :

(१) सशस्त्र प्रहरी महानिरीक्षक –अध्यक्ष

(२) सहसचिव, गृहमन्त्रालय –सदस्य

(३) सशस्त्र प्रहरी नायब महानिरीक्षक –सदस्य सचिव

(ग) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक पदका लागि :

(१) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायब महानिरीक्षक –अध्यक्ष

(२) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक –सदस्य

(३) सशस्त्र प्रहरी उपरीक्षक –सदस्य सचिव

(घ) सशस्त्र प्रहरी सहायक निरीक्षकको पदका लागि :

(१) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक –अध्यक्ष

(२) सशस्त्र प्रहरी उपरीक्षक –सदस्य

(३) सशस्त्र प्रहरी नायब उपनिरीक्षक –सदस्य सचिव

(ङ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार र सशस्त्र प्रहरी सहायक हवलदार पदका लागि :

(१) सशस्त्र प्रहरी नायब उपरीक्षक –अध्यक्ष

(२) सशस्त्र प्रहरी निरीक्षक –सदस्य

(३) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक वा सशस्त्र प्रहरी नायब निरीक्षक –सदस्य सचिव

३४. <u>बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवाअवधि :</u>

(१) बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तहको पदभन्दा एकतहमुनिको श्रेणी वा तहको पदमा देहायबमोजिमको न्यूनतम सेवाअवधि पुगेको हुनुपर्नेछ :

(क) राजपत्राङ्कित पदका लागि चार वर्ष,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवा हुन सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा चार वर्ष वा सशस्त्र प्रहरी नायब निरीक्षक पदमा छ वर्ष,

(ग) राजपत्र अङ्कित पदको लागि दुई वर्ष ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका पद तथा अवस्थामा सशस्त्र प्रहरीलाई बढुवा हुन न्यूनतम सेवाअवधिको हद लाग्नेछैन :

(क) सशस्त्र प्रहरी नायब महानिरीक्षक र सोभन्दा माथिल्लो पदमा बढुवा हुन,

(ख) ऐनको दफा १६ बमोजिम स्थानान्तरण भई आएका नेपाली सेनाको बहालवाला सैनिक तथा अन्य प्रहरी सेवाका बहालवाला प्रहरीलाई पहिलो एकपटकको लागि एक तहमाथिको पदमा बढुवा हुन,

(ग) असाधारण वा साहसिक वा वीरतापूर्वक कार्य गरेको राजपत्रअनङ्कित सशस्त्र प्रहरीलाई माथिल्लो पदमा बढुवा हुन ।

३५. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने : नियम ३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर सशस्त्र प्रहरी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछैनः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म, र

(घ) तलबवृद्धि रोक्का भएकोमा वा तल्लो टाइमस्केलवा त्यही टाइमस्केलको तल्लो स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्मको अवधिभर ।

३६. बढुवाको आधार :

(१) बढुवा समितिले सशस्त्र प्रहरीलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्यक्षमताको आधारमा गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) सशस्त्र प्रहरीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायबमोजिम अधिकतम एकसय पच्चीस अङ्क दिइनेछ :

(क) कार्यसम्पादन मूल्याङ्कन –चालीस अङ्क

(ख) ज्येष्ठता –चौबीस अङ्क

(ग) नेपाल राज्यको विभिन्न क्षेत्रमा काम गरेबापत–पन्ध्र अङ्क

(घ) शैक्षिक योग्यता –सात अङ्क

(ङ) तालिम –तीस अङ्क

(च) कमान्ड –नौ अङ्क

३७. कार्यसम्पादनको मूल्याङ्कन:

(१) सशस्त्र प्रहरीको कार्यसम्पादनको मूल्याङ्कनका लागि प्रयोग गरिने कार्यसम्पादनको मूल्याङ्कन फारम अनुसूची ३ बमोजिम हुनेछ ।

(२) सशस्त्र प्रहरीको कार्यसम्पादन मूल्याकनको कुल अङ्कको विभाजन देहायबमोजिम हुनेछ :

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम –अठार अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम– बाह्र अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम – दस अङ्क

(३) सशस्त्र प्रहरीको कार्यसम्पादन मूल्याङ्कन गर्न अनुसूची–४ मा तोकिएबमोजिमको सुपरीवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समिति रहनेछ ।

(४) सुपरीवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिले कार्यसम्पादन मूल्याङ्कनबापत अङ्क दिँदा यो नियम र कार्यसम्पादन मूल्याङ्कन फारममा उल्लिखित आधारअनुरूप दिनुपर्नेछ ।

(५) सशस्त्र प्रहरीको कार्यसम्पादन मूल्याङ्कन वार्षिक (श्रावण एक गतेदेखि आषाढ मसान्तसम्म) रूपमा गरिनेछ ।

(६) कार्यसम्पादन मूल्याङ्कनबापत सुपरीवेक्षकले पन्चानब्बे प्रतिशत भन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनुपर्छ र पचहत्तर प्रतिशतभन्दा कम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अङ्क दिएकोमा सम्बन्धित सशस्त्र प्रहरीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सोसमेत राखी पुनरावलोकन समितिसमक्ष पेस गर्नुपर्नेछ । कार्यसम्पादन मूल्याङ्कनमा सुपरीवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको सो मूल्याङ्कनमा चित्त नबुझेमा पुनरावलोकन समितिले सोको स्पष्ट कारणसमेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाइएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कन संशोधन गर्न आवश्यक नभए सोको उचित कारण खुलाई पठाउनुपर्नेछ ।

(७) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनका निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पदान मूल्याङ्कन फारमको औसतबाट हिसाब गरिनेछ ।

तर, अध्ययन, तालिम निलम्बन, बर्खासी वा संयुक्त राष्ट्रसङ्घको सेवामा गएको वा रहेको अवधिको कार्यसम्पादन मूल्याङ्कनबापत त्यस्तो अध्ययन, तालिम, निलम्बन, बर्खासी वा सयुक्त राष्ट्रसङ्घको सेवामा जानु वा रहनुभन्दा तत्कालअघिको वर्षमा जति अङ्क पाएको छ त्यही अनुपातमा अङ्क दिइनेछ ।

(८) कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी अन्य व्यवस्था बढुवा समितिले तोकेबमोजिम हुनेछ ।

३८. ज्येष्ठताको मूल्याङ्कन : सशस्त्र प्रहरीलाई ज्येष्ठताबापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको श्रेणी वा तहको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम चौबीस अङ्क दिइनेछ ।

तर, एक वर्षभन्दा कम अवधिको ज्येष्ठताबापतको अङ्क गणना गर्दा दामासाहीबाट गरिनेछ ।

३९. विभिन्न क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन :

(१) नियम ३६ को उपनियम (२) को खण्ड (ग) को प्रयोजनको लागि नेपाल सरकारले नेपाल राज्यलाई देहायको वर्गमा विभाजन गर्नेछ :

(क) "क" वर्ग अति सवेदनशील,

(ख) "ख" वर्ग संवेदनशील र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) "ग" वर्ग सामान्य ।

(२) उपनियम (१) बमोजिम वर्गमा कार्यरत सशस्त्र प्रहरीले देहायबमोजिम अङ्क पाउनेछ :

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि दुई अङ्कका दरले बढीमा पन्ध्र अङ्क,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि डेढ अङ्कका दरले बढीमा दश अङ्क,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि एक अङ्कका दरले बढीमा पाँच अङ्क ।

(३) तीन महिनाभन्दा बढी रुजु हाजिर भई कुनै पनि वर्गमा सेवा गरेमा दामासाहीका दरले प्राप्त हुने अङ्क दिइनेछ । विभिन्न वर्गमा काम गरेबापत पाउने अङ्क हाल बहाल रहेको श्रेणी वा पदमा प्राप्त भएको भएमात्र गणना गरिनेछ ।

४०. शैक्षिक योग्यता:

(१) सशस्त्र प्रहरी सेवाको देहायको पदमा बढुवाको लागि देहायको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ :

(क) सशस्त्र प्रहरी नायब उपरीक्षक र सोभन्दा माथिल्लो पदका लागि स्नातक वा सोसरह उत्तीर्ण,

(ख) सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक पदका लागि प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागि दशम कक्षा उत्तीर्ण,

(घ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार र सशस्त्र प्रहरी सहायक हवलदार पदका लागि अष्ठम कक्षा उत्तीर्ण ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १६ बमोजिम नेपाली सेनाबाट स्थानान्तरण भई आएका अधिकृत तथा जवानहरूले देहायबमोजिमका पदहरूका लागि देहायबमोजिम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तालिम प्राप्त गरेको भएमा नियम ३६ को उपनियम (२) को खण्ड (घ) अनुसारको शैक्षिक योग्यता प्राप्त गरेको मानिनेछ ।

(क) सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक	कमान्ड तथा स्टाफ कलेज वा गणपति तालिम वा मद्दति वा बन्दोबस्त अङ्गको समान तहको कुनै एक तालिम वा जङ्गल वारफेर वा माउन्टेन वारफेर तालिम,
(ख) सशस्त्र प्रहरी नायब उपरीक्षक	गुल्मपति तथा स्टाफ तालिम वा (१) युवक अधिकृत तालिम (२) गण मद्दति हतियारको कुनै एक लेग वा मद्दति वा बन्दोबस्ती अङ्गको समान तहको कुनै एक तालिम वा जङ्गल वारफोर वा माउन्टेन वारफेर तालिम ।
(ग) सशस्त्र प्रहरी निरीक्षक	फस्ट क्लास शिक्षा
घ) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक,	१. सेकेन्ड क्लास शिक्षा २. से.मु. पति तालिम ३. म्याप रिडिङ
ङ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार	१. पत्तिपति तालिम २.म्याप रिडिङ तालिम ३. थर्ड क्लास शिक्षा
च) सशस्त्र प्रहरी हवलदार	१.थर्ड क्लास शिक्षा २.बिल्लादार आधार तालिम
छ) सशस्त्र प्रहरी सहायक हवलदार	१. थर्ड क्लास शिक्षा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) सशस्त्र प्रहरी सेवामा बहाल रहेको कुनै पनि पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताबापत प्रथम, द्वितीय र तृतीय श्रेणीको निमित्त क्रमशः सात, साढे छ र छ अङ्क दिइनेछ ।

(४) उपनियम (३) बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएमा एक तहमुनिको शैक्षिक योग्यताबापत प्रथम, द्वितीय र तृतीय श्रेणीको निमित्त क्रमशः पाँच, साढे चार र चार अङ्क दिइनेछ ।

(५) उपनियम (४) बमोजिमको शैक्षिक योग्यता पनि नभएमा सोभन्दा एक तहमुनिको शैक्षिक योग्यताबापत प्रथम, द्वितीय र तृतीय श्रेणीको निमित्त क्रमशः तीन, साढे दुई र दुई अङ्क दिइनेछ ।

(६) श्रेणी नखुलेको शैक्षिक योग्यताबापत द्वितीय श्रेणीसरहको अङ्क दिइनेछ ।

४१. <u>तालिम :</u>

(१) आधारभूत तालिम सफलतापूर्वक पूरा नगरेको कुनै पनि सशस्त्र प्रहरी बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन तथा व्यावसायिक तालिममा सहभागी हुन पाउनेछैन र आधारभूत तालिमबापत कुनै अङ्क प्रदान गरिनेछैन ।

(२) सशस्त्र प्रहरीको कुनै पनि पदमा बढुवा हुन आवश्यक पर्ने आधारभूत तालिम तथा व्यावसायिक तालिम अनुसूची–५ बमोजिमको हुनेछ ।

(३) सशस्त्र प्रहरी बललाई विस्तार गर्न आवश्यक पर्ने जनशक्ति परिपूर्ति गर्न उपनियम (२) बमोजिमको तालिम सञ्चालन भइनसकेको अवस्थामा ऐनको दफा १६ बमोजिम स्थानान्तरण भइआएका सशस्त्र प्रहरीको हकमा बढुवाको लागि उपनियम (२) लागु हुनेछैन ।

(४) सशस्त्र प्रहरी जवानदेखि सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकसम्मका सशस्त्र प्रहरीको अनुसूची– ५ मा उल्लिखित व्यावसायिक तालिमअन्तर्गत समूह "क" र समूह "ख" को तालिममध्ये प्रत्येक समूहको कम्तीमा एकएक विषयको तालिम अनिवार्य रूपमा गर्नुपर्ने र अन्य समूहमध्येबाट कुनै एक विषयको तालिम गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रत्येक समूहको तालिमबापत अधिकतम दस अङ्क प्रादान गरिनेछ ।

(५) बढुवाका लागि अङ्क निर्धारण गर्दा प्रत्येक समूहका लागि कुनै एक विषयको तालिमबापतको अङ्कमात्र गणना गरिनेछ । एकै समूहको एकभन्दा बढी विषयको तालिमका लागि छुट्टै अङ्क गणना गरिनेछैन ।

तर, कुनै समूहको एकभन्दा बढी विषयमा तालिम प्राप्त गर्ने सशस्त्र प्रहरीका हकमा अङ्क गणना गर्दा निजले प्राप्त गरेको सबभन्दा बढी अङ्कलाई गणना गरिनेछ ।

(६) श्रेणी नखुलेको स्वदेश तथा विदेशमा लिएको कुनै पनि तालिमको अङ्क गणना गर्दा ख श्रेणी बराबरको अङ्क प्रदान गरिनेछ ।

तर, पन्ध्र दिनभन्दा कम अवधिको तालिमबापतको अङ्क गणना हुनेछैन ।

(७) सशस्त्र प्रहरीले व्यावसायिक तालिमअन्तर्गत प्रत्येक समूहको कुनै विषयको तालिमबापत पाउने अङ्क देहायबमोजिम हुनेछ :

(क) सैद्धान्तिक विषय :

श्रेणी	प्रतिशत	अधिकतम पाउने अङ्क
"क"	असी प्रतिशत र सोभन्दा माथि	दस
"ख"	पैंसठ्ठी प्रतिशत र सोभन्दा माथि	नौ
"ग"	पचास प्रतिशत र सोभन्दा माथि	आठ
"घ"	चालीस प्रतिशत र सोभन्दा माथि	सात

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) व्यावहारिक विषय :

श्रेणी	प्रतिशत	अधिकतम पाउने अङ्क
"क्ष"	असी प्रतिशत र सोभन्दा माथि	नौ
"त्र"	पचास प्रतिशत र सोभन्दा माथि	आठ
"ज्ञ"	चालीस प्रतिशत र सोभन्दा माथि	सात

स्पष्टीकरण : व्यावसायिक तालिमअन्तर्गत सैद्धान्तिक तथा व्यावहारिक विषयमा छुट्टाछुट्टै अङ्क प्राप्त भएको भए प्राप्त अङ्कको जोडलाई दुईले भाग गरी हुन आउने अङ्कलाई प्राप्ताङ्क मानी सोही आधारमा अङ्क निर्धारण गरिनेछ ।

(८) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सोभन्दा मुनिका प्राविधिक पदका सशस्त्र प्रहरीको बढुवाको लागि प्रधान कार्यालयले आवश्यकता अनुरूपका तालिम सञ्चालन गर्न सक्नेछ र त्यस्ता तालिमबापत अङ्क गणना गर्दा यसै नियममा लेखिएबमोजिम गरिनेछ ।

४२. कमान्डको मूल्याङ्कन: बढुवा समितिले बढुवाको आधार लिँदा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई विशेष कामको सिलसिलामा खटिएको वा निजले सम्पादन गरेको कार्यको मूल्याङ्कन वा सशस्त्र प्रहरी सङ्गठनका लागि विशेष कार्य वा तोकिएको काम कुशलतापूर्वक सम्पादन गरेको वा कार्यालय प्रमुखको रूपमा कार्य गरेको आधारमा मूल्याङ्कन गरिनेछ ।

४३. बढुवाको नियुक्ति : बढुवा समितिले बढुवाको लागि सिफारिस भएको सशस्त्र प्रहरीको नामावली प्रकाशन गर्नेछ र नामावली प्रकाशन भएको मितिबाट बढुवा हुने श्रेणीको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

परिच्छेद – ६

तलब, भत्ता र दैनिक तथा भ्रमण भत्ता

४४. तलबभत्ता :

(१) सशस्त्र प्रहरीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलबभत्ता पाउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) सशस्त्र प्रहरीले सशस्त्र प्रहरी सेवामा रही काम गरेबापत पाउने तलबभत्ता नेपाल सरकारले समयसमयमा तोकिदिएबमोजिम हुनेछ ।

(३) प्रत्येक सशस्त्र प्रहरीले एक वर्षको सेवा पूरा गरेपछि नेपाल सरकारले तोकिदिएबमोजिमको तलबवृद्धि पाउनेछ ।

४५. पकाएको तलबभत्ता पाउने :

(१) सशस्त्र प्रहरीले प्रत्येक महिना भुक्तान भएपछि तलबभत्ता पाउनेछ ।

(२) कुनै सशस्त्र प्रहरीले पकाएको तलबभत्ता निज जुनसुकै व्यहोराबाट सशस्त्र प्रहरी सेवामा नरहे पनि पाउनेछ ।

(३) ऐन तथा यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि सशस्त्र प्रहरीले पाउने तलब निजले काम गरिरहेको वा बिदामा बसेको बखत रोकिनेछैन ।

४६. कर्मचारी सञ्चयकोषमा रकम जम्मा गरी दिने : सशस्त्र प्रहरीको मासिक तलबबाट दस प्रतिशतका दरले कट्टा गरी सो रकममा नेपाल सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरी दिनेछ ।

४७. दसैं खर्च :

(१) सशस्त्र प्रहरीले खाइपाइआएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दसैं खर्चको रूपमा पाउनेछ ।

(२) निवृत्तिभरण पाउने गरी सशस्त्र प्रहरी सेवाबाट अवकाश प्राप्त सशस्त्र प्रहरीलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम दसैं खर्चको रूपमा दिइनेछ ।

४८. दैनिक तथा भ्रमणभत्ता :

(१) दैनिक तथा भ्रमण भत्ता दिने प्रयोजनको लागि सशस्त्र प्रहरीलाई देहायबमोजिम वर्गीकरण गरिएको छ :

(क) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सोदेखि माथिका अधिकृत – प्रथम तह

(ख) सशस्त्र प्रहरी निरीक्षकदेखि सशस्त्र प्रहरी उपरीक्षकसम्मका अधिकृत – द्वितीय तह

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) सशस्त्र प्रहरी जवानदेखि सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षकसम्म – तृतीय तह

(घ) सशस्त्र प्रहरी परिचर वा सोसरह – चतुर्थ तह

(२) सशस्त्र प्रहरीले उपनियम (१) बमोजिम गरिएको वर्गीकरणका आधारमा आर्थिक प्रशासनसम्बन्धी नियमावलीमा तोकिएबमोजिम दैनिक तथा भ्रमण भत्तालगायतका अन्य सुविधा पाउनेछन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ७

अवकाश, उपदान, निवृत्तिभरण र उपचार खर्च

४९. अनिवार्य अवकाश:

(१) देहायको सशस्त्र प्रहरीको देहायबमोजिम उमेर पुगेपछि निजलाई सेवाबाट अवकाश दिइनेछ :

(क) सशस्त्र प्रहरी महानिरीक्षक – अन्ठाउन्न वर्ष

(ख) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षक – छपन्न वर्ष

(ग) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सशस्त्र प्रहरी उपरीक्षक – पचपन्न वर्ष

(घ) सशस्त्र प्रहरी नायब उपरीक्षक – चौवन्न वर्ष

(ङ) सशस्त्र प्रहरी निरीक्षक – त्रिपन्न वर्ष

(च) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक – बाउन्न वर्ष

(छ) सशस्त्र प्रहरी सहायक निरीक्षक – एकाउन्न वर्ष

(ज) सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार, सशस्त्र प्रहरी सहायक हवलदार र सशस्त्र प्रहरी जवान – पचास वर्ष

(झ) सशस्त्र प्रहरी परिचर वा सोसरह – पचपन्न वर्ष

(२) देहायका सशस्त्र प्रहरीले देहायको पदमा बढुवा भएको मितिले देहायको अवधिसम्म बहाल रहनेछन् र सो अवधिपछि अवकाश प्राप्त गर्नेछन् :

(क) सशस्त्र प्रहरी महानिरीक्षक – चार वर्ष

(ख) सशस्त्र प्रहरी अतिरिक्तमहानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षक – पाँच वर्ष

(ग) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक –सात वर्ष

(घ) सशस्त्र प्रहरी उपरीक्षक –दस वर्ष

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उमेरको हद वा पदको अवधिमध्ये कुनै एक पुगेपछि सशस्त्र प्रहरीले सेवाबाट अवकाश पाउनेछ ।

(४) यस नियमको प्रयोजनको लागि सशस्त्र प्रहरीको उमेर देहायबमोजिम गणना गरिनेछ :

(क) सेवामा प्रवेश गदा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर,

(ख) खण्ड (क) बमोजिमको अभिलेख नभएमा निजले सेवा प्रवेश गर्दा वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर ।

५०. स्वेच्छिक अवकाश : नियम ५४ बमोजिम निवृत्तिभरण पाउने अवधि पूरा गरी सकेको सशस्त्र प्रहरीलाई निजको इच्छा भएमा अख्तियारवालाले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

५१. राजीनामा स्वीकृत : सशस्त्र प्रहरीको राजीनामा स्वीकृत गर्ने अख्तियार देहायका अधिकारीलाई हुनेछ ।

(क) राजपत्राङ्कित अधिकृतको पदमा – नेपाल सरकार,

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक पदमा – सशस्त्र प्रहरी महानिरीक्षक,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा – सशस्त्र प्रहरी नायब महानिरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको अधिकृत,

(घ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार, सशस्त्र प्रहरी हवलदार, सशस्त्र प्रहरी सहायक हवलदार र सशस्त्र प्रहरी जवान पदमा – सशस्त्र प्रहरी उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत, र

(ङ) सशस्त्र प्रहरी परिचर वा सोसरहको पदमा – सशस्त्र प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५२. अवकाश पत्र:

(१) सशस्त्र प्रहरीलाई अवकाशको पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

(२) सेवाबाट अवकाश हुने सशस्त्र प्रहरीले पाउने उपदान, निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण, अन्य सुविधा र वृत्तिको रकम प्राप्त गर्ने अधिकारपत्र सम्बन्धित कार्यालयको सिफारिसमा प्रहरी किताबखानाले दिनेछ ।

५३. उपदान:

(१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर नियम ५४ बमोजिम निवृत्तिभरण पाउने अवधि नपुगेको सशस्त्र प्रहरीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :

(क) पाँच वर्षभन्दा बढी दस वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षका निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दस वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षका निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको सशस्त्र प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीमा सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो सशस्त्र प्रहरीलाई उपदान दिइनेछैन ।

५४. निवृत्तिभरण:

(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म सरकारी नोकरी गरेको सशस्त्र प्रहरीले नोकरीबाट अवकाश पाएको मितिदेखि निवृत्तिभरण पाउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम दिइने निवृतिभरणको हिसाब देहायबमोजिम हुनेछ ।

(क) राजपत्राङ्कित अधिकृतका निमित्त

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

ख) राजपत्रअनङ्कित तहका र सोभन्दा मुनिका सशस्त्र प्रहरीका निमित्त

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृतिभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरीको तलबको सुरुको अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरीको तलबको सुरु स्केलभन्दा बढी हुनेछैन ।

(४) पन्ध्र वर्ष सेवाअवधि पूरा गरेको कुनै सशस्त्र प्रहरीको मृत्यु भएमा निजको सेवाअवधिमा निवृत्तिभरणका लागि आवश्यक पर्ने सेवाअवधि पुऱ्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तिभररण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(५) भविष्यमा सरकारी नोकरीका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको सशस्त्र प्रहरीले यस नियमबमोजिम निवृत्तिभरण पाउनेछैन ।

५५. निवृत्तिभरण वृद्धि : बहालवाला सशस्त्र प्रहरीको तलबवृद्धि हुँदा तलब स्केलको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदको निवृत सशस्त्र प्रहरीको निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

५६. पारिवारिक निवृत्तिभरण र उपदान :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) कुनै सशस्त्र प्रहरीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई नियम ५३ वा ५४ मा लेखिएबमोजिम उपदान र निवृत्तिभरण प्राप्त हुनेछैन ।

तर निवृत्तिभरणका हकमा यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समय प्राप्त हुनेछैन । निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र प्रहरीको परिवार वा नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई सात वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुनेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि निवृत्तिभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज अठार वर्षको उमेर नभएसम्म त्यस्तो निवृत्तिभरण पाउनेछ ।

(३) सशस्त्र प्रहरीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तिभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तिभरणको आधा रकम पाउनेछ ।

(४) बहालवाला सशस्त्र प्रहरीको तलबवृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम उपनियम (१), (२), र (३) अनुसार पारिवारिक निवृत्तिभरण पाइरहेका व्यक्तिले खाइपाइआएको पारिवारिक निवृत्तिभरण रकममा थप गरिनेछ ।

(५) कुनै सशस्त्र प्रहरीको यस नियमावलीबमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरूमध्ये यस नियमावलीबमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तिभरण वा उपदान दिँदा मृतक सशस्त्र प्रहरीले आफ्नो परिवारका सदस्यमध्येमा वा नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभए सो रकम निजको परिवारको सदस्यमध्ये नेपाल सरकारले उचित ठहऱ्याएको व्यक्तिलाई दिनइनेछ ।

५७. अशक्त वृत्ति :

(१) कुनै सशस्त्र प्रहरी आफ्नो पदको कर्तव्य पालन गर्दा वा तालिमका सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अङ्गभङ्ग भएको छ वा चोटपटक लागि सशस्त्र प्रहरी सेवामा बहाल रहन अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरीले निजको जीविकाको निमित्त बाँचुन्जेलसम्म अशक्तवृत्तिको रूपमा उपनियम (२) मा लेखिए बमोजिम निवृत्तिभरणसहित उपनियम (३) मा लेखिएबमोजिमको अशक्त भत्ता पाउनेछ ।

(२) उपनियम (१) बमोजिम अशक्त भएको सशस्त्र प्रहरीको सेवाअवधि निवृत्तिभरण पाक्ने अवधि पुगेको भए निजले तत्काल खाइपाइआएको (कायममुकायम वा कार्यवाहक वा निमित्त भई काम गरेको भए सोको समेत) तलबले नियम ५४ को उपनियम (२) बमोजिम हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तिभरण पाउनेछ । त्यस्तो अशक्त सशस्त्र प्रहरीको सेवाअवधि निवृत्तिभरण पाउने अवधिभन्दा घटी भएमा यस नियमावली बमोजिम निवृतिभरण वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षका निमित्त दामासाहीबाट कट्टा गरी बाँकी हुन आउने रकम निवृत्तिभरणबापत पाउनेछ । यसरी कट्टी गर्दा एक तिहाइभन्दा बढी रकम कट्टी गरिनेछैन ।

(३) सशस्त्र प्रहरीले अशक्तताबापत उपनियम (२) बमोजिम पाउने अशक्त निवृत्तिभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले खाइपाइआएको तलबको बीस प्रतिशत बराबर हुनेछ ।

तर, अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका सशस्त्र प्रहरीले पछि कुनै सेवामा पुनः प्रवेश पाएमा निजले यस नियमावलीबमोजिमको अशक्तवृत्ति पाउनेछैन र खाइसकेको अशक्तवृत्ति रकम भने फिर्ता गर्नुपर्नेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी आतङ्ककारीबाट भएको आक्रमण र विस्फोटनबाट वा आतङ्ककारी विरुद्धको सशस्त्र प्रहरी कार्बाहीमा खटिइरहेको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी वा कुनै प्रकारको हतियारको चोटबाट सशस्त्र प्रहरी सेवाका निम्ति काम गर्न अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरीलाई सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाँघ्ने गरी सात वर्षसम्म खाइपाइआएको पूरा तलब पाउनेछ । उक्त पूरा तलब पाउने अवधि व्यतीत भएपछि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम सेवाअवधि भएको सशस्त्र प्रहरीले निवृत्तिभरण पाकेको अवधिसरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा बढी सेवाअवधि भएका सशस्त्र प्रहरीले सोहीबमोजिम निवृत्तिभरण पाउनेछ ।

(५) उपनियम (१) वा (४) बमोजिम चोटपटक लाग्न गई उपचार गराउँदा लाग्ने खर्चको पूरा रकम सम्बन्धित सशस्त्र प्रहरीले पाउनेछ र यस्तो उपचार खर्च दिँदा नियम ६२ को उपनियम (१) बमोजिम पाउने उपचार खर्चमा कट्टा गरिनेछैन ।

५८. असाधारण पारिवारिक निवृत्तिभरण र उपदान :

(१) कुनै सशस्त्र प्रहरी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्कालै मृत्यु भएमा वा त्यसैका कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि मृतक सशस्त्र प्रहरीको सबभन्दा नजिकको परिवारले त्यस्तो सशस्त्र प्रहरीले खाइपाइआएको तलबको आधा पारिवारिक निवृत्तिभरण र त्यस्तो परिवारलाई देहायबमोजिम असाधारण पारिवारिक उपदानसमेत दिइनेछ :

(क) दस वर्षसम्मको सेवाअवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाइआएको ६ महिनाको तलब बराबरको रकम,

(ख) दस वर्षदेखि बीस वर्षसम्मको सेवाअवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाइआएको नौ महिनाको तलब बराबरको रकम,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवाअवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाइआएको एक वर्षको तलब बराबरको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी आतङ्ककारीबाट भएको आक्रमण वा विस्फोटन वा कुनै हतियारको प्रहारबाट वा आतङ्ककारी विरुद्धको कार्बाहीमा खटिएका समयमा भीरपहराबाट लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनाबाट मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाँघ्ने गरी बढीमा सात वर्षसम्म निजको परिवारले पूरा तलब पाउनेछ । उक्त पूरा तलब पाउने अवधि व्यतीत भएपछि मृतक सशस्त्र प्रहरीको सेवाअवधि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम भएमा निवृतिभरण पाकेको अवधि सरह र निवृतिभरण पाक्ने अवधि बढी सेवाअवधि भएमा सोहीबमोजिम मृतक सशस्त्र प्रहरीको नजिकको परिवारले निवृत्तिभरण पाउनेछ ।

(३) यस नियमबमोजिम असाधारण पारिवारिक निवृत्तिभरण र उपदान मृतक सशस्त्र प्रहरीको पति वा पत्नी, बाबु आमा भए आजीवन र छोरा भए एकाइस वर्षको उमेर पूरा गरेमा वा सरकारी सेवामा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म र छोरी भए एक्काईस वर्षको उमेर पूरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

५९. सन्ततिवृत्ति र शैक्षिकवृत्ति : (१) कुनै सशस्त्र प्रहरी नियम ५७ बमोजिमको अवस्था परी आजीवन काम गर्न नसक्ने गरी अशक्त भएमा त्यस्तो अशक्त सशस्त्र प्रहरीको बढीमा दुई सन्ततिलाई देहायको दरले मासिक सन्ततिवृत्ति दिइनेछ :

(क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृत
– दुई सय साठी रुपैयाँ

(ख) राजपत्रअनङ्कित प्रथम र द्वितीय श्रेणीको सशस्त्र प्रहरी
– एक सय चौबीस रुपैयाँ

(ग) राजपत्रअनङ्कित तृतीय र चतुर्थ श्रेणीका सशस्त्र प्रहरी
– एक सय सोह्र रुपैयाँ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) सशस्त्र प्रहरी परिचर वा सोसरह
– एक सय बाह्र रुपैयाँ

(२) कुनै सशस्त्र प्रहरीले नियम ५८ बमोजिमको अवस्था परी मृत्यु भएमा त्यस्तो मृतक सशस्त्र प्रहरीको बढीमा दुई सन्ततिलाई मृतक सशस्त्र प्रहरीको बहाल रहेको पदको सुरु तलब स्केलको देहायबमोजिमको प्रतिशतका दरले मासिक सन्ततिवृत्ति दिइनेछ :

पद	सुरु तलबको प्रतिशत
(क) सशस्त्र प्रहरी महानिरीक्षक/सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक	–साढे छ
(ख) सशस्त्र प्रहरी नायब महानिरीक्षक/सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक	– आठ
(ग) सशस्त्र प्रहरी उपरीक्षक/सशस्त्र प्रहरी नायब उपरीक्षक	– नौ
(घ) सशस्त्र प्रहरी निरीक्षक	– दस
(ङ) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक	–बाह्र
(च) सशस्त्र प्रहरी नायब निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक	– तेह्र
(छ) सशस्त्र प्रहरी वरिष्ठ हवलदार/सशस्त्र प्रहरी हवलदार/सशस्त्र प्रहरी सहायक हवलदार/सशस्त्र प्रहरी जवान/सशस्त्र प्रहरी परिचर	– चौध

(३) उपनियम (१) वा (२) बमोजिमको वृत्ति छोरा भए एक्काईस वर्षको उमेर पूरा गरेमा वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म र छोरी भए एक्काईस वर्षको उमेर पूरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(४) कुनै सशस्त्र प्रहरीको नियम ५७ वा ५८ बमोजिमको अवस्था परी अशक्त भएमा वा मृत्यु भएमा त्यस्तो अशक्त वा मृत्तक सशस्त्र प्रहरीको बढीमा दुई सन्ततिलाई अठार वर्षको उमेर पूरा नभएसम्म उपनियम (१) वा (२) बमोजिमको सन्ततिवृत्तिको अतिरिक्त देहायबमोजिमको दरले वार्षिक शैक्षिकवृत्तिसमेत दिइनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

पद	शैक्षिकवृत्ति
(क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृत	– दुई हजार चार सय रुपैयाँ
(ख) राजपत्रअनङ्कित सशस्त्र प्रहरी र सशस्त्र प्रहरी परिचर वा सोसरह	– एक हजार आठ सय रुपैयाँ

६०. समितिको व्यवस्था : नियम ५७ र ५८ बमोजिमको अवस्था परी कुनै सशस्त्र प्रहरी अशक्त भएमा वा निजको मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरीको नजिकको परिवार वा सन्ततिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा सिफारिस गर्न देहायबमोजिमका समितिहरू रहनेछन् :

(क) राजपत्राङ्कित सशस्त्र प्रहरीको हकमा :

(१) प्रतिनिधि, गृहमन्त्रालय –अध्यक्ष

(२) प्रतिनिधि, अर्थ मन्त्रालय –सदस्य

(३) प्रतिनिधि, प्रधान कार्यालय –सदस्य

(४) चिकित्सक प्रतिनिधि, प्रधान कार्यालय –सदस्य

(ख) काठमाडौँ उपत्यकामा कार्यरत राजपत्रअनङ्कित र श्रेणीविहीन सशस्त्र प्रहरीको हकमा :

(१) प्रमुख जिल्ला अधिकारी, काठमाडौँ –अध्यक्ष

(२) प्रतिनिधि, क्षेत्रीय कोष निर्देशनालय मध्यमाञ्चल –सदस्य

(३) प्रतिनिधि, प्रधान कार्यालय –सदस्य

(४) चिकित्सक प्रतिनिधि, प्रधान कार्यालय –सदस्य

(ग) काठमाडौँ उपत्यका बाहिर कार्यरत राजपत्र अनङ्कित र श्रेणीविहीन सशस्त्र प्रहरीको हकमा:

(१) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी –अध्यक्ष

(२) प्रतिनिधि, सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय –सदस्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) सम्बन्धित सशस्त्र प्रहरी कार्यरत रहेको कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि –सदस्य

(४) चिकित्सक प्रतिनिधि, सम्बन्धित जिल्लाको अस्पताल वा स्वास्थ्य केन्द्र –सदस्य

६१. नोकरी अवधिको गणना:

(१) यस परिच्छेदको प्रयोजनका निमित्त नोकरी अवधिको गणना गर्दा सशस्त्र प्रहरी, नेपाली सेना वा अन्य प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको भए सो टुटेको अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति सशस्त्र प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपनियम (१) बमोजिम नोकरी अवधि गणना गर्दा निलम्बन रहेको अवधिलाई समेत गणना गरिनेछ ।

६२. औषधी उपचार:

(१) सशस्त्र प्रहरीले सेवाअवधिभरमा राजपत्राङ्कित श्रेणीको सशस्त्र प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्रअनङ्कित प्रथम श्रेणीको सशस्त्र प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्रअनङ्कित र श्रेणीविहीन सशस्त्र प्रहरी भए एक्काईस महिना बराबरको खाइपाइआएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछ ।

(२) कुनै सशस्त्र प्रहरी वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहायबमोजिम भएको खर्चको रकम दिइनेछ :

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको प्रेस्क्रिप्सनबमोजिम खरिद गरेको औषधी खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिलबमोजिमको खर्च,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित कार्यालयको प्रमुखले, कार्यालय प्रमुखको हकमा तालुक कार्यालयको प्रमुखले र सशस्त्र प्रहरी महानिरीक्षकको हकमा गृहमन्त्रालयको सचिवले सिफारिस गरेको खर्च,

(घ) प्लास्टिक सर्जरीबाहेक सबै किसिसमको चिरफार (सर्जिकल अप्रेशन) गर्दा लागेको बिलबमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दा र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खाना खर्चबापत निज बिरामी सशस्त्र प्रहरीले नियमअनुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि स्वीकृत चिकित्सक भन्नाले सरकारी सेवामा रहेको वा प्रचलित कानुनबमोजिम चिकित्सकको रूपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिस्टेन्ट वैद्यसमेतलाई जनाउँछ ।

(३) सरकारी कामका सिलसिलामा खटिँदा चोटपटक लाग्न गई कुनै सशस्त्र प्रहरी घायल भई नेपाल राज्यभित्र औषधी उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको सशस्त्र प्रहरीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई नेपाल सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस नियमबमोजिम पाउने उपचार खर्च कुनै सशस्त्र प्रहरीले पेस्कीको रूपमा लिन चाहेमा र सोको कारण मनासिब देखिए यस नियमको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेस्की दिन सकिनेछ । त्यसरी पेस्की दिएको रकम पछि हिसाब गर्दा उपचारबापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित सशस्त्र प्रहरीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ । त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तान नहुँदै सम्बन्धित सशस्त्र प्रहरी वा निजको परिवारको सदस्यको मृत्यु भएमा वा सो कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) झुट्टा व्यहोरा पेस गरी यस नियमबमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने सशस्त्र प्रहरीलगायत त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक (कर्मचारी भए) लाई विभागीय कार्बाही हुनेछ ।

(६) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने सशस्त्र प्रहरीले यस नियमबमोजिम सेवाअवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी भएको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

(७) बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवाअवधि पूरा गरी सेवाबाट अलग भएको सशस्त्र प्रहरीले उपनियम (६) बमोजिम पाउने उपचार खर्चमा लिन बाँकी रकमको क्रमशः दस, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आएने रकम एकमुष्ट पाउनेछ ।

(८) कुनै सशस्त्र प्रहरी दस वर्षको सेवाअवधि नपुग्दै भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरू जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा पनि दस वर्षको सेवाअवधि मानी त्यसको दामासाहीले यस नियमबमोजिमको उपचार खर्च दिइनेछ ।

(९) यस नियमबमोजिम स्वस्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनुपर्दा बाहेक सशस्त्र प्रहरीलाई आफ्नो परिवार र आफ्नो निमित्तसमेत गरी एक वर्षमा निजले खाइपाइआएको डेढ महिनाको तलब बराबरको रकमभन्दा बढी उपचार खर्च दिइनेछैन ।

(१०) यस नियमबमोजिम सशस्त्र प्रहरीले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले सशस्त्र प्रहरीको व्यक्तिगत अभिलेख राखी प्रहरी किताबखानामा समेत पठाउनुपर्नेछ ।

(११) दुर्गम क्षेत्रमा रहेका सशस्त्र प्रहरी वा निजको परिवारलाई रोग लागि स्थानीय स्वास्थ्य केन्द्रबाट उपचार हुन नसकी ज्यानसमेत जोखिम हुने अवस्था परेको कुरा जिल्ला स्वास्थ्य केन्द्रले सिफारिस गरेमा उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च नेपाल सरकारले दिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६३. तलबको उल्लेख :

(१) यस परिच्छेद र परिच्छेद ६ मा जहाँजहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित सशस्त्र प्रहरीको तत्कालको तलब रकम (तलबवृद्धि समेत) लाई जनाउनेछ ।

(२) नियम ५३ र ५४ को प्रयोजनका लागि आखिरी तलब भन्नाले सम्बन्धित सशस्त्र प्रहरीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै सशस्त्र प्रहरी निलम्बनमा रहेको भए त्यस्तो अवधिका निमित्त पनि पुरै तलबको हिसाब गरिनेछ ।

परिच्छेद – ८

आचरण

६४. समय पालन र नियमितता:

(१) सशस्त्र प्रहरीले नेपाल सरकारले निर्धारण गरेको समयमा नियमित रूपले ड्युटीमा रहनुपर्छ र सकेसम्म पहिल्यै बिदा स्वीकृत नगराई ड्युटीबाट अनुपस्थित हुनुहुँदैन ।

(२) सशस्त्र प्रहरीले अधिकारप्राप्त अधिकारीको इजाजत नलिई आफूलाई खटाइएको इलाका छोड्नुहुँदैन ।

६५. अनुशासन र आज्ञापालन:

(१) सशस्त्र प्रहरीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नुपर्दछ ।

(२) सशस्त्र प्रहरीले आफ्नो ड्युटीसम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई तदारुकताका साथ पालना गर्नुपर्दछ ।

(३) सशस्त्र प्रहरीले आफूभन्दा माथिका सबै सशस्त्र प्रहरीहरूप्रति उचित आदर देखाउनुपर्नेछ ।

६६. राजनीतिमा भाग लिन नहुने : सशस्त्र प्रहरीले कुनै राजनीतिक संस्थाको सदस्य बन्न राजनीतिमा भाग लिन, राजनीतिक संस्थाको सहायताको लागि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्नुहुँदैन ।

६७. सरकारको आलोचना गर्न नहुने:

(१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार र जनाताको पारस्परिक सम्बन्ध अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि सशस्त्र प्रहरीले आफ्नो वास्तविक वा काल्पनिक वा बेनामी नामबाट कुनै लेख प्रकाशन गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिबाट भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वत्तव्य प्रकाशन गर्नुहुँदैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन र नेपाल सरकारको नितिविपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्नेछैन ।

६८. सरकारी काम काजसम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध : कुनै पनि सशस्त्र प्रहरीले नेपाल सरकार वा विशेष रूपबाट अख्तियार नपाई आफूले सरकारी कर्तव्यको पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय, आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत सशस्त्र प्रहरी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनुहुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवाबाट अलग भएको व्यक्तिको हकमा समेत लागु हुनेछ ।

६९. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध :

(१) कुनै पनि सशस्त्र प्रहरीले नेपाल सरकारको पूर्वस्वीकृतिबिना आफूले वा आपनो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनुहुँदैन ।

(२) सशस्त्र प्रहरीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भएबमोजिम गर्नुपर्छ ।

७०. कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) सशस्त्र प्रहरीले नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्न हुँदैन :

(क) कुनै बैङ्क वा कम्पनीको स्थापना रजिस्ट्रेसन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानुनबमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्न र

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीले नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यक, वैज्ञानिक, कलात्मक वा मानवीय सहयोग कार्य गर्न सक्नेछ ।

७१. निर्वाचनमा भाग लिन नहुने : सशस्त्र प्रहरीले कुनै पनि राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्नका लागि कुनै प्रकारको प्रभाव पार्नुहुँदैन ।

तर, कसैलाई मत दिने वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न पाउनेछ ।

७२. प्रदर्शन र हड्ताल गर्नमा प्रतिबन्ध : सशस्त्र प्रहरीले नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्तिसुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र र सम्प्रदायका मानिसबीच वैमनष्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सोकार्य गर्ने उद्देश्यले अरूलाई उक्साउनसमेत हुँदैन ।

७३. हडताल, थुन छेक तथा घेराउ गर्नमा प्रतिबन्ध : सशस्त्र प्रहरीले कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधाविरोध हुने गरी हडताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउनसमेत हुँदैन ।

७४. प्रतिनिधित्व गर्नमा प्रतिबन्ध : सशस्त्र प्रहरीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिनबाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नुहुँदैन ।

७५. सम्पत्तिको विवरण:

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) ऐनबमोजिम स्थानान्तरण भइआएको सशस्त्र प्रहरीले स्थानान्तरण भइआएको मितिले तीन महिनाभित्र र नयाँ भर्ना हुने सशस्त्र प्रहरीले आफू नियुक्ति भएको एक महिनाभित्र नेपाल सरकारले तोकेको अधिकारीसमक्ष देहायको सम्पतिको विवरण दाखिला गर्नुपर्दछ :

(क) आफ्नो अथवा आफ्नो परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र सेयर, बैङ्क मौज्दातको विवरण,

(ख) आफूसँग वा आफ्नो नाममा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(२) उपनियम (१) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको सशस्त्र प्रहरीले आपनो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पतिको विवरण दाखिला गर्नुपर्नेछ ।

(३) आफ्नो सम्पतिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक सशस्त्र प्रहरीको कर्तव्य हुनेछ ।

७६. सेवा वा पदअनुसारको आचरण पालना गर्नुपर्ने : प्रत्येक सशस्त्र प्रहरीले आफ्नो सेवा र पदअनुसारको आचरणको पालना गर्नुपर्नेछ ।

७७. प्रभाव पार्न नहुने: सशस्त्र प्रहरीले आफ्नो नोकरीसम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृतमाथि कुनै राजनीतिक, अवाञ्छनीय, बाहिरी वा अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नुहुँदैन ।

७८. पूर्वसूचना नदिई अचल सम्पति खरिद गर्न नहुने : नेपाल सरकारलाई पूर्वसूचना नदिई कुनै पनि सशस्त्र प्रहरीले आफ्नो बसोबासको निमित्त चाहिनेबाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पति खरिद गर्नुहुँदैन ।

७९. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने : सशस्त्र प्रहरीले नेपाल सरकारको अनुमति प्राप्त नगरी कुनै पनि पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

तर, त्यस्तो प्रकाशन वा प्रसारण साहित्यिक कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यावसायिक विषयको भएमा त्यस्तो स्वीकृति लिइरहनुपर्दैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८०. सशस्त्र प्रहरीले गरेको कार्बाहीको सफाइ : कुनै सशस्त्र प्रहरीले नेपाल सरकारको पूर्वस्वीकृति नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनको सम्बन्धमा लगाइएको झुटो आरोपका निमित्त प्रेस अथवा सञ्चारको सहारा लिनुहुँदैन ।

तर, यस नियमले सशस्त्र प्रहरीले आफ्नो व्यक्तिगत काम वा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै असर पुऱ्याएको मानिनेछैन ।

८१. विवाहमा प्रतिबन्ध : सशस्त्र प्रहरीले मुलुकी ऐन बिहेवारीको महलको विपरीत हुने गरी बहुविवाह, बालविवाह वा अनमेल विवाह गर्नुगराउनुहुँदैन ।

८२. हानिनोक्सानी पुऱ्याउन नहुने : सशस्त्र प्रहरीले असावधानीसाथ वा अनुशासनमा नरही वा जानाजान त्रुटिपूर्ण ढङ्गबाट काम गरी सरकारी कार्यालयलाई कुनै हानिनोक्सानी पुऱ्याउनुहुँदैन ।

परिच्छेद – ९

सेवाको सुरक्षा

८३. सशस्त्र प्रहरीको बचाउ :

(१) सशस्त्र प्रहरीले ऐन वा यस नियमावली वा अरू प्रचलित कानुनबमोजिम गर्नुपर्ने आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै सरकारी कामका सम्बन्धमा निजउपर उपनियम (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्नेछैन ।

(२) उपनियम (१) बमोजिम कुनै पनि सशस्त्र प्रहरीउपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त हुनुपर्नेछ र देवानी मुद्दाको हकमा देहायबमोजिम भएको हुनुपर्नेछ :

(क) मुद्दा चलाउने कारण तथा वादीको निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित सशस्त्र प्रहरीलाई बुझाएको वा हुलाकद्वारा रजिस्ट्री गरी पठाएको र त्यसको एकप्रति नक्कल नेपाल सरकारमा पेस भएको दुई महिना नाघेको, र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) मुद्दा चलाउने कारण भएको तीन महिनाभित्र मुद्दा दायर गरिसकेको ।

(३) कुनै सशस्त्र प्रहरी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि नेपाल सरकारको स्वीकृति नभई निजउपर मुद्दा चल्न सक्नेछैन ।

(४) उपनियम (३) बमोजिम मुद्दा चलाउन नेपाल सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ ।

परिच्छेद – १०

सजाय र पुनरावेदन

८४. सजाय: उचित र पर्याप्त कारण भएमा सशस्त्र प्रहरीलाई देहायबमोजिमको विभागीय सजाय गर्न सकिनेछ:

(क) सामान्य सजाय :

(१) शारीरिक थकाइ (फटिक) सजाय गर्ने वा गारद नजरबन्द राख्ने,

(२) नसिहत दिने,

(३) बढीमा दुई वर्ष तलबवृद्धि रोक्का गर्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने

(५) तल्लो पद वा तल्लो टाइमस्केल वा त्यही टाइमस्केलको तल्लो स्केलमा घटुवा गर्ने,

(६) लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन गएको हानिनोक्सानी सम्पूर्ण वा आंशिक रूपमा असुल गर्ने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्ती गर्ने ।

८५. नसिहत दिने वा प्रतिकूल राय लेख्ने : सशस्त्र प्रहरीले काममा लापर्बाही गरेमा निजलाई नसिहत दिन सकिनेछ । दुईपटकसम्म पनि निजले काममा लापर्बाही गरेमा निजको चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

८६. तलबवृद्धि वा बढुवा रोक्ने वा घटुवा गर्ने : देहायका कुनै अवस्थामा सशस्त्र प्रहरीलाई सजाय गर्ने अधिकारीले निजको दुई वर्षसम्म तलबवृद्धि वा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा तल्लो पद वा तल्लो टाइमस्केल वा त्यही टाइमस्केलको तल्लो स्केलमा घटुवा गर्न सक्नेछ :

(क) अनुशासनहीन काम गरेमा,

(ख) सरुवा गरिएको कार्यालयमा म्यादभित्र हाजिर नभएमा,

(ग) सन्तोषजनक काम नगरेमा,

(घ) यस नियमबमोजिम एक वर्षमा दुईपटक नसिहत पाएमा,

(ङ) आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेमा,

(च) नियुक्ति भएको पाँच वर्षभित्र नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(छ) नियम १२८ बमोजिम बरबुझारथ नगरेमा,

(ज) माथिल्लो दर्जाको अधिकारीले दिएको आदेश नमानेमा वा कार्यान्वयन नगरेमा,

(झ) मनासिब कारण नभई पूर्वस्वीकृति नलिई बिदा बसेकोमा वा गैरहाजिर भएमा,

(ञ) प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेबारीपूर्वक पूरा नगरेमा ।

८७. सेवाबाट हटाउने वा बर्खास्त गर्ने:

(१) देहायको कुनै अवस्थामा सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) अयोग्यताका कारणले आफ्नो जिम्मेबारी पूरा गर्न नसकेमा,

(ख) तालिम अवधिमा लापर्वाही देखाई आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेबारी देखाएमा,

(ग) आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा,

(घ) कार्यालयको समयमा वा कार्यालय समयको अघिपछि पनि उर्दीको पोसाक लगाई कुनै मादक पदार्थ सेवन गरेमा,

(ङ) बारम्बार अनुशासनहीन काम गरेमा,

(च) राजनितिमा भाग लिएमा,

(छ) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) आफ्नो पदको जिम्मेबारी बराबर बेवास्ता गरेमा ।

(२) देहायको कुनै अवस्थामा सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ :

(क) ऐनको दफा २७ बमोजिमको अपराध गरेको ठहरिएमा,

(ख) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा ।

(ग) भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

८८. विभागीय सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी : सशस्त्र प्रहरीलाई नियम ८४ बमोजिमको सजायको आदेश दिने अधिकार र त्यसरी दिएको सजायको आदेशउपर पुनरावेदन सुन्ने अधिकार अनुसूची ६ मा तोकिएको अधिकारीलाई हुनेछ ।

८९. निलम्बन गर्ने:

(१) कुनै सशस्त्र प्रहरीको सम्बन्धमा नियम ८७ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो सशस्त्र प्रहरीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, देहायको अवस्था नभई साधारणतया निलम्बन गरिनेछैन :

(क) ऐनको दफा २७ बमोजिम अपराध गरेमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा झुट्टा सबुतप्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुतप्रमाण गायब गर्न सक्ने देखिएमा वा

(ग) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा सरकारी हानिनोक्सानी हुने सम्भावना देखिएमा ।

(२) उपनियम (१) बमोजिम कुनै सशस्त्र प्रहरीलाई निलम्बन गर्दा छ महिनाभन्दा बढी गर्नुहुँदैन । सो अवधिभित्रै निज उपरको कार्बाही किनारा लगाउनुपर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कार्बाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनुपरेमा अख्तियारवालाको पूर्वस्वीकृति लिई तीन महिनासम्म बढाउन सक्नेछ ।

(३) यस नियमावलीबमोजिम गरिएको कार्बाहीको परिणाम स्वरूप निलम्बनमा परेका अवस्थामा बाहेक सशस्त्र प्रहरीले आफ्नो कामकार्बाहीको कारणले कुनै अभियोगमा गिरफ्तार भई थुनामा परेमा त्यसरी थुनामा परेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(४) कुनै सशस्त्र प्रहरीलाई निलम्बन गर्नुपरेमा सजायको आदेश दिन पाउने अधिकारीले निलम्बनको पत्र र नियम ९१ को उपनियम (१) बमोजिम सफाइ पेस गर्न लेखिएको पत्र सम्बन्धित सशस्त्र प्रहरीलाई बुझाउनुपर्नेछ ।

(५) नियम ८८ बमोजिमको सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र प्रहरीसँग सफाइ माग गर्नुभन्दा अगावै स्वयं वा कुनै अन्य अधिकृतद्वारा नियम ९१ को उपनियम (२) बमोजिम विभागीय जाँचबुझ गराई निजको ठहरसहितको प्रतिवेदन लिन सक्नेछ ।

९०. निलम्बनको समाप्ति : कुनै सशस्त्र प्रहरी आफ्नो पदमा पुनः स्थापित भएमा वा नियम ८७ बमोजिम सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा नियम ८९ को उपनियम (२) बमोजिमको निलम्बनको अवधि पूरा भएमा वा सोही नियमको उपनियम (३) बमोजिम भएको थुनाबाट मुक्त भएमा निजको निलम्बन समाप्त हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

९१. सफाइ पेस गर्ने मौका दिनुपर्ने :

(१) विभागीय सजाय दिन पाउने अधिकारीले ऐनको दफा २१ बाहेक अन्य अवस्थामा कुनै सशस्त्र प्रहरीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कार्बाही गर्न लागिएको कारण उल्लेख गरी सो सशस्त्र प्रहरीलाई उचित म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेछ । यसरी मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ, सोसमेत खुलाउनुपर्नेछ । त्यस्तोमा सम्बन्धित सशस्त्र प्रहरीले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नुपर्नेछ । यसरी पेस हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक मनन गर्नुपर्नेछ ।

(२) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा स्वयं वा कुनै अन्य अधिकृतद्वारा जाँचबुझ गराई निजको राय ठहरसहितको प्रतिवेदन दिन सक्नेछ ।

९२. जाँचबुझ गर्ने अधिकृतले अपनाउनुपर्ने कार्याविधि:

(१) जाँचबुझ गर्ने अधिकृतलाई देहायको कार्याविधि अपनाई विभागीय जाँचबुझको कार्बाही अपनाई विभागीय जाँचबुझको कार्बाही चलाउने अधिकार हुनेछ :

(क) बयान गराउने, लिखित प्रमाण दाखिला गराउने र साक्षीका नाउमा समाह्वान जारी गराउने आदि विषयमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्ने,

(ख) अभियोग लागेको सशस्त्र प्रहरीको रोहबरमा सबुतप्रमाण बुझ्ने,

(ग) अभियोग लागेको सशस्त्र प्रहरीलाई साक्षीसँग जिरह गर्न र अभियोग विरुद्ध सबुतप्रमाण दाखिला गर्ने मौका दिने ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझको काम सकिएपछि आदेश दिन पाउने अधिकारीसमक्ष जाँचबुझ अधिकृतले प्रतिवेदन पेस गर्नुपर्नेछ । निजले त्यस्तो प्रतिवेदनमा सजायसम्बन्धी कारणसहितको आफ्नो ठहरको साथै जो भएको सबुतप्रमाण पनि दाखिला गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

९३. विभागीय जाँचबुझ गराउनुनपर्ने: देहायका अवस्थामा सजायको आदेश दिन पाउने अधिकरीले कुनै सशस्त्र प्रहरीलाई देहायको विभागीय सजाय गर्ने सम्बन्धमा विभागीय जाँचबुझ गराइरहनुपर्नेछैन ।

(क) नियम ८४ को खण्ड (क) बमोजिमको सामान्य सजाय गर्नुपरेमा,

(ख) भागी पत्ता नलागेमा वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरीलाई विभागीय सजाय गर्नुपरेमा,

(ग) ऐनको दफा २७ बमोजिम अपराध गरेको ठहरिएमा वा नौतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएको आधारमा कुनै सशस्त्र प्रहरीलाई विभागीय सजाय दिनुपरेमा ।

९४. विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने : विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले नियम ९१ बमोजिम सफाइ पेस गर्न दिएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सशस्त्र प्रहरीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नुपर्नेछ ।

९५. सफाइ सन्तोषजनक नहुनाको कारण खुलाउनुपर्ने : सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र प्रहरीसँग नियम ९४ बमोजिम स्पष्टीकरण माग गर्दा त्यसअघि नियम ९१ को उपनियम (१) बमोजिम पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यसको कारण पनि खुलाउनुपर्नेछ । त्यस्तो सशस्त्र प्रहरीको सम्बन्धमा नियम ९१ को उपनियम (२) बमोजिम विभागीय जाँचबुझ गराइएको भए सोको नतिजासमेत उल्लेख गरी प्रस्तावित सजायको औचित्य पनि उक्त स्पष्टीकरणमा खुलाउनुपर्नेछ ।

९६. सजायको आदेश र नक्कलसम्बन्धी कार्याविधि.:

(१) सशस्त्र प्रहरीउपर कुनै विभागीय सजायको निर्णय गर्दा सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित सशस्त्र प्रहरीलाई सफाइ वा स्पष्टीकरण पेस गर्न पर्याप्त मौका प्रदान भए नभएको समेत विचार गरी निजबाट पेस भएको सफाइ स्पष्टीकरण तथा उपलब्ध सम्पूर्ण सबुतप्रमाणको समुचित मूल्याङ्कन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नुपर्नेछ । यसरी सजायको आदेश दिन पाउने अधिकारीले सजायको आदेशका सम्बन्धमा आफ्नो स्पष्ट राय साथ निर्णय गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरीलाई एउटा सजाय प्रस्तावित गरी सफाइ, स्पष्टीकरण माग गरेपछि अर्को सजाय दिने गरी निर्णय गर्नुहुँदैन ।

तर, कुनै कारण परी घटी वा बढी सजाय गर्नुपरेमा नियम ९२ र ९४ को कार्याविधि पुनः पूरा गर्नुपर्नेछ ।

(३) सजायको आदेश दिन पाउने अधिकारीले उपनियम (१) बमोजिम कुनै पनि सशस्त्र प्रहरीलाई विभागीय सजाय दिने निर्णय गर्दा निर्णय मितिभन्दा पहिलेदेखि नै लागु हुने गरी निर्णय गर्नुहुँदैन । तर भगौडाका हकमा निर्णय गर्दा भागेकै मितिदेखि लागु हुने गरी निर्णय गर्न सकिनेछ ।

(४) कुनै पनि सशस्त्र प्रहरीको सम्बन्धमा उपनियम (१) बमोजिम भएको विभागीय सजायको आदेशको एकप्रति नक्कल सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित सशस्त्र प्रहरीलाई बिनादस्तुर दिनुपर्नेछ ।

(५) कुनै सशस्त्र प्रहरी नियम ८४ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम नोकरीबाट बर्खास्त भएमा सजायको आदेश दिने अधिकारीले त्यस्तो व्यक्तिको तीनपुस्ते हुलियासमेतको सूचना आयोग र प्रहरी किताबखानालाई दिनुपर्नेछ र सम्बन्धित निकायले पनि त्यस्तो सूचना रेकर्ड राख्नुपर्नेछ ।

९७. निर्णयमा असर नपर्ने : कुनै सशस्त्र प्रहरीको सम्बन्धमा यस नियमावलीबमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कार्बाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्नेछैन ।

९८. पुनरावेदन :

(१) यस परिच्छेदबमोजिम सशस्त्र प्रहरीलाई दिइएको सजायको आदेशउपर चित्त नबुझ्ने सशस्त्र प्रहरीले नियम ८८ बमोजिम तोकिएको अधिकारीसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन दिँदा देहायबमोजिमको कार्याविधि अपनाउनुपर्नेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) पुनरावेदन गर्ने सशस्त्र प्रहरीले आफ्नै नामबाट पुनरावेदन दिनुपर्नेछ र त्यस्तो पुनरावेदन उचित र आदरसूचक भाषामा लेखिएको,

(ख) पुनरावेदन गर्ने सशस्त्र प्रहरीले पुनरावेदनको साथमा आफ्नो सफाइको निमित्त जो भएको सबुतप्रमाण संलग्न राख्नुका साथै जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कलसमेत संलग्न गर्नुपर्ने,

(ग) पुनरावेदन दिँदा पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी निजको कार्यालयमा पुनरावेदन दर्ता गराउनुपर्ने,

(घ) सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्राप्त हुन आएको पुनरावेदन सम्बन्धित कार्यालयले दर्ता गरी सोको निस्सा सम्बन्धित व्यक्तिलाई दिनुपर्ने ।

९९. पुनरावेदनमाथि विचार तथा निर्णय:

(१) कुनै सशस्त्र प्रहरीले आफूउपरको विभागीय सजायको आदेश विरुद्ध दिएको पुनरावेदन नियम ९८ बमोजिमको रीत पुगेको नभएमा पुनरावेदन सुन्ने अधिकारीले त्यस्तो पुनरावेदन लिन अस्वीकार गर्न सक्नेछ ।

(२) उपनियम (१) अनुसार अस्वीकार गरिएको बाहेक दर्ता गरिएका अरू सबै पुनरावेदन सुन्ने अधिकारीले देहायका कुराहरूको विचार गर्नुपर्नेछ :

(क) सजायको आदेशमा आधार लिइएको कुराहरूको यथार्थता प्रमाणित भइसकेको छ वा छैन ?

(ख) प्रमाणित भइसकेको कुराहरू सजाय गर्नका निमित्त पर्याप्त छन् वा छैनन् ?

(ग) सजाय गरेको ठीक, पर्याप्त अपर्याप्त वा बढी के छ ?

(३) उपनियम (२) बमोजिम विचार गरिसकेपछि पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदकलाई दिइएको सजाय सदर वा बदर गर्ने वा त्यस्तो सजायलाई घटाउने गरी अन्तिम आदेश दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१००. कर्तव्य पालना गर्दा असल नियतले काम गरेमा कर्मचारी दोषी नहुने : अख्तियार पाएको अधिकारी वा सशस्त्र प्रहरीले ऐन वा यस नियमावली वा अरू प्रचलित कानुनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा अदालतबाट भएको आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जना तिर्न भागी हुनेछैन ।

परिच्छेद –११

बिदासम्बन्धी व्यवस्था

१०१. सशस्त्र प्रहरी सदैव ड्युटीमा रहेको मानिने :

(१) सशस्त्र प्रहरी सदैव आफ्नो ड्युटीमा रहेको मानिनेछ र निजलाई जुनसुकै समयमा पनि काममा लगाउन सकिनेछ ।

(२) सशस्त्र प्रहरीले यस परिच्छेदमा लेखिएबमोजिमका बिदाहरू पाउनेछन् । तर, सशस्त्र प्रहरीले बिदालाई अधिकारको रूपमा दाबी गर्न पाउनेछैन ।

(३) सशस्त्र प्रहरीले तालिममा र विशेष कार्बाहीमा खटिएको अवधिभर सार्वजनिक बिदा, प्रसूति बिदा र किरिया बिदाबाहेक अन्य बिदा सामान्यतया पाउनेछैन ।

(४) कुनै सशस्त्र प्रहरीले झुट्टो विवरण देखाई बिरामी बिदा, किरिया बिदा, प्रसूति बिदा लिएको ठहरिएमा यस नियमावलीअनुसार विभागीय सजाय हुनेछ ।

१०२. भैपरी आउने र पर्व बिदा :

(१) सशस्त्र प्रहरीले प्रत्येक वर्ष पूरा तलबसहितको भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन बिदा पाउनेछ ।

(२) एक वर्षको भैपरी आउने बिदा र पर्व बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइनेछैन ।

१०३. घर बिदा:

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) सशस्त्र प्रहरीले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले पूरा तलबसहितको घर बिदा पाउनेछ ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि काम गरेको अवधि भन्नाले सो अवधिभित्र लिएको भैपरी आउने, पर्व बिदा, बिरामी बिदा, प्रसूति बिदा, किरिया बिदा र सार्वजनिक बिदालाई समेत जनाउनेछ ।

(२) सशस्त्र प्रहरीले आफूले पकाएको घर बिदा एक सय असी दिनसम्म सञ्चित गरी राख्न पाउनेछ ।

(३) सशस्त्र प्रहरी कुनै कारणले सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदाबापत निजको पदाधिकार रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(४) सञ्चित रहेको घर बिदाको रकम लिन नपाउँदै कुनै सशस्त्र प्रहरीको मृत्यु भएमा त्यस्तो सञ्चित घर बिदाको रकम निजको नजिकको परिवारले एकमुष्ठ लिन पाउनेछ ।

(५) घर बिदा, अध्ययन बिदा तथा निलम्बनमा रहेको अवधिभर सशस्त्र प्रहरीले सो अवधिको घर बिदा पाउनेछैन ।

(६) सञ्चित भएको घर बिदा भुक्तान गरिसकेको सशस्त्र प्रहरीलाई कुनै दैवी घटना परी निजको आफ्नो परिवारको कुनै सदस्यको जिउज्यान वा आफ्नै चलअचल सम्पत्तिमा कुनै ठूलो क्षति पुग्न गएमा वा अरू पर्याप्त कारण परेमा अर्को वर्षको पाउने घर बिदाबाट कट्टी हुने गरी बढीमा तीस दिनसम्मको पेस्की घर बिदा दिन सकिनेछ ।

(७) सञ्चित भएको घर बिदा र बिरामी बिदा भुक्तान गरिसकेको सशस्त्र प्रहरी लामो अवधिसम्म बिरामी परेमा अर्को वर्षको पाउने घर बिदाबाट कट्टी हुने गरी बढीमा तीस दिनसम्मको पेस्की घर बिदा दिन सकिनेछ ।

(८) सशस्त्र प्रहरीले वर्षको एकपटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हुने दिन तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद पाउनेछ ।

१०४. बिरामी बिदा :

(१) सशस्त्र प्रहरीले प्रत्येक वर्ष पूरा तलबसहितको बाह्र दिन बिरामी बिदा पाउनेछ ।

(२) सशस्त्र प्रहरी अशक्त बिरामी भई सञ्चित बिरामी बिदाले नपुग्ने भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेस्की बिरामी बिदा दिन सकिनेछ ।

(३) सात दिनभन्दा बढी अवधिको बिरामी बिदाको माग गर्ने सशस्त्र प्रहरीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नुपर्नेछ । तर त्यस्तो प्रमाणपत्र पेस गर्न साधारणतया सम्भव थिएन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्रबिना नै उक्त बिदा स्वीकृत गर्न सक्नेछ ।

(४) सशस्त्र प्रहरीले आफूले पकाएको बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ ।

(५) सशस्त्र प्रहरी कुनै कारणले सेवाबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी बिदाबापत निजको पदाधिकार रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आएने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(६) सञ्चित रहेको बिरामी बिदाको रकम लिन नपाउँदै कुनै सशस्त्र प्रहरीको मृत्यु भएमा त्यस्तो सञ्चित बिदाको रकम नियम ५६ को उपनियम (५) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(७) सशस्त्र प्रहरीलाई कुनै ठूलो रोग लागी बिरामी भएमा निजले नियम १०३ को उपनियम (७) बमोजिम पाउने पेस्की घर बिदाबाट कटाइसकेपछि पनि नपुगेमा निजले बढीमा एक वर्षसम्म विशेष बिरामी बिदा पाउन सक्नेछ ।

(८) उपनियम (७) बमोजिम लगातार विशेष बिरामी बिदा लिने सशस्त्र प्रहरीले पहिलो तीन महिनाको पूरा तलबभत्ता र त्यसपछि ६ महिनाको आधा तलबभत्ता पाउनेछ । त्यसपछिको तलबभत्ता पाउनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(९) उपनियम (७) बमोजिम लगातार एक वर्षसम्म विशेष बिरामी बिदामा बस्दा पनि आफ्नो कर्तव्य पालन गर्न नसक्ने ठहरिएमा त्यस्तो सशस्त्र प्रहरीलाई सेवाबाट मुक्त गरिनेछ ।

(१०) कर्तव्य पालन गर्दा बिरामी वा घाइते भएका सशस्त्र प्रहरीले बिरामी वा घाइते निको नभएसम्म पूरा तलबी विशेष बिरामी बिदा पाउन सक्नेछ । यस्तो बिदामा बसेको सशस्त्र प्रहरी बिरामी वा घाइते निको भइसकेपछि पनि कर्तव्य गर्न नसक्ने ठहरिएमा त्यस्तो सशस्त्र प्रहरीलाई सेवाबाट मुक्त गरिनेछ ।

(११) आफ्नो कर्तव्य पालन गर्दा बिरामी वा घाइते भई सरकारी वा सरकारले मान्यता दिएको अन्य अस्पतालमा बस्दा सो बिरामी वा घाइते निको नभएसम्म निजलाई अस्पताल बिरामी मानिनेछ र निजले सो अवधिको पूरा तलबभत्ता पाउनेछ । यस्तो बिदामा बसेको सशस्त्र प्रहरी बिरामी वा घाइते निको भइसकेपछि पनि कर्तव्य गर्न नसक्ने ठहरिएमा त्यस्तो सशस्त्र प्रहरीलाई सेवाबाट मुक्त गरिनेछ ।

(१२) कुनै सशस्त्र प्रहरी बिरामी परेको भन्ने प्रतिवेदन परेमा बिरामी परेको हो वा होइन जाँच्नका लागि चिकित्सक खटाउन सकिनेछ ।

(१३) बिरामी भएको कुनै सशस्त्र प्रहरीलाई बिरामी निको भई काम गर्न सक्ने भयो भनी उपनियम (१२) बमोजिम खटिएको चिकित्सकले निस्सा गरी नदिएसम्म सरकारी काममा लगाउनुहुँदैन ।

१०५. प्रसूति बिदा :

(१) महिला सशस्त्र प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी पूरा तलबसहितको साठी दिन प्रसूति बिदा लिन पाउनेछ ।

(२) प्रसूति बिदा सेवाअवधिभर दुईपटकमात्र दिइनेछ ।

(३) प्रसूति बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ ।

१०६. किरिया बिदा :

(१) कुनै सशस्त्र प्रहरीले कुल धर्मअनुसार आफैं किरिया बस्नुपरेमा पूरा तलबसहितको पन्ध्र दिन किरिया बिदा पाउनेछ । महिला सशस्त्र प्रहरीको पतिले किरिया बस्नुपरेमा निजलाई पनि पूरा तलबसहितको त्यति नै किरिया बिदा दिइनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१०७. सट्टा बिदा: कुनै पनि सार्वजनिक बिदाको दिन सरकारी काम गर्ने सशस्त्र प्रहरीलाई आलोपालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा बिदा दिन सक्नेछ । तर त्यस्तो सट्टा बिदा एकपटकमा सात दिनभन्दा बढी हुनेछैन ।

१०८. अध्ययन बिदा :

(१) सशस्त्र प्रहरीलाई उपयोगी र अति आवश्यक पर्ने विषयमा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिई खुल्ला प्रतियोगितामा वा अन्तर विभागीय प्रतियोगितामा छानिई वा नेपाल सरकारबाट मनोनयन भई अध्ययन गर्न जाने सशस्त्र प्रहरीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ ।

(२) सशस्त्र प्रहरीले सेवाअवधिभर एकैपटक वा पटकपटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउनेछ ।

तर नेपाल सरकारले आवश्यक ठानेमा अध्ययन बिदाको अवधिमा दुई वर्ष थप गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अध्ययनको निमित्त मनोनयन भई अध्ययन बिदा लिई गएको सशस्त्र प्रहरीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नका निमित्त अध्ययन बिदा थपिनेछैन ।

(४) अध्ययन बिदामा बसेको सशस्त्र प्रहरीले पूरा तलब पाउनेछ ।

(५) सशस्त्र प्रहरीको सम्बन्धित सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा विभागीय प्रमुखको सिफारिसमा नेपाल सरकारको पूर्वस्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने सशस्त्र प्रहरीलाई उपनियम (२) बमोजिम अध्ययन बिदा दिन सकिनेछ ।

(६) उपनियम (४) मा जनुसुकै कुरा लेखिएको भए पनि उपनियम (५) बमोजिम अध्ययन बिदामा बस्ने सशस्त्र प्रहरीले अध्ययन बिदामा रहेको अवधिको तलब पाउनेछैन ।

(७) पाँच वर्ष सेवाअवधि नपुगेको सशस्त्र प्रहरीले अध्ययन बिदा पाउनेछैनन् ।

(८) अध्ययन बिदामा बस्ने सशस्त्र प्रहरीले अध्ययन गर्न जानुभन्दा अघि त्यस्तो अध्ययन बिदा पूरा गरी फर्केर आई आफ्नो सेवामा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

देहायबमोजिमको अवधिसम्म अनिवार्य रूपमा सेवा गर्ने कबुलियतसमेत गर्नुपर्नेछ :

	अध्ययनको अवधि	सेवा गर्नुपर्ने न्यूनतम अवधि
(क)	तीन महिनासम्म	एक वर्ष
(ख)	तीन महिनादेखि ६ महिनासम्म	डेढ वर्ष
(ग)	छ महिनादेखि नौ महिनासम्म	दुई वर्ष
(घ)	नौ महिनादेखि एक वर्षसम्म	तीन वर्ष
(ङ)	एक वर्षदेखि दुई वर्षसम्म	चार वर्ष
(च)	दुई वर्षदेखि तीन वर्षसम्म	पाँच वर्ष
(छ)	तीन वर्षदेखि चार वर्षसम्म	सात वर्ष
(ज)	चार वर्षदेखि पाँच वर्षसम्म	आठ वर्ष

(९) सशस्त्र प्रहरीले अध्ययन पूरा गरी फर्केर आएपछि उपनियम (८) मा उल्लेख भएबमोजिमको अवधिसम्म सेवा नगरेमा त्यस्तो सशस्त्र प्रहरीबाट अध्ययन अवधिभर निजले पाएको तलबभत्ता तथा कबुलियतमा उल्लेख भएका अन्य रकमसमेत सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

१०९. बिदा माग गर्ने विधि :

(१) बिदाको निकासाका निमित्त सशस्त्र प्रहरीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सोसमेत खोली आफ्नो कार्यालयमार्फत बिदा दिने अधिकारीसमक्ष निवेदन पेस गर्नुपर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत सूचना सम्बन्धित सशस्त्र प्रहरीलाई दिनुपर्नेछ ।

(२) बिदा दिने अधिकारीको पूर्वस्वीकृति लिन सम्भव थिएन वा पूर्वस्वीकृति प्राप्तिका लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अगाडिदेखिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।

११०. बिदा दिने अधिकारी :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) सशस्त्र प्रहरी कार्यालयको प्रमुखले भैपरी आउने र पर्व बिदा बस्नुपर्ने भएमा बिदा बसी तालुक कार्यालयबाट स्वीकृत गराउनुपर्नेछ ।

(२) सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथिल्ला अधिकृत कार्यालय प्रमुख रहेको कार्यालयका सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथिल्ला अधिकृतलाई भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, किरिया बिदा प्रसूति बिदा र सट्टा बिदा तथा अन्य सशस्त्र प्रहरीलाई सबै किसिमको बिदा सोही कार्यालयको प्रमुखले दिन सक्नेछ ।

(३) सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथिल्लो दर्जाका सशस्त्र प्रहरीको घर बिदा एक तहमाथिको कार्यालय प्रमुखले दिन सक्नेछ ।

(४) प्रधान कार्यालयको सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथिल्लो दर्जाका सशस्त्र प्रहरीलाई भैपरी आउने वा पर्व बिदा, प्रसूति बिदा, सट्टा बिदा, किरिया बिदा र बिरामी बिदा सम्बन्धित शाखा प्रमुखले, अरू बिदा सशस्त्र प्रहरी महानिरीक्षक वा निजले तोकेको अधिकारीले तथा अन्य सशस्त्र प्रहरीलाई सबै किसिमको बिदा सम्बन्धित शाखा प्रमुखले दिन सक्नेछ ।

(५) सशस्त्र प्रहरी महानिरीक्षकले भैपरी आउने पर्व बिदा आफैँ जनाई बस्न सक्नेछ । अन्य बिदामा बस्दा नेपाल सरकारबाट स्वीकृति गराई बस्नुपर्नेछ ।

१११. <u>बिदा परिणत नहुने :</u> यस परिच्छेदबमोजिम सशस्त्र प्रहरीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नुपर्नेछ । पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदापछि किरिया बिदा वा प्रसूति बिदाबाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइनेछैन ।

११२. <u>सार्वजनिक बिदा गाभिने</u> : भैपरी आउने र पर्व बिदाबाहेक अरू कुनै प्रकारको बिदा लिई बसेको सशस्त्र प्रहरीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदापछि पनि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज सशस्त्र प्रहरीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरू बिदामा बसेको मानिनेछ ।

११३. <u>बिदा नलिई सरकारी काममा अनुपस्थित हुने सशस्त्र प्रहरीलाई सेवाबाट हटाउने :</u>

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) यस नियमावलीबमोजिम बिदा नलिई सशस्त्र प्रहरी गैरहाजिर हुन पाउनेछैन ।

(२) उपनियम (१) उल्लङ्घन गरी गैरहाजिर हुने सशस्त्र प्रहरीलाई अख्तियारवालाले सेवाबाट हटाउन सक्नेछ ।

तर, निकासा नहुँदै बिदा बसेपछि सो गैरहाजिर भएको अवधिका लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लङ्घन गरेको मानिनेछैन ।

(३) कुनै सशस्त्र प्रहरी गयल परी सो कुराको सूचना किताबखानामा लेखी गइसकेपछि सम्बन्धित सशस्त्र प्रहरीले बिदा स्वीकृत हुनपर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले पैंतीस दिनभित्र आफूलाई गयल गर्ने अधिकारीभन्दा एक तहमाथिको सम्बन्धित अधिकारीसमक्ष प्रतिवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन छानविन गर्दा निज सशस्त्र प्रहरीको प्रतिवेदनको व्यहोरा साँचो देखिनआएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

११४. <u>बिदाको अभिलेख :</u>

(१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने सशस्त्र प्रहरीको बिदाको अभिलेख राख्न लगाउनुपर्नेछ ।

(२) कुनै सशस्त्र प्रहरी सरुवा वा बढुवा भई खटिई जाँदा सरुवा वा बढुवाको जनाउको साथै बिदाको अभिलेखको उतार पनि हालको कार्यालयमा पठाउनुपर्नेछ । यस्तो बिदाको अभिलेख अनुसूची– ७ बमोजिम राख्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको बिदाको अभिलेखको एकप्रति उतार सम्बन्धित सशस्त्र प्रहरीलाई समेत दिनुपर्नेछ । बढुवाका लागि कार्बाही हुँदा यस्तो बिदाको अभिलेख पेस गर्ने जिम्मेबारी सशस्त्र प्रहरीको सम्बन्धित कार्यालयको हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद –१२

तालिमसम्बन्धी व्यवस्था

११५. तालिम सम्बन्धी व्यवस्था :

(१) सशस्त्र प्रहरीलाई समयनुकूल कार्यकुशल, दक्ष तथा व्यावसायिक बनाउन आवश्यकता अनुसार अनुसूची– ५ मा उल्लिखित तालिममा समावेश गराइनेछ ।

(२) एकैपटक नियुक्ति भएमा वा बढुवा भएमा सशस्त्र प्रहरीलाई आन्तरिक तालिममा मनोनयन गर्दा साधारणतया समान अवसर प्राप्त हुने गरी गर्नुपर्नेछ ।

(३) सशस्त्र प्रहरी अधिकृत तथा सशस्त्र प्रहरी जवानको तालिमको कोर्ष, पाठ्यक्रम, अवधि तथा तालिम दिने स्थान, प्रशिक्षक तथा अतिथि प्रशिक्षकसम्बन्धी व्यवस्था प्रधान कार्यालयले तोकिदिएबमोजिम हुनेछ ।

(४) तालिममा सम्मिलित गराइएको सशस्त्र प्रहरीले तालिम अवधिमा लापर्बाही देखाई आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेबारी देखाएमा सोको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(५) उपनियम (४) बमोजिम अभिलेखमा जनाइएका सशस्त्र प्रहरीलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता वा गैरजिम्मेबारी देखाउने सशस्त्र प्रहरीलाई विभागीय कार्बाही गरिनेछ ।

(६) तालिम अवधिभित्र प्रशिक्षार्थीको आचरण र चरित्रसम्बन्धी अभिलेखसम्बन्धी तालिम केन्द्रले तालिम समाप्त भएपछि तयार गरी त्यसको एकप्रति नियम २६ को उपनियम (२) बमोजिमको कार्यालयमा समेत पठाउनुपर्नेछ ।

(७) तालिम प्रशिक्षार्थीहरूको तालिम लिनआउँदा जाँदाको दैनिक तथा भ्रमण भत्ता यसै नियमावलीमा लेखिएबमोजिम हुनेछ ।

(८) रासन पाउने प्रशिक्षार्थीलाई सम्बन्धित तालिम केन्द्रबाट प्रचलित स्केलबमोजिम रासन र भत्ता दिइनेछ ।

(९) प्रशिक्षार्थी तीन महिनासम्मको तालिममा जाँदा सो अवधिभरको तलबभत्ता ठेकिएको कार्यालयबाट एकमुष्ठ पेस्की दिने र तीन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

महिनाभन्दा बढी अवधिको तालिममा जाँदा तीन महिनाको एकमुष्ठ पेस्की दिई बाँकी अवधिको पटकपटक गरी सम्बन्धित तालिम केन्द्रमार्फत पाउने गरी पठाइनेछ ।

(१०) नयाँ भर्ना हुने सबै दर्जाको प्रशिक्षार्थीहरूलाई स्केलबमोजिम प्रारम्भिक पोसाक वितरण गरिनेछ ।

(११) रिक्रुट तालिमबाहेक सबै तालिमको प्रशिक्षार्थीलाई तालिमका अवधिमा मासिक दुई सय रुपैयाँमा नबढाई तालिम भत्ता दिइनेछ ।

(१२) तालिम दिने प्रशिक्षक तथा अतिथि प्रशिक्षकले पाउने प्रशिक्षक भत्ता गृहमन्त्रालयले तोकेबमोजिम हुनेछ ।

११६. परीक्षा सञ्चालन :

(१) यस नियमावलीबमोजिम दिइएको तालिम समाप्त भएपछि परीक्षा लिनको लागि सशस्त्र प्रहरी महानिरीक्षक वा निजले तोकेको राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृतले परीक्षा सञ्चालन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिलाई परीक्षा सञ्चालन गर्ने लगायतको तालिमको नतिजा प्रकाशन गर्नेसम्बन्धी सम्पूर्ण अधिकार हुनेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिले तालिम केन्द्रका अधिकृतलाई जुनसुकै स्थानमा गई परीक्षा लिनको लागि खटाउन सक्नेछ ।

(४) तालिममा सफल हुने प्रशिक्षार्थीलाई दिइने प्रमाणपत्रमा सशस्त्र प्रहरी महानिरीक्षक वा निजले तोकेको राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृतले हस्ताक्षर गर्नेछ ।

(५) प्रत्येक तालिममा प्रथम स्थान हासिल गर्ने प्रशिक्षार्थीलाई पुरस्कार दिइनेछ ।

(६) सशस्त्र प्रहरी अधिकृतको आधारभूत वा प्राविधिक तालिममा असफल हुने प्रशिक्षार्थीलाई पुनः एकपटक तालिममा सहभागी हुने मौका दिइनेछ र त्यसमा पनि असफल भएमा निजको नियुक्ति बदर गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(७) सशस्त्र प्रहरीको रिक्रुट आधारभूत तालिममा असफल हुने व्यक्तिको नियुक्ति बदर गरिनेछ ।

तर, तालिमरत रहेका अवस्थामा चोटपटक लागि असक्त भएमा वा लामो समयसम्म बिरामी रही सोही कारणले अनुत्तीर्ण हुन आएमा एकपटकका लागि मौका परीक्षा दिई सफल भएमा त्यस्ता उम्मेदवारलाई नियुक्ति गर्न यस उपनियमले बाधा पुऱ्याउनेछैन ।

११७. वैदेशिक तालिममा मनोनयन :

(१) राजपत्राकिङ्त अधिकृतलाई वैदेशिक तालिमका लागि मनोनयन गर्दा ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन, कार्यानुभव र क्षमताका आधारमा प्रधान कार्यालयका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायब महानिरीक्षकको अध्यक्षतामा सोही कार्यालयका तालिम हेर्ने प्रमुख र गृहमन्त्रालयको प्रतिनिधिसमेत रहेको समितिले सम्भाव्य उम्मेदवारको छनौट गरी मनोनयनका लागि सशस्त्र प्रहरी महानिरीक्षकसमक्ष पेस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस भएको उम्मेदवारको मनोनयनको स्वीकृतिको लागि सशस्त्र प्रहरी महानिरीक्षकले नेपाल सरकारसमक्ष पेस गर्नुपर्नेछ र त्यसमा नेपाल सरकारबाट मनोनयन भएका उम्मेदवारलाई वैदेशिक तालिममा पठाइनेछ ।

(३) उपनियम (२) बमोजिम वैदेशिक तालिममा भाग लिई फर्केका सशस्त्र प्रहरीलाइ कम्तीमा एक वर्ष तालिमसँग सम्बन्धित काममा लगाउनुपर्नेछ ।

परिच्छेद – १३

पोसाकसम्बन्धी व्यवस्था

११८. पोसाक तथा अन्य सामान :

(१) सशस्त्र प्रहरीको पोसाकको रङ, किसिम र अन्य विवरण नेपाल सरकारले सशस्त्र प्रहरी महानिरीक्षकसँग परामर्श गरी तोकेबमोजिम हुनेछ ।

(२) सशस्त्र प्रहरीलाई दर्जाअनुसार अनुसूची ८ मा उल्लेख भएबमोजिम प्रारम्भिक पोसाक (जाडो र गर्मी मौसमअनुसार) को अन्य सामानहरू उपलब्ध गराइनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) प्रत्येक राजपत्राकिङ्त सशस्त्र प्रहरी अधिकृतलाई मौसमअनुसारको सेरिमोनियल तथा टचुनिक पोसाक र सोका लागि आवश्यक पर्ने सामानहरू उपलब्ध गराइनेछ ।

(४) सशस्त्र प्रहरीलाई वितरण गरिएको पोसाक तथा मालसामान निश्चित अवधि पुगी वा सरकारी काम विशेषले फाटीटुटी गएमा कन्डम्नेसन समितिले ठहऱ्याएबमोजिम सट्टाभर्ना दिइनेछ ।

(५) सशस्त्र प्रहरीलाई उपनियम (२) बमोजिमको तयारी पोसाक उपलब्ध गराउन नसकिएको अवस्थामा स्थानीय दरबमोजिम मिलाई रकम उपलब्ध गराइनेछ ।

(६) उपनियम (४) को प्रयोजनको लागि प्रधान कार्यालयले कन्डम्नेसन समिति गठन गरी सो समितिको अन्य काम, कर्तव्य र अधिकारसमेत तोक्न सक्नेछ ।

परिच्छेद –१४

विविध

११९. लगत किताब खडा गर्ने : प्रत्येक सशस्त्र प्रहरी कार्यालयमा नगदी एक, जिन्सीको एक र कागजपत्रको एक गरी कुल तीन लगत किताब खडा गरी राखिनेछ र हाल साविक हुँदा सोही किताबको आधारमा बरबुझारथ गरिनेछ ।

१२०. किताबखानालाई जनाउ दिने : नयाँ वा बढुवा नियुक्तिको हकमा नियुक्ति गर्ने अधिकारीले र यस नियमावलीबमोजिम सरुवा गर्ने अधिकारीले त्यस्तो नियुक्ति वा सरुवाको सूचना सोझै प्रहरी किताबखानालाई पठाई आफूभन्दा एक तहमाथिल्लो अधिकृत र प्रधान कार्यालयमा बोधार्थ दिनुपर्नेछ ।

१२१. पाँच वर्षसम्म नोकरी छोड्न नपाउने :

(१) कुनै पनि सशस्त्र प्रहरीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउनेछैन ।

तर, कुनै सशस्त्र प्रहरीलाई मनासिब माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली अख्तियारवालासमक्ष निवेदन गर्नुपर्नेछ र अख्तियारवालाले मनासिब

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सम्झेमा त्यस्तो सशस्त्र प्रहरीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नोकरी छोड्ने सशस्त्र प्रहरीलाई नेपाल सरकारबाट लगानी भएको रकम असुलउपर गरिनेछ ।

१२२. तह नाघ्न नहुने : कुनै पनि सशस्त्र प्रहरीले कुनै विषयको लेखापढी गर्दा साधारणतया तह नाघ्न हुँदैन ।

१२३. रासन सुविधा : सशस्त्र प्रहरी परिचरलगायतको सबै सशस्त्र प्रहरीलाई नेपाल सरकारले तोकिदिएबमोजिमको रासन सुविधा दिइनेछ ।

१२४. बिमा सुविधासम्बन्धी व्यवस्था : सशस्त्र प्रहरीको बिमा सुविधासम्बन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

१२५. नोकरी पाउन नसक्नेको अभिलेख राख्ने :

(१) कुनै सशस्त्र प्रहरी सेवाबाट बर्खास्त भएमा बर्खास्तको आदेश दिने अधिकारीले त्यसरी बर्खास्त भएको व्यक्तिको तीनपुस्ते हुलियासमेतको सूचना आयोग, किताबखाना र प्रधान कार्यालयलाई दिनुपर्नेछ । यस्तो सूचना प्रधान कार्यालयले मातहतका सशस्त्र प्रहरी कार्यालयलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त सूचनाका आधारमा किताबखानाले बर्खास्तमा परी नोकरी पाउन नसक्ने अभिलेख तयार गरी राख्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम तयार गरिएको अभिलेखमा नाम जनिएको कुनै व्यक्ति सशस्त्र प्रहरी सेवा वा पदमा पुनः नियुक्ति भएमा निजले पुनः नियुक्ति भई पाएको तलबभत्ता फिर्ता गराई निजलाई तुरुन्त बर्खास्त गर्नुपर्नेछ ।

१२६. इजाजतबिना इलाका छोड्न नहुने : सरकारी काजमा खटिएको वा बिदा बसेको अवस्थामा बाहेक कुनै सरकारी कार्यालयमा बहाल रहेको सशस्त्र प्रहरीले बिदा दिने अख्तियार पाएको व्यक्तिको इजाजतबिना आफ्नो कार्यालय रहेको जिल्ला वा इलाका छाडी अन्यत्र जानुहुँदैन ।

१२७. पुरस्कार: देहायका सशस्त्र प्रहरीले आफ्नो र आफ्नो मातहतको कार्यालयका सशस्त्र प्रहरीले आफ्नो कर्तव्य पालनका सिलसिलामा प्रशंसनीय कार्य गरेमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

त्यस्तो सशस्त्र प्रहरीलाई पुरस्कारस्वरूप देहायबमोजिमको ग्रेड थप वा एकमुष्ट रकम दिन सक्नेछ :

(क) सशस्त्र प्रहरी महानिरीक्षकले पाँच ग्रेडसम्म थप वा दुई हजार पाँच सय रुपैयाँसम्म नगद,

(ख) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा कार्यालय प्रमुखका रूपमा रहेको सशस्त्र प्रहरी नायब महानिरीक्षकले तीन ग्रेडसम्म थप वा एकहजार पाँचसय रुपैयाँसम्म नगद,

(ग) कार्यालय प्रमुखका रूपमा रहेका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायब उपरीक्षकले दुई ग्रेडसम्म र एक हजार रुपैयाँसम्म नगद ।

तर खण्ड (ग) बमोजिम दिइने पुरस्कारका हकमा पुरस्कार दिने कार्यालयले सशस्त्र प्रहरी प्रधान कार्यालयको पूर्वस्वीकृति लिनुपर्नेछ ।

१२८. बरबुझारथ गर्नुपर्ने : कुनै पनि सशस्त्र प्रहरीले आफ्नो बुझाउनुपर्ने नगद, जिन्सी वा कागजात तोकिएका म्यादभित्र सम्बन्धित सशस्त्र प्रहरीलाई बुझाइदिनुपर्नेछ र बुझ्नुपर्नेले पनि सोही म्यादभित्र बुझी लिनुपर्नेछ ।

१२९. सेवामा पुनः कायम भएपछि तलबभत्ता पाउने : कुनै सशस्त्र प्रहरीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने निर्णय वा आदेश रद्द भई निज सेवामा पुनः कायम भएमा सेवाबाट हटाएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलबभत्ता, रासन, तलबवृद्धि पाउने भए तलबवृद्धिसमेत निजले पाउनेछ ।

१३०. सशस्त्र प्रहरी विशेष अदालतको कार्याविधि : ऐनको दफा २७ बमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दाको कार्बाही र किनारा गर्दा सशस्त्र प्रहरी विशेष अदालतले विशेष अदालत ऐनमा उल्लेख भएबमोजिमको कार्याविधि अपनाउनेछ ।

१३१. अधिकार प्रत्योजन :

(१) नेपाल सरकारले यस नियमावलीबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको सशस्त्र प्रहरीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यस नियमावलीबमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफूमुनिका सशस्त्र प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३२. सशस्त्र प्रहरीको आदेशः सशस्त्र प्रहरी महानिरीक्षकले सशस्त्र प्रहरी बलको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने आदेश प्रकाशन गर्न सक्नेछ । यसरी प्रकाशित हुने आदेशमा सशस्त्र प्रहरी कर्मचारीको सरुवा, बढुवा, तालिमसम्बन्धी लगायतका विभागीय सूचनासमेत प्रकाशित हुनेछन् ।

१३३. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकताअनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१३४. बचाउ : ऐनबमोजिम अन्य सरकारी सेवाबाट सशस्त्र प्रहरी सेवामा स्थानान्तरण भइआएका सशस्त्र प्रहरीले साविकको पदमा रहँदा हासिल गरेका वृत्तिविकासलगायतका अन्य सेवा सुविधा यस नियमावलीबमोजिमको सेवामा जोडिनेछ ।

१३५. खोरजी : सशस्त्र प्रहरी नियमावली, २०५७ खारेज गरिएको छ ।

सशस्त्र प्रहरी नियमावली, २०५७ बमोजिम भएगरेका कामकार्बाहीहरू यसै नियमावलीबमोजिम भएको मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – १

नियम २५ सँग सम्बन्धित

शपथग्रहण

नेपाल राज्यमा शान्तिसुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्न नेपालको अन्तरिम संविधान २०६३ प्रति पूर्णतया निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान, विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वैषभाव नराखी पालन गर्नेछु भनी म ..... सत्य, निष्ठा, प्रतिबद्धतासहित प्रतिज्ञा गर्दछु र ईश्वरको नाममा शपथ लिन्छु ।

शपथग्रहण गर्नेको सही :.....

नाम :.....

मिति :

स्थान :

शपथग्रहण गराउनेको सही :.....

मिति :.....

नाम :

पद:

कार्यालय:

अनुसूची – २

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

सशस्त्र प्रहरीको वैयक्तिक विवरण (सिटरोल) को ढाँचा

अनुसूची – ३

(नियम ३७ को उपनियम (१) सँग सम्बन्धित)

कार्यसम्पादन मूल्याङ्कन फारम

अनुसूची –४

(नियम ३७ को उपनियम (३) सँग सम्बन्धित)

सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ५

(नियम ४१ र नियम ११५ सँग सम्बन्धित)

बढुवा हुन आवश्यक तालिमहरू

अनुसूची – ६

(नियम ८८ सँग सम्बन्धित)

विभागीय सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी

अनुसूची –७

(नियम ११४ को उपनियम (२) सँग कसम्बन्धित)

बिदा तथा उपचार खर्चको अभिलेख

अनुसूची – ८

(नियम ११८ को उपनियम (२) सँग सम्बन्धित)

सशस्त्र प्रहरी अधिकृत र सशस्त्र प्रहरी जवानका लागि प्रारम्भिक पोसाक र सामान

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रहरी ऐन, २०१२

लालमोहर र प्रकाशन मिति

२०१२।६।३१

संशोधन गर्ने ऐन

१. केही नेपाल कानुन (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२०	२०२०।११।१६
२. प्रहरी (पहिलो संशोधन) ऐन, २०२९	२०२९।६।५
३. प्रहरी (दोस्रो संशोधन) ऐन, २०३१	२०३१।७।५
४. प्रहरी (तेस्रो संशोधन) ऐन, २०३५	२०३५।५।२१
५. प्रहरी (चौथो संशोधन) ऐन, २०४२	२०४२।४।२४
६. प्रहरी (पाँचौं संशोधन) ऐन, २०४८	२०४८।८।४

२०१२ सालको ऐन नं. ८

नेपाल प्रहरी फोर्सको गठन र व्यवस्था गर्ने बारे र प्रहरी कर्मचारीको काम र कर्तव्य निर्धारित गर्ने बारेको ऐन

नेपालभर मुलुकको प्रहरी फोर्सको पुनर्गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले श्री ५ महाराजधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "प्रहरी ऐन, २०१२" भन्ने रहेको छ ।

(२) यो ऐन नेपाल भर मुलुकमा लागु हुनेछ ।

(३) परिच्छेद १, २, ३ र ६ का कुराहरू तुरुन्त लागु हुन्छन र अरू परिच्छेदका कुराहरू नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाश

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गरेबमोजिमको नेपालको इलाकामा र तोकिएका मितिदेखि लागु हुन सक्नेछन् ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अधिकृत" भन्नाले सहायक निरीक्षक र सोभन्दा माथिका प्रहरी अधिकृत सम्झनुपर्छ ।

(ख) .....

(ग) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनुपर्छ ।

(घ) "अञ्चल उपरीक्षक" भन्नाले प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक सम्झनुपर्छ सो शब्दले नेपाल सरकारले सामान्य वा विशेष आदेशद्वारा अञ्चल उपरीक्षकको सबै वा केही काम गर्न तोकेको निरीक्षक समेतलाई जनाउँछ ।

(ङ) "प्रहरी" भन्नाले यस ऐनअन्तर्गत नियुक्त भएका वा दरिएका व्यक्ति सम्झनुपर्छ ।

(च) "प्रहरी कर्मचारी" भन्नाले प्रहरीका अधिकृत र जवान सम्झनुपर्छ ।

(छ) "मातहत दर्जा" भन्नाले निरीक्षकभन्दा मुनिका अधिकृत र जवानलाई सम्झनुपर्छ ।

(ज) "राजपत्राङ्कित अधिकृत" भन्नाले निरीक्षक र सोभन्दा माथिको अधिकृत सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद–२

प्रहरी फोर्सको गठन रेखदेख र नियन्त्रण

३. प्रहरी फोर्सको गठन :

(१) नेपालको लागि एक वा एकभन्दा बढी प्रहरी फोर्सहरू रहनेछन् । प्रहरी फोर्सको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरूको सङ्ख्या नेपाल सरकारले समयसमयमा तोकिदिए बमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) प्रहरी फोर्सको अधिकृत र जवानहरूको तलब र सेवाका अन्य सर्त नेपाल सरकारले समयसमयमा निर्धारण गरेबमोजिम हुनेछ ।

४. नेपाल सरकारको अधिकार : प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ र नेपाल सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

५. प्रहरी महानिरीक्षक इत्यादि :..... प्रहरी प्रशासनको जिम्मेबारी प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक र नेपाल सरकारले उपयुक्त सम्झेको नायब महानिरीक्षक .....हुनेछ ।

६. अञ्चल उपरीक्षक इत्यादि :

(१) आफ्नो अञ्चलको प्रहरी प्रशासनको जिम्मेबारी अञ्चल प्रहरी उपरीक्षकको हुनेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक र जिल्ला प्रहरी कार्यालयमा प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक नियुक्त गर्न सक्नेछ ।

(३) .....

७. नियुक्तिको सर्टिफिकेट :

(१) निरीक्षक वा त्यसदेखि मुनि दर्जाका हरेक प्रहरी कर्मचारी नियुक्ति हुँदा अनुसूचीमा दिएबमोजिम प्रमाणपत्र पाउँछ । नेपाल सरकारले साधारण वा विशेष आदेशद्वारा निर्देश गरेका कर्मचारीले सो प्रमाणपत्रमा सहीछाप गरिदिनुपर्छ ।

(२) नियुक्तिको प्रमाणपत्रमा उल्लेख गरिएका व्यक्ति प्रहरी कर्मचारीको नोकरीबाट बहाल टुटेपछि सो प्रमाणपत्र बदर वातिल हुनेछ र सो प्रमाणपत्र बुझ्न अख्तियार पाएका कर्मचारीलाई बुझाउनुपर्छ ।

(३) आफ्नो पदबाट कुनै प्रहरी कर्मचारी सस्पेन्ड रहेसम्म त्यस प्रहरी कर्मचारीले गर्नुपर्ने काम र पाउने विशेष सुविधा कायम नरही उपदफा (१) बमोजिम दिएको प्रमाणपत्र सस्पेन्सनको टायमसम्म बेकायमी नै रहन्छ, तर त्यसरी सस्पेन्ड भए तापनि सस्पेन्ड नभएसरह सो व्यक्तिउपर साविक अधिकारीहरूको नियन्त्रण कायम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

रहन्छ र निज साविकबमोजिमको अनुशासनमा रहनुपर्छ र साविकबमोजिम सजायको भागी हुनेछ ।

८. प्रहरीउपर नियन्त्रण : जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्तिसुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन् र सोसम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नुपर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ ।

परिच्छेद–३

प्रहरी फोर्सको नियन्त्रण र अनुशासन

९. प्रहरी कर्मचारीको नियुक्ति, बढुवा, बर्खासी र अन्य विभागीय सजाय :

(१) राजपत्राङ्कित प्रहरी अधिकृतको नियुक्ति र बढुवा नेपाल सरकारबाट र अन्य मातहत दर्जाका प्रहरी कर्मचारीहरूको नियुक्ति र बढुवा प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक वा अञ्चल उपरीक्षकबाट तोकिएबमोजिम हुनेछ ।

(२) प्रहरी कर्मचारी नेपाल सरकारको इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

(३) राजपत्राङ्कित प्रहरी अधिकृतलाई नेपाल सरकारले र अन्य मातहत दर्जाका अधिकृत र जवानलाई तोकिएबमोजिम प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक वा अञ्चल उपरीक्षकले बर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा अरू सजाय गर्न सक्नेछ ।

(४) मातहत दर्जाका प्रहरी कर्मचारीले आफ्नो कर्तव्यपालन गर्दा असावधानी वा लापर्वाही गरेमा वा कुनै कर्तव्य पालन गर्नबाट बच्नका लागि आफूले केही गरी सो कर्तव्य पालन गर्न अयोग्य भएमा वा अनुशासन भङ्ग गरेमा वा अन्यथा अनुचित आचरण गरेमा निजलाई तोकिएको अधिकृतले बर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा आवश्यक सम्झे तोकिएबमोजिम देहायको सजाय गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) एक महिनाको तलबसम्म जरिवाना गर्ने,

(ख) सजायको कवाज, थप गार्ड वा फ्याटिग (शारीरिक थकाइ हुने) वा अरू डचुटी गराई वा नगराई १५ दिनसम्म क्वार्टरमा नजरबन्द राख्ने ।

तर, यस खण्डमा लेखिएको सजाय कुनै अधिकृतलाई दिन सकिनेछैन ।

(ग) महत्वपूर्ण जिम्मेबारीको पदबाट हटाउने वा विशेष तलबभत्ता पाएको झिक्ने ।

१०. मनमानी बर्खासी इत्यादिबाट बचाउ :

(१) कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्दा, सेवाबाट हटाउँदा, दर्जा वा तलब घटाउँदा देहायका अवस्थामा बाहेक निजलाई सो गर्नुनपर्ने कारण देखाउन मनासिब अवधि तोकी सफाइको मौका दिनुपर्छ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट कैदको सजाय पाएकोमा,

(ख) यस ऐनअन्तर्गतको अपराध ठहरी कैदको सजाय पाएकोमा, वा

(ग) सो सफाइको मौका दिन मनासिब नपर्ने अवस्था देखाई व्यहोरा खोली सजाय दिने अधिकारीले पर्चा खडा गरी राखेकोमा ।

(२) कुनै प्रहरी कर्मचारीलाई नियुक्त गर्न सक्ने अधिकारीले मात्र बर्खास्त गर्न, सेवाबाट हटाउन वा दर्जा वा तलब घटाउन सक्नेछ ।

१०क. मुद्दा चलाउन बाधा नपर्ने : दफा ९ बमोजिम विभागीय कार्बाही वा सजाय भएकै कारणले यो ऐन वा प्रचलित अन्य नेपाल कानुनअन्तर्गत मुद्दा चल्नमा कुनै बाधा भएको मानिनेछैन ।

११. विभागीय कार्बाही र सजायको कार्याविधि र पुनरावेदन :

(१) दफा ९ बमोजिम विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने, दर्जा वा तलब घटाउने आदेश दिँदा सो गर्नाको आधारसहितको अभियोग, सोबारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिइएकोमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निजको सफाइको जिकिर र सो जिकिरबमोजिम थप केही बुझिएको भए सो समेत बारे आफ्नो ठहर लेखी र सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाइएको पर्चासमेत खडा गरी सही गरी मिसिल सामेल राख्नुपर्छ ।

(२) दफा ९ अन्तर्गत दिइएको विभागीय सजायको जुनसुकै आदेशउपर तोकिएबमोजिम अधिकारीसमक्ष पुनरावेदन लाग्नेछ ।

तर, दफा ९ को उपदफा (४) को खण्ड (ख) अन्तर्गत भएको सजायउपर पुनरावेदन लाग्नेछैन ।

११क. विभागीय कार्बाही र सजाय गर्ने अधिकार : यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम विभागीय कार्बाही र सजाय गर्ने अधिकार नियममा तोकिएको अवस्थामा सोहीबमोजिम र त्यसरी नतोकिएकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको समितिलाई हुनेछ ।

परिच्छेद–४

प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

१२. प्रहरी कर्मचारीहरू हरहमेसा ड्युटीमा रहनुपर्ने : यस ऐनको तात्पर्यका लागि हरेक प्रहरी कर्मचारी हरहमेसा ड्युटीमा रहेको मानिनेछ र मुलुकको कुनै भागमा जुनसुकै बखत पनि प्रहरी कर्मचारी काममा खटिन सक्दछ ।

१३. प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने अख्तियार : प्रहरी कर्मचारीले यो ऐन वा अरू कुनै प्रचलित ऐनबाट पाएको अख्तियारभन्दा बढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउँदैन ।

१४. सिनियर कर्मचारीको अधिकार : प्रहरी कर्मचारीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पाएको अख्तियार निजभन्दा माथिका दर्जाका प्रहरी कर्मचारीले प्रयोग गर्न पाउँछ ।

१५. प्रहरी कर्मचारीको कर्तव्य :

(१) प्रत्येक प्रहरी कर्मचारीको देहायबमोजिम कर्तव्य हुनेछ :

(क) अधिकारप्राप्त अधिकारीले कानुनबमोजिम दिएको आदेश र जारी गरेको वारेन्ट तदारुकतासाथ पालन तथा तामेल गर्नु,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर सङ्कलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु,

(ग) अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु,

(घ) अपराधीहरू पत्ता लगाउनु र अपराधीलाई कानुनबमोजिम सजाय गराउनु,

(ङ) कानुनबमोजिम पक्रनुपर्ने व्यक्तिहरूलाई पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिहरू पक्रनु,

(च) प्रचलित कानुनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्ने,

(छ) असमर्थ र असहाय भई बाटोघाटोमा परिरहेको व्यक्तिहरूलाई आफूबाट हुन सक्ने हरकिसिमको मद्दत दिने र जोखिम किसिमका र आफ्नो हेरचाह गर्न नसक्ने किसिमका अम्मल खाएका व्यक्ति वा बौलाहाहरूको जिम्मा लिने,

(ज) पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल र बिरामी भएमा आवश्यक मद्दतलाई चाहिने कार्बाही तुरुन्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लाँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने,

(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने,

(ञ) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने,

(ट) सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नीमानिस र केटाकेटीहरूसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने,

(ठ) आगोबाट हानिनोक्सानीको बचाउ गर्न सकभर कोसिस गर्ने,

(ड) जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोसिस गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) माथि खण्ड (क) देखि (ङ) मा लेखिएको कुनै उद्देश्यको प्राप्तिका लागि लागुऔषधी वा मदिरा बिक्री गर्ने वा सेवन गराउने भट्टी पसल, होटल, लज, रेस्टुराँ, जुवा खेलिरहेको ठाउँ, साधारणतः चरित्रहीन र बदमासहरू भेला हुने कुनै ठाउँमा बिनावारेन्ट प्रवेश गर्न र निरीक्षण गर्न कम्तीमा सहायक निरीक्षकसम्म दर्जाको अधिकृतलाई अधिकार हुनेछ ।

(३) उपदफा (२) बमोजिम बिनावारेन्ट प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारणसहितको निम्नलिखित जानकारी यथाशक्य चाँडो प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्नेछ ।

१६. वारेन्ट इत्यादि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार : जुनसुकै प्रहरी अधिकृतले आफ्नो कर्तव्यको सिलसिलामा पाएको खबर प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गरी कुनै अपराध गरेको वा सो गरेको भनी शङ्का भएको वा अपराध गर्न लागेको व्यक्तिको नाममा कानुनद्वारा जारी हुन सक्ने वारेन्ट, खानतलासीको वारेन्ट, समाह्वान वा अरू म्याद सूचना जारी गर्न प्रतिवेदन दिन सक्नेछ र प्रचलित कानुनले त्यस्तो वारेन्ट, समाह्वान वा म्याद वा सूचना जारी गर्न कुनै अड्डा वा अधिकारीको स्पष्ट व्यवस्था नभएकोमा प्रमुख जिल्ला अधिकारीले जारी गर्न सक्नेछ । त्यस्तो वारेन्ट, खानतलासीको वारेन्ट, समाह्वान वा अरू म्याद सूचना कुनै अड्डा वा अदालतले जारी गर्ने कानुनी व्यवस्था भएकोमा प्रहरी अधिकृतले सो प्रतिवेदन सोझै त्यस्तो अड्डा वा अदालतमा दिनेछ ।

१७. प्रहरी कर्मचारीले बिनावारेन्ट गिरफ्तार गर्न पाउने अधिकार :

(१) प्रहरी कर्मचारीले बिनावारेन्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफ्तार गर्न हुन्छ :

(क) कानुनले तीन वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

(ख) फरार घोषित गरिएको पक्रनुपर्ने अपराधी,

(ग) कर्फ्यु लागेको टायममा शङ्का पर्ने गरी हिँडडुल गरी रहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार खरखजाना वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) कानुनअनुसार थुनिएका ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) शाही नेपाली सेना वा प्रहरी फोर्स छाडी भागेका भन्ने मनासिब शङ्का परेको व्यक्ति,

(छ) यस ऐनको परिच्छेद (६) मा लेखिएबमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शङ्का भएको व्यक्ति,

(२) माथि उपदफा (१) मा लेखिएबमोजिम पक्राउ भएका व्यक्तिलाई बाटाको मनासिब माफिकको म्यादबाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेस गर्नुपर्छ ।

(३) कुनै चलअचल सार्वजनिक सम्पत्तिमा आफ्ना सामुन्ने नोक्सानी हुन लागेको देखेमा प्रहरी कर्मचारीले आफैँ अघि सरी सो नोक्सानी रोक्न सक्छ ।

१८. सार्वजनिक बाटो इत्यादिमा सवारी वा यात्रीहरूको व्यवस्था : प्रहरी कर्मचारीको देहायबमोजिमको कर्तव्य हुन्छ :

(क) सार्वजनिक बाटोमा यातायातको व्यवस्था र नियन्त्रण गर्ने र त्यहाँ यातायातको रोकावट हुन नदिने र सार्वजनिक बाटो वा त्यसका वरिपरि जनताले पालन गर्नको निमित्त यो ऐन वा प्रचलित कानुनअन्तर्गत बनेकोनियम र आदेश मिच्न नदिने,

(ख) सार्वजनिक बाटोमा र सबैले नुहाउने, लुगा धुने ठाउँ, घाट, हवाईअड्डा, रेलको स्टेसन, मेला लाग्ने ठाउँ, देवालय र अरू सार्वजनिक स्थानमा तथा सबैले पूजा गर्ने ठाउँ वा त्यसको वरिपरि पूजा गर्न लागेको बेलामा शान्ति कायम राख्ने,

(ग) सबैले नुहाउने, लुगा धुने ठाउँ, घाट र हवाईअड्डा, रेल्वे स्टेसनमा व्यवस्था राख्ने र त्यस्ता ठाउँमा र सर्वसाधारणलाई तार्ने डुङ्गामा घुँइचो हुन नदिने तथा त्यस्तो स्थान वा डुङ्गामा सर्वसाधारणले पालन गर्नको निमित्त यो ऐन र प्रचलित अन्य ऐनअन्तर्गत बनेको नियम र आदेश मिच्न नदिने ।

१९. सार्वजनिक सभा र जुलुसको व्यवस्था :

(१) सार्वजनिक बाटो, सडक वा आवतजावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जनसाधारणलाई असुविधा पर्ने वा शान्ति

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ बाटो र समय तोक्न सक्नेछ ।

(२) उपदफा (१) विपरीत कुनै कार्य भएगरेमा प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले त्यस्तो सभा वा जुलुस रोक्न वा भङ्ग गर्न सक्नेछ ।

२०. बेवारिसी सम्पत्तिको प्रहरीले जिम्मा लिने : बेवारिसी सम्पत्तिको जिम्मा लिने र त्यसको तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारीकहाँ पेस गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ ।

२१. प्रमुख जिल्ला अधिकारीले सम्पत्ति रोक्का गर्ने र इस्तिहार जारी गर्ने :

(१) प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्ति रोक्क गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हकदाबीको सबुतसमेत लिई दाबी गर्न आउनु भनी इस्तिहार जारी गर्न सक्नेछ ।

(२) त्यस्तो सम्पत्तिको हक पुग्ने मानिस पत्ता नलागेको वा उपस्थित नरहेको र त्यस्तो सम्पत्ति नोक्सान हुने वा स्वाभाविक रूपमा सडी, गली जाने भएमा वा लिलाम बिक्री गरेमा धनीलाई फाइदा होला भन्ने प्रमुख जिल्ला अधिकारीको विचारमा लागेमा वा त्यस सम्पत्तिको मोल रु. १०।– भन्दा घटी भएमा प्रमुख जिल्ला अधिकारीले जुनसुकै बखत पनि लिलाम बिक्री गर्न र लिलाम बिक्रीबाट आएको रुपैयाँ धरौटी राख्ने आदेश दिन सक्नेछ ।

२२. दाबा गर्ने मानिस कोही हाजिर नभएमा सम्पत्ति नेपाल सरकार लाग्ने :

(१) तोकिएको ६ महिना म्यादभित्र त्यस्तो सम्पत्ति दाबा गर्ने व्यक्ति कोही हाजिर नभएमा दफा २१ को उपदफा (१) बमोजिम लिलाम बिक्री भएको रहेनछ भने सो सम्पत्ति प्रमुख जिल्ला अधिकारीको आदेशबमोजिम लिलाम बिक्री हुन्छ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति लिलाम बिक्री भइआएको रुपैयाँ र कसैको हक कायम नभई दफा २१ को उपदफा (२) बमोजिम लिलाम बिक्री भइआएको रुपैयाँ ६ महिनाबाद नेपाल सरकार लाग्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२२क. बेवारिसी लासका सम्बन्धमा :

बेवारिसी लास फेला परेमा प्रहरीले कब्जामा लिई लासको सनाखत र कालगतिले मरेकोमा मुचुल्का गराई हकवाला फेला परे सतगत गर्न बुझाइदिनुपर्छ । हकवाला फेला नपरे वा बुझिनलिए त्यस्तो लास चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई आवश्यक भएमा प्रहरीले सो संस्थानलाई बुझाइदिनुपर्छ । त्यस्तो संस्थान नभएको ठाउँमा वा त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रहरीले स्थानीय गाउँ विकास समिति वा नगरपालिका वा सामाजिक संस्थामार्फत दाहसंस्कार गराउनुपर्छ ।

तर, दुर्घटनामा परी, आत्महत्या गरी वा शङ्कास्पद स्थितिमा मरेकोमा भने प्रचलित कानुनबमोजिम लासजाँच शवपरीक्षणसमेत गर्नुपर्ने तहकिकातको कामकार्बाही पूरा गरेपछि मात्र त्यस्तो लास अध्ययन संस्थानलाई बुझाइदिनु वा दाहसंस्कार गराउन सकिनेछ ।

२३. प्रहरी कर्मचारीले डायरी राख्नुपर्ने काम :

(१) नेपाल सरकारले तोकेबमोजिम ढाँचाको डायरी राखी त्यसमा सबै उजुरी र आरोप गिरफ्तार भएका सबै मानिसको नाउँ, उजुर गर्नेको नाउँ, गिरफ्तार भएका व्यक्तिउपर आरोप लगाइएको अपराध, निजहरूबाट वा अरू किसिमले बरामद भएको हतियार वा धनमाल र बुझिएका साक्षीहरूको नाउँसमेतको व्यहोरा खोली चढाइराख्ने हरेक थानाको अख्तियारवाला कर्मचारीको कर्तव्य हुनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ ।

२४ झिकिएको .....

२५ झिकिएको .....

२६ झिकिएको .....

परिच्छेद–५

सार्वजनिक शान्ति र सुरक्षा कायम गर्नलाई विशेष प्रबन्ध

२७. कुनै व्यक्तिको दर्खास्त परेमा थप प्रहरी खटाउने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) कुनै व्यक्तिको दर्खास्त परेमा अञ्चल उपरीक्षकले शान्ति वा व्यवस्था कायम राख्न वा कुनै खास किसिमको अपराधबारे यस ऐन वा अरू ऐनका कुराहरू लागु गर्न वा कुनै ठाउँ वा इलाकामा प्रहरीको अरू कर्तव्य पालन गर्नाका निमित्त थप प्रहरी जवान खटाउन सक्नेछ ।

(२) दर्खास्त दिने व्यक्तिले त्यस्तो थप प्रहरीको खर्च बेहोर्नुपर्छ । तर त्यस्तो थप प्रहरी अञ्चल उपरीक्षकको आदेशमा रही निजले उचित ठहराएका समयसम्मलाई खटिन्छ ।

(३) त्यस्तो थप प्रहरीको दर्खास्त दिने व्यक्तिले सो प्रहरी जवान झिकी पाऊँ भनी अञ्चल उपरीक्षकलाई जुनसुकैबखत लिखित निवेदन दिएमा अञ्चल उपरीक्षकले त्यस्तो निवेदन पाएको मितिले एक महिनामा नबढाई मुकरर गरेको समय व्यतीत भएपछि दर्खास्तवालाले त्यसको खर्च बेहोर्न पर्दैन ।

२८. रेल्वे वा अरू प्रतिस्थापनको छिमेकमा थप प्रहरी खटाउने :

(१) हवाईअड्डा, रेल्वे, नहर वा अरू कुनै लोककार्य वा कारखाना, व्यापारिक प्रतिस्थापन, मनोरञ्जन सुविधा र यातायातको निर्माण भइरहेको वा चलेको अवस्थामा सोकार्य कारखाना वा प्रतिस्थापनमा नियुक्त वा त्यहाँ आवतजावत गर्ने व्यक्तिहरूको व्यवहार वा व्यवहारको आशङ्काले कुनै समय त्यस्तो ठाउँमा थप प्रहरीको आवश्यकता सम्झेमा नेपाल सरकारले आवश्यक भएसम्मका लागि आवश्यक सम्झेजति सङ्ख्यामा थप प्रहरी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप प्रहरी खटाइएकोमा सो खटाउँदा लागेको खर्च नेपाल सरकारले जुन कार्य, कारखाना वा प्रतिस्थापनका लागि खटाउनुपरेको हो, त्यसबाट भराउने आदेश दिन सक्नेछ र सोकार्य, कारखाना वा प्रतिस्थापनको कोषबाट सो खर्च बेहोर्नुपर्छ ।

(३) नेपाल सरकारले यस दफाअन्तर्गत आफूले प्राप्त अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक, प्रमुख जिल्ला अधिकारी वा अञ्चल उपरीक्षकलाई सुम्पन सक्नेछ ।

२९. सार्वजनिक शान्तिलाई विशेष खतरा पर्ने अवस्थामा थप प्रहरी खटाउने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) कुनै इलाकामा अशान्त वा खतरनाक अवस्था भएमा वा त्यहाँका बासिन्दा वा बासिन्दाको कुनै खास वर्गको आचरणबाट थप प्रहरी खटाउन आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहायको कुरा तोक्न सक्नेछ :

(क) थप प्रहरी राख्नुपर्ने स्थान... र

(ख) थप प्रहरी राख्नुपर्ने अवधि ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले गरेको निर्णय अन्तिम हुन्छ ।

(३) यस दफाको उपदफा (५) को अधीनमा रही त्यस्ता थप प्रहरीको खर्च सूचनामा खास गरी किटिएको इलाकाको बासिन्दाहरूले बेर्होनुपर्छ ।

(४) उपदफा (५) अन्तर्गत तिर्नुनपर्ने ठहरिएका बाहेक अरू बासिन्दाहरूमा ककसले केकति तिर्नुबेहोर्नुपर्छ, सो कुराको प्रमुख जिल्ला अधिकारीले मनासिब ठहराएबमोजिम जाँचबुझ गरी बाँडफाँड गरिदिनुपर्छ । प्रमुख जिल्ला अधिकारीले बासिन्दाहरूको हैसियतको विचार गरी त्यस्तो बाँडफाँड गर्नेछ ।

(५) त्यस्तो बासिन्दाको कुनै वर्ग वा अंशलाई लागेको यस्तो खर्चबाट सूचना प्रकाश गरी नेपाल सरकारले छुटकारा दिन सक्दछ ।

स्पष्टीकरण : यस दफाको लागि 'बासिन्दा' शब्दले त्यस ठाउँमा बसोबास नगरे पनि त्यस्ता इलाकाभित्रको जग्गा वा अचल सम्पत्ति आफू वा कारबारी, वारिस वा नोकरद्वारा दखल वा भोगचलन गर्ने व्यक्तिहरू र आफैंले वा वारिस कारबारी वा नोकरबाट सोझै वा रैयतमार्फत तिरी असुल गर्ने वा जग्गा भोग चलन गर्ने जग्गाधनीलाई समेत जनाउँछ ।

३०. बासिन्दाहरूको अनुचित आचरणले गर्दा पर्न आएको नोक्सानीको हर्जाना पीडित व्यक्तिहरूलाई दिने :

(१) दफा २९ मुताबिक सूचना जारी भइरहेको इलाकाको बासिन्दाहरू वा उनीहरूको शाखा वा वर्गको अनुचित आचरणबाट या त्यसको जरियाबाट मृत्यु भएको वा गम्भीर चोट पुगेको वा धनमालको हानिनोक्सानी भएको रहेछ भने सो अनुचित आचरणबाट

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हानिनोक्सानी भयो भनी दाबी गर्ने त्यस्तो इलाकामा बस्ने व्यक्तिले सो हानिनोक्सानी भएका १ महिनाभित्र वा सोभन्दा घटी समय तोकिएमा सो म्यादभित्र त्यस्तो प्रमुख जिल्ला अधिकारीकहाँ हर्जानाको दर्खास्त दिन सक्तछ ।

(२) दफा २९ बमोजिमको इलाकामा थप प्रहरी जवान खटिएका वा नखटिएका भए तापनि नेपाल सरकारको स्वीकृति लिई प्रमुख जिल्ला अधिकारीले चाहिँदो जाँचबुझ गरी त्यस्तो क्षेत्रमा देहायमा लेखिएबमोजिम गर्न सक्तछ ।

(क) त्यस्तो अनुचित आचरण या त्यसका जरियाबाट पीडित भएका मानिसहरूको नाम प्रकाशन गर्ने,

(ख) त्यस्तो व्यक्तिहरूलाई दिने हर्जानाको अङ्क र सो बाँड्ने तरिका किटान र निर्धारित गर्ने,

(ग) यसपछिको उपदफा (३) अन्तर्गत हर्जाना बेहोर्नुनपर्ने भएका र दर्खास्तवालाबाहेक त्यस्तो इलाकाको बासिदाहरूमध्येको कसले हर्जानाको कति अङ्क तिर्नुपर्ने हो किनारा गरिदिने ।

तर, त्यस्तो इलाकाभित्र भएको हुलदङ्गा वा गैरकानुनी सभाबाट माथि लेखिएबमोजिम हानि भएको भन्ने र जुन घटनाबाट त्यस्तो हानि भएको छ, सो घटनाबारे सो पीडित मानिसको कुनै दोष छैन भन्ने ठहर नभई प्रमुख जिल्ला अधिकारीले यो उपदफा बमाजिम प्रकाश र अङ्क किटान गर्नुहुँदैन ।

(३) आदेश जारी गरी त्यस्ता बासिन्दामध्ये कुनै व्यक्ति वा शाखा वा वर्गलाई त्यस्ता हर्जानाको केही भाग तिर्नुनपर्ने गर्न नेपाल सरकारको लागि कानुनी हुन्छ ।

(४) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको प्रकाशन र किटान गरेको हर्जानाको अङ्क वा दिएको आदेश नेपाल सरकार वा नेपाल सरकारबाट नियुक्त गरेको अधिकारीद्वारा दोहोरिन सक्छ, अन्यथा सो अन्तिम हुन्छ ।

(५) यस दफाबमोजिम हर्जाना भराइसकेको हानि बारे देवानी कार्बाही चल्न सक्दैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्पष्टीकरण : यस दफामा 'बासिन्दा' शब्दको अर्थ माथिको दफाबमोजिम हुन्छ ।

३१. झिकिएको .....

३२. माथि उल्लेख गरेबमोजिम तिर्नुपर्ने रुपैयाँ असुल गर्ने :

(१) जरिवाना असुल गर्नेबारेको प्रचलित कानुनबमोजिम यस परिच्छेदमा उल्लेख गरिएको तिर्नुपर्ने रुपैयाँ प्रमुख जिल्ला अधिकारीले असुल गर्छ ।

(२) दफा ३० बमोमिजम तिरेको वा असुल भएको सबै रुपैयाँ प्रमुख जिल्ला अधिकारीले सो दफाबमोजिम पाउने मानिसलाई दिनुपर्छ ।

परिच्छेद–६

अपराध र सजाय

३३. खारेज .....

३३क. कडा अपराधहरू : प्रहरी कर्मचारीहरूले देहायको कुनै कसुर गरेमा निजलाई आजन्मकैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको तलब बराबरसम्म जरिवानासम्म वा दुवै सजाय हुनेछ :

(क) प्रहरी सेवामा सशस्त्र विद्रोह गरेमा वा गराएमा वा विद्रोहमा सरिक भएमा वा सो गर्नगराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षड्यन्त्र वा उद्योग गरेमा,

(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोसिस नगरेमा वा यस्तो बेलामा देशभक्ति, *राजभक्ति* वा कर्तव्यरत कुनै पनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) विद्रोह गर्ने मनसाय गरेको वा षड्यन्त्र वा उद्योग भइरहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नुपर्ने कारण हुँदाहुँदै पनि निच मारी उच्च पदाधिकारीहरूलाई यथाशक्य तत्कालै खबर वा सूचना नदिएमा,

(घ) .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) थाना, चौकी, गारद, पालोपहरा आदि र आफूसाथ वा आफ्नो जिम्मा रहेको हातहतियार, खरखजाना अन्य सरकारी धनमाल र कागजातहरू आक्रमणकारीहरूलाई सुम्पी मद्दत गरेमा,

(च) आक्रमण वा मुठभेडका समयमा वा सो हुने सम्भावनामा प्रहरी फोर्स वा जनतामा जानीजानी झुट्टो आतङ्क फैलाएमा वा हरेस खुवाउने वा आतङ्क पार्ने नियतले झुट्टो खतराको खबर फैलाएमा ।

३३ख. अन्य कडा अपराधहरू : प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा दस वर्षसम्म कैद वा दुई वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछ :

(क) नेपाल सरकार, नेपाल सरकारको कामकार्बाही र नेपालको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता र अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार र चिन्हद्वारा वा अरू कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा वा सो उद्योग गरेमा,

(ख) नेपाल सरकारको कुनै मित्रराष्ट्रभित्र लुटमार गरेमा वा गर्न तयारी गरेमा, त्यस्तो गर्ने व्यक्तिलाई मद्दत वा सूचना दिएमा वा सो मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क राखेमा,

(ग) आफू खटिएको वा आफ्ना जिम्मामा रहेको वा आफूले रक्षा गनुपर्ने थाना, चौकी गारद, पालोपहरा, पिकेट, टोली वा प्याट्रोल वा प्रतिष्ठापन वा कार्यालयमाथि आक्रमणकारी डाँकु, तस्कर, बदमास र हुलदङ्गा गर्नेहरूले आक्रमण गरेका बखत तिनीहरूसँग मुठभेड हुँदा वा त्यस्तो मुठभेड हुने आशङ्कामा नामर्दीसँग भागेमा,

(घ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको हातहतियार खरखजाना बेचबिखन गरेमा,

(ङ) लुटको खोजीमा हिँड्न आफ्नो थाना, चौकी, गारद, पालोपहरा, पिकेट, टोली, प्याट्रोल, प्रतिष्ठापन वा कार्यालय छाडेमा,

(च) ड्युटीमा रहेको वा नरहेको भए तापनि माथिल्लो दर्जाको कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छँदाछँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(छ) आफूमाथिको कुनै अधिकृतले आदेश दिएको बहाल टुटेपछि नियुक्तिको प्रमाणपत्र र बहाल छँदा आफ्नो जिम्मा भएको सरकारी वा अरू कसैको हातहयिार, खरखजाना, संयन्त्र, ज्यावल, सरसामान, नगदी जिन्सीसमेत तुरुन्त नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) लुटने अभिप्रायले घर वा कुनै ठाउँ फोरेमा वा कुनै किसिमबाट धनमाल लुटेमा, हानिनोक्सानी वा क्षति गरेमा,

(झ) कर्तव्य पालना गर्दा कायरता देखाएमा ।

३४. अरू अपराधहरू : प्रहरी कर्मचारीले देहायको कुनै अपराध गरेमा, पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछ :

(क) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको संयन्त्र, ज्यावल, सरसामान, बर्दी, तानामाना, तक्मा, पदक, नगदी, जिन्सी, सवारीको साधन र इन्धन इन्यादि जानीजानी वा लापर्बाही गरी बिगारेमा, नासेमा, हराएमा वा दुरूपयोग गरेमा वा बदनियतले आफ्नो वा अरू कसैका निमित्त लिएमा वा दिएमा,

(ख) क्याम्पमा रसिद वा अरू चाहिने कुरा ल्याउने व्यक्तिउपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरी अपराध गरेमा वा कुनै स्थानमा बल मिचाई गरेमा,

(ग) आफूमाथिको प्रहरी कर्मचारीले दिएको कानुनी उर्दी नमानेमा,

(घ) प्रहरी फोर्सबाट भागेमा,

(ङ) सेन्ट्री भई पालो बसेका ठाउँमा सुतेमा वा नियमित बदली नआई बिनाइजाजत छाडेमा,

(च) नियमित बदली नआई वा बिनाइजाजत आफ्नो गारद, पिकेट, टोली वा प्याट्रोल छाडेमा,

छ) आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजतबिना राजीनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा,

(ज) सेन्ट्रीलाई कुटेमा वा जबर्जस्ती गरेमा वा सो गर्न उद्योग गरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) गारद, पिकेट, प्याट्रोलको कमान्डमा छँदा रीतपूर्वक बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा, मनासिब अख्तियारीबिना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापर्बाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएमा,

(ञ) गिरफ्तार वा थुनिएका बखत छोड्न सक्ने अख्तियार पाएकोले नछाड्दै गिरफ्तार भएको वा थुनिएको ठाउँ छोडिगएमा,

(ट) रोग वा शरीरको निर्बलताको झुठो बहाना गरेमा वा भान पारेमा,

(ठ) आफ्नो काम वा जिम्मामा रहेको व्यक्तिहरूको सङ्ख्या वा अवस्थाको वा त्यस्ता व्यक्ति वा नेपाल सरकार वा प्रहरी वा प्रहरी फोर्समा सामेल हुन आएको कसैको रुपैयाँ, हातहतियार, खरखजाना, लुगाफाटो, सरसामान वा अन्य मालसामानको झुठो फाँट वा प्रतिवेदन जानीजानी पेस गरेमा वा खराब मनसायले वा जानीजानी बात लाग्ने लापर्बाहीबाट माथि लेखिएका विषयको फाँट वा प्रतिवेदन तयार गर्न वा पठाउन छुटाएमा वा इन्कार गरेमा,

(ड) राजनीतिक उद्देश्यले सङ्गठन गरिएको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा,

(ढ) आफ्नो ओहदाको धाकधम्की दिई कसैलाई अनाहक दुःख र टन्टा दिएमा वा कसैको सम्पत्ति हानिनोक्सानी गरेमा ।

३४क.....

३५. अरू ऐनबमोजिम मुद्दा चलाउने अधिकारमा बाधा नपर्ने : यस ऐनबमोजिम सजाय हुने अपराध गर्ने व्यक्तिउपर अरू ऐनबमोजिम मुद्दा चलाउन वा त्यस्ता व्यक्तिलाई अरू ऐनबमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएका दण्डसजायभन्दा बढी अरू सजायको भागी हुन यस ऐनको कुनै कुराले बाधा पर्दैन । तर, कुनै व्यक्तिलाई एउटै अपराधमा दुईपटक सजाय हुन सक्दैन ।

३६. प्रहरी विशेष अदालतको स्थापना र गठन :

(१) यस परिच्छेदअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कार्बाही र किनारा गर्न देहायको दर्जाका प्रहरी कर्मचारीका सम्बन्धमा देहायको प्रहरी विशेष अदालतको गठन हुनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) प्रहरी जवानदेखि प्रहरी सहायक निरीक्षकसम्मको लागि जिल्ला प्रहरी विशेष अदालत,

(ख) प्रहरी नायब निरीक्षकदेखि प्रहरी नायब उपरीक्षकसम्मको लागि क्षेत्रीय प्रहरी विशेष अदालत,

(ग) प्रहरी उपरीक्षक र सोदेखि माथिल्लो तहको प्रहरी अधिकृतको लागि केन्द्रीय प्रहरी विशेष अदालत ।

(२) उपदफा (१) बमोजिम जिल्ला प्रहरी विशेष अदालत, क्षेत्रीय प्रहरी विशेष अदालत र केन्द्रीय प्रहरी विशेष अदालतको गठन आवश्यकताअनुसार नेपाल सरकार गृहमन्त्रालयले गर्नेछ र प्रत्येक अदालतमा न्याय सेवाको अधिकृतको अध्यक्षतामा एकजना प्रहरी अधिकृतसहित तीनजना सदस्यहरू रहनेछन् र कार्बाहीमा पर्ने व्यक्ति प्रहरी अधिकृत भएमा निजभन्दा तल्लो श्रेणीको अधिकृत विशेष अदालतमा रहनेछैन ।

३६क. छुट्टै प्रहरी विशेष अदालत गठन गर्न सकिने : दफा ३६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी नायब निरीक्षक वा सोदेखि माथिल्लो दर्जाका अधिकृत र सोही वा तल्लो तहका प्रहरी कर्मचारीसमेत सङ्गठित भई यस परिच्छेदअन्तर्गतको कसुर गरेमा त्यस्तो मुद्दाको सुरु कार्बाही र किनारा गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छुट्टै प्रहरी विशेष अदालतको गठन गर्न सक्नेछ ।

३६ख. पुनरावेदन :

(१) यस परिच्छेदअन्तर्गतको कसुरसम्बन्धी मुद्दामा दफा ३६ बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक तहमाथिको प्रहरी विशेष अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ३६ को उपदफा (२) बमोजिमको केन्द्रीय प्रहरी विशेष अदालत वा दफा ३६क. बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णयउपर नेपाल सरकारसमक्ष पुनरावेदन लाग्नेछ ।

३६ग. प्रहरी विशेष अदालतको कार्याविधि :

(१) यस ऐनअन्तर्गत गठन भएको प्रहरी विशेष अदालतले आफ्नो कार्याविधि आफैँ निर्धारण गरी व्यवस्थित गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यस परिच्छेदअन्तर्गतको कसुर भएकोमा एक वर्षभित्र मुद्दा चलाउनुपर्नेछ ।

३७. कर्तव्य पालन गर्दा असल नियतले काम गरेमा कर्मचारी दोषी नहुने : प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीले यस ऐन वा अरू प्रचलित ऐनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको आज्ञाप्ति, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्न भागी हुँदैन ।

३८. मुद्दा चलाउने हदम्याद : यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियमअनुसार वा उक्त ऐन नियम वा विनियमले अधिकार दिएको भन्ने सम्झी कुनै काम गरेका वा सो गर्ने आशयले गरेको कुनै कामका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीउपर देहायमा लेखिएबमोजिम नभई मुद्दा चल्न सक्दैन ।

(क) मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारेस भए त्यसको नाम र ठेगाना खोली लिखित नोटिस प्रमुख जिल्ला अधिकारी, वा प्रहरी कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिस्ट्री गरी पठाएको र त्यसको १ प्रति नक्कल नेपाल सरकारमा पेस गरेको १ महिना ननाघी,

(ख) मुद्दा चलाउने कारण भएको ८ महिनाभित्र मुद्दा दायर नभई ।

३९. नियम र आदेश बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नलाई नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारीको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपरी नेपाल सरकारले देहायको विषयहरूमा नियम बनाउन सक्नेछ :

(क) प्रहरी फोर्सको गठन र वर्गीकरणको व्यवस्था बारे,

(ख) प्रहरी फोर्सको निरीक्षणको व्यवस्था बारे,

(ग) प्रहरी फोर्सलाई दिइने हातहतियार, तानावाना, लुगाफाटा र अरू आवश्यक वस्तुहरूको विवरण र सङ्ख्या निर्धारित गर्ने बारे,

(घ) प्रहरी फोर्सका अधिकृत र जवान बस्ने ठाउँ तोक्ने बारे,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) प्रहरीको साधनसम्बन्धमा प्रहरी फोर्सको स्थापना, प्रबन्ध र व्यवस्था गर्ने बारे,

(च) प्रहरी फोर्सको बाँडफाँड, खटनपटन, गतिविधि र स्थानको व्यवस्था गर्ने बारे,

(छ) सबै दर्जा र श्रेणीका प्रहरी कर्मचारीको कर्तव्य किटान गर्ने र निजहरूले आआफ्नो अधिकार र कर्तव्य पालन गर्ने तरिका र सर्तहरू तोक्ने बारे,

(ज) प्रहरीले सुराक लाउने र खबर जम्मा गर्ने र सो जाहेर गर्ने व्यवस्था मिलाउने बारे,

(झ) सामान्यतया प्रहरीलाई योग्य बनाउने र निजहरूको कर्तव्यको दुरूपयोग र लापर्बाही रोक्ने बारे ।

(३) नेपाल सरकारले जारी गरेको नियम र आदेशका अधीनमा रही उपदफा (२) मा लेखिएका विषयहरूबारे प्रहरी महानिरीक्षकले आदेश जारी गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची

फारम

प्रहरी ऐन, २०१२ बमोजिम श्री .....प्रहरी फोर्सको जवान नियुक्त हुनुभएको छ र निजले प्रहरी कर्मचारीको अधिकार, कर्तव्य र सुविधा पाउनुहुनेछ ।

प्रमाणपत्र दिने अख्तियारवाला

द्रष्टव्य :

(१) नेपाल अन्तरिम शासन विधान (चौथो संशोधन) ऐन, २०१५द्वारा रूपान्तर भएका शब्द :

'श्री ५ सरकारको' सट्टा 'नेपाल सरकार'

(२) स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रूपान्तर भएका शब्द :

'बडाहाकिम' को सट्टा 'अञ्चलाधीश'

(३) नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :

(क) 'पुलिस' को सट्टा 'प्रहरी'

(ख) 'गजेट' को सट्टा 'राजपत्र'

(ग) 'अफिसर' को सट्टा 'अधिकृत'

(घ) 'समन' को सट्टा 'समाह्वान'

(ङ) 'रिपोर्ट' को सट्टा 'प्रतिवेदन'

(च) 'डिग्री' को सट्टा 'आज्ञाप्ति'

(४) प्रहरी (पहिलो संशोधन), ऐन, २०२९ द्वारा रूपान्तर भएका शब्दहरू :

(क) 'इन्स्पेक्टर जनरल' को सट्टा 'महानिरीक्षक'

(ख) 'एडिशनल' को सट्टा 'अतिरिक्त'

(ग) 'डेपुटी' को सट्टा 'नायब'

(घ) 'असिस्टेन्ट' को सट्टा 'सहायक'

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) 'सुपरिटेडेन्ट' को सट्टा 'उपरीक्षक'

(च) 'इन्स्पेक्टर' को सट्टा 'निरीक्षक'

(छ) 'सबइन्स्पेक्टर' को सट्टा 'नायब निरीक्षक'

(ज) 'असिस्टेन्ट सबइन्स्पेक्टर' को सट्टा 'सहायक निरीक्षक'

(झ) 'सवोर्डिनेट रेङ्क' को सट्टा 'मातहत दर्जा'

(५) प्रहरी (तेस्रो संशोधन) ऐन, २०३५ बमोजिम रूपान्तर भएका शब्दहरू :

'जिल्ला उपरीक्षक' को सट्टा 'अञ्चल उपरीक्षक'

(६) प्रहरी (पाँचो संशोधन) ऐन, २०४८ बमोजिम रूपान्तर भएका शब्दहरू :

(क) 'अञ्चलाधीश' को सट्टा 'प्रमुख जिल्ला अधिकारी'

(ख) 'सर्टिफिकेट' को सट्टा 'प्रमाणपत्र'

रुपान्तर: "श्री ५ को सरकारको सट्टा "नेपाल सरकार" र "नेपाल अधिराज्यको'' सट्टा नेपाल राज्य गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रहरी नियमावली, २०४९

	नेपाल राजपत्रमा प्रकाशित मिति
	२०४९।९।६
संशोधन :	
१. प्रहरी (पहिलो संशोधन) नियमावली, २०४९	२०४९।११।१५
२. प्रहरी (दोस्रो संशोधन) नियमावली, २०५०	२०५०।६।१८
३. प्रहरी (तेस्रो संशोधन) नियमावली, २०५०	२०५०।९।२९
४. प्रहरी (चौथो संशोधन) नियमावली, २०५३	२०५३।९।१
५. प्रहरी (पाँचौं संशोधन) नियमावली, २०५४	२०५४।१०।२७
६. प्रहरी (छैठौं संशोधन) नियमावली, २०५५	२०५५।७।२३
७. प्रहरी (सातौं संशोधन) नियमावली, २०५७	२०५७।३।१९
८. प्रहरी (आठौं संशोधन) नियमावली, २०६०	२०६०।१२।१६
९. प्रहरी (नवौं संशोधन) नियमावली, २०६०	२०६०।१२।२६
१०. प्रहरी (दसौं संशोधन) नियमावली, २०६१	२०६१।१२।२७
११. प्रहरी (एघारौं संशोधन) नियमावली, २०६३	२०६३।१०।२९
१२. प्रहरी (बाह्रौं संशोधन) नियमावली, २०६४	२०६४।८।३

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "प्रहरी नियमावली, २०४९"रहनेछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले प्रहरी ऐन, २०१२ सम्झनुपर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान प्रमुखलाई सम्झनुपर्छ ।

(ख१) "प्रहरी आयुक्त" भन्नाले महानगरीय प्रहरी कार्यालयको प्रमुख सम्झनुपर्छ ।

(ख२) "प्रहरी सह-आयुक्त" भन्नाले महानगरीय प्रहरी परिसर प्रमुख सम्झनुपर्छ ।

(ख३) "समादेशक" भन्नाले महानगरीय प्रहरी शिक्षालय तथा क्षेत्रीय प्रहरी तालिम केन्द्रको प्रमुख सम्झनुपर्छ ।

(ग) "रिक्रुट" भन्नाले नयाँ भर्ना भई तालिमको अवधिमा रहेका प्रहरी जवान सम्झनुपर्छ ।

(घ) "परिवार" भन्नाले प्रहरी कर्मचारीको पति, पत्नी, नाबालक छोरा, अविवाहिता छोरी तथा आफैँले पालपोषण गर्नुपर्ने आफ्नै बाबु, आमा, सौतेनी आमा सम्झनुपर्छ ।

(ङ) "प्रहरी परिचर" भन्नाले घोडासम्बन्धी हेरचाह गर्ने सइश समेतलाई जनाउँछ ।

परिच्छेद २

गठन र वर्गीकरण

३. प्रहरी सेवाको विभाजन : प्रहरी सेवालाई देहायबमोजिको समूहमा विभाजन गरिएको छ :

(क) जनपद प्रहरी

(ख) सशस्त्र प्रहरी

(ग) पहरा प्रहरी

(घ) दङ्गा नियन्त्रण प्रहरी

(ङ) ट्राफिक प्रहरी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(च) महानगरीय प्रहरी

४. श्रेणी र पद :

(१) प्रहरी सेवामा देहायका श्रेणीहरू हुनेछन् :

(क) राजपत्राङ्कित

(ख) राजपत्र अनङ्कित

(२) देहायका राजपत्राङ्कित श्रेणीमा देहायका पदहरू हुनेछन् :

(क) विशिष्ट श्रेणी - प्रहरी महानिरीक्षक

- प्रहरी अतिरिक्त महानिरीक्षक
- कार्यकारी निर्देशक (प्रहरी अतिरिक्त महानिरीक्षक)

(ख) प्रथम श्रेणी - प्रहरी आयुक्त (प्रहरी नायब महानिरीक्षक)

- प्रहरी नायब महानिरीक्षक
- कार्यकारी निर्देशक (प्रहरी नायब महानिरीक्षक)
- प्रहरी सहआयुक्त (प्रहरी वरिष्ठ उपरीक्षक)
- प्रहरी वरिष्ठ उपरीक्षक

(ग) द्वितीय श्रेणी - प्रहरी उपरीक्षक

- प्रहरी सहआयुक्त (प्रहरी उपरीक्षक)
- समादेशक (प्रहरी उपरीक्षक) (प्रहरी नायब उपरीक्षक)
- समादेशक (प्रहरी नायब उपरीक्षक)

(३) राजपत्र अनङ्कित श्रेणीमा निम्नलिखित पदहरू रहनेछन् :

(क) प्रथम श्रेणी प्रहरी नायब निरीक्षक

(ख) द्वितीय श्रेणी प्रहरी सहायक निरीक्षक

(ग) तृतीय श्रेणी प्रहरी हवल्दार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) चतुर्थ श्रेणी प्रहरी जवान

(४) प्रहरी परिचर पद श्रेणी विहीन पद मानिनेछ ।

५. कार्यालयको स्थापना र कार्यालय प्रमुख :

(१) देहायका प्रहरी कार्यालयहरूमा देहायका कार्यालय प्रमुखहरू रहनेछन् ।

(क)	प्रहरी प्रधान कार्यालय	–प्रहरी महानिरीक्षक
(ख)	राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान	–कार्यकारी निर्देशक
(ग)	महानगरीय प्रहरी कार्यालय	–प्रहरी आयुक्त
(घ)	श्रेत्रीय प्रहरी कार्यालय	–प्रहरी नायब महानिरीक्षक
(ङ)	वीरेन्द्र प्रहरी अस्पताल	–प्रहरी नायब महानिरीक्षक वा प्रहरी वरिष्ठ उपरीक्षक
(च)	महानगरीय प्रहरी परिसर	–सहआयुक्त
(छ)	महानगरीय प्रहरी शिक्षालय	–समादेशक
(ज)	सशस्त्र प्रहरी गण	–प्रहरी उपरीक्षक
(झ)	सशस्त्र प्रहरी तालिम केन्द	–प्रहरी उपरीक्षक
(ञ)	प्रहरी पहरा गण	–प्रहरी उपरीक्षक
(ट)	जिल्ला प्रहरी कार्यालय	–प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक
(ठ)	दङ्गा नियन्त्रण प्रहरी गण	–प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक
(ड)	महानगरीय विमानस्थल सुरक्षा	–प्रहरी उपरीक्षक
(ढ)	क्षेत्रीय प्रहरी अस्पताल	–प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक
(ण)	श्रेत्रीय प्रहरी तालिम केन्द	–समादेशक
(त)	महानगरीय ट्राफिक प्रहरी परिसर	–प्रहरी नायब उपरीक्षक
(थ)	महानगरीय पर्यटक प्रहरी	–प्रहरी नायब उपरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(द) केन्द्रीय प्रहरी सङ्गीत विद्यालय –प्रहरी नायब उपरीक्षक

(ध) नगर प्रहरी कार्यालय –प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक

(न) महानगरीय प्रहरी वृत्त –प्रहरी नायब उपरीक्षक

(प) ट्राफिक प्रहरी कार्यालय –प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक

(फ) विमानस्थल सुरक्षा गार्ड –प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक

(ब) महानगरीय ट्राफिक प्रहरी वृत्त –प्रहरी निरीक्षक

(भ) महानगरिय समुदायिक प्रहरी –प्रहरी निरीक्षक

(म) सशस्त्र प्रहरी गुल्म –प्रहरी निरीक्षक

(य) इलाका प्रहरी कार्यालय –प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक

(र) वडा प्रहरी कार्यालय –प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक

(ल) महानगरीय प्रहरी प्रभाग –प्रहरी निरीक्षक

(व) सशस्त्र प्रहरी सेनामुख –प्रहरी नायब निरीक्षक

(श) प्रहरी चौकी –प्रहरी सहायक निरीक्षक

(२) उपनियम (१) मा तोकिएमा कार्यालय र कार्यालय प्रमुखहरूमा नेपाल सकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर वा थपघट गर्न सक्नेछ ।

(३) नियम १० बमोजिमको अधिकारीले उचित सम्झेमा कुनै एक कार्यालयमा समान दर्जाका एकभन्दा बढी प्रहरी कर्मचारीहरू नियुक्त गर्न सक्नेछ । त्यस्तो अवस्थामा सम्बन्धित कार्यालयको प्रशासकीय नियन्त्रण निजहरूमध्ये सबभन्दा वरिष्ठ कर्मचारीबाट हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६. प्रहरी प्रधान कार्यालयको मातहतमा रहने : नेपाल राज्यका सबै प्रहरी कार्यालयहरूले प्रहरी प्रधान कार्यालयको सामान्य नियन्त्रण तथा निर्देशनमा रही काम गर्नेछन् ।

तर, देहायका प्रहरी कार्यालयहरू प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहनेछन् :

(क) महानगरीय प्रहरी कार्यालय

(ख) क्षेत्रीय प्रहरी कार्यालय

(ग) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

(घ) सशस्त्र प्रहरी गण न. १

(ङ) लागु औषध नियन्त्रण कानुन कार्यान्वयन एकाइ

(च) प्रहरी अस्पताल

(छ) केन्द्रीय स्तरका अन्य प्रहरी कार्यालय

६ क . महानगरीय प्रहरी कार्यालय मातहतमा रहने : देहायबमोजिका प्रहरी कार्यालयहरू महानगरीय प्रहरी कार्यालयमातहत रहनेछन् :

(क) महानगरीय प्रहरी परिसर

(ख) महानगरीय प्रहरी शिक्षालय

(ग) सशस्त्र प्रहरी गण

(घ) महानगरीय विमानस्थल सुरक्षा प्रहरी कार्यालय

(ङ) महानगरीय ट्राफिक प्रहरी परिसर

(च) महानगरीय पर्यटक प्रहरी

(छ) महानगरीय प्रहरी वृत्त

(ज) महानगरीय ट्राफिक प्रहरी वृत्त

(झ) महानगरीय सामुदायिक प्रहरी

(ञ) सशस्त्र प्रहरी गुल्म

(ट) महानगरीय प्रहरी प्रभाग

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७. क्षेत्रीय प्रहरी कार्यालयको मातहतमा रहने : प्रधान कार्यालय र सो कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहने कार्यालयबाहेक क्षेत्रभरिका सबै प्रहरी कार्यालयहरूले सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयको सामान्य नियन्त्रण तथा निर्देशनमा रही काम गर्नेछन् ।

तर, देहायका प्रहरी कार्यालयहरू क्षेत्रीय प्रहरी कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहनेछन् :

(क) सशस्त्र प्रहरी गण

(ख) प्रहरी पहरा गण

(ग) जिल्ला प्रहरी कार्यालय

(घ) दङ्गा नियन्त्रण प्रहरी गण

(ङ) क्षेत्रीय प्रहरी तालिम केन्द्र

(च) ट्राफिक प्रहरी कार्यालय

(छ) क्षेत्रीयस्तरका अन्य प्रहरी कार्यालय

८. जिल्ला प्रहरी कार्यालयको मातहतमा रहने : देहायका प्रहरी कार्यालयहरू जिल्ला प्रहरी कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहनेछन् :

(क) नगर प्रहरी कार्यालय

(ख) इलाका प्रहरी कार्यालय

(ग) वडा प्रहरी कार्यालय

(घ) सशस्त्र प्रहरी सेनामुख

(ङ) ट्राफिक प्रहरी कार्यालय

(च) प्रहरी चौकी

(छ) जिल्लास्तरका अन्य प्रहरी कार्यालयहरू

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद ३

नियुक्ति गर्ने कार्याविधि

९. सुरु नियुक्ति हुने पद : प्रहरी सेवाको देहायका पदहरूको पूर्ति साधारणतया नयाँ नियुक्तिद्वारा हुनेछ र अरू पदहरूमा बढुवाद्वारा पूर्ति गरिनेछ :

(क) प्रहरी निरीक्षक

(ख) प्रहरी सहायक निरीक्षक

(ग) प्रहरी जवान

(घ) प्रहरी परिचर

१०. नियुक्ति गर्ने अधिकारी : प्रहरी सेवाका देहायका श्रेणीका पदहरूमा देहायका अधिकारीले नियुक्ति गर्नेछन् :

(क) प्रहरी निरीक्षक र सोभन्दा माथिका पदमा

–नेपाल सरकार,

(ख) प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा

–प्रहरी महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षक,

(ग) प्रहरी हवल्दार र प्रहरी जवान पदमा

–प्रहरी प्रधान कार्यालय वा क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वा सोभन्दा माथिका प्रहरी अधिकृत वा क्षेत्रीय प्रहरी तालिम केन्द्रका समादेशक,

(घ) प्रहरी परिचर पदमा

– प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतले ।

११. पदपूर्ति गर्ने तरिका :

(१) रिक्त रहेको प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षकहरूको पदमा पचास प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र पचास प्रतिशत बुढवाद्वारा पदपूर्ति गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) प्रहरी जवान र प्रहरी परिचर पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(३) उपनियम (१) र २) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुटचाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क)	महिला	बीस प्रतिशत
(ख)	आदिवासी/जनजाति	बत्तीस प्रतिशत
(ग)	मधेसी	अट्ठाईस प्रतिशत
(घ)	दलित	पन्ध्र प्रतिशत
(ङ)	पिछडिएको क्षेत्र	पाँच प्रतिशत

स्पष्टीकरण :

(१) यस उपनियमको प्रयोजनको लागि 'पिछडिएको क्षेत्र' भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

(२) यस उपनियमको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि 'महिला, आदिवासी/जनजाति, मधेसी र दलित' भन्नाले आर्थिक सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजजाति, मधेसी र दलितलाई सम्झनुपर्छ ।

(४) उपनियम (३) बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ ।

तर त्यसरी नतोकेकोलागि जुनसुकै महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको समुदाय मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) उपनियम (३) बमोजिम छुट्याइएका पदका लागि दर्खास्त पेस गर्दा देहायबमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ :

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

(ख) दलितको लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

(ग) मधेसीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको,

(घ) पिछडिएको क्षेत्रका लागि उपनियम (३) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट दर्खास्त पेस गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने प्रमाणित गरिएको ।

(६) उपनियम (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्क जुन समुदायका हकमा आएको हो सोभन्दा लगत्तैपछिको समुदायमा सर्दै जानेछ ।

(७) उपनियम (३) बमोजिम छुट्याइएको पदमा कुनै दर्खास्त नपरेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक सङ्ख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पदसङ्ख्या उपनियम (१) र (२) बमोजिममको खुल्ला प्रतियोगिताको लागि हुने उम्मेदवारबाट पूर्ति गरिनेछ ।

१२. नयाँ नियुक्तिको आधार : प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा नियुक्तिका लागि देहायबमोजिमको आधारमा छनौट गरिनेछ :

(क) शैक्षिक योग्यता

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) बौद्धिक क्षमता

(ग) शारीरिक तन्दुरुस्ती

(घ) आचरण

(ङ) उमेर

(च) व्यक्तित्व

१३. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरू :

(१) प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरूले भाग लिन सक्नेछन् ।

(क) छनौट हुने सालको वैशाख १ गते २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको,

तर,

(१) चिकित्सक, कानुन विशेषज्ञ, इन्जिनियर वा प्राविधिक पद भनी नेपाल सरकारले तोकेको अन्य प्राविधिक पदहरूमा ३५ वर्ष ननाघेको,

(२) खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाका राजपत्र अनङ्कित कर्मचारीका हकमा ३५ वर्ष ननाघेको ।

(ख) कुनै स्वीकृत विश्वविद्यालयबाट घटीमा स्नातक वा सोसरह उत्तीर्ण गरेको,

(ग) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) राजनीतिमा नलागेको,

(ङ) कुनै ध्वंसात्मक संस्थाको सदस्य नभएको वा नरहेको,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(च) आफूले अध्ययन गरेको अन्तिम शिक्षण संस्थाबाट र आफ्नो नातेदारबाहेक अरू दुईजना प्रतिष्ठित व्यक्तिहरूबाट राम्रो चरित्रको सिफारिस पाएको,

(छ) महिलाको लागि घटीमा ५ फिट र पुरुषका लागि घटीमा ५ फिट २ इन्च उचाइ भएको,

(ज) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(झ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ञ) प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सवबाट निरोगिताको प्रमाणपत्र पाएको,

(ट) नेपाली नागरिक ।

(२) प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगितामा भाग लिने व्यक्तिलाई योग्यताका हकमा उमेर र शैक्षिक योग्यता देहायबमोजिम र अरू योग्यता उपनियम (१) मा तोकिएबमोजिम हुनेछ ।

(क) छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको,

तर खुल्ला प्रतियोगितामा भाग लिने प्रहरी सेवाका कर्मचारीको हकमा ३५ वर्ष ननाघेको,

(ख) प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको ।

१४. चरित्र बुझ्ने : प्रहरी सेवामा नयाँ नियुक्त हुने उम्मेदवारको चरित्र सन्तोषजनक देखिएमा मात्र निजलाई प्रहरी सेवामा नियुक्ति गरिनेछ ।

१५. छनौट समिति :

(१) प्रहरी निरीक्षकको पदमा नियुक्तिको लागि सिफारिस गर्न देहायबमोजिमको एक छनौट समिति गठन हुनेछ :

(क) लोकसेवा आयोगको सदस्य –अध्यक्ष

(ख) सचिव, गृहमन्त्रालय –सदस्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) प्रहरी महानिरीक्षक –सदस्य

(घ) प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षक –सदस्य

(२) प्रहरी सहायक निरीक्षकको पदमा नियुक्तिको लागि सिफारिस गर्न देहायबमोजिम एक छनौट समिति गठन हुनेछ :

(क) सहसचिव, गृहमन्त्रालय –अध्यक्ष

(ख) लोकसेवा आयोगको प्रतिनिधि –सदस्य

(ग) प्रहरी नायब महानिरीक्षक –सदस्य

(घ) प्रहरी उपरीक्षक –सदस्य

१६. परीक्षा र अन्तर्वार्ता :

(१) प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा सम्बन्धित उम्मेदवारको देहायको विषयमा परीक्षा लिइनेछ ।

(क) प्रहरी निरीक्षक

विषय :	पूर्णाङ्क
(१) नेपाली रचना	१००
(२) अग्रेङ्जी	१००
(३) सामान्यज्ञान र बौद्धिक परीक्षा	१००
(४) नेपालको अन्तरिम संविधान र सेवासम्बन्धी विषय	१००
(५) शारीरिक तन्दुरुस्ती	१००

(ख) प्रहरी सहायक निरीक्षक

(१) नेपाली रचना/अग्रेङ्जी	१००
(२) सामान्यज्ञान र बौद्धिक परीक्षा	१००
(३) नेपालको अन्तरिम संविधान र सेवासम्बन्धी विषय	१००

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) शारीरिक तन्दुरुस्ती १००

(२) उपनियम (१) बमोजिम दिइने परीक्षाको परीक्षाक्रम निर्धारण र परीक्षा सञ्चालनसम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित छनौट समितिबाट निर्धारण गरेबमोजिम हुनेछ । परीक्षा सञ्चालन समितिले निर्धारण गरेबमोजिम उपनियम (१) मा उल्लिखित विषयहरूको एकैपटक वा खण्डखण्ड गरी परीक्षा सञ्चालन गर्न सकिनेछ र त्यसरी सञ्चालित परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीहरूलाई बाँकी खण्डको परीक्षामा सम्मिलित गराइनेछैन ।

(३) उपनियम (१) बमोजिम लिइएको लिखित परीक्षामा उम्मेदवारले प्रत्येक विषयमा ३५ प्रतिशत अङ्क प्राप्त गरेमा निज सो परीक्षामा उत्तीर्ण भएको मानिनेछ ।

(४) उपनियम (३) बमोजिम उत्तीर्ण भएको उम्मेदवारलाई सम्बन्धित छनौट समितिबाट देहायका विषयहरूमा अन्तर्वार्ता लिइनेछ र त्यसको पूर्णाङ्क १०० हुनेछ :

(क) उम्मेदवारको मौखिक अभिव्यक्ति,

(ख) उम्मेदवारको तर्कशक्ति,

(ग) उम्मेदवारको प्रतिकूल परिस्थितिमा विचलित नभई काम गर्न सक्ने क्षमता ।

१७. योग्यताक्रम सूची तयार गर्ने :

(१) उम्मेदवारहरूले नियम १६ बमोजिम लिइएको परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी छनौट समितिले नियुक्ति गर्ने अधिकारीसमक्ष नियुक्तिका लागि सिफारिससाथ पेस गर्नेछ ।

कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदावर राखिनेछ ।

(२) उपनियम (१) बमोजिम वैकल्पिक उम्मेदवारको रूपमा रहेका व्यक्तिहरूलाई आवश्यकतानुसार छनौट समितिले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नियुक्ति गर्ने अधिकारीसमक्ष नियुक्तिको लागि सिफारिस पेस गर्नेछ ।

(३) वैकल्पिक उम्मेदवारहरूले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१८. परीक्षणकालमा राखिने :

(१) नयाँ नियुक्ति गरिएका प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो प्रहरी कर्मचारीले सन्तोषजनक काम गर्न नसकेमा एक तहमाथिको स्वीकृति लिई निजलाई पुन : एक वर्षको परीक्षणकालमा राख्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले हटाउन सक्नेछ ।

१९. नियुक्ति सदर गर्ने :

(१) नयाँ नियुक्ति भई परीक्षणकालमा राखिएको प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र प्रहरी अधिकृत (आधारभूत) तालिममा उत्तीर्ण भएमा राष्ट्रिय झन्डा, प्रहरी झन्डा र आफूले मानेको धर्मग्रन्थ छुवाई अनुसूची १ बमोजिमको शपथग्रहण गराएर मात्र निजको नियुक्ति सदर गरिनेछ ।

(२) उपनियम १) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

२०. प्रहरी जवान र प्रहरी परिचर पदमा भर्ना :

(१) प्रहरी जवान र प्रहरी परिचर पदमा नियुक्ति हुन चाहने उम्मेदवारले अनुसूची २ बमोजिमको फारम भरी प्रहरी प्रधान कार्यालय र क्षेत्रीय प्रहरी कार्यालय वा क्षेत्रीय प्रहरी तालिम केन्द्रमा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने उम्मेदवारमा देहायको योग्यता पुगेको हुनुपर्नेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) प्रहरी जवान पदका लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको तथा प्रहरी पदका लागि छनौट हुने सालको वैशाख १ गते १६ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको,

(ख) नेपाली लेखपढ गर्न राम्रोसँग जानेको,

(ग) नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) राजनीतिमा नलागेको,

(ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको,

(च) प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको,

(झ) महिलाका लागि घटीमा ५ फिट र पुरुषका लागि घटीमा ५ फिट २ इन्च उचाइ भएको,

(ञ) नेपाली नागरिक ।

(३) उपनियम (२) बमोजिम योग्यता भएको उम्मेदवारहरूको अन्तर्वार्ता देहायको समितिबाट लिइनेछ :

(क) समादेशक, प्रहरी तालिम केन्द्र –अध्यक्ष

(ख) प्रतिनिधि, क्षेत्रीय प्रहरी कार्यालय –सदस्य

(ग) तालिम केन्द्र रहेको जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि –सदस्य

(घ) प्रतिनिधि जिल्ला प्रहरी कार्यालय –सदस्य

(४) उपनियम ३) बमोजिमको समितिले अन्तर्वार्तामा सफल भएका उम्मेदवारहरूको सिफारिस गरी नियुक्तिका लागि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रहरी प्रधान कार्यालय वा क्षेत्रीय प्रहरी कार्यालय प्रमुख वा क्षेत्रीय प्रहरी तालिम केन्द्रका समादेशकसमक्ष पठाउनेछ । त्यसरी सिफारिस गरिएका उम्मेदरवारहरूको नियुक्ति तालिममा सफल भएमा र निजहरूको चरित्र सन्तोषजनक देखिएमा मात्र सदर गरिनेछ ।

(५) प्रहरी जवानमा नियुक्ति गर्दा सम्बन्धित व्यक्तिलाई राष्ट्रिय झन्डा, प्रहरी झन्डा र आफूले मानेको धर्मग्रन्थ छुवाई अनुसूची–१ बमोजिमको शपथग्रहण गराइनेछ ।

२१. जेष्ठताक्रम कायम गर्ने : प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरूले प्रहरी अधिकृत (आधारभूत) तालिममा प्राप्त गरेको अङ्कको आधारमा गरिनेछ ।

परिच्छेद ४

सरुवा तथा बढुवा

२२. बढुवा गर्ने अधिकारी : देहायका पदहरूमा देहायका अधिकारीले बढुवा गर्नेछन् :

(क) राजपत्राङ्कित प्रहरी अधिकृत पदमा नेपाल सरकार,

(ख) प्रहरी नायब निरीक्षक पदमा प्रहरी महानिरीक्षक,

(ग) प्रहरी सहायक निरीक्षक पदमा प्रहरी नायब महानिरीक्षक वा सोभन्दा माथिका प्रहरी अधिकृत,

(घ) प्रहरी हवल्दार पदमा प्रहरी उपरीक्षक वा सोभन्दा माथिका प्रहरी अधिकृत ।

२३. बढुवा समिति: देहायका पदमा बढुवाको लागि सिफारिस गर्न देहायबमोजिम बढुवा समिति गठन हुनेछ :

(क) प्रहरी नायब महानिरीक्षक पदका लागि

(१) सचिव, गृहमन्त्रालय –अध्यक्ष

(२) प्रहरी महानिरीक्षक –सदस्य

(३) प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षक –सदस्यसचिव

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदका लागि

(१) प्रहरी महानिरीक्षक –अध्यक्ष

(२) सहसचिव, गृहमन्त्रालय –सदस्य

(३) प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षक –सदस्य सचिव

(गं) प्रहरी नायब निरीक्षक पदका लागि :

(१) प्रहरी अतिरिक्त महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षक –अध्यक्ष

(२) प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक –सदस्य

(३) प्रहरी नायब उपरीक्षक –सदस्य सचिव

(घ) प्रहरी सहायक निरीक्षक पदका लागि

(१) प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक –अध्यक्ष

(२) प्रहरी नायब उपरीक्षक –सदस्य

(३) प्रहरी नायब उपरीक्षक –सदस्य सचिव

(ङ) प्रहरी हवल्दार पदका लागि

(१) प्रहरी नायब उपरीक्षक –अध्यक्ष

(२) प्रहरी निरीक्षक –सदस्य

(३) प्रहरी निरीक्षक –सदस्य सचिव

२४. बढुवाका लागि सम्भाव्य उम्मेदवार बन्ने अवधि : प्रहरी सेवाको राजपत्राङ्कित पदमा पदोन्नतिका लागि उम्मेदवार बन्न एक तहमुनिको पदमा चार वर्ष नोकरी अवधि पुगेको हुनुपर्नेछ ।

तर,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) प्रहरी नायव महानिरीक्षक र सोभन्दा माथिको पदमा बढुवा हुनको लागि सम्भाव्य उम्मेदवार बन्न सेवाअवधिको हद लाग्नेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा कुनै पनि प्रहरी कर्मचारी बढुवाका लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछैन ।

(क) निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मिति दुई वर्षसम्म,

(घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिमपटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(च) सेवा परिवर्तन गराई प्रहरी सेवामा प्रवेश गरेको प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म ।

२५. बढुवा गर्दा कार्यक्षमताको मूल्याङ्कन गर्ने आधार : प्रहरी सेवामा कर्मचारीलाई बढुवा गर्दा यस नियमावलीबमोजिम निजको कार्यक्षमताको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ ।

तर, समान अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको हकमा देहायको क्रमले निर्णय गरिनेछ :

(क) एक तहमुनिको पदमा नोकरी गरेको अवधिको आधारमा,

(ख) खण्ड (क) बमोजिम पनि निर्णय हुन नसकेमा त्यसभन्दा एक तहमुनिको पदमा गरेको नोकरी अवधिको आधारमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) खण्ड (ख) बमोजिम पनि निर्णय हुन नसकेमा नियम २१ बमोजिम कायम गरिएको जेष्ठताक्रमको आधारमा ।

२६. बढुवाको लागि अङ्क गणना : प्रहरी हवल्दारदेखि नायब महानिरीक्षकसम्मका पदमा बढुवा गर्दा कार्यक्षमताको मूल्याङ्कनबापत देहायबोजिम अङ्क गणना गरिनेछ :

(क) जेष्ठता : जेष्ठताको अङ्क गणना गर्दा बहाल रहेको पदको प्रत्येक वर्षको लागि १५ अङ्कको दरले अधिकतम १५० अङ्क दिइनेछ ।

स्पष्टीकरण : एक वर्षभन्दा कम अवधिको जेष्ठतावापत अङ्क गणना गर्दा दामासाहीबाट गणना गरिनेछ ।

(ख) अनुभव : अनुभवको अङ्क गणना गर्दा देहायका आधारमा देहायबमोजिम अङ्क दिइनेछ ।

(अ) बहाल रहेको पदमा अनुसूची– ३ बमोजिम अधिराज्यको विभिन्न भौगोलिक क्षेत्रमा काम गरेबापत २० अङ्कमा नबढ्ने गरी देहायबमोजिम अङ्क दिइनेछ :

(१) "क" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ५ अङ्कका दरले

(२) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ४ अङ्कका दरले

(३) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ३ अङ्कका दरले

(४) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले

(५) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १ अङ्कका दरले ।

(आ) बहाल रहेको पदमा कार्यालय प्रमुख भई काम गरेबापत प्रत्येक वर्षको २ अङ्कका दरले अधिकतम १० अङ्क

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्पष्टीकरण : (१) कुनै पनि क्षेत्रमा पदस्थापन भई एक वर्षभन्दा कम अवधि काम गरेकोमा वा पदस्थापना भएको क्षेत्रबाहेक अन्य क्षेत्रमा काजमा रही एक वर्षभन्दा कम अवधि काम गरेकोमा त्यस्तो अवधिका लागि दामासाहीबाट अङ्क दिइनेछ ।

(२) यस खण्डको प्रयोजनको लागि एक वर्ष भन्नाले घर बिदा र बिरामी बिदा कट्टा गरी हाजिर भई काम गरेको दिनलाई मान्नुपर्छ ।

(ग) तालिम : सेवाकालीन आन्तरिक वा वैदेशिक तालिमबापत अनुसूची–४ मा उल्लेख भएबमोजिम अङ्क दिइनेछ :

तर,

(१) तालिमबापत दिइने अङ्क ४० भन्दा बढी हुनेछैन ।

(२) १५ दिनभन्दा कम अवधिको तालिमलाई कुनै अङ्क दिइनेछैन ।

(३) कुनै पनि पदमा पदोन्नतिको निमित्त तोकिएको अनिवार्य तालिमबापत अङ्क दिइनेछैन ।

(घ) शैक्षिक योग्यता : बढुवाको लागि प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताबापतको मात्र अङ्क दिइनेछ । शैक्षिक योग्यताको अङ्क दिँदा देहायअनुसार दिइनेछ :

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वितीय श्रेणी	तृतीय श्रेणी	कैफियत
(१) हाल बहाल रहको पदमा नयाँ नियुक्ति दिँदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा	४५	४३	४१	
(२) उपखण्ड १) अनुसारको शैक्षिक योग्यता नभई सोभन्दा एक तहमुनिको शैक्षिक योग्यता भएमा	३०	२८	२६	

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपखण्ड (२) अनुसारको शैक्षिक योग्यता

पनि नभई सोभन्दा एक तहमुनिको शैक्षिक योग्यता भएमा	१५	१३	११

तर,

(१) श्रेणी नखुलेको शैक्षिक योग्यताबापत द्वितीय श्रेणीसरहको अङ्क दिइनेछ ।

(२) कम्पार्टमेन्टल परीक्षा उत्तीर्ण गरेको भए तृतीय श्रेणीसरहको अङ्क दिइनेछ ।

(३) प्रहरी नायब उपरीक्षक र सोभन्दा माथिको पदमा बढुवाको लागि प्रहरी निरीक्षक पदका निमित्त आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई आधार मानिनेछ ।

(४) प्रहरी नायब निरीक्षक पदमा बढुवाको लागि प्रहरी सहायक निरीक्षक पदको निमित्त आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई आधार मानिनेछ ।

(ङ) विभूषण, मानपदवी, अलङ्कार तथा पदक : *श्री ५ महाराजाधिराजबाट प्रदान गरिबक्सेको* विभिन्न विभूषण, मानवदवी, अलङ्कार तथा पदहरूका लागि अनुसूची– ५ बमोजिम अधिकतम २० अङ्क दिइनेछ ।

तर, एकपटक बढुवामा गणना भइसकेको विभूषण, मानपदवी, अलङ्कार तथा पदकबापतको अङ्क अर्को पटकको बढुवामा गणना गरिनेछैन ।

(च) कार्यसम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कन : प्रहरी कर्मचारीको कार्यसम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताबापतको अङ्क गणना गर्दा राजपत्राङ्कित प्रहरी कर्मचारीका हकमा अनुसूची ६ को भाग १ बमोजिम र राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा अनुसूची– ६ को भाग २ बमोजिमको मूल्याङ्कन फारमका आधारमा अधिकतम १५० अङ्क दिइनेछ ।

स्पष्टीकरण : (१) प्रहरी कर्मचारीको कार्यसम्पादन, वैयक्तिक गुण र क्षमताको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मूल्याङ्कनबापत नियम १५४ बमोजिम सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ताले देहायबमोजिको अङ्क दिन सक्नेछन् :

(अ) सुपरिवेक्षकले ५० अङ्कसम्म,

(आ) अवलोकनकर्ताले ५०अङ्कसम्म,

(ई) पुनरावलोकनकर्ताले ५० अङ्कसम्म ।

(२) सुपरिवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ताले दिएको अङ्कमा हेरफेर गर्न सकिनेछैन र तीन तहमा प्राप्त कुल अङ्क बढुवाको प्रयोजनका लागि गणना गरिनेछ ।

(३) बढुवाको लागि न्यूनतम सेवाअवधि आवश्यक पर्ने पदमा कार्यरत रहेको प्रहरी कर्मचारीको हकमा पछिल्लो तीन वर्षको मूल्याङ्कनबापत प्राप्त अङ्कको औसत अङ्क गणना गरिनेछ । बढुवाको लागि न्यूनतम सेवाअवधि आवश्यक नपर्ने पदमा कार्यरत प्रहरी कर्मचारीको हकमा बहाल रहेको पदमा तीन वर्ष अवधि पुगेको भए पछिल्लो तीन वर्ष र तीन वर्ष अवधि नपुगेको भएमा बहाल रहेको पदभन्दा एक तहमुनिको पदमा कार्यरत रहेको नोकरी अवधिमध्ये पछिल्ला वर्षहरूको समेत गरी जम्मा तीन वर्षको कार्यसम्पादन वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कनबापत प्राप्त अङ्कको औसत अङ्क गणना गरिनेछ । यो नियम प्रारम्भ हुनुभन्दा अघिको अवधिको हकमा साविकमा भइरहेको कार्यसम्पादन फारमको आधारमा समेत औसत अङ्क गणना गरिनेछ ।

(छ) बढुवा समितिले दिने अङ्क : बढुवाका लागि सम्भाव्य उम्मेदवारले प्राप्त गरेको कुल अङ्कको अतिरिक्त निजको शैक्षिक योग्यता र कार्यक्षमताको आधारमा तीस अङ्क तथा स्थानीय अधिकारीको प्रतिवेदनको आधारमा २० अङ्कसमेत गरी बढुवा समितिले ५० अङ्कसम्म दिन सक्नेछ ।

२७. प्रहरी महानिरीक्षक र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकहरूमध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षक नरहेको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट कार्यसम्पादन गर्न सक्ने क्षमता, उत्तरदायित्व बहन गर्न सक्ने खुबी तथा आफूमुनिका कर्मचारीलाई नियन्त्रण, निर्देशन, प्रोत्साहन र परिचालन गर्ने क्षमताको आधारमा नेपाल सरकारले उपयुक्त उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

(२) प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट कार्यसम्पादन गर्न सक्ने क्षमता र उत्तरदायित्व बहन गर्न सक्ने खुबीका आधारमा नेपाल सरकारले उपयुक्त उम्मेदवारलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत राजपत्राङ्कित प्रथम श्रेणीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बहाल भइरहेको व्यक्तिलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्न बाधा पुऱ्याउने मानिनेछैन ।

२८. बढुवाको लागि अपनाउनुपर्ने कार्याविधि :

(१) प्रत्येक कार्यालयले आफ्नो मातहतका प्रहरी कर्मचारीहरूको वैयक्तिक विवरण अनिवार्य रूपले राख्नुपर्नेछ ।

(२) बढुवाद्वारा रिक्त पदपूर्ति गर्नको लागि सम्भाव्य उम्मेदवारहरू छनौट गरी उम्मेदवारको सूची सम्बन्धित कार्यालयले तयार गरी नियम २३ बमोजिम गठन भएको बढुवा समितिसमक्ष पठाउनुपर्नेछ ।

(३) बढुवा समितिले सम्भाव्य उम्मेदवारहरूको वैयक्तिक नोकरी विवरण तथा सम्बन्धित कागजातसमेतको आधारमा विचार गरी बढुवाका लागि बढी अङ्क प्राप्त गर्ने

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

उम्मेदावरहरूको बढुवाको लागि सिफारिस सूची तयार गर्नेछ ।

(४) उपनियम (३) बमोजिम सिफारिस सूचीको आधारमा नियम २२ बमोजिमका अधिकारीले बढुवा गर्नेछ ।

(५) बढुवा समितिको बैठक कम्तीमा वर्षको एकपटक बस्नेछ ।

२९. सरुवा गर्ने अधिकारी :

(१) प्रहरी कर्मचारीलाई आवश्यकताअनुसार सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :

(क) प्रहरी वरिष्ठ उपरीक्षक र सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृतहरूलाई –नेपाल सरकार

(ख) प्रहरी निरीक्षकदेखि प्रहरी उपरीक्षकसम्मका प्रहरी अधिकृतहरूलाई –प्रहरी महानिरीक्षक र आफ्नो क्षेत्रभित्र प्रहरी निरीक्षकसम्म प्रहरी नायब महानिरीक्षक,

(ग) प्रहरी नायब निरीक्षकलाई –प्रहरी नायब महानिरीक्षक वा आफ्नो क्षेत्रभित्र प्रहरी वरिष्ठ उपरीक्षक,

(घं) प्रहरी परिचरदेखि प्रहरी सहायक निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई –प्रहरी उपरीक्षक वा आफ्नो क्षेत्रभित्र जिल्ला प्रहरी कार्यालयको प्रमुख ।

(२) देहायका प्रहरी अधिकृतले आफ्नो क्षेत्रभित्र देहायका प्रहरी कर्मचारीलाई सरुवा गर्न सक्नेछ ।

(क) प्रहरी नायब निरीक्षकलाई –प्रहरी नायब महानिरीक्षकले

(ख) प्रहरी सहायक निरीक्षकलाई –प्रहरी उपरीक्षक वा सोभन्दा माथिका अधिकृतले

(ग) प्रहरी हवल्दार र सोभन्दा मुनिका प्रहरी कर्मचारी लाई–प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिका प्रहरी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकृतले

३०. सरुवा गरिने अवधि :

(१) कुनै पनि प्रहरी कर्मचारीलाई साधारणतया पदस्थापन गरिएको मितिले एक वर्ष नपुग्दै सरुवा गरिनेछैन ।

(२) महिला प्रहरीबाहेक अरू कुनै प्रहरी कर्मचारीलाई साधारणतया दुई वर्षभन्दा बढी अवधिसम्म एक स्थानमा राखिनेछैन ।

३१. सरुवासम्बन्धी व्यवस्था :

(१) राजपत्राङ्कित पदमा प्रहरी कर्मचारीलाई अनुसूची ३ बमोजिम विभिन्न वर्गीकृत क्षेत्रहरूमा सकभर आलोपालो गरी सरुवा गरिनेछ ।

(२) सबै प्रहरी कर्मचारीहरूलाई प्रमुख भई काम गर्न र मातहतमा रही काम गर्ने साधारणतया समान अवसर प्रदान गरिनेछ ।

तर, साधारणतया दुर्गम स्थानमा अठार महिनाभन्दा बढी अवधिसम्म राखिनेछैन ।

(३) साधारणतया प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई आफ्नो घर पायक पर्ने अञ्चलभित्र र प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षकलाई आफ्नो घर पायक पर्ने क्षेत्रभित्र सरुवा गरिनेछ ।

(४) प्रहरी निरीक्षक र सोभन्दा माथिको प्रहरी कर्मचारीलाई सरुवा गर्दा जनपद प्रहरीबाट सशस्त्र प्रहरीमा सशस्त्र प्रहरीबाट जनपद प्रहरीमा सरुवा गर्न सकिनेछ । तर, अन्य प्रहरी कर्मचारीलाई प्रहरीबाट सशस्त्र प्रहरीमा र सशस्त्र प्रहरीबाट जनपद प्रहरीमा सरुवा गर्नु आवश्यक परेमा प्रहरी महानिरीक्षकले निम्न योग्यता पुगेका व्यक्तिलाई मात्र सरुवा गर्न सक्नेछ ।

(क) जनपद प्रहरीबाट सशस्त्र प्रहरीमा सरुवा गरिने योग्यता देहायबमोजिम हुनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) सशस्त्र प्रहरीसम्बन्धी तालिम हासिल गरेको,

(२) पैंतीस वर्ष ननाघेको,

(३) तोकिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको ।

(ख) सशस्त्र प्रहरीबाट जनपद प्रहरीमा सरुवा गरिने योग्यता देहायबमोजिम हुनेछ ।

(१) सशस्त्र प्रहरीमा कम्तीमा ५ वर्ष सेवा गरेको,

(२) ७ कक्षा उत्तीर्ण गरेको,

(३) तोकिएको प्रवेश परीक्षा उर्तीण गरेको ।

(५) विशेष परिस्थितिमा बाहेक प्रहरी कर्मचारीलाई काजमा राखिनेछैन ।

(६) प्राविधिकतर्फका कुनै प्रहरी कर्मचारी सशस्त्र प्रहरी वा जनपद प्रहरीतर्फ सरुवा हुन चाहेमा त्यस्तो प्रहरी कर्मचारी सशस्त्र प्रहरी वा जनपद प्रहरीतर्फको प्रहरी अधिकृत (आधारभूत) तालिम अनिवार्य रूपमा लिएको हुनुपर्नेछ ।

(७) कुनै सशस्त्र प्रहरी वा जनपद प्रहरीतर्फको कर्मचारी प्राविधिक प्रहरी सेवातर्फ सरुवा हुन चाहेमा त्यस्तो जनपद प्रहरी कर्मचारीले प्राविधिक प्रहरीको लागि आवश्यक पर्ने शैक्षिक योग्यता वा सम्बन्धित विषयको अनुभव हासिल गरेको हुनुपर्नेछ ।

(८) उपनियम (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी सेवाबाट सशस्त्र प्रहरी वा जनपद प्रहरीमा र सशस्त्र प्रहरी वा जनपद प्रहरीबाट प्राविधिक प्रहरी सेवामा सरुवा गर्दा प्रहरी नायब उपरीक्षक र सोभन्दा मुनिका दर्जाहरूमा मात्र सरुवा गरिनेछ र यस्तो सरुवा सेवाअवधिभरमा एकपटकमात्र हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद ५

कामकर्तव्य

३२. प्रहरी महानिरीक्षकको काम र कर्तव्य : प्रहरी महानिरीक्षकको काम र कर्तव्य देहायबमोजिम हुनेछ ।

(क) प्रहरी प्रधान कार्यालय सोमातहतका सबै प्रहरी कार्यालयहरूमाथि सामान्य नियन्त्रण र रेखदेख गर्ने,

(ख) मुख्य प्रहरी अधिकारीको हैसियतले प्रहरी प्रशासनका सबै कामकाजहरूमा नेपाल सरकारलाई सल्लाह दिने,

(ग) प्रहरी निरीक्षक र सोभन्दा माथिका पदका प्रहरी कर्मचारीको अनुशासनसम्बन्धी विभागीय कार्बाही आफ्नो रायसाथ नेपाल सरकारमा प्रतिवेदन पेस गर्ने,

(घ) देशमा शान्ति सुव्यवस्था कायम राख्ने र मातहत कार्यालयहरूबाट अपराधसम्बन्धी अवस्थाको सामयिक प्रतिवेदनहरू लिने,

(ङ) जिल्लाको स्थितिलाई सामना गर्न पर्याप्त सङ्ख्यामा प्रहरी राख्ने,

(च) सालमा एकपटक प्रत्येक क्षेत्रभित्रका कमसेकम तीन जिल्लाहरूको निरीक्षण गर्ने र निरीक्षण गरेको प्रतिवेदनको एक प्रति नेपाल सरकारमा पठाउने,

(छ) क्षेत्र वा जिल्लामा भएको डकैती, खुन, डाकाजस्ता ठूला अपराध र अन्य असाधारण अवस्थाको राजनैतिक गतिविधिको प्रतिवेदन छिटो साधनद्वारा नेपाल सरकारमा तुरुन्त दिने,

(ज) देशको आन्तरिक शान्ति सुव्यवस्थासँग सम्बन्धित विषयमा नेपाल सरकारलाई रायसल्लाह दिने,

(झ) प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायब महानिरीक्षकहरूको कामकार्बाहीउपर राम्रो रेखदेख तथा नियन्त्रण गर्ने,

(ञ) प्रहरीहरूलाई अनुशासनमा राख्ने र तालिमको प्रबन्ध गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ट) महानिरीक्षक प्रहरी प्रमुख र क्षेत्रका प्रहरी नायब महानिरीक्षकहरूले पठाएको प्रहरी प्रशासनको वार्षिक प्रतिवेदनका आधारमा प्रहरी प्रशासनको वार्षिक प्रतिवेदन नेपाल सरकारमा पेस गर्ने,

(ठ) अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनसँग सम्पर्क तथा समन्वय कायम राख्ने,

(ड) दैवी प्रकोप पीडित अवस्थामा उद्धारका लागि तदारुकतासाथ सलग्न हुने,

(ढ) सार्वजनिक सुरक्षा कायम राख्न प्रशासनलाई पूर्ण सहयोग गर्ने,

(ण) नेपाल सरकारले निर्देशन दिएका अन्य कुराहरू तदारुकताका साथ सम्पन्न गरी प्रतिवेदन पेस गर्ने ।

३२. क) महानगरीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य : महानगरीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) महानगरीय प्रहरीमातहतका कर्मचारीको कामकार्बाहीको रेखदेख तथा नियन्त्रण र सञ्चालन गर्ने,

(ख) मातहतका प्रहरी कार्यालयहरूको निरीक्षण तथा सुपरिवेक्षण, रेखदेख तथा नियन्त्रण गर्ने,

(ग) महानगरीय प्रहरी कार्यालय र सोमातहतका कार्यालयको कर्मचारीको सरुवा गर्ने,

(घ) महानगरीय प्रहरी कार्यालय वा सो मातहतमा रहेको प्रहरी कर्मचारीलाई अन्य कुनै प्रहरी कार्यालयमा वा सो मातहतको कार्यालयको कुनै कार्यालयमा सरुवा गर्नुपर्दा आवश्यक सिफारिस गर्ने,

(ङ) महानगरीय प्रहरीको इलाकाभित्रका प्रहरी एकाइहरूलाई अन्य ठाउँमा स्थानान्तर गर्नुपरेमा प्रहरी प्रधान कार्यालयमा सिफारिस गर्ने,

(च) महानगरीय प्रहरी इलाकाभित्र सवारी साधनको प्रभावकारी आगमनको व्यवस्था मिलाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(छ) प्रमुख जिल्ला अधिकारी तथा महानगरीय प्रहरी परिसरका प्रमुखसँग निकटतम सम्पर्क राखी कामकार्बाहीमा समन्वय कायम गर्ने,

(ज) ज्यानसम्बन्धी जिउ मास्ने बेच्ने लागुऔषध, डकैती, लुटपिट, विषको प्रयोग, ठुल्ठूला हुलदङ्गा र सरकार विरुद्ध रचिएका षड्यन्त्रजस्ता गहन प्रकृतिका मुद्दाहरूको प्रतिवेदन यथाशीघ्र प्रहरी महानिरीक्षकसमक्ष पठाउने,

(झ) नेपाल राज्यको संविधान विरुद्धको कामकार्बाही अवैध गतिविधि र अन्य असाधारण अवस्थाको सामना गर्न तथा प्रहरी र जनताबीच सुसम्बन्ध कायम राख्ने सम्बन्धमा आफ्नो इलाकाभित्र उठाइएका कदमसँग सम्बन्धित मासिक प्रतिवेदन प्रहरी महानिरीक्षकसमक्ष पठाउने,

(ञ) प्राकृतिक प्रकोप परेको अवस्थामा उद्धारका लागि तदारुकताका साथ संलग्न हुने, हुन लगाउने,

(ट) नेपाल सरकार तथा प्रहरी प्रधान कार्यालयले दिएको निर्देशन पालन गर्ने गराउने ।

३३. क्षेत्रीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य : क्षेत्रीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) आफ्नो क्षेत्रअन्तर्गतका जिल्लाहरूमा प्रहरी प्रशासनको कामकाज सुचारु रूपबाट चलाउन लगाउने,

(ख) प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखसँग निकटतम सम्पर्क राखी कामकार्बाहीमा समन्वय कायम गर्ने,

(ग) मातहतका प्रहरी कर्यालयहरूको निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(घ) मातहतका प्रहरी कर्मचारीको कामकार्बाहीको रेखदेख तथा नियन्त्रण गर्ने,

(ङ) आफ्नो क्षेत्रभित्रका सम्बन्धित सबै प्रहरी कार्यालयको वर्षको एकपटक निरीक्षण गर्ने र निरीक्षण गरिएको प्रतिवेदन तयार गरी निरीक्षण गर्दा देखिएका त्रुटिहरूतर्फ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

ध्यानसमेत आकर्षित गरी एकप्रति प्रहरी प्रधान कार्यालय र एकप्रति सम्बन्धित प्रहरी कार्यालयमा पठाउने,

(च) खुन, डकैती, लुटपिट र विषको प्रयोग ठुल्ठूला हुलदङ्गा र सरकार विरुद्ध रचिएका षड्यन्त्रहरूजस्ता गहन प्रकृत्तिका मुद्दाहरूको प्रतिवेदन यथाशीघ्र प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(छ) नेपाल राज्यको संविधान विरुद्धको कामकार्बाही अवैध गतिविधि र अरू असाधारण अवस्थाको सामना गर्न तथा प्रहरी र जनताका बीच सुसम्बन्ध कायम गर्न उठाइएका कदमहरूको मासिक प्रतिवेदन प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(ज) जिल्ला प्रहरी कार्यालयका प्रमुखबाट प्राप्त वार्षिक प्रहरी प्रशासन प्रतिवेदनका आधारमा आफ्नो क्षेत्रको वार्षिक प्रहरी प्रशासन प्रतिवेदन प्रहरी प्रधान कार्यालयमा पठाउने,

(झ) क्षेत्रीय प्रहरी तालिम केन्द्रमाथि रेखदेख तथा नियन्त्रण राखी तालिम सञ्चालन गराउने,

(ञ) मातहतमा रहेका प्रहरीहरूलाई तालिम दिन लगाउने ।

(ट) आफ्नो कार्यक्षेत्रभित्र दुश्चरित्र व्यक्तिहरूको अभिलेख वैज्ञानिक एवम् आवधिक ढङ्गबाट राख्न लगाउने,

(ठ) आवश्यकताअुसार अपराध नियन्त्रण तथा अनुसन्धानका लागि अन्तर्राष्ट्रिय सीमावर्ती समकक्ष अधिकारीसँग सम्पर्क तथा समन्वय कायम राख्ने,

(ड) क्षेत्रभित्र ट्राफिक प्रहरी नियन्त्रण गर्ने,

(ढ) दैवी प्रकोप परेका अवस्थामा उद्धारका लागि तदारुकता साथ संलग्न हुने ।

३४. <u>दङ्गा नियन्त्रण प्रहरी एकाइ प्रमुखको काम र कर्तव्य</u> : दङ्गा नियन्त्रण प्रहरी एकाइ प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) प्रहरी प्रधान कार्यालय तथा क्षेत्रीय प्रहरी कार्यालयको प्रत्यक्षमातहत रेखदेख तथा नियन्त्रणमा रही दङ्गा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नियन्त्रण प्रहरी एकाइको आन्तरिक प्रशासन तथा व्यवस्थापन गर्ने गराउने,

(ख) जनताको जिउ, धन तथा सार्वजनिक सुरक्षालाई बढी सबल र सुदृढ गर्न दङ्गा नियन्त्रण प्रहरीलाई अतिरिक्त बलको रूपमा आवश्यकताअनुसारको पर्याप्त आधुनिक तालिम र साधनयुक्त गराई ठुल्ठूला हुलदङ्गा तथा साम्प्रदायिक दङ्गाजस्ता विशेष परिस्थितिहरूमा प्रहरी प्रधान कार्यालय एवम् क्षेत्रीय प्रहरी कार्यालय एवम् क्षेत्रीय प्रहरी कार्यालय प्रमुखको आदेश निर्देशनमा मात्र दङ्गा नियन्त्रण प्रहरीको परिचालन गर्ने गराउने,

(ग) आफ्नो मातहतका अधिकृत तथा जवानहरूलाई अनुशासित, कर्तव्यपरायण र आज्ञाकारी गराउन नियमित रूपमा निरीक्षण निर्देशन आदि गरी सोसम्बन्धी प्रतिवेदन प्रहरी प्रधान कार्यालयलाई यथाशीघ्र क्षेत्रीय प्रहरी कार्यालय तथा सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयमा जाहेर गर्ने,

(घ) दैवी प्रकोप परेका अवस्थामा उद्धारका लागि तदारुकता साथ संलग्न हुने ।

३५. जिल्ला प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य: जिल्ला प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) प्रहरी कर्मचारीहरूमा अनुशासन कायम राख्दै कुशलतापूर्वक उचित तरिकाले कर्तव्य पूरा गर्न लगाउने,

(ख) अदालत वा अन्य कार्यालयसम्बन्धी कामको सिलसिलामा प्रहरीले गर्नुपर्ने काम तुरुन्त गर्ने वा गर्न लगाउने,

(ग) इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र आफ्नै कार्यालयको समेत प्रमुख जिल्ला अधिकारीबाट सालको एकपटक जाँच गराउने व्यवस्था मिलाउने र आफैँले पनि हरेक इलाका प्रहरी कार्यालय र प्रहरी चौकीको कम्तीमा सालको तीनपटक निरीक्षण गर्ने,

(घ) सालको कमसेकम तीन महिना जिल्लाको भित्री भागहरूमा भ्रमण गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) जिल्लाको भित्री भागहरूको भ्रमण र निरीक्षणको कार्यक्रम प्रमुख जिल्ला अधिकारीसँग परामर्श गरी मिलाउने र भ्रमण निरीक्षणको सिलसिलामा देखिएका वा घटेका अन्य महत्वपूर्ण घटनाहरूका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीसमक्ष सूचना गर्ने,

(च) आफ्नो इलाकासँग जोडिएको अर्को जिल्लाको जिल्ला प्रहरी कार्यालयका प्रमुखसँग सालको एकपटक साँध वारिपारिको अपराधको सम्बन्धमा सरसल्लाह गर्ने,

(छ) आफ्नो जिल्लाभित्र भएको खुनडाँका र अन्य ठूलासाना अपराध र अन्य असाधारण गतिविधिको प्रतिवेदन प्रमुख जिल्ला अधिकारीलाई दिने,

(ज) जिल्लाको शान्तिसुरक्षा कायम राख्ने कार्यमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तदारुकताका साथ कार्यान्वयन गरी प्रतिवेदन दिने,

(झ) सरुवा वा बढुवा भई जिल्ला छोड्दा निम्नलिखित कुराहरू भएको एउटा प्रतिवेदन तयार गर्ने :

(१) जिल्लाको अपराधसम्बन्धी अवस्था

(२) जिल्लाको राजनैतिक वातावरण

(३) जिल्लाको दुश्चरित्र व्यक्तिहरूको नामावली

(४) जिल्लाको प्रमुख जिल्ला अधिकारीसँगको सम्बन्ध

(५) जिल्लाको प्रहरी सहायक निरीक्षक, प्रहरी नायब निरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायब उपरीक्षकको क्षमता र नैतिकता

(६) जिल्लाका महत्वपूर्ण चौकीहरूको विवरण

(ञ) सबै किसिमका नियुक्ति, सजाय, सरुवा, बिदा, गारदको अदलीबदली, विभागीय आदेशहरू रजिस्टरमा सङ्कलन गरी अभिलेख ठीक दुरुस्त राख्ने,

(ट) आफ्नो कार्यालयमा रहने अपराधसम्बन्धी पुस्तिकामा इलाका प्रहरी कार्यालय र चौकीमा पर्न आएका सबै

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अपराधहरूको सूचना प्रतिवेदन दर्ता गर्ने गराउने र अपराधको सजाय पड्ताल हुँदा सम्बन्धित प्रहरी कर्मचारीको आचरण त्यससम्बन्धमा कस्तो थियो आफ्नो राय जनाउने,

(ठ) अपराधसम्बन्धी मुद्दामा शङ्का गरिएका व्यक्तिहरूको नाम लेखिराख्ने र यसको आधारमा हरेक इलाका प्रहरी कार्यालय र चौकीहरूमा शङ्का भएका व्यक्तिहरूको नाम लेखिराख्न लगाउने र त्यस्ता व्यक्तिहरूको गतिविधिमाथि निगरानी राख्ने,

(ड) ज्यानसम्बन्धी मुद्दा, डकैती, धेरै जना मानिस सरिक भएको हुलदङ्गा र राजकाजसम्बन्धी लगायत नेपाल सरकारवादी हुने मुद्दाहरूमा अपराधको अनुसन्धान तथा तहकिकात गर्न आवश्यक परेमा अरू इलाकाको इलाका प्रहरी कार्यालयले गर्ने कामसमेत आफैँले गर्ने तर कुनै खास कारणले आफूले भ्याउन नसक्ने अवस्था परेमा सोको कारणसमेत खोली प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक वा इलाका प्रहरी कार्यालयको प्रमुखलाई खटाई पठाई काम गराउने र आफू जान सक्ने हुनासाथ आफू पनि गई कार्बाही ठीकबेठीक समेत जाँची बाँकी कार्बाही गर्ने,

(ढ) इलाका प्रहरी कार्यालय जाँच गर्दा कानुन र आदेशबमोजिम काम भए नभएको जाँची कुनै काममा समय थप्न आवश्यक देखिएमा आवश्यक समय तोकी गर्नुपर्ने काम र गल्ती देखिएमा सोसमेत तोकिएको किताबमा लेखी सो किताब वा श्रेस्तामा निस्सा लगाउने,

(ण) चोरी, जबर्जस्ती चोरी, नकवजनी, रहजनी, डकैती, खुन, विषय खुवाएको, ज्यानसम्बन्धी, करणी, आगलागी र गौबध, लागुऔषध, ज्यान मास्ने बेच्नेजस्ता मुद्दाहरूको विवरण तोकिएको किताबमा राख्ने,

(त) *श्री ५ महाराजाधिकराज र राजपरिवारको सवारीमा* सुरक्षाको आवश्यक प्रबन्ध गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(थ) चोरी, डाँका, खुनको दर्खास्त परेको वा प्रहरीले नै थाहा पाएको अथवा दर्खास्त नपर्दै पक्राउ भएकोमा समेत भरसक त्यसै दिनमा र नभ्याए तीन दिनभित्र आफ्नो माथिल्लो अड्डामा प्रतिवेदन पेस गरी त्यसको बोधार्थ प्रहरी महानिरीक्षकसमक्ष पठाउने,

(द) अङ्गरक्षकको सुविधा पाएका उच्च ओहदाका पदाधिकारीहरूले भ्रमण गर्दा, अड्डाखाना सार्दा वा सरकारी नगदी जिन्सी चलान गर्दा सुरक्षाको आवश्यक प्रबन्ध गर्ने,

(ध) प्रचारप्रसार गर्न लायकका खबरहरू प्रहरी प्रधान कार्यालयमा पठाई प्रमुख जिल्ला अधिकारीसमेतलाई सूचना दिने,

(न) खुन, डकैती, लुटपिट, विषको प्रयोग, ठुल्ठूलो हुलदङ्गा सरकार विरुद्ध रचिएका षड्यन्त्रहरू विषयको पाक्षिक र प्रहरी प्रशासनसम्बन्धी वार्षिक प्रतिवेदन क्षेत्रीय प्रहरी कार्यालयमा पठाउने,

(प) आवश्यकताअनुसार रातको गस्ती र पालो पहरा आदिको समेत व्यवस्था मिलाउने,

(फ) विदेशी नागरिकहरूको गतिविधिको जानकारी राख्ने र राख्न लगाउने,

(ब) जिल्लाभित्र ट्राफिक प्रहरीको नियन्त्रण गर्ने,

(भ) सीमावर्ती अन्तर्राष्ट्रिय समकक्ष अधिकृतसँग सम्पर्क र समन्वय राखी अपराध नियन्त्रण गर्ने,

(म) दैवीप्रकोप परेको अवस्थामा उद्धारको लागि दतारुकता साथ संलग्न हुने,

(य) अपराध नियन्त्रण वा अनुसन्धान गर्ने सिलसिलामा घर वा डेरामा बस्ने व्यक्तिहरूको व्यक्तिगत विवरण सङ्कलन गर्ने,

(र) जिल्लाभित्र आवतजावत गर्ने व्यक्तिहरूलाई आफ्नो पहिचान खुल्ने परिचयपत्र वा कागजात साथमा लिएर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

यात्रा गर्न वा सुरक्षाकर्मीले खोजेका बखत त्यस्तो परिचयपत्र वा कागजनात देखाउनुपर्ने गरी आवश्यकतानुसार सार्वजनिक सूचना जारी गर्ने ।

३५. क) महानगरीय प्रहरी परिसर कार्यालय प्रमुखको काम र कर्तव्य : महानगरीय प्रहरी परिसर कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) नियम ३५ को खण्ड (क), (ख), (च), (ज), (ञ), (ण), (द), (ध), (प), (ब) र (म) मा उलेखित काम गर्ने,

(ख) प्रमुख जिल्ला अधिकारीबाट वर्षको कम्तीमा एकपटक निरीक्षण गराउने व्यवस्था मिलाउने, आफूले पनि हरेक महानगरीय प्रहरी वृत्त र प्रभागको वर्षको कम्तीमा तीनपटक निरीक्षण गर्ने,

(ग) आफ्नो क्षेत्रभित्र भएका अपराध र अन्य असाधारण गतिविधिको प्रतिवेदन सम्बन्धित निकायलाई दिने,

(घ) सरुवा वा बढुवा भई जिल्ला छोडनुपर्दा निम्नलिखित कुराहरूसहितको प्रतिवेदन तयार गर्ने :

(१) जिल्लाको अपराधसम्बन्धी अवस्था

(२) जिल्लाको शान्ति सुरक्षाको अवस्था

(३) जिल्लाको आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूको नामावली

(४) आफ्नो क्षेत्रसँग सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसँगको सम्बन्ध

(५) महानगरीय प्रहरी कार्यालय वा मातहतको प्रहरी सहायक निरीक्षक, प्रहरी नायब निरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायब उपरीक्षकको क्षमता र नैतिक आचरण

(६) जिल्लाका महत्वपूर्ण प्रहरी एकाइको विवरण ।

(ङ) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित मुद्दासँग सम्बन्धित अपराधको अनुसन्धान तथा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तहकिकात गर्न आवश्यक परेमा अरू इलाकाको प्रहरी वृत र प्रहरी प्रभाग कार्यालयले गर्ने कामसमेत आफैँ गर्ने र कुनै विशेष कारण परी आफूले अनुसन्धान तथा तहकिकात गर्न नभ्याउने भएमा सोको कारण खोली सो कार्य गर्न प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक वा प्रहरी वृत्त वा प्रहरी प्रभागका प्रहरी प्रमुखलाई खटाउने, आफैँ उपस्थित हुन सक्ने अवस्था हुनासाथ आफैँ उपस्थित भई अनुसन्धान र तहकिकातसम्बन्धी कामकार्बाही ठीकसँग भए नभएको जाँची बाँकी कामकार्बाही गर्ने वा गर्न लगाउने,

(च) महानगरीय प्रहरी प्रभागको निरीक्षण गर्ने र कानुनबमोजिम काम भएनभएको जाँची कुनै काम सम्पन्न गर्न समय थप गर्न आवश्यक देखिएमा आवश्यक समय थप गर्न र काममा कुनै त्रुटि देखिएमा सोसमेत उल्लेख गरी निरीक्षण किताबमा हस्ताक्षर गर्ने,

(छ) आफ्नो कार्यालयबाट अनुसन्धान तथा तहकिकात भएका मुद्दाहरूको विवरणसम्बन्धी अभिलेख राख्ने वा राख्न लगाउने,

(ज) अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सवारीमा सुरक्षाको आवश्यक प्रबन्ध गर्ने वा गर्न लगाउने,

(झ) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित मुद्दासम्बन्धी उजुरी परेको वा आफैँले थाहा पाएकोमा अभियुक्त पक्राउ परेको भए सोसमेतको प्रतिवेदन सोही दिन र सो दिन नभ्याए सोको भोलिपल्ट आफ्नो माथिल्लो कार्यालयमा पेस गरी सोको जानकारी प्रहरी महानिरीक्षकसमक्ष पठाउने,

(ञ) नेपाल सरकार तथा आफूभन्दा माथिल्लो निकायले दिएको निर्देशन पालन गर्ने वा गराउने ।

३६. नगर प्रहरीको कार्यालय प्रमुखको काम र कर्तव्य : नगर प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) आफ्नो कार्य क्षेत्रभित्रको हरेक घटनाको जानकारी लिई सोसम्बन्धमा सम्बन्धित अधिकृतलाई तत्काल सूचना गर्ने,

(ख) आफ्नो मातहतका कार्यालयहरूलाई सुधार र सुदृढीकरणका लागि आवश्यक परामर्श दिने,

(ग) आफ्नो कार्यक्षेत्रभित्र आवश्यकतानुसार गस्ती र पालोपहराको व्यवस्था गरी अपराध नियन्त्रण गर्ने र कुनै घटना घटेको जानकारी प्राप्त हुनासाथ स्वयम् त्यस ठाउँमा पुग्ने,

(घ) आफ्नो मातहतका प्रहरी कर्मचारीले पाएको उर्दीको पोसाक र अन्य सरकारी सामानहरूको हप्तामा एकपटक निरीक्षण गर्ने,

(ङ) आफ्नो कार्यालयमा रहेका हातहतियार गोलीगट्ठा र अन्य सरकारी मालसामानहरूको हिफाजत गर्ने र सरससफाइ गरी राख्ने,

(च) समयसमयमा आफूलाई प्राप्त आदेश निर्देशनको पालना गर्ने ।

३६.(क) महानगरीय प्रहरी वृत्त कार्यालय प्रमुखको काम र कर्तव्य : महानगरीय प्रहरी वृत्त कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) नियम ३६ को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको काम गर्ने,

(ख) अदालत वा अन्य कार्यालयसम्बन्धी कामको सिलसिलामा प्रहरीले गर्नुपर्ने काम तुरुन्त गर्ने वा गर्न लगाउने,

(ग) आफ्नो इलाकासँग जोडिएको अर्को प्रहरी कार्यालयको प्रमुखसँग समन्वय गरी अपराध नियन्त्रणको सम्बन्धमा सरसल्लाह गर्ने,

(घ) आफ्नो इलाकाभित्रको शान्तिसुरक्षा कायम राख्ने कार्यमा प्रमुख जिल्ला अधिकारी र माथिल्लो प्रहरी कार्यालयले दिएको आदेश तदारुकताका साथ कार्यन्वयन गरी प्रतिवेदन दिने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित मुद्दासँग सम्बन्धित अपराधको अनुसन्धान तथा तहकिकात गर्न आवश्यक परेमा अरू इलाकाको प्रहरी प्रभागका प्रहरी कार्यालयले गर्ने कामसमेत आफैँले गर्ने र कुनै विशेष कारण परी आफूले अनुसन्धान तथा तहकिकात गर्न नभ्याउने भएमा सोको कारण खोली सो कार्य गर्न प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक वा प्रभागका प्रहरी प्रमुखलाई खटाउने, आफैँ उपस्थित हुन सक्ने अवस्था हुनासाथ आफैँ उपस्थित भई अनुसन्धान र तहकिकातसम्बन्धी कामकार्बाही ठीकसँग भएनभएको जाँची बाँकी कामकार्बाही गर्ने वा गर्न लगाउने,

(च) आफ्नो कार्यालयबाट अनुसन्धान तहकिकात भएका मुद्दाहरूको विवरणसम्बन्धी अभिलेख राख्ने राख्न लगाउने,

(छ) अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सवारीमा सुरक्षाको आवश्यक प्रबन्ध गर्ने वा गर्न लगाउने,

(ज) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची –१ मा उल्लेखित मुद्दासम्बन्धी उजुरी परेको वा आफैँले थाहा पाएकोमा अभियुक्त पक्राउ परेको भए सोसमेतको प्रतिवेदन सोही दिन र सो दिन नभ्याएमा सोको भोलिपल्ट आफ्नो माथिल्लो कार्यालयमा पेस गरी सोको जानकारी प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(झ) आवश्यकताअनुसार रातको गस्ती पालोपहरा आदिको समेत व्यवस्था मिलाउने,

(ञ) शान्ति सुरक्षासम्बन्धी अन्य काम गर्नेगराउने,

(ट) नेपाल सरकार तथा आफूभन्दा माथिल्लो निकायले दिएको निर्देशन पालन गर्नेगराउने ।

३६.(ख) महानगरीय प्रहरी प्रभाग कार्यालय प्रमुखको काम र कर्तव्य : महानगरीय प्रहरी प्रभाग कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) आफ्नो र आफ्नो कार्यालयमातहतका अन्य प्रहरी एकाइहरूसँग सम्बन्धित आवश्यक प्रशासनिक कार्यहरू गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) आफ्नो मातहतका प्रहरी कर्मचारीहरूको काम र कर्तव्य र अधिकारको सम्बन्धमा आवश्यक आदेश दिने, तिनीहरूमाथि नियन्त्रण राख्ने र अनुशासन पालना गराउने,

(ग) प्रहरी कर्मचारीहरूले गर्नुपर्ने काम, कर्तव्य र अधिकार उचित तरिकाबाट पालना र प्रयोग गर्न लगाउने,

(घ) प्रहरी कर्मचारीको अभिलेख किताबहरू ठीक दुरुस्त राख्न लगाउने र समयसमयमा सामूहिक प्रतिवेदनहरू माथिल्लो कार्यालयमा पठाउने,

(ङ) आफ्नो कार्यालयमा रहेका सरकारी खजाना, मालसामान इत्यादि सुरक्षित राखी त्यसको श्रेस्ता दुरुस्त राख्ने, राख्न लगाउने,

(च) आफ्नो इलाकाभित्र रहेका देहायका स्थान र व्यक्तिको जानकारी राख्ने :

(१) आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरू जम्मा हुने ठाउँ,

(२) आपराधिक क्रियाकलापमा संलग्न व्यक्ति लुक्ने ठाउँ,

(३) अपराधमा संलग्न व्यक्तिहरूलाई आश्रय दिने व्यक्ति,

(४) चोरीको मालसामानको व्यवसाय गर्ने व्यक्तिहरू,

(५) गैरकानुनी हातहतियार राख्ने वा बनाउने व्यक्ति,

(६) आपराधिक कार्य गर्न दुरुत्साहन गर्ने व्यक्तिहरू ।

(छ) आफ्नो इलाकाभित्र बराबर गस्ती गरी आपराधिक गतिविधिमा संलग्न व्यक्तिमाथि निरन्तर निगरानी राख्ने, राख्न लगाउने,

(ज) जनसाधारणसँग निकट सम्पर्क राख्ने, दुश्चरित्र भएका व्यक्तिहरूको विगत गतिविधि र निजहरूमाथि राखिएको निगरानीको दुरुस्त अभिलेख राख्ने, राख्न लगाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) महानगरीय प्रहरी प्रभागमा उजुरी गर्न आएका व्यक्तिसँग सद्व्यवहार गर्ने,

(ञ) आफूमातहतका प्रहरी कर्मचारीले गर्नुपर्ने काम, कर्तव्य पालन गरेनगरेको समयसमयमा जाँच्ने, जाँच्न लगाउने,

(ट) प्रहरी कर्मचारीको उर्दी पोसाक र पाएका अन्य सरकारी सरसामानहरूको हप्तामा एकपटक निरीक्षण गर्ने र त्यसमा कुनै खराबी वा हानीनोक्सानी भएमा सोको प्रतिवेदन माथिल्लो प्रहरी अधिकृतलाई दिने,

(ठ) आफ्नो कार्यालयमा रहेका हातहतियार गोलीगट्ठा र अरू सामानहरू आफ्नो जिम्मामा सुरक्षाका साथ दुरुस्त राख्ने र शान्तिसुरक्षा तथा सोसँग सम्बन्धित कामका निमित्त मात्र उक्त सरसामान बाहिर लैजान दिने र प्रयोग गर्नुपर्ने नभएमा तुरुन्त भण्डार वा कोतमा सुरक्षितसाथ राख्ने, राख्न लगाउने,

(ड) आफ्नो मातहतका कुनै प्रहरी कर्मचारीलाई अनुपस्थित रहन अनुमति दिएकोमा साधारण डायरीमा सोको कारणसमेत जनाई अभिलेख राख्ने,

(ढ) साधारण डायरीमा दस्तखत गर्नाका साथै दिनभरिको कार्यको व्यवस्था मिलाई सो सम्बन्धमा आवश्यक आदेश निर्देशन दिने,

(ण) आफ्नो कार्यालयमा रहेको भण्डार हरेक दिन निरीक्षण गरी जिन्सी र नगदीको श्रेस्ता जाँच्ने,

(त) कुनै मुद्दाको अनुसन्धान तथा तहकिकात गर्न आफ्ना मातहतका प्रहरी कर्मचारीलाई खटाएकोमा त्यस्तो अनुसन्धान तथा तहकिकातसम्बन्धी कामकार्बाही ठीकसँग गरिएको हो भन्ने एकिनसहितको प्रतिवेदन महानगरीय प्रहरी परिसरको कार्यालयमा पठाउने,

(थ) खरखजाना राखिएको बाकसको र थुनुवा रहेको स्थानको साँचो जिम्मा लिने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(द) पालोमा खटाइने प्रहरी कर्मचारीहरूको आवश्यक व्यवस्थापन गर्ने ।

(ध) थुनामा राख्नुपर्ने व्यक्तिलाई थुनामा राख्दा वा थुनाबाट बाहिर निकाल्दा यथासम्भव आफैँले वा आफ्नो अगाडि थुनामा राख्ने वा निकाल्ने,

(न) आफ्नो मातहतका सबै प्रहरी कर्मचारीलाई समान रूपले कार्य विभाजन गरी काममा लगाउने,

(प) शान्ति सुरक्षामा प्रतिकूल असर पर्ने कार्य हुन नदिने,

(फ) आफ्नो इलाकाभित्र विदेशीको अवैध आवागमन रोक्ने,

(ब) समयसमयमा आफूलाई प्राप्त आदेश निर्देशनको पालन गर्ने,

(भ) प्राकृतिक प्रकोप परेका अवस्थामा उद्धारका लागि तदारुकताका साथ संलग्न हुने,

(म) आफ्नो काम कर्तव्यसम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

३७. इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य : इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालय र चौकीको प्रशासन मिलाउने,

(ख) प्रहरी कर्मचारीहरूले गर्नुपर्ने काम कर्तव्यहरू उचित तरिकाबाट गराउने, अभिलेख किताबहरू ठीक दुरुस्त राख्न लगाउने र समयसमयमा सामयिक प्रतिवेदनहरू माथिल्लो कार्यालयमा पठाउने,

(ग) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा रहेका सरकारी खजाना मालसामान, इत्यादि सुरक्षित राखी त्यसको श्रेस्ता दुरुस्त राख्ने,

(घ) मातहतका प्रहरी कर्मचारीहरूलाई कामकर्तव्यका सम्बन्धमा आदेश दिने, तिनीहरूमाथि नियन्त्रण राख्ने र अनुशासन पालन गराउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) आफ्नो इलाकाभित्र रहेका देहायको स्थान र मानिसहरूको जानकारी राख्ने :

(१) दुश्चरित्र व्यक्तिहरूको जम्मा हुने ठाउँ

(२) चोर, डाँकाहरू लुक्ने ठाउँ

(३) डाँका पाल्ने मानिसहरू

(४) चोर पाल्ने वा चोरीको मालको व्यवसाय गर्ने मानिसहरू

(५) गैरकानुनी हातहतियार राख्ने र बनाउने मानिसहरू

(६) महिलाहरू बिक्री गर्ने र चोरी निकासी पैठारी गर्ने व्यक्तिहरू

(७) लागुपदार्थ कारोबार वा सेवन गर्ने व्यक्तिहरू

(८) जुवा खेल्ने र खेलाउने व्यक्तिहरू

(च) इलाकाभित्र बराबर गस्ती गरी दुश्चरित्र व्यक्तिहरूमाथि निरन्तर निगरानी राख्न र जनसाधारणसित निकट सम्पर्क राख्ने दुश्चरित्र व्यक्तिहरूको विगत गतिविधिको र निजहरूमाथि राखिएको निगरानीको दुरुस्त अभिलेख राख्ने,

(छ) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा अपराधको प्रतिवेदन आउनासाथ आफू गई वा आफैँ जान नसके अर्को प्रहरी कर्मचारी तुरुन्त खटाउने र घटनास्थलमा प्राप्त भएसम्मको प्रमाणहरू सङ्कलन गरी अपराधीलाई पक्रन तुरुन्त कार्बाही गर्ने,

तर, खुन, डाँकाजस्ता ठूला अपराधीको प्रतिवेदन पर्न आएमा आफैँ तुरुन्त अनिवार्य रूपले घटनास्थलमा जाने,

(ज) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा उजुरी प्रतिवेदन पर्न आएका व्यक्तिहरूसँग सद्व्यवहार गर्ने र उनीहरूले भन्न चाहेका कुरालाई राम्ररी ध्यान दिई सुन्ने,

(झ) प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षकले तोकेको ढाँचाको एउटा गोप्य किताब राख्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ञ) प्रहरी कर्मचारीहरूले आफूले गर्नुपर्ने काम कर्तव्य पालन गरेनगरेको समयसमयमा जाँच्ने,

(ट) प्रहरी कर्मचारीको उर्दीको पोसाक र पाएका अन्य सरकारी सरसामानहरूको हप्तामा एकचोटि निरीक्षण गर्ने र त्यसमा कुनै खराबी भए माथिल्ला प्रहरी अधिकृतलाई त्यसको प्रतिवेदन दिने, समय समयमा आफ्नो मातहतका कर्मचारीहरूसँग उचित पोसाक र सरसामान छ छैन भन्ने कुराको निरीक्षण गर्ने,

(ठ) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा रहेका हातहतियार गोलीगठ्ठा र अरू सामानहरू आफ्नो जिम्मा हिफाजतसाथ सरसफाइ गरी राख्ने, शान्ति सुरक्षा र त्यससँग सम्बन्धित अन्य कामकर्तव्यका निमित्तमात्र यो सरसामान बाहिर लैजान दिने र प्रयोग गर्नुपर्ने नभएमा तुरुन्त भण्डार या कोतमा सुरक्षित गर्ने,

(ड) चौकीमा खटिगएका र आफ्नो मातहतका अन्य सबै प्रहरी कर्मचारीसमेतलाई अपराध नियन्त्रणसम्बन्धमा र प्रहरी निरीक्षकबाट इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा आएको आदेश निर्देशन आदिमध्ये उनीहरूसँग सम्बन्ध भएको कुराहरूको जानकारी गराउने,

(ढ) मातहतका कुनै प्रहरी कर्मचारीलाई राखी अनुपस्थित रहन अनुमति दिएमा साधारण डायरीमा कारणसमेत जनाई अभिलेख राख्ने,

(ण) इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा आफू हाजिर भएका बखत इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा आएका आदेश प्रतिवेदन लेखापढी आदि सबै चिठी पत्रहरू आफैँले खोली हेर्ने,

(त) साधारण डायरीमा दस्तखत गर्नाको साथै दिनभरिको काम कर्तव्यको व्यवस्था मिलाई आवश्यक आदेश निर्देशन दिने,

(थ) आफ्नो इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा रहेको भण्डार हरेक दिन निरीक्षण गरी जिन्सी र नगदीको श्रेस्ता जाँच्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(द) कुनै मुद्दाको तहकिकात गर्न आफ्नामातहतका प्रहरी कर्मचारीलाई खटाई पठाएमा जिल्ला प्रहरी कार्यालयमा त्यसको प्रतिवेदन पठाउँदा सो तहकिकात ठीकसँग गरिएको हो भन्ने निश्चय गरी पठाउने,

(ध) खजानाको बाकसको र थुनुवा रहेको स्थानको साँचो जिम्मा लिने,

(न) पालोमा खटिएका प्रहरी कर्मचारीलाई आदेश पुर्जी दिने,

(प) थुनुवाहरूलाई थुनुवा घरमा राख्दा वा त्यहाँबाट बाहिर निकाल्दा यथासम्भव आफैँले वा आफ्नो अगाडि अरू प्रहरी कर्मचारीद्वारा राख्ने वा निकाल्ने,

(फ) प्रत्येक इलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयमा सबै प्रहरी कर्मचारीहरूलाई समान रूपले काम वितरण गर्ने,

(ब) समयको उचित प्रबन्ध गर्ने र कार्यालय, आवास र भान्छाघर तथा चर्पीको सरसफाइ राम्रोसँग राख्न लगाउने,

(भ) सीमावर्ती क्षेत्रमा समाज विरोधी तथा व्यवस्था प्रतिकूल कार्य हुन नदिने,

(म) चोरीनिकासी, पैठारी वा वन जङ्गलको अवैध फँडानी भएमा वा हुन लागेमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउने र सहयोग मागेमा तुरुन्त उपलब्ध गराउने,

(य) अन्तर्राष्ट्रिय सीमास्तम्भको संरक्षण गर्ने,

(र) आफ्नो इलाकाभित्र विदेशीहरूको अवैध आगमन रोक्ने,

(ल) समयसमयमा आफूलाई प्राप्त आदेश निर्देशनको पालना गर्ने,

(व) दैवीप्रकोप परेको अवस्थामा उद्धारका लागि तदारुकताका साथ संलग्न हुने ।

३७. (क) <u>महानगरीय प्रहरी व्यवस्था लागु हुने :</u>

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लामा महानगरीय प्रहरीसम्बन्धी व्यवस्था यो नियमावली प्रारम्भ हुँदाका बखत लागु भएको मानिनेछ र अन्य जिल्लामा आवश्यकताअनुसार नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी महानगरीय प्रहरीसम्बन्धी व्यवस्था लागु गर्न सक्नेछ ।

(२) महानगरीय प्रहरीसम्बन्धी व्यवस्था लागु भएको जिल्लामा सो व्यवस्था लागु हुँदाका बखत कायम रहेका जिल्ला प्रहरी कार्यालयहरू तत् तत् जिल्लाका महानगरीय प्रहरी परिसरमा परिणत हुनेछन् ।

(३) महानगरीय प्रहरी परिसरमा परिणत हुने जिल्लाका जिल्ला प्रहरी कार्यालयले गरेको कामकार्बाही महानगरीय प्रहरी परिसरले गरेको मानिनेछ ।

(४) महानगरीय प्रहरीसम्बन्धी व्यवस्था लागु हुँदाका बखत कायम रहेका वडा प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालयहरू तत् तत् जिल्लाका महानगरीय प्रहरी वृत्तमा परिणत हुनेछन् ।

(५) महानगरीय प्रहरी वृत्तमा परिणत हुने वडा प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालयले गरेको कामकार्बाही महानगरीय प्रहरी वृत्तले गरेको मानिनेछ ।

(६) महानगरीय प्रहरीसम्बन्धी व्यवस्था लागु हुँदाका बखत कायम रहेका प्रहरी चौकीहरू तत् तत् जिल्लाका महानगरीय प्रहरी प्रभागमा परिणत हुनेछन् ।

(७) महानगरीय प्रहरी प्रभागमा परिणत हुने प्रहरी चौकीले गरेको कामकार्बाही महानगरीय प्रहरी प्रभागले गरेको मानिनेछ ।

(८) महानगरीय प्रहरी व्यवस्था लागु हुँदाका बखत जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीबाट फर्छ्यौट हुन बाँकी कामकार्बाहीहरू क्रमशः, महानगरीय प्रहरी परिसर, महानगरीय प्रहरी वृत्त र प्रहरी प्रभागमा सर्नेछन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३८. प्रहरी चौकी प्रमुखको काम र कर्तव्य : प्रहरी चौकी प्रमुखको काम कर्तव्य देहायबमोजिम हुनेछ :

(क) मातहतका प्रहरी कर्मचारीहरूको अनुशासन र आचरण ठीक राख्ने,

(ख) हरेक दिन साँझ बिहान प्रहरी जवानहरूको निरीक्षण गरी काम कर्तव्यको बोध गराउने र निजहरूको क्रियाकलपाको जाँच गर्ने,

(ग) तालुक कार्यालयसँग निरन्तर सम्पर्क राखी महत्वपूर्ण घटनाहरूको जानकारी हुनासाथ तुरुन्त अरू अपराधहरूको दिनदिनै माथिल्लो कार्यालयमा प्रतिवेदन दिने,

(घ) मातहतका प्रहरी कर्मचारीको कामकार्बाहीको वितरण खोली तालुक कार्यालयमा समयसमयमा प्रतिवेदन गर्ने,

(ङ) चौकीमा रहेका हातहतियार, खरखजाना र नगदी जिन्सीसमेत जाँचबुझ गर्ने र हिफाजतसँग राख्ने,

(च) इलाकाभित्र बारम्बर गस्ती गर्ने/गराउने, इलाकाभित्रका बासिन्दाहरूका बारेमा सही जानकारी राख्ने,

(छ) इलाकामा शान्तिसुव्यवस्था कायम राख्ने र अपराध हुन नदिन प्रयत्न गर्ने,

(ज) चौकीको महिनामहिनाका हाजिरी फारममा पछिल्लो महिनाको सात गतेभित्र तालुक कार्यालयमा पठाउने,

(झ) अपराधसम्बन्धी दर्खास्त वा खबर आएमा तालुक कार्यालयमा तुरुन्त खबर गरी आफू पनि चाहिने मद्दतसमेत लिई घटनास्थलमा जाने र मौकामा गर्नुपर्ने आवश्यक कार्बाही गर्ने,

(ञ) दैवीप्रकोप परेको अवस्थामा उद्धारका लागि तदारुकतासाथ संलग्न हुने ।

३९. प्रहरी जवानको काम र कर्तव्य : प्रहरी जवानको काम कर्तव्य देहायबमोजिम हुनेछ :

(क) अपराध रोक्ने,

(ख) खटिएको ठाउँमा पालो बस्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) थुनुवा रहेका स्थानमा वा खजाना वा अरू मालसामान रहेका स्थानमा पालोपहरा बस्दा थुनुवा भाग्न नपाउने वा मालसामान हिनामिना हुन नपाउने गरी राम्रोसँग काम गर्ने,

(घ) पालो बदलिँदा इन्चार्जले दिएको पालेले गर्नुपर्ने कामकुराको आदेश निर्देशन नयाँ आउने पालेलाई बुझाउने,

(ङ) पालो फेरिँदा नयाँ आएको पालेले पहिलेको पाले जिम्मा पहराको खजानाको ताल्चा साबुद छ छैन र थुनुवाहरू ठीक छन् छैनन् आदि सबै कुरा पहिलेको पालेको अगाडि गन्ती गरी बुझ्ने,

(च) फरार अपराधी फेला परेमा पक्रने र अरू कुनै किसिमको अपराधको सुराक पाएमा सम्बन्धित प्रहरी कार्यालयमा प्रतिवेदन गर्ने,

(छ) प्राकृतिक वा दैवी सङ्कट परेमा वा अरू अवस्थामा जनसाधारणलाई सहायता पुऱ्याउने ।

३९.(क) महान्यायाधिवक्ताबाट प्राप्त निर्देशनको कार्यान्वयन : प्रहरी हिरासतमा रहेको व्यक्तिलाई नेपालको अन्तरिम संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफ्न्तसँग वा कानुन व्यवसायीमार्फत भेटघाट गर्न नदिएको सम्बन्धमा महान्यायाधिवक्ताबाट प्राप्त निर्देशन कार्यान्वयन गर्नु गराउनु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

परिच्छेद ६

स्थानीय प्रशासन र स्थानीय प्रहरीको सम्बन्ध

४०. स्थानीय प्रशासनको नियन्त्रणमा रहने : प्रहरीको अनुसासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक जिल्लाका समस्त प्रहरी प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन् ।

४१. जिल्ला छोड्नुपूर्व सूचना दिनुपर्ने : जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले जिल्ला छोड्दा त्यसको पूर्वसूचना प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्नेछ ।

४२. निर्देशनको पालना गनुपर्ने : जिल्लाको शान्ति र व्यवस्था कायम राख्न आफूलाई तोकिएको कार्यसम्पादन गर्नु तथा यस्ता विषयमा प्रमुख जिल्ला

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकारीले दिएको निर्देशन पालन गर्नु जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसर प्रमुखको कर्तव्य हुनेछ ।

४३. प्रमुख जिल्ला अधिकारीले सिफारिस वा राय पठाउन सक्ने : जिल्लाका प्रहरी कर्मचारीहरूको कामकाजका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले आफ्नो सिफारिस वा राय जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुख र माथिल्लो प्रहरी अधिकृतसमक्ष पठाउन सक्नेछ ।

४४. प्रमुख जिल्ला अधिकारीबाट निरीक्षण :

(१) प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर, इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त र प्रहरी प्रभागको वर्षको कम्तीमा एकपटक निरीक्षण गर्नुगराउनुपर्नेछ ।

(२) जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरुको निरीक्षण गरे नगरेको तथा प्रत्येक जिल्लाको प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको डायरी र प्रहरीसम्बन्धी गोप्य प्रतिवेदनसहित अन्य अपराधसम्बन्धी सारांश प्रतिवेदन हेरी प्रमुख जिल्ला अधिकारीले आफ्नो प्रतिक्रिया सहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखलाई दिनुपर्नेछ ।

४५. प्रतिवेदन गर्ने र पूर्वनिर्देशन प्राप्त गर्ने : गैरकानुनी जमात, साम्प्रदायिक वा राजनैतिक जुलुसको सामना गर्दा जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले प्रमुख जिल्ला अधिकारीको पूर्वनिर्देशन प्राप्त गर्नुपर्नेछ । शान्ति सुव्यवस्थालाई खलल हुने देखिएमा जिल्ला प्रहरी कार्यालय प्रमुख वा महानगरीय प्रहरी परिसर प्रमुखले प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गरी उपयुक्त निर्देशनका निमित्त अनुरोध गर्नुपर्नेछ ।

४६. कार्यालय प्रमुखमार्फत लेखापढी हुने: स्थायी प्रशासनले प्रहरी सङ्गठनसँग लेखापढी गर्दा सामान्यतया कार्यालय प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

४७. चालचलनसम्बन्धी प्रतिवेदन भर्दा परामर्श लिनुपर्ने : क्षेत्रीय प्रमुखले जिल्ला प्रहरी कार्यालय प्रमुखको र महानगरीय प्रहरी प्रमुखले महानगरीय प्रहरी परिसर प्रमुखको चालचलनसम्बन्धी प्रतिवेदन भर्दा अनिवार्य रूपमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग परामर्श लिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४८. सरुवा वा अनुशासनको कार्बाही गर्दा परामर्श लिने : जिल्ला प्रहरी कार्यालय प्रमुख वा महानगरीय प्रहरी परिसर प्रमुखलाई सरुवा गर्दा वा निजमाथि अनुशासनहीनताको कार्बाही गर्दा आवश्यकताअनुसार सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको परामर्श लिन सकिनेछ ।

४९. अपराध नियन्त्रण गर्ने सम्बन्धमा छलफल गर्न विदेश जान सकिने : सीमावर्ती इलाकामा घट्ने अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी अनुसन्धान गर्ने काममा स्थानीय प्रहरी कार्यालयको प्रमुखले पारस्परिक सहयोग पुऱ्याउने सिलसिलामा छिमेकी मित्रराष्ट्रका सीमावर्ती इलाकामा रहेको प्रहरी कार्यालयका समानस्तरका प्रहरी अधिकृतसँग आवश्यकताअनुसार छलफल गर्न विदेश जानुपरेमा स्थानीय प्रशासनसमेतलाई जानकारी गराउनुपर्नेछ ।

परिच्छेद ७

बिदा

५०. बिदा नलिई घर बस्ने प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :

(१) यस नियमावली बमोजिम बिदा नलिई प्रहरी कर्मचारी गैरहाजिर हुन पाउनेछैन ।

(२) उपनियम (१) को उल्लङ्घन गरी गैरहाजिर हुने प्रहरी कर्मचारीलाई नेपाल सरकारले सेवाबाट हटाउन सक्नेछ ।

तर, निकासा नहुँदै बिदा बसी पछि सो गैरहाजिर भएको अवधिका लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लङ्घन गरेको मानिनेछैन ।

५१. बिदा अधिकारको कुरा होइन :

(१) प्रहरी कर्मचारीले अधिकारका रूपमा बिदाको दाबी गर्न पाउनेछैन ।

(२) कामको अनुकूल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबिजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ अथवा आवश्यक परेमा बिदामा बसेको प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

५२. बिदाका किसिमहरू : प्रहरी कर्मचारीले देहायबमोजिमका बिदा पाउनेछन् :

(१) भैपरी आउने बिदा

(२) घर बिदा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) बिरामी बिदा

(४) क्रिया बिदा

(५) प्रसूति बिदा

(६) सट्टा बिदा

५३. भैपरी आउने बिदा :

(१) प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी बिदा पाउनेछ ।

(२) भैपरी आउने बिदा साधारणतः एक पटकमा ४ दिनमा बढाई लिन पाइनेछैन ।

(३) भैपरी आउने बिदा एक सालको अर्को सालमा लिन पाइनेछैन ।

(४) आफ्नो जिल्ला छोडी जान पर्ने गरी बिदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिइ रहन नभ्याएमा बिदा बसेपछि स्वीकृत गराए पनि हुन्छ ।

(५) भैपरी आउने बिदामा बसेका प्रहरी कर्मचारीले पुरा तलब भत्ता र रासन पाउनेछ ।

(६) साधारणतया भैपरी आउने बिदा शनिबारबाहेक अरू बिदाहरूसँग मिलाई लिन पाइनेछैन ।

५४. घर बिदा:

(१) प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर बिदा पाउनेछ ।

(२) घर बिदा बढीमा एक सय असी दिनसम्म सचित राख्न सकिनेछ ।

(३) प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर बिदा जाँदा र बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउदा पैदल हिड्नुपर्ने भएमा ८ कोसको निमित्त एक दिनको दरले तथा मोटर रेल, हवाई जहाजको बाटोका लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रूपले सेवाबाट अवकाश हुने प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिनसम्मको घर बिदाबापत निजको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर बिदामा बसेको प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

(६) निलम्बनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर बिदा पाउनेछैन ।

५५. बिरामी बिदा :

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपक लाग्न गई वा बिरामी भई अस्पतालमा भर्ना भई इलाज गराउदा लाग्ने दिनबाहेक प्रत्येक प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र रासनसहित बिरामी बिदा पाउनेछ ।

(२) प्रहरी कर्मचारीले बिरामी बिदा सचित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले सचित बिरामी बिदाबापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलबका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(३) पाँच दिनभन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नुपर्नेछ तर यस्तो प्रमाणपत्र पेस गर्न साधारणतया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाण पत्र पेस गर्न नपर्ने गर्न सक्नेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरेमा प्रहरी कर्मचारीले बढीमा ४५ दिनसम्म थप बिरामी बिदा पाउन सक्नेछ । यस्तो बिरामी बिदा लिने प्रहरी कर्मचारीको पाकी सकेको वा पाक्ने घर बिदाबाट प्रत्येक दुई दिन थप बिरामी बिदाबापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

(५) निलम्बनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको बिरामी बिदा पाउनेछैन ।

५६. क्रिया बिदा:

(१) प्रहरी कर्मचारी आफैँ क्रियामा बस्न परेमा कुल धर्मअनुसार बढीमा १५ दिन क्रिया बिदा पाउनेछ । यस्तो बिदा प्रहरी महिला

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कर्मचारीको पतिले करिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई पनि दिइनेछ ।

(२) यस्तो क्रिया बिदा बस्ने प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

५७. प्रसूति बिदा :

(१) महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूति बिदा पाउनेछ ।

(२) प्रसूति बिदा बस्ने महिला प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूति बिदा बढीमा दुई पटक सुत्केरी हुँदासम्मलाई मात्र दिइनेछ । सोभन्दा बढी बच्चा हुने महिला प्रहरी कर्मचारीले सुत्केरी हुँदा आवश्यक पर्ने बिदा निजको पाकेको वा पाक्ने घर बिदा र बिरामी बिदाबाट कट्टी हुने गरी लिनुपर्नेछ ।

(४) उपनियम (३) मा उल्लेख भए अनुसारको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

५८. सट्टा बिदा : कुनै पनि सार्वजनिक बिदाको दिन ड्युटी गर्ने प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा बिदा दिन सक्नेछ । तर यस्तो सट्टा बिदा एकपटकमा सात दिनभन्दा बढी हुनेछैन ।

५९. बिदा दिने अधिकारी :

(१) कार्यालय प्रमुख स्वयम् भैपरी आउने बिदा वा बिरामी बिदा बस्नुपर्ने भएमा बिदा बसी तालुक कार्यालयबाट स्वीकृत गराउनुपर्नेछ ।

(२) प्रहरी निरीक्षक र सोभन्दा माथिल्ला अधिकृत कार्यालय प्रमुख रहेको कार्यालयका अन्य कर्मचारीलाई सबै किसिमको बिदा र प्रहरी निरीक्षक र सो भन्दा माथिल्लो अधिकृतलाई भैपरी आउने बिदा, बिरामी बिदा र क्रिया बिदा सोही कार्यालय प्रमुखले दिन सक्नेछ ।

(३) प्रहरी निरीक्षक र सोभन्दा माथिल्ला प्रहरी अधिकृतको घर बिदा एक तहमाथिको कार्यालय प्रमुखले दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) अन्य प्रहरी कर्मचारी कार्यालय प्रमुख रहेको कार्यालयको कर्मचारीलाई घर बिदाबाहेक अरू बिदा सोही कार्यालय प्रमुखले र घर बिदा एक तहमाथिका कार्यालय प्रमुखले दिन सक्नेछ ।

(५) प्रहरी प्रधान कार्यालयका प्रहरी निरीक्षक र सोभन्दा माथिल्ला प्रहरी अधिकृतलाई भैपरी आउने र बिरामी बिदा सम्बन्धित शाखा प्रमुखले र अरू बिदा प्रहरी महानिरीक्षक वा निजले तोकेको अधिकारीले दिन सक्नेछ ।

६०. बिदा लिने विधि :

(१) यस परिच्छेदबमोजिम बिदा लिन चाहने प्रहरी कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण, विदेश जानुपर्ने भए सोसमेत खोली रीतपूर्वकको लिखित दर्खास्त आफू हाजिर रहेको कार्यालयमार्फत बिदा दिने अधिकारीसमक्ष दिनुपर्छ र बिदा स्वीकृत वा अस्वीकृत भएको कुराको सूचना त्यस्तो अधिकारीले सो प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको बिदा स्वीकृत गर्नुअगाडि बिदा दिने अधिकारीले परिस्थितिको विचार राखिकनमात्र बिदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने बिदाका हकमा बिदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) बमोजिम दर्खास्त नदिए पनि आफ्नो तजबीजबाट मौखिक अनुरोधका आधारमा त्यस्तो बिदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायमा लेखिएबमोजिमका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले बिदाको लागि दर्खास्त परेको मितिभन्दा अगाडिदेखि पनि बिदा बस्न पाउने गरी निवेदकलाई बिदा दिन सक्नेछ ।

(क) बिदा दिने अधिकारीको पूर्वस्वीकृति लिइरहनु सम्भव थिएन भने, वा

(ख) पूर्वस्वीकृतिका लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

तर, बिदा बसी सकेपछि स्वीकृतिको लागि दर्खास्त परेकोमा अस्वीकृत हुन गई त्यसको फलस्वरूप बिदाको निवदेन गर्ने प्रहरी कर्मचारी नियम ५० को उपनियम (२)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसार नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

६१. बिदाको अभिलेख :

(१) बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै प्रहरी कर्मचारीहरूको बिदाको अभिलेख किताब खडा गरी लगत राख्ने, राख्न लगाउनेछ ।

(२) कुनै प्रहरी कर्मचारी एक ठाउँबाट अर्को ठाउँमा सरुवा भएमा निजको बिदाको लगतको उतार सरुवा भएको ठाउँमा पठाउनु पर्नेछ ।

६२. निकासा लिन नभ्याएमा : कुनै प्रहरी कर्मचारीलाई आवश्यक परी बिदामा नबसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो बिदा निकासा हुने देखिएमा निजले त्यस्तो प्रहरी कर्मचारीलाई बिदामा बस्न लिखित आदेश दिई त्यसको सूचना बिदा दिने अधिकारीसमक्ष पठाउनुपर्छ ।

६३. गयलखाली जनाउने : कुनै प्रहरी कर्मचारी गयल परी सो कुराको सूचना किताबखानामा लेखि गइसकेकोमा सम्बन्धित प्रहरी कर्मचारीले बिदा स्वीकृत हुनुपर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले पन्ध्र दिनभित्र आफूलाई गयल गर्ने अधिकारीभन्दा एक तहमाथिको सम्बन्धित अधिकारीसमक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदनउपर छानविन र जाँच पड्ताल गर्दा प्रहरी कर्मचारीको प्रतिवेदनको व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखिपठाउन सक्नेछ ।

६४. झुठो कारण देखाएमा सजाय हुने : कुनै प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई बिरामी बिदा क्रिया बिदा र प्रसूति बिदा लिई बसेको ठहरिएमा त्यस्तो प्रहरी कर्मचारी यस नियमावली बमोजिम विभागीय सजायको भागी हुनेछ ।

६५. बीचमा पर्न जाने सार्वजनिक बिदा बारे : कुनै प्रकारको बिदा लिई बसेको प्रहरी कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदापछि पनि अड्डामा हाजिर नभएमा साधारणतया सो सार्वजनिक बिदाको अवधि पनि निज प्रहरी कर्मचारीले लिई रहेको प्रकारको बिदा वा सो बिदा बाँकी नभएमा लिनपाउने अरू बिदा बसेको मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६६. तालिम अवधिमा बिदा बस्नेबारे : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तपानि तालिम अवधिभर सार्वजनिक बिदा र क्रिया बिदाबाहेक साधारणतया अरू कुनै बिदा दिइनेछैन ।

६७. सञ्चित बिदा उपभोग गर्न पाउने : यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित सेवा सर्तसम्बन्धी नियमबमोजिम कुनै प्रहरी कर्मचारीको घर बिदा वा बिरामी बिदा सञ्चित रहेको भए निजले सो सञ्चित बिदा यस नियमावलीबमोजिम उपभोग गर्न पाउनेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि बिरामी बिदाका हकमा यो नियमावली प्रारम्भ हुनुभन्दा अघिको सेवाअवधिलाई साल एकको बाह्र दिनको दरले बिरामी बिदाको गणना गरिनेछ र सो अवधिमा प्रहरी कर्मचारीले लिई सकेको बिरामी बिदा कट्टा गरी बाँकी रहेको बिरामी बिदालाई सञ्चित बिरामी बिदा मानिनेछ । यसरी गणना गर्दा सञ्चित रहन सक्नेभन्दा बढी दिन बिरामी बिदा दिइसकेको रहेछ भने लिइसकेको जति दिन पाक्ने बिरामी बिदाबाट कट्टा गरिनेछ ।

परिच्छेद ८

आचरण

६८. दान उपहार लिन नहुने : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारी र निजको परिवारका सदस्यसमेतले नेपाल सरकारको पूर्वस्वीकृतिविना स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुँदैन ।

६९. चन्दा लिनुनहुने : कुनै प्रहरी कर्मचारीले नेपाल सरकारको पूर्वस्वीकृतिबिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नुहुँदैन र अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनुहुँदैन ।

७०. स्वीकृतिबेगर अचल सम्पति खरिद गर्न नहुने : नेपाल सरकारलाई पूर्वसूचना नदिई कुनै पनि प्रहरी कर्मचारीले आफ्नो बसोबासका निमित्त चाहिनेबाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पति खरिद गर्नुहुँदैन । राजपत्राङ्कित प्रहरी अधिकृतले नेपाल सकारबाट स्वीकृति लिएरमात्र अचल सम्पति खरिद गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७१. सम्पतिको विवरण दिनुपर्ने :

(१) हाल बहाल रहेका प्रहरी कर्मचारीले यो नियमावली प्रारम्भ भएको तीन महिनाभित्र र नयाँ भर्ना हुने प्रहरी कर्मचारीले आफू नियुक्ति भएको एक महिनाभित्र नेपाल सरकारबाट खटाइएको अधिकृतसमक्ष देहायको सम्पतिको विवरण दाखिला गर्नुपर्दछ ।

(क) आफ्नो अथवा आफ्नो परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पति र शेयर, बैङ्क मौज्दातको विवरण,

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(२) उपनियम (२) बमोजिमको विवरण दाखिला गर्दा सयुक्तपरिवारमा रहेको प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पतिको विवरण दाखिला गर्नुपर्नेछ ।

(३) आफ्नो सम्पतिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महनिाभित्र दिनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

७२. व्यापार र व्यवसाय गर्न नहुने : कुनै प्रहरी कर्मचारीले नेपाल सकारको पूर्वस्वीकृतिबेगर देहायका काम गर्नु हुँदैन ।

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन,

(ग) कुनै आंशिक समयको नोकरी स्वीकार गर्न र

(घ) कुनै व्यवसाय चलाउन ।

७३. सरकारी काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुने : प्रहरी कर्मचारीले नेपाल सरकारद्वारा अथवा विशेष रूपबाट अख्यितार नपाई आफूले सरकारी कर्तव्यको पालना गर्दा सरकारी अथवा गैरसरकारी साधनहरूबाट प्राप्त गरेको वा आफूले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत प्रहरी कर्मचारीहरूलाई वा गैरसरकारी व्यक्तिलाई अथवा पत्र पत्रिकालाई जानकारी दिनु हुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७४. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने : प्रहरी कर्मचारीले नेपाल सरकारको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्नु अथवा रेडियोद्वारा प्रसारण गर्नुहुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण सहित्यिक, कलात्मक, ऐतिहासिक अथवा बैज्ञानिक र व्यावसायिक विषयको भएमा यस्तो स्वीकृत लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालय मार्फत जाहेर गर्नुपर्दछ ।

७५. नेपाल सरकारको आलोचना : प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नेपाल सरकारको नीतिको विरुद्ध असर पर्ने गरी अथवा नेपाल सरकार र नेपालका जनताको पारस्परिक सम्बन्धमा अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियोद्वारा भाषण प्रकाशित गर्न, सार्वजनिक भाषण दिन वा प्रकाशित गर्नुहुँदैन ।

७६. निर्वाचनमा भाग लिन नहुने : प्रहरी कर्मचारीले कुनै राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैका निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

७७. राजनीतिमा भाग लिन नहुने: प्रहरी कर्मचारीले कुनै राजनैतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताका निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलनाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्नुहुँदैन ।

७८. प्रहरी कर्मचारीले गरेको कामकार्बाहीको सफाइ : कुनै प्रहरी कर्मचारीले नेपाल सरकारको पूर्वस्वीकृति नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनका सम्बन्धमा लेखाइएका झुठा आरोपका निमित्त प्रेस अथवा अदालतको सहारा लिनुहुँदैन ।

तर, यस नियमले प्रहरी कर्मचारीको आफ्नो व्यक्तिगत काम अथवा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै बाधा पर्नेछैन ।

७९. समय पालन र नियमितता : प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रूपले आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई कामबाट अनुपस्थित हुनुहुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८०. अनुशासन र आज्ञापलन :

(१) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) प्रहरी कर्मचारीले आफ्नो सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनुपर्नेछ ।

८१. प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने : प्रहरी कर्मचारीले आफ्नो नोकरीसम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नुहुँदैन ।

८२. नियुक्तिको प्रमाणपत्र बुझाउने : प्रहरी कर्मचारीले आफ्नो बहाल टुटेपछि आफू बहाल हुँदा पाएको नियुक्तिको प्रमाणपत्र अख्तियारवालालाई बुझाउनुपर्नेछ ।

८३. बहुविववाह, बालविवाह, अनमेल विवाहमा प्रतिबन्ध :

(१) देहायको अवस्थामा बाहेक कुनै पनि पुरुष प्रहरी कर्मचारीले आफ्नो स्वास्नी जीवित छँदै वा कानुनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्को स्वास्नीमानिससँग विवाह गर्न वा अर्को स्वास्नी राख्न हुँदैन :

(क) स्वास्नी महारोगी भएमा,

(ख) स्वास्नीलाई यौनसम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा,

(ग) स्वास्नी निको नहुने गरी बहुलाएमा,

(घ) विवाह भएको १० वर्षभित्र सन्तान नभएमा वा नरहेमा,

(ङ) स्वास्नी हिँड्डुल गर्न नसक्ने गरी कुँजी भएमा,

(च) स्वास्नी कुनै आँखा नदेख्ने अन्धी भएमा ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) प्रहरी कर्मचारीले मुलुकी ऐन बिहावारीको महलको विपरीत हुने गरी विवाह गर्नुगराउनु हुँदैन ।

(३) प्रहरी कर्मचारीले स्वास्नी मानिस र लोग्ने मानिसको उमेर २० वर्षभन्दा फरक पर्ने गरी विवाह गर्नुगराउनु हुँदैन ।

परिच्छेद ९

सजाय र पुनरावेदन

८४. सजाय : उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) नसिहत दिने,

(ख) शारीरिक थकाइ हुने (फटिक) सजाय गर्ने वा गारदमा नजरबन्द राख्ने,

(ग) चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(घ) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(ङ) तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने ।

(च) लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन गएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने,

(छ) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने,

(ज) भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

८५. नसिहत दिने वा प्रतिकूल राय लेख्ने : प्रहरी कर्मचारीले काममा साधारण लापवाही गरेमा निजलाई नसिहत दिन सकिनेछ । दुईपटकसम्म नसिहत दिँदा पनि निजले काममा लापर्बाही गरेमा निजको चलचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८६. तलब वृद्धि वा पदोन्नति रोक्ने : प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वृद्धि वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

८७. दर्ता र तलब घटाउने : कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नेपाल सरकारलाई हानि नोक्समानी पुऱ्याएकोमा सोसमेत निजबाट भराउन सक्नेछ :

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीनता गरेमा,

(ग) आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेमा,

(घ) नियुक्ति भएको पाँच वर्षभित्र नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यन्वयन नगरेमा,

(च) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैरहाजिर भएमा,

(छ) लापर्बाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

८८. नोकरीबाट हटाउने वा बरखास्त गर्ने : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउने वा बरखास्त गर्न सक्नेछ :

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बराबर अनुशासनहीनताको काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,

(ङ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(च) पालोमा रहेको अवस्थामा वा नरहेको अवस्थामा पनि उर्दीको पोसाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

(छ) भ्रष्टाचार गरेमा,

(ज) आचरणसम्बन्धी नियमहरू बराबर उल्लङ्घन गरेमा,

(झ) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा ।

८९. सजायसम्बन्धी कार्याविधि:

(१) प्रहरी निरीक्षक र सोभन्दा माथिका प्रहरी कर्मचारीलाई सजाय गर्नुपर्दा सजाय गर्ने अधिकारीले प्रहरी महानिरीक्षकको सल्लाह लिनुपर्नेछ ।

(२) प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कार्बाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्दछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सोसमेत खुलाउनुपर्नेछ । त्यसपछि त्यस्तो प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिदिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायका सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्नेछ ।

तर,

(क) भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा यस नियमबमोजिमको कार्याविधिको रीत पुऱ्याउनुपर्नेछैन ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) सफाइ पेस गर्ने मौका दिँदा मनासिव नपर्ने भएमा सो कुराको पर्चा खडा गरी त्यस्तो प्रहरी कर्मचारीलाई यस उपनियमबमोजिम सफाइ पेस गर्ने मौका दिनुपर्नेछैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित प्रहरी कर्मचारीसँग समेत बुझी कारणसहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद् प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै प्रहरी कर्मचारीमाथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ । तर, यस्तो निलम्बनको अवधि ६ महिनाभन्दा बढी हुनेछैन ।

(५) उपनियम (४) बमोजिम निलम्बन अवस्थामा रहेका प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाइ दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

तर,

(क) निलम्बित कर्मचारीउपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बन रहेका अवस्थामा चौथाइ तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सोसमेत) पाउनेछ, कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउनेछैन ।

(ख) कुनै कर्मचारी सरकारी कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कार्बाहीको सिलसिलामा निलम्बन भएको नभई अरू नै कारणबाट स्वयम् निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउनेछैन ।

९०. सजायको आदेश दिने : नियम ८९ बमोजिम जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

९१. सेवाको अन्त्य गर्ने : कुनै प्रहरी कर्मचारीलाई देहायका अवस्थामा निजको सेवा अन्त्य गर्नुपर्दा नियम ८९ बमोजिमको कार्याविधि अपनाउनुपर्नेछैन :

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

ख) करारनामामा नियुक्ति भएकोमा करारनामाको अवधि भुक्तान नहुँदै,

(ग) म्यादी पदमा नियुक्ति भएकोमा सो म्याद पूरा नहुँदै र

(घ) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा ।

९२. पुनरावेदनको कार्याविधि :

(१) नियम ९० अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा पुनरावेदन दिने व्यक्ति जुन कार्यालयको हो सोही कार्यालय प्रमुख वा जसको आदेशको विरुद्ध पुनरावेदन गरिएको छ सो अधिकारीमार्फत दिनुपर्नेछ ।

(४) सजायको सूचना पाएको पैंतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

९३. सजायको किसिम, सजाय दिने अधिकारी, पुनरावेदन सुन्ने अधिकारी : नियम ९१ मा लेखिएका कुराबाहेक यस परिच्छेदबमोजिम सजाय दिने र त्यसउपर पुनरावेदन सुन्ने अधिकारी देहायबमोजिम हुनेछन् :

(१) प्रहरी	(क) नसिहत दिने, लापर्बाही वा नियम, आदेशको पालना नगर्नाले नेपाल सरकारलाई	(क) सम्बन्धित प्रहरी निरीक्षक	(क) सम्बन्धित नायब प्रहरी निरीक्षक वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिचर	हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट काटी असुल गर्ने थप फटिक (शारीरिक थकाइ हुने) वा पन्ध्र दिनसम्म गारदमा नजरबन्द राख्ने	प्रहरी सहायक निरीक्षक	
	(ख) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।	(ख) सम्बन्धित प्रहरी नायब उपरीक्षक	(ख) सम्बन्धित प्रहरी उपरीक्षक
(२)	(क) नसिहत दिने, चालचलनसम्बन्धी प्रतिवेदन वा प्रतिकूल राय लेख्ने वा लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने, सजायको कवाज, थप गार्ड वा फटिक (शारीरिक थकाइ हुने) डचुटी गराई वा नगराई पन्ध्र दिनसम्म गारदमा नजरबन्द राख्ने	(क) सम्बन्धित प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक वा प्रहरी सहायक निरीक्षक	(क) सम्बन्धित प्रहरी उपरीक्षक
	(ख) तल्लो टाइम स्केल वा तल्लो टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा पदोन्नति रोक्का गर्ने वा	(ख) सम्बन्धित प्रहरी उपरीक्षक	(ख) सम्बन्धित प्रहरी नायब महानिरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गर्ने ।		
(३) प्रहरी हवल्दार	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने, तलब वृद्धि रोक्का गर्ने, लापर्वाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टा गरी असुल गर्ने, सजायको कवाज, थप गार्ड वा फटिक (शारीरिक थकाइ हुने) वा अरू डचुटी गराई वा नगराई पन्ध्र दिनसम्म गारदमा नजरबन्द राख्ने ।	(क) सम्बन्धित प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक प्रहरी सहायक निरीक्षक	(क)प्रहरी उपरीक्षक
	ख) तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा पदोन्नति रोक्का गर्ने वा तल्लो पदमा घटुवा वा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट	(ख) सम्बन्धित प्रहरी उपरीक्षक	(ख) सम्बन्धित प्रहरी नायब महानिरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	बर्खास्त गर्ने		
(४) प्रहरी सहायक निरीक्षक	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।	(क) सम्बन्धित प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायब निरीक्षक	(क) सम्बन्धित प्रहरी उपरीक्षक
	(ख) तलब वृद्धि रोक्का गर्ने, लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टागरी असुल गर्ने र पदोन्नति रोक्का गर्ने ।	(ख) सम्बन्धित प्रहरी उपरीक्षक	(ख) सम्बन्धित प्रहरी नायब महानिरीक्षक वा निज नभएको अवस्थामा प्रहरी महानिरक्षक
	ग) तल्लो टायम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने, भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामन्यतया, अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।	ग) सम्बन्धित प्रहरी नायब महानिरीक्षक	ग) प्रहरी महानिरीक्षक
(५) प्रहरी नायब निरीक्षक	(क) नसिहत दिने वा चालनचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने	(क) सम्बन्धित प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक	(क) सम्बन्धित प्रहरी उपरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	(ख) तलब वृद्धि रोक्का गर्ने, लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टागरी असुल गर्ने र पदोन्नति रोक्का गर्ने ।	(ख) सम्बन्धित प्रहरी उपरीक्षक	(ख) सम्बन्धित प्रहरी नायब महानिरीक्षक वा निज नभएको अवस्थामा प्रहरी महानिरीक्षक
	(ग) तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने वा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।	(ग) प्रहरी महानिरीक्षक	(ग) नेपाल सरकार
(६) प्रहरी निरीक्षक	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।	(क) सम्बन्धित प्रहरी उपरीक्षक वा प्रहरी नायब उपरीक्षक	(क) सम्बन्धित प्रहरी नायब महानिरीक्षक वा निज नभएका अवस्था प्रहरी महानिरीक्षक
	(ख) तलब वृद्धि रोक्का गर्ने लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टा	(ख) सम्बन्धित प्रहरी नायब महानिरीक्षक	(ख) प्रहरी महानिरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	गरी असुल गर्ने पदोन्नति रोक्का गर्ने ।		
	(ग) तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने वा भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।	(ग) सचिव गृहमन्त्रालय	(ग) नेपाल सरकार
(७) प्रहरी नायब उपरीक्षक	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।	(क) सम्बन्धित प्रहरी उपरीक्षक	(क) सम्बन्धित प्रहरी नायब महानिरीक्षक वा निज नभएको अवस्थामा प्रहरी महानिरीक्षक
	(ख) पदोन्नति रोक्का गर्ने ।	(ख) सम्बन्धित प्रहरी नायब महानिरीक्षक	(ख) प्रहरी महानिरीक्षक
	(ग) तलब वृद्धि रोक्का गर्ने वा लापर्वाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलबभत्ताबाट कट्टागरी असुल गर्ने ।	(ग) प्रहरी महानिरीक्षक	(ग) नेपाल सरकार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	(घ) तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने, भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने, भविष्यमा सरकारी नोकरीका निमित्त सामन्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।	(ग) नेपाल सरकार	(ग) नेपाल सकार
(८) प्रहरी उपरीक्षक	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।	(क) सम्बन्धित प्रहरी वरिष्ठ उपरीक्षक वा सम्बन्धित प्रहरी नायब महानिरीक्षक	(क) प्रहरी महानिरीक्षक
	(ख) तलब वृद्धि रोक्का गर्ने लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टा गरी असुल गर्ने र पदोन्नति रोक्का गर्ने ।	(ख) प्रहरी महानिरीक्षक	(ख) नेपाल सरकार
	(ग) तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा	(ग) नेपाल सरकार	(ग) नेपाल सरकार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।		
(९) प्रहरी वरिष्ठ उपरीक्षक	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।	(क) सम्बन्धित प्रहरी नायब महानिरीक्षक	(क) प्रहरी महानिरीक्षक
	(ख) तलब वृद्धि रोक्का गर्ने वा लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टा गरी असुल गर्ने र पदोन्नति रोक्का गर्ने ।	(ख) प्रहरी महानिरीक्षक	(ख) नेपाल सरकार
	(ग) तल्लो टाइम वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने, भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने	(ग) नेपाल सरकार	(ग) नेपाल सरकार
(१०) प्रहरी नायब महानिरीक्षक र प्रहरी अतिरिक्त	(क) नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।	(क) प्रहरी महानिरीक्षक	(क) नेपाल सकार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

महानिरीक्षक			
	(ख) तलब वृद्धि रोक्का गर्ने, लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपममा तलब भत्ताबाट कट्टागरी असुल गर्ने, पदोन्नति रोक्का गर्ने, तल्लो पदमा घटुवा गर्ने ।	(ख) नेपाल सरकार	(ख) नेपाल सरकार
	(ग) तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने वा भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।	(ग) नेपाल सरकार	(ग) नेपाल सरकार
(११) प्रहरी महानिरीक्षक	नसिहत दिने वा चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने, तलब वृद्धि रोक्का गर्ने, तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्ने लापर्बाही वा नियम आदेशको पालना नगर्नाले नेपाल सरकारलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रूपमा तलब	नेपाल सरकार	नेपाल सरकार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भत्ताबाट कट्टा गरी असुल गर्ने, तल्लो पदमा घटुवा गर्ने, भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

९३.(क) माथिल्लो कार्यालयबाट कार्बाही गर्न सक्ने : नियम ९३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय पाउने प्रहरी कर्मचारी कार्यरत रहेको कार्यालयमा सजाय गर्ने अधिकार प्राप्त अधिकारी नरहेको अवस्थामा माथिल्लो कार्यालयको दर्जा पुगेको कर्मचारीबाट विभागीय कार्बाही गर्न वा पुनरावेदन सुन्न बाधा पर्नेछैन ।

९३. (ख) समान दर्जाका कर्मचारीबाट कार्बाही गरिने : विभिन्न प्रहरी कार्यालय र एकाइहरूमा यस नियममा लेखिएका नाममा पदहरू नरही अन्य नामबाट सम्बोधित पदहरू रहेछन् भने त्यस्ता कार्यालय वा एकाइमा कार्यरत प्रहरी कर्मचारीलाई विभागीय कार्बाही गर्दा कार्बाही गर्ने कर्मचारीको पद, नाम फरक परे तापनि त्यस्तो प्रहरी कर्मचारीले समान दर्जाका अन्य प्रहरी कर्मचारीले प्रयोग गरेको विभागीय कार्बाहीसम्बन्धी अधिकार प्रयोग गर्न सक्नेछ ।

९४. पुनरावेदन सुन्ने अधिकारीकहाँ पठाउने : नियम ९२ बमोजिम पुनरावेदन प्राप्त गर्ने कार्यालय वा अधिकारीले पुनरावेदनलाई सम्बन्धित अभिलेखसहित तथा पुनरावेदन गरिएको आधारका बारेमा आफ्नो विचारसमेत खोली पुनरावेदन गरेको पन्ध्र दिनभित्र पुनरावेदन सुन्ने अधिकारीसमक्ष पठाउनुपर्नेछ ।

९५. पुनरावेदनमाथि विचार :

(१) ऐन तथा यस नियमावलीअनुसार पुनरावेदन लाग्न सक्ने भएमा पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदन लिन अस्वीकार गर्न सक्नेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यो नियमावलीअनुसार प्राप्त भएका सबै पुनरावेदनहरूमा पुनरावेदन सुन्ने अधिकारीले देहायका कुराहरूको विचार गरी सजाय कायमै राख्न वा बदर गर्न वा थपघट गर्न सक्नेछ :

(क) सजायको आदेशमा आधारित भएका कुराहरूको यथार्थता प्रमाणित भइसकेको छ, छैन ?

(ख) प्रमाणित भइसकेको कुरा कार्बाही गर्नका निमित्त पर्याप्त छन् छैनन ?

(गं सजाय गरेको ठीक, पर्याप्त अपर्याप्त वा बढता के छ ?

तर कार्यविधिसम्बन्धी कुनै त्रुटिले गर्दा वा अरू कुनै उचित कारणले गर्दा पुनरावेदन गर्ने व्यक्तिलाई मार्का परेको छ भने लागेमा पुनरावेदन सुन्ने अधिकारीले अरू जाँचबुझ गर्नका निमित्त आदेश दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम विचार गर्दा तोकिएको सजाय पर्याप्त छ छैन भन्ने लागेमा पुनरावेदन गर्ने व्यक्तिलाई बढी सजाय दिन नपर्ने कारण भए सो कारण खोली स्पष्टीकरण पेस गर्न लगाई सो स्पष्टीकरणमाथि विचार गरी पुनरावेदन सुन्ने अधिकारीले आफूलाई उचित लागेमा आदेश दिन सक्नेछ ।

(४) पुनरावेदनको निर्णय सो परेको मितिले दुई वर्षभित्रमा दिनुपर्नेछ ।

९६. प्रहरी सेवामा पुनः कायम भएपछि पूरा तलब भत्ता पाउने : कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनः कायम भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत निजले पाउनेछ ।

९७. अदालती कार्बाहीलाई बाधा नपुऱ्याउने : यस परिच्छेदमा लेखिएको कुनै कुराले प्रहरी कर्मचारीउपर ऐनबमोजिम अदालती कार्बाही गर्न बाधा पुऱ्याउनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – १०

अवकाश, उपदान र निवृत्तिभरण

९८. अनिवार्य अवकाश :

(१) देहायका प्रहरी कर्मचारीको देहायबमोजिमको उमेर पुगेपछि वा निजको सेवाअवधि ३० वर्ष पूरा भएपछि निजलाई सकारी सेवाबाट अवकाश दिइनेछ :

(क) प्रहरी महानिरीक्षक – ५८ वर्ष

(ख) प्रहरी अत्तिरिक्त महानिरीक्षक/प्रहरी नायब महानिरीक्षक–५६ वर्ष

(ग) प्रहरी वरिष्ठ उपरीक्षक/प्रहरी उपरीक्षक – ५५ वर्ष

(घ) प्रहरी नायब उपरीक्षक – ५४ वर्ष

(ङ) प्रहरी निरीक्षक – ५३ वर्ष

(च) प्रहरी नायब निरीक्षक – ५२ वर्ष

(छ) प्रहरी सहायक निरीक्षक – ५१ वर्ष

(ज) प्रहरी हवल्दार र प्रहरी जवान – ४८ वर्ष

(२) देहायका पदमा देहायको अवधिसम्म बहाल रहेको प्रहरी कर्मचारीले सो अवधि भुक्तान गरेपछि अवकाश लिनेछन् :

(क) प्रहरी महानिरीक्षक – ४ वर्ष

(ख) प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायब महानिरीक्षक –५ वर्ष

(ग) प्रहरी बरिष्ठ उपरीक्षक – ६ वर्ष

(घ) प्रहरी उपरीक्षक – १० वर्ष

(३) उमेरको हद, पदको अवधि वा सेवाअवधिमध्ये कुनै एक पुगेपछि प्रहरी कर्मचारीले सरकारी सेवाबाट अवकाश पाउनेछ ।

(४) उपनियम (२) बमोजिम अवधि भुक्तान भएपछि नेपाल सरकारले चाहेमा उपनियम (१) बमोजिमको उमेरको हद वा सेवाअवधि ननाँघ्ने गरी प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षकलाई २ (दुई) वर्षको अवधि थप गर्न सक्नेछ ।

(४.क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीस वर्ष सेवाअवधि पूरा भई अवकाश पाउने प्रहरी कर्मचारीलाई सोही उपनियमबमोजिमको उमेरको हद ननाँघ्ने गरी नेपाल सरकारले देहायका अधारमा पाँच वर्षसम्म सेवाअवधि थप गर्न सक्नेछ :

(क) अवकास हुने प्रहरी कर्मचारीको सेवा सरकारी कामकाज चलाउन अत्यावश्यक देखिएमा,

(ख) अवकाश हुने प्रहरीकर्मचारीको कार्यसम्पादनको स्तर राम्रो भएमा,

(ग) अवकाश हुने प्रहरीकर्मचारीद्वारा सम्पादन हुने काम गराउन अन्य उपयुक्त प्रहरी कर्मचारी नभएमा ।

(५) कायममुकाय मुकरर भएमा पदको अवधि लागु हुनेछैन ।

तर, तल्लो पदमा नोकरीको अवधि लागु हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागु हुनेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको निमित्त प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा देहायबमोजिम गरिनेछ :

(क) नोकरी प्रवेश गरेको बेलामा निजले पेस गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर,

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(६) नियम १०१ बमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै प्रहरी कर्मचारीलाई नेपाल सरकारले चाहेमा नोकरीबाट अवकाश दिन सक्नेछ ।

(७) यो नियम प्रारम्भ हुँदा प्रहरी सेवामा बहाल रहेको प्रहरी कर्मचारीले उपनियम (१) बमोजिम अवकाश प्राप्त गर्दा प्रचलित प्रहरी नियमावलीबमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सो अवधिसमेत निजले गरेको जम्मा नोकरी अवधिमा थपी निजले पाउने निवृत्तिभरणको हिसाब गरिनेछ ।

९९. स्वेच्छिक अवकाश : नियम १०१ बमोजिम निवृत्तिभरण पाउने अवधि पूरा गरिसकेका प्रहरी कर्मचारीलाई निजको इच्छा भएमा नियुक्ति गर्ने अधिकारीले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

१००. उपदान : पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको तर नियम १०१ बमोजिम निवृत्तिभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहायबमोजिम उपदान पाउनेछ :

(क) पाँच वर्षदेखि दस वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षका निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दस वर्षभन्दा बढी पन्ध्र वर्षसम्मको नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी तर नियम १०१ बमोजिम निवृत्तिभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

१०१. निवृत्तिभरण :

(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिदेखि निवृत्तिभरण पाउनेछ ।

तर, यो नियमावली प्रारम्भ हुनुभन्दा अगावै नियुक्ति भएका प्रहरी कर्मचारीले देहायबमोजिम वा सोभन्दा बढी अवधिसम्म प्रहरी सेवामा काम गरी नोकरीबाट अवकाश भएमा निवृत्तभरण पाउनेछ :

(क) राजपत्राङ्कित पदका अधिकृत – २० वर्ष

(ख) प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक– १८ वर्ष

(ग) प्रहरी हवल्दार र प्रहरी जवान – १६ वर्ष

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम दिइने निवृत्तिभरणको हिसाब देहायबमोजिम हुनेछ :

(क) प्रहरी निरीक्षकदेखि प्रहरी महानिरीक्षकका निमित्त

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(ख) प्रहरी नायब निरीक्षक र सोभन्दा मुनिका प्रहरी कर्मचारीका निमित्त

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(३) प्रहरी हवल्दार र सोभन्दा मुनिका निवृत्तिभरण पाइरहेका व्यक्तिहरूको उमेर ६० वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तिभरणको अङ्कमा ३० प्रतिशत थप गरिनेछ ।

(४) चार वर्षभन्दा बढी अवधि प्रहरी महानिरीक्षकको पदमा काम गरेको प्रहरी कर्मचारीलाई उपनियम (२) मा उल्लेखित मासिक निवृत्तिभरणका अतिरिक्त सो पदमा चार वर्षभन्दा बढी काम गरेको प्रत्येक वर्षका निमित्त पचास रुपैयाँका दरले थप मासिक निवृत्तिभरण दिइनेछ ।

(५) भविष्यमा सरकारी नोकरीका लागि सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएको प्रहरी कर्मचारीले यस नियमावलीबमोजिमको निवृत्तिभरण पाउनेछैन ।

१०२. निवृत्तिभरणमा वृद्धि :

बहालवाला प्रहरी कर्मचारीले तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम समान पदका निवृत्त प्रहरी कर्मचारीको निवृत्तिभरण रकमको पनि थप गरिनेछ र निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलब स्केलको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१०३. पारिवारिक निवृत्तिभरण र उपदान :

(१) प्रहरी कर्मचारीको नोकरीमा छँदै वा आफूले निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा मृतक कर्मचारीको परिवारलाई नियम १०० बमोजिम उपदान वा नियम १०१ बमोजिम निवृत्तिभरण दिइनेछ ।

तर निवृत्तिभरणका हकमा त्यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समयसम्म प्राप्त हुनेछैन र निवृत्तिभरण पाउने थालेको सात वर्ष नपुग्दै मृत्यु भएको प्रहरी कर्मचारीको परिवारलाई सो सात वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुनेछैन ।

उदाहरणका लागि : ६ वर्षदेखि निवृत्तिभरण पाइरहेको प्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई सो सात वर्ष पूरा हुन बाँकी एक वर्षको मात्र निवृत्तिभरण दिइनेछ ।

(२) प्रहरी कर्मचारीको विधुर पति वा विधवा पत्नीको पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपनियम (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तिभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तिभरण पाउन थालेको सातवर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तिभरणको आधा रकम पाउनेछ ।

तर, यस नियमबमोजिम निवृत्तिभरण पाइरहेको कर्मचारीले दोहोरो निवृत्तिभरण पाउनेछैन ।

(३) उपनियम (२) बमोजिमको पारिवारिक निवृत्तिभरण यो नियमवली प्रारम्भ हुनुअगावै अवकाश प्राप्त गरेका प्रहरी कर्मचारीको विधुर पति वा विधवा पत्नीले पनि पाउनेछ ।

तर, पारिवारिक निवृत्तिभरण प्राप्त गर्नुअगावै त्यस्तो अवकाश प्राप्त प्रहरी कर्मचारीको विधुर पति र विधवा पत्नीको मृत्यु भइसकेको रहेछ भने निजको अन्य हकवालाले पारिवारिक निवृत्तिभरण दाबी गर्न पाउनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारी आतङ्ककारीबाट भएको आक्रमण वा विष्फोटक वा कुनै हतियारको प्रहारबाट वा आतङ्ककारी विरुद्धको प्रहरी कार्बाहीमा खटिएको समयमा भीर पहराबाट लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनाबाट मृत्यु भएमा त्यस्तो प्रहरी कर्मचारीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाँघ्ने गरी बढीमा ७ वर्षसम्म निजको हकवालाले पूरा तलब पाउनेछ । उक्त पूरा तलब पाउने अवधि व्यतीत भएपछि मृतक प्रहरी कर्मचारीको सेवाअवधि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम भएमा निवृत्तिभरण पाकेको अवधिसरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा वा सेवाअवधि भएमा सोही बमोजिम मृतक प्रहरी कर्मचारीको हकवालाले निवृत्तिभरण पाउनेछ ।

१०४. <u>अशक्त वृत्ति:</u>

(१) कुनै प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अगङ्भङ्ग भएको छ वा चोटपटक लागेको छ र प्रहरी सेवाका लागि अशक्त भएको छ भने त्यस्तो प्रहरी कर्मचारीको निवृत्तिभरण पाउने अवधि पुगिसकेको भए निजले खाईपाई आएको तलबले पाउने निवृत्तिभरणमा वा निवृत्तिभरण पाउने अवधि पुगिनसकेका भए निजको जीविकाको निमित्त बाचुन्जेलसम्म अशक्तवृत्तिको रूपमा उपनियम (२) मा लेखिएबमोजिम निवृत्तिभरणसहित उपनियम (३) बमोजिमको अशक्त भत्ता पाउनेछ ।

(२) यस्तो अशक्त प्रहरी कर्मचारीको सेवाअवधि निवृत्तिभरण पाउन गर्नुपर्ने नोकरी वर्षभन्दा घटी भएमा यस नियमावलीबमोजिम निवृत्तिभरण पाउने वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षका निमित्त दामासाहीबाट कट्टी गरी बाँकी हुन आउने निवृत्तिभरणको अङ्क पाउनेछ । यसरी कट्टी गर्दा एक तिहाइभन्दा बढी कट्टी गरिनेछैन । अर्थात कम्तीमा सो दर्जाले पाउने निवृत्तिभरणको दुई तिहाई निवृत्तिभरण पाउनेछ ।

(३) अशक्तता बापत उपनियम (१) वा (२) मा लेखिएको निवृत्तिभरणमा थप पाउने मासिक अशक्तवृक्ति अङ्क देहायबमोजिम हुनेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अशक्तताको प्रतिशत	राजपत्राङ्कित श्रेणीकाअधिकृत	प्रहरी नायब निरीक्षक	प्रहरी सहायक निरीक्षक	प्रहरी हवल्दार	प्रहरी जवान	प्रहरी परिचर
१००	रु ५००।–	रु २४०।–	रु १९२। –	रु १७६। –	रु १६०। –	रु १२०। –
९०	रु ४५०।–	रु २१६।–	रु १७४। –	रु १५८। –	रु १४४। –	रु १०८। –
८०	रु ४००।–	रु १९२। –	रु १५४। –	रु १४०। –	रु १२८। –	रु ९६।–
७०	रु ३५०।–	रु १६८। –	रु १३६। –	रु १२४। –	रु ११२। –	रु ८४।–
६०	रु ३००।–	रु १४४। –	रु ११६। –	रु १०६। –	रु ९६।–	रु ७२।–
५०	रु २५०।–	रु १२०। –	रु ९६।–	रु ८८।–	रु ८०।–	रु ६०।–
४०	रु २००।–	रु ९६।–	रु ७८।–	रु ७०।–	रु ६४।–	रु ४८।–
३०	रु १५०। –	रु ७२।–	रु ५८।–	रु ५४।–	रु ४८।–	रु ३६।–
२०	रु १००। –	रु ४८।–	रु ४०।–	रु ३६।–	रु ३२।–	रु २४।–

(४) यस नियममा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारी आतङ्ककारीबाट भएको आक्रमण वा विष्फोटनबाट वा आतङ्ककारी विरुद्धको प्रहरी कारावाहीमा खटिइरहेको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट प्रहरी सेवाका निमित्त काम गर्न अशक्त भएमा त्यस्तो प्रहरी कर्मचारीलाई प्रहरी सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाँघ्ने गरी ७ वर्षसम्म खाइपाई आएको पूरा तलब पाउनेछ र उक्त पूरा तलब पाउने अवधि व्यतीत भएपछि निवृत्तिभरण पाक्ने अवधि भन्दा कम सेवा अवधि भएको प्रहरी कर्मचारीले निवृतिभरण पाकेको अवधिसरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा बढी सेवाअवधि भएका प्रहरी कर्मचारीले सोहीबमोजिम निवृत्तिभरण पाउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायबमोजिमका समितिहरू रहनेछन् :

(क) राजपत्राङ्कित प्रहरी कर्मचारीको हकमा :

(१) प्रतिनिधि, गृहमन्त्रालय – अध्यक्ष

(२) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(३) प्रतिनिधि, प्रहरी प्रधान कार्यालय – सदस्य

(४) चिकित्सक प्रतिनिधि, वीरेन्द्र प्रहरी अस्पताल – सदस्य

(ख) काठमाडौं उपत्यका स्थित कार्यालयहरूमा कार्यरत राजपत्र अनंकित प्रहरी कर्मचारीका हकमा,

(१) प्रमुख जिल्ला अधिकारी, काठमाडौं – अध्यक्ष

(२) प्रतिनिधि उपत्यका प्रहरी कार्यालय – सदस्य

(३) प्रतिनिधि, क्षेत्रीय कोष निर्देशनालय मध्यमाञ्चल–सदस्य

(४) चिकित्सक प्रतिनिधि, वीरेन्द्र प्रहरी अस्पताल – सदस्य

(ग) काठमाडौं उपत्यका बाहिरका कार्यालयमा कार्यरत राजपत्रअनंकित प्रहरी कर्मचारीका हकमा :

(१) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी –अध्यक्ष

(२) सम्बन्धित कर्मचारी कार्यरत रहेको कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि –सदस्य

(३) प्रतिनिधि, सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय –सदस्य

(४) चिकित्सक प्रतिनिधि, सम्बन्धित जिल्लाको अस्पताल वा स्वास्थ्य केन्द्र –सदस्य

(६) उपनियम ५ बमोजिम गठित समितीलाई कुनै प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदां दुर्घटना वा दैवी विपत्ति वा आक्रमण वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

होइन भन्ने र अशक्तताको सम्वन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ ।

१०५. अशक्तवृत्तिको अङ्क निर्धारण : अशक्तवृत्ति पाउने हुँदा प्रहरी कर्मचारी कुनै माथिल्लो पदमा कायम मुकायम वा कार्यवाहक भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र असक्त भएपछि सेवाबाट हट्दासम्म बढुवा पाइसकेको रहेछ भने सो बढुवा पाएको पदको आधारबाट निजले पाउने अशक्तवृक्तिको अङ्क निर्धारण गरिनेछ ।

१०६. निवृत्तिभरण सम्बन्धी कार्यविधि :

(१) उमेरको हद वा सेवाअवधि पुगेको कारणबाट निवृत्तिभरण पाउने कर्मचारीले अवकाश लिने मितिभन्दा ६ महिना अघि तोकिएको फारम भरी अख्तियारवाला कहां पठाउनुपर्दछ । प्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारले प्राप्त गर्ने निवृत्तिभरणको निमित्त दर्खास्त कर्मचारीको मृत्यु भएको ६ महिनाभित्र अख्तियारवाला कहां पठाउनुपर्नेछ ।

(२) अशक्तवृत्तिको निमित्त नेपाल सरकारले तोकेको ढाचाबमोजिमको अशक्तताको प्रमाणपत्रमा नेपाल सरकारले तोकेको अधिकारीले दस्तखत गर्नेछ ।

१०७. असाधारण पारिवारीक वृत्ति र उपदान :

(१) कुनै प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदां तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि मृतक प्रहरी कर्मचारीको सवभन्दा नजिकको हकवालाले त्यस्तो प्रहरी कर्मचारीले खाइपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण पाउने र त्यस्तो हकवालालाई देहायबमोजिम असाधारण पारिवारिक उपदानसमेत दिइनेछ :

(क) १० वर्षसम्मको सेवाअवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको ६ महिनाको तलब वरावरको रकम ।

(ख) १० वर्षदेखि २० वर्ष सम्मको सेवाअवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको ९ महिनाको तलब बराबरको रकम ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) २० वर्षभन्दा जतिसुकै सेवाअवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको १ वर्षको तलब बराबरको रकम ।

(२) हतियारवन्द कुनै प्रहरी कर्मचारी मुठमभेडमा परी मृत्यु भएमा निजको सेवाअवधि जतिसुकै वर्ष भए तापनि त्यस्तो प्रहरी कर्मचारीको सवभन्दा नजिकको हकवालाले निजले खाईपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण पाउनेछ र त्यस्तो हकवालालाई देहायबमोजिम असाधारण पारिवारिक उपदानसमेत दिइनेछ :

(क) १० वर्षसम्मको सेवाअवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको १ वर्षको तलब बराबरको रकम ।

(ख) १० वर्षदेखि २० वर्षसम्मको सेवाअवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको १८ महिनाको तलब बराबरको रकम ।

(ग) २० वर्षभन्दा जतिसुकै सेवाअवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको २ वर्षको तलब बराबरको रकम ।

(३) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) र (२) बमोजिम पाउने असाधारण निवृत्तिभरणको प्रयोजनको निमित्त हकवाला भन्नाले मृतक प्रहरी कर्मचारीको पत्नी, नाबालक, छोरा, अविवाहिता छोरी र आश्रित बाबु, आमालाई मात्र जनाउनेछ ।

(४) उपनियम (१) र (२) बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक प्रहरी कर्मचारीको पत्नी वा बाबु आमा भए आजीवन र छोरा र छोरी भए २१ वर्षको उमेर पूरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(५) मृतक महिला प्रहरी कर्मचारीको विधुर पतिका हकमा नेपाल सरकारले उचित र न्यायसङ्गत तारिकाबाट कार्बाही गर्न सक्नेछ ।

१०८. असाधारण पारिवारिक वृत्तिको अङ्क निर्धारण : कुनै प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदा तत्काल मृत्यु भएमा त्यस्तो प्रहरी कर्मचारी कुनै माथिल्लो पदमा कायम मुकायम र कार्यवाहक भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र तत्काल मृत्यु नभएमा सो घटना घटेको मितिदेखि मृत्यु भएको मितिसम्ममा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

बढुवा पाइसकेको रहेछ भने सो बढुवा भएको पदको आधारमा असाधारण पारिवारिक वृत्तिको अङ्क निर्धारण गरिनेछ ।

१०९. सन्ततिवृत्ति र शैक्षिक भत्ता :

(१) कुनै प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई देहायको दरले मासिक सन्ततिवृत्ति दिइनेछ :

कर्मचारीको श्रेणी	आमा, बाबु कुनै जीवित	आमा, बाबु मध्ये कुनै एक जीवित
	नहुने सन्तति	हुने सन्तति
(क) राजपत्राङ्कित	रु ३००। –	रु २६०।–
(ख) राजपत्र अनंकित	रु १४०। –	रु १२४। –
(ग) प्रहरी हवल्दार र प्रहरी जवान	रु १२८। –	रु ११६। –
(घ) प्रहरी परिचर	रु १२०। –	रु ११२। –

(२) उपनियम (१) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले २१ वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेको वा विवाह गरेकोमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(३) प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई १८ वर्षको उमेर नपुगुन्जेलसम्म उपनियम (१) बमोजिमको सन्तति वृत्तिको अत्तिरिक्त देहायको वार्षिक शैक्षिक भत्ता पनि दिइनेछ :

(क) राजपत्राङ्कित प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई रु १,२००। –

(ख) राजपत्र अनंकित प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई रु ८००।–

(ग) प्रहरी हवल्दार प्रहरी जवानको प्रत्येक सन्ततिलाई रु ४००।–

(घ) प्रहरी परिचरको प्रत्येक सन्ततिलाई रु ३००।–

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि सन्तति भन्नाले मृतक वा अशक्त प्रहरी कर्मचारीको छोरा तथा छोरी सम्झनुपर्दछ ।

११०. नोकरी अवधिको गणना :

(१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा नेपाली सेना वा प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि बीच टुटेको भए सो अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपनियम (१) अनुसार गणना गर्दा निलम्बनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

१११. उपचार खर्च :

(१) कुनै प्रहरी कर्मचारी बिरामी भएमा औषधी उपचारको लागि देहायबमोजिमको खर्चको रकम नेपाल सरकारले उपचार खर्च बापत दिनेछ :

(क) अस्पताल भर्ना भई वा नभई उपचार गराउदा लागेको अस्पतालको बिलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहितको प्रेस्क्रिप्सन बमोजिम खरिद गरेको औषधि खर्च ।

(ख) अस्पताल नभएको ठाऊमा वा अस्पताल भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारका निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुनु नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेण्टले जाचगर्दा लिएको शुल्क र रोगको निदानसहितको प्रेस्क्रिप्सन अनुसार खरिद गरेको औषधि खर्च ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाऊमा भएको उपचारमा कार्यालय प्रमुख, मातहतका प्रहरी कर्मचारीको हकमा कार्यालय प्रमुख कार्यालय प्रमुखका हकमा एक तहमाथिको कार्यालय प्रमुख र प्रहरी महानिरीषकको हकमा सम्बन्धित मन्त्रालयको सचिवले सिफारिस गरेको खर्च ।

(घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिलबमोजिमको खर्च ।

(ङ) आफ्नो घर वा डेरा छाडि अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खाना खर्चबापत निज बिरामी प्रहरी कर्मचारीले नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा राजपत्राङ्कित कर्मचारी भए १२ महिना बराबरको र राजपत्र अनंकित प्रहरी कर्मचारी मध्ये प्रहरी नायब निरीक्षक भए १८ महिना बराबरको र अन्य राजपत्र अनंकित प्रहरी कर्मचारी भए २१ महिना बराबरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

तर, सरकारी कामको सिलसिलमा चोटपटक लाग्न गई घायल भएको प्रहरी कर्मचारीको उपचार गर्न वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा नियुक्त मेडिकल वोर्डले सिफारिस गरेको प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अत्तिरिक्त नेपाल सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(३) यस नियमबमोजिम पाउने उपचार खर्च कुनै प्रहरी कर्मचारीले पेस्कीको रूपमा लिन चाहेमा कारण मनासिब देखिए उपनियम (२) को अधीनमा रहि पछि हिसाब बुझाउने गरी पेस्की दिन सकिनेछ र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

त्यसरी पेस्की लिएको रकम सम्बन्धित प्रहरी कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ ।

तर त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित प्रहरी कर्मचारीको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(४) चश्मा, दांत, हेरिङ्एड आदि उपकरणको लागि प्रहरी कर्मचारीलाई नेपाल सरकारले समय समयमा आदेश जारी गरी तोकिएको हदसम्मको रकमको लागेको बिलबमोजिम खर्च दिइनेछ ।

(५) प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु, वा नाबालक छोरा छोरी बिरामीले यस नियमावली बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधारसम्म बिलबमोजिमको भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्बन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेस्क्रिप्सन पनि पेस गर्नुपर्नेछ । यस उपनियम बमोजिम पाउने उपचार खर्च एक पटकमा सम्बन्धित प्रहरी कर्मचारीको एक महिनाको तलबभन्दा बढी हुनेछैन ।

(६) कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोराछोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनुपर्दा अस्पतालमा लागेको बिलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्सन वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्सनबमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) बमोजिम प्रहरी कर्मचारीले पाउने रकममध्येबाट पाउनेछ ।

(७) उपनियम (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(८) यस नियम यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका प्रहरी कर्मचारीले एक पटकमा देहायको रकमभन्दा घटी खर्च भएको उपचार खर्च पाउनेछैन :

(१)	प्रहरी महानिरीक्षक	रु १७५। –
(२)	प्रहरी अतिक्ति महानिरीक्षक	रु १५०। –
(३)	प्रहरी नायब महानिरीक्षक	रु १३०। –
(४)	प्रहरी वरिष्ठ उपरीक्षक	रु १२०। –
(५)	प्रहरी उपरीक्षक	रु ८०।–
(६)	प्रहरी नायब उपरीक्षक	रु ८०।–
(७)	प्रहारी निरीक्षक	रु ७०।–
(८)	प्रहरी नायब निरीक्षक	रु ३० । –
(९)	प्रहरी सहायक निरीक्षक	रु २० । –
(१०)	प्रहरी हवल्दार	रु १५। –
(११)	प्रहरी जवान	रु १०। –
(१२)	प्रहरी परिचर	रु १० । –

(९) भुट्टा व्यहोरा पेस गरी नियमबमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने प्रहरी कर्मचारीउपर विभागीय कार्बाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत त्यस्तो प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

(१०) भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा नियम २ बमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाईको हिसाबले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

तर निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका प्रहरी कर्मचारीले त्यस्तो बाँकी भएजति पुरै रकम र पच्चीस वर्ष

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सेवाअवधि पूरा गरेको रहेछ भने त्यसमा अर्को १० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

(११) कुनै प्रहरी कर्मचारी दस वर्षको सेवाअवधि नपुग्दै भविष्यमा सरकारी नोकरीका निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दस वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उपनियम (१) अनुसार पाउने उपचार खर्च पाउनेछ ।

(१२) दस वर्ष सेवाअवधि नपुगेको कुनै प्रहरी कर्मचारीलाई औषधी उपचारको लागि खर्च दिँदा उपनियम (२) मा तोकिएको रकमलाई दस वर्ष नोकरी गरेबापत पाउने रकम मानी दामासाहीले हुन आउने रकममात्र दिइनेछ ।

तर उपनियम (१) को खण्ड (क) र (ख) को अवस्थामा निजले काम गरिसकेको अवधिको हिसाबबाट नपुग भएमा निजलाई उपनियम (२) मा तोकिएबमोजिमकै रकम दिन सकिनेछ ।

(१३) कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्ना निमित्त समेत गरेर एक वर्षमा निजले खाईपाई आएको डेढ महिनाको तलबबराबरको रकमभन्दा बढी उपचार खर्च दिइनेछैन :

(क) यस नियमबमोजिम विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनुपर्दा,

(ख) उपनियम (६) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१४) यस नियमबमोजिम प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले प्रहरी कर्मचारीको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ । साथै, त्यस्तो विवरण प्रहरी प्रधान कार्यालयमा पनि पठाउनुपर्नेछ र प्रहरी प्रधान कार्यालयले त्यसको अभिलेख अद्यावधिक बनाई राख्नुपर्नेछ ।

(१५) नेपाल सरकारले नेपालराजपत्रमा सूचना प्रकाशित गरी स्वास्थ्य उपचारको दृष्टिकोणले ज्यादै नै पिछडिएको भनी तोकिदिएको जिल्लाका प्रहरी कर्मचारीलाई लागेको रोग स्थानीय स्वास्थ्य सुविधाबाट उपचार हुन नसक्ने र निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेको छ भनी सो जिल्लाको स्वास्थ्य केन्द्रका प्रमुखले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सिफारिस गरेमा उपचारका लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको नेपालभित्रको अरू कुनै अस्पतालमा लैजाँदा लाग्ने खर्च नेपाल सरकारले बेहोर्नेछ ।

परिच्छेद –११

तलब, भत्ता

११२. तलब पाउने मिति : प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउनेछ ।

११३. टाइम स्केल :

(१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ ।

तर, अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नेपाल सरकारले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरूको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

(२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रूपमा बढुवा पाउने प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ ।

तर, निजले हाल पाइरहेको तलब उक्त उच्चतम टाइम स्केलको न्यूनतम तलब बराबरमात्र वा सोभन्दा अधिक भएमा निजको सुरु स्केल उक्त टाइम स्केलको त्यस स्थानमा तोकिनेछ । जोकि निजले हाल खाइराखेको तलबको अङ्कमा परेको स्केलभन्दा एक स्केल बढ्ता छ जस्तै : ५७०–१५–७२० को टाइम स्केलमा ७०५ तलब पाइरहेको प्रहरी कर्मचारीको बढुवा ६८५–२०–९०५ को टाइम स्केलमा भएमा निजको तलब यस टाइम स्केलमा ७२५ हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

११४. तलब वृद्धि : देहायका अवस्थामा बाहेक प्रत्येक प्रहरी कर्मचारीले एक वर्ष सेवा पूरा गरेपछि एउटा तलब वृद्धि पाउनेछ :

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का ।

तर, नियुक्ति सदर भएपछि प्रहरी कर्मचारीहरूको परीक्षण कालमा रहेको अवधिसमेत तलब वृद्धिका निमित्त जोडिनेछ ।

११५. कायम मुकायम भई काम गरेको तलब भत्ता : कुनै प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कामय मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउनेछ ।

११६. अवकाश पाउने कर्मचारीले पाउने तलब र राशन : प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ ।

तर, कार्यालयमा गैरहाजिर रही विभागीय कार्बाही सुरु गरिएको वा कार्बाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउनेछैन ।

परिच्छेद –१२

कायम मुकायम र कार्यवाहकको व्यवस्था

११७. कायम मुकायम मुकरर गर्न सक्ने :

(१) प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिनेछैन ।

तर, पद रिक्त रहेको अवस्थामा परी कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) यस नियम बमोजिम कायम मुकायम मुकरर गर्दा एक तहमुनिका कर्मचारीहरूमध्ये बढुवाको लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) कुनै प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

११८. कायम मुकायम मुकरर गर्ने अधिकारी : देहायको पदहरूमा देहायका अधिकारीले कायम मुकायम मुकरर गर्नेछ :

(क) प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायब महानिरीक्षक पदका निमित्त नेपाल सरकारले,

(ख) प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक पदको निमित्त गृहमन्त्रालयको स्वीकृति लिई प्रहरी महानिरीक्षकले र

(ग) प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदका लागि प्रहरी महानिरीक्षकको स्वीकृति लिई प्रहरी नायब महानिरीक्षकले ।

११९. कार्यवाहक भई काम गर्ने व्यवस्था :

(१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिका लागि रिक्त भएमा र सो पदमा कायम मुकायम नतोकिएको अवस्थामा एक तहमाथिको कार्यालय प्रमुखले सो पदको कार्यवाहक भई कामकाज गर्न सो रिक्त पदभन्दा एक तहमुनिको कुनै प्रहरी कर्मचारीलाई तोक्न सक्नेछ । त्यसरी कार्यवाहक तोक्दा त्यसको सूचना प्रहरी प्रधान कार्यालयमा दिनुपर्नेछ ।

तर, साधारणतया प्रहरी सहायक निरीक्षक पदभन्दा मुनिको पदमा कार्यवाहक तोकिनेछैन ।

(२) उपनियम (१) बमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिनेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

१२०. निमित्त भई काम गर्ने व्यवस्था :

(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाँघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ ।

१२१. एक पदमा एक व्यक्तिमात्र कायम मुकायम वा कार्यवाहक हुने : कुनै एक पदमा एक समयमा एकभन्दा बढी व्यक्ति कायम मुकायम मुकरर हुन सक्नेछैन ।

१२२. काम गरेको अवधिको तलब भत्ता :

(१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन पाउनेछ ।

तर, पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरेबापत कुनै किसिमको तलब भत्ता र रासन दिइनेछैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकामा पुरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेबापत तलब भत्ता र राशन दिइनेछ ।

(२) उपनियम (१) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ताको अङ्क निजले सो पदमा बढुवा पाएमा पाउने तलब भत्ताको अङ्कभन्दा बढी हुनेछैन ।

(३) उपनियम (१) बमोजिम तलब भत्ता अनुपस्थित प्रहरी कर्मचारीले जुन कार्यालयबाट खाईपाई आएको थियो सोही कार्यालयबाट दिइनेछ ।

परिच्छेद –१३

तालिम

१२३. तालिमको व्यवस्था : प्रहरी कर्मचारीलाई कार्यकुशल एवम् दक्ष तुल्याउन अनुसूची– ४ मा उल्लेख भएका तालिमहरूका अतिरिक्त प्रहरी प्रधान कार्यालयले तोकेबमोजिमको आवश्यकतानुसार अन्य तालिमहरू पनि दिन सकिनेछ ।

१२४. तालिम सञ्चालन हुने स्थान :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) अधिकृतस्तरका सबै तालिमहरू राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुनेछन् ।

(२) उपनियम (१) मा उल्लेख भएकाबाहेक अन्य तालिमहरू प्रहरी प्रधान कार्यालयले तोकिदिएको स्थानहरूमा सञ्चालन हुनेछन् ।

१२५. तालिमको अवधि : प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरूको तालिमको अवधि प्रहरी प्रधान कार्यालयले आवश्यकतानुसार तोकेको पाठ्यक्रमको अवधिअनुसार हुनेछ ।

१२६. तालिमको अनिवार्यता :

(१) प्रहरी सेवामा रहेका सबै प्रहरी कर्मचारीहरूलाई आवश्यकतानुसार तालिम अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको प्रहरी कर्मचारीहरूले लापर्वाही देखाई आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइसकेपछि निजहरूलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

१२७. तालिमको पाठ्यक्रम : विभिन्न तालिमहरूको पाठ्यक्रम तयार गर्न प्रहरी महानिरीक्षकले तोकिदिएबमोजिम एक समितिको गठन हुनेछ ।

१२८. चरित्रको अभिलेख : तालिम अवधिभित्र प्रशिक्षार्थीहरूको आचरण र चरित्रसम्बन्धी अभिलेख राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र क्षेत्रीय प्रहरी तालिम केन्द्रका समादेशकले तालिम समाप्त भएपछि प्रशिक्षार्थीहरूको ठेकिएको कार्यालयमा पठाउनेछ र प्रशिक्षार्थी अधिकृत दर्जाको भए त्यसको एक प्रति प्रधान कार्यालयमा समेत पठाउनुपर्नेछ ।

१२९. प्रशिक्षार्थीहरूले पाउने सुविधा :

(१) प्रशिक्षार्थीहरूलाई तालिम लिन आउँदाजाँदाको दैनिक भ्रमण भत्ता प्रचलित प्रहरी नियमअनुसार ठेकिएको कार्यालयबाट दिइनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) रासन पाउने प्रहरी कर्मचारीहरूलाई राष्ट्रिय प्रहरी प्रतिष्ठान र क्षेत्रीय प्रहरी तालिम केन्द्रबाट नै प्रचलित स्केलबमोजिमको रासन र भत्ता प्रशिक्षार्थीले पाउनेछन् ।

(३) प्रशिक्षार्थी तीन महिनासम्मको तालिममा जाँदा सो अवधिभरको तलब भत्ता ठेकिएको कार्यालयबाट एकमुष्ट पेस्की दिने र तीन महिनाभन्दा बढी अवधिको तालिममा जाँदा तीन महिनाको एकमुष्ट पेस्की दिई बाँकी अवधिका लागि पटकपटक गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र क्षेत्रीय प्रहरी तालिम केन्द्रमार्फत पाउने गरी पठाइनेछ ।

१३०. परीक्षा सञ्चालन :

(१) यस नियमावलीबमोजिम दिइएको तालिम समाप्त भएपछि परीक्षा लिनका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान भए प्रहरी महानिरीक्षकले र क्षेत्रीय प्रहरी तालिम केन्द्रमा भए प्रहरी नायब महानिरीक्षकले परीक्षा सञ्चालन समिति गठन गर्नेछन् ।

(२) उपनियम (१) बमोजिम गठित समितिलाई परीक्षा सञ्चालनसम्बन्धी सम्पूर्ण अधिकार हुनेछ ।

(३) समितिले तालिम केन्द्रका अधिकृतहरूलाई जुनसुकै इलाकामा गई परीक्षा लिनका लागि खटाउन सक्नेछ ।

१३१. प्रमाणपत्र र पुरस्कार :

(१) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुने तालिममा सफल हुने परीक्षार्थीहरूलाई दिइने प्रमाणपत्रमा प्रहरी महानिरीक्षक तथा प्रतिष्ठानका समादेशक र क्षेत्रीय प्रहरी तालिम केन्द्रमा सञ्चालन हुने तालिमको प्रमाणपत्रमा प्रहरी नायब महानिरीक्षक तथा सम्बन्धित तालिम केन्द्रका समादेशकको हस्ताक्षर हुनेछ ।

(२) प्रत्येक तालिममा प्रथम स्थान प्रांप्त गर्ने प्रशिक्षार्थीहरूलाई पुरस्कार दिइनेछ ।

१३२. तालिममा सफल भएमा : देहायका तालिममा सफल हुने प्रहरी कर्मचारीहरूको हकमा देहायबमोजिम हुनेछ :

(क) प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरू स्थायी नियुक्तिको लागि सामान्यतया योग्य हुनेछन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरू प्रहरी जवानहरूमा स्थायी नियुक्तिको लागि योग्य हुनेछन् ।

१३३. तालिममा असफल भएमा : देहायबमोजिमको तालिममा असफल हुने प्रहरी कर्मचारीहरूको हकमा देहायबमोजिम हुनेछ :

(क) प्रहरी अधिकृत (आधारभूत) तालिममा असफल हुनेलाई एकपटक पुनः मौका दिइनेछ र त्यसमा पनि असफल भएमा सेवाबाट हटाइनेछ ।

(ख) रिक्रुट तालिममा असफल हुने रिक्रुट स्वतः हट्नेछ ।

(ग) प्राविधिक तालिममा असफल हुने सबै प्रहरी कर्मचारीहरूलाई अभिलेखमा जनाई पुनः एकपटक मौका दिई त्यस तालिममा पनि असफल भएमा सेवाबाट हटाइनेछ ।

१३४. समिति गठन हुने : नियम १३२ र १३३ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रहरी महानिरीक्षकले तोकेबमोजिमका अधिकृतहरू भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहरबमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

१३५. प्रारम्भिक पोसाक :

(१) सबै तालिम केन्द्रहरूका नयाँ भर्ना हुने अधिकृत तथा जवानहरूलाई तालिम केन्द्रबाट स्केलबमोजिम प्रारम्भिक पोसाक वितरण गरिनेछ ।

(२) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा नयाँ भर्ना हुने प्रशिक्षार्थीहरूको लागि चाहिने प्रारम्भिक पोसाक राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले दिनेछ ।

(३) क्षेत्रीय प्रहरी तालिम केन्द्रहरूमा नयाँ भर्ना हुने प्रशिक्षार्थीहरूको लागि चाहिने प्रारम्भिक पोसाक क्षेत्रीय प्रहरी कार्यालयमार्फत प्रबन्ध गरिनेछ ।

१३६. तालिममा सामेल गराउने सङ्ख्या : प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा बाधा नपर्ने गरी प्रहरी महानिरीक्षक वा प्रहरी नायब महानिरीक्षकले तालिम लिने प्रहरी अधिकृत कर्मचारीहरू तोक्नेछन् ।

१३७. रिक्रुटको सङ्ख्या : क्षेत्रीय प्रहरी तालिम केन्द्रहरूमा प्रत्येक वर्ष रिक्रुट हुने जवानहरूको सङ्ख्या प्रहरी नायब महानिरीक्षकले निर्धारित गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१३८. प्रशिक्षण भत्ता : क्षेत्रीय प्रहरी तालिम केन्द्र र सशस्त्र प्रहरी तालिम केन्द्रहरूको प्रशिक्षकहरूलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरूले पाएसरह प्रशिक्षण भत्ता दिइनेछ ।

१३९. अतिथी प्रशिक्षकहरूको पारिश्रमिक : राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा प्रवचन दिने स्वदेशी वा विदेशी अतिथी प्रशिक्षकहरू प्रत्येक प्रवचनको लागि तीन सय रुपैयाँ तथा क्षेत्रीय प्रहरी तालिम केन्द्र र सशस्त्र प्रहरी तालिम केन्द्रमा प्रवचन दिने प्रशिक्षकलाई प्रत्येक प्रवचनको लागि दुई सय रुपैयाँमा नबढाई पारिश्रमिक दिइनेछ ।

१४०. तालिम भत्ता : रिक्रुट तालिमबाहेक सबै तालिमका प्रशिक्षार्थीहरूलाई तालिमको अवधिमा मासिक दुई सय रुपैयाँमा नबढाई तालिम भत्ता दिइनेछ ।

१४१. वैदेशिक तालिममा :

(१) प्रहरी निरीक्षकदेखि माथिका प्रहरी अधिकृतलाई वैदेशिक तालिमको लागि मनोनयन गर्दा जेष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन, चरित्र र क्षमताका आधारमा प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षकको अध्यक्षतामा सोही कार्यालयका प्रहरी नायब महानिरीकक्षहरू र गृहमन्त्रालयको प्रतिनिधिसमेत रहेको समितिले सम्भाव्य उम्मेदवारहरू छनौट गरी मनोनयका लागि प्रहरी महानिरीक्षक समक्ष पेस गर्नेछ । यसरी सिफारिस भएका उम्मेदवारको स्वीकृतिका लागि प्रहरी महानिरीक्षकले नेपाल सरकारसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार तालिम लिएका पठाउने : प्रहरी अधिकृतहरूलाई सम्बन्धित क्षेत्रमा कम्तीमा एक वर्ष काम लगाउनुपर्नेछ ।

१४२. आन्तरिक तालिम : एकैपटक नियुक्ति भएका वा बढुवा भएका प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

परिच्छेद – १४

पोसाक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१४३. प्रहरी पोसाक : प्रहरीको पोसाकको रङ र किसिम र अन्य विवरण प्रहरी महानिरीक्षकले गृहमन्त्रालायको स्वीकृति लिई निर्धारण गरेबमोजिम हुनेछ ।

१४४. प्रारम्भिक पोसाक र सामान : प्रत्येक प्रहरी कर्मचारीलाई अनुसूची– ७ मा उल्लेख भएबमोजिमको प्रारम्भिक पोसाक र सामान निःशुल्क दिइनेछ ।

१४५. जाडो मौसमको लागि दिइने पोसाक : प्रत्येक प्रहरी कर्मचारीलाई जाडो मौसमका लागि अनुसूची– ८ मा उल्लेख भएबमोजिमको पोसाक निःशुल्क दिइनेछ ।

१४६. ट्राफिक प्रहरीलाई दिइने पोसाक : ट्राफिक प्रहरीलाई अनुसूची– ९ मा उल्लेख भएबमोजिमको पोसाक दिइनेछ ।

१४७. सशस्त्र प्रहरी, सुरक्षा प्रहरी, प्रहरी चेकपोस्टको प्रहरी कर्मचारी तथा परिचरलाई दिइने सामान तथा पोसाक : सशस्त्र प्रहरी र सुरक्षा प्रहरी, प्रहरी चेकपोस्टका प्रहरी कर्मचारीहरूलाई अनुसूची– १० बमोजिमको र प्रहरी परिचरलाई अनुसूची– ११ बमोजिमको सामान तथा पोसाक दिइनेछ ।

१४८. सेरीमोनियल पोसाक : प्रत्येक राजपत्राङ्कित प्रहरी कर्मचारीलाई सेरीमोनियल पोसाकका लागि एकमुष्ट एक हजार रुपैयाँ दिइनेछ ।

१४९. तयारी पोसाक वितरण गर्न नसकिएमा दिने सुविधा : प्रहरी कर्मचारीलाई अनुसूचीमा उल्लेख भएबमोजिमको तयारी पोसाक वितरण गर्न नसकिएका अवस्थामा स्थानीय दररेटबमोजिम सिलाई ज्याला दिइनेछ ।

१५०. प्रहरी पोसाक सट्टाभर्ना : प्रहरी कर्मचारीहरूलाई निजहरूको मालसामान र पोसाक निश्चित अवधि पुगी वा सरकारी काम विशेषले फाटी टुटी गएमा कन्डम्नेसन समितिले ठहऱ्याएबमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

१५१. कन्डम्नेसन समिति :

(१) प्रहरी सेवाका कर्मचारीहरूको प्रयोजनको लागि वितरण गरिने मालसामान तथा पोसाकहरू फाटी, टुटी गएमा बदली दिनुपर्ने हुँदा त्यस्तो मालसामानहरू समय पुगी मनासिब कारणले फाटे, टुटेको ठीक साँचो हो, होइन ठहर गर्न प्रहरी प्रधान कार्यालयले एक कन्डम्नेसन समितिको गठन गर्नेछ । सो समितिले जाँची ठहर गरी पेस गरेको प्रतिवेदनका आधारमा प्रहरी प्रधान कार्यालयले र क्षेत्रीय भण्डारले सट्टा भर्ना गरी दिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) कन्डम्नेसन समितिमा कम्तीमा तीन जना सदस्य रहनेछन् । समितिको अध्यक्ष पदमा प्रहरी सेवाको एक जना राजपत्राङ्कित अधिकृत हुनेछ ।

(३) प्रहरी प्रधान कार्यालयले केन्द्रीय कन्डम्नेसन समितिले गरी आएको काम गर्ने क्षेत्रीय वा अन्य कुनै प्रहरी कार्यालयलाई सुम्पन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको कामको सम्बन्धमा क्षेत्रीय वा अन्य कुनै प्रहरी कार्यालयले गरेको प्रतिवेदनको आधारमा प्रहरी प्रधान कार्यालयले अन्तिम निर्णय दिनेछ ।

(५) नियम १५२ बमोजिम कन्डम्नेसन समितिले गर्नुपर्ने कामबाहेक त्यसको अन्य काम कर्तव्यबारे प्रहरी प्रधान कार्यालयले गृहमन्त्रालयको स्वीकृति लिई व्यवस्था गर्न सक्नेछ ।

१५२. कन्डम्नेसन समितिको काम : कन्डम्नेसन समितिले जाँची ठहर गरिने मालसामानहरू देहायबमोजिम हुनेछन् :

(क) हिमाली प्रदेशमा रहेका प्रहरीका लागि वितरण भएको गरम लत्ताकपडा पोसाक र अन्य माल सामानहरू,

(ख) ग्रेटकोट,

(ग) वर्षादी,

(घ) झुल,

(ङ) व्यक्तिगत असवाव,

(च) जाडो मौसममा वितरण गरिने पोसाकहरू,

(छं) युनिट इक्विपमेन्ट,

(ज) पकाउने भाँडाहरू,

(झ) हातहतियार गोलीगठ्ठा,

(ञ) खेलकुद र शारीरिक व्यायामका सामानहरू,

(ट) फर्निचर,

(ठ) सवारी साधन,

(ड) आकाशवाणीको सामान र

(ढ) बाजाका सरसामानहरू ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – १५

विविध

१५३. वैयक्तिक नोकरी विवरण :

(१) प्रहरी नायब निरीक्षकदेखि प्रहरी महानिरीक्षकसम्मको वैयक्तिक नोकरी विवरणको अभिलेख गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयमा तथा प्रहरी सहायक निरीक्षकदेखि प्रहरी जवानसम्मको वैयक्तिक नोकरी विवरणको अभिलेख सम्बन्धित कार्यालयमा राखिनेछ ।

(२) उपनियम (१) बमोजिम वैयक्तिक नोकरीको विवरण अनुसूची– १२ मा उल्लेख गरिएका फारमहरूमा अभिलेख गरिनेछ ।

१५४. सुपरीवेक्षक, अवलोकनकर्ता र पुनरावलोकनकर्ता : कार्यसम्पादन वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्ड्याङ्कन देहायका प्रहरी कर्मचारीका निमित्त देहायका सुपरीवेक्षक, अवलोकनकर्ता र पुनरावलोकन कर्ताद्वारा हुनेछ :

सि.न.	पद	सुपरीवेक्षक	अवलोकनकर्ता	पुनरावलोकनकर्ता
१	प्रहरी महानिरीक्षक	सचिव, गृहमन्त्रालय	नेपाल सरकार	नेपाल सरकार
२	प्रहरी अतिरिक्त महानिरीक्षक	प्रहरी महानिरीक्षक	प्रहरी महानिरीक्षक	सचिव गृहमन्त्रालय
३	प्रहरी नायब महानिरीक्षक	प्रहरी अतिरिक्त महानिरीक्षक	प्रहरी महानिरीक्षक	सचिव गृहमन्त्रालय
४	प्रहरी वरिष्ठ उपरीक्षक	सम्बन्धित प्रहरी नायब महानिरीक्षक	प्रहरी अतिरिक्त महानिरीक्षक	प्रहरी महानिरीक्षक
५	प्रहरी उपरीक्षक	सम्बन्धित प्रहरी वरिष्ठ उपरीक्षक	सम्बन्धित प्रहरी नायब महानिरीक्षक	प्रहरी महानिरीक्षक
६	प्रहरी नायब उपरीक्षक	सम्बन्धित प्रहरी उपरीक्षक	सम्बन्धित प्रहरी नायब महानिरीक्षक	प्रहरी महानिरीक्षक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७	प्रहरी निरीक्षक	सम्बन्धित प्रहरी नायब उपरीक्षक	सम्बन्धित प्रहरी उपरीक्षक	सम्बन्धित प्रहरी वरिष्ठ उपरीक्षक
८	प्रहरी नायब निरीक्षक	सम्बन्धित प्रहरी निरीक्षक	सम्बन्धित प्रहरी नायब उपरीक्षक	सम्बन्धित प्रहरी उपरीक्षक
९	प्रहरी सहायक निरीक्षक	सम्बन्धित प्रहरी नायब निरीक्षक	सम्बन्धित प्रहरी निरीक्षक	सम्बन्धित प्रहरी नायब उपरीक्षक
१०	प्रहरी हवल्दार	सम्बन्धित प्रहरी सहायक निरीक्षक	सम्बन्धित प्रहरी निरीक्षक	सम्बन्धित प्रहरी नायब उपरीक्षक
११	प्रहरी जवान	सम्बन्धित प्रहरी सहायक निरीक्षक	सम्बन्धित प्रहरी नायब निरीक्षक	प्रहरी निरीक्षक

१५५. लगत किताब खडा गर्ने : कुनै पनि प्रहरी कार्यालयमा नगदी एक, जिन्सीको एक र कागजपत्रको एक गरी कुल तीन लगत किताब खडा गरी राखिनेछ र हाल साविक हुँदा सोही किताबका आधारमा बरबुझारथ गरिनेछ ।

१५६. साविक र हालवालाको बरबुझारथ : प्रहरी चौकी, इलाका प्रहरी कार्यालयदेखि लिएर प्रहरी प्रधान कार्यालयसम्मको इञ्चार्जवालाको जिम्मामा रहेको नगदी, जिन्सी, हातहतियार, कागजात इत्यादि जेजति छ त्यो सबै साविकवालाले हालवालालाई बुझाउनुपर्दा देहायबमोजिम गर्नुपर्नेछ :

(क) हालवालाले बहाली गर्ने दिनको सूचना साविकवालालाई सकेसम्म चाँडो दिनुपर्नेछ र साविकवालाले पनि त्यही दिनदेखि जिम्मा बुझाउन तयार रहनुपर्नेछ ।

(ख) बुझबुझारथ गर्न चाहिने आवश्यक समय प्रहरी महानिरीक्षकका निमित्त नेपाल सरकारले तोकेबमोजिम र अरू प्रहरी कर्मचारीका हकमा सामान्यतया १५ दिनभित्र बुझबुझारथ गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) मा तोकिएको समयभित्र कुनै विशेष कारण परी बुझबुझारथ गर्न नभ्याएमा एक्काईस दिनमा नबढ्ने गरी एक तहमाथिको तालुक कार्यालयले समय थप्न सक्नेछ ।

१५७. किताबखानालाई जनाउ दिने : नयाँ नियुक्तको हकमा नियुक्ति गर्ने अधिकारीले र सो नियमावलीबमोजिम सरुवा गर्ने अधिकारीले यस्तो

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नियुक्तिको वा सरुवाको सूचना सोझै किताबखानामा पठाई आफूभन्दा एक तहमाथिल्लो अधिकृत र प्रहरी प्रधान कार्यालयमा त्यसको बोधार्थ दिनुपर्नेछ ।

१५८. पाँच वर्षसम्म नोकरी छाड्न नपाउने : कुनै पनि प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छाड्न पाउनेछैन ।

तर, कुनै प्रहरी कर्मचारीलाई मनासिव माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली अख्तियारवालासमक्ष निवेदन गर्नुपर्नेछ र अख्तियारवालाले मानासिब सम्झेमा प्रहरी कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ ।

१५९. तह नाघ्न नहुने : कुनै पनि प्रहरी कर्मचारीले कुनै विषयको लेखापढी गर्दा साधारणतया तह नाघ्न हुँदैन ।

१६०. विभिन्न फारमहरू प्रचलनमा ल्याउने : प्रहरी सङ्गठनको दैनिक कारोबारहरू सुचारु रूपले सञ्चालन गर्न देहायबमोजिमका फारमहरू प्रहरी प्रधान कार्यालयद्वारा प्रचलनमा ल्याइनेछन् :

(क) रासनलगायत सबै मालसामान झिक्ने, वितरण गर्ने, आम्दानी खर्चको लगत राख्ने फारमहरू,

(ख) आखिरी रासन खाएको प्रमाणपत्र (एल.आर.सी.) फारम,

(ग) अपराध र कसुर सम्बन्धी अभियोगपत्र फारम,

(घ) खाना तथा पालो खटिने फारम,

(ङ) गारद पालो फारम,

(च) कार्यालय बुझबुझारथ फारम,

(छ) प्रहरी हवल्दार र प्रहरी जवानको वैयक्तिक नोकरी विवरण फारम,

(ज) नेपाल सरकारद्वारा तोकिएको अन्य फारम ।

१६१. विभागीय आदेश र निर्देशन : ऐन र यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा प्रहरी प्रधान कार्यालयले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ । यसरी जारी गरिएको महत्वपूर्ण आदेश र निर्देशनको बोधार्थ गृहमन्त्रालयमा पठाउनुपर्नेछ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) तल्लो स्तरको प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय,

(ग) मातहत कार्यालयहरूको कार्य समन्वय कायम ल्याउने विषय,

(घ) नियममा उल्लेख भएका कुराहरू स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासनसम्बन्धी व्यवस्था,

(च) प्रहरी क्याम्प ब्यारेक र कार्यालयसम्बन्धी व्यवस्था,

(छ) प्रहरी क्वाटर, गार्ड तथा पालेसम्बन्धी व्यवस्था,

(ज) अन्य सशस्त्र प्रहरी गारदसम्बन्धी व्यवस्था,

(झ) कैद थुनुवा तथा तहबिल लाने ल्याउनेसम्बन्धी व्यवस्था,

(ञ) रमन, गस्ती पोसाकसम्बन्धी व्यवस्था ।

१६२. पुरस्कार : देहायका पदाधिकारीहरूले आफ्नो र आफ्ना मातहत कार्यालयका प्रहरी कर्मचारीहरूले आफ्नो कर्तव्यपालनको सिलसिलमा प्रशंसनीय काम गरेमा त्यस्तो प्रहरी कर्मचारीहरूलाई पुरस्कार स्वरूप देहायबमोजिम ग्रेड थप वा एक मुष्ट रकम दिन सक्नेछन् :

(क) प्रहरी महानिरीक्षकले पाँच ग्रेडसम्म थप वा पन्ध्रसय रुपैयाँसम्म ।

(ख) कार्यालय प्रमुखको रूपमा रहेको प्रहरी उपरीक्षक र सोदेखि माथिका प्रहरी अतिरिक्त महानिरीक्षकले तीन ग्रेडसम्म थप वा एक हजार रुपैयाँसम्म ।

(ग) कार्यालय प्रमुखको रूपमा रहेको प्रहरी निरीक्षक र प्रहरी नायब उपरीक्षकले दुई ग्रेडसम्म थप वा पाँचसय रुपैयाँसम्म ।

१६३. रासन सुविधा : प्रहरी परिचरलगायत सबै प्रहरी कर्मचारीलाई रासन सुविधा दिइनेछ ।

१६४. दसैँ खर्च पाउने : प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिनअगाडि दसैँ खर्चका रूपमा पाउनेछ । दसैँ खर्च दिँदा बडा दसैँभन्दा अघिल्लो महिना भुक्तान नभइसके तापनि अघिल्लो महिनाको तलबसमेत खर्च लेखिदिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१६५. सिटरोल राख्ने :

(१) नियुक्ति गर्ने अधिकारीले प्रत्येक प्रहरी कर्मचारीको दुई प्रति सिटरोल खडा गराउनुपर्दछ ।

(२) उपनियम (१) बमोजिम खडा गरिएको सिटरोल एक प्रति किताबखानामा पठाउनुपर्नेछ । अर्को प्रति सो कर्मचारी बहाल रहेको कार्यालयमा राख्न लगाउनुपर्दछ र यसरी राखिएको प्रति सो कर्मचारी अन्यत्र सरुवा भएमा सोही कार्यालयमा पठाउनुपर्दछ ।

१६६. कर्मचारी सञ्चयकोष : प्रत्येक प्रहरी कर्मचारीको महिनामहिनाको तलबबाट सयकडा दस प्रतिशतका दरले कट्टी गरिएको रकममा शतप्रतिशत थपसमेत दिई नेपाल सरकारले कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ ।

१६७. नोकरी पाउन नसक्नेको अभिलेख राख्ने :

(१) कुनै प्रहरी कर्मचारी फेरि प्रहरी सेवा वा पदमा नियुक्ति हुन नसक्ने गरी नोकरीबाट हटाइएकोमा यसरी हटाउने आदेश दिने अधिकारीले सो हटाएको प्रहरी कर्मचारीको तीन पुस्ते हुलियासमेतको सूचना लोकसेवा आयोग र किताबखानालाई दिनुपर्नेछ । यसरी तिन पुस्तेसमेतको सूचना विभिन्न जिल्ला प्रहरी कार्यालयसम्मलाई प्रहरी प्रधान कार्यालयले पठाइदिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको व्यक्ति प्रहरी सेवा वा पदमा पुनः नियुक्ति भएमा पनि निजले पुनः नियुक्ति भए खाएको तलब फिर्ता गराई निजलाई तुरुन्त बर्खास्त गरिनेछ ।

१६८. इजाजतबेगर इलाका छोड्न नहुने : सरकारी काजमा खटिएका वा बिदामा बसेका अवस्थामा बाहेक कुनै सरकारी कार्यालयमा बहाल रहेका प्रहरी कर्मचारीले बिदा दिने अख्तियार पाएको व्यक्तिको इजाजतबेगर आफ्नो कार्यालय रहेको जिल्ला वा इलाका छाडी अन्यत्र जानुहुँदैन ।

तर, अपर्झटको अवस्था परी कार्यालय छाडी नगइनहुने भएमा सम्बन्धित कर्मचारीले कारण खोली निवेदन दिई आफ्नो कार्यालय प्रमुखको इजाजत लिई वा इजाजत लिन नभ्याएमा जानुपर्ने कारणसमेत खोली सम्बन्धित कार्यालय र विभाग वा सचिवालयमा लिखित प्रतिवेदन दिई

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

देशभित्र वा बाहिर जानु हुन्छ। त्यसरी जाँदा कार्यालयको काममा बाधा नपर्ने र सरकारी सम्पति हिनामिना नहुने प्रबन्ध मिलाई जानुपर्छ।

१६९. अधिकार सुम्पन सक्ने :

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीद्वारा नेपाल सरकारमा निहित अधिकारहरू सो सूचनामा उल्लेख गरिएको कर्मचारीद्वारा प्रयोग गर्न आदेश दिन सक्नेछ।

(२) यस नियमावलीद्वारा कुनै अधिकारीलाई प्रदत्त अधिकार आफ्ना सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफूमुनिको कर्मचारीलाई सुम्पन सक्नेछ।

१७०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा लेखेको कुराहरूलाई समय समयमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

१७१. खारेजी र बचाऊ :

(१) प्रहरी नियमावली, २०३३ खारेज गरिएको छ।

(२) प्रहरी नियमावली, २०३३ बमोजिम यसअघि भएगरेका सबै कामकार्बाही यसै नियमावलीअनुसार भएगरेको मानिनेछ।

द्रष्टव्य :

१) नेपाल सरकारले मिति २०५३।९।१ गते राजपत्रमा प्रकाशित सूचनाद्वारा प्रहरी (चौथो संशोधन) नियमावली, २०५३ लाई २०५३।९।१ गतेदेखि लागु हुने गरी तोकेको,

(२) प्रहरी (पाँचौं संशोधन) नियमावली, २०५४ को नियम १ को उपनियम (२) निम्नबमोजिम छ :

(२) यो नियमावली विक्रम संवत् २०५४ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

(३) प्रहरी (छैठौं संशोधन) नियमावली २०५५ को नियम १ को उपनियम (२) निम्नबमोजिम छ :

(२) यो नियमावली विक्रम संवत् २०४९ साल पौष ६ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) प्रहरी (सातौँ संशोधन नियमावली २०५७ को नियम १ को उपनियम (२) निम्नबमोजिम छ :

(२) यो नियमावलीको नियम ३ विक्रम संवत् २०५२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

नोटः यस नियमावलीको नियम ३ भन्नाले मूल नियमावलीको नियम १०२ को उपनियम (१) मा भएको संशोधन ।

अनुसूची–१

नियम १९ को उपनियम १ र नियम २० को उपनियम ५ सँग सम्बन्धित

अनुसूची – २

नियम २० को उपनियम १ सँग सम्बन्धित

अनुसूची – ३

नियम २६ को खण्ड (ख) को उप खण्ड (अ) सँग सम्बन्धित

वर्गीकृत क्षेत्रमा काम गरेबापत दिइने अङ्क

अनुसूची– ४

नियम २६ को खण्ड (ग) सँग सम्बन्धित

आन्तरिक तथा वैदेशिक तालिमबापतको अङ्क

अनुसूची – ५

नियम २६ को खण्ड (ङ) सँग सम्बन्धित

अनुसूची – ६

नियम २६ को खण्ड (च) सँग सम्बन्धित

(कार्यसम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कन)

अनुसूची– ७

(नियम १४४ सँग सम्बन्धित)

प्रारम्भिक पोसाक र सामान

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ८

नियम १४५ सँग सम्बन्धित

जाडो मौसमको पोसाक

अनुसूची – ९

(नियम १४६ सँग सम्बन्धित)

ट्राफिक प्रहरीलाई दिइने पोसाक

अनुसूची–१०

(नियम १४७ सँग सम्बन्धित)

सशस्त्र प्रहरी, सुरक्षा प्रहरी तथा प्रहरी चेकपोस्टका प्रहरी कर्मचारीलाई दिइने सामान तथा पोसाक

अनुसूची– ११

(नियम १४७ सँग सम्बन्धित)

प्रहरी परिचरका लागि दिइने सामान तथा पोसाक

अनुसूची –१२

(चार्ट समावेश गरिएको छैन्)

रुपान्तरण: (१) नेपाल अधिराज्यको संविधान, २०४७ को सट्टा नेपालको अन्तरिम संविधान, २०६३

(२) श्री ५ को सरकारको सट्टा नेपाल सरकार

(३) दैवी प्रकोपको सट्टा प्राकृतिक प्रकोप

(४) नेपाल अधिराज्यको सट्टा नेपाल राज्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्थानीय प्रशासन ऐन, २०२८

लालमोहर सदर वा ऐन प्रमाणित र प्रकाशन मिति

२०२८।४।२०

संशोधन गर्ने ऐन

१. न्याय प्रशासन सुधार ऐन, २०३१	२०३१।४।१८
२. कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२	२०३२।५।२०
३. स्थानीय प्रशासन (पहिलो संशोधन) ऐन, २०३३	२०३३।४।२८
४. स्थानीय प्रशासन (दोस्रो संशोधन) ऐन, २०३७	२०३७।६।२
५. वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७	२०३७।४।२९
६. केही नेपाल ऐन, (संशोधन) ऐन, २०४१	२०४१।७।२७
७. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३	२०४३।७।२४
८. केही नेपाल ऐन (संशोधन) ऐन, २०४३	२०४३।७।२४
९. न्याय प्रशासन ऐन, २०४८	२०४८।२।१६
१०.स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८	२०४८।२।२१
११. स्थानीय प्रशासन (चौथो संशोधन) ऐन, २०५८	२०५८।५।६
१२. केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३	२०६३।४।२३
१३. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३	२०६३।६।२८
१४ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४	२०६४।५।९

२०२८ सालको ऐन नं. २

स्थानीय प्रशासनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना: स्थानीय प्रशासनसम्बन्धी कानुनलाई विकेन्द्रित प्रशासन व्यवस्थाअनुरूप संशोधन र एककीरण गर्न तथा शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकाले,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार, र प्रारम्भः

(१) यस ऐनको नाम "स्थानीय प्रशासन ऐन, २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) ....

(क१) "क्षेत्रीय प्रशासक" भन्नाले दफा ४ क. को उपदफा (२) बमोजिम नियुक्त क्षेत्रीय प्रशासक सम्झनुपर्छ ।

(ख) "प्रमुख जिल्ला अधिकारी" भन्नाले नेपाल सरकारबाट नियुक्त प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ ।

(ग) "सभा" भन्नाले पच्चीस वा पच्चीसभन्दा बढी व्यक्तिहरू कुनै सार्वजनिक स्थलमा कुनै खास उद्देश्य पूरा गर्न सङ्गठित वा असङ्गठित रूपमा जम्मा भएको समूह सम्झनुपर्छ ।

परिच्छेद–२

विकास क्षेत्र, अञ्चल तथा जिल्ला विभाजन

३. विकास क्षेत्र, अञ्चल तथा जिल्ला विभाजन :

(१) नेपाल राज्यलाई अनुसूचीमा उल्लेख भएबमोजिम विकास क्षेत्र, अञ्चल तथा जिल्लाहरूमा विभाजन गरिएको छ ।

(२) प्रत्येक विकास क्षेत्र, अञ्चल तथा जिल्लाको सिमाना र सदरमुकाम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) यसअघि कायम भइरहेको जिल्लाको सिमाना र सदरमुकाम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्यथा व्यवस्था नगरेसम्म साविकैबमोजिम कायम रहनेछ ।

परिच्छेद–३

क्षेत्रीय र जिल्ला प्रशासन

४. .....

४क. क्षेत्रीय प्रशासन :

(१) प्रत्येक विकास क्षेत्रमा देहायबमोजिम एउटा क्षेत्रीय प्रशासन कार्यालय रहनेछ :

(क) क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकास क्षेत्र, धनकुटा ।

(ख) क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल विकास क्षेत्र, हेटौंडा ।

(ग) क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल विकास क्षेत्र, पोखरा ।

(घ) क्षेत्रीय प्रशासन कार्यालय, मध्यपश्चिमाञ्चल विकास क्षेत्र, सुर्खेत ।

(ङ) क्षेत्रीय प्रशासन कार्यालय, सुदूरपश्चिमाञ्चल विकास क्षेत्र, दिपायल ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रीय प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा नेपाल सरकारले निजामति सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एकजना क्षेत्रीय प्रशासक नियुक्ति गर्नेछ ।

४ख. क्षेत्रीय प्रशासकको काम कर्तव्य र अधिकार :

(१) नेपाल सरकारको नीति र निर्देशनअनुरूप समन्वयात्मक तरिकाले आफ्नो क्षेत्रभित्र सामान्य प्रशासन सञ्चालन गर्ने गराउने क्षेत्रीय प्रशासकको उत्तरदयित्व हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) क्षेत्रीय प्रशासकका अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्र शान्तिसुरक्षा र सुव्यवस्था कायम राख्ने/राख्न लगाउने,

(ख) आफ्नो क्षेत्रभित्रको जिल्ला प्रशासन कार्यालयहरूको कार्य सञ्चालनमा रेखदेख र समन्वय गर्ने,

(ग) आफ्नो क्षेत्रभित्रको क्षेत्रीय तथा जिल्ला कार्यालयहरूको कामलाई सेवामुखी र मितव्ययी बनाउन तथा ढिलासुस्ती, लापर्वाही, भ्रष्टाचार आदि हुन नदिन आवश्यक कार्वाही गर्ने/गराउने,

(घ) अन्य कानुनमा व्यवस्था भएकामा सोहीबमोजिम हुने गरी सोबाहेक आफ्नो क्षेत्रभित्रको सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेख तथा मर्मत, सम्भार गर्ने/गराउने,

(ङ) आफ्नो क्षेत्रभित्रको शान्तिसुरक्षासम्बन्धी वस्तुस्थितिको यथार्थ जानकारी नियमित रूपमा नेपाल सरकारलाई उपलब्ध गराउने,

(च) सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट आफ्नो क्षेत्रभित्र जोडिएको विदेशी मुलुकको सिमानाको आवधिक निरीक्षण गर्न लगाई नेपाल सरकारसमक्ष प्रतिवेदन पेस गर्ने र सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलापहरूको नियन्त्रणमा स्थानीय प्रशासनको प्रभावकारिता बढाउन आवश्यक व्यवस्था मिलाउने,

(छ) आफ्नो क्षेत्रभित्रका दुई वा दुईभन्दा बढी जिल्लाहरूबीच कायम रहेको सिमाना, बाटो, कुलो, पैनी, खानेपानी, आदि सार्वजनिक सरोकारका विषयमा आपसी मतभेद वा विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरू राखी निराकरणको लागि आवश्यक व्यवस्था गर्ने/गराउने,

(ज) दैवीप्रकोप, महामारी, भोकमारीजस्ता विशेष परिस्थिति नियन्त्रण एवम् व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने/गराउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) आफ्नो क्षेत्रभित्रका कारागारहरूको नियमित निरीक्षण गरी सुसञ्चालनको आवश्यक व्यवस्था मिलाउने र कैदीहरूको कैद माफीका लागि सिफारिस गर्ने,

(ञ) विकास क्षेत्रभित्र राष्ट्रियता अभिवृद्धि गरी नेपाली जनताबीच मेलमिलाप र आपसी सद्भावद्वारा एकता कायम गर्न आवश्यक पर्ने कार्यहरू गर्ने,

(ट) नेपाल सरकारले समयसमयमा दिएका आदेश तथा निर्देशनअनुसार अन्य कामकार्बाही गर्ने, गराउने तथा त्यसको अनुगमन गर्ने ।

४ग. क्षेत्रीय सुरक्षा समितिः

(१) प्रत्येक क्षेत्रमा शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्ने काममा सहयोग पुऱ्याउन देहायबमोजिमको एक क्षेत्रीय सुरक्षा समिति रहनेछ ।

(क) क्षेत्रीय प्रशासक –अध्यक्ष

(ख) शाही नेपाली सेनाको स्थानीय प्रमुख –सदस्य

(ग) क्षेत्रीय प्रहरी कार्यालयको प्रमुख –सदस्य

(घ) सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख –सदस्य

(ङ) राष्ट्रिय अनुसन्धान विभागको सम्बन्धित विकास क्षेत्र हेर्ने कार्यालयको प्रमुख –सदस्यसचिव

(२) क्षेत्रीय सुरक्षा समितिको बैठकमा क्षेत्रीय प्रशासकले आवश्यकताअनुसार क्षेत्रभित्रका अन्य कार्यालयका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार अध्यक्षले बोलाउन सक्नेछ ।

४घ. क्षेत्रीय प्रशासकको नियन्त्रणमा रही काम गर्नुपर्ने : आफ्नो क्षेत्रमा शान्तिसुरक्षा कायम गर्ने कामका लागि क्षेत्रीय प्रहरी कार्यालयले क्षेत्रीय प्रशासकको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गनुपर्नेछ ।

५. जिल्ला प्रशासनः

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नका लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहनेछ । नेपाल सरकारले सोकार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा कामसमेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानुन, नेपाल सरकारको नीति, निर्देशन तथा क्षेत्रीय प्रशासकको रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रूपमा काम गर्नेछ ।

(२) अदालत र रक्षासम्बन्धी कार्यालयहरूबाहेक नेपाल सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जिल्लास्तरका कार्यालयहरू जिल्ला प्रशासन कार्यालयको शाखाका रूपमा रहनेछन् ।

(३) उपदफा (२) बमोजीम जिल्ला प्रशासन कार्यालयको शाखाका रूपमा रहेको जिल्ला स्तरका कार्यालय वा सोही कार्यालयका अधिकृतले प्रयोग गर्न पाउने गरी प्रचलित नेपाल कानुनबमोजिम तोकिएको अधिकार वा कुनै न्यायिक वा अर्धन्यायिक अधिकारको प्रयोगका हकमा प्रमुख जिल्ला अधिकारीको कुनै नियन्त्रण रहनेछैन ।

(४) उपदफा (२) बमोजिम जिल्ला प्रशासन कार्यालयको शाखाका रूपमा रहेका जिल्ला स्तरका कार्यालयहरू माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने सम्बन्धमा प्रमुख जिल्ला अधिकारी वा अन्य अधिकारीको अधिकार र कर्तव्य यस ऐनअन्तर्गत बनेको नियमद्वारा व्यवस्थित हुनेछ ।

(५) प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने,

(ख) जिल्लाभित्र नेपाल सरकार, जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समितिले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पुऱ्याउने,

(ग) जिल्लाभित्र रहेको नेपाल सरकारका सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने

(घ).....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) नेपाल सरकारले समयसमयमा दिएका आदेश वा निर्देशनअनुसार अन्य कामकार्बाही गर्ने ।

(६) शान्तिसुरक्षा कायम गर्ने :

(१) प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक कामकार्बाही हुने वा हुलदङ्गा हुने आशङ्का भएको कार्यलाई रोक्न देहायबमोजिम गर्नु पर्दछ :

(क) कुनै सभा, जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै कामकार्बाहीबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरुन्तै आफैं गई वा आफूमातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठीचार्ज, अश्रुग्यास, फोहरा र हवाई फायरसमेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गर्नेगराउने,

(ख) खण्ड (क) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनुपर्ने आवश्यकता परेमा सो गर्नुभन्दा अगाडि भीडलाई हट्दैनौं भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने,

(ग).....

(घ) जिल्लामा शान्तिसुरक्षा कायम गर्न समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश आवश्यकतानुसार प्रहरी अधिकृतलाई दिने र मौखिक आदेश दिएकोमा समय पाउनासाथ बढीमा चौबीस घण्टाभित्र सो आदेशलाई लिखित रूपमा समर्थन गर्ने,

(ङ) जिल्लामा शान्तिसुरक्षा कायम गर्ने कामका लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षतः नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१क) उपदफा (१) बमोजिम शान्तिसुरक्षा कायम गर्ने सम्बन्धमा भएगरेका कामकार्बाहीको जानकारी प्रमुख जिल्ला अधिकारीले क्षेत्रीय प्रशासक तथा गृहमन्त्रालयलाई तुरुन्त दिनुपर्नेछ र सोसम्बन्धमा क्षेत्रीय प्रशासकले दिएको निर्देशनको पालना गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

(२) आफ्नो अधिकारक्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा कुनै सम्भावना छ र सो ठाउँमा भइरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यससम्बन्धी कारण तथा आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थाअनुसार शाही नेपाली सेनाको मद्दत मागेकोमा क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्नेछ ।

(२क) आफ्नो अधिकारक्षेत्रभित्रको सिमाना जोडिएका दुई वा दुईभन्दा बढी जिल्लाहरूमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भइरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाटमात्र सम्भव छैन भन्ने क्षेत्रीय प्रशासकलाई लागेमा निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थाअनुसार शाही नेपाली सेनामा मद्दत मागेकामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई र गृहमन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्नेछ ।

(३) कसैले कुनै काम गर्न लाग्दा वा कहीँ केही वस्तु रहँदा वा कसैले राख्दा हुलदङ्गा भई शान्तिसुरक्षा भङ्ग हुने वा कसैलाई बाधाविराध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा.... प्रमुख जिल्ला अधिकारीले देहायबमोजिमको आदेश दिन सक्नेछ र सो आदेश एकपटकमा दुई महिनाभन्दा बढी अवधिको हुनेछैन :

(क) कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने,

(ख) कुनै वस्तु वा सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३क) कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँचजनाभन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँच सय रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम..... प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिँदा सो दिनुपर्ने कारण लेखी सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनुपर्दछ । सम्बन्धित व्यक्ति फेला नपरेमा काम नरोकिने गरी प्रचलित नेपाल कानुनबमोजिम सूचना टाँस गर्नुपर्दछ । त्यस्तो आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई आदेश दिने अधिकृतले पटकैपिच्छे बढीमा पचास रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) जिल्लाभित्र जग्गा जमिन, कुलो, पानी, साँध, सिमानाबारे शान्ति भङ्ग हुन जानेजस्तो झगडा भएको वा हुन लागेको छ भन्ने थाहा हुन आएमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित पक्षहरूलाई यथाशीघ्र आफ्नो कार्यालयमा झिकाई बयान लिने र आवश्यकतानुसार सम्बन्धित सम्पत्ति रोक्का गरी तीन महिनादेखि जसको जिम्मामा छ उसैको वा नगरपालिका वा गाउँ विकास समिति वा कुनै माथवर व्यक्तिको जिम्मामा सुम्पन लगाई चित्त नबुझ्ने पक्षलाई अदालतबाट हकबेहक छुटचाएर आउन आदेश दिन सक्नेछ ।

(६) उपदफा (३), (३क), (४) र (५) अन्तर्गत प्रमुख जिल्ला अधिकारीले गरेको आदेश वा सजायउपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(७) प्रत्येक जिल्लामा शान्तिसुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पुऱ्याउन देहायबमोजिमको एक जिल्ला सुरक्षा समिति रहनेछ :

(क) प्रमुख जिल्ला अधिकारी —अध्यक्ष

(ख) शाही नेपाली सेनाको स्थानीय प्रमुख —सदस्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख –सदस्य

(घ) सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख –सदस्य

(ङ) राष्ट्रिय अनुसन्धान विभागको जिल्लास्थित कार्यालयको प्रमुख –सदस्य

(च) सहायक प्रमुख जिल्ला अधिकारी –सदस्यसचिव

(८) जिल्ला सुरक्षा समितिको बैठकमा प्रमुख जिल्ला अधिकारीले शाही नेपाली सेनाको स्थानीय प्रमुखलाई आमन्त्रण गर्नुपर्नेछ ।

(९) जिल्ला सुरक्षा समितिको बैठकमा प्रमुख जिल्ला अधिकारीले आवश्यकताअनुसार जिल्लास्थित अन्य कार्यालयका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(१०) उपदफा (७) बमोजिमको समितिको बैठक आवश्यकताअनुसार प्रमुख जिल्ला अधिकारीले बोलाउन सक्नेछ ।

६क. कर्फ्यु लगाउन सक्ने :

(१) कुनै ठाउँमा आन्दोलन वा हुलदङ्गा भई शान्ति भङ्ग हुन जाने देखिएमा परिस्थितिको विचार गरी आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सिमाना तोकी सो ठाउँमा कसैले आवतजावत गर्न, भेला हुन र तोकेको अरू कुनै काम गर्न नपाउने गरी कर्फ्यु लगाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी कर्फ्युको आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले सो आदेश, कर्फ्यु लाग्ने क्षेत्र र सो वरिपरिका क्षेत्रका सर्वसाधारण जनताको जानकारीका लागि प्रचार गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम आदेश जारी भएपछि निषेध गरिएको स्थान र समयभित्र प्रमुख जिल्ला अधिकारीबाट गोप्य सङ्केत लिएको इजाजत प्राप्त व्यक्तिबाहेक अरू कसैले आवतजावत गर्नुहुँदैन ।

(३) कर्फ्युको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्नेछ र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई तुरुन्त प्रहरीले प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुपर्नेछ । त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई प्रमुख

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

जिल्ला अधिकारीले उपयुक्त सम्झेको सङ्क्षिप्त कार्याविधि अपनाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) कर्फ्युको आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कर्फ्युको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेशसमेत दिन सक्नेछ । त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउन आवश्यक परेमा गोली चलाउनुभन्दा अगाडि कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थितिअनुसार लाठीचार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नुपर्नेछ र त्यति गर्दा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौँ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनुपर्नेछ । त्यसरी चेतावनी दिँदा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ ।

तर, यस उपदफामा लेखिएको कुनै कुराले पनि प्रमुख जिल्ला अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई देख्नेबित्तिकै गोली हान्न आदेश दिन बाधा पुऱ्याएको मानिनेछैन ।

(५) प्रमुख जिल्ला अधिकारीले आदेश जारी गरी लगाइएको कर्फ्युको अवधिलाई सोही अधिकारीले परिस्थितिअनुसार घटाउँदै लगी स्थिति सामान्य भएपछि कर्फ्यु पूर्णतया हटाइनेछ ।

(६) प्रमुख जिल्ला अधिकारीले कर्फ्युको आदेश दिएपछि त्यसको जानकारी क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई तुरुन्त दिनुपर्नेछ ।

६.ख. दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने :

(१) कुनै क्षेत्रमा जुलुस, भीड वा सङ्गठित समूहले हातहतियारसमेत लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कार्बाहीद्वारा हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दङ्गागस्त क्षेत्र घोषित गर्न सक्नेछ । यसरी दङ्गाग्रस्त क्षेत्र घोषित गरेपछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्न प्रमुख जिल्ला अधिकारीले देहायबमोजिमको कुनै वा सबै कार्बाही गर्न सक्नेछ :

(क) त्यस्तो क्षेत्रमा शङ्कास्पद व्यक्तिहरूलाई पक्राउ पुर्जीबिना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने,

(ख) त्यस्तो क्षेत्रमा लुटपिट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्नेबित्तिकै गोली प्रहार गर्ने,

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रर्दशन वा पोस्टर, पर्चाजस्ता प्रचार समाग्री टाँस्न वा लेख्न निषेध गर्ने,

(घ) त्यस्तो क्षेत्रमा अत्यावश्यक वस्तुहरूको आपूर्तिको व्यवस्था मिलाउने, त्यस्ता वस्तुहरूको परिवहन, सञ्चय, बिक्रीवितरणमा नियन्त्रण गर्ने,

(ङ) त्यस्तो क्षेत्रमा शिक्षण संस्थालगायत अन्य कुनै संस्था, मनोरञ्जन केन्द्र र कार्यालय बन्द गराउने,

(च) त्यस्तो क्षेत्रमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम कुनै आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने,

(छ) त्यस्तो क्षेत्रमा पाँचजना वा सोभन्दा बढी व्यक्तिहरू जम्मा हुन निषेध गर्ने,

(ज) त्यस्तो क्षेत्रमा कर्फ्यु लगाउने,

(झ) त्यस्तो क्षेत्रमा उपर्युक्त कार्यहरूको लागि आवश्यक देखेमा शाही नेपाली सेनाको सहयोग लिने ।

(२) दङ्गाग्रस्त क्षेत्रमा अवैध हातहतियार एवम् खरखजाना राखेको छ भन्ने शङ्का लागेमा प्रमुख जिल्ला अधिकारीको आदेशले त्यस्तो

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

क्षेत्रमा रहेका जुनसुकै व्यक्तिको घर, पसल, कम्पाउन्ड वा गोदाम आदिमा पूर्वसूचना नदिईकनै घटीमा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दङ्गाग्रस्त क्षेत्र घोषित गर्दा प्रमुख जिल्ला अधिकारीले एकपटकमा बढीमा एक महिनासम्मको अवधिका लागि मात्र घोषत गर्न सक्नेछ । उक्त अवधि बढाउनुपरेमा प्रमुख जिल्ला अधिकारीले नेपाल सरकार गृहमन्त्रालयको स्वीकृति लिई सो अवधिलाई थप तीन महिनासम्म बढाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले दङ्गाग्रस्त क्षेत्र घोषित गरेको जानकारी क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई तुरुन्त दिनुपर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ङ) वा (छ) उल्लङ्घन गर्ने वा उपदफा (२) बमोजिम खानतलासी लिँदा बाधाविरोध गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको सङ्क्षिप्त कार्याविधि अपनाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

६ग. सार्वजनिक सेवा वा सडकमा अवरोध गर्न वा कुनै घर वा सवारीसाधन तोडफोड गर्न नहुने:

(१) कसैले पनि देहायको काम गर्न गराउनुहुँदैन :

(क) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक सडकमा चक्काजाम गरी वा अन्य प्रकारले त्यस्तो सडक सुचारु रूपमा सञ्चालन गर्न बाधा व्यावधान खडा गर्न,

(ख) सरकारी सार्वजनिक वा व्यक्तिगत सवारी साधन, घर वा सम्पत्ति तोडफोड, आगजनी वा लुटपाट गरी क्षति पुऱ्याउन वा त्यस्तो सवारी साधन वा घरजग्गामा जबर्जस्ती प्रवेश गर्न वा त्यस्तो सवारी साधन, घर वा सम्पत्ति कब्जामा लिन, र

(ग) सरकारी तथा सार्वजनिक निकाय र शिक्षण संस्थामा तालाबन्दीजस्ता कुनै कार्य गरी अवरोध पुऱ्याउन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) कसैले उपदफा (१) बमोजिमको कुनै काम गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई कसुरको प्रकृति हेरी दस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न र निजले गरेको हानिनोक्सानीको बिगो निजबाट असुल गरी निजलाई बिगोबमोजिम जरिवानासमेत गर्न सक्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले यस दफाबमोजिम कार्बाही गर्दा सङ्क्षिप्त कार्याविधि ऐन, २०२८ बमोजिमको कार्याविधि अपनाउनेछ ।

(४) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको सजायउपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

७. प्रहरी कर्मचारीसम्बन्धी अधिकार र कर्तव्य :

(१) प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकीसमेत ठीक अवस्थामा रहेनरहेको, प्रहरी कर्मचारी र अधिकृत जवानहरूले कानुनबमोजिम कामकार्बाही गरेनगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गरी सोसम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ ।

(क) जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकीसमेतमा घटीमा कमसेकम वर्षको एकपटक अनिवार्य रूपमा निरीक्षण गर्नुपर्नेछ । त्यसको प्रतिवेदन क्षेत्रीय प्रशासक र गृहमन्त्रालयमा पठाउनुपर्नेछ ।

(ख) प्रहरी अधिकृतहरूको नेकिबदी र कार्यसम्पादनको प्रतिवेदन प्रत्येक वर्ष पौष मसान्त र आषाढ मसान्तमा वर्षको दुईपटक क्षेत्रीय प्रशासक र गृहमन्त्रालयमा लेखी पठाउनुपर्नेछ ।

(ग) जिल्लाको प्रहरी सम्बन्धी कुनै कामको बन्दोबस्त गर्नुपर्ने देखिनआएमा आफ्नो रायसमेत प्रमुख जिल्ला अधिकारीले क्षेत्रीय प्रशासक र गृहमन्त्रालयमा लेखी पठाउनुपर्नेछ ।

(घ) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा कानुनविपरीत कार्य गरेको आधारमा कसैले उजुर गरेमा आवश्यक छानबिन गरी आफ्नो सिफारिस एवम्

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

रायसहित आवश्यक कार्बाहीको लागि क्षेत्रीय प्रशासक र गृहमन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

८. मुद्दा मामिला र पुनरावेदनसम्बन्धी अधिकार :

(१) देहायका मुद्दाहरूमा सुरु कार्बाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

(क) पाँच सय रुपैयाँसम्म बिगो भएको साधारण चोरी मुद्दा,

(ख) बगलीमारा मुद्दा,

(ग) .....

(घ) नपुग नापतौल प्रयोग गरी ठगेको मुद्दा,

(ङ) चलिआएको देवीदेवताका स्थानमा बाहेक स्त्रीजाति चौपाया मारेको सम्बन्धी मुद्दा,

(२) उपदफा (१) अन्तर्गतका पटके नजनिने मुद्दामा बढीमा पाँचसय रुपैयाँसम्म जरिवाना गरी छिनेको प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ र निजको निर्णयउपर पुनरावेदन लाग्नेछैन । पाँचसय रुपैयाँभन्दा बढी जरिवाना गरी छिनेको वा पटके जनिने मुद्दामा निजको निर्णयउपर पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले आफूकहाँ परेको उजुरीहरूका सिलसिलामा कुनै स्त्री वा नाबालकको धन सुरक्षित साथ राख्न लगाउन आवश्यक देखेमा नगरपालिका वा गाउँ विकास समितिको सहयोग लिई सो धन जिल्लाका कुनै गण्यमान्य व्यक्ति वा सरकारी कार्यालयको जिम्मामा सुरक्षित राख्न लगाउन सक्नेछ ।

(४).....

(५).....

(६) प्रमुख जिल्ला अधिकारीले यो ऐन वा प्रचलित नेपाल कानुनबमोजिम मुद्दा मामिलाहरूको कार्बाही र किनारा गर्दा जुन ऐनअन्तर्गत मुद्दा मामिलाको कार्बाही र किनारा गर्ने हो सो ऐनसमेत उल्लेख गरी प्रचलित नेपाल कानुनबमोजिमको म्यादभित्र कार्बाही र किनारा गर्नुपर्दछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

९. प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार :

(१) अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापर्बाहीसाथ बोलिहिँड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसुर गरेमा निजलाई पटकैपिच्छे बढीमा एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) बेवारिसी मालसामान कुनै ठाउँमा पाइएमा प्रमुख जिल्ला अधिकारीले मुलुकी ऐन, कल्याण धनको महलबमोजिम गर्नुगराउनुपर्दछ ।

(३) सरकारी वा आफ्ना घरायसी काममा कुनै सरकारी कर्मचारीले कसैलाई पनि बिनापारिश्रमिक करकापले काम गर्न लगाएमा प्रमुख जिल्ला अधिकारीले निजउपर प्रचलित नेपाल कानुनबमोजिम कार्बाही चलाउन वा निजामती सेवा नियमावलीअनुसार विभागीय कार्बाहीका लागि सम्बन्धित विभागीय प्रमुखसमक्ष लेखी पठाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँ विकास समितिले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवम् शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइदिन वा वन तथा भूसंरक्षण मन्त्रालयले निर्देशन दिएबमोजिम गर्नुपर्दछ ।

(५) कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो बिक्रेतालाई खरिदबिक्री भएको मालसामानको परिणाम र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद गर्न वा दुवै सजाय गर्न सक्नेछ । प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(६) प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरा, पाटी, पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्कीबिग्री नोक्सान हुन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लागेमा त्यसको धनी, वारिस नगरपालिका वा गाउँ विकास समिति वा गुठी संस्थानद्वारा मर्मत गर्न लगाउनु पर्दछ ।

(६क) सरकारी जग्गा वा सार्वजनिक जग्गामा आफ्नो हक कायम नभई कसैले घर बनाउनुहुँदैन । कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ । त्यस्तो आदेश दिँदा घर बनाइसकेको वा बनाइरहेको भए एक महिनाभित्र घर भत्काई लैजानसमेत आदेश दिन सक्नेछ । सो म्यादभित्र घर भत्काई नलगेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल गर्न सक्नेछ ।

स्पष्टीकरण:

(१) यस उपदफाको प्रयोजनको लागि सार्वजनिक जग्गा भन्नाले परापूर्वदेखि हिँडिआएको बाटो, सडक, गौचर, पानीघाट, चिहान, मसानघाट, कुवा, सार्वजनिक पोखरी, पोखरीको डिल, खानेपानीको मूल, गाईवस्तु निकाल्ने निकास, हाटमेला लाग्ने ठाउँ, सार्वजनिक मनोरञ्जन र खेलकुद गर्ने ठाउँ त्यस्तै सार्वजनिक रूपमा चलन भइआएको वा सन्धिसर्पन पर्ने जग्गा र नेपाल सरकारले कमौट नगर्नु भनी बँझ्याइएको वा रोक्का राखिएको जग्गालाई जनाउँदछ ।

(२) यस उपदफाको प्रयोजनको लागि घर भन्नाले खर, फुस वा टिनको छाना भएको वा नभएको छाप्रो र कच्ची बनोटलाई समेत जनाउँदछ ।

(७) कुनै व्यक्ति बहुलाएको छ र त्यसलाई नियन्त्रणमा नराखी त्यसै छाडा राखेमा सम्बन्धित व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले मुलुकी ऐन इलाज गर्नेको महलको ६ नं. बमोजिम गर्नुगराउनुपर्दछ ।

(८) कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनआएमा प्रमुख जिल्ला अधिकारीले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

जाँचीबुझी ठीक ठहरेमा पाँच रुपैयाँ दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ ।

(९) उपदफा (१) र (७) ले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले गरेको कामकार्बाहीको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा उजुर गर्न सक्नेछ ।

(१०) परम्परादेखि चलिआएको धार्मिक पूजाआजा चलाउनुपर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी, महाशिवरात्री, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशुपक्षी बध गर्न मनाही गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपक्षीको बध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँचसय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिवानाको आदेशउपर पुनरावेदन लाग्नेछैन ।

(११) नगरपालिका क्षेत्रभित्र कसैले गाईवस्तुलाई सडकमा छाडा छोड्नुहुँदैन र त्यसरी कसैले गाईवस्तुलाई सडकमा छाडा छोडेमा र त्यस्तो छाडा गाईवस्तुलाई सम्बन्धित नगरपालिकाले पक्री नथुनेका अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाईवस्तुलाई पक्री निजले उपयुक्त सम्झेको तरिका अपनाई लिलाम बिक्री गर्नुपर्नेछ र लिलाम बिक्रीबाट आएको रकम जिल्ला विकास समितिको कोषमा दाखिला गर्नुपर्नेछ । लिलाम बिक्री हुँदा कसैले नसकारेमा प्रमुख जिल्ला अधिकारीले यस्तो गाईवस्तुलाई गाईवस्तुको धनि बाहेक अरु कसैलाई बिनामोल हस्तान्तरण गर्न सक्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि :

(१) 'गाईवस्तु' भन्नाले गोरु, भैंसी, राँगा, घोडा, भेडा, र बाखा समेतलाई जनाउनेछ ।

(२) 'छाडा गाईवस्तु' भन्नाले गाईवस्तु धनीले गोठाला वा अरू कुनै व्यक्ति नलगाई सडक बाटोमा छोडिराखेको गाईवस्तु सम्झनुपर्छ ।

(१२) उपदफा (११) को उल्लंघन गर्ने गाईवस्तुको धनीलाई प्रमुख जिल्ला अधिकारीको आदेशले दुईसय रुपैयाँसम्म जरिवाना हुनेछ र उक्त

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ । तर, छाडा गाईवस्तुको धनीले पुनरावेदन सुन्ने अदालतबाट सफाइ पाए पनि उपदफा (११) बमोजिम छाडा गाईवस्तुको लिलाम वा हस्तान्तरण भइसकेको कुरामा सो अदालतको फैसलाले कुनै प्रतिकूल असर पारेको मानिनेछैन ।

१०. .....

१०क. सार्वजनिक सम्पत्तिको अभिलेख :

(१) सर्भे नापी नक्साबाट वा लालमोहर, खड्ग निसाना, ताम्रपत्र, शिलापत्र, वा त्यस्तै आधिकारिक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास, इत्यादिका लगत प्रमुख जिल्ला अधिकारीको कार्यालयले तैयार गरी त्यसको अभिलेख राखी त्यसको एकएकप्रतिलिपि मालपोत कार्यालय र जिल्ला विकास समितिको कार्यालयलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि नेपाल सरकारको पूर्वस्वीकृति नलिई कसैले आवाद गर्न वा आवाद गर्ने अनुमति दिनुहुँदैन । आवाद गरेमा वा गर्न अनुमति दिएमा सो गर्न वा गर्ने अनुमति दिने व्यक्तिलाई बिगोबमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कुनै सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि कसैले दर्ता गराएको रहेछ भने सो दर्ता बदर हुनेछ । सोबमोजिम दर्ता बदर गराउन कुनै हदम्याद हुनेछैन ।

परिच्छेद–४

विविध

११. अधिकार प्रत्यायोजन :

(१) अदालतबाहेक अन्य कुनै अधिकारी वा संस्थालाई यो ऐन वा अन्य कुनै प्रचलित नेपाल कानुनबमोजिम प्राप्त भइरहेको अधिकारहरूमध्ये सबै वा केही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित जिल्ला विकास समिति,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नगरपालिका, गाउँ विकास समिति वा अन्य कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी प्रदान गर्न सक्नेछ ।

(२) .....

(३).....

(३क) यो ऐन वा प्रचलिल कानुन बमेजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार क्षेत्रीय प्रशासकले प्रमुख जिल्ला अधिकारी वा आफ्नो मातहतका कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना गृहमन्त्रालयलाई तुरुन्त दिनुपर्नेछ ।

(४) यो ऐन वा अन्य प्रचलित नेपाल कानुनबमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई तुरुन्त दिनुपर्दछ ।

तर, प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछैन ।

१२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्नका लागि नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

१३. मुद्दा सर्ने : प्रचलित नेपाल कानुनबमोजिम तत्कालीन अञ्चलाधीशसमक्ष दायर भई छिन्न बाँकी रहेको मुद्दाहरूमध्ये पुनरावेदन तहका मुद्दाहरू सम्बन्धित पुनरावेदन अदालतमा र अन्य मुद्दाहरू सम्बन्धित प्रमुख जिल्ला अधिकारीकहाँ सर्नेछन् ।

१४. बचाउ : यो ऐन वा यस ऐनअन्तर्गतको नियममा लेखिएका कुरामा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

१५. खारेज : देहायका नेपाल कानुनहरू खारेज गरिएका छन् :

(क) स्थानीय प्रशासन ऐन, २०२२

(ख) मधेस गोस्वारा ऐन, २०१२

(ग) काठमाडौँ उपत्यकाञ्चल कमिस्नर मेजिस्ट्रेटको सवाल, २००९

(घ) गौँडा गोस्वारासम्बन्धी प्रशासन (सामयिक व्यवस्था) ऐन, २०१९

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) मधेस गोस्वारा ऐन, २०१२ (पहाडतर्फ समेत) लागु गर्ने ऐन, २०१४

१६. स्थानीय प्रशासन अध्यादेश २०२८ निष्क्रिय भएपछि त्यसको परिणाम : स्थानीय प्रशासन अध्यादेश, २०२८ निष्क्रिय भएपछि अर्को अभिप्रायः नदेखिएमा सो निष्क्रियताले :

(क) निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउनेछैन,

(ख) सो अध्यादेशबमोजिम चालु भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै सजायलाई असर पार्नेछैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधा कर्तव्य वा दायित्वमा असर पार्नेछैन,

(घ) सो अध्यादेशविरुद्ध गरेको कुनै अपराधमा गरिएको कुनै दण्डसजाय वा जफतलाई असर पार्नेछैन र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व दण्डसजाय वा जफतसम्बन्धमा भएको कुनै कानुनी कार्बाही वा उपायमा असर पार्नेछैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानुनी कार्बाही वा उपायलाई सुरु गर्न, जारी राख्न वा लागु गर्न सकिनेछ र त्यस्तो दण्डसजाय पनि गर्न सकिनेछ ।

रूपान्तर : यो ऐन र प्रचलित नेपाल कानुनमा प्रयोग भएका 'जिल्ला कार्यालय' भन्ने शब्दहरूको सट्टा 'जिल्ला प्रशासन कार्यालय' भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

विकास क्षेत्र, अञ्चल र जिल्लाहरूको नाम

क्र.सं	विकास क्षेत्र	अञ्चल	जिल्ला
१	पूर्वाञ्चल विकास क्षेत्र	१. मेची	१. ताप्लेजुङ
			२. पाँचथर
			३. इलाम
			४. झापा
		२. कोसी	१. सङ्खुवासभा
			२. तेह्रथुम
			३. धनकुटा
			४. भोजपुर
			५. मोरङ
			६. सुनसरी
		३.सगरमाथा	१. सोलुखुम्बु
			२. ओखलढुङ्गा
			३. खोटाङ
			४. उदयपुर
			५. सप्तरी
			६. सिराहा
२.	मध्यमाञ्चल विकास क्षेत्र	४. जनकपुर	१. दोलखा
			२. रामेछाप

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

			३. सिन्धुली
			४. धनुषा
			५. महोत्तरी
			६. सर्लाही
		५. वागमती	१. सिन्धुपाल्चोक
			२.रसुवा
			३. काभ्रेपलाञ्चोक
			४. भक्तपुर
			५. ललितपुर
			६. काठमाडौँ
			७. नुवाकोट
			८. धादिङ
		६. नारायणी	१. मकवानपुर
			२. रौतहट
			३. बारा
			४. पर्सा
			५.चितवन
३.	पश्चिमाञ्चल विकास क्षेत्र	७. गण्डकी	१. गोरखा
			२. तनहुँ
			३. मनाङ
			४. लमजुङ
			५. कास्की
			६. स्याङ्जा
		८. लुम्बिनी	१. गुल्मी
			२. पाल्पा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

		३. अर्घाखाँची
		४.नवलपरासी
		५.रूपन्देही
		६.कपिलवस्तु
	९. धौलागिरि	१. पर्वत
		२. म्याग्दी
		३. मुस्ताङ
		४. बागलुङ
४. मध्य पश्चिमाञ्चल विकास क्षेत्र	१०. राप्ती	१. रुकुम
		२. रोल्पा
		३. प्युठान
		४. सल्यान
		५.दाङ देउखुरी
	११. कर्णाली	१. डोल्पा
		२. जुम्ला
		३. कालिकोट
		४. मुगु
		५. हुम्ला
	१२. भेरी	१. जाजरकोट
		२. दैलख
		३. सुर्खेत
		४. बाँके
		५. बर्दिया
५. सुदूरपश्चिमाञ्चल विकास क्षेत्र	१३. सेती	१. बाजुरा
		२. बझाङ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	३. अछाम
	४. डोटी
	५. कैलाली
१४. महाकाली	१. दार्चुला
	२. बैतडी
	३. डडेलधुरा
	४. कञ्चनपुर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

जासुसी ऐन, २०१८

लालमोहर र प्रकाशन मिति

२०१८।१२।२९

संशोधन गर्ने ऐन

१.	नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्न र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९	२०१९।१२।३०
२.	न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३	२०३३।४।१०
३.	जासुसी (पहिलो संशोधन) ऐन, २०३५	२०३५।७।१
४.	न्याय प्रशासन ऐन, २०२८	२०४८।२।१६

प्रस्तावना : नेपाल राज्यको सुरक्षा कायम राख्न नेपाल राज्यको विरुद्ध जासुसी, खुपिया तथा गुप्तचरको काम गर्नबाट रोक्न र त्यस्तो काम गर्ने गराउनेलाई सजाय दिने व्यवस्था गर्न वाञ्छनीय भएकाले,

*श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेव*बाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "जासुसी ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागु हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरूलाई समेत लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "सैनिक स्थिति" भन्नाले नेपाल राज्यको सैनिक शक्ति तालिम मुभमेन्टसमेतलाई जनाउँछ ।

(ख) "सामरिक व्यवस्था" भन्नाले नेपाल राज्यस्थित सैनिकहरूको हातहतियार खरखजाना राख्ने ठाउँ त्यस्ता हातहतियार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

खरखजानाको लगत सामरिक महत्व भएको ठाउँको नक्सा, मोडेल, स्केच, सैनिक कोड, पासवर्ड र सैनिकहरूको खटन र तैनाथसमेतलाई जनाउँछ ।

(ग) "आन्तरिक सुरक्षाको व्यवस्था" भन्नाले नेपाल राज्यस्थित प्रहरी फोर्सका शक्ति तालिम त्यस्तो प्रहरी फोर्सको हातहतियार खरखजानाको लगत, प्रहरी कोड र प्रहरी फोर्सको खटन र तैनाथसमेतलाई जनाउँछ ।

(घ) "यन्त्र" भन्नाले लेख्ने, सुन्ने र बोल्ने, काममा प्रयोग गरिने र फोटो खिच्ने यन्त्रसमेतलाई जनाउँछ ।

(ङ) "सूचना" भन्नाले कुनै किसिमको लिखतद्वारा वा मौलिक रूपमा वा सङ्केतबाट वा अन्य कुनै यन्त्रबाट समाचार प्रसारित गरिने कार्यलाई सम्झनुपर्छ ।

(च) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनुपर्छ ।

३. जासुसी :

(१) कुनै व्यक्तिले नेपाल राज्यभित्र वा बाहिर नेपाल राज्यको हित वा सुरक्षामा कुनै प्रतिकूल प्रभाव पार्ने उद्देश्यले वा कुनै विदेशी राज्यको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको व्यवस्थाको सूचना दिएमा वा सो दिन उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा त्यस्तो सूचना दिने उद्देश्यले सामग्री एकत्रित गरेमा वा त्यस्तो सूचना पावोस् भन्ने उद्देश्यले कुनै काम कुरा सुलभ पारिदिएमा वा सुलभ पारिदिनेतर्फ उद्योग गरेमा त्यस्तो व्यक्तिले जासुसी कसुर गरेको मानिनेछ ।

(२) कुनै व्यक्तिले नेपाल राज्यभित्र वा बाहिर नेपाल राज्यको हित वा सुरक्षामा कुनै प्रतिकूल प्रभाव पार्ने उद्देश्यले वा कुनै विदेशी राष्ट्रको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई नेपाल सरकारको तर्फबाट गोप्य राखिएको कुनै कूटनीतिक लेखोट वा अन्य कुनै गोप्य सरकारी कागजातसम्बन्धी लेखोटको सूचना दिएमा वा सो दिन उद्योग गरेमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वा त्यस्तो सुचना दिन दुरुत्साहन दिएमा त्यस्तो व्यक्तिले जासुसी गरेको मानिनेछ ।

४. खानतलासी र पक्राउ गर्ने अधिकार :

(१) कुनै व्यक्तिले जासुसी कसुर गरेको छ र त्यस्तो व्यक्तिसँग सैनिक स्थिति सामरिक व्यवस्था वा आन्तरिक सुरक्षा व्यवस्थासम्बन्धी कुनै किसिमको नोट, प्लान, मोडेल वा स्केच वा नेपाल सरकारको तर्फबाट गोप्य राखिएको कुनै किसिमको सरकारी कागजातसम्बन्धी लेखोट छ भन्ने भर पर्दो शङ्का लागेमा नेपाल सरकारले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गरी खानतलासी गर्न वा निजको जिउ वा त्यस्तो मालसामान भएको शङ्का लागेको बाकस, पोको, गुन्टा वा अन्य कुनै मालसामानको खानतलासी गर्न वारेण्ट जारी गर्न सक्नेछ र खानतलासी गर्दा प्राप्त हुन आएको त्यस्तो नोट, प्लान, मोडेल, स्केच वा गोप्य राखिएका सरकारी कागजातसम्बन्धी लेखोट वा जासुसीसम्बन्धी अन्य कुनै मालसामानउपर कब्जा गर्न सक्नेछ ।

तर खानतलासी गर्न पाउने वा कुनै कसुरदारलाई गिरफ्तार गर्न पाउने वारेण्ट प्राप्त गर्न केही सयम लाग्ने भई कसुरदार भागी जाने वा कसुरको सबुत गायब गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित पर्चा खडा गरी नेपाल सरकारले बिनावारेन्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय पनि त्यस्तो व्यक्तिको घर जग्गाभित्र प्रवेश गरी खानतलासी गर्न वा निजको जिउ वा त्यस्तो मालसामान भएको शङ्का लागेको बाकस, पोका, गुन्टा वा अन्य कुनै मालसामानको खानतलासी गर्न सक्नेछ र खानतलासी गर्दा प्राप्त हुन आएको त्यस्तो नोट, प्लान, मोडेल, स्केच, गोप्य राखिएको सरकारी कागजातसम्बन्धी लेखोट वा जासुसीसम्बन्धी अन्य कुनै मालसामानउपर कब्जा गर्न सक्नेछ ।

(२) जासुसी कसुर गर्ने व्यक्ति कुनै किसिमको सवारीद्वारा भाग्न लागेमा नेपाल सरकारले त्यस्तो सवारी रोक्ने वा तोकिएको ठाउँमा उतार्न सक्नेछ ।

५. जासुसी कसुर गरेको थाहा पाउनेले जनाउ दिनुपर्ने : जासुसी कसुर गरेको थाहा पाउने प्रत्येक व्यक्तिले नजिकको प्रहरी ठानामा सो कुराको जनाउ दिनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६. सजाय :

(१) दफा ३ को उपदफा (१) अन्तर्गतको जासुसी कसुर गर्ने व्यक्तिलाई पाँच वर्षदेखिसम्म जन्मभर कैद हुनेछ ।

(२) दफा ३ को उपदफा (२) अन्तर्गतको जासुसी कसुर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि दस वर्षसम्म कैद हुनेछ ।

(३) जासुसी कसुर गरेको कुरा थाहा पाई दफा ५ बमोजिम जनाउ नदिने व्यक्तिलाई चार वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) यस दफाबमोजिम कैद वा सजाय भएको व्यक्ति गैरनेपाली नागरिक भए सो भुक्तान असुल भएपछि नेपाल सरकारले निजलाई नेपाल राज्यबाट निष्काशित गर्न सक्नेछ ।

७. मुद्दाको पुर्पक्षको लागि अभियुक्तलाई थुनामा राख्ने : यस ऐनअन्तर्गत जासुसी कसुरको अभियोग लागेको व्यक्ति मुद्दा हेर्ने अधिकारीसमक्ष सावित भयो वा तत्काल प्राप्त सबुत प्रमाणबाट निजले जासुसी कसुर गरेको देखिन आएमा त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिनेछ ।

८. नेपाल सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी भई हेरिनेछ ।

९. अख्तियार सुम्पनेबारे : नेपाल सरकारले सूचित आदेशद्वारा दफा ४ अन्तर्गतको सबै वा केही अधिकार अरू कुनै अधिकृत वा अधिकारीद्वारा प्रयोग गर्न पाउने गरी अख्तियार सुम्पन सक्नेछ ।

१०. अदालतको अधिकार क्षेत्र : नेपाल सरकारले अधिकार दिएको अदालतमा बाहेक अरू कुनै अदालतमा यस ऐनअन्तर्गतको अपराधमा मुद्दा चल्न सक्दैन र त्यस्तो अदालतका फैसलाउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्दछ ।

११. नियम बनाउने अधिकार : नेपाल सरकारले यो ऐनको उद्देश्य कार्यान्वित गर्न नियमहरू बनाउन सक्नेछ ।

१२. अरू ऐनबमोजिम मुद्दा चलाउने अधिकारमा बाधा नपर्ने : यस ऐनबमोजिम सजाय हुने व्यक्तिलाई अरू ऐनबमोजिम बढी सजाय हुने रहेछ भने त्यस्तो व्यक्तिलाई उक्त ऐनअर्न्तगत मुद्दा चलाउन र बढी सजाय दिन यस ऐनले बाधा पुऱ्याउँदैन । तर, कुनै व्यक्तिलाई एउटै अपराधमा दुईपटक सजाय हुनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नेपाल विशेष सेवा ऐन, २०४२

लालमोहर र प्रकाशन मिति

२०४२।५।१२।४

संशोधन गर्ने ऐन

नेपाल विशेष सेवा (पहिलो संशोधन) ऐन, २०४७ २०४७।१२।२९

नेपाल विशेष सेवासम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०४२

प्रस्तावना : नेपाल राज्यको सुरक्षा कायम राख्न नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी सेवासर्त सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "सेवा" भन्नाले दफा ३ बमोजिम गठन हुने नेपाल विशेष सेवा सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको राष्ट्रिय अनुसन्धान विभाग र सो विभागअन्तर्गतको क्षेत्रीय, अञ्चल, जिल्ला स्तरीय कार्यालय सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३. नेपाल विशेष सेवाको गठन : (१) नेपाल सरकारले नेपाल विशेष सेवाको गठन गर्न सक्नेछ ।

(२) नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी अन्य कार्याविधि तोकिएबमोजिमको हुनेछ ।

४. कार्यालयको स्थापना : (१) सेवसम्बन्धी कार्य सञ्चालन गर्न गृहमन्त्रालयअन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको राष्ट्रिय अनुसन्धान विभागको रेखदेख तथा नियन्त्रणमा रहने गरी आवश्यकतानुसार क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालयहरू स्थापना हुन सक्नेछन् ।

(३) यो दफा प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको नेपाल जनसम्पर्क प्रधान कार्यालय तथा सोअन्तर्गतका कार्यालयहरू यो दफा प्रारम्भ भएपछि राष्ट्रिय अनुसन्धान विभाग र सोअन्तर्गतका कार्यालयहरूमा परिणत भएको मानिनेछ ।

५. कार्यालयको काम, कर्तव्य र अधिकार : कार्यालयको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

५क. अनुसन्धानका सिलसिलामा आवश्यक अधिकारको प्रयोग गर्न सक्ने : (१) नेपाल सरकारले आवश्यक ठानेका विषयमा राष्ट्रिय अनुसन्धान विभागलाई अनुसन्धान गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय अनुसन्धान विभागले अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धान गर्ने अधिकृतले प्रहरी ऐन, २०१२ बमोजिम प्रहरीलाई भएको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय अनुसन्धान विभागले गरेको अनुसन्धानबाट कुनै अनियमितता भएको देखिन आएमा नेपाल सरकारले सम्बन्धित व्यक्तिउपर प्रचलित कानुनबमोजिम मुद्दा चलाउनेछ ।

५ख. सहयोग गर्नुपर्ने : कार्यालयको परिचयपत्र लिई आउने कर्मचारीलाई सरकारी कार्यालय वा व्यक्तिले कार्यालयसम्बन्धी काममा सहयोग गर्नुपर्नेछ ।

६. कर्मचारीको नियुक्ति तथा सेवासर्त : सेवाको कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा र बर्खासी तथा सेवाका अन्य सर्तहरू तोकिएबमोजिम हुनेछन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७. बचाउ : (१) दफा ९ बमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दामा बाहेक सेवाका कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा सङ्कलन गरेको खबर कहिले, कसलाई दिएको वा केकस्तो खबर सङ्कलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालतसमक्ष प्रश्न गरिने र उपस्थित गराइनेछैन ।

(२) कार्यालयमा रहेको गोप्य कागजात अधिकारप्राप्त अधिकारीबाहेक अन्य कुनै पनि निकाय, अधिकारी वा अदालतमा प्रस्तुत वा प्रकट गर्न कसैलाई बाध्य गराइनेछैन ।

८. निषेधित काम : (१) सेवाको कर्मचारीले आफ्नो पदको दुरूपयोग गर्न वा सेवाको काममा लगाइएका अन्य व्यक्तिले आफ्नो कर्तव्य बर्खिलाप काम गर्नुहुँदैन ।

(२) सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले सेवामा वा सेवाको काममा छँदै वा सेवाबाट वा सेवाको कामबाट अलग भइसकेपछि पनि सेवाको कामसम्बन्धी गोप्यता कुनै तरिकाले भङ्ग गर्नुहुँदैन ।

९. दण्ड सजाय : यस ऐनको बर्खिलाप काम गर्ने सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका कुनै व्यक्तिलाई कसुरको मात्रा हेरी दस वर्षसम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो कसुर गर्ने व्यक्तिबाट धनसम्पत्तिको नोक्सान भएको रहेछ भने सो क्षति निजको आफ्नो अंशभागको कुनै चलअचल सम्पत्ति लिलाम गरी त्यसबाट भराइनेछ । त्यसरी भराइदिँदा क्षतिपूर्ति दिनुपर्ने रकम निजको त्यस्तो सम्पत्तिबाटउपर हुन नसकेको बाँकी रकमबापत प्रचलित कानुनबमोजिम जरिवाना नतिरेसरह गरी कैद हुनेछ ।

१०. मुद्दा हेर्ने अधिकार : (१) यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दा हेर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको आदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐनअन्तर्गतका मुद्दामा कार्बाही र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्याविधि अपनाउनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, यस ऐनबमोजिमको अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा विशेष अदालत ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (छ) मा वा अन्य प्रचलित नेपाल कानुनमा जेसुकै लेखिएको भए तापनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने मनासिब कारण भए सो र सोसम्बन्धमा सरकारी वकीलको समेत कुनै जिकिर भए सोसमेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्नेछ । यसरी पर्चा खडा गरी थुनामा राखी पुर्पक्ष गरेकामा थुनुवा पर्चाउपर कुनै प्रश्न उठाई उजुरी गर्न पाइनेछैन ।

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ र त्यस्तो पुनरावेदनको कार्बाही र किनारा सर्वोच्च अदालतको घटीमा तीनजना न्यायाधीशको इजलासबाट हेरिनेछ ।

११. बन्द इजलासमा कार्बाही हुने : यस ऐनबमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दाको पुर्पक्ष गर्दा र पुनरावेदनको कार्बाही र निर्णय गर्दा बन्द इजलासमा गरिनेछ ।

१२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू नेपाल सरकारले सार्वजनिक रूपमा प्रकाश गर्नेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६

लालमोहर र प्रकाशन मिति

२०४६।६।११

संशोधन गर्ने ऐन

न्याय प्रशासन ऐन, २०४८ २०४८।२।१६

दण्ड सजायसम्बन्धी केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०५५ २०५६।१।१६

राज्य विरुद्धको अपराध र सजायको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण्ण राख्न, विभिन्न वर्ग, जाति, धर्म एवम् सम्प्रदायका जनताका बीच सुसम्बन्ध कायम राख्न, शान्ति र व्यवस्था कायम राख्न तथा विदेशी राज्यहरूसँग मित्रताको सम्बन्ध कायम राख्न राज्य विरुद्ध गरिने अपराध र सजायको सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम विस्तार प्रारम्भ :

१.१ यस ऐनको नाम "राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६" रहको छ ।

१.२ यो ऐन नेपाल राज्यभर लागु हुनेछ र नेपाल राज्यबाहिर जहाँसुकै रहेबसेको भए तापनि सबै नेपाली नागरिकलाई लागु हुनेछ ।

१.३ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजपरिवारउपर आक्रमण : *श्री ५ महाराजाधिराज वा मौसूफका पटबन्धा महारानी वा राजपरिवारका अन्य सदस्यलाई* जोसुकैले जोरजुलुम गरेमा वा थुनछेक गरेमा वा बल प्रयोग गरी त्रास देखाएमा वा सो कुराहरू गर्ने उद्योग गरेमा सर्वस्वसहित जन्मकैद, जन्मकैद वा दस वर्षसम्म कैद हुनेछ ।

३. राष्ट्र विप्लव :

३.१ कसैले नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्मकैद हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३.२ कसैले आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी नेपाल सरकारलाई पल्टाउने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद वा दस वर्ष कैद हुनेछ ।

३.३ कसैले नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा आघात पर्न सक्ने गरी कुनै विदेशी राज्य वा सङ्गठित शक्तिसँग मिली कुनै प्रकारको षड्यन्त्र गरेमा निजलाई जन्म कैद वा दस वर्षसम्म कैद हुनेछ ।

३.४ कसैले उपदफा ३.१ वा ३.२ अन्तर्गतको अपराध गर्ने षड्यन्त्र रचेमा वा सो गर्ने नियतले मानिस, हातहतियार वा खरखजना जम्मा गरेमा वा सो गर्न दुरुत्साहन दिएमा निजलाई दस वर्षसम्म कैद हुनेछ ।

४. राजद्रोह :

४.१ कसैले लेखेर वा वचनले वा आकार चिन्हद्वारा वा अन्य कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले *श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति* घृणा, द्वेष वा अवहेलान गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४.२ कसैले स्वतन्त्र एवम् अविभाज्य नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पर्न सक्ने गरी वर्गीय, जातिय, धार्मिक, क्षेत्रीय वा यस्तै अरू कुनै आधारमा घृणा द्वेष, अवहेलना उत्पन्न हुने कुनै कामकार्बाही गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४.३ कसैले लेखेर वा वचनले वा आकार र चिन्हद्वारा वा अरू कुनै किसिमबाट नेपाल सरकारको कामकार्बाहीको उल्लेख गरी निराधार अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष,वा अवहेलना गरेगराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

तर यस उपदफा मा लेखिएको कुनै कुराले नेपाल सरकारको आलोचना गरेकोलाई यो उपदाफाअन्तर्गत अपराध गरेको मानिनेछैन ।

५. मित्रराष्ट्रप्रति विद्रोह : कसैले नेपाल राज्यको भूमिबाट कुनै मित्रराष्ट्रको विरुद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

दिएमा सात वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

६. जफत हुने : यस ऐनअन्तर्गतको अपराध गर्न जम्मा वा प्रयोग गरेको हातहतियार खरखजाना वा मलसामान सबै जफत हुनेछ ।

७. मुद्दा हेर्ने अधिकार : यस ऐनअन्तर्गतको मुद्दामा सुरु कार्बाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

८. मुद्दा सर्ने : राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत विभिन्न अदालत वा अधिकारीसमक्ष दायर भई बाँकी रहका मुद्दाहरू यो ऐन प्रारम्भ भएपछि सम्बन्धित जिल्ला अदालतमा सर्नेछन् ।

९. खारेजी : राजकाज (अपराध र सजाय) ऐन, २०१९ खारेज गरिएको छ ।

रूपान्तर : 'श्री ५ को सरकार' को सट्टा 'नेपाल सरकार' र 'नेपाल अधिराज्य' को सट्टा 'नेपाल राज्य' गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सार्वजनिक सुरक्षा ऐन, २०४६

लालमोहर र प्रकाशन मिति

२०४६।६।११

संशोधन गर्ने ऐन

१.	सार्वजनिक सुरक्षा (पहिलो संशाधन) ऐन, २०४७	२०४७।१२।२९
२.	सार्वजनिक सुरक्षा (दोस्रो संशोधन) ऐन, २०४८	२०४८।७।२८
३.	केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८	२०४९।१।८

सार्वजनिक सुरक्षा कायम राख्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था तथा सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्न कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्ने वा स्थानहद गर्ने सम्बन्धमा समयोचित व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "सार्वजनिक सुरक्षा ऐन, २०४६" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२.१.१ "नजरबन्दको आदेश" भन्नाले उपदफा ३.१ बमोजिमको आदेश सम्झनुपर्छ ।

२.१.२ "स्थानहदको आदेश" भन्नाले उपदफा ३.२ बमोजिमको आदेश सम्झनुपर्छ ।

२.१.३ "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ र सो शब्दले निजको अनुपस्थितिमा निजको निमित्त भई काम गर्ने अधिकारीसमेतलाई जनाउँछ ।

३. आदेश जारी गर्ने अधिकार :

३.१ नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थमा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ ।

३.२ सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई स्थानहद गर्नको लागि निजको नाममा देहायबमोजिम कुनै आदेश जारी गर्न सक्नेछ :

३.२.१ नेपाल राज्यको कुनै ठाउँमा नबस्नु भनी,

३.२.२ नेपाल राज्यको कुनै ठाउँमा प्रवेश नगर्नु भनी,

३.२.३ नेपाल राज्यको कुनै ठाउँमा मात्र बस्नु भनी ।

३.३ कुनै व्यक्तिलाई नेपाल राज्यको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको सुसम्बन्ध वा विभिन्न वर्ग वा क्षेत्रका जनताको बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कुरा गर्नबाट रोक्नको लागि नेपाल सरकार, गृहमन्त्रालयले त्यस्ता व्यक्तिलाई नेपाल सरकारको स्वीकृति बिना नेपाल राज्य बाहिर जान नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

४. आदेशसम्बन्धी कार्याविधि :

४.१ उपदफा ३.१ वा ३.२ अन्तर्गत कुनै आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्छ । स्थानीय अधिकारीले सो आदेशको प्रतिलिपिसहित त्यसको जानकारी गृहमन्त्रालयलाई पनि दिनुपर्नेछ ।

४.२ कुनै व्यक्तिलाई नजरबन्दमा राख्ने गरी आदेश जारी भएकोमा जुन जिल्लामा नजरबन्द राख्ने आदेश भएको हो सो जिल्लाको जिल्ला अदालतलाई चौबीस घण्टाभित्र आदेशको प्रतिलिपिसहित स्थानीय अधिकारीले सूचना पठाउनुपर्नेछ ।

४.३ उपदफा ३.१ वा ३.२ बमोजिमको आदेश जारी गर्नुपरेको कारण विद्यमान नरहेको चौबीस घण्टाभित्र स्थानीय अधिकारीले त्यस्तो आदेश खारेज गर्नुपर्नेछ ।

५. नजरबन्दको आदेश लागु रहने अवधि :

५.१ उपदफा ३.१ बमोजिम कसैलाई नजरबन्दमा राख्ने गरी जारी गरिएको आदेश अगावै खारेज भएमा बाहेक जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ ।

५.२ उपदफा ५.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नजरबन्दको आदेशको अवधि देहाय बमोजिम हुनेछ :

५.२.१ यस ऐनबमोजिम नजरबन्दमा रहेको कुनै व्यक्तिलाई नब्बे दिनभन्दा बढी अवधिको लागि नजरबन्दमा राख्न आवश्यक देखिएमा त्यसको कारण र आधारसहित स्थानीय अधिकारीले नेपाल सरकार, गृहमन्त्रालयमा लेखी पठाउनु पर्नेछ । नेपाल सरकार, गृहमन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले छ महिनासम्म कायम रहनेछ ।

५.२.२ यस ऐन बमोजिम नजरबन्दमा रहेका कुनै व्यक्तिलाई छ महिनाभन्दा बढी अवधिका लागि नजरबन्द राख्नुपर्ने देखिएमा नेपाल सरकार, गृहमन्त्रालयले दफा ७ बमोजिमको सल्लाहकार समितिसँग राय लिनेछ । सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउन उचित छ भनी राय दिएमा नजरबन्दको आदेशको अवधि त्यस्तो

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आदेश जारी भएको मितिले बाह्र महिनासम्म कायम रहनेछ ।

६. स्थानहदको आदेश लागु रहने अवधि :

६.१ कुनै व्यक्तिको सम्बन्धमा जारी गरिएको स्थानहदको आदेश अगावै खारेज गरिएमा बाहेक सो आदेश जारी गरिएको मितिले तीस दिनसम्म कायम रहनेछ ।

६.२ उपदफा ६.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम जारी गरिएको स्थानहदको आदेश तीस दिनभन्दा बढी अवधिका लागि कायम राख्न आवश्यक देखिएमा त्यसको कारण र आधारसहित स्थानीय अधिकारीले नेपाल सरकार, गृहमन्त्रालयमा लेखी पठाउनुपर्नेछ । नेपाल सरकार गृहमन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ ।

७ सल्लाहकार समितिको गठन : यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले प्रधानन्यायाधीशसँग परामर्श गरी सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा सोही अदालतका बहालवाला वा अवकाश प्राप्त अन्य दुई जना न्यायाधीश सदस्य रहेको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

८. सल्लाहकार समितिको कार्याविधि :

८.१ नजरबन्दमा रहेको कुनै व्यक्तिको नजरबन्दको आदेशको अवधि छ महिनाभन्दा बढी समयसम्म कायम राख्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकार, गृहमन्त्रालयले त्यसको कारण र आधार तथा स्थानीय अधिकारीले त्यस सम्बन्धमा कुनै सुझाव दिएको भए सो सुझाव र नजरबन्दमा रहेको व्यक्तिको तर्फबाट नेपाल सरकारसमक्ष कुनै उजुर परेको भए सो उजुरीसहितको प्रतिवेदन सल्लाहकार समितिसमक्ष पेस गर्नुपर्छ ।

८.२ उपदफा ८.१ बमोजिम प्राप्त प्रतिवेदन तथा अन्य कागजात र नजरबन्द राखिएको व्यक्तिसँग उपदफा ८.३ बमोजिम सोधपुछ गरिएको वा स्पष्टीकरण मागिएको भए निजको जवाफ वा स्पष्टीकरणसमेत उपर विचार गरी सल्लाहकार समितिले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नजरबन्दको अवधि बढाउनु आवश्यक छ वा छैन भन्ने राय नेपाल सरकारसमक्ष पठाउनेछ ।

८.३ सल्लाहकार समितिले आवश्यक देखेमा नजरबन्दमा रहेको व्यक्तिसित कुनै कुरा सोधपुछ गर्न वा स्पष्टीकरण माग गर्न सक्नेछ ।

९. आदेश खारेज गर्ने अधिकार :

९.१ स्थानीय अधिकारीले आफूले जारी गरेको कुनै पनि आदेशलाई सो आदेशमा तोकिएको अवधि अगावै जहिलेसुकै पनि खारेज गर्न सक्नेछ ।

९.२ नेपाल सरकारले नजरबन्दको आदेश र स्थानहदको आदेशलाई जहिलेसुकै पनि खारेज गर्न सक्नेछ ।

१०. दण्ड सजाय :

१०.१ उपदफा ३.२ बमोजिमको आदेशको बर्खिलाप गर्ने व्यक्तिलाई स्थानीय अधिकारीले छ महिना सम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१०.२ उपदफा १०.१ बमोजिमको सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

१०.३ उपदफा १०.२ बमोजिम परेको पुनरावेदनमा पुनरावेदन अदालतले आदेशको बर्खिलाप भएको छ छैन भन्ने विषयमा सीमित रही पुनरावेदनको किनारा गर्नेछ ।

११. कुनै अदालतमा प्रश्न उठाउन नसकिने : यस ऐनअन्तर्गत जारी भएको आदेशउपर कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

१२. छोड्न पर्दा अपनाउनेपर्ने कार्याविधि : नजरबन्दमा राखिएको कुनै व्यक्तिलाई छोड्नुपर्दा सम्बन्धित जिल्ला अदालतको न्यायाधीश वा निजको अनुपस्थितिमा श्रेस्तेदारको रोहबरमा छोड्नुपर्छ ।

१२क. बदनियतपूर्वक नजरबन्दमा राखिएकोमा क्षतिपूर्ति पाउन सक्ने :

१२क.१. यस ऐनबमोजिम नजरबन्दमा राखिएको व्यक्तिले आफूलाई यस ऐनको विपरीत वा बदनियतपूर्वक नजरबन्दमा राखेको लागेमा दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नजरबन्दमा छँदै वा नजरबन्दबाट मुक्त भएको पैंतीस दिनभित्र त्यस्तो नजरबन्दको आदेश जारी गर्ने स्थानीय अधिकारीबाट क्षतिपूर्ति भराई दिनका लागि जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।

१२क.२. उपदफा १२क.१ बमोजिम गरेको उजुरीको व्यहोरा प्रमाणित भएमा जिल्ला अदालतले नजरबन्द राखिएको अवधि, नजरबन्दमा राखिएको व्यक्तिको उमेर, निजको सामाजिक प्रतिष्ठा, नजरबन्द रहेबाट निजलाई परेको आर्थिक हानि इत्यादि कुराहरूको विचार गरी नेपाल सरकारबाट उजुरवालालाई मनासिब क्षतिपूर्ति भराई दिने निर्णय
गर्नेछ ।

१२क.३. उपदफा १२क.१ बमोजिम परेको उजुरीको सम्बन्धमा प्रतिरक्षा गर्न स्थानीय अधिकारीले सरकारी वकीलको कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा अदालतमा सरकारी वकीलले निजको प्रतिरक्षा गरी दिनुपर्नेछ ।

१३. विभागीय कार्बाही हुने : यस ऐनअन्तर्गत स्थानीय अधिकारीले जारी गरेको आदेश बदनियतसाथ जारी गरेको ठहरिएमा त्यस्तो अधिकारीलाई विभागीय कार्बाही भई सजाय हुनेछ ।

१४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

१५. खारेजी र बचाउ :

१५.१ सार्वजनिक सुरक्षा ऐन, २०१८ खारेज गरिएको छ ।

१५.२ सार्वजनिक सुरक्षा ऐन, २०१८ अन्तर्गत जारी गरिएको आदेशको सम्बन्धमा यसै ऐनको व्यवस्था लागु हुनेछ ।

रूपान्तर : 'श्री ५ को सरकार' को सट्टा 'नेपाल सरकार' र 'नेपाल अधिराज्य' को सट्टा 'नेपाल राज्य' गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) गर्ने व्यवस्था गर्न बनेको अध्यादेश, २०६२

प्रकाशन मिति:

२०६२।१२।१४

२०६२ सालको अध्यादेश नं. ७१

प्रस्तावना : नेपाल अधिराज्यमा शान्ति र व्यवस्था कायम राख्न तथा सर्वसाधारण जनताको सुरक्षा गर्नका निमित्त आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्ने सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकाले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस अध्यादेशको नाम "आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा :

(क) "हातहतियार" भन्नाले राइफल, बन्दुक, तोप, पिस्तोल, रिभाल्वर, मेसिनगन, रकेट लन्चर वा त्यस्तै अन्य प्रकारका साधन वा यन्त्र वा भाला, चक्कु, खुकुरी वा धार भएको वा नभएको शरीरलाई क्षति पुऱ्याउने अन्य जोखिमी हतियार सम्झनुपर्छ ।

(ख) "खरखजाना" भन्नाले धुमिका सङ्केत (फग सिग्नल) फ्युज, बारुद केप, गोला, छर्रा, पड्काउने वस्तु (

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

डिटोनेटर) कार्तोस र यस्तै किसिमको अन्य खरखजाना सम्झनुपर्छ ।

(ग) "बम" भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित आफैँ वा अन्य कुनै साधनद्वारा विष्फोट हुने गरी बनाइएको सैनिक वा गैरसैनिक प्रयोगमा आउने ग्रिनेड वा ल्यान्ड माइन्स वा अन्य कुनै प्रकारको विष्फोटक पदार्थयुक्त वा विष्फोटन हुने वा गराउने जुनसुकै प्रकारको पदार्थ सम्झनुपर्छ ।

(घ) "विष्फोटक पदार्थ" भन्नाले पड्की क्षति पुऱ्याउने टी.एन.टी. एमाटोल, बारोटोल, पेन्टोलाइट, आर.डी.एक्स, टोरपेकस, प्लाष्टिक एक्स्प्लोसिभ, डाइनामाइट, बारुद, नाइट्रो ग्लिसिरिन, जेलेग्नाइट, स्टेमाइट, सेल्साइट, गनकटन, ब्लास्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरू धातुको फुल्युनेट र सोहीसरह भए वा नभए तापनि विष्फोटनद्वारा असर गर्ने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरू जुनसुकै पदार्थ सम्झनुपर्छ ।

(ङ) "विषालु पदार्थ" भन्नाले कुनै पनि प्रकारको विष वा त्यस्तो बिष मिसाइएको ठोस वा तरल पदार्थ सम्झनुपर्छ र सो शब्दले जुनसुकै प्रकारको विषालु धुवाँ वा ग्याँसलाई समेत जनाउँछ ।

(च) "सुरक्षाकर्मी" भन्नाले प्रहरी वा सशस्त्र प्रहरी वा शाही नेपाली सेना वा *श्री ५ को सरकारले* आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोकथाम तथा नियन्त्रणको काममा खटाएको व्यक्ति सम्झनुपर्छ ।

(छ) "आतङ्ककारी तथा विध्वंसात्मक कार्य" भन्नाले दफा ३ मा उल्लिखित आतङ्ककारी तथा विध्वंसात्मक कार्य सम्झनुपर्छ ।

(ज) "आतङ्ककारी" भन्नाले दफा ३ बमोजमको आतङ्ककारी तथा विध्वंसात्मक कार्य मा संलग्न व्यक्ति वा समूह सम्झनुपर्छ ।

(झ) "मतियार" भन्नाले देहायको व्यक्ति सम्झनुपर्छ :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) आतङ्ककारी तथा विध्वंसात्मक कार्य मा संलग्न व्यक्ति वा समूहसँगको सम्पर्कमा रही सहयोग पुऱ्याउने व्यक्ति,

(२) आतङ्ककारी तथा विध्वंसात्मक कार्य मा संलग्न व्यक्ति वा समूहलाई कुनै सूचना दिने वा आतङ्ककारी तथा विध्वंसात्मक कार्य मा संलग्न व्यक्ति वा समूहको सूचना प्रवाह गर्ने व्यक्ति,

(३) करकापमा परेको अवस्थामा बाहेक आतङ्ककारी तथा विध्वंसात्मक कार्य मा संलग्न व्यक्ति वा समूहलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानी जानी आर्थिक, भौतिक वा आश्रय दिई सहयोग गर्ने व्यक्ति,

(ञ) "सम्पत्ति" भन्नाले नेपल अधिराज्यभित्र वा बाहिरको सरकारी वा सार्वजनिक वा निजि चल अचल सम्पत्ति सम्झनुपर्छ ।

(ट) "सुराकी" भन्नाले आतङ्ककारी तथा विध्वंसात्मक कार्य तथा विष्फोटक पदार्थका सम्बन्धमा सुरक्षाकर्मी तथा *श्री ५ को सरकारलाई* सूचना दिने वा सूचना दिन मद्दत पुऱ्याउने व्यक्ति सम्झनुपर्छ ।

(ठ) "सुरक्षा अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी वा *श्री ५ को सरकारले* नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको *श्री ५ को सरकारको* राजपत्राङ्कित अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(ड) "आदेश" भन्नाले *श्री ५ को सरकार* वा सुरक्षा अधिकारीले जारी गरेको आदेश सम्झनुपर्छ ।

(३) <u>आतङ्ककारी तथा विध्वंसात्मक अपराध</u> :

(१) कसैले देहायको कुनै कार्य गरेमा आतङ्ककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ ।

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, वा नेपाल अधिराज्य वा यसको कुनै भागको सुरक्षा वा शान्ति र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

व्यवस्था वा विदेशस्थित नेपाली कूटनीतिक नियोग वा सम्पत्तिको सुरक्षामा खलल वा आघात पार्ने उद्देश्यले कुने प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी कुनै स्थानको सम्पत्तिमा क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा त्यस्तो योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याई घाइते तुल्याउने कार्य वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिउज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याउने वा माथि उल्लिखित कुनै कार्य गरी सर्वसाधारण जनता वा आवत जावत गर्ने वा भेला हुने व्यक्तिलाई आतङ्कित तुल्याउने कुनै कार्य, वा

(ख) खण्ड (क) बमोजिमको उद्देश्यको निमित्त सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने वा धम्की दिई कसैको जिउज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने कार्य, वा

(ग) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ व विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, सञ्चय गर्ने, ओसार पसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिँड्ने वा जडान गर्ने वा जानी जानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने कार्य, वा

(घ) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यका निमित्त मानिस भेला गराउने, प्रशिक्षण दिने जस्तो कार्य,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) यस उपदफा बमोजिमको उद्देश्यका निमित्त जबरजस्ती नगदी जिन्सी वा चन्दा उठाउने, सम्पत्ति लुटपिट गर्ने, कब्जा गर्ने, उपभोग गर्न नदिने वा व्यक्तिको अपहरण गर्ने वा आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई प्रत्यक्ष व अप्रत्यक्ष रूपमा जानी जानी आर्थिक भौतिक वा आश्रय दिई सहयोग गर्ने कार्य, र

(च) दफा २ को खण्ड (झ) बमोजिम मतियार भै गरेको कार्य ।

(२) कसैले आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्योग वा षड्यन्त्र गरेमा वा सो कार्य गर्न कसैलाई दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो कार्य गर्न गराउनका लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा त्यस्तो काम गर्न कुनै गिरोह वा समूह खडा गरेमा वा त्यस्तो काम गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्यको प्रचार प्रसार गरे गराएमा वा सरकारी सञ्चार पद्धतिमा व्यवधान खडा गरेमा त्यस्तो कार्यलाई समेत आतङ्ककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ ।

तर, करकापबाट गराइएको कार्यलाई आतङ्ककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछैन ।

(३) उपदफा (१) वा (२) बमोजिमको अपराध गर्ने व्यक्तिउपर यस अध्यादेशबमोजिम कार्बाही तथा सजाय हुनेछ ।

(४) कसैले उपदफा (३) मा उल्लेखित कुनै अपराधमा सहयोग पुऱ्याए वा मतियार भई कार्य गरेमा निजउपर छुट्टै मुद्दा चलाउन पनि बाधा पर्नेछैन ।

४. <u>अध्यादेशको बहिर्क्षेत्रीय प्रयोग</u> : आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले *नेपाल अधिराज्य* वा नेपाली नागरिक वा *नेपाल अधिराज्यको* कुनै सम्पत्तिलाई लक्षित गरी त्यस्तो अपराध *नेपाल अधिराज्य* बाहिर बसी गरेको भए तापनि निजले त्यस्तो अपराध *नेपाल अधिराज्यभित्र* गरेसरह मानी निजलाई यसै अध्यादेशबमोजिम कार्बाही र सजाय हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५. आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्ने विशेष अधिकार : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि *श्री ५ को सरकारले* नेपाल अधिराज्यको सबै वा कुनै भागमा र सुरक्षा अधिकारीले आफ्नो क्षेत्रभित्र आतङ्ककारी तथा विध्वंसात्मक अपराध रोक्न देहायका कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ :

(क) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको भन्ने प्रर्याप्त र मनासिब शङ्काका आधारमा पक्राउ गरी पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो दिने,

(ख) अवैध हातहतियार खरखजाना, बम वा विष्फोटक पदार्थ राखेको वा आतङ्ककारीसँग सम्बन्धित कुनै शङ्कास्पद व्यक्ति लुकेछिपेको छ भन्ने शङ्का लागेमा जुनसुकै व्यक्तिको घर, पसल, यातायातको साधन वा अन्य कुनै स्थानमा सूचना दिई जुनसुकै समयमा खानतलासी लिने र खानतलासीको क्रममा बरामद भएका मालवस्तुहरू बुझेको भए सोको भर्पाई दिने,

(ग) आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्ने प्रयोजनका लागि कुनै पनि स्थान वा बाटो घाटोमा कसैको जिउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन सवारी साधनको खानतलासी लिने,

(घ) खण्ड (क) बमोजिम पक्राउ गर्दा वा खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिंदा वा अन्य कुनै कार्बाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियारसहित बाधा विरोध गरेमा हातहतियार प्रयोग गर्ने,

(ङ) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरिरहेको वा गर्ने व्यक्ति भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(च) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले जबरजस्ती कब्जा गरी राखेको स्थान वा सवारी साधन वा वायुयान वा पानी जहाज वा अन्य कुनै यातायातको साधन वा त्यस्ता साधनहरूमा बन्धक बनाई राखेको मानिसलाई छुटाउने क्रममा निजहरूको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

जिउज्यानमा पर्न सक्ने क्षति, जोखिम वा अन्य नोक्सानीबाट बचाउन आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(छ) कर्तव्य पालनको सिलसिलामा कुनै व्यक्ति वा समूहले कुनै सुरक्षाकर्मीउपर आक्रमण गरेको अवस्थामा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ज) कुनै व्यक्ति वा समूहले कुनै स्थान विशेषमा कार्यरत सुरक्षकर्मीलाई जिउ धनमा असर पुऱ्याउने उद्देश्यले कुनै हातहतियार लिई धम्की दिएमा वा धम्की दिने चेष्टा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(झ) कुनै व्यक्ति वा समूहले सुरक्षाकर्मीद्वारा सुरक्षा प्रदान गरिनु पर्ने व्यक्तिहरू वा सुरक्षाकर्मीले सुरक्षा गरिरहेको सर्वसाधारण जनता, सरकारी काममा खटिएका कर्मचारी वा सरकारी सामान वा सुरक्षाकर्मीको जिउज्यानमा असर पुऱ्याउने उद्देश्यले आक्रमण गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ञ) हतियारधारी व्यक्ति वा समूहसँग मुठभेड भएमा वा तोकिएको कार्य गर्न लाग्दा सुरक्षाकर्मीलाई बिना हातहतियार वा हातहतियारसहित कुनै व्यक्ति वा समूहले अवरोध खडा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ट) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्देश्यले हातहतियार लिई हिँड्ने व्यक्ति वा समूह, हातहतियार भण्डारण गर्ने वा तालिम सञ्चालन गर्ने इलाकामा सुरक्षाकर्मीले आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ठ) सुरक्षाकर्मीले आवश्यकताअनुसार कुनै पनि हतियारधारी व्यक्ति वा समूहसँग रहेको हतियार नियन्त्रणमा लिई आफ्नो जिम्मामा लिने वा हतियारधारीलाई निःशस्त्र पार्ने,

(ड) कुनै पनि शङ्कास्पद व्यक्ति वा स्थानको निगरानी गर्ने र आवश्यक परेमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने वा शङ्कास्पद स्थानको तलावन्दी वा नाकाबन्दी गर्ने,

(ढ) आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको छ भन्ने पर्याप्त र मनासिब आधारमा शङ्का लागेको व्यक्तिको बैंक खाता वा राहदानी निश्चित अवधिका लागि रोक्का गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६. सम्पत्ति प्राप्त गर्न सक्ने : आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा रोकथामको सिलसिलामा आवश्यक पर्ने निजि वा सरकारी सवारी साधन, खाद्य सामग्री वा अन्य चिज वस्तु वा सम्पत्ति *श्री ५ को सरकार* वा सुरक्षा अधिकारीले उचित र प्रचलित मूल्य बराबरको क्षतिपूर्ति दिने गरी वा पछि फिर्ता गर्ने गरी प्राप्त गर्न सक्नेछ ।

७. आतङ्क प्रभावित क्षेत्र तथा आतङ्ककारी घोषणा गर्न सक्ने :

(१) *श्री ५ को सरकारले* आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा प्रभावित हुन सक्ने क्षेत्रलाई आतङ्क प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) यस अध्यादेशअन्तर्गत सजाय हुने अपराधमा संलग्न कुनै व्यक्ति, सङ्घ, संस्था, सङ्गठन वा समूहलाई *श्री ५ को सरकारले* आतङ्ककारी घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि *नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम* सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा स्वतः आतङ्क प्रभावित क्षेत्र घोषणा भएको मानिनेछ ।

८. हातहतियार वा खरखजाना साथमा लिई हिँड्ने निषेध गर्न सक्ने :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ बमोजिम घोषित आतङ्क प्रभावित क्षेत्रमा *श्री ५ को सरकारले* तोकेको समयसम्मका लागि कसैले प्रचलित कानुन बमोजिम लाइसेन्स प्राप्त हातहतियार वा खरखजाना आफ्नो लिई हिँड्ने मनाही गर्ने गरी वा त्यस्तो हातहतियार वा खरखजाना तोकेको अवधिभरका लागि तोकेको स्थानमा जम्मा गर्नु पर्ने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश उल्लघंन गर्ने व्यक्तिसँग रहेको हातहतियार वा खरखजाना जफत हुनेछ ।

९. नजरबन्दमा राख्न सक्ने :

(१) आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई छ महिनासम्म

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कुनै मानवोचित ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ । त्यसरी नजरबन्दमा राखिएको व्यक्तिलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट थप समय रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले *श्री ५ को सरकार,* गृहमन्त्रालयको स्वीकृति लिई थप छ महिनासम्म यस दफाबमोजिम नजरबन्दमा राख्ने आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नजरबन्द राख्ने आदेश दिँदा त्यस्तो व्यक्तिका हकमा कुनै व्यक्ति, संस्था वा निकायबाट प्राप्त जानकारी, निजको गतिविधि, त्यस्तो व्यक्ति कुनै आतङ्ककारी सङ्गठनको पदाधिकारी वा सदस्य रहेको वा त्यस्तो सङ्गठनले कुनै कामका लागि तोकेको वा कुनै काम गर्न अह्राएको वा जिम्मा दिएको वा जिम्मा लिएको वा आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न हुन सक्ने त्यस्तै अन्य काम समेतलाई मनासिब आधार मानिनेछ ।

१०. <u>दण्ड सजाय</u> :

(१) यस अध्यादेशबमोजिम अपराध मानिने कुनै आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरी कसैको जिउज्यान गएको रहेछ भने त्यस्तो अपराध गर्ने गराउने वा षड्यन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई सर्वस्वसहित जन्मकैद हुनेछ ।

(२) यस अध्यादेशबमोजिमको अपराध भैसकेको तर कसैको जिउज्यान गएको रहेनछ भने त्यस्तो अपराध गर्ने गराउने वा षड्यन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई जन्मकैद हुनेछ ।

(३) यस अध्यादेशबमोजिमको अपराध गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो गर्न गराउनका लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा समूह खडा गरेमा वा त्यस्तो कार्य गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, बिष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गरेमा वा संचय गरेमा वा ओसार पसार वा निकासी पैठारी गरेमा वा बिक्री गरेमा वा लिएर हिडेमा वा जडान गरेमा वा कुनै प्रकारले लिनु दिनु

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गरेमा वा प्रचार प्रसार गरे गराएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि दस वर्ष सम्म कैद हुनेछ ।

(४) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिबाट सम्पत्तिको क्षति भएको रहेछ भने सो क्षति निजको आफ्नो अंश भागबमोजिम हुने सम्पत्ति जफत गरी त्यसबाट दिलाई भराई दिइनेछ । त्यसरी भराई दिँदा क्षतिपूर्ति दिनुपर्ने रकम निजको सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम बापत प्रतलित कानुनबमोजिम जरिवाना नतिरेसरह गरी हुन आउने अवधिसम्म कैद हुनेछ ।

(५) कसैले दफा ३ को उपदफा (१ को खण्ड (ङ) बमोजिमको अपराध गरेमा निजलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि दस वर्ष सम्म कैद हुनेछ ।

(६) यस अध्यादेशअन्तर्गत सजाय हुने कुनै कसुरको मतियारमध्ये दफा २ को खण्ड (झ) को उपखण्ड (२) वा (३) बमोजिमको मतियारलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय र अन्य मतियारलाई कसुर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

(७) दफा ५ को खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिंदा कसैले जानी जानी बाधा विरोध गरेमा निजलाई एक महिनासम्म कैद वा पाँचसय रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

११. <u>थुनामा राखी पुपर्क्ष गरिने</u> : यस अध्यादेशबमोजिमको अपराधको गाम्भीर्यता हेरी अभियोग लागेको अभियुक्तलाई मुद्दाको पुपर्क्ष गर्दा सामान्यतया थुनामा राखी गरिनेछ ।

१२. <u>सभा सम्मेलन गर्न र विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्न पाउने</u> : दफा ७ बमोजिम घोषित आतङ्क प्रभावित क्षेत्रमा यस अध्यादेशको प्रतिकूल नहुने गरी बिना हातहतियार शान्तिपूर्वक सभा सम्मेलन गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न वा नेपाल अधिराज्यको कुनै भागमा आवत जावत गर्न बाधा पर्नेछैन ।

१३. <u>अनुगमन तथा समन्वयसम्बन्धी व्यवस्था</u> :

(१) आतङ्ककारी तथा विध्वंसात्मक अपराधको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीले यस अध्यादेशबमोजिम प्राप्त अधिकार प्रयोग गरी गरेको कामकार्बाहीबाट मर्का परेको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

व्यक्ति वा निजको तर्फबाट अरू कसैले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू रहेको अनुगमन समितिसमक्ष निवेदन दिन सक्नेछ :

(क) सर्वोच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त व्यक्तिमध्ये *श्री ५ को सरकारले* तोकेको व्यक्ति –अध्यक्ष

(ख) सचिव, रक्षा मन्त्रालय –सदस्य

(ग) सचिव, गृहमन्त्रालय –सदस्य

(घ) सचिव, कानुन, न्याय तथा ससदीय व्यवस्था मन्त्रालय –सदस्य

(ख) नयाव महान्यायधिवक्ता, नेपाल अधिराज्यको महान्याधिवक्ताको कार्यालय –सदस्य

(२) अनुगमन समितिले आफ्नो कार्याविधि आफैँ व्यवस्थित गर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गर्दा निवेदकलाई मर्का परेको देखिएमा त्यस्तो मर्का निवारण गर्न सम्बन्धित निकायलाई आवश्यक परामर्श दिई देखापरेको समस्या र समाधानका उपायका बारेमा *श्री ५ को सरकारलाई* आवश्यक सुझाव समेत दिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिले सम्पन्न गरेको कामकार्बाहीको जानकारी प्रतिनिधि सभा, राज्य व्यवस्था समितिलाई दिनुपर्नेछ ।

(५) आफ्नो कार्य क्षेत्रभित्र आतङ्ककारी तथा विध्वंसात्मक कार्य रोक्न वा नियन्त्रण गर्नका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र आवश्यक अन्य सरकारी निकायको बीच समन्वय कायम गर्न सम्बन्धित क्षेत्रीय प्रशासक वा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र आवश्यक अन्य सरकारी निकायको प्रमुख सदस्य रहेको एक समन्वय समिति रहनेछ ।

(६) उपदफा (५) बमोजिम समन्वय समितिले आफ्नो कार्याविधि आफैँ व्यवस्थित गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१४. जफत हुने :

(१) कसैले यस अध्यादेशबमोजिम सजाय हुने अपराध गरेमा त्यस्तो अपराध गर्नका लागि कुनै सम्पत्ति, उपकरण वा साधन प्रयोग गरेको रहेछ भने सो समेत जफत हुनेछ ।

तर त्यस्तो सम्पत्ति, उपकरण वा साधन धनीको सहमति बिना प्रयोग गरिएको भएमा जफत हुनेछैन ।

(२) दफा ३ बमोजिम अपराध मानिने कार्य वा सो कार्यमा सघाउ पुऱ्याउने कार्यका लागि जानी जानी प्रयोग गरिएको प्रचार प्रसारको साधन, हातहतियार, नगदी जिन्सी सबै जफत हुनेछ ।

(३) कसैले यस अध्यादेशबमोजिम अपराध मानिने कुनै कार्य नेपाल अधिराज्य बाहिर बसी गरेको ठहरिएमा निजलाई दफा १० बमोजिम हुने सजायको अतिरिक्त नेपाल अधिराज्यभित्र रहेको अंश भागको चल अचल सम्पत्ति समेत जफत हुनेछ ।

१५. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन :

(१) यस अध्यादेशअन्तर्गतको कसुर सम्बन्धी मुद्दा हेर्ने अधिकार *श्री ५ को सरकारले* नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस अध्यादेशअन्तर्गतका मुद्दामा कार्बाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्याविधि अपनाउनेछ ।

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) यस अध्यादेशअन्तर्गतको कसुर सम्बन्धी मुद्दाको सुनुवाई बन्द इजलासमा हुनेछ ।

(५) उपदफा (४) बमोजिम बन्द इजलासमा मुद्दाको सुनुवाई हुँदा सम्बन्धित कानुन व्यवसायी, सरकारी वकील, अभियुक्त र अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन् । बन्द इजलासबाट हेरिएका मुद्दा सम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी वा निजको कानुन व्यवसायी बाहेक अरूलाई दिनु हुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१६. सरकार वादी हुने : यस अध्यादेशअन्तर्गतको मुद्दा *श्री ५ को सरकार* वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा परेको मानिनेछ ।

१७. प्रमाणको भार : कुनै व्यक्तिका साथमा हातहतियार, खरखजाना, बम, विष्फोटक पदार्थ वा आतङ्ककारी तथा विध्वंसात्मक कार्यसँग सम्बन्धित कुनै लिखित, चिज वा वस्तु फेला परेमा त्यस्ता लिखत, चिज वा वस्तुहरू आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने प्रयोजनका लागि होइन भन्ने कुराको प्रमाण निजले पेस गर्नु पर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।

१८. विशेष कार्याविधि :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेशअन्तर्गत आतङ्ककारी तथा विध्वंसात्मक अपराध मानिने कुनै कार्य गर्ने व्यक्ति फेला नपरी फरार भएमा निजलाई गिरफ्तार गर्न सकेसम्म हुलिया समेत खुलाई पन्ध्र दिनको वारेन्ट जारी गर्नु पर्नेछ । सो म्यादभित्र पनि फेला नपरेको वा गिरफ्तार हुन नसकेको व्यक्तिउपर यस अध्यादेशबमोजिम कार्बाही गर्न बाधा पर्नेछैन ।

(२) आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्ने समूहमा कुनै व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मीलाई सुराकीका रूपमा प्रयोग गर्न सकिनेछ र सो व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मी सो समूहमा लागेका आधारमा निजलाई प्रचलित कानुनबमोजिमको कुनै सजायको भागी बनाइनेछैन ।

(३) सुराकीको पहिचान गोप्य राखिनेछ ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेशबमोजिम कार्बाही चलाइएको मुद्दामा मुछिएको अभियुक्तले *श्री ५ को सरकार,* प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसँग महत्वपूर्ण कुरा वा सबुद प्रमाण देखाई दिएमा वा अपराधको वास्तविक नेतृत्व गर्ने मुख्य अपराधी पत्ता लगाउने काममा प्रत्यक्ष सहयोग दिएमा त्यस्तो अभियुक्तलाई सरकारी गवाहका रूपमा कायम गर्न सकिनेछ र त्यसरी सरकारी गवाह

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कायम गरिएमा निजलाई प्रचलित कानुनबमोजिम कुनै सजाय हुनेछैन ।

तर, निजले झुट्टा कुरा लेखिदिएमा वा बनावटी प्रमाण पेस गरेमा वा मनासिब कारण नभई रिसइबीले काम गरेको देखिएमा त्यस्तो व्यक्तिलाई अभियुक्तसरह मानी सजायका लागि दाबी भएमा मुद्दा हेर्ने अधिकारीले सजाय गर्न सक्नेछ ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश बमोजिमको अपराधमा मुछिएको अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पक्राउ भएको मितिले बढीमा साठी दिनसम्म अनुसन्धानका लागि प्रहरी हिरासतमा राख्न सकिनेछ ।

१९. सञ्चार साधनमा नियन्त्रण : आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा समूहको चिट्ठी पत्र, टेलिफोन वा फ्याक्स जस्ता सञ्चार साधनमा *श्री ५ को सरकारले* नियन्त्रण गर्न सक्नेछ ।

२०. उपचार खर्च तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था :

(१) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियान्त्रण तथा अनुसन्धान कार्यमा खटिएका सुरक्षाकर्मी वा प्रहरी अङ्गभङ्ग वा मृत्यु भएमा *श्री ५ को सरकारले* मनासिब माफिकको उपचार खर्च तथा क्षतिपूर्ति दिनेछ ।

(२) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा पीडित व्यक्तिको आवश्यक स्वास्थ्य उपचार तथा त्यस्तो व्यक्तिलाई दिइने राहत सुविधासम्बन्धी व्यवस्था *श्री ५ को सरकारले* मनासिब माफिकको क्षतिपूर्ति दिइनेछ ।

(३) आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा सुरक्षाकर्मीको कार्बाहीको परिणामबाट मृत्यु भएका निर्दोष सर्वसाधारण व्यक्तिका आश्रित परिवारलाई *श्री ५ को सरकारले* मनासिब माफिकको क्षतिपूर्ति दिनेछ ।

(४) यो अध्यादेशको प्रयोग बदनियतपूर्वक गरिएको प्रमाणित भएमा सम्बन्धित मुद्दाको फैसलाको क्रममा मनासिब माफिकको क्षतिपूर्ति पीडितलई दिइनेछ ।

२१. मुद्दा नचलाइने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै करकापमा परी आतङ्ककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई आर्थिक, भौतिक वा आश्रय दिई सहयोग पुऱ्याउने व्यक्ति वा एक पटक आतङ्ककारी तथा विध्वंसात्मक कार्य गरी आत्मसमर्पण गरेको व्यक्तिउपर यस अध्यादेशअन्तर्गतको कसुरमा मुद्दा चलाइनेछैन ।

(२) उपदफा (१) बमोजिम आत्मसमर्पण गरेको व्यक्तिले पुनः यस अध्यादेशअन्तर्गतको कसुर गरेमा निजले पहिले गरेको कसुरउपर समेत मुद्दा चलाइनेछ ।

(३) यो अध्यादेश वा यस अध्यादेशअन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामकार्बाहीको सम्बन्धमा कुनै अधिकारी वा व्यक्ति सजायको भागी हुनेछैन ।

२२. हदम्याद नहुने : यस अध्यादेशअन्तर्गतको मुद्दा दायर गर्ने कुरामा कुनै हदम्याद हुनेछैन ।

२३. पुरस्कार दिन सक्ने : आतङ्ककारी तथा विध्वंसात्मक कार्य गर्न गराउन प्रमुख भूमिका निर्वाह गर्ने व्यक्तिलाई पक्राउ गर्ने वा पक्राउ गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई *श्री ५ को सरकारले* उचित ठहऱ्याएको पुरस्कार दिन सक्नेछ ।

२४. अधिकार प्रत्यायोजन : *श्री ५ को सरकारले* यस अध्यादेशबमोजिम आफूलाई प्राप्त अधिकारीमध्ये केही अधिकार आवश्यकता अनुसार कुनै अधिकारीलाई प्रत्यायोजन गर्न वा प्रत्यायोजन गरेको अधिकार फिर्ता लिन सक्नेछ ।

२५. नियम बनाउने अधिकार : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नका लागि *श्री ५ को सरकारले* आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२६ यसै अध्यादेशबमोजिम हुने : यस अध्यादेशमा लेखिए जति कुरामा यसै अध्यादेशबमोजिम र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

२७. बचाउ : संवत् २०६२ साल असोज १६ गते जारी भएको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ बमोजिम भए गरेका कामकार्बाही यसै अध्यादेशबमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति : २०६२।१२।१४।२

नोटः नेपालको लोकतान्त्रिक गणतन्त्रसँगै यो ऐन खारेज गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७

लालमोहर र प्रकाशन मिति

२०१७।११।६

संशोधन गर्ने ऐन

१.	नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९	२०१९।१२।३०
२.	आवश्यक पदार्थ नियन्त्रण (अधिकार) पहिलो संशोधन ऐन, २०३०	२०३०।१२।११

प्रस्तावना : सर्वसाधारण जनताको सुविधा कायम राख्न समाजको दैनिक चलन, व्यवहार र आहारका लागि चाहिने खाद्यान्न, मालसामानको वितरण, बिक्री र व्यापारमा समयसमयमा आवश्यकताअनुसार कडा नियन्त्रण गर्ने अधिकारको व्यवस्था गर्नु वाञ्छनीय भएकाले,

श्री ५ महाराजधिराजबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भ : (१) यस ऐनको नाम "आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "आवश्यक पदार्थ" भन्नाले देहायका कुनै पदार्थ सम्झनुपर्दछ :

(१) धान र चामल, मकै, गहुँ कोदो, जौ र तिनको पीठो, मैदा र त्यस्तै किसिमका अरू खाद्यान्न,

(२) रहर, मुगी, मास, मसुरो, चना, केराउ, भटमास र तिनको पीठो र त्यस्तै किसिमका अरू खाद्यान्न,

(३) आलस, तोरी, सर्स्यु तिल र तेल निकाल्नको निमित्त प्रयोग हुने त्यस्तै अन्य तेलहन र सबै किसिमका तेल,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) दूध र दूधबाट तयार हुने खाद्य पदार्थ,

(५) उखु र त्यसबाट पैदा हुने गुँड, सखर चिनी र अन्य त्यस्तै पदार्थ,

(६) सुती वा ऊनी लत्ताकपडा, कपास तथा ऊन,

(७) कच्चा जुट र त्यसबाट तयार भएका वस्तुहरू,

(८) मट्टीतेल, पेट्रोल, डिजेल र सबै प्रकारका लुब्रिकेन्ट,

(९) फलाम र फलामबाट तयार भएका वस्तुहरू,

(१०) सिमेन्ट, इँटा, जस्तापाता आदि निर्माणको निमित्त आवश्यक पर्ने वस्तुहरू,

(११) सवारीको साधनहरू र त्यस्ता साधनहरू र त्यस्ता साधनहरुको निमित्त आवश्यक टायर, ट्युब, पार्टपुर्जाहरू,

(१२) नुन,

(१३) औषधी,

(१४) नेपाल सरकारले समयसमयमा सूचित आदेशद्वारा आवश्यक पदार्थ भनी तोकेको कुनै पदार्थ वा वस्तु ।

(ख) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनुपर्छ ।

३. आवश्यक पदार्थको उत्पादन वा वितरण नियन्त्रण गर्ने अधिकार : (१) कुनै आवश्यक पदार्थको वितरण बढाउन, कायम राख्न वा समान वितरण गराउन वा सुपथ मोलमा प्राप्त गराउन नेपाल सरकारले आवश्यक वा उचित ठहराएमा सूचित आदेशद्वारा त्यस्तो आवश्यक पदार्थको तोकिएको ठाउँमा उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी त्यस्तो आदेशले देहायबमोजिम गर्न सक्छ :

(क) कुनै आवश्यक पदार्थको सञ्चय, वितरण, परिवहन, उत्पादन व्यापार उपभोगलाई अनुमतिपत्र जारी गरी वा अरू किसिमबाट नियमित वा नियन्त्रण गर्न,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) कुनै आवश्यक पदार्थको बिक्री गर्ने वा खरिद गर्ने मोल निर्धारण गर्न वा सूचित आदेशद्वारा तोकिएको अधिकारीको स्वीकृतिबेगर कुनै आवश्यक पदार्थको प्रचलित मोलमा वृद्धि गर्न नपाउने गरी नियन्त्रण गर्न,

(ग) सामान्यतः बिक्रीको निमित्त राखेको आवश्यक पदार्थलाई बिक्री गर्दिन भनी अड्डी लिनेलाई सो गर्न नदिन,

(घ) आवश्यक पदार्थ सञ्चय गरी राख्ने व्यक्तिलाई त्यस्तो सञ्चित पदार्थको सम्पूर्ण वा तोकिएबमोजिमको हिस्सा वा भाग नेपाल सरकार वा कुनै अधिकारी वा कुनै व्यक्ति वा वर्गलाई तोकिएको इलाकामा तोकिएको अवस्थामा बिक्री गर्न बाध्य गराउन,

(ङ) सर्वसाधारणको हितको निमित्त आवश्यक देखिएमा कुनै आवश्यक पदार्थसम्बन्धी व्यापारिक वा आर्थिक कारोबारलाई नियमित वा निषेध गर्न,

(च) माथि उल्लेखित कुनै वा सबै कुरालाई नियमित वा निषेध गर्ने अभिप्रायले समाचार वा तथ्याङ्क सङ्कलन गर्न,

(छ) कुनै आवश्यक पदार्थ सञ्चय गर्न, वितरण गर्ने वा व्यापार गर्ने व्यक्तिलाई तत्सम्बन्धी अभिलेख (रेकर्ड) र बाहिरी खाताहरू दुरुस्त राख्न र त्यस किसिमका अभिलेख (रेकर्ड) र बाहिरी खाताहरू जाँचपड्तालका निमित्त पेस गर्न वा तत्सम्बन्धी समाचार वितरण दाखिल गर्न लगाउन,

(ज) कुनै अनुमतिपत्र दिँदा लाग्ने दस्तुर वा त्यस्तो अनुपतिपत्रमा उल्लेखित सर्त बन्देज पालनाको लागि तोकिएबमोजिम धरौटीको रकम दाखिला गराउने र अनुमतिपत्रको कुनै सर्त उल्लङ्घन भएमा धरौटी रहेको रकमको सम्पूर्ण वा केही खण्ड जफत गर्ने र सो प्रयोजनको निमित्त अधिकारी तोक्न,

(झ) कुनै प्रासङ्गिक र पूरक कुराहरूका निमित्त खास गरी गोदाम, गाडी डुङ्गा, वायुयानभित्र प्रवेश गरी खानतलासी लिने, त्यस्तो खानतलासी लिँदा भेटिएको कुनै वस्तु जसको सम्बन्धमा आदेश उल्लङ्घन भएको वा उल्लङ्घन हुन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लागेको छ भन्ने कुरा सो खानतलासी गर्ने व्यक्तिलाई विश्वास भएमा सो वस्तु जफत गर्न,

(ञ) आदेश उल्लङ्घन गरेबापत सजाय गर्दा जफत गरिने पदार्थ तोक्न, र

(ट) यस दफासँग सम्बन्धित आवश्यक अन्य कुरा ।

४. आदेश विरुद्ध कुनै काम गर्नेलाई सजाय : (१) कसैले दफा ३ अन्तर्गत निकालिएको आदेश विरुद्ध कुनै काम गरेमा निजलाई पाँच वर्षसम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म वा कसुरसित सम्बन्धित पदार्थको बिगोमा जुन बढी हुन्छ सोही अङ्कसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

तर, दफा ६ को उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमको आदेशले तोकेको म्यादभित्र सो आदेशमा लेखिएबमोजिम समाचार, तथ्याङ्क अभिलेख (रेकर्ड) वा विवरणसहित आवश्यक पदार्थको परिणामको लगत वा बहिखाता तयार नराख्ने, पेस नगर्ने वा आदेश भएबमोजिम खबर नगर्ने व्यक्तिलाई एक वर्षभन्दा बढी कैद वा तीन हजार रुपैयाँभन्दा बढी जरिवाना गर्नुहुँदैन ।

(२) दफा ३ बमोजिमको आदेशको विरुद्ध गरेको कसुरसित सम्बन्धित पदार्थ सोही दफाअन्तर्गत निकालिएको आदेशमा जफत गरिने भनी तोकिएको भए सो पदार्थसमेत जफत गरिनेछ ।

५. उद्योग र प्रेरणाबारे : दफा ३ बमोजिम गरिएको आदेश उल्लङ्घन गर्न प्रयत्न गरेमा वा सो गर्न दुरुत्साहन गरेमा सो आदेश उल्लङ्घन गरेको मानिनेछ ।

६. झुट्टा बयान दिएमा सजाय : कसैले देहायको कसुर गरेमा दस हजार रुपैयाँ जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ :

(क) कसैलाई दफा ३ बमोजिम कुनै कुराको बयान वा खबर गर्न आदेश भएकोमा जानीजानी वा जान्नुपर्ने मनासिब माफिकको कारण भईकन पनि झुट्टा कुराको बयान, बकपत्र वा खबर दिएमा, वा

(ख) यो आदेशबमोजिम राख्नुपर्ने कुनै बही हिसाबको कागज, खाता, स्रेस्ताका तमसुक, कबुलियत, हिसाब वा अरू कागजात राख्दा झुट्टा वा फरेब गरेको देखिएमा ।

६क. सङ्गठित संस्था वा कम्पनीले गरेको कसुरको सजाय : (१) यस ऐनबमोजिम कसुर गर्ने व्यक्ति कुनै सङ्गठित संस्था वा कम्पनी भएमा सो कसुर भएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कुरा आफूलाई थाहा थिएन वा सो कसुर रोक्न आफूले सकभर प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसुरका लागि सम्बन्धित सङ्गठित संस्था वा कम्पनीको कामकार्बाहीउपर नियन्त्रण राख्ने निर्देशक, मैनेजर, अन्य कुनै अधिकारी वा व्यक्तिलाई सजाय हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्था वा कम्पनीले गरेको कसुर त्यस्तो सङ्गठित संस्था वा कम्पनीको निर्देशक, मैनेजर वा अरू कुनै अधिकारीको जानाजान वा लापर्बाहीको कारण भएको हो भन्ने प्रमाणित भएमा त्यस्तो निर्देशक, मैनेजर वा अधिकारी पनि यस ऐनबमोजिम सजायको भागी हुनेछ ।

७. मुद्दा हेर्ने अधिकारी : (१) यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरु कार्बाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले यस ऐनअन्तर्गतको मुद्दाको कार्बाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्याविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले यस ऐनअन्तर्गतको मुद्दाको कार्बाही गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्याविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

७क. नेपाल सरकार वादी हुने : यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ।

८. अधिकार दिने : (१) नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त हुने कुनै वा सबै अधिकार सूचित आदेश जारी गरी कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी त्यस्तो आदेशद्वारा नेपाल सरकारले निम्नलिखित अधिकार दिन सक्नेछ :

(क) कुनै घर, क्याम्पमा, ढुङ्गा, गाडा वा हवाईजहाजको खानतलासी लिने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) कुनै पदार्थका सम्बन्धमा यस ऐनको बर्खिलाप कसुर गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण छ भन्ने सो अधिकृतले ठहऱ्याएमा निजले सो पदार्थ कब्जा गर्ने र दाखिल गर्ने, गराउने,

(ग) कुनै व्यक्तिले यस ऐनको बर्खिलाप कसुर गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण छ भन्ने सो अधिकृतले ठहऱ्याएमा निजले सो व्यक्तिलाई गिरफ्तार गर्ने ।

९. सद्भावनाले गरेको कामको बचाउ : दफा ३ अन्तर्गत दिएको आदेशबमोजिम सद्भावनाले गरेको काम वा गर्न आँटेको कामको लागि कुनै व्यक्तिउपर कुनै मुद्दा वा अरू कानुनी कार्बाही चलाइनेछैन ।

१०. जाहेरवालाले कमिसन पाउने : यस ऐनबमोजिम नेपाल सरकारबाट निकालिएको आदेश बर्खिलाप गरेकोमा काम उजुर परी दोषी सावित भई अन्तिम ठहर फैसला भएमा बिगो जफत भएकोमा बिगोको र जफत नभएकोमा असुल भएको दण्डको सयकडा २५ (पच्चीस) जाहेरवालाले कमिसन पाउनेछ ।

११. प्रचलित नेपाल कानुनसँग बाझिएमा गर्ने : यस ऐनमा लेखिएको जति कुरा यसै ऐनबमोजिम र यस ऐनमा नलेखिएको कुराजति प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आवश्यक सेवा सञ्चालन ऐन, २०१४

लालमोहर र प्रकाशन मिति

२०१४।८।२१

संशोधन मिति :

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ २०६४।११।१२

जनसमुदायको सामान्य जीवन स्थितिमा खलल नपर्ने गर्नको लागि आवश्यक सेवाहरूको अटुट सञ्चालन कायम राख्न आवश्यक एवम् उचित व्यवस्था गर्नुपरेकाले *श्री ५ महाराजधिराजबाट* यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भः (१) यस ऐनको नाम "आवश्यक सेवा सञ्चलन ऐन, २०१४" रहेको छ ।

(२) यो ऐन नेपालभर मुलुकमा लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "आवश्यक सेवा" भन्नाले निम्नलिखित सेवा सम्झनुपर्छ :

(१) डाँक तार वा टेलिफोन सेवा,

(२) जल, स्थल वा हवाइमार्गबाट यात्री वा मालसामानहरू ओसारपसार गर्ने यातायात सेवा,

(३) हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसित सम्बन्धित सेवा,

(४) हवाई ग्राउन्ड, रेल्वे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने, राख्ने भिक्ने वा थन्काउने कामसित सम्बन्धित सेवा,

(५) मिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(६) हातहतियार, खरखजानना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने थन्क्याउने, वितरण गर्ने कामसित सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा, र

(७) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अरू जुनसुकै सेवा ।

(ख) "हडताल" भन्नाले कुनै आवश्यक सेवामा काम लगाइराखिएका वा काममा नियुक्त गरिएका व्यक्ति समूहमध्ये सबै वा केही जवानले पूर्व आयोजनाद्वारा वा एकमत गरी सामूहिक रूपबाट सो काम बन्द गरेको वा सो काम गर्न वा चालु राख्न इन्कार गरेको सम्झनुपर्छ ।

३. हडताल निषेध गर्ने नेपाल सरकारको अधिकार : (१) सार्वजनिक हितका लागि आवश्यक एवम् उचित लागेमा नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएको कुनै आवश्यक सेवामा हडताल निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत निकालिएको प्रत्येक आदेश ६ महिनासम्म लागु रहनेछ ।

(३) उपदफा (१) अन्तर्गत नेपाल सरकारले कुनै आदेश निकालेपछि :

(क) सो आदेशमा तोकिएको कुनै आवश्यक सेवामा काम लगाइराखेको कुनै व्यक्तिले हडताल गर्न वा त्यसमा भाग लिन वा भाग लिइराख्न पाउनेछैन ।

(ख) त्यस्ता सेवामा काम लगाइराखिएका व्यक्तिहरूले त्यस्तो आदेश निस्कनुभन्दा अघि वा पछि गरेको हडताल गर्छु भनी घोषणा गरेको हडताल अवैध मानिनेछ ।

३(क) आवश्यक सेवा सञ्चालन गर्ने साधन वा वस्तु नियन्त्रण लिन सक्ने : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ बमोजिम सूचना प्रकाशित भएपछि आवश्यक सेवा सञ्चालन गर्न प्रयोग हुने साधन र सोसँग सम्बन्धित सवारी साधन, मेसिनरी, औजार, उपकरण, पाटपुर्जा वा त्यस्तै अन्य वस्तु नेपाल सरकारले आफ्नो नियन्त्रणमा लिई नेपाल सरकारले निर्धारण गरेको उपायद्वारा सञ्चालन गर्न वा गराउन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका साधन र सोसँग सम्बन्धित सेवा सञ्चालन गर्न प्रयोग हुने साधन र सोसँग सम्बन्धित सवारी साधन, मेसिनरी, औजार, उपकरण, पाटपुर्जा वा त्यस्तै अन्य वस्तु प्रयोग गरी आवश्यक सेवा सञ्चालन भएकामा सोबापत नेपाल सरकारले मनासिब भाडा सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै साधन र सोसँग सम्बन्धित सवारी साधन, मेसिनरी, औजार, उपकरण, पाटपुर्जा वा त्यस्तै अन्य वस्तु नियन्त्रणमा लिन नदिने वा त्यस्तो काम गर्न बाधा पुऱ्याउनेलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(४) यस दफाअन्तर्गतको कसुरको कार्बाही र किनारा गर्दा सङ्क्षिप्त कार्याविधि ऐन, २०२८ बमोजिम गर्नुपर्नेछ ।

४. निषेध गरिएको हडताल गर्ने वा त्यसमा भाग लिने वा भाग लिइराख्ने व्यक्तिलाई सजाय : यो ऐनअन्तर्गत निषेध गरिएको कुनै हडताल कुनै व्यक्तिले गरेमा वा त्यसमा भाग लिएमा वा लिइराखेमा निजलाई ६ महिनासम्म कैद वा रु. २०० ।– दुई सयसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

५. दुरुत्साहन गर्नेलाई सजाय : यस ऐनअन्तर्गत निषेध गरिएको कुनै हडताल गर्न वा त्यसमा भाग लिन भाग लिई राख्न कुनै व्यक्तिले अरूलाई दुरुत्साहन गरेमा निजलाई एक वर्षसम्म कैद वा रु. १,०००।– एक हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

६. निषेध गरिएको हडतालका निमित्त नगदी सहायता दिनेलाई सजाय : यो ऐनअन्तर्गत निषेध गरिएको कुनै हडतालको निमित्त कुनै व्यक्तिले जानीजानी कुनै नगदी सहायता दिएमा निजलाई एक वर्षसम्म कैद वा रु. १,०००।– एक हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

७. अरू नेपाल कानुनसँग बाझिएमा गर्ने : प्रचलित नेपाल कानुनमा जेसुकै लेखिएको भए तापनि यो ऐन र यस ऐनअन्तर्गत निकालिएको आदेशमा लेखिएकोमा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

लालमोहर र प्रकाशन मिति

२०२७।६।१८

संशोधन गर्ने ऐन

१.	केही सार्वजनिक (अपराध र सजाय) (पहिलो संशोधन) ऐन, २०३१	२०३१।६।२०
२.	केही नेपाल ऐन (संशोधन) ऐन, २०३९	२०३९।८।६
३.	न्याय प्रशासन ऐन, २०४८	२०४८।२।१६
४.	केही सार्वजनिक (अपराध र सजाय) (दोस्रो संशोधन) ऐन, २०४९	२०४९।७ १७

२०२७ सालको ऐन नं. १२

केही सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल राज्यका विभिन्न क्षेत्रहरूमा शान्ति र व्यवस्था कायम राख्न र सर्वसाधारण जनताको सुविधा, सदाचार र नैतिकता कायम राख्नको लागि केही सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न वान्छनीय भएकाले,

श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२. केही सार्वजनिक अपराध गर्न नहुने : कुनै व्यक्तिले देहायको कुनै काम गर्नु हुँदैन :

(क) कुटपिट वा हुल हुज्जत गरी वा अरू कुनै किसिमबाट कुनै राष्ट्रसेवकलाई आफ्नो ओहदाको कर्तव्य पालन गर्नमा बाधा पुऱ्याउने,

(ख) सार्वजनिक स्थानमा कुटपिट वा हुल हुज्जत गरी शान्ति भङ्ग गर्ने,

(ग) सार्वजनिक स्थानमा अश्लील बोली, वचन, इसारा प्रयोग गरी शान्ति भङ्ग गर्ने वा अश्लील प्रर्दशन गर्ने,

(ग१) सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रर्दशन वा बिक्री वितरण गर्ने,

(घ) हुलाक, सञ्चार, यातायात, विद्युत र अरू यस्तै आवश्यक सामाजिक सेवाको नियमित सञ्चालनमा अनुचित बाधा पुऱ्याउने,

(ङ) सरकारी वा गैरसरकारी कार्यालयमा वा कसैको घर जग्गाभित्र हुल हुज्जत गरी अनधिकृत प्रवेश गर्ने वा अनधिकृत रूपमा रहने,

(च) हुल हुज्जत गरी वा ढुङ्गा मुढा गरी वा अन्य कुनै प्रक्रियाद्वारा सार्वजनिक वा निजी सम्पत्तिमा क्षति पुऱ्याउने,

(छ) सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने,

(ज) सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने,

(झ) कसैलाई हैरानी गर्ने वा सताउने वा सताउने हेतुले कहीँ बसिरहेको अवस्थामा वा बाटोघाटोमा हिँडिरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेकथुन (घेराउ) गर्ने वा हुल हुज्जत, हातपात, कुटपिट, बिजाइँ वा उपद्रयाइँ गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पत्ति खासी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुऱ्याउने,

(ञ) कसैलाई डर त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिट्ठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ट) जुनसुकै सभा वा जुलुसमा घुसी वा नघुसी कसैले शान्ति भङ्ग हुने गरी जनसाधारणमा त्रास, आतङ्क फैलाउने कुनै कुरा गर्नु वा हतियारको प्रर्दशन गर्ने ।

३. पक्राउ गर्ने अधिकार :

(१) कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसुर गर्दा घटनास्थलमा फेला परेमा निजलाई प्रहरी कर्मचारीले बिनावारेन्ट पक्राउ गर्न सक्नेछ ।

(२) कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसुर गरेको छ भन्ने कुराको कसैको युक्तियुक्त उजुरी परी विश्वास पर्दो सूचना प्राप्त भई वा युक्तियुक्त शङ्का भई सो आधारमा जाँचबुझ गर्दा कसुर गरेको भन्ने विश्वास लागेमा स्थानीय प्रहरी चौकी वा थानाको नायब निरीक्षक (सब-इन्स्पेक्टर) सम्मको मुख्य प्रहरी अधिकृतले अभियुक्तलाई पक्राउ गर्न वारेन्ट जारी गर्न सक्नेछ ।

तर, पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्छ र त्यस्तो व्यक्तिलाई त्यस्तो मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नुहुँदैन ।

४. मुद्दा दायर गर्ने हदम्याद :

(१) यस ऐन अन्तर्गतको मुद्दा वारदात भएको सात दिनभित्र दायर गरी सक्नुपर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यायमा पर्ने कुनै व्यक्तिले यस ऐन अन्तर्गतको मुद्दामा कार्बाही चलाउन चाहेमा बाटाका म्यादबाहेक वारदात भएको ७ दिनभित्र प्रहरीमा उजुर गर्नुपर्छ । त्यस्तोमा उजुर परेको मितिले उपदफा (१) बमोजिमको म्याद प्रारम्भ हुनेछ ।

तर, वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरी दिन सक्नेछ ।

५. मुद्दा हेर्ने अधिकारी र कार्याविधि :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) यस ऐन अन्तर्गतको मुद्दामा सुरु कार्बाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गतको मुद्दामा प्रमुख जिल्ला अधिकारीले नेपाल विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्याविधि अपनाउनेछ ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

६. दण्ड सजाय :

(१) यस ऐनबमोजिम कार्बाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसुरको मात्राअनुसार दस हजार रुपैयाँसम्म जरिवाना गर्न र पिडित पक्षलाई कसुरदारबाट बिगोबमोजिम क्षतिपूर्ति भराइदिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नुपर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नुपर्नेछ ।

तर, जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजायसमेत गर्न पर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नका लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नेछ । त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोकेबमोजिम हुनेछ ।

(२) मुद्दा हेर्ने अधिकारीले पहिलोपटकको कसुर भए कसुर हेरी उपदफा (१) बमोजिम सजाय नगरी कसुरदारलाई अब उप्रान्त यस्तो कसुर गर्नेछैन भन्ने कागज गराई छाड्न सक्नेछ ।

७. नेपाल सरकारवादी हुने : यस ऐन अन्तर्गतका मुद्दा नेपाल सरकारवादी हुनेछ ।

८. अन्य प्रचलिल कानुनअनुसार मुद्दा चलाउन सकिने : यस ऐन अन्तर्गत सजाय हुने कसुरमा अन्य प्रचलित नेपाल कानुनबमोजिम कार्बाही चलाउन सकिनेछ ।

तर, यस ऐन अन्तर्गत सजाय हुने कुनै कसुरमा यस ऐन अन्तर्गत कार्बाही र सजाय भइसकेपछि सोही कसुरमा अन्य कानुनअन्तर्गत कार्बाही र सजाय गर्न सकिने छैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

लालमोहर र प्रकाशन मिति

२०४९।९।८

संशोधन गर्ने ऐन

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ — २०५५।१०।७

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ — २०६३।६।२८

२०४९ सालको ऐन नं. ४३

सरकारी मुद्दासम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल सरकार वादी भई चलाइने मुद्दाको सम्बन्धमा र नेपाल सरकार विरुद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको शासनकालको एक्काइसौँ वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "सरकारी मुद्दासम्बन्धी ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्तालाई सम्झनुपर्छ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको कुनै कर्मचारीसमेतलाई जनाउँछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) "अदालत" भन्नाले न्यायाधीशको इजलास सम्झनुपर्छ र सो शब्दले कुनै मुद्दाका सम्बन्धमा न्यायायिक काम गर्न प्रचलित कानुनअन्तर्गत अधिकार प्राप्त अधिकारीलाई समेत जनाउनेछ ।

(ग) "सरकारी वकील कार्यालय" भन्नाले महान्यायाधिवक्ताको कार्यालय तथा सो मातहतका पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकीलको कार्यालय सम्झनुपदर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

३. अपराधको सूचना :

(१) अनुसूची –१ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुत प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दर्खास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित दर्खास्त दिने व्यक्तिले दर्खास्तमा सकेसम्म देहायका कुराहरू खुलाउनु पर्नेछ :

(क) अपराध भएको वा भइरहेको वा हुने सम्भावना भएको मिति, समय र ठाउँ,

(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया,

(ग) अपराधसँग सम्बन्धित सबुत प्रमाण,

(घ) अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण ।

(३) अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रूपमा दिएकोमा सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरू र उपदफा (२) बमोजिमका

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कुरासमेत खुलाई लेखी निजलाई पढी वाँची सुनाई निजको सहीछापसमेत गराई राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम वा प्रहरी कर्मचारीले अन्यत्र कतैबाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएको ढाचाँको दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ । त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशनसहित लिखित रूपमा त्यस्तो अपराधको सूचना आवश्यक कार्बाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त हुन आएको अपराधको सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले उपदफा (४) बमोजिम दर्ता गर्नुपर्नेछ ।

४. <u>प्रमाणको लोप वा नास हुन नदिने र अपराधी उम्कन नपाउने व्यवस्था गर्ने</u> :

(१) कुनै प्रहरी कर्मचारीले अनुसूची –१ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नुपर्नेछ । तत्सम्बन्धमा तत्कालै कार्बाही नगरेमा अपराध हुने वा अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुने वा अपराधी भाग्ने, उम्कने सम्भावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई त्यस सम्बन्धमा आवश्यक कार्बाही गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, सो बमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा गई कुनै कार्बाही गरेकोमा त्यसको सूचना यथासम्भव चाँडो सो प्रहरी कार्यालयलाई दिनुपर्नेछ ।

(२) कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्ने, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्ति वा निकायसँग मद्दत माग्न सक्नेछ ।

५. अन्य प्रहरी कार्यालय क्षेत्रभित्रको अपराध भएमा सम्बन्धित कार्यालयलाई सूचना दिने : कुनै प्रहरी कार्यालयमा अनुसूची –१ मा उल्लेखित कुनै अपराधका सम्बन्धमा प्राप्त भएको सूचनाको व्यहोराबाट सो अपराध अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र भएको वा भइरहेको वा हुन लागेको देखिएमा सूचना प्राप्त गर्ने प्रहरी कार्यालयले त्यस्तो सूचना यथाशीघ्र सम्बन्धित प्रहरी कार्यालयमा पठाइदिनुपर्नेछ र आवश्यकताअनुसार सूचना दिने व्यक्तिलाई पनि सो प्रहरी कार्यालयमा उपस्थिति हुन जानकारी दिनु पर्नेछ ।

६. प्रारम्भिक प्रतिवेदन पठाउने :

(१) दफा ७ बमोजिम कुनै अपराधको तहकिकात सुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमेजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

७. तहकिकात गरी सबुत प्रमाण सङ्कलन गर्ने :

(१) कुनै प्रहरी कार्यालयलाई अनुसूची –१ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबुत प्रमाण सङ्कलन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासम्भव निम्नलिखित कुराहरू खुलाई मुचुल्का तयार गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) अपराध भएको ठाउँको विवरण,

(ख) सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्बन्ध, र

(ग) अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा ।

(३) उपदफा (२) बमोजिम वस्तुस्थिति सम्बन्धी मुचुल्का तयार गर्नुको अतिरिक्त तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासम्भव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औंला वा खुट्टाको पाइलाको चिन्ह वा अन्य कुनै महत्वपूर्ण कुराको फोटोसमेत लिन सक्नेछ ।

(४) तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधसँग सम्बन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनुपर्नेछ ।

(५) यस दफाबमोजिम तहकिकात गर्दा सम्बन्धित प्रहरी कर्मचारीले कुनै विषयमा सरकारी वकीलको रायसल्लाह मागेमा त्यस्तो रायसल्लाह दिनु सरकारी वकीलको कर्तव्य हुनेछ ।

८. रोहबरमा राख्नुपर्ने : कुनै अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थितिसम्बन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिँदा वा लासजाँच गर्दा त्यस्तो ठाउँमा भएका कम्तीमा दुईजना स्थानीय व्यक्तिहरू र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका एकजना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहबरमा राख्नुपर्नेछ ।

तर, अभियुक्त वा अपराधको सूचना दिने व्यक्ति रोहबरमा नराखेको कारणले मात्र त्यस्तो कामकार्बाही बदर हुनेछैन ।

९. बयान लिने र सोधपुछ गर्ने :

(१) अनुसूची –१ मा उल्लेखित कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकील समक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ ।

(२) अनुसूची –१ मा उल्लेखित कुनै अपराधको सम्बन्धमा शङ्कास्पद देखिएको तथा तत्सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई तहकिकात

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ ।

१०. खानतलासी :

(१) कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दसीप्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिएबमोजिम खानतलासी लिन सक्नेछ ।

तर, कुनै महिलाको जिउको तलासी लिनुपर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनुपर्नेछ ।

(२) खानतलासी लिनुपर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सो प्रहरी कार्यालयको कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिम तयार भएको मुचुल्का त्यसरी अनुरोध गर्ने प्रहरी कर्मचारीकहाँ पठाउनुपर्नेछ ।

तर, सोबमोजिम अन्य प्रहरी कार्यालयमा लेखी पठाउँदा कुनै प्रमाण लोप वा नास हुने सम्भावना छ भन्ने लागेमा तहकिकात गर्ने प्रहरी कर्मचारी आफैँले खानलतासी लिनुपर्ने व्यक्तिकहाँ वा ठाउँमा गई यस दफाबमोजिम खानतलासी लिन सक्नेछ र सोको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ ।

(३) खानतलासी लिँदा पाइएको अपराधसँग सम्बन्धित वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एकप्रति सम्बन्धित व्यक्तिलाई दिई एकप्रति मिसिल सामेल राख्नुपर्नेछ । खानतलासी लिने कर्मचारीले त्यस्तो कुनै वस्तु आफ्नै साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भर्पाई दिएरमात्र लैजानुपर्नेछ ।

११. लासजाँच :

(१) कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणामस्वरूप शङ्कास्पद

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यालयको कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लास रहेको ठाउँमा गई लासजाँच गरी यथासम्भव निम्नलिखित कुराहरूसमेत खुलाई मुचुल्का तयार गर्नुपर्नेछ र सम्भव भएसम्म लासको र सम्बन्धित ठाउँको फोटोसमेत खिच्नुपर्नेछ :

(क) लासको सनाखत हुने विवरण,

(ख) लास रहेको ठाउँ र लासको अवस्था,

(ग) लासमा कुनै घाउ, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, सङ्ख्या, लम्बाइ, चौडाइ, गहिराइसमेतको प्रत्येक घाउ, चोट, नीलडामको विवरण,

(घ) मृत्यु गराउने सम्भावित साधन र लासमा देखा परेका तत्सम्बन्धी लक्षण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लासमा देखिएको अन्य कुनै लक्षण र

(च) अन्य उल्लेखनीय कुरा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकी ऐन ज्यानसम्बन्धी महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लास जाँच गर्ने कुरालाई बाधा पुऱ्याएको मानिनेछैन ।

(३) उपदफा (१) बमोजिम लास जाँच गर्दा कुनै अपराधको परिणामस्वरूप वा शङ्कास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्बन्धित प्रहरी कर्मचारीले सो लासलाई शवपरीक्षणका निमित्त सरकारी खर्चमा सरकारी चिकित्सकसमक्ष पठाउनुपर्नेछ ।

(४) लास सडीगली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्बन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नुपर्नेछ र उपदफा (३) बमोजिम कार्बाही गर्न आवश्यक पर्नेछैन ।

(५) लासजाँच भइसकेपछि वा उपदफा (४) बमोजिम मुचुल्का खडा भएपछि सम्बन्धित प्रहरी कर्मचारीले हकवालालाई भर्पाई गराई लास

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

बुझाउनुपर्छ । कुनै हकवालाले लास बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा सम्बन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा प्रहरी ऐनबमोजिम लासको सद्गत गराउनुपर्नेछ ।

१२. रगत वीर्य इत्यादि जाँच गर्ने : अपराधको प्रकृतिबाट पक्राउ परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अङ्ग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराधसम्बन्धी प्रमाण उपलब्ध हुन सक्दछ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अङ्ग वा कुनै कुराको जाँच गराउन सक्नेछ ।

तर, कुनै महिलाको शारीरिक अङ्ग जाँच गर्नुपरेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गर्नु गराउनु पर्नेछ ।

१३. विशेषज्ञको राय लिने : अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्बन्धित कुनै कुराका सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

१४. प्रक्राउ गर्ने :

(१) यस ऐनबमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा राखिनेछैन ।

(२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनुपर्नेछ । कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने, भाग्ने वा उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(४) कुनै महिलालाई पक्राउ गर्नुपरेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) यस दफाबमोजिम पक्रिएको व्यक्तिको तलासी लिँदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चिज वा खरखजना, हातहतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नुपर्नेछ ।

१५. तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यप्रणाली :

(१) यस दफाबमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घन्टाभन्दा बढी थुनामा राख्नुहुँदैन ।

स्पष्टीकरण : थुनामा परेको व्यक्तिलाई उपदफा (२) बमोजिम अदालतमा उपस्थित गराउन प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटामा लाग्ने अवधिलाई यस दफाको प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिनेछैन ।

(२) अनुसूची –१ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घन्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएरमात्र थुनामा राख्नुपर्नेछ । सोबमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकैपटक वा पटपटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

'१६. सनाखत :

(१) कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनुपर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानुनको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ ।

(२) कुनै मुद्दासँग सम्बन्धित दसी वा चिजवस्तुलाई प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले तोकिएबमोजिमको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ ।

'१७. रायसहितको प्रतिवेदन पठाउनुपर्ने :

(१) अनुसूची–१ मा उल्लेखित कुनै अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्तउपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्तउपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई आफ्नो रायसहित थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानुनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिनअगावै र थुनुवा भएको मुद्दा भए चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसीप्रमाणसहित सरकारी वकील कार्यालयमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रहरीको रायसहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णयको लागि महान्यायाधिवक्तासमक्ष मिसिल पठाउनुपर्नेछ ।

तर, संविधानको धारा ११० को उपधारा (२) बमोजिम महान्यायाधिवक्ताले आफ्नो अधिकार सोही धाराको उपधारा (५) बमोजिम सरकारी वकीललाई सुम्पिएकोमा सम्बन्धित सरकारी वकीलले सुम्पिएको अधिकारबमोजिम निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबुत प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

देखेमा त्यस्तो सबुत प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

१८. अभियोगपत्र दायर गर्ने :

(१) दफा १७ को उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा सरकारी वकीलले देहायका कुराहरू उल्लेख गरी तोकिएका ढाँचामा अभियोगपत्र तयार गरी दसीप्रमाण तथा अभियोगपत्र तयार गरी दसीप्रमाण तथा अपराधसँग सम्बन्धित चिजवस्तु र थुनुवा भए थुनुवासहित म्यादभित्रै सम्बन्धित अदालतमा दायर गर्नुपर्नेछ :

(क) अभियुक्तको पूरा नाम, थर, वतन,

(ख) अपराधसम्बन्धी सूचनाको व्यहोरा,

(ग) अपराधसम्बन्धी विवरण,

(घ) अभियुक्तउपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण,

(ङ) सम्बन्धित कानुन,

(च) अभियुक्तलाई हुनुपर्ने सजाय र

(छ) अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराइदिनुपर्ने भए सो क्षतिपूर्तिको रकम ।

(२) उपदफा (१) बमोजिम दायर गरिने अभियोगपत्रमा अभियोगको उल्लेख गर्दा अभियुक्तउपर अभियोग लगाउन खोजिएको अपराधको प्रचलित कानुनमा कुनै खास नामकरण गरिएको रहेछ भने सो अपराधको सम्बन्धमा सो नामको उल्लेख गर्नुपर्नेछ । प्रचलित कानुनमा कुनै नामकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफूमाथि लगाइएको अभियोग स्पष्ट रूपमा बुझ्न सक्ने गरी अपराधका तत्वहरू उल्लेख गर्नुपर्नेछ ।

(३) अभियुक्तले पहिले पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनुपर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम पनि उल्लेख गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपदफा (१) बमोजिम अदालतमा अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्बन्धमा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकारप्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरू पनि साथै पेस गर्नुपर्नेछ र अभियुक्त पक्राउमा परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनुपर्नेछ ।

१९. सुरक्षित राख्ने : सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिललगायतका दसीप्रमाणको चिज वा वस्तु सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनुपर्नेछ र त्यस्तो मिसिललगायतका दसीप्रमाणका चिजवस्तु प्रहरीले तोकिएको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

२०. जाहेरवालालाई सूचना दिनुपर्ने : कुनै अपराधका सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनुपर्नेछ ।

२१. हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छाड्न सक्ने : यस ऐनबमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिएबमोजिम सरकारी वकीलको सहमति लिई वा अवस्थानुसार नलिई मनासिब कारणसहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ ।

२२. देवानी मुद्दाको जाँचबुझ र दायरी :

(१) अनुसूची–२ मा लेखिएको मुद्दा र प्रचलित कानुनमा सरकारवादी भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाका विषयमा आफूसँग भएको वा आफूले देखेजानेसम्मको सबुत प्रमाण खुलाई नेपाल सरकारबाट यस सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको वा प्रचलित कानुनमा तोकिएको अधिकृतलाई लिखित दर्खास्त वा मौखिक खबर दिनुपर्छ । मौखिक खबर दिएकोमा सम्बन्धित अधिकृतले त्यस्तो व्यक्तिको कुरा दर्खास्तको रूपमा लेखी निजको सहीछाप गराई लिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम पर्न आएको दर्खास्तबारे सम्बन्धित अधिकृतले आवश्यकताअनुसार नापी नक्सा वा अरू जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सङ्कलन गरिएको सबुत प्रमाण र आफ्नो रायसमेत उल्लेख गरी सम्बन्धित कानुनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिनअगावै मिसिल कागजको सक्कल र नक्कल प्रति सम्बन्धित जिल्लाको सरकारी वकीलसमक्ष पठाउनुपर्नेछ ।

(३) कसैको दर्खास्त नपरे पनि सम्बन्धित अधिकृत आफैंले मुद्दा चलाउनुपर्ने कारण देखेमा आवश्यक प्रमाण सङ्कलन गरी उपदफा (२) बमोजिमको कार्याविधि पूरा गरी सरकारी वकीलसमक्ष मिसिल पठाउनुपर्नेछ ।

(४) सम्बन्धित अधिकृतले उपदफा (२) वा (३) बमोजिम सरकारी वकीलसमक्ष मिसिल पठाउँदा सरकारी वकीललाई मुद्दा चल्ने नचल्ने निर्णय गर्न लाग्ने समय र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी समयमै पठाउनुपर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्बन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागु हुनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम प्राप्त मिसिल अध्ययन गरी मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखेमा सरकारी वकीलले फिरादपत्र तयार गरी सबुत प्रमाणसहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नुपर्नेछ ।

(७) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल र सबुत प्रमाण सम्बन्धित अधिकृतकहाँ फिर्ता पठाउनुपर्नेछ र त्यस्तो मिसिल र सबुत प्रमाण सम्बन्धित अधिकृतले तोकिएको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

२३. नेपाल सरकार वादी हुने : अनुसूची–१ वा २ मा लेखिएको मुद्दा नेपाल सरकार वादी भई चल्नेछन् र त्यस्तो मुद्दासम्बन्धी सूचना दिने व्यक्ति वादीपक्षको गवाह मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, तहकिकात गर्दै जाँदा सबुत प्रमाणबाट अनुसची –१ वा २ को अपराध वा अवस्था नदेखिई प्रचलित कानुनबमोजिम मर्का पर्ने व्यक्ति आफैंले नालिस गर्नुपर्ने देखिएमा सोही कुरा उल्लेख गरी सरकारी वकीलले निर्णय गरी सम्बन्धित व्यक्तिलाई सूचना दिनु भनी प्रहरी वा सम्बन्धित अधिकृतलाई जनाउ दिनेछ । त्यस्तो जनाउ पाएको मितिले सम्बन्धित व्यक्तिको हकमा प्रचलित कानुनबमोजिमको हदम्यादको गणना हुनेछ ।

२४. पुनरावेदन वा पुनरावलोकन गर्दा गर्ने :

(१) अनुसूची –१ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा नेपाल सरकारवादी हुने भनी लेखिएका मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनुपर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक नेपाल सरकार पक्ष वा विपक्ष भएका मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनुपर्दा सम्बन्धित अधिकृत वा कार्यालय प्रमुख आफैंले दिन सक्नेछ ।

तर, सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले लेखी पठाएमा सम्बन्धित सरकारी वकीलले पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिन सक्नेछ ।

(३) सरकारी कामकार्बाहीका सम्बन्धमा कुनै सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलेको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा निवेदन गर्नुपर्ने अवस्थामा वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा रहेनछ भने त्यस पदमा बहाल रहेको कर्मचारीको नामबाट पुनरावेदन, पुनरावलोकन वा निवेदन दिन सकिनेछ ।

२५. नेपाल सरकार वा सरकारी कर्मचारीउपर नालिस उजुर दिने र समाह्वान इतलायनामा इत्यादि तामेल गर्ने :

(१) नेपाल सरकारले गरेको कामकार्बाहीका सम्बन्धमा नालिस वा उजुर गर्दा नेपाल सरकारलाई पक्ष बनाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दामा सरकारी वकीलमार्फत नेपाल सरकारलाई इतलायनामा वा सूचना तामेल गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) सरकारी कामकार्बाहीका सम्बन्धमा कुनै सरकारी कर्मचारीउपर नालिस वा उजुर परेकोमा सम्बन्धित कर्मचारी वा निजको सट्टामा काम गर्ने कर्मचारीकहाँ समाह्वान, इतलायनामा वा सूचना पठाउनुपर्छ । त्यस्तो समाह्वान, इतलायनामा वा सूचनामा पद र कार्यालयको ठेगानासम्म लेखे पुग्छ ।

तर, सरकारी वा गैरसरकारी कामको सम्बन्धमा कुनै सरकारी कर्मचारीउपर व्यक्तिगत तवरबाट पर्नआएको नालिस वा उजुरीको समाह्वान, इतलायनामा वा सूचना पाउनेमा यस दफाको कुनै कुरा लागु हुनेछैन ।

२६. म्याद दिने :

(१) अनुसूची–१ वा २ मा लेखिएको मुद्दामा पुनरावेदनको म्याद दिँदा अदालतले सत्तरी दिनको म्याद दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद गुज्री सम्बन्धित पक्षले मनासिब माफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य प्रचलित कानुनले थमाउन पाउने म्यादमा अदालतले बढीमा तीस दिनसम्म थप गर्न सक्नेछ ।

(३) नेपाल सरकारको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्नुपर्ने भएमा प्रचलित कानुनमा सो विषयमा नेपाल सरकारले नालिस उजुर गर्न हदम्याद तोकिएको भए सोही हदम्यादभित्र र त्यस्तो हदम्याद नतोकिएकोमा सो नालिस गर्नुपर्ने भएको कुरा नेपाल सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिस गर्नुपर्नेछ ।

तर, प्रचलित कानुनमा नालिस गर्नलाई हदम्याद हुँदैन भन्ने र जहिलेसुकै पनि नालिस लाग्छ भन्ने लेखिएकामा जहिलेसुकै पनि नालिस उजुर लाग्न सक्नेछ ।

स्पष्टीकरण : नेपाल सरकारको सम्बन्धित अधिकृतले थाहा पाएकोलाई नेपाल सरकारले थाहा पाएको मानिनेछ ।

२७. सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने : यस ऐनबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची–१ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानुनबमोजिम कार्बाही किनारा गर्नुपर्नेछ ।

२८. पोल उजुर गरेबापतको सजायमा छुट :

(१) अनुसूची–१ वा २ मा लेखिएका मुद्दामा पोल उजुर गरेबापतको सजाय हुनेछैन ।

(२) उपदफा (१) मा जुनसूकै कुरा लेखिएको भए तापनि आफू गवाह भई नेपाल सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसँग कुरा वा सबुत प्रमाण देखाई पोल उजुर गरेकाबाट अदालतमा मुद्दा चलिसकेपछि सो कुरा वा सबुत प्रमाण झुट्टा वा बनावटी हो भन्ने देखिएमा अदालतले देहायबमोजिम सजाय गर्न सक्नेछ :

(क) त्यस्तो झुट्टा कुरा लेखिदिने वा बनावटी प्रमाण पेस गर्ने गवाहलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

तर, त्यसरी सजाय गर्दा कसुरदारलाई हुने सजायको आधाभन्दा बढी जरिवाना वा कैद गर्नुहुँदैन ।

(ख) त्यस्तो झुट्टो कुरा लेखिदिने वा बनावटी प्रमाण पेस गर्ने काम पोल उजुर गर्ने गवाहले मनासिब माफिकको कारण नभई रिसइबीले गरेको भन्ने अदालतलाई लागेमा सफाइ पाउने प्रतिवादीलाई त्यस्तो गवाहबाट मुद्दाको अवस्था विचार गरी पाँच हजार रुपैयाँसम्म क्षतिपूर्ति त्यसै मुद्दाबाट भराइदिन सक्नेछ ।

२९. सरकारी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने :

(१) प्रचलित कानुनबमोजिम नेपाल सरकार वादी भई हेरिने वा नेपाल सरकारका तर्फबाट चलाइएको वा नेपाल सरकारउपर परेको मुद्दामामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जुरीले त्यस्तो मुद्दामध्ये नेपाल सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछ :

(क) मुद्दामा मिलापत्र गरेकामा कसैलाई बक्सौनी लाग्नेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) मुद्दा फिर्ता लिएकामा फौजदारी अभियोग वा सरकारी दाबी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गैरसरकारी व्यक्तिको सम्पत्तिसम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा यस दफाबमोजिम अदालतबाट फिर्ता लिन दिनुहुँदैन ।

३०. सरकारी वकीलको अन्य काम :

(१) अनुसूची –१ वा २ मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसूकै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेस गर्ने काम सरकारी वकीलले गर्नेछ ।

(२) अनुसूची –१ मा लेखिएका मुद्दाका साक्षी प्रमाणहरू अदालतले खोजेका दिन सरकारी खर्चमा सरकारी वकीलमार्फत उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ ।

(३) अनुसूची– २ मा लेखिएका मुद्दा र नेपाल सरकार वादी वा प्रतिवादी भएको अन्य मुद्दाका साक्षी प्रमाणहरू अदालतले खोजेका दिन सरकारी वकीलमार्फत उपस्थित गराउने कर्तव्य सम्बन्धित अधिकृतको हुनेछ ।

३१. अनुसूची –१ वा २ मा लेखिएका बाहेकका मुद्दाका सम्बन्धमा :

(१) अनुसूची –१ वा २ मा लेखिएका मुद्दाबाहेक नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानुनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबुत प्रमाण सङ्कलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकामा सम्बन्धित कार्यालय प्रमुखले सबुत प्रमाण सङ्कलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाँघ्ने गरी आफ्नो रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकीलसमक्ष मिसिल एवम् सबुत प्रमाण पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्बन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागु हुनेछ ।

(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानुनको कुन अभियोगमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

ककसलाई मुद्दा चलाउने सोसमेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाँघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र वा फिरादपत्र तयार गरी प्रचलित कानुनमा तोकिएको व्यक्तिले सही गरी थुनुवा भए थुनुवासमेत लगी म्यादभित्रै सम्बन्धित अदालतसमक्ष मुद्दा दायर गरी मिसिलको एकप्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनुपर्नेछ ।

(५) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा तोकिएको अवधिसम्म मिसिल सुरक्षित राख्नुपर्नेछ ।

३२. सम्बन्धित निकायमा पठाउन सकिने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची –१ वा २ मा पर्ने भनी तहकिकात गरिएको कुनै मुद्दा तहकिकात गर्दै जाँदा यस ऐनअन्तर्गत नपर्ने दखिएमा सम्बन्धित निकायमा पठाउन सकिनेछ ।

३३. सरकारी वकीलले बहस पैरवी गर्ने :

(१) अनुसूची –१ वा २ मा लेखिएको मुद्दा र नेपाल सरकार वादी हुने भनी कुनै कानुनमा लेखिएका मुद्दामा सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ । सोबाहेक नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएका मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भइआएमा सरकारी वकीलले बहस पैरवी वा प्रतिरक्षा गरिदिन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकको नेपाल सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा महान्यायाधिवक्तालाई सोझै अनुरोध गरी पठाएमा त्यस्ता मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकीललाई बहस पैरवी वा प्रतिरक्षाका लागि खटाउन सक्नेछ ।

३४. माथिल्लो तहका कर्मचारीको अधिकार : यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमबमोजिम सरकारी वा प्रहरी कर्मचारीले गर्न सक्ने वा गर्नुपर्ने कुनै काम देहायको सरकारी वकील वा प्रहरी कर्मचारीले गर्न हुन्छ :

(क) सो प्रहरी कर्मचारीभन्दा माथिल्लो दर्जाको सम्बन्धित क्षेत्रको कुनै प्रहरी कर्मचारीले र माथिल्लो दर्जाको सरकारी वकीलले,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) सो प्रहरी कर्मचारीको अनुरोधमा अन्य प्रहरी कार्यालयको समान वा माथिल्लो स्तरको कुनै प्रहरी कर्मचारीले र अन्य कार्यालयको माथिल्लो स्तरको सरकारी वकीलले ।

३५. अनुसूचीमा थपघट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची –१ वा २ मा लेखिएको मुद्दाहरूमा थपघट गर्न सक्नेछ ।

३६. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरूमा नियम बन्न सक्नेछ ।

(क) सरकारी वकीलको काम, कर्तव्य र अधिकार तोक्न,

(ख) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा चलाउने र प्रतिरक्षा गर्ने,

(ग) तहकिकातसम्बन्धी आवश्यक कुराहरू ।

३७. खारेजी : सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ खारेज गरिएको छ ।

अनुसूची–१

१. राजगद्दी वा राजपरिवारको गाथासम्बन्धी मुद्दा,

२. राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा,

३. मुलुकी ऐन ज्यानसम्बन्धीको महलले सजाय हुने मुद्दा,

४. मुलुकी ऐन जबरजस्ती कारणीको महलले सजाय हुने मुद्दा,

५. मुलुकी ऐन चोरीको महलले सजाय हुने मुद्दा (जारी चोरीबाहेक),

६. मुलुकी ऐन आगो लगाउने महलले सजाय हुने मुद्दा,

७. गोबधसम्बन्धी वा मुलुकी ऐन चौपयाको महलको ८ नं.अन्तर्गत सजाय हुने मुद्दा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८. सरकारी वा अरू सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा,

९. हातहतियार खरखजनासम्बन्धी मुद्दा,

१०. मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा,

११. जोसुकैसँग रहने भए पनि सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको वा सरकारी काममा कुनै कर्मचारी छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा,

१२. अरूका धर्ममा खलल पर्ने गरी कुनै धर्म प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको मुद्दा,

१३. जुवासम्बन्धी मुद्दा,

१४. मुलुकी ऐन जिउ मास्नेबेच्नेको महलले सजाय हुने मुद्दा,

१५. हुलाक ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा,

१६. जासुसी ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा,

१७. नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा,

१८. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गत सजाय हुने मुद्दा,

१९. यस ऐनको अनुसूची–१ वा २ अन्तर्गतका मुद्दाको जरियाबाट उठेको कीर्ते वा जालसाजी मुद्दा,

२० केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत सजाय हुने मुद्दा,

२१. लागु औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा,

२२. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत सजाय हुने मुद्दा,

२३. कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने मुद्दा,

२४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा,

२५. लिखितहरूको गोप्यतासम्बन्धी ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२६. राहदानी ऐन, २०२४ अन्तर्गत सजाय हुने मुद्दा,

२७. मुलुकी ऐन ठगीको महलले सजाय हुने मुद्दा,

२८. मुलुकी ऐन बिहाबारीको महलको २ नं. अन्तर्गत सजाय हुने मुद्दा र जुनसुकै तरिकाबाट लोग्नेस्वास्नी कायम हुने गरी अर्की स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा सोही महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दा,

२९. .....

३०. ज्यान सम्बन्धीको महल र चौपायको महलले सजाय हुनेबाहेक मानिस, गाई, साँढे र गोरु मारेकोमा सवारीसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय हुने मुद्दा,

३०क. मुलुकी ऐन, अदलको महलको १०ख. नं. अन्तर्गत सजाय हुने मुद्दा,

३१. जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अर्न्तगत सजाय हुने मुद्दा,

३२. बैङ्क वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थाको नगदी वा जिन्सी सम्बन्धित बैङ्क वा संस्थाको कर्मचारीसँग मिलोमतो गरी वा नगरी अन्य कुनै व्यक्तिले मिसोट वा हिनामिना गरेको मुद्दा,

३३. बैङ्क वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थामा किर्ते कागजात पेस गरी ठगी गरेको किर्ते तथा ठगी मुद्दा,

३४. बगलीमारा चोरी मुद्दा,

३४क. नेपाल नागरिकता ऐन, २०६३ अन्तर्गत सजाय हुने मुद्दा,

३५. कुनै ऐनमा नै यो अनुसूची समावेश भएको मानिनेछ भनी लेखिएको मुद्दा,

३६. यस ऐनबमोजिम नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराधसम्बन्धी मुद्दा,

३७. सवारी साधनबाट कुनै मानिसको अङ्गभङ्गको तथा कुनै मानिस घाइते भएको मुद्दा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३८. आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अन्तर्गत सजाय हुने मुद्दा,

३९. विष्फोटक पदार्थ ऐन, २०१८ अन्तर्गतको मुद्दा,

४०. गैरसैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा ९ (क) अन्तर्गतको मुद्दा,

४१. चन्दा ऐन, २०३० अन्तर्गतको मुद्दा,

४२. मुलुकी ऐन कुटपिटको महलअन्तर्गतको अङ्भङ्गसम्बन्धी मुद्दा,

४३. वैदेशिक रोजगार ऐन, २०४२ अन्तर्गतको मुद्दा,

४४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ र १६२ अन्तर्गतको मुद्दा,

४५. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा ७ बमोजिम प्रमाणपत्र नलिई प्रकाशन गरेको कसुर तथा दफा १४ र १५ को कसुरसम्बन्धी मुद्दा,

४६. चिट्ठा ऐन, २०२५,

४७. शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा (१क) बमोजिमको मुद्दा (दफा १७ ग. को उपदफा (२),

४८. दूरसञ्चार ऐन, २०५३ को दफा ४७ को उपदफा (५) अन्तर्गतको मुद्दा,

४९. मानव शरीरको अङ्ग प्रत्यारोपण/नियमित तथा निषेध ऐन, २०५५ अन्तर्गतको मुद्दा,

५०. नेपाल राष्ट्रबैङ्क ऐन, २०५८ को दफा ९५ मा उल्लेखित कसुरसम्बन्धी मुद्दा,

५१. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७ र २८ अन्तर्गतको मुद्दा,

५२. केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्याविधि) ऐन, २०६३ अन्तर्गतको मुद्दा (दफा १५),

५३. नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ अन्तर्गतको मुद्दा (दफा ४२),

५४. बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७० मा उल्लेखित कसुरसम्बन्धी मुद्दा (दफा ७२),

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५५. सुरक्षित कारोबार ऐन, २०६३ अन्तर्गतको मुद्दा (दफा ५६),

५६ जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ८ तथा दफा २६ को उपदफा (२) बमोजिमको कसुरसम्बन्धी मुद्दा (दफा २९),

५७. विद्युतीय इलेक्ट्रोनिक कारोबार ऐन, २०६३ बमोजिम कसुर ठहरिने मुद्दा (दफा ७५)।

अनुसूची– २

१. सरकारी जग्गा दपोट मुद्दा,

२. तिरो दपोटसम्बन्धी मुद्दा,

३. मुलुकी ऐन अदलको महलको २ नं. र ३ नं.अन्तर्गतको मुद्दा,

४. मुलुकी ऐन लेनदेन व्यवहारको महलको ३५ नं. अन्तर्गतको मुद्दा,

५. मुलुकी ऐन जग्गा अवाद गर्नेको महलको १२ नं. अन्तर्गतको मुद्दा,

६. मुलुकी ऐन जग्गा पजनीको महलको १६ नं. अन्तर्गतको मुद्दा,

७. मुलुकी ऐन अपुतालीको महलको १७ नं. अन्तर्गतको मुद्दा,

८. मुलुकी ऐन कल्याण धनको महलको १ नं. अन्तर्गतको मुद्दा,

९. सरकारी रकम कलम दबाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा,

१०. यस ऐनबमोजिम नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अरू देवानी मुद्दा।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५६।४।५

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) "फौजदारी मुद्दा" भन्नाले ऐनको अनुसूची –१ मा उल्लिखित मुद्दा सम्झनुपर्छ ।

(गं) "देवानी मुद्दा" भन्नाले ऐनको अनुसूची –२ मा उल्लिखित मुद्दा सम्झनुपर्छ ।

३. अपराधको सूचना र दर्ता :

(१) ऐनको दफा ३ को उपदफा (१) बमोजिम कुनै अपराधको सम्बन्धमा दर्खास्त दिँदा अनुसूची –१ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्खास्त दिने व्यक्तिलाई अनुसूची –२ बमोजिमको ढाँचामा भर्पाई दिनुपर्ने छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) कसैले उपनियम (१) बमोजिमको दर्खास्त वा सूचनासम्बन्धी प्रहरी कार्यालयमा आफैँ आएर नदिई कुनै व्यक्तिमार्फत पठाएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो दर्खास्त वा सूचना बुझी त्यसको भर्पाई अनुसूची–२ बमोजिमको ढाँचामा त्यस्तो दर्खास्त वा सूचना लिई आउने व्यक्तिलाई दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम पर्न आएको दर्खास्त अनुसूची–१ बमोजिमको ढाँचामा नभए पनि बुझि लिनुपर्छ र त्यस्तो दर्खास्तको सम्बन्धमा अन्य कुनै आवश्यक कुरा खुलाउनुपर्ने देखिएमा सम्बन्धित प्रहरी कार्यालयले दर्खास्त वा सूचना पठाउने व्यक्तिकहाँ कर्मचारी पठाई वा निजलाई कार्यालयमै झिकाई आवश्यक कुराहरू खुलाई लिन सक्नेछ ।

तर, हुलाकद्वारा वा कुनै व्यक्तिमार्फत पठाइएको दर्खास्त वा सूचनाको व्यहोरा सम्बन्धित व्यक्तिले स्वीकार गरी सनाखत नगरेसम्म त्यस्तो दर्खास्त वा सूचनाउपर कार्बाही स्थगित गर्न सकिनेछ ।

(५) उपनियम (१) बमोजिम प्राप्त हुन आएको दर्खास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले अनुसूची –३ बमोजिमको अपराध दर्ता किताबमा दर्ता गर्नुपर्नेछ ।

(६) यस नियममा उल्लेखित माध्यमबाहेक अन्य कुनै माध्यमद्वारा अपराध भएको सूचना प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयलाई कार्बाही चलाउन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

४. तहकिकातसम्बन्धी कार्याविधि :

(१) ऐनको अनुसूची –१ मा उल्लेखित अपराधको सम्बन्धमा दर्खास्त वा सूचना दर्ता वा प्राप्त हुनासाथ सो अपराधको सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रहरी कर्मचारी तोकी सोको जानकारी तालुक कार्यालय र सरकारी वकील कार्यालयलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम तहकिकात गर्न तोकिएको प्रहरी कर्मचारीलाई मुद्दाको अनुसन्धान तहकिकातसम्बन्धी विषयमा सम्बन्धित वा तालुक प्रहरी कार्यालयको कुनै माथिल्लो दर्जाको प्रहरी अधिकृतले मिसिल अध्ययन गरी आवश्यक निर्देशन दिन सक्नेछ । अपराधको प्रकृति र गम्भीरतालाई दृष्टिगत गरी त्यस्तो तहकिकात गर्ने प्रहरी कर्मचारीको सहयोगको लागि आवश्यकताअनुसार छुट्टै अनुसन्धान टोलीसमेत गठन गर्न सकिनेछ ।

(३) प्रहरी कर्मचारीले कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी वा सुराक पाई सुराक लिन गएका बखत वा आफ्नो उपस्थितिमा त्यस्तो अपराध भएको देखेमा तुरुन्त अभियुक्तलाई पक्री र अभियुक्त पक्राउ हुन नसकेको अवस्थामा अपराधसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण लाग्ने चिज वा वस्तु फेला परेमा सामानहरूसमेत घटनास्थलमा अपराध भएको देख्ने व्यक्तिहरू कोही भए निजहरूको रोहबरमा आफ्नो कब्जामा लिई आवश्यकतानुसार ठाडो मुचुल्का खडा गर्नुपर्नेछ र त्यस्तो तहकिकातको कार्य सम्पन्न नभएसम्म त्यस्तो स्थानलाई यथास्थितिमा सुरक्षित राख्नुपर्नेछ ।

तर, दसीको मालसामान र अपराधसँग सम्बन्धित प्रमाण लाग्ने कुनै चिज वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने किसिमको रहेछ भने त्यस्तो चिज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय गाउँ विकास समिति वा नगरपालिकालाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

पनि त्यस्तो मालसामान, चिज वा वस्तु जिम्मा लिई जिम्मा लिएको निस्सा दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम सुराक लिन जाने प्रहरी कर्मचारीले घटनाको सम्बन्धमा सकभर चाँडो सम्बन्धित प्रहरी कार्यालयमा खबर गर्नुपर्छ र त्यस्तो कार्यालयले पनि खबर प्राप्त हुनासाथ अनुसूची–३ बमोजिम अपराध दर्ता किताबमा त्यस्तो खबर दर्ता गरी तहकिकात गर्ने प्रहरी कर्मचारी तोक्नुपर्नेछ ।

(५) उपनियम (१) र (४) बमोजिम तहकिकात गर्न तोकिएको प्रहरी कर्मचारी यथाशीघ्र घटनास्थलमा पुग्नुपर्नेछ ।

(६) यस नियम बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो मुद्दासम्बन्धी घटना देख्ने जान्ने वा थाहा पाउने व्यक्तिहरूसँग निजहरूको देखे, जाने, बुझेसम्मको यथार्थ व्यहोरा यथाशीघ्र खुलाई अनुसूची –४ बमोजिमको ढाँचामा कागज गराई राख्नुपर्नेछ ।

५. खानतलासी : ऐनको दफा १० बमोजिम कुनै मुद्दाको सम्बन्धमा कुनै ठाउँ वा व्यक्तिको जिउको खानतलासी लिनुपर्दा आवश्यकतानुसार अनुसूची –५ वा अनुसूची -६ बमोजिमको मुचुल्का खडा गर्नुपर्नेछ ।

६. लासजाँच तथा शवपरीक्षण :

(१) ऐनको दफा ११ बमोजिम लासजाँच गर्दा तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यकतानुसार अनुसूची –७ वा अनुसूची –८ बमोजिमको मुचुल्का खडा गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम लासजाँच मुचुल्का भइसकेपछि त्यस्तो लासजाँचबाट कुनै अपराधको परिणामस्वरूप वा शङ्कास्पद स्थितिमा मृत्यु भएको देखिन नआएमा र तहकिकात गर्ने प्रहरी कर्मचारीले सो लासको शवपरीक्षण गराउन आवश्यक नपर्ने ठहऱ्याएमा त्यसको कारणसहित स्थानीय भद्रभलादमीको रोहबरमा पर्चा खडा गरी मिसिल संलग्न राखी शवपरीक्षण नगराउन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७. परीक्षणको प्रतिवेदन पठाउनुपर्ने :

(१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम शवको परीक्षणको लागि पठाइएको कार्य सम्पन्न भइसकेपछि बाटाको म्यादबाहेक चौबीस घन्टाभित्र सम्बन्धित सरकारी चिकित्सकले अनुसूची –९ बमोजिमको शवपरीक्षण प्रतिवेदन सम्बन्धित प्रहरी कार्यालयमा पठाउनुपर्नेछ ।

(२) प्रहरीद्वारा घाउजाँचको लागि पठाइएको अनुसूची –१० बमोजिमको घाउजाँच केस फारमसम्बन्धी प्रतिवेदन तथा अनुसन्धानको सिलसिलामा बुझ्नुपर्ने कुनै व्यक्तिको अवस्थाको सम्बन्धमा माग भएको जानकारी बाटाको म्यादबाहेक चौबीस घन्टाभित्र उपलब्ध गराउनु सम्बन्धित अस्पताल वा हेल्थपोस्टको कर्तव्य हुनेछ ।

८. शवपरीक्षण गर्न पठाउँदा लाग्ने खर्च : शवपरीक्षणको लागि सरकारी चिकित्सकसमक्ष शव पठाउँदा सम्बन्धित प्रहरी कर्मचारीले लासको शारीरिक अवस्था, घटनास्थलदेखि शवपरीक्षण गरिने स्थानको दूरी आदिको विचार गरी लास बोक्न लाग्ने मनासिब मासिफकको रकम निर्धारण गरी सम्बन्धित व्यक्तिलाई त्यस्तो रकम र शवपरीक्षणबापत कुनै दस्तुर लाग्ने रहेछ भने सो रकमसमेत त्यस्तो लास लिइजाने प्रहरी कर्मचारीलाई दिइ पठाउनुपर्नेछ ।

९. अभियुक्तलाई पक्राउ र प्रहरी हिरासतमा राख्दा :

(१) ऐनको अनुसूची १ मा उल्लेखित अपराधका अभियुक्तलाई प्रहरीले तहकिकातको सिलसिलामा खोजतलास गरी पक्रने भरमग्दुर प्रयास गर्नुपर्नेछ र पक्राउमा परेको अभियुक्तलाई अनुसूची-११ बमोजिम पक्राउ पुर्जी दिनुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्राउ गर्नुपर्ने मनासिब आधार नदेखिएको अवस्थामा पक्राउ नगरी अनुसन्धान गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपनियम (१) बमोजिम पक्राउ भएको अभियुक्तलाई प्रहरी हिरासतमा राख्नुपरेमा ऐनको दफा १५ को रीत पुऱ्याई अनुसूची – १२ बमोजिमको थुनुवा पुर्जी दिई हिरासतमा राख्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रहरी हिरासतमा रहेको अभियुक्तको हकमा हिरासतको अवधि भुक्तान नहुँदै तहकिकात पूरा गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अभियोगपत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मुद्दा दायर गर्नुपर्ने दिनको कम्तीमा तीन दिनअगावै मिसिल सरकारी वकील कार्यालयमा पठाउनुपर्नेछ ।

(५) अदालतमा दायर भएको ऐनको अनुसची –१ मा उल्लिखित अपराधको अभियुक्त जहिलेसुकै गिरफ्तार भएमा पनि निजलाई बाटाको म्यादबाहेक चौबीस घन्टाभित्र सकभर चाँडो प्रहरीले सरकारी वकीलमार्फत अदालतमा उपस्थित गराउनुपर्नेछ । त्यस्तो अभियुक्तको बयान प्रहरी कार्यालयमा गराइरहनुपर्दैन ।

१०. दसी वा चिज वस्तुको सनाखत : ऐनको दफा १६ को उपदफा (२) बमोजिम कुनै मुद्दासँग सम्बन्धित दसी वा चिज वा वस्तु सनाखत गराउनुपर्दा सनाखत गराउनुपर्ने सम्बन्धित व्यक्तिलाई त्यस्तो दसी वा चिज वा वस्तु देखाई सनाखत गराउनुपर्नेछ ।

११. हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छाड्न सक्ने :

(१) ऐनको दफा २१ बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक नदेखेमा सो कुराको कारण खोली पर्चा खडा गरी त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छोडनको निमित्त सरकारी वकीलको सहमतिको लागि पत्र लेखी मिसिलसमेत सरकारी वकील कार्यालयमा पठाउनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम सहमतिको लागि लेखिआएमा सरकारी वकीलले मिसिल संलग्न कागजहरूको अध्ययनबाट त्यस्तो व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखेमा हाजिर जमानीमा छोडने सहमति दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम सरकारी वकीलसँग तत्काल सहमति लिन नसकिने मनासिब अवस्था परेमा त्यसको कारण जनाई प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले हाजिर जमानीमा छोड्नु पर्नाको कारणसमेत खोली पर्चा खडा गरी छोड्न सक्नेछ र यसरी छोडिएकोमा त्यसको जानकारी सरकारी वकील कार्यालयलाई अविलम्ब दिनुपर्नेछ ।

१२. दसीप्रमाण र अभियुक्त राख्ने :

(१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीबाट प्राप्त मिसिल सरकारी वकीलले अध्ययन गरी मुद्दा चल्न सक्ने देखिएमा अभियोगपत्र तयार गरी अदालतसमक्ष पेस गर्ने समयमा दाखिला गर्ने गरी मुद्दासँग सम्बन्धित दसी, प्रमाण र अभियुक्त भएमा अभियुक्तसमेत सम्बन्धित प्रहरी कार्यालयमा राख्न पठाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी वकीलले पठाएको दसीप्रमाण र अभियुक्तलाई राख्ने जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको हुनेछ ।

१३. फौजदारी मुद्दाको दायरी :

(१) अदालतमा फौजदारी मुद्दा दायर गर्दा सरकारी वकीलले ऐन र प्रचलित कानुनको म्यादभित्र अनुसूची –१३ बमोजिमको ढाँचामा ऐनको दफा १८ को उपदफा (१) बमोजिमका कुराहरू समेत उल्लेख गरी अभियोगपत्र तयार गरी सक्कल मिसिल र अभियुक्त भए निजलाई समेत प्रहरी कर्मचारीका साथ अदालतमा दाखिल गरी अभियोगपत्र दायर गर्नुपर्नेछ । यसरी दायर गरिएको अभियोगपत्रको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

एक प्रति नक्कल तहकिकात गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अदालतमा दायर भएको मुद्दामा प्रहरी कर्मचारी वा सरकारी वकीललाई तारेखमा राखिनेछैन ।

तर, अदालतमा त्यस्ता मुद्दाको सुनुवाइ हुने दिनको पूर्वसूचना र सुनुवाइको दिन भएको आदेश वा फैसलाको नक्कल सम्बन्धित सरकारी वकील कार्यालयलाई अदालतले उपलब्ध गराउनुपर्नेछ ।

१४. मुद्दा दायर भएपछि फेला परेको सबुत प्रमाण पेस गर्ने : ऐनबमोजिम दायर भएको मुद्दासम्बन्धमा प्रहरी वा अरू कसैले सबुत प्रमाण लायकको कुनै माल, वस्तु वा लिखत फेला पारेमा सम्बन्धित सरकारी वकील कार्यालयमा दाखिल गर्नुपर्नेछ र सो कार्यालयले पनि त्यस्तो माल, वस्तु वा लिखतलाई अदालतमा तुरुन्त पेस गर्नुपर्नेछ ।

१५. सरकारी पक्षको साक्षी, गवाहलाई उपस्थित गराउने :

(१) अदालतले सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकीलमार्फत त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ । अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गइसक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझिनहुने किसिमका साक्षी, गवाहलाई अदालतसमक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ ।

(२) अदालतको आदेशबमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलादमीहरूको रोहबरमा अनुसूची –१४ बमोजिमको ढाँचामा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेस गर्नुपर्नेछ । सरकारी वकीलले उक्त मुचुल्कासमेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएका समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ ।

(३) यस नियमबमोजिम साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ । यसरी खर्च उपलब्ध गराउँदा प्रत्येक साक्षी, गवाहलाई राजपत्र अनङ्कित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाएसरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ । सरकारी कर्मचारीलाई साक्षी, गबाहको रूपमा उपथित हुनुपर्ने भएमा प्रचलित आर्थिक ऐन तथा नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ ।

१६. देवानी मुद्दाको दायरी : ऐनको अनुसूची –२ बमोजिमका मुद्दा अदालतमा दायर गर्दा सोसम्बन्धमा आवश्यक कागजपत्र तथा प्रमाण जुटाइदिने र साक्षी, गवाह उपस्थित गराउने समेतको कर्तव्य ऐनको दफा २२ अन्तर्गत तोकिएको अधिकृतको हुनेछ ।

१७. मुद्दामा दस्तुर इत्यादि नलाग्ने : अदालतमा नेपाल सरकार पक्ष वा विपक्ष भएको कुनै पनि मुद्दा दायर गर्दा सो गरेबापत र त्यसको कार्बाहीको सिलसिलामा सरकारी पक्षलाई कुनै दस्तुर वा दण्ड जरिवाना इत्यादि लाग्नेछैन ।

१८. भरिभराउ सम्बन्धी व्यवस्था : ऐन बमोजिम नेपाल सरकार वादी भई चलेको मुद्दामा अदालतको अन्तिम निर्णयबमोजिम कुनै गैरसरकारी व्यक्तिलाई भरिभराउ गरिदिनुपर्ने चलन चलाइदिनुपर्ने वा अरू केही कुरा गरिदिनुपर्ने रहेछ भने सो मुद्दामा पुनरावेदन दायर गर्न म्याद नाघेको मितिले साधारणतया सात दिनभित्र सुरु अदालतले पुनरावेदन परेनपरेको बुझी पुनरावेदन नपरेकोमा तुरुन्त र पुनरावेदन परेकामा पुनरावेदनको आखिरी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

टुङ्गो लागेको जनाउ आफूकहाँ दाखिल भएपछि त्यस्ता गैरसरकारी व्यक्तिको हकमा त्यस्तो सूचना तामेल भएका मितिले प्रचलित कानुनबमोजिम भरिभराउ गराई माग्ने, चलन चलाई माग्ने वा अरू केही कुरा गराइ माग्ने म्यादको गणना गरिनेछ ।

१९. म्याद कायम गर्ने : ऐनको अनुसूची– १ र २ मा उल्लिखित मुद्दामा सम्बन्धित सरकारी वकील कार्यालयले, प्रचलित कानुन नेपाल सरकारवादी हुने भनी लेखिएको मुद्दामा सम्बन्धित विभाग, कार्यालय वा सरकारी वकील कार्यालयले र नेपाल सरकार पक्ष वा विपक्ष भई चलेको अन्य मुद्दामा सम्बन्धित कार्यालय, निकाय वा पदाधिकारीले जनाउ पाएको मितिबाट पुनरावेदन, निवेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनको निमित्त निवेदन गर्नेसमेतको म्याद कायम गनुपर्नेछ ।

२०. नक्कलसम्बन्धी व्यवस्था : नेपाल सरकार वादी वा प्रतिवादी भई चलेको वा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा अड्डाअदालतबाट भएका निर्णय वा आदेश लगायतका कागजातहरूको नक्कल विना दस्तुर अड्डाअदालतले सरकारी वकील कार्यालयलाई सारी लान दिनुपर्नेछ । त्यस्ता कागजातको नक्कल सरोकार पर्ने प्रहरी कार्यालय वा अन्य कार्यालयले सारी लिन चाहेमा सरकारी वकील कार्यालयमा रहेको नक्कल मिसिलबाट सारी लिन दिनुपर्नेछ ।

२१. सुरक्षित राख्ने : ऐनको दफा १९, दफा २२ को उपदफा (७) र दफा ३१ को उपदफा (५) बमोजिम सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरी फिर्ता पठाएको मिसिल तथा दसीप्रमाणका चिज वा वस्तु सम्बन्धित मुद्दामा नालिस गर्ने प्रचलित कानुनको हदम्यादसम्म सम्बन्धित कार्यालयले सुरक्षित राख्नुपर्नेछ र सो म्याद समाप्त भएपछि नगदी वा जिन्सी समान भएमा त्यसलाई लिलाम गरी बैङ्क दाखिला गनुपर्नेछ र त्यस्ता चिज वा वस्तु हातहतियार वा खरखजाना भए प्रचलित कानुनबमोजिम हातहतियारको अनुमतिपत्र जारी गर्ने कार्यालयमा बुझाउनुपर्नेछ ।

२२. समन्वयन समिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) सरकारवादी मुद्दाको अनुसन्धान तहकिकात एवम् अभियोजनमा संलग्न निकायका बीचमा आवश्यकताअनुसार समन्वय कायम गरी उल्लेखित कार्यमा प्रभावकारिता ल्याउन देहायबमोजिमको समन्वय समिति रहनेछ ।

(क) महान्यायाधिवक्ता, –अध्यक्ष

(ख) सचिव, कानुन तथा न्याय मन्त्रालय, –सदस्य

(ग) सचिव, गृहमन्त्रालय, –सदस्य

(घ) प्रहरी महानिरीक्षक, –सदस्य

(ङ) महान्याधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता, –सदस्य सचिव

(२) समितिको कार्यावधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) समितिले आवश्यकताअनुसार अनुसन्धान तहकिकातसँग सम्बन्धित विभिन्न निकायका प्रमुखहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२३. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

२४. खारेजी र बचाउ :

(१) सरकारी मुद्दासम्बन्धी नियमावली २०१८ खारेज गरिएको छ ।

(२) सरकारी मुद्दासम्बन्धी नियमावली, २०१८ बमोजिम भएगरेका कामकार्बाहीहरू यसै नियमावलीबमोजिम भएगरेको मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

जाहेरी दर्खास्तको ढाँचा

श्री .....मा चढाएको (प्रहरी कार्यालयले भर्ने)

(प्रहरी कार्यालयको नाम र ठेगाना) दर्ता नं :-

दर्ता महिनाः -

दर्खास्त

१) दर्खास्त वा सूचना दिने व्यक्तिको नाम, थर ठेगाना :-

२) कुन मुद्दासम्बन्धी अपराधबारे दर्खास्त वा सूचना गरेको हो :-

३) अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना, र हुलिया :-

४) अपराध भएको वा भइरहेको वा हुनेसम्बन्धी ठाउँ, मिति र समय :-

५) दर्खास्त वा सूचनाको बेहोरा :-

६) अपराधसँग सम्बन्धित कुनै सबुत प्रमाण भए सो कुरा :-

७ अपराधसँग सम्बन्धित अन्य विवरण :-

८) यस दर्खास्तको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानुनबमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनुपर्ने जनाउन पाए सोबमोजिम उपस्थित हुनेछु ।

दर्खास्त वा सूचना दिनेको

सहीः-

मितिः-

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

दर्खास्त वा सूचनाको भर्पाई

विषय :.....मुद्दासम्बन्धी अपराधबारे ।

.....को मिति .....दर्खास्त वा सूचना प्राप्त भई यस प्रहरी कार्यालयको दर्ता किताबमा मिति .....मा दर्ता भयो ।

कार्यालयको छापः-

दर्ता नं

दर्खास्त/सूचना गर्दा गर्ने प्रहरी कर्मचारीको :-

सहीः

नाम :

पद :

कार्यालय :

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -३

(नियम ३ को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

गृहमन्त्रालय

.....प्रहरी कार्यालय

अपराध दर्ता किताब (१० नं दायरी)

आ.व-

मु. द. नं	घटना को मिति	जाहेरी दर्ता मिति र समय	घटनास्थलमा प्रहरी प्रस्थान गरेको र पुगेको मिति तथा समय	अपराधको किसिम	जाहेरवालाको नामथर वतन	क्षति को विवरण	पीडित को नामथर, वतन, उमेर, लिङ्ग, पेशा,	अभियुक्त को बाबुको नामथर	अभियुक्त को नामथर वतन	पकाउ परेको अभियुक्तसम्बन्धी विवरण	अपराधी को छोटकरी विवरण तथा अपराध गर्दाको तरिका	साक्षी सरजमिनका व्यक्तिहरू	भैतिक सबुत प्रमाण

अनुसन्धानपश्चात्को कार्वाही				अनुसन्धान अधिकृत	अनुसन्धान अधिकृतबाट अपराध नियन्त्रणबारे सुझाव	हदम्याद	कैफियत
प्रहरीबाट राय पेस मिति	प्रस्तावित अभियोगको सम्बन्धित कानुन	स.व.का बाट लगाइएको अभियोगसँग सम्बन्धित कानुन	अदालतको निर्णय				

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -४

(नियम ४ को उपनियम (६) सँग सम्बन्धित)

घटना विवरण कागजको ढाँचा

श्री .....प्रहरी कार्यालय.....(फलाना ठाउँ) मा अनुसन्धान अधिकृत..... फलाना समक्ष, फलाना ठाउँ बस्ने, फलाना पेसा गर्ने, फलानाको छोरा .....वर्ष .....को (फलानाले) गरेको कागज ।

१) दर्खास्त वा सूचनाको छोटकरी विवरण :

.....

.....

.....

.....

२) घटनासँग सम्बन्धित प्रश्नहरू :

.....

.....

.....

.....

३) कागज गर्नेले खुलाई लेखाइदिएका कुराहरू :

.....

.....

.....

.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४) रोहबर : कागज गर्नेको सही

:..... .....

इति संवत् २०....साल....महिना.....गते...शुभम्.....।

अनुसूची -५

(नियम ५ सँग सम्बन्धित)

बरामदी/खानतलासी मुचुल्काको ढाँचा

श्री.....प्रहरी कार्यालय.....बाट.....(फलाना ठाउँ) मा खडा गरेको चिजवस्तु वा ठाउँको बरामदी/खानतलासी मुचुल्का ।

१ दर्खास्त वा सूचनाको छोटकरी विवरण :

.....

.....

.....

.....

२. चार किल्लासहित बरामद/खानतलासी गरिएको चिजवस्तु वा ठाउँको विवरण :

.....

.....

.....

.....

३. बरामद भएको सामान (दसी) को विवरण :

.....

.....

.....

.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४. देखेबमोजिम सहीछाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सही:

.....

.....

.....

.....

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन, र सही :

प्रहरीले मेरो घर/चिजवस्तु खानतलासी लिँदा आफ्नो तलासी दिई इज्जतसाथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने .....ठाउँ बस्ने घर वा चिजवस्तुको धनी/जिम्मेबार व्यक्ति.....अभियुक्तहरूको नाम, थर, उमेर, वतन र सही :

.....

.....

६. काम तामेल गर्ने :-

अनुसन्धान अधिकृत :-

अन्य प्रहरी कर्मचारी :-

.....

.....

७. मिति :-.....

समय :-.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -६

(नियम ५ सँग सम्बन्धित)

खानतलासी मुचुल्काको ढाँचा

श्री .....प्रहरी कार्यालय ..... बाट .....
(फलाना ठाउँ बस्ने फलाना मानिसको) जिउको खानतलासी मुचुल्का ।

१. दर्खास्त वा सूचनाको छोटकरी विवरण :

.....

.....

२. खानतलासी गरिएको ठाउँको विवरण :

.....

.....

३. बरामद भएको सामान (दसी) को विवरण :

.....

.....

४. देखेबमोजिम सहीछाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सही :

.....

.....

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन, र सही :

.....

.....

६. अभियुक्तहरूको नाम, थर, उमेर, वतन र सही :

.....

.....

काम तामेल गर्ने :-

अनुसन्धान अधिकृत :-

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अन्य प्रहरी कर्मचारी :-

.....

.....

.....

मिति :-.....

समय :-.....

अनुसूची -७

(नियम ६ सँग सम्बन्धित)

घटनास्थल/लासजाँच मुचुल्काको ढाँचा

श्री .....प्रहरी कार्यालय ..... बाट ..... (फलाना ठाउँमा) खडा गरेको घटनास्थल, लासजाँच मुचुल्का ।

१. मृतकको नाम, थर:

वतन :

उमेर :

लिङ्ग :

२. दर्खास्त वा सूचनाको छोटकरी विवरण :

.....

.....

.....

.....

३. घटनास्थलको चार किल्लासहितको विवरण :

.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

.....

.....

.....

४. लासको विवरण

लासको शारीरिक अवस्था :.....

लासको विवरण:

कपडा	हात खुम्चिएको
उचाइ	सोझो
	मुट्ठी
कपालको रङ	नङको अवस्था
कपालको अवस्था	खुट्टाको अवस्था
अनुहारको अवस्था	
आँखा : खुल्ला/बन्द	नीलडामहरू (ठाउँ, आकार)
	.....
नाक	खोस्रिएको दागी
कान	(ठाउँ, आकार)
मुख	.....
दाँत र जिब्रो	काटिएका घाउहरू
घाँटीको अवस्था	(ठाउँ, आकार)
घाँटीका डामहरू	अन्य घाउहरू
छाती	(ठाउँ, आकार)
	.....
पेटको अन्य भागको अवस्था	

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मलद्वार

.....

लिङ्ग/योनी परिचयात्मक चिन्ह (कुनै भए)

.....

अन्य कुनै विकृति/अस्वाभाविक लक्षण भए (सोसमेत उल्लेख गर्ने)

.....

५. घटनास्थल र लासको रेखाचित्रण (गर्न सकिन्छ भने) :-

६. देखेबमोजिम सहीछाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सही :

.....

.....

७. रोहबरमा बस्नेहरूको नाम, थर, वतन, र सही :

.....

.....

दर्खास्त वा सूचना दिने व्यक्तिको नाम, थर, वतन, र सही :

अभियुक्तहरूको नाम, थर, वतन र सही :

काम तामेल गर्ने :

अनुसन्धान अधिकृत :

अन्य प्रहरी कर्मचारीहरू :

.....

.....

.....

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -८

(नियम ६ सँग सम्बन्धित)

घटनास्थल मुचुल्काको ढाँचा

श्री ..... प्रहरी कार्यालय ..... बाट ..... (फलाना ठाउँमा) खडा गरेको घटनास्थल, मुचुल्का ।

१. दर्खास्त वा सूचनाको छोटकरी विवरण :

.....

.....

.....

.....

२. घटनास्थलको चार किल्लासहितको विवरण :

.....

.....

.....

.....

३ घटनास्थल रेखा चित्रण (गर्न सकिन्छ भने) :

४. देखेबमोजिम सही छाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सही :

.....

.....

५. रोहबरमा बस्नेहरूको नाम, थर, वतन, र सही :

.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

.....

दर्खास्त वा सूचना दिने व्यक्तिको नाम, थर, वतन, र सही :

अभियुक्तहरूको नाम, थर, वतन र सही :

काम तामेल गर्ने :

अनुसन्धान अधिकृत :

अन्य प्रहरी कर्मचारीहरू :

.....

.....

.....

मिति :

अनुसूची -९

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

शवपरीक्षण प्रतिवेदन

(AUTOPSY REPORT)

प्रहरी कार्यालयले भर्ने

मुद्दा दर्ता नं :

मिति :

प्रहरी कार्यालयको नाम :

मृतकको नाम, थर, ठेगाना, उमेर र लिङ्ग :

लास सनाखत गरिदिने व्यक्तिको नाम, थर, वतन :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लास लिइआउने प्रहरी कर्मचारीको नाम, दर्जा :

सम्बन्धित प्रहरी कार्यालयको छाप र कर्मचारीको दस्तखत :

RELEVANT DETAILS :

EXTERNAL EXAMINATION:

INTERNAL EXAMINATION:

SPECIAL EXAMINATION:

VISCERA/ANOTHER SAMPLES :

CAUSE OF DEATH

(मृत्युको कारण)

(SEAL OF THE HOSPITAL)

FULL NAME OF M.O :–

SIGNATURE OF M.O :–

DATE :–

HOSPITAL :–

FULL BODY- ANTERIOR AND POQMERIOR VIEWS

(VENTRAL AND DORSAL)

FULL BODY-LATERAL VIEW

GUIDELINES :

RELEVANT DETAILS:

Mention short history or circumsmances of death.

EXTERNAL EXAMINATION :

WITH CLOTHES ON :– List & describe clothings and omaments etc. (Note if mud, gsass present)

AFTER CLOTHES ARE REMOVED :– Take height, estimated, weight,describe stature,hair,and estimate age . see the body from all sides

-Appearance of comea, rigor mortis, PM staining, if anything found on natural orifices,findings related to decomposition.

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

Record old scars,tattoo,deformity in unidentified body .

Record details of injury, type,size,site.

Record bleeding,semen,faeces,urine if present

INTERNAL EXAMINATION

LARYINX,TROCHEA, PHARYNX,LUNGS:

Note any injury, abnormality or change in physical character.

STOMACH:

See what is inside,describe smell if present.

OTHER ORGANS

Describe injuries,if present.

Note abnormality or change in physical character.

SKETCHES :–

Fill in appropriately in the blanks provided in cases of injuries/ wounds.

अनुसूची -१०

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

घाउजाँच केस फारम

मिति र दर्ता नं :

Date & Police case No :–

घाइतेको नाम, थर, उमेर र लिङ्ग :

Name,Age & Sex of Injured Person :–

घाइतेको वतन :

Address of Injured Person :–

कार्यालयको नाम, ठेगाना :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

Name & Address of the Office (Sender) :–

घाउजाँच गराउन लिइजाने प्रहरी कर्मचारीको नाम, दर्जा :

Name & Rank of the police personnel:–

(accompanying the injured to M.O)

Date Time & Place of Examination

Consent :–

Natuer of Injury Size & Site :–

1

2

3

Type of injury :–

अङ्गभङ्ग .....

अङ्ग फोरिएको वा छिनालिएको वा फुकालिएको.....

पुरानो घाउखत .....

अन्य.....

Type of Weapon/ object used :–

Condition of the patient :

Whether fatal or not ? (मर्ने वा नमर्ने)

Remarks (कैफियत)

घाउ जाँच गर्ने अधिकारी :

दस्तखत :

नाम, थर :

दर्जा :

कार्यालय:

मिति

कार्यालयको छाप :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

FULL BODY ANTERIOR AND POQMERIOR VIEWS

(VENTRAL AND DORSAL)

चित्र

FULL BODY - LATERAL VIEW

चित्र

GUIDELINES:–

Nature of Injury :– Mention abrasion or contusion lacerated or incised or Qmabbed or, gunshot wound,bums or fracture or dislocation.

Type of injury :–

अङ्गभङ्ग

१

२

३

४

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५

६

अङ्ग फोर्ने वा फुटाउने वा छिनाउने :

If there is partial damage such as limping after fracture/ dislocation if there is organ damage such as lungs,liver,heart,kidney,spleen,intestine and brain.

पुरानो घाउखत :

Do not include vaccination or operation scras.

अन्य :

Nail scratch,biting,burns,electric burns,and using vapour and smoke for all injuris mentioned above indicate under which headlings they come .

Type of the weapon/object used:– Mention sharp or blunt, heavy or light, gunshot,Chemicals or fire burns or any other specific characderiQmics of the weapon/object used .

Condition of the patient :– Mention injury to the vital organs as fatal; multiple fractures as fatal or any other injuries which with the available medical aid at the place of examination is likely to cause death .

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -११

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

पक्राउ पुर्जीको ढाँचा

श्री .....

ठेगाना .....

तपाईंलाई ..... अपराध/कसुरको अनुसन्धानका सिलसिलामा पक्राउ गर्नुपर्ने भएकाले यो पक्राउ पुर्जी जारी गरिएको छ । यो पक्राउ पुर्जी लिइआउने प्रहरी कर्मचारी साथ लागि तुरुन्तै.....कार्यालयमा आउनुहोला । अन्यथा प्रहरीले नछाडी ल्याउनेछ

अनुसन्धान अधिकृतको :

सही :

नाम :

दर्जा :

कार्यालय :

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -१२

(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

थुनुवा पुर्जीको ढाँचा

श्री .....

ठेगाना .....

..... जाहेरीले वादी नेपाल सरकार प्रतिवादी तपाईंसमेत भएको ..... अपराध/कसुरको अनुसन्धान तहकिकातका सिलसिलामा तपाईंलाई प्रहरी हिरासतमा राखी मुद्दाको अनुसन्धान कार्य गर्नुपर्ने भएकाले मुलुकी ऐन अदालती बन्दोबस्तको १२१ नं.अनुसार आजैका मितिदेखि प्रहरी हिरासतमा राखी यो थुनुवा पुर्जी दिइएको छ ।

अनुसन्धान अधिकृतको

: सही :

नाम :

दर्जा :

कार्यालय :

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -१३

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

अभियोगपत्रको ढाँचा

अभियोगपत्र

अदालतले भर्ने :

दर्ता नं :

दर्ता मिति :

श्री .....अदालतमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १८ अन्तर्गत दायर गरेको ।

अभियोगपत्र

२०....सालको नम्बर :

.....को जाहेरीले नेपाल सरकार .....वादी

विरुद्ध

१.....

२..... प्रतिवादी

३.....

मुद्दा :

केसको व्यहोरा :

(१)

(२)

(३)

अभियोग :

सबुत प्रमाण :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

दसीप्रमाण तथा अपराधसँग सम्बन्धित चिजवस्तु :

गवाह :

देख्ने :

(क)

(ख)

(ग)

(घ)

सुन्ने :

(क)

(ख)

दसीको सामान वा अपराधसँग प्रमाण लाग्ने अरू चिजवस्तु :

(क)

(ख)

(ग)

प्रस्तुत कागजपत्रहरू :

(क)

(ख)

(ग)

यो अभियोगपत्रबाट कार्बाही सुरु गर्न अदालतसँग सादर अनुरोध गरिन्छ ।

कार्यालयको छाप :

सरकारी वकीलको :

दस्तखत :

नाम :

दर्जा :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कार्यालय :

मिति :

द्रष्टव्य : (१) अभियोगको कुरा लेख्दा ऐनको दफा १८ बमोजिम खुलाउनुपर्ने कुरासमेत सोही लसिलामा खुलाई लेख्नुपर्छ ।

(२) तहकिकातबाट अभियुक्त देखिएका सबैको नाम, थर, वतन विरुद्ध खण्डमा सिलसिला नम्बर मिलाई लेख्नुपर्छ ।

(३) सबुत प्रमाण कागजका हकमा जो भएको माथिका ढाँचामा मिलाई लेख्नुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -१४

(नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

साक्षी/गवाह फेला नपरेको मुचुल्काको ढाँचा

मुचुल्का

..... जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ..... समेत भएको ..... मुद्दामा ..... बस्ने सरकारी साक्षी/गवाह ..... लाई अदालतमा उपस्थित गराउन ..... प्रहरी कार्यालयका प्रहरी कर्मचारी (प्रहरी कर्मचारीको नाम) ..... खटिआउँदा उल्लेखित साक्षी/गवाह ..... कारणले घर ठेगानामा फेला नपरेको व्यहोरा ठीकसाँचो हो भनी हामी तपसिलका व्यक्तिहरूले यो मुचुल्का गरी दिएका छौँ । झुठो व्यहोरा लेखिदिएको ठहरे कानुनबमोजिम सजाय सहुँला ।

तपसिल

मुचुल्कामा बस्ने व्यक्तिहरू (सम्बन्धित नगरपालिका वा गाउँ विकास समितिका पदाधिकारी वा भद्रभलादमीहरू) :

(क) .....

(ख).....

(ग).....

(घ).....

(ङ).....

खटिजाने प्रहरी कर्मचारीको :

सही :

नाम :

दर्जा :

कार्यालय :

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कारागार ऐन, २०१९

		लालमोहर/प्रमाणीकरण मिति	प्रकाशन मिति
		२०१९।१०।२२	२०१९।१०।२३
संशोधन गर्ने ऐन			
१	कारागार ऐन	२०१९/१०/२२	२०१९/१०। २३
२	कारागार (पहिलो संशोधन) ऐन, २०४६	२०४६/६/११	२०४६/६/११
३	केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८	२०४९/१/८	२०४९/१/८
४	दण्डसजायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५	२०५६/१/१६	२०५६/१/१६
५	कारागार (दोस्रो संशोधन) ऐन, २०६४	२०६४/४/३२	२०६४/४/३२

कारागारसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : शान्ति र व्यवस्था कायम राख्न कारागारसम्बन्धी नेपाल कानुनलाई संशोधन र एकीकृत गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

१) यस ऐनको नाम "कारागार ऐन, २०१९" रहेको छ ।

२) यो ऐन नेपाल राज्यभर विस्तृत हुनेछ ।

३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिदिएका मितिदेखि प्रारम्भ हुनेछ ।

(२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "अदालत" भन्नाले अदालतसरह न्यायिक काम गर्न अधिकारप्राप्त कमिसन, ट्राइब्युनल वा अड्डालाई समेत जनाउँछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

ख) "कैदी" भन्नाले कुनै अदालतको फैसलाअन्तर्गत सजाय पाई कारागारमा रहेको व्यक्तिलाई जनाउँछ ।

ग) "थुनुवा" भन्नाले अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा रहेको व्यक्तिलाई जनाउँछ ।

घ) "कारागार" भन्नाले कैदी वा थुनुवालाई कैद गर्नका निमित्त बनेको वा तोकिएको घर कोठा वा त्यस्तै अरू कुनै ठाउँ र त्यस्तो घर कोठा वा ठाउँले चर्चेको जग्गालाई समेत जनाउँछ ।

ङ) "तोकिएको" वा 'तोकिएबमोजिम' भन्नाले यस ऐनअन्तर्गत बनेको नियमद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

च) "जेलर" भन्नाले यस ऐनबमोजिम जेलरको काम गर्न नियुक्ति भएको वा तोकिएको व्यक्ति सम्झनुपर्छ ।

छ) "कारागार कार्यालय" भन्नाले जेलरको कार्यालय सम्झनुपर्छ ।

ज) "अस्पताल" भन्नाले सरकारिया अस्पताल, डिस्पेन्सरी वा औषधालयलाई जनाउँछ ।

झ) "सामुदायिक सेवा" भन्नाले विद्यालय, अस्पताल, स्थानीय निकाय, देवालय, वृद्धाश्रम, अनाथालयलगायत यस्तै प्रकृतिका अन्य निकाय तथा सामाजिक सङ्घसंस्थामा गरिने सेवा सम्झनुपर्छ ।

ञ) "खुला कारागार" भन्नाले कैदीले तोकिएका समयमा आफूलाई राखिएको ठाउँभन्दा बाहिरसमेत गई कुनै काम गर्न पाउने गरी त्यस्तो कैदी राख्नका लागि नेपाल सरकारले तोकेको कुनै ठाउँ सम्झनुपर्छ ।

३. थुनुवा वा कैदी पुर्जी :

(१) कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नुपर्ने भएमा निजलाई प्रचलित नेपाल कानुनबमोजिमको थुनुवा पुर्जी दिई अन्य अधिकारीको नियन्त्रणको कारागारमा राख्नुपर्ने भए सम्बन्धित कारागार कार्यालयलाई पनि सोबमोजिमको जनाउ दिनुपर्छ ।

(२) कुनै अदालतको फैसलाबमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा निजले कुन कानुन अन्तर्गत के अपराध गरे बापत केकति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएको छ सो सबै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिनभित्र कैदी पुर्जी दिई सो कुराहरू र निजको वतन,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वर्ष, वर्ण र हुलिया समेत खोली कारागार कार्यालयका नाउँमा पुर्जी लेखी कारागार पठाइ दिनुपर्छ ।

(३) थुनिने वा कैद पर्ने कुनै व्यक्तिको उपदफा (१) वा (२) बमोजिम दिइएको पुर्जी बुझि नलिएमा सो बुझि नलिएको व्यहोरा जनाई नजिकको एक अड्डाका हाकिमको सोही पुर्जीमा साक्षी सही गराइ राख्नुपर्छ ।

४. थुनुवा वा कैदी बुझिलिने :

(१) प्रचलित नेपाल कानुनबमोजिम रीत पुऱ्याई थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई कारागार कार्यालयले बुझिलिई प्रचलित नेपाल कानुनबमोजिम थुनामा वा कैदमा राख्नुपर्छ ।

(२) प्रचलित नेपाल कानुनबमोजिमको रीत नपुऱ्याई कुनै व्यक्तिलाई थुन्न वा कैद गर्न पठाइएकामा कारागार कार्यालयले बुझिलिई पुर्जीबमोजिम निजलाई थुना वा कैदमा राखी रीत नपुगेका कुराहरू खोली रीत पुऱ्याउनका लागि सम्बन्धित अधिकारीसमक्ष लेखी पठाउनुपर्छ ।

५. थुनुवा वा कैदीको तलासी लिने :

(१) कुनै थुनुवा वा कैदीलाई कारगारभित्र प्रवेश गराउँदा निजको तलासी लिनुपर्छ र कुनै हतियार वा निषिद्ध वस्तु फेला परेमा सो कब्जा गर्नुपर्छ ।

(२) प्रचलित नेपाल कानुनबमोजिम थुनुवा कैदीले कारागारभित्र लैजान पाउने वा निजको उपयोगका निमित्त कारागारभित्र पठाउन हुने निजको दैनिक व्यवहारका निमित्त चाहिनेभन्दा बढ्ता मालसामानहरू थुनुवा वा कैदीलाई आवश्यक भएको बखत दिने गरी जेलरको जिम्मा राख्नुपर्छ ।

६. थुनुवा वा कैदीलाई राख्ने व्यवस्था :

(१) थुनुवा कैदीलाई थुन्दा वा कैद गर्दा देहायबमोजिम राखिनेछ :

(क) लोग्नेमानिस र स्वास्नीमानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभए एउटै घरमा राख्नुपर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दाभिन्दै भागमा,

(ख) थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकामा खण्ड (क) का अधीनमा रही थुनुवा र कैदी छुट्याई यथासम्भव छुट्टाछुट्टै भागमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) खण्ड (क) र (ख) का अधीनमा रही एक्काईस वर्षमुनिको र एक्काईस वर्षमाथिको कैदी वा थुनुवालाई छुटचाई यथासम्भव भिन्दाभिन्दै भागमा,

(घ) खण्ड (क) र (ग) का अधीनमा रही देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई छुटचाई यथासम्भव भिन्दाभिन्दै भागमा,

(ङ) रोगी थुनुवा वा कैदीलाई छुटचाई यथासम्भव भिन्दै भागमा,

(च) पागल र अर्धपागल थुनुवा वा कैदीलाई छुटचाई यथासम्भव भिन्दै भागमा ।

(२) फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै वा भिन्दै कोठामा राख्न हुन्छ ।

७. नेल हत्कडी नलगाइने :

कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा दफा २२ को उपदफा (२) बमोजिमको कुनै कामकुरा गर्ने कैदीबाहेक अन्य थुनुवा वा कैदीलाई कारागारभित्र नेल वा हत्कडी लगाइने छैन ।

८. कारागारमा नाबालकको हेरचाह :

(१) थुनिए वा कैद परेकी स्वास्नीमानिसको कारागारभित्र छोरा वा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैँसित राखी हेरविचार गर्न चाहेमा कारागारभित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई वर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाइदिनुपर्छ ।

(२) कुनै थुनुवा वा कैदीको निजले लालनपालन गर्नुपर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालनपालन गर्ने अरू कोही रहेनछ भने निज थुनामा वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षा दीक्षा र लालनपालन तोकिएबमोजिम नेपाल सरकारको खर्चमा गरिनेछ ।

(३) बाह्र वर्ष ननाँघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु वा अरू नातादार कारागारभित्र बस्न चाहेमा पनि बस्न दिइने छैन ।

९. थुनुवा वा कैदीहरूको सिधा खर्च र लुगासम्बन्धी व्यवस्था :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरू र त्यस्ता थुनुवा र कैदीहरूको दफा (८) को उपदफा (१) र (२) मा उल्लेख भएका नाबालक छोराछोरीलाई तोकिएबमोजिम सिधा खर्च र लुगा दिइनेछ । तर,

(क) कैद नठेकिई एक वर्षसम्म वा सोभन्दा बढी थुनामा रहेको थुनुवालाई लुगा दिइनेछ ।

(ख) कुनै थुनुवा वा कैदीले आफ्नो सिधा र लुगाको व्यवस्था आफ्नै खर्चमा गर्न चाहेमा तोकिएबमोजिम निजलाई त्यस्तो व्यवस्था गर्न दिईनेछ ।

१०. थुनुवा वा कैदीहरूलाई काममा लगाउने :

प्रचलित नेपाल कानुनमा अन्यथा लेखिएकोमा बाहेक कुनै थुनुवा वा कैदीलाई निजको इच्छाविरूद्ध कुनै काममा लगाइने छैन । तर नेपाल सरकारले थुनुवा र कैदीहरूको स्वास्थ्य, आर्थिक उन्नति वा सुधारका निमित्त आवश्यक ठानेमा कुनै थुनुवा वा कैदीलाई कुनै काममा लगाउने व्यवस्था गर्न सक्नेछ ।

(क) सामुदायिक सेवामा पठाउन सक्ने :

(१) यस ऐन वा प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा तीन वर्षसम्म कैद सजाय हुने ठहरिएका कसुरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्नेछ । तर, प्रचलित नेपाल कानुनबमोजिम स्थापना वा गठन भएको अदालतबाहेक मुद्दा हेर्ने अन्य अधिकारीले उपदफा (१) बमोजिम कसुरदारलाई सामुदायिक सेवामा पठाउँदा सम्बन्धित जिल्ला अदालतको अनुमति लिनुपर्नेछ ।

(२) सामुदायिक सेवामा पठाइएको कसुरदारले त्यस्तो सेवा गरेबापत कुनै पारिश्रमिक तथा सुविधा पाउनेछैन ।

(३) सामुदायिक सेवामा रहेको कुनै कसुरदारले आफूलाई ठेकिएको काम नगरेमा त्यस्तो कसुरदारलाई सम्बन्धित जिल्ला अदालतको अनुमति लिई बाँकी कैद भुक्तान गर्न कारागारमै पठाउन सकिनेछ ।

(४) सामुदायिक सेवासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(ख) खुला कारागारमा राख्न सक्ने :

(१) यस ऐन वा प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्षभन्दा बढी कैद सजाय भई कम्तीमा एकतिहाइ कैदको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अवधि भुक्तान गरिसकेको कैदीलाई तोकिएको अधिकारीले खुला कारागारमा बस्ने अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खुला कारागारमा बसेको अवधिलाई कैद भुक्तान गरेसरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम खुला कारागारमा बस्ने कैदीले यस ऐनबमोजिम पाउने सिधा, लुगा तथा औषधीउपचार खर्च पाउनेछैन ।

(४) खुला कारागारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(ग) सामुदायिक सेवा वा खुला कारागारमा नपठाइने :

दफा १०क र १०ख मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दामा कसुरदार ठहरिएकालाई सामुदायिक सेवा वा खुला कारागारमा पठाइनेछैन :-

(क) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण),

(ख) जबर्जस्ती करणी,

(ग) कैदबाट भागे/भगाएको,

(घ) भन्सार चोरी, निकासीपैठारी,

(ङ) लागु औषधको कारोबार,

(च) भ्रष्टाचारसम्बन्धी,

(छ) जासुसीसम्बन्धी,

(ज) संरक्षित वन्यजन्तुसम्बन्धी मुद्दा,

(झ) पुरातात्विक वस्तुसम्बन्धी ।

११. स्वास्थ्य र उपचार :

(१) मानसिक वा शारीरिक बिरामी परेका थुनुवा वा कैदीहरूलाई सरकारिया चिकित्सकहरूद्वारा उपचार गराउनु पर्छ । तर, कुनै थुनुवा वा कैदीले आफ्नो खर्च लगाई अरू कुनै चिकित्सकबाट उपचार गराउन चाहेमा तोकिएबमोजिम त्यस्तो उपचार गराउन अनुमति दिइनेछ ।

(२) कुनै थुनुवा वा कैदी असाध्य बिरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पतालमै राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारणसहित आफ्नो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नेल र हतकडी परेकोमा सोसमेत काटी तोकिएबमोजिम अस्पतालमा राखी औषधी गराउनुपर्छ ।

(३) बिरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी बाँच्ने नबाँच्ने दोसाँधमा रहेको कुराको कारणसहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ । थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्बन्धित थुनुवा वा कैदीको स्वास्थ्यसम्बन्धी प्रतिवेदन लेखी प्रत्येक हप्ता सम्बन्धित कारागारलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) वा (३) अन्तर्गत अस्पताल वा घाट लगिएको थुनुवा वा कैदी कारागारभित्रै रहेको सम्झिनेछ र सो अवधि निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ ।

(५) उपदफा (२) वा (३) मा उल्लेख भएको थुनुवा वा कैदीलाई निको भएमा निजलाई थुन्न नपर्ने भएकोमा वा निजको कैद म्याद भुक्तान भइसकेकोमा बाहेक निजलाई फेरि कारागारभित्र राखिनेछ .....।

१२. थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती भएमा :

(१) कुनै थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती रहिछ भने राजगद्दी, राजपरिवारको गाथ वा राजकाजसम्बन्धी मुद्दाको वा दामल वा जन्मकैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमाराबाहेक अरूका हकमा ६ महीनाको गर्भ पुगेपछि जमानी लिई छाडिदिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्नुनपर्ने भएकामा वा कैद म्याद भुक्तान भइसकेकोमा बाहेक फेरि कारागारभित्र राखिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गर्भवती स्वास्नीमानिस कारागारबाहिर रहेकोमा निज कारागारभित्रै रहेकोसरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ ।

१३. थुनुवा वा कैदीको मृत्यु भएमा गर्ने :

(१) कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई जचाई निजले सो कुरा प्रमाणित गरेमा सो बेहोराको र मर्नेको जायजातको तायदाती मुचुल्का लेखी सो बखत पालोपहरामा परेको पाले सिपाही र थुनुवा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कैदीहरूमा पाएसम्म चारजनामा नघटाई सो मुचुल्कामा साक्षी गराई मर्ने थुनुवा वा कैदीको जायजात धरौटी स्याहामा आम्दानी बाँधी जुन अड्डामा वा अदालतमार्फत थुनिए वा कैद भएको हो सो अड्डा वा अदालतलाई र सो मर्ने थुनुवा वा कैदीको हकवालालाई समेत जेलरले तोकिएबमोजिम सो कुराको जनाउ दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको जनाउ तामेल भएका मितिले बाटाका म्यादबाहेक पैंतीस दिनभित्र हकवालाले सो मर्ने थुनुवा वा कैदीको जायजात लिनआएमा तोकिएको रीत पुऱ्याई निजलाई सो जायजात दिनुपर्छ । सो म्यादभित्र कुनै हकवाला नआएमा सो जायजात लिलाम बिक्री गरी आएको नगद स्याहामा आम्दानी बाँधी सरकारी कोषमा दाखिल गर्नुपर्दछ ।

(३) मरेको कुनै थुनुवा वा कैदीलाई निजको वारिसले उठाई लैजान चाहेमा अन्यथा गर्न आवश्यक भएमा बाहेक सो वारिसको जिम्मा लगाइदिनुपर्छ । सो बमोजिम वारिसले उठाई नलगेमा वा कुनै वारिस नै नभएकोमा तोकिए बमोजिम कार्बाही गर्नुपर्छ ।

१४. भेटघाट र पत्रव्यवहार :

(१) कुनै थुनुवा वा कैदीले वा त्यस्तो थुनुवा वा कैदीसित अरू कुनै व्यक्तिले भेट वा पत्रव्यवहार गर्न चाहेमा, तोकिएका अवस्थामा बाहेक, भेट वा पत्रव्यवहार गर्न तोकिएबमोजिम दिइनेछ ।

तर, यस उपदफामा लेखिएको कुनै कुराले कुनै थुनुवा वा कैदीको कानुनी सल्लाहाकारलाई त्यस्तो थुनुवा वा कैदीसित तोकिएबमोजिम भेट गर्न बाधा पुऱ्याउनेछैन ।

(२) उपदफा (१) मा गरिएको व्यवस्थाको विरूद्ध कुनै पत्रव्यवहार गरिएकोमा त्यस्तो सबै पत्र इत्यादि नष्ट गर्न सकिनेछ ।

१५. थुनुवा वा कैदीलाई अड्डा वा अदालतमा हाजिर गराउने :

(१) कुनै मुद्दामामिलामा प्रमाण वा कुनै आवश्यक कुरा बुझ्नको लागि कुनै अड्डा वा अदालतले कुनै थुनुवा वा कैदीलाई हाजिर गराउन आवश्यक भएमा देहायबमोजिम गर्नुपर्छ :

(क) अदालतले भए सो कैदी वा थुनुवा थुनिए वा कैदपरेको कारागार कार्यालयलाई सोझै पुर्जी गरी पठाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) अरू अड्डाले भए सो थुनवा वा कैदी जुन अड्डा वा अदालतमार्फत थुनिए वा कैद परेको हो सो अड्डा वा अदालतलाई पुर्जी लेखी पठाउने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको पुर्जी आएपछि सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद ठेक्ने अड्डा वा अदालतले पनि सो पुर्जीबमोजिम त्यस्तो थुनुवा वा कैदीलाई पुर्जी लेखी पठाउने अड्डामा हाजिर गराउनका निमित्त सम्बन्धित कारागार कार्यालयलाई पुर्जी लेखी पठाइदिनुपर्छ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम वा उपदफा (२) बमोजिमको पुर्जी पाएपछि जेलरले पनि त्यस्तो थुनुवा वा कैदीलाई तोकिएबमोजिम हाजिर गराउनुपर्छ ।

१६. कारागार प्रशासनसम्बन्धी व्यवस्था :

१) आफ्नो इलाकाभित्रको कारागारको प्रशासन एवम् सोसम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

(२) प्रत्येक कारागारका निमित्त एकजना जेलर र निज मातहतका अन्य कर्मचारी नेपाल सरकारबाट ठेकिएको सङ्ख्यामा रहनेछन् ।

१७. जेलर र अन्य कर्मचारीको कर्तव्य :

(१) जेलरको कर्तव्य देहायबमोजिमको हुनेछ :

(क) कारागारको सबै मिसिल, किताब, कागजात एवम् मालसामानहरू र यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निजको जिम्मा लगाइएको सबै चिज एवम् मालसामानहरू सुरक्षित रूपले राख्ने,

(ख) थुनुवा कैदी भाग्न नपाउने गरी पालोपहराको बन्दोबस्त गर्ने र त्यस्तो पालोपहरामा खटिएका व्यक्ति आफ्नो काममा रुजुहाजिर रहेको वा नरहेको वा त्यस्तो व्यक्तिले आफ्नो कामकर्तव्य राम्रोसित पालन गरेको वा नगरेको कुराको रेखदेख गर्ने,

(ग) यस ऐनको अन्य दफा वा यस ऐनअन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानुनमा लेखिएबमोजिमको अरू कर्तव्यको पालन गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) प्रत्येक जेलरले आफ्नो निमित्त सरकारी तवरबाट ठेकिएको ठाउँमा निवास गर्नुपर्छ र सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति नलिई साधारणतया राति कारागार छाडी अन्त कतै जानु हुँदैन ।

(३) कारागार भित्र वा कारागारबाट बाहिर कुनै चिज वा मालसामान ल्याउनलैजान लाग्दा कारागारमा त्यसबखत पालोपहरामा रहेको पालेसिपाहीले जाँची शङ्का लागेको व्यक्तिको तलासीसमेत लिनुपर्छ र कुनै निषिद्ध वस्तु ल्याउन वा लैजान लागेको वा कारागारको कुनै सम्पत्ति बाहिर लैजान लागेको फेला परेमा जेलरलाई तुरुन्त सो कुराको सूचना दिनुपर्छ ।

(४) कारागारको कुनै कर्मचारी जेलर वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमतिबिना कारागारबाट अनुपस्थित रहनुहुँदैन ।

(५) कारागारका कर्मचारीको अन्य कर्तव्य तोकिएबमोजिम हुनेछ ।

१८. म्यादभन्दा बढी थुन्न वा कैद गर्न नहुने :

(१) म्याद तोकिई थुनिए वा कैद परेको थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपाल कानुनबमोजिम अधिकारप्राप्त अधिकारीबाट छोड्न आदेश भइआएका थुनुवा कैदीलाई सो आदेशबमोजिम चौबीस घण्टाभित्र जेलरले थुना वा कैदबाट मुक्त गरिदिनुपर्छ ।

(२) पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज कारागारभित्र थुनिएको ६ महिनासम्ममा पनि कैद म्याद ठेकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो ६ महिना नाघेका तीन दिनभित्र जेलरले सो सम्बन्धित सबै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नुपर्छ ।

(३) कुनै थुनुवा वा कैदीलाई छाड्नुपर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाइदिनुपर्छ ।

(४) पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले पुनरावेदन अदालतको प्रादेशिक अधिकार क्षेत्रभित्रको कारागारको वर्षमा कम्तीमा एकपटक निरीक्षण गर्नुपर्नेछ र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैदभन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानुनले थुन्न पाउनेभन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरुन्त छाडिदिने आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएकोमा त्यसको पालना गर्न सम्बन्धित जेलरको कर्तव्य हुनेछ । पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले कुनै कैदी वा थुनुवालाई तुरुन्त छाडिदिने आदेश

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

दिएकामा र कारागार निरीक्षण गर्दा यस ऐनबमोजिम नभएको वा नगरेको अन्य कुरा देखेमा सो कुरासमेत खुलाई सर्वोच्च अदालत र नेपाल सरकार गृहमन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(५) कुनै कर्मचारीको हेलचेक्र्याइँबाट कुनै थुनुवा वा कैदी प्रचलित कानुनबमोजिम भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐनबमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारीउपर विभागीय कार्बाही भई सजाय हुनेछ ।

१९. कारागारको जाँच :

(१) प्रत्येक प्रमुख जिल्ला अधिकारीले आफैँ वा आफूमुनिका असिष्टेन्ट पठाउनेछ । ६ महिनामा एक पटक र आवश्यक देखेमा जहिले सुकैपनि आफ्नो मातहतमा रहेको कारागारको जाँच गर्नु गराउनु पर्छ ।

(२) उपदफा (१) अन्तर्गत जाँच गर्न गएका प्रमुख जिल्ला अधिकारी वा असिष्टेन्टले देहायका कुराहरूको जाँच गर्नु पर्दछ :-

क) कैद म्याद थेकीएको कैदीले म्याद पुगेको दिन रिहाई पाएको छ वा छैन ।

(ख) प्रचलित नेपाल कानुनबमोजिम हुनु गर्नुपर्ने अरू कामकुरा सोबमोजिम भएगरेको छ वा छैन ?

(३) उपदफा (२) बमोजिमको कुरा जाँच्दा कुनै काम कुरा प्रचलित नेपाल कानुनको बर्खिलाप भएगरेको देखिएका दफा २० मा लेखिएकोमा सोहीबमोजिम र सो दफामा नलेखिएको कुरामा तोकिए बमोजिमको काम कार्बाही गर्नुगराउनुपर्छ ।

२०. कारागार जाँचपछि गर्नुपर्ने कार्बाही :दफा १९ बमोजिम कारागार जाँच्ने प्रमुख जिल्ला अधिकारी वा असिस्टेन्टले कारागारको जाँच गरेपछि देहायका कुरामा देहायबमोजिम गर्नुपर्छ :-

(क) थुनुवा वा कैदी म्यादभन्दा बढी थुनिए वा कैद परेको देखिएमा त्यस्ता थुनुवा वा कैदीलाई तुरुन्त थुना वा कैदबाट मुक्त गरी सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद गर्ने अड्डा वा अदालतलाई सो कुराको सूचना दिने ।

(ख) पुर्पक्षका लागि थुनिएको व्यक्तिका सम्बन्धमा जेलरले दफा १८ को उपदफा (२) बमोजिमको कार्बाही नगरेकोमा सो गर्न लाउने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) कारागारमा कुनै कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेको वा कर्तव्य पालनमा लापरवाही गरेको देखिएमा निजउपर मुद्दा वा अन्य कार्बाही चलाउनुपर्ने भएमा प्रचलित नेपाल कानुनबमोजिम त्यस्तो कार्बाही आफैंले गर्न हुनेमा आफैंले गर्ने र आफैंले गर्न नहुनेमा सो कुराको जनाउ सम्बन्धित अधिकारीलाई पठाउने ।

२१. थुनुवा वा कैदीले बिन्तीपत्र, दर्खास्त इत्यादि दिँदाको कार्य प्रणाली :

(१) कुनै थुनुवा वा कैदीले मुद्दामामिलाका सम्बन्धमा कुनै अड्डा वा अदालतमा दिनुपर्ने कुनै फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, बिन्तीपत्र, दर्खास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा दाखिल गर्नलाई आफू थुनिए वा कैद परेको कारागार कार्यालयमा दाखिल गरेमा सो कार्यालयले म्याद भित्रको भए निजको सहीछाप गराई प्रचलित नेपाल कानुनले दस्तुर लाग्नेमा दस्तुरसमेत बुझिलिई त्यसको निस्सा दिई कागज दस्तुर दाखिल गरेको मितिसमेत लेखी जुन अड्डा वा अदालतमा पठाउनुपर्ने हो सो अड्डा वा अदालतमा चलानीसाथ तीन दिनभित्र पठाइदिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम कारागार कार्यालयबाट चलान भइआएको कागजपत्र सम्बन्धित अड्डा वा अदालतले बुझिलिई प्रचलित नेपाल कानुनबमोजिम गर्नुपर्छ ।

(३) थुनुवा वा कैदीले आफू थुनिएको वा कैद परेका कारागारमा म्याद तारिखभित्रै उपदफा (१) मा लेखिएको कागज दस्तुर बुझाएकोमा म्याद तारिख जान सक्तैन ।

२२. कारागारसम्बन्धी अपराध :

(१) कसैले यस ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप कारागारभित्र वा कारागारबाट बाहिर कुनै चिज वा मालसामान ल्याएको वा लगेको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीलाई मनाही गरिएको कुनै चिज वा मालसामान दिए वा पुऱ्याएको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीसित पत्रव्यवहार गरेको वा कारागारका कुनै कर्मचारीले जानीजानी वा लापर्बाही गरी सो कुराहरू हुन दिएको वा कुनै व्यक्तिले माथि लेखिएको कुनै अपराधको दुरुत्साहन दिएको ठहरेमा त्यस्तो व्यक्ति वा कर्मचारीलाई ६ महिनासम्म कैद वा दुई सय रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्तछ ।

(२) कुनै थुनुवा वा कैदीले निम्न लिखित कुनै कामकुरा गरेमा निजलाई चेतावनी दिन वा असल चालचलनबापत दण्ड सजायबाट कुनै छुटको सहुलियतबाट

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वञ्चित गर्न वा पन्ध्र दिनमा नबढाई एकान्त ठाउँ वा कोठामा थुन्न वा स्वास्नीमानिस र रोगीबाहेक अरू थुनुवा वा कैदीका हकमा एक महिनामा नबढाई पहिले नेल नपरेकोमा नेल ठोक्न, नेल परिसकेकोमा हतकडी हाल्न र नेलहतकडी परिसकेकोमा जन्जिर हाल्न सकिनेछ :

(क) कुनै व्यक्तिउपर कुनै किसिमले आपराधिक बल प्रयोग गरेमा,

(ख) कुनै व्यक्तिउपर अपमानजनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा,

(ग) अनैतिक वा अभद्र वा अनुशासनहीन आचरण गरेमा,

(घ) बिनाअधिकार नेल वा हतकडी खोले वा भाँचेमा,

(ङ) कारागारको कुनै सम्पत्ति जानीजानी बिगारे वा नासेमा,

(च कुनै मिसिल वा कागजात नासे, बिगारे वा च्यातेमा,

(छ) निषेध गरिएको कुनै चिज वा मालसामान लिए, राखे वा पठाएमा,

(ज) कुनै कर्मचारी वा थुनुवा वा कैदीउपर जानीजानी झुठो अभियोग लाग्ने कुरा गरेमा,

(झ) बिरामी भएको बहाना गरेमा,

(ञ) आगलागी भएको वा कुनै षड्यन्त्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्ने उद्योग गरेको वा कारागारको कर्मचारी वा कुनै थुनुवा वा कैदीउपर आक्रमण भएको वा हुने तयारी भइरहेको कुरा थाहा पाउनासाथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा,

(ट) कुनै कैदी वा थुनुवालाई भगाएमा वा भगाउने उद्योग गरेमा,

(ठ) यस ऐनअन्तर्गत बनेका नियमको बर्खिलाप अन्य कुनै काम कुरा गराएमा ।

(३) उपदफा (२) मा लेखिएको अपराधका सम्बन्धमा तोकिएबमोजिमको एउटा छुट्टै किताब राख्नुपर्दछ र सो दफाअन्तर्गत कुनै थुनुवा कैदीलाई कुनै सजाय भएकोमा सो कुरा सो किताबमा जनाई जेलरले आफ्नो दस्तखत गर्नुपर्छ ।

२३. <u>थुनुवा वा कैदीको चलानी</u> :

थुनुवा वा कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा चलान गर्दा तोकिएबमोजिम चलान गर्नुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२४. कैदी थुनुवा भागे वा भगाएमा सजाय :

(१) थुनुवा वा कैदीबाहेक अरू कसैले थुनुवा वा कैदीलाई भगाएमा वा भगाउने उद्योग गरेमा निजलाई देहायबमोजिमको सजाय हुनेछ :–

(क) सम्बन्धित अड्डा वा अदालत वा कारागारका कर्मचारीले घूस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घुस खाएकोमा सो घुसको बिगोसमेत जफत गरी निजलाई :

(१).....

(२) दामल वा जन्मकैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए १० वर्ष कैद,

(३) अरू थुनुवा वा कैदी भगाएको भए घुस खाएकोमा सो घुसको बिगोबमोजिम जरिवानासमेत गरी दुई वर्षदेखि छ वर्षसम्म कैद ।

(ख) खण्ड (क) मा लेखिएबाहेकका अन्य सरकारी कर्मचारीले घुस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घुस खाएकोमा सो घुसको बिगोसमेत जफत गरी निजलाई :-

(१) .....

(२) दामल वा अन्य कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए ६ वर्ष कैद,

(३) अरू थुनुवा वा कैदी भगाएको भए घुस खाएकामा सो घुसको बिगोबमोजिम जरिवानासमेत गरी दुई वर्षदेखि छ वर्षसम्म कैद ।

(ग) सम्बन्धित अड्डा वा अदालत वा कारागारका कर्मचारीले खण्ड (क) मा लेखिएबमोजिम नगरी आफ्नो कर्तव्य पालनामा लापरवाही मात्र गरी भगाएको रहेछ भने निजलाई ६ महिनासम्म कैद वा दुई सय रुपैयाँसम्म जरिवाना वा दुवै,

(घ) सरकारी कर्मचारीबाहेक अरू कसैले भगाएमा निजलाई :–

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) .....दामलको वा जन्मकैदको सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोगको थुनुवा भगाएको भए पाँच वर्ष कैद,

(२) अरू कैदी वा थुनुवा भगाएको भए दुई वर्षसम्म कैद वा पाँचसय रुपैयाँसम्म जरिवाना,

तर, यस खण्ड बमोजिम सजाय गर्दा भाग्ने थुनुवा वा कैदीलाई भएको वा हुन सक्ने बाँकी कैदको आधाभन्दा बढी हुने गरी सजाय गरिनेछैन ।

(ङ) कसैले कुनै थुनुवा वा कैदी भगाउने उद्योग गरेकोमा सो थुनुवा वा कैदी भाग्न नपाउँदै जाहेर भएकोमा ६ महिनासम्म कैद वा दुई सय रुपैयाँसम्म जरिवाना ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा लेखिएका व्यक्तिले कुनै थुनुवा वा कैदी भगाएकोमा बिगो समेत बुझ्नु वा दिलाउनुपर्ने रहेछ भने सो भगाउने व्यक्तिवाट भरिभराउ गर्नुपर्छ ।

(३) कैद म्याद ठेकिएको कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ ।

(४) कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नुभन्दा अघि थुनामा बसेको अवधि कट्टा गरी बाँकी हुने सजायमा डेढी बढाई सजाय कायम गरी त्यसमा निज भाग्नुभन्दा अघि वा पछि थुनामा रहेको जम्मा अवधि कट्टा गरी बाँकी रहनआउने सजाय हुनेछ ।

(५) उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरूबमोजिम डेढी बढाई सजाय कायम गर्दा भाग्ने थुनुवा वा कैदी जुन अपराधमा कैद परेको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको सजायभन्दा बढी हुने गरी सजाय कायम गरिनेछैन ।

(६) उपदफा (३), (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरूबमोजिम सजाय गर्दा बीस वर्षभन्दा बढी कैद हुने गरी सजाय गरिनेछैन ।

२५. कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा सजाय :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

जेलर वा कारागारका अरू कुनै कर्मचारीले यस ऐनको वा यस ऐनअन्तर्गत बनेको नियमको वा अधिकारप्राप्त अधिकारीले दिएको आदेशको बर्खिलाप गरी आफ्नो कर्तव्य पालन नगरेमा वा जानीजानी आफ्नो कर्तव्य पालनमा लापर्बाही देखाएमा वा अनुमति नलिई आफ्नो काम छोडी कतै गएको वा गयल परेको देखिएमा निजलाई यस ऐनका अन्य दफामा कुनै खास कुराका सम्बन्धमा खास सजाय तोकिएकामा सोहीबमोजिम र सोबमोजिम नतोकिएकोमा अवस्थानुसार तीन महिनासम्म कैद वा दुईसय रुपैयाँसम्म जरिवाना वा दुवै हुनेछ ।

२६. यो ऐनअन्तर्गतको मुद्दामामिला चलाउने र हेर्ने अधिकार :

(१) प्रचलित अन्य नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि थुनुवा कैदी भागेभगाएको वा दफा २२ को उपदफा (१) अन्तर्गतको मुद्दामामिला हेरी किनारा गर्ने अधिकार जुन इलाकाको कारागारको कैदी वा थुनुवा हो सोही इलाकाको जिल्ला अदालतलाई हुनेछ ।

(२) दफा २२ को उपदफा (२) अन्तर्गतको अपराधको ठाडो जाँचबुझ गरी सजाय गर्ने अधिकार सम्बन्धित जेलरलाई हुनेछ र निजले यस उपदफा अन्तर्गत दिएको कुनै आदेशउपर पुनरावेदन लाग्नेछैन ।

तर, यस उपदफा अन्तर्गत जेलरले कुनै थुनुवा वा कैदीलाई सजाय गरेकोमा त्यस्तो सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारी लाई दिनुपर्छ ।

(३) प्रचलित अन्य नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५ अन्तर्गतको अपराधसम्बन्धी मुद्दामामिला हेरी किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(४) दफा २२ को उपदफा (१) दफा २४ र दफा २५ अन्तर्गतको अपराधको तहकिकात गरी मुद्दा चलाउने कर्तव्य सम्बन्धित जेलरको हुनेछ र सोबमोजिम तहकिकात गर्दा कसुरमा मुछिएको व्यक्तिलाई गिरफ्तार गर्ने कुनै व्यक्ति वा स्थानको तलासी लिने, अभियुक्तलाई बयान गराउने, सरजमिन मुचुल्का तयार गर्नेसमेत प्रचलित नेपाल कानुनले प्रहरीले पाएसरहको सबै अधिकार जेलरलाई हुनेछ र त्यस्तो तहकिकात गर्दा पहिलेदेखि थुना वा कैदमा रहेका बाहेक अभियुक्तलाई तारिखमा राख्ने वा जमानीमा छाड्नेबारे अदालतलाई भएसरहको अधिकार पनि आवश्यकताअनुसार जेलरलाई हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) उपदफा (४) अन्तर्गत जेलरले गिरफ्तार गरेका व्यक्तिमध्ये पहिलेदेखि थुना वा कैदमा रहेका व्यक्तिबाहेक अरूलाई बाटाका म्यादबाहेक चौबीस घण्टाभन्दा बढी हिरासतमा राख्नुपर्ने भएमा जेलरले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई बढीमा सात दिनसम्म थप हिरासतमा राख्नु हुन्छ ।

२७. नियम बनाउने अधिकार :

(१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वित गर्न नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूद्वारा खास गरी देहायका कुराको व्यवस्था गर्न सकिनेछ :–

(क) थुनुवा र कैदीहरूको कारागारभित्र प्रवेश नियन्त्रण एवम् छुटकारा,

(ख) थुनुवा र कैदीहरूको वर्गीकरण,

(ग) थुनुवा र कैदीहरूको सरकारी खर्चबाट दिइने लुगा, सिधासहित अन्य सुविधाहरू,

(घ) थुनुवा र कैदीहरूले वा निजहरूसित अरूले भेटघाट वा पत्र व्यवहार गर्ने व्यवस्था,

(ङ) थुनुवा र कैदीहरूले दिएको निवेदनपत्र, दर्खास्त, उजुरी, प्रतिउत्तरपत्र वा पुनरावेदनपत्र सम्बन्धित अड्डा वा अदालतमा चलान गरी पठाउने व्यवस्था,

(च) थुनुवा र कैदीहरूको चालचलनको रेकर्ड राख्ने, असल चालचलन भएकाको सजाय छोट्याउने व्यवस्था एवं अधिकार,

(छ) थुनुवा वा कैदीहरूको शिक्षा, स्वास्थ्य, सदाचार एवं आर्थिक हितसम्बन्धी व्यवस्थाहरू,

(ज) थुनुवा वा कैदी भाग्न लागेको वा कारागारभित्र उपद्रव वा अशान्ति गरेको अवस्थामा निजहरू उपर हातहतियारको प्रयोग गर्ने व्यवस्था,

(झ) कारागारभित्र वा कारागारबाहिर कुनै मालसामान ल्याउन लैजान निषेध गर्ने व्यवस्था,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ञ) थुनुवा वा कैदीलाई चलान गर्दा वा ल्याउँदालैजाँदा गर्नुपर्ने व्यवस्था एवं कार्बाही,

(ट) प्रमुख जिल्ला अधिकारी वा निजको असिस्टेन्टले कारागारको जाँच गर्दा वा गरिसकेपछि गर्नुपर्ने व्यवस्था एवम् कार्बाही,

(ठ) जेलरले दफा २२ को उपदफा (२) अन्तर्गत कुनै थुनुवा वा कैदीलाई सजाय गर्दा अपनाउनुपर्ने कार्यप्रणाली एवम् त्यस सम्बन्धमा राख्नुपर्ने किताबबारे,

(ड) असाध्य बिरामी परी वा अरू कुनै कारणले कुनै थुनवा वा कैदीलाई छोड्नुपर्ने अवस्थामा गर्नुपर्ने कार्बाही ।

२८. खारेजी :

देहायका प्रचलित नेपाल कानुन खारेज गरिएको छ :–

(क) मुलुकी ऐन खोर झेलखानाको महल,

(ख) खोर झेलखाना विषय भएको गैर सवाल सनद,

(ग) मुलुकी ऐन अदालती बन्दोबस्तको महल ५१ नम्बर ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८द्वारा संशोधित ।

द्रष्टव्यः १. नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :-

(क) 'जेल' को सट्टा 'कारागार'

(ख) 'गजेट' को सट्टा 'राजपत्र'

(ग) 'अफिस' को सट्टा 'कार्यालय'

(घ) 'रिपोर्ट' को सट्टा 'प्रतिवेदन'

(ङ) 'पुलिस' को सट्टा 'प्रहरी'

२ स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रूपान्तर भएका शब्दहरू :-

(क) 'बडाहाकिम वा मेजिस्ट्रेट' को सट्टा 'अञ्चलाधीश'

(ख) 'गढी, गौडा वा गोश्वारा' को सट्टा 'अञ्चलाधीश कार्यालय'

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कारागार नियमावली, २०२०

संशोधन	नेपाल राजपत्रमा प्रकाशित मिति
कारागार नियमावली, २०२०	२०२०/९/१
कारागार (प्रथम संशोधन) नियमावली, २०२२	२०२२/६/११
कारागार (दोस्रो संशोधन) नियमावली, २०२४	२०२४/१०/१
कारागार (तेस्रो संशोधन) नियमावली, २०३६	२०३६/३/१८
कारागार (चौथो संशोधन) नियमावली, २०४२	२०४२/५/२४
कारागार (पाँचौं संशोधन) नियमावली, २०४२	२०४२/९/१
कारागार (छैटौं संशोधन) नियमावली, २०४३	२०४३/९/१
कारागार (सातौं संशोधन) नियमावली, २०५१	२०५१/१२/२७
कारागार (आठौं संशोधन) नियमावली, २०५८	२०५८/६/१
कारागार (नवौं संशोधन) नियमावली, २०६०	२०६०/४/१९
कारागार (दसौं संशोधन) नियमावली, २०६१	२०६१/१२/७
कारागार (एघारौं संशोधन) नियमावली, २०६३	२०६४/९/२
कारागार (बाह्रौं संशोधन) नियमावली, २०६४	२०६४/११/६

कारागार ऐन २०१९, को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "कारागार नियमावली, २०२०" रहेको छ ।

(२) यो नियमावली २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले कारागार ऐन सम्झनुपर्छ ।

(ख) "छानविन तथा अनुसन्धान केन्द्र" भन्नाले कुनै अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षको सिलसिलामा थुनुवालाई राखिएको घर वा स्थान सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद-२

थुनुवा वा कैदीलाई राख्ने र छाड्ने

३. व्यवस्था :

(१) नेपाल सरकारले चाहिएको ठाउँमा एउटा कारागारको व्यवस्था गर्नेछ । यस्तो कारागारमा सो जिल्ला भरका कैदी थुनुवाहरू राखिनेछन् । नेपाल सरकारले सामान्य आदेशद्वारा तोकिदिएका अवस्थामा अन्य जिल्लाहरूको कैदी वा थुनुवा पनि रहन सक्दछ ।

(२) नेपाल सरकारले आवश्यक देखेको ठाउँमा कारागारको अतिरिक्त छानविन तथा अनुसन्धान केन्द्रको पनि व्यवस्था गर्न सक्नेछ । छानविन तथा अनुसन्धान केन्द्रको व्यवस्था भएका ठाउँमा छानविन तथा अनुसन्धान केन्द्रमा साधरणतः केबल थुनुवालाई मात्र राखिनेछ ।

४. कारागार कार्यालयले बुझिलिने :

(१) प्रत्येक जिल्ला कारागार कार्यालयले सो जिल्लाभित्रका निम्नलिखित प्रकारका अड्डाले पठाएका कैदी वा थुनुवालाई बुझि लिनुपर्दछ ।

(क) जिल्लास्थित अदालतहरूबाट,

(ख) जिल्लास्थित प्रमुख जिल्ला अधिकारीबाट,

(ग) प्रचलित कानुनबमोजिम थुनी कार्बाही गर्न नपाउने वा कैद हुने गरी सजाय तोक्न पाउने अधिकारप्राप्त अड्डाहरूबाट ।

तर,

(१) इलाजउपचारका निमित्त वा अन्य कारणबाट नेपाल सरकारको सामान्य आदेशद्वारा झिकाइएमा वा अनुमति दिइएमा अन्य जिल्लाबाट आएका कैदी थुनुवाहरू पनि राखिनेछ ।

(२) काठमाडौँ उपत्यकाको कारागार र छानविन तथा अनुसन्धान केन्द्रमा बाग्मती अञ्चलभित्रका माथिका खण्डहरूको उल्लिखित अड्डाअदालतहरूबाट पठाइएका कैदी थुनुवाहरू राखिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि सदर कारागारमा नेपाल राज्यभित्रको कुनै पनि कारागारबाट आएका, अन्य सेन्ट्रल कारागारहरूमा सो कारागारको क्षेत्रभित्रको कुनै पनि कारागारबाट आएका तथा जिल्लाका कारागारहरूमा सो कारागारको क्षेत्रभित्रको कुनै पनि कारागारबाट आएका कैदीलाई राखिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) थुन्न वा कैद गर्न पठाउँदा प्रचलित कानुनबमोजिम रीत पुऱ्याउनुपर्ने रीतका अतिरिक्त निम्नलिखित कुरा पनि खुलाई पठाउनुपर्दछ र नखुलेमा सो खुलाई लिन प्रत्येक कारागार कार्यालयको कर्तव्य हुनेछ ।

(क) अदालत, प्रमुख जिल्ला अधिकारीबाहेक अन्य अड्डाका निमित्त कुनै व्यक्तिलाई थुनी कार्बाही गर्न पाउने अधिकार दिने कानुनको नाम र दफा,

(ख) थुनुवा कैदीको नजिकको हकदार,

(ग) सिधा दिइने श्रेणी,

(घ) कानुनबमोजिम कैद हुने वा रुपैयाँ तिर्न नसकेबापत थुनिएको के हो,

(ङ) जिम्मा लिई आउने व्यक्तिको दर्जा नाम थर,

(च) थुनुवा पुर्जी दिइएको नदिएको

५. गोलघरमा राख्ने : देहायबमोजिमको कैदीलाई देहायका अवधिसम्म गोलघरको व्यवस्था भएको कारागारमा गोलघरमा राख्नुपर्दछ :

(क) .....

(ख) नेपाल सरकारबाट गोलघरमा राख्ने गरी आदेश दिइएका थुनुवा वा कैदीलाई सोही आदेशमा उल्लिखित अवधिसम्म,

(ग) देहायका कसुर गर्ने कैदी वा थुनुवालाई देहायको अवधिसम्म :-

(१) कारागारबाट सुरुङ खनी भागी पक्राउ भइआएकालाई १ वर्षसम्म,

(२) पर्खाल वा गारो फोडी भागी पक्राउ भइआएकालाई ६ महिनासम्म,

(३) पर्खाल नाघी भागी पक्राउ भएकालाई ३ (तीन) महिनासम्म,

(घ) खण्ड (ग) मा उल्लेखित कसुरको उद्योग गर्नेलाई त्यस्तो कसुर गरेबापतको अवधिको आधिसम्म,

(ङ) कारागारभित्र ५ वा ५ जनाभन्दा बढीको जमात भई हुलदङ्गा गरी भाग्न खोज्ने प्रत्येकलाई ६ महिनासम्म,

(च) पाँच जनाभन्दा घटी भई हुलदङ्गा गरी जमात बाँधी भाग्न खोज्ने प्रत्येकलाई १ महिनासम्म,

(छ) कारागारभित्र बदमासी गर्ने, चोरी गर्नेलाई जेलरको तजबिजले पाँच दिनदेखि १ महिनासम्म ।

तर, गोलघरमा राख्नुपर्ने कैदीलाई गोलघरमा राख्दा ठेकिएको कैदम्यादभन्दा बढी पर्ने गरी गोलघरमा राख्नुहुँदैन । कैद बाँकी भएजति मात्र राख्नुपर्छ ।

६. बदमासी गरेबापत गोलघरमा राखिने कैदीको जनाउ दिने : सुरुदेखि गोलघरमा रही कैद भुक्तान गर्नुपर्ने कैदीबाहेक बदमासी गरेबापत गोलघरमा राखिने कैदीहरू गोलघरमा राख्नासाथ कसुर खोली सम्बन्धित प्रमुख जिल्ला

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकारीलाई जनाउ दिनुपर्छ र शङ्का देखिएमा सो अड्डाले तुरुन्त जाँच गर्न सक्नेछ ।

७. थुनुवा वा कैदीको अभिलेख राख्नुपर्ने :

(१) कारागार कार्यालयले नियम ४ को उपनियम (१) बमोजिम अड्डाअदालतले पठाएका थुनुवा वा कैदीको तस्विर र औलाको छापसमेत लिई त्यस्तो थुनुवा वा कैदीको अभिलेख अनुसूची-१ बमोजिमको लगत फारममा भरी पानैपिच्छे जेलर र फाँटवालाले सही गरी राख्नु पर्नेछ ।

(२) कुनै थुनुवा वा कैदी म्याद पुगी वा रुपैयाँ तिरी वा माफी मिन्हा पाई थुना वा कैदबाट छुटेमा वा मरेमा वा भागेमा समेत लगत फारममा सोही व्यहोरा जनाई लगत कट्टा गरी जेलर र फाँटवालाले सही गरी राख्नुपर्नेछ । म्याद पुगी छुटी गएकोमा बाहेक अन्य अवस्थामा लगत कट्टा भएकोमा सो कुराको सूचना थुन्ने अड्डा अदालतलाई दिनुपर्नेछ ।

८. नजरबन्दी र थुनुवाको धरौटी किताबमा लेख्ने :

सजाय नतोकी नजरबन्दी वा खाली थुनामा रहने थुनुवा चलानीसाथ बुझाउन ल्याएमा अनूसूची-२ को ढाँचाबमोजिमको धरौटीकिताबमा बुझाउन ल्याउनेको सहीछापसमेत गराई राख्नुपर्छ ।

९. भरपाई दिने :

कारागार कार्यालयले आफूकहाँ बुझाउन ल्याएको थुनुवा वा कैदी बुझी जेलर र फाँटवालाको सहीछाप परेको रीतपूर्वकको भरपाई थुन्ने अड्डालाई दिनुपर्छ ।

१०. हाजिर गर्ने :

कारागार कार्यालयको लगत र धरौटी किताब बमोजिमको थुनुवा वा कैदीको नाम र नम्बर पुकारी रोजरोजै हाजिर गरी हाजिर गर्नेले सहीछाप गरी राख्नुपर्छ ।

११. थुनुवा वा कैदीको लगत पेस गर्ने :

नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नुपरेमा कारागार कार्यालयले ठेकुवा लगतबमोजिमका थुनुवा वा कैदीको कैद भुक्तानी कटाई बाँकी कैद देखाइएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारीछेउ पेस गर्नुपर्छ ।

१२. छुट्टकारा दिँदा साक्षी राख्ने :

(१) कारागारमा रहेका कैदीलाई छुट्टकारा दिँदा नजिकको नातादार वा साथी भए निजहरू, नभए ३/४ भलाद्मी वा नजिक अड्डा साक्षी राखी छुट्टकारा पाएको प्रमाणित गरी सोही दिनमा छुटुवा पुर्जीसमेत दिई छाडिदिनुपर्छ ।

(२) थुनुवालाई छाड्नु पर्दा यथाशक्य थुन्ने कार्यालयमा पठाइ दिनुपर्दछ सो कार्यालय टाढा भई सम्भव नभएमा मात्र उपनियम (१) बमोजिम गरी छाडिदिनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१३. जनाउ दिने :

चोरी वा डाँका मुद्दामा सजाय पाएको चोरडाँका पाली चोरीडकैती गराउने र चोरीको माल लिई सजाय पाएका थुनुवा कैदी छुट्रकारा पाएमा पुनः निगरानी राख्नुपर्ने भन्ने थुन्ने अड्डाले जनाउ दिएको थुनुवा वा कैदी छुटेमा जुनजुन इलाकाको हो सोही इलाकाको जिल्ला प्रहरी कार्यालयलाई जानकारी दिनुपर्छ ।

१४. बाटो खर्च दिने :

छुट्रकारा पाएका कैदी वा थुनुवाहरूमध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भएबमोजिम आवश्यक बाटोखर्च दिइनेछ ।

१५. कैद सजायको म्याद पुगेपछि छुट्रकारा दिनुपर्ने :

कारागारका कैदी वा थुनुवाहरूमध्ये कैद सजायको म्याद पुगेपछि नछुटी म्याद पुगेको चौबीस घण्टाभन्दा बढ्ता कैद भएमा जसको गफलतले भएको हो उसलाई प्रचलित कानुनबमोजिम गर्नुपर्छ ।

१६. रुपैयाँ तिरेमा छुटकारा दिने :

(१) अड्डा अदालतबाट जरिवानाबापत कैद ठेकिआएकोमा सो जरिवाना र जरिवानाबापत ठेकिएको कैदको लगत कारागार कार्यालयले आफ्नो लगतपुस्तिकामा कायम गर्नुपर्नेछ र सो लगत कसिएको जानकारी सम्बन्धित अड्डा अदालतलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम लगत कसिएकामा जरिवाना तिर्न नसकी थुनामा बसिरहेका व्यक्तिले जरिवाना बापतको बाँकी रकम बुझाई थुनामा मुक्त हुन चाहेमा त्यस्तो व्यक्तिवाट कानुनबमोजिम बाँकी जरिवानाबापतको रकम बुझी सदर स्याहा गरी लगतपुस्तिकावाट जरिवाना तथा सोबापतको कैद लगतसमेत कट्टा गरी थुनाबाट मुक्त गरिदिनु पर्नेछ ।

परिच्छेद-२ (क)

सामुदायिक सेवा तथा खुला कारागारसम्बन्धी व्यवस्था

१६क. सामुदायिक सेवामा पठाउनेसम्बन्धी व्यवस्था :

(१) कुनै मुद्दामा तीन वर्षसम्म कैद सजाय हुन सक्ने व्यक्तिले सामुदायिक सेवा गर्न चाहेमा मुद्दा हेर्ने अधिकारीसमक्ष अनुसूची-२क. बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि मुद्दा हेर्ने अधिकारीले देहायका विषयउपर विचार गर्दा निवेदन मागबमोजिम कसुरदार ठहरिएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

व्यक्तिलाई सामुदायिक सेवामा पठाउन मनासिब देखेमा कारागारको सट्टा सामुदायिक सेवामा पठाउने गरी निर्णय गर्न सक्नेछ :-

(क) कसुर र कसुर गर्दाको कारण र अवस्था,

(ख) निजको विगतको चालचलन,

(ग) निजको उमेर,

(घ) निजले कसुरका सम्बन्धमा गरेको साविती र निजले कसुरका लागि गरेको क्षमा याचना,

(ङ) निजले गर्न सक्ने सामुदायिक सेवाको प्रकृति,

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित नेपाल कानुनबमोजिम स्थापना वा गठन भएको अदालतबाहेक मुद्दा हेर्ने अन्य अधिकारीले कसुरदारलाई सामुदायिक सेवामा पठाउँदा सम्बन्धित जिल्ला अदालतसमक्ष त्यसरी सामुदायिक सेवामा पठाउने आधार र कारणसमेत उल्लेख गरी अनुमति माग गर्नुपर्नेछ र सम्बन्धित जिल्ला अदालतले पनि त्यस्तो आधार र कारण मनासिब देखेमा त्यस्तो कसुरदारलाई सामुदायिक सेवामा पठाउने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम मुद्दा हेर्ने अधिकारीले कसुरदारलाई सामुदायिक सेवामा पठाउने निर्णय गर्दा दैनिक दुई घण्टा सामुदायिक सेवामा काम गरेबापत एक दिनका दरले कैद कट्टा हुने गरी कसुरदारले कति अवधि सामुदायिक सेवा गर्नुपर्ने हो सोसमेत खुलाउनुपर्नेछ ।

(५) उपनियम (२) बमोजिम मुद्दा हेर्ने अधिकारीबाट कसुरदारलाई सामुदायिक सेवामा पठाउने निर्णय भएपछि काठमाडौँ उपत्यकाको हकमा कारागार व्यवस्थापन विभागले र काठमाडौँ उपत्यकाबाहिरका हकमा सम्बन्धित कारागार कार्यालयले कसुरदारलाई सामाजिक सेवामा लगाउन इच्छुक विद्यालय, अस्पताल, स्थानीय निकाय, देवालय, वृद्धाश्रमलगायत यस्तै प्रकृतिका अन्य निकाय वा सामाजिक सङ्घसंस्थासँग लिखित समझदारी गरी कसुरदारलाई आवश्यक सर्तहरू पालना गर्ने कबुलियतनामा गराई सामुदायिक सेवा गर्न त्यस्तो निकाय वा संस्थामा पठाउनुपर्नेछ र त्यसरी कसुरदारलाई सामुदायिक सेवामा पठाउँदा कारागार व्यवस्थापन विभागले सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन केन्द्रीय समितिको र कारागार कार्यालयले सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन जिल्ला समितिको परामर्श लिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(६) उपनियम (५) बमोजिम पठाइएको कसुरदारले दिनको कम्तीमा दुई घण्टा सम्बन्धित निकाय वा संस्थामा सामुदायिक सेवा गर्नुपर्नेछ र बाँकी अवधि स्वरोजगारका रूपमा काम गर्न सक्नेछ ।

(७) उपनियम (५) बमोजिम सामुदायिक सेवामा पठाइएको कसुरदारलाई देहायका अवस्थामा सामुदायिक सेवावाट फिर्ता गर्न आवश्यक ठानेमा सोको अनुमतिको लागि कारागार व्यवस्थापन विभाग वा कारागार कार्यालयले सम्बन्धित जिल्ला अदालतसमक्ष लेखी पठाउनुपर्नेछ :

(क) निजले प्रचलित कानुनविपरीत कार्य गरेमा,

(ख) निजले सम्बन्धित निकाय वा संस्थासँग भएको समझदारीपत्र बमोजिम ठेकिएको काम नगरेमा,

(ग) निजले सामुदायिक सेवामा जाँदाको बखत गरेको कबुलियतनामा विपरीत कार्य गरेमा ।

(८) उपनियम (७) बमोजिम अनुमतिको लागि लेखिआएमा र कसुरदारलाई सामुदायिक सेवाबाट फिर्ता गर्न मनासिब देखेमा सम्बन्धित जिल्ला अदालतले त्यस्तो कसुरदारलाई सामुदायिक सेवावाट फिर्ता गर्ने अनुमति दिनेछ ।

(९) उपनियम (८) बमोजिम कुनै कसुरदारलाई सामुदायिक सेवावाट फिर्ता गर्ने अनुमति प्राप्त भएमा कारागार व्यवस्थापन विभाग वा कारागार कार्यालयले त्यस्तो कसुरदारलाई सामुदायिक सेवावाट कारागारमा फिर्ता गर्नेछ ।

(१०) उपनियम (९) बमोजिम सामुदायिक सेवावाट फिर्ता गरिएको कसुरदारले बाँकी कैद कारागारमा रही भुक्तान गर्नुपर्नेछ र निजलाई सोही कैद अवधिमा पुनः सामुदायिक सेवामा पठाइने छैन ।

१६ख. <u>खुला कारागारसम्बन्धी व्यवस्था</u> :

(१) नेपाल सरकारले आवश्यकताअनुसार नेपाल राज्यभित्र रहेको कुनै भवन वा स्थानलाई खुला कारागारका रूपमा तोक्न सक्नेछ ।

(२) तीन वर्षभन्दा बढी कैद सजाय भई कम्तीमा एकतिहाइ कैदको अवधि भुक्तान गरिसकेको कैदीले उपनियम (१) बमोजिम तोकिएको खुला कारागारमा बस्न चाहेमा अनुमतिको लागि अनुसूची २ख. बमोजिमको ढाँचामा सम्बन्धित कारागार कार्यालयमार्फत कारागार व्यवस्थापन विभागसमक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदनउपर जाँचबुझ गरी कारागार व्यवस्थापन विभागले उक्त निवेदन सामुदायिक सेवा तथा खुला

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कारागार व्यवस्थापन केन्द्रीय समितिसमक्ष पठाउनेछ र सो समितिले देहायका कुरामा विचार गरी कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिन हुने नहुने सम्बन्धमा कारण र आधार खुलाई कारागार व्यवस्थापन विभाग समक्ष सिफारिस गर्नेछ :-

(क) अपराध गर्दाको कारण र अवस्थाका सम्बन्धमा फैसलामा उल्लेख भएको व्यहोरा,

(ख) कैदमा रहँदा जेलरले प्रमाणित गरिदिएको निजको चालचलन,

(ग) कैदीको उमेर,

(घ) कैदीले गर्न चाहेको स्वरोजगारको प्रकृति तथा रोजगारदाताले तोकेको रोजगारसम्बन्धी सेवाका सर्त तथा सुविधा ।

(४) उपनियम (३) बमोजिम सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन केन्द्रीय समितिले कारागार व्यवस्थापन विभागसमक्ष कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिने सिफारिस गरेमा कारागार व्यवस्थापन विभागले कुनै रोजगारदाताकहाँ रोजगार गर्ने कैदीका हकमा रोजगारदातासँग समझदारीपत्र गरी र स्वरोजगार गर्ने कैदीका हकमा त्यस्तो स्वरोजगारको विवरण खुलाई आवश्यक सर्त पालना गर्ने कबुलियतनामा गराई खुला कारागारमा बस्ने अनुमति दिन सक्नेछ ।

(५) उपनियम (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिइनेछैन :-

(क) एकपटक कारागारबाट भागेको कैदी,

(ख) कैदमा रहँदा असल चालचलन नभएको भनी अभिलेखमा जनिएको कैदी,

(ग) मानसिक सन्तुलन ठीक नभएको भनी चिकित्सकले प्रमाणित गरिदिएको कैदी ।

(६) उपनियम (४) बमोजिम खुला कारागारमा बस्ने अनुमति प्राप्त कैदीले देहायका सर्तहरू पालना गर्नुपर्नेछ :-

(क) खुला कारागारमा बस्ने अनुमति दिँदाका बखत उल्लिखित काम मात्र गर्नुपर्ने,

(ख) खुला कारागार क्षेत्रबाट बाहिर जाँदा वा खुला कारागारभित्र आउँदा कैदीको साथमा रहेका सामानहरू जाँच गराउनुपर्ने र निजको साथमा आएको मानिसको अभिलेख गराउनुपर्ने,

(ग) निर्धारित समयमा मात्र खुला कारागार क्षेत्रबाट बाहिर जाने र खुला कारागारभित्र आउनुपर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) कबुलियतनामामा तोकिएका स्थान र क्षेत्रबाहेकका अन्य स्थान र क्षेत्रमा बसोबास गर्न नहुने,

(ङ) खुला कारागारमा परिवार बाहेक अन्य व्यक्तिलाई स्थायी रूपमा बस्न नदिने,

(च) खुला कारागारमा अधिकृतले समयसमयमा दिइएको निर्देशन पालन गर्नुपर्ने ।

(७) कुनै कैदीले उपनियम (६) मा उल्लिखित सर्तहरू पालना गरेको नपाइएमा कारागार व्यवस्थापन विभागले त्यस्तो कैदीलाई खुला कारागारबाट फिर्ता गर्नेछ ।

(८) उपनियम (७) बमोजिम फिर्ता गरिएको कैदीले कैदको बाँकी अवधि कारागारमा भुक्तान गर्नुपर्नेछ र निजलाई सोही कैदबापत पुनः खुला कारागारमा पठाइनेछैन ।

१६ग. सामुदायिक तथा खुला कारागार व्यवस्थापन समितिसम्बन्धी व्यवस्था :

(१) सामुदायिक सेवा तथा खुला कारागारको सञ्चालन व्यवस्थापनको सम्बन्धमा कारागार व्यवस्थापन विभागलाई रायसुझाव दिन र कसुरदारलाई सामुदायिक सेवा वा खुला कारागारमा पठाउने सम्बन्धमा विभागलाई आवश्यक परामर्श दिन देहायबमोजिमको एक सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन केन्द्रीय समिति रहनेछ :-

(क) महानिर्देशक, कारागार व्यवस्थापन विभाग.....अध्यक्ष

(ख) प्रतिनिधि (वरिष्ठ प्रहरी उपरीक्षक), प्रहरी प्रधान कार्यालय.....सदस्य

(ग) कानुन अधिकृत, गृहमन्त्रालय .....सदस्य

(घ) प्रतिनिधि (उप-सचिव), कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय .....सदस्य

(ङ) कारागार सुधार र सामुदायिक सेवाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थामध्येबाट कारागार व्यवस्थापन विभागको महानिर्देशकले तोकेका दुईजना प्रतिनिधि .....सदस्य

(च) निर्देशक, कारागार व्यवस्थापन विभाग.....सदस्य-सचिव

(२) जिल्लास्तरमा सामुदायिक सेवा र खुला कारागारको सञ्चालन तथा व्यवस्थापन गर्न र कुनै कसुरदारलाई सामुदायिक सेवामा पठाउने सम्बन्धमा कारागार कार्यालयलाई आवश्यक परामर्श दिन प्रत्येक जिल्लामा देहायबमोजिमको एक सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन जिल्ला समिति रहनेछ :-

(क) जेलर, कारागार कार्यालय.....अध्यक्ष

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय.....सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय.....सदस्य

(घ) प्रतिनिधि, जिल्ला सरकारी वकील कार्यालय.....सदस्य

(ङ) कारागार सुधार र सामुदायिक सेवाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थामध्येबाट जेलरले तोकेको एकजना प्रतिनिधि.....सदस्य

(३) उपनियम (१) वा (२) बमोजिमको समितिले बैठकमा कुनै विशेषज्ञलाई पर्यवेक्षकका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिमको समितिले बैठकसम्बन्धी कार्याविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(५) उपनियम (१) वा (२) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार कारागार व्यवस्थापन विभागले तोकिदिएबमोजिम हुनेछ ।

१६घ. सामुदायिक सेवा अधिकृत र खुला कारागार अधिकृत तोक्न सक्ने : सामुदायिक सेवामा संलग्न रहेका कसुरदार र खुला कारागारमा बस्ने कैदीको चालचलन र काम, कार्बाहीको अनुगमन र निरीक्षण गरी कारागार व्यवस्थापन विभाग वा कारागार कार्यालयसमक्ष प्रतिवेदन पेस गर्न, खुला कारागारमा जान चाहने कैदीको लगत सङ्कलन तथा सामुदायिक सेवा लिन चाहने निकाय वा संस्थासँग सम्पर्क राख्न तथा सामुदायिक सेवा तथा खुला कारागारसम्बन्धी कार्यक्रम तर्जुमा गर्ने कार्यमा विभाग वा कारागार कार्यालयलाई सहयोग गर्न गृहमन्त्रालयले कारागार व्यवस्थापन विभाग वा सोअन्तर्गत कार्यरत कुनै अधिकृतलाई सामुदायिक सेवा अधिकृत र खुला कारागार अधिकृतको रूपमा तोक्न सक्नेछ ।

१६ङ. बालसुधारगृहमा रहने अवधि बढाउन सक्ने :

प्रचलित कानुनबमोजिम बालसुधारगृहमा पठाइएका बालबालिकाको उमेर १६ वर्ष पुगेको भए तापनि सम्बन्धित बालसुधारगृहले निजको चालचलनमा सुधार आएको र निजलाई थप अवधिसम्म बालसुधारगृहमा राख्न उपयुक्त छ भनी सिफारिस गरेमा जेलरले त्यस्ता बालबालिकाको हकमा बालसुधारगृहमा बस्ने अवधि बढाउन सक्नेछ ।

परिच्छेद-३

कारागारको पालोपहरा र रेखदेख

१७. पहरा गर्ने सुरक्षाकर्मीहरूको कर्तव्य :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कारागारमा पालोपहरा गर्ने सुरक्षाकर्मीहरूले कारागारको ढोका ढोकाहरूमा र कारागार परिधि वा पर्खालबाहिर चारैतर्फ पालैसँग चपट दिई कैदी वा थुनुवाहरू भाग्छन् कि भनी सतर्क रही कैदी थुनुवाहरू भाग्न नपाउने गरी होसियारीसाथ खबरदारी गरी आफ्ना अखडासम्म बराबर टहलिरहनुपर्छ ।

१८. सेन्ट्रीको कर्तव्य :

कारागारमा पालोपहरा गर्न खटिएका सुरक्षाकर्मीहरूले पालैसँग दस्तुरमाफिक खबरदार बोली रमन घुमेनघुमेको सेन्ट्रीले विचार गरी निजहरूले खबरदार बोलेकोमा सेन्ट्रीले पनि खबरदार बोल्नुपर्छ । सोबमोजिम आफ्नो पालो पुगेपछि निजले अर्को पालेलाई उर्दी सुनाई जिम्मा दिनुपर्छ ।

१९. अखडाअखडामा पुगेपछि खबरदार बोल्ने : कारागारभित्र रमन घुम्न खटिएका सुरक्षाकर्मीहरूले ४ अखडामा बसी पालो बाँधी पर्खालको किनाराकिनारै घुमी अखडाअखडामा पुग्नासाथ खबरदार बोल्नुपर्छ सो अखडामा बस्ने पालेले खबरदार बोले नबोलेको सेन्ट्रीले विचार गर्नुपर्दछ । कैदी वा थुनुवाहरू भाग्न उम्कन लागेको देखियो भने अलार्मको सूचना वा आवाज दिई तुरुन्त पक्री कारागार कार्यालयमा बुझाइदिनुपर्छ ।

२०. कमाण्डर र अधिकृतको काम :

कारागारमा रमन घुम्न खटिएका सुरक्षाकर्मीहरूले दस्तुरमाफिक घुमेनघुमेको कमाण्डरले जाँची सोबमोजिम नभएमा कमाण्डरले अधिकृतमा र अधिकृतले कारागारको जेलरलाई र सम्बन्धित तालुक अड्डालाई समेत प्रतिवेदन दिनुपर्छ ।

२०क. निर्देशन र नियन्त्रण :

कारागारको पालोपहरा र रेखदेखको काम जेलरको सामान्य निर्देशन र नियन्त्रणमा हुनेछ ।

परिच्छेद-४

श्रेणी विभाजन र सिधा तथा सुविधाहरू

२१. .....

२२. लुगासम्बन्धी व्यवस्था :

(१) कारागारका कैदी र थुनुवाहरूलाई निम्नलिखितानुसार लुगा बाँडिनेछ :

(क) मर्दानालाई जाडो समयमा कुर्था एक र सुरुवाल एक तथा गर्मी समयमा कट्टु एक र बुसर्ट एकसमेत गरी जम्मा वर्षको दुईपटक,

(ख) जनानालाई दस हाते धोती र चोलो एक दरले वर्षको दुईपटक,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) नाबालक बालकबालिकालाई कमिज १, सुरुवाल १ वा घाँघर १ सुरुवाल १ दरले वर्षको दुईपटक र सुती कपडाको कोट १ गलबन्दी १ र टोपी १ वर्षको एकपटक ।

(२) उपनियम (१) बमोजिमको वर्षको दुईपटक लुगा बाँड्दा वैशाख र कार्तिक महिनामा बाँडिनेछ । वर्षको एकपटक बाँडिनेचाहिँ कार्तिक महिनामा दिइनेछ । .....कुनै थुनुवा कैदीले आफ्नै तर्फबाट लुगा ल्याएमा सोही लुगा लगाउन दिइनेछ ।

(३) उपनियम (१) बमोजिम दिइने लुगाको निमित्त कपडाको किसिम र नमुना प्रमुख जिल्ला अधिकारीले पास गरिदिएबमोजिम तयार गरी दिइनेछ । तर कैदी वा थुनुवाले आफू खुसी लुगा लगाउन चाहेमा स्वीकृत नमुनाबमोजिमको लुगाको निमित्त पर्न आउने मूल्य बराबरको रकम त्यस्ता कैदी वा थुनुवालाई दिइनेछ ।

(४) उपनियम (१) बमोजिमको अतिरिक्त देहायका प्रकारका चिज देहायबमोजिम दिइनेछ :-

(क) प्रत्येक कैदी वा थुनुवालाई चार हाते काम्लो एक र पाँच हाते पाखी एक वा काम्लो र पाखीको सट्टा सिरक डसना लिन चाहने बन्दीलाई तीन किलो कपास बराबरको सिरक एक तथा तीन किलो कपास बराबरको डसना एक र चार हाते कोराको च्यादर वा तन्ना एक हरेक दुई वर्षमा एकपटक,

(ख) प्रत्येक कैदी वा थुनुवालाई सुत्न निमित्त डेढ हात चौडाइ साढे चार हात लम्बाइकै सुकुल एक हरेक ३ वर्षमा एकपटक ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कैदी वा थुनुवा दुई वर्ष नपुग्दै छुटी जाने भएमा निजले लिएको उक्त सामान कारागार प्रशासनलाई फिर्ता गर्नुपर्नेछ ।

२३. सिधासम्बन्धी व्यवस्था :

कारागारका थुनुवा वा कैदी र तिनका नाबालक आश्रितहरूलाई प्रत्येक दिन दिइने सिधाको दर अनुसूची -३ मा तोकिएबमोजिम हुनेछ ।

२४. सुत्केरीलाई थप सिधासम्बन्धी व्यवस्था :

छानविन तथा अनुसन्धान केन्द्र तथा कारागारमा थुनिएका जनाना थुनुवा वा कैदी सुत्केरी भएमा सुत्केरी उतार्न नियम २३ बमोजिम दिइने सिधाबाहेक सुत्केरी हुन तीस दिन अघिदेखि सुत्केरी भएका मितिले ६० दिनसम्म देहायबमोजिम थप सिधा र सामान दिइनेछ :

(क) मसिनो चामल प्रतिदिन — सात सय ग्राम,

(ख) घिउ प्रतिदिन — एक सय ग्राम,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) खानेतेल प्रतिदिन एक सय मिलिलिटर,

(घ) ज्वानो प्रतिदिन पचास ग्राम,

(ङ) कोरा कपडा एक सुत्केरी अवधिका लागि दस मिटर,

(च) साधारण राडी एक सुत्केरी अवधिका लागि एक थान,

(छ) एक सुत्केरी अवधिका लागि नगद एक हजार रुपैयाँ

२४क. चौकीदार, नाइके र सहनाइकेको नियुक्ति र सङ्ख्या :

(१) कारागारको आन्तरिक व्यवस्थापनमा सहयोग लिने प्रयोजनको लागि जेलरले कारागारका कैदीहरूमध्येबाट देहायबमोजिमको सङ्ख्यामा चौकीदार, नाइके र सहनाइके नियुक्ति गर्न सक्नेछ :-

(क) प्रत्येक कारागारमा महिला तथा पुरूष कारागारका लागि एक/एकजना र छुट्टाछुट्टै कम्पाउन्ड भएको प्रत्येक कारागार भवनका लागि एक/एकजना चौकीदार,

(ख) पच्चीस बन्दी बराबर एक नाइके र

(ग) दस बन्दी बराबर एक सहनाइके ।

(२) उपनियम (१) बमोजिम चौकीदार नाइके र सहनाइकेको सङ्ख्या निर्धारण गर्दा आषाढ मसान्तको बन्दीहरूको सङ्ख्यालाई आधार बनाउनपर्नेछ र जेलरले सो नामावलीसहितको विवरण कारागार व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कैदबाट एकपटक फरार भई पुनः पक्राउमा परेर कैदमा रहेको, कैदी वा थुनुवालाई भगाउने काममा संलग्न रहेको, अरू कैदी वा थुनुवालाई यातना दिएको, खराब चालचलन भएको र सोही आर्थिक वर्षको बीचमा कैद मुक्त हुने अवस्थामा रहेको बन्दीलाई चौकीदार, नाइके र सहनाइकेमा नियुक्त गरिनेछैन ।

(४) चौकीदार, नाइके र सहनाइकेले अरू बन्दी वा थुनुवालाई शारीरिक यातना दिएको र अरू बन्दीसँग कुनै किसिमको अनुचित फाइदा लिएको पाइएमा जेलरले त्यस्तो व्यक्तिलाई चौकीदार, नाइके र सहनाइकेबाट तुरुन्त हटाउनु पर्नेछ ।

२५. चौकीदारलाई थप सुविधासम्बन्धी व्यवस्था :

कारागारको कैदी वा बन्दी मध्येबाट रहने चौकीदार, नाइके र सहनाइकेलाई नियम २३ बमोजिम दिइने सिधाबाहेक देहायबमोजिमको थप सुविधा दिइनेछ :-

(क) चौकीदारलाई प्रतिदिन एक रुपैयाँ पचास पैसा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) नाइकेलाई प्रतिदिन एक रुपैयाँ बीस पैसा,

(ग) सहनाइकेलाई प्रतिदिन नब्बे पैसा ।

२५क. सिधा वा सुविधा नपाउने :

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक सेवा वा खुला कारागारमा रहेको कसुरदार वा कैदीले सो अवधिभर यस परिच्छेदबमोजिम पाउने सिधा वा सुविधा पाउनेछैन ।

परिच्छेद-५

भेटघाट वा पत्रव्यवहार गर्ने

२६. भेटघाट र पत्रव्यवहारको सुविधा :

(१) कारागारमा रहेका सबै थुनुवा वा कैदीहरूलाई देहायको सुविधा दिइनेछ -:

(क) कार्यालयको टायममा जेलरको रेखदेखमा हप्ताको दुईपटक आफ्ना नातादार र मित्रहरूसँग भेटघाट गर्न पाउनेछ । त्यसरी भेटघाट गर्दा कैदी वा थुनुवा कारागारको ढोकाभित्र र भेट गर्न आउने व्यक्ति ढोकाबाहिर रही कुरा गर्न पाउनेछ ।

(ख) जेलरले सेन्सर गरी पास गरेको प्रत्येक चिठी लिन र एक हप्तामा दुईवटासम्म चिठी जेलरद्वारा सेन्सर गराई पठाउन सक्नेछ ।

(ग) नेपाल सरकारबाट इजाजत प्राप्त वा अनुमति दिइएका अखबार, म्यागजिन तथा किताबहरू लिन पाउनेछ ।

(घ) जेलर वा निजले तोकेको कर्मचारी वा सुरक्षाकर्मीको रोहवरमा आफ्नो परिवारसँग टेलिफोन सेवा वा अन्य सञ्चारसम्पर्क गर्ने सुविधा पाउन सक्नेछ ।

(२) कारागार कैदी वा थुनुवालाई आएगएको चिठीपत्र जेलरले सेन्सर गर्दा देश *नरेश* लाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको सङ्केत चिन्ह र सार्वजनिक हितबाहेक कुनै सङ्गठन गर्ने विचार दर्साएको चिठी पत्रपत्रिका जफत गरी कार्बाहीको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारीछेउ पेस गर्नुपर्छ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारागार तथा कैदी वा थुनुवाको अवस्थाको विषयमा जानकारी लिनका निमित्त कुनै सञ्चारमाध्यमका प्रतिनिधि वा अध्ययन अनुसन्धान कार्यमा संलग्न व्यक्ति वा संस्थाले औपचारिक रूपले अनुरोध गरेमा जेलरले कैदी वा थुनुवासँग भेटघाट गर्ने अनुमति दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद-६

थुनुवा र कैदीहरूको चालचलनको रेकर्ड राख्ने

२७. कैदीहरूको चालचलनको अभिलेख राख्ने :

(१) कारागारभित्र बदमासी गर्ने वा कारागार ऐनको दफा २२ वा २४ बमोजिमको गर्न नहुने काम गरेमा त्यस्ता कैदीहरूलाई प्रचलित कानुनबमोजिम सजाय गरी त्यस्ता कैदीहरूको नाम नामेसी, गरेको कसुर र पाएको सजाय लेखी एउटा लगतकिताब खडा गरी राख्नुपर्नेछ ।

(२) कारागारभित्र असल चालचलन भएका कैदीहरूको नाम नामेसी, गरेको कसुर र पाएको सजाय उल्लेख गरी निजहरूको अर्को छुट्टै लगतकिताब खडा गरिराख्नुपर्नेछ ।

(३) कुनै उत्सवमा छुट्ने कैदीहरूको लगतमा उपनियम (१) बमोजिमको लगत किताबमा परेका कैदीहरूको नाम लेखी पठाइने छैन ।

२८.....

२९. असल चालचलन भएका कैदीको सजाय छोटचाउने :

(१) असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा पचास प्रतिशतसम्म कैदको सजाय छोटचाउन सकिनेछ ।

(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दामा कैद सजाय पाएका व्यक्तिको कैद सजाय छोटचाउन सकिनेछैन :-

(क) जिउ मास्नेबेच्ने,

(ख) जबर्जस्ती करणी,

(ग) कैदबाट भागेभगाएको,

(घ) भन्सार चोरीनिकासीपैठारी,

(ङ) लागु औषधीको कारोबार,

(च) भ्रष्टाचार सम्बन्धी,

(छ) जासुसी सम्बन्धी,

(ज) संरक्षित वन्यजन्तु सम्बन्धी,

(झ) पुरातात्विक वस्तु सम्बन्धी ।

(२) कारागारभित्र बफादारीसाथ काम गर्ने चौकीदार, नाइके, सहनाइके, शिक्षक तथा कामदारलाई सालसालै काम गरेकोमा क्रमशः चौकीदारलाई १ वर्षको २ महिना, नाइकेलाई १ वर्षको १ महिना १५ दिन, सहनाइकेलाई १ वर्षको एक महिनाका दरले र शिक्षक वा कारखानामा कामदारका रूपमा काम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गरेको कैदीलाई जेलर वा कारखानाको प्रतिवेदनबमोजिम १ महिना राम्रो काम गरेबापत दिन ५ को दरले कैद कट्टी सुविधा दिन सकिनेछ । यस उपनियमबमोजिम पाउने कैद कट्टी सुविधा उपनियम (१) बमोजिम छोटचाइने कैदको सजायको अवधिमा गणना गरिनेछ ।

(२क)उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि असल चालचलन भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरूका हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोटचाउन वा दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अङ्गभङ्ग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेको कैदीको हकमा बाँकी कैदको सजाय छोटचाउन सकिनेछ ।

(३) उपनियम (१), (२) र (२क) मा लेखिएको कैदको सजाय छोटचाउन आवश्यक देखेमा जेलरले आफ्नो रायसाथ प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम कैदको सजाय छोटचाउन जेलरले पेस गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा प्रमुख जिल्ला अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाई सोको जानकारी क्षेत्रीय प्रशासन कार्यालयलाई समेत दिनुपर्नेछ । यसरी जानकारी प्राप्त भएपछि क्षेत्रीय प्रशासन कार्यालयले आफ्नो रायसाथ गृहमन्त्रालयमा पठाउनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम लेखिआएकोमा कारागार व्यवस्थापन विभागले आफ्नो रायसाथ निर्णयका लागि गृहमन्त्रालयमा पठाउनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त भएपछि गृहमन्त्रालयले उपयुक्त देखेमा कैदको सजाय छोटचाउने निर्णय गरी निर्णय कार्यान्वयनका लागि सम्बन्धित जेलरलाई लेखिपठाउनुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम गृहमन्त्रालयबाट कैदको सजाय छोटचाउने निकासा प्राप्त भएपछि जेलरले कैदको लगत कट्टा गरी कैदीलाई छोडिदिनुपर्नेछ ।

३०. कैद गर्ने अवधि :

(१) प्रचलित कानुनबमोजिम जन्मकैदको सजाय पाएको कैदीलाई कैद गर्दा बीस वर्ष कैद गरिनेछ ।

(२) .....

३१. पढ्नलाई स्कुलको प्रबन्ध गर्ने :

(१) कारागारमा थुनिएका केटाकेटीहरू र प्रौढ व्यक्तिहरूको आवश्यकताअनुसार प्राथमिक, मिडिल र प्रौढ स्कुलको व्यवस्था र सो स्कुललाई चाहिने आवश्यकीय सहायताको प्रबन्ध गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम व्यवस्था गरिएको स्कुलमा यथाशक्य कारागारमा रहेका शिक्षित व्यक्तिहरूमध्येबाट जेलरले योग्य छानी शिक्षकको रूपमा नियुक्ति गर्नेछ । शिक्षकको काम गरेबापत निजलाई मासिक साठी रुपैयाँका दरले पारिश्रमिक दिइनेछ ।

३२. प्रशिक्षकको पारिश्रमिक :

(१) कारागारमा रहेका कैदी वा थुनुवालाई असल मनोवृत्तितर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरूवाट गराइनेछ ।

(२) प्रशिक्षकलाई पारिश्रमिकको रूपमा एकपटकमा एक सय रुपैयाँसम्म दिइनेछ । जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयका बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनुपर्नेछ ।

३३. पुस्तकालय र रेडियो केन्द्र राख्ने :

थुनुवा वा कैदीहरूको समय सदुपयोग गर्नलाई नेपाल सरकारले तोकिदिएको कारागारमा पुस्तकालय र रेडियो श्रवणकेन्द्रसमेत राखिनेछ ।

३४. घरेलु इलम केन्द्रसमेत खोल्ने :

कारागारभित्र रहेका कैदीहरूको समय सदुपयोग गराउन र स्वाबलम्बी बनाउनका लागि नेपाल सरकारले घरेलु इलमसम्बन्धी कारखाना खोल्न सक्नेछ ।

३४क. सीप विकास तथा स्वास्थ्य र शिक्षासम्बन्धी तालिम सञ्चालन :

कुनै सङ्घसंस्थाले बन्दीको सीप विकास एवम् स्वास्थ्य र शिक्षासम्बन्धी ज्ञानका निमित्त कारागारभित्र त्यस्तो सीपविकास एवम् स्वास्थ्य र शिक्षासम्बन्धी तालिम सञ्चालन गर्न निवेदन दिएमा र त्यस्तो तालिम बन्दीका निमित्त उपयोगी हुने देखिएमा कारागार व्यवस्थापन विभागले त्यस्तो तालिम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

३५. कारखानामा काम लगाउने :

(१) राजकाजसम्बन्धी मुद्दाको कैदी वा थुनुवाबाहेक अरू कैदी वा कैदीहरूलाई कारागार कारखानामा काम लगाउन सकिनेछ । तर, राजकाजसम्बन्धी मुद्दाको कैदी वा थुनुवाले चाहेमा कारखानामा काम गर्नलाई यस नियमले बाधा दिनेछैन ।

(२) काममा लगाउने कैदी वा थुनुवा झिक्दा काममा लगाउने कर्मचारी र कारागार कार्यालयको कर्मचारीसमेत दुवैथरि बसी एकएक गिन्ती गरी लिनेदिने गर्नुपर्छ । सोकाममा गएका कैदी वा थुनुवा चिन्ने रेखदेख गर्न नाइके एकजनासमेत पठाउनुपर्छ ।

३६. चोरी गरेमा प्रचलित नेपाल कानुनबमोजिम हुने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कारखानामा काम गर्दा सोकारखानाको मालसामान चोरी गऱ्यो भने चोरी गरेको माल बुझिलिई प्रचलित नेपाल कानुनबमोजिम गर्नुपर्छ ।

३७. नगद जम्मा गर्ने र त्यसको भर्पाई दिने :

(१) कारागारमा कैदी वा थुनुवाहरूले सञ्चित गरी राखेको वा कारखानामा काम गरी कमाएको नगद कारागारभित्र राख्दा चोरी हुन सक्ने हुँदा चाहिएका बखत आवश्यकतानुसार दिने गरी कारागार कार्यालयको धरौटी खातामा प्रचलित नेपाल कानुनको रीत पुऱ्याई आम्दानी खर्च गर्न सकिनेछ र सो धरौट राख्न कैदी वा थुनुवालाई धरौटी रहेको अङ्कको रीतपूर्वकको रसिद दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम कैदी वा थुनुवाबाट धरौट रहनआएको रुपैयाँहरू देहायका कारागारहरूमा जेलरले देहायबमोजिमको रुपैयाँसम्म कार्यालयको तहबिलमा मौज्दात राख्न सक्नेछ । सोभन्दा बढी नगद नजिकको बैक वा मालको धरौटी खातामा जम्मा गरिदिनुपर्छ ।

(क) केन्द्रीय कारागारलाई	रू.१,०००।-
(ख) वीरगन्ज कारागारलाई	रू.५००।-
(ग) विराटनगर कारागारलाई	रू.५००।-
(घ) पाल्पा कारागारलाई	रू.५००।-
(ङ) अरू प्रत्येक कारागारलाई	रू.१००।-

३८. स्वास्थ्यको हेरविचार गर्ने :

(१) जेलरले कारागारका कैदी वा थुनुवाहरूको स्वास्थ्यका लागि अन्नपानीको राम्रो प्रबन्ध गर्नुपर्छ ।

(२) कारागारभित्र कैदी वा थुनुवा रहेका ठाउँठाउँमा पाइखाना, पिसाबखानाहरूमा समेत दरबन्दी भइरहेको मेहत्तर, च्यामे भङ्गीहरूद्वारा रोजराजै सुग्घरसफा गराई चुन, फिनेल, पोटास इत्यादि छर्ने गराउनुपर्छ ।

(३) कारागारका कैदी वा थुनुवाहरूको स्वास्थ्यका निमित्त कुनै किसिमका बाजी राखी लिनदिन नपाउने गरी कारागार सुहाउँदो विभिन्न किसिमको मनोरञ्जन खेलकुदको प्रबन्ध हुन सक्नेछ ।

३९. डाक्टर जँचाउने :

(१) जेलरले कारागारका कैदी थुनुवाहरू बिरामी भएमा कारागारको भए कारागारको डाक्टर चिकित्सक र कारागारको नभए नेपाल राज्यभित्र नजिक इलाकाको पाएसम्म सरकारी अस्पताल, डिस्पेन्सरीको डाक्टर वा अन्य योग्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

चिकित्सककहाँ लगी वा आवश्यक भए बोलाई निजबाट जँचाई समयमा औषधी उपचार गराउनुपर्छ ।

(२) कडा रोग लागेको कुनै कैदी थुनुवालाई त्यसरी उपनियम (१) बमोजिम जचाउँदा डाक्टर चिकित्सकले कारागारबाहिर नजिक इलाकाको वा नेपाल राज्यभित्र कहींको अस्पताल स्वास्थ्यगृहमा राखी वा विशेषज्ञवाट जँचाइ उपचार गराउनु आवश्यक छ भनी प्रमाणित गरिदिएमा जेलरले सोबमोजिम समयमा जँचाउने, इलाज गराउने वा भर्ना गर्ने उचित प्रबन्ध मिलाउनुपर्छ ।

(३) उपनियम (१) र (२) बमोजिम कारागारबाहिर जँचाउनु वा अस्पताल, स्वास्थ्यगृहमा भर्ना गर्न लैजाँदा, ल्याउँदा वा भर्ना गरी राख्दा कैदी थुनुवा भाग्न, भगाउन नपाउने गरी पालोपहराको राम्रो प्रबन्ध मिलाउनुपर्छ । तर, नजिक इलाकाको बाहेक बाहिर बेइलाकाको विशेषज्ञ जँचाइएका अस्पताल, स्वास्थ्यगृहमा भर्ना गरी औषधी उपचार गराउन आवश्यक भए त्यस्तो बिरामी कैदी थुनुवालाई इलाका पर्ने कारागारमा सरूवा गर्नुपर्छ ।

(४) बिरामीबाहेक अरू कैदी थुनुवालाई पनि रोगवाट बचावट गर्न बराबर डाक्टर चिकित्सकबाट जँचाई डाक्टर चिकित्सकको रायबमोजिम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्छ ।

(५) गम्भीर प्रकृतिको रोग लागेको थुनुवा वा कैदीलाई नियमित औषधी उपचारका अतिरिक्त पौष्टिक खुराक आवश्यक छ भनी चिकित्सकले सिफारिस गरेमा एक पटकमा थुनुवा वा कैदीको कुल सङ्ख्याको बढीमा एकप्रतिशतसम्म वा एक सयभन्दा थोरै कैदी वा थुनुवा भएको कारागारमा एकजनासम्मलाई प्रतिदिन एक सय ग्राम खसीको मासु वा सोको मूल्य बराबरको अरू प्रकारका पौष्टिक पदार्थ पौष्टिक खुराकस्वरूप उपलब्ध गराउन सकिनेछ ।

४०. डिस्पेन्सरी खुला राख्नुपर्ने :

चार सय (४००) भन्दा बढी कैदी वा थुनुवा रहने सेन्ट्रल कारागारमा डिस्पेन्सरी वा अस्पताल दरबन्दी भइसकेकोमा र दरबन्दी हुनेमा समेत आकस्मिक रोगबाट मौकामा बचाउनका लागि दरबन्दीबमोजिमको डाक्टर, कम्पाउन्डरले आलोपालो मिलाई चौबीसै घण्टा अस्पताल वा डिस्पेन्सरी खुला राख्नुपर्छ ।

४१. कुलाचार धर्म गर्न नपाउने :

प्रचलित नेपाल कानुनका अधीनमा रही थुनुवा वा कैदीले आफ्नो कुलाचार धर्म गर्न पाउनेछैन ।

परिच्छेद-७

भाग्न लागेकोमा हतियार प्रयोग गर्ने तथा भागेकामा खानतलास गर्ने

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४२. मौका तहकिकातको कागज गर्ने :

कैदी वा थुनुवाहरू भाग्न उद्योग गरेको र भागिसकेकामा भगाउनेको र उद्योग गर्नेको समेत जेलरले मौका तहकिकातको कागज गराई चलानीसाथ भाग्न खोज्ने र भगाउन खोज्ने समेतलाई जिल्ला अदालतमा पठाई कार्बाही सकिएपछि वापस लिनुपर्छ ।

४३. थुनुवा वा कैदी भागेमा खोजतलासका लागि सूचना गर्ने :

१) कैदी वा थुनुवा भागी गइसकेकामा निजलाई खोजतलास गर्न निजको नाम, थर, वतन तथा कैद परेको मिति र हुलियासमेत खुलाई जिल्ला प्रहरी कार्यालय वा जि.पु.इ.आर.र जिल्ला प्रशासन कार्यालय र थुन्ने अड्डालाई समेत लिखित सूचना दिई लगतमा जनाउनुपर्छ ।

२) सो भाग्ने व्यक्ति पक्रिएमा जिल्ला अदालतमा पठाई सो भागेतर्फ ऐनबमोजिम कार्बाही गराउनुपर्छ ।

४४. भाग्न लागेको थुनुवा वा कैदीउपर हतियार प्रयोग गर्ने :

कारागारको कुनै कैदी वा थुनुवा ढोकामा हुल गरी वा पर्खाल नाघी वा भत्काई वा सुरुङ खनी वा केही तवरले भाग्न लाग्यो भने सो गर्न लाग्दैमा तुरुन्त पक्रनुपर्छ, पक्रदा निजले हतियार लठ्ठी इत्यादि चलाउन लाग्यो वा हुलहुज्जत गऱ्यो भने अवस्था हेरी भाग्न नदिन निमित्त जुनसुकै हतियार प्रयोग गर्न सकिनेछ । सोबमोजिम गर्दा मर्न गएमा हतियार प्रयोग गर्ने व्यक्ति सजायको भागी हुनेछैन ।

४५. भाग्नेहरूको लगत राख्ने :

कैदी वा थुनुवाहरू भागेमा त्यस्ताको व्यहोरा सालसालको लगत किताबबाट नक्कल सारी हुलिया र भागेको मितिसमेत लेखी छुट्टै लगतकिताब बनाई राख्नुपर्छ र सोबमोजिम पक्राउ नहुन्जेलसम्म समयसमयमा लेखापढी गरिरहनुपर्दछ ।

परिच्छेद-८

कारागारभित्र मालसामान ल्याउनेलैजाने व्यवस्था र थुनुवा वा कैदी चलान गर्दाको कार्याविधि

४६. आवश्यक मालवस्तुबाहेक अरू ल्याउनलैजान निषेध :

(१) कारागारभित्र हातहतियार, विष्फोटक पदार्थ, विषादी चिजवस्तु, मादकपदार्थ, सिसा, डोरी, काँटा, गल, इत्यादि र प्रकृति र प्रयोग थाहा नभएको अन्य कुनै मालवस्तु वा मोबाइल वा वाकिटकी, पेजर, कर्डलेस टेलिफोन जस्ता आफूखुसी बाहिर सम्पर्क गर्न सकिने सञ्चारउपकरण लैजान हुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) कारागारभित्रको आवश्यक कामका निमित्त उपनियम (१) मा लेखिएको कुनै चिज लैजानुपर्दा जेलर वा निजले तोकेको कर्मचारी वा सुरक्षाकर्मीले जाँची अनुमति दिएको व्यक्तिले अनुमतिप्राप्त चिजबिज लैजान सक्तछ र त्यसको माल फिर्ता ल्याएनल्याएको वा त्यहाँ प्रयोग भएको भन्ने सन्तोषजनक विवरण प्रस्तुत गर्नुपर्दछ ।

४७. कैदी वा थुनुवा चलान गर्दा मद्दत माग्नुपर्ने :

(१) एक कारागारबाट अर्को कारागारमा कैदी वा थुनुवा चलान गर्दा मद्दतका निमित्त चाहिने सबै कुरा सम्बन्धित अड्डाबाट निकासा लिई सुरक्षितसाथ भाग्न, उम्कन नपाउने व्यवस्था मिलाई हत्कडीसम्म लगाउनुपर्ने भए लगाई चलान गर्नुपर्छ । मद्दत नपुऱ्याई थुनुवा वा कैदी चलान गर्दा भागेमा त्यसरी चलान गर्ने जेलरले जवाफदेही हुनुपर्छ ।

(२) रीतपूर्वक सबै मद्दत लिई चलान गर्दा सो चलान गर्नुपर्ने कैदी वा थुनुवा जिम्मा लिई जाने कर्मचारीलाई आफ्नो जिम्माको कैदी वा थुनुवा भागेमा ऐनबमोजिम सजाय हुनेछ भनी स्पष्ट रूपले कडा उर्दी दिई चलानीमा समेत लेखी जिम्मा दिई पठाउनुपर्छ ।

४८. कैदी वा थुनुवा भागेमा पक्राउ गर्ने :

कैदी वा थुनुवा चलान गर्दा बाटामा भाग्न लागेमा भरसक त्यहीँ पक्रनुपर्छ त्यसै पक्रन नसकिई उम्कन लाग्यो वा हुलहुज्जत गरी हतियारसमेत चलाई जोरजुलुम गर्न लाग्यो भने निजलाई आफूसँग भएको हतियार चलाएर भए पनि पक्रनुपर्छ । सोबमोजिम गर्दा कैदी वा थुनुवा मर्न गएमा जिम्मा लिई जाने र हतियार प्रयोग गर्ने व्यक्ति सजायको भागी हुनेछैन ।

४९. थुनुवा वा कैदी चलान गर्दा नाम नामेसी खुलाई अड्डा सार गर्नुपर्ने :

(१) थुनुवा वा कैदीलाई एक कारागारबाट अर्को कारागारमा चलान गर्दा चलान गर्ने अड्डाले थुनुवा वा कैदीको नाम, थर, वतन, वादीको नाम, मुद्दा, थुना वा कैद परेको मिति, छुट्ने मिति, हुलिया, सजाय पाएको ऐनको नाम र नम्बर वा दफा तथा थुनामा रहँदा खाएको सिधाको श्रेणीसमेत खुलाई अड्डासार चलान गर्नुपर्नेछ । दाखिल भएको भर्पाई प्राप्त भएपछि चलान गर्ने अड्डाको लगत कट्टी गर्नुपर्नेछ ।

(२) अरू कारागारबाट सदर कारागार पठाइएको कैदी वा थुनुवाको हकमा सदर कारागारले बुझिलिई त्यसको लगत का.फौ.त.मा पठाउनुपर्छ ।

(३) अड्डा अड्डावाट कार्बाहीका निमित्त कारागार वा छानविन तथा अनुसन्धान केन्द्रको कैदी वा थुनुवा लिन पठाएमा ऐनको दफा १५ बमोजिम गर्नुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) १० वर्षभन्दा बढी कैद ठेकिएका कैदीहरूलाई सम्बन्धित अञ्चलभित्रका जिल्लामा रहेको सबैभन्दा पक्की र ठूलो कारागारमा राख्न लगाउनुपर्छ । अञ्चलभित्र त्यस्तो पक्की र ठूलो कारागार नभएमा नजिकको अर्को अञ्चलमा त्यस्तो कारगारमा राख्ने प्रबन्ध गर्नुपर्छ ।

(५) कुनै कारागार सानो र कच्ची भएको कारणले सुरक्षाको दृष्टिकोणबाट बढी सङ्ख्यामा कैदी वा थुनुवा राख्न मनासिब नभएमा सो कैदी थुनुवालाई उपनियम (४) बमोजिम सार्नुपर्छ ।

(६) उपनियम (४) र (५) बमोजिम कैदी वा थुनुवालाई सरूवा गर्दा आफ्ना अञ्चलभित्रको हकमा स्थानीय प्रमुख जिल्ला अधिकारीले त्यसको प्रबन्ध मिलाउनुपर्छ र एक अञ्चलबाट अर्को अञ्चलको कारागारमा सरूवा गर्नु परेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूले आपसमा परामर्श गरी आवश्यक व्यवस्था मिलाउनुपर्छ ।

परिच्छेद-९
विविध

५०. काजक्रिया गर्न दिने :

कारागारमा रहेका कैदी वा थुनुवामध्ये राजकाज, गाथगादीसम्बन्धी मुद्दामा परेको बाहेक अरू कैदी वा थुनुवाहरूले आफूले काजक्रिया गर्नुपर्ने आमा, बाबु स्वास्नी, छोरा, छोरी कोही मरेमा मुर्दा उठाउने हकदार कोही रहेनछ भने तीन कोसभित्रसम्म मुर्दा उठाउन र जहाँसुकै मरेमा पनि क्रिया गर्नलाई समेत जेलरले पत्याएको जमानी लिई मुर्दा उठाउनुपर्नेमा सिपाहीसाथ लगाइपठाई मुर्दा उठाउन लगाउने र क्रिया गर्नुपर्नेमा भाग्न नपाउने पूरा बन्दोबस्त गरी कारागार नजिकैको घाट सत्तलमा राखी १३ दिनसम्मलाई क्रिया गर्न दिनुपर्छ ।

५१. कैदी वा थुनुवा मरेमा गर्ने विधि :

(१) कारागारका कैदी वा थुनुवाहरू आफ्ना कालगतिले मृत्यु भएमा सो लास उठाई स्थिति रीतिअनुसार दाहसंस्कार गर्न मर्नेका नजिक हकदार वारिस कोही नभएमा वा त्यस्ताले उठाई लैजान नचाहेमा सो लास दाहसंस्कार गर्ने संस्था भएमा सो संस्थालाई दिई नेपाल सरकारबाट स्वीकृत दरबन्दीबमोजिम दाहासंस्कार खर्च दिनुपर्छ । संस्था नभएमा जुन जात मरेको हो भरसक मिल्दो जातको कैदी वा थुनुवाहरूबाट मसानमा लगी स्वीकृत दरबन्दीको खर्चबाट दाह गर्न लगाउनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम दाह गर्ने चलन नभएको व्यक्ति मरेमा निजको चलनअनुसार गराउनुपर्छ ।

५२. मरे, भागेको थुनुवा कैदीहरूको मालसामान :

(१) कारागारमा मरे वा कारागारबाट भागेको कैदी वा थुनुवाहरूको कारागारभित्र रहेको मालसामानमध्ये पुरानो लुगाफाटा जलाइदिनुपर्छ । अरू बाँकीका हकमा ऐनबमोजिम गरी प्रचलित कानुनबमोजिम रीत पुऱ्याई गर्नुपर्छ ।

(२) एकजनाभन्दा बढी व्यक्ति म नजिकको हकदार हुँ भनी भन्नआएमा निजहरूलाई प्रचलित कानुनबमोजिम हक कायम गरी आउनु भनी सुनाई सहीछाप गराई पठाइदिनुपर्छ र हक कायम गरी नआउञ्जेलसम्म सो सम्पत्ति धरौटी राखिछाड्नुपर्दछ ।

५३. चौकीदार, नाइके, सहनाइके भर्ना गर्दा :

चौकीदार, नाइके, सहनाइके खाली भई भर्ना गर्नुपर्दा जेलरले सबै कैदी वा थुनुवा चिन्न सक्ने असल चालचलन भएको भरसक लामो अवधिका लागि कैद परेको कैदी वा थुनुवा मध्येबाट छानी भर्ना गर्नुपर्छ । भर्ना भइरहेको चौकीदार, नाइके र सहनाइकेले कानुनको बर्खिलाप गरेमा ऐन र प्रचलित नेपाल कानुनबमोजिम गर्नुपर्ने भए गरी निजको ठाउँमा अर्को भर्ना गर्नुपर्छ ।

५४. पसल राख्न दिने :

कारागारको कैदी वा थुनुवाहरूलाई सुविधाको निमित्त निजहरूले मागेको मनासिब माफिकको चिज पाउने गरी कारागार इलाकाभित्र जेलरले पसल राख्न दिन सक्नेछ । पसलेले बजारमा चलेको दरमा बिक्रीवितरण गर्नुपर्छ, घटीबढी गरेमा र सडेपडेको माल बिक्री गरेमा पहिलोपटक नसिहत दिई फ्याँक्न लगाउने, दोस्रोपटक पनि गरे निजलाई जेलरले उठाई अर्को पसल बन्दोबस्त गरी राख्नुपर्छ ।

५५. मर्मत गर्ने वा बनाउने :

कारागारमा कुनै कैदी वा थुनुवाले कुनै किसिमले पर्खाल फोरे वा भत्काएमा जेलरले प्रचलित कानुनबमोजिम तुरुन्त बनाउन लगाउनुपर्छ ।

५६. मालसामान खरिदबिक्री गर्ने बारे :

कारागारको मालसामान खरिदबिक्री गर्नुपर्दा जेलरले प्रचलित नेपाल कानुनबमोजिम गर्नुपर्छ ।

५७. ढोका खोल्ने समय :

झाडापिसाब गर्नेलाई बाहेक गोलघरभित्रका कैदीको ढोका अरू समयमा बिहान ७ बजेदेखि १० बजेसम्म र दिउँसो ३ बजेदेखि ५ बजेसम्म खुला राख्नुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

त्यसदेखि अतिरिक्त गोलघरमा २ साँचो मारी १ साँचो नाइकेसँग र १ साँचो कारागार कार्यालयमा राख्नुपर्छ ।

५८. बत्तीको प्रबन्ध गर्ने :

बिजुलीको बत्ती भएका ठाउँमा बिजुली र बिजुलीबत्ती नभएका ठाउँमा प्रत्येक दिन कोठैपिच्छे एक चौथाइका दरले र रमन घुम्न र चौकीमा लाल्टेनपिच्छे आधामानाको दरले मट्टीतेल दिइनेछ । बिजुली निभेमा चौकीमा डेलाइट १ को मट्टीतेल एक मानाका दरले आवश्यकतानुसार दिइनेछ ।

५९. खानेकुरा र अन्य सामान जाँच्ने :

कारागारभित्र रहेको कैदी वा थुनुवाको निमित्त निजको नातादार इष्टमित्रहरूले ल्याएको खानेकुरा तथा अन्य सामान जेलर वा निजले तोकेको कर्मचारी वा सुरक्षाकर्मीले जाँची अनुमति दिएपछि मात्र भित्र लैजानदिनु हुन्छ । खानेकुरा जाँच गर्दा सो खानेकुराको केही अंश ल्याउने व्यक्तिलाई नै खाना दिई जाँच गर्न पनि सकिनेछ ।

६०. कडा रोग लागेका बिरामीलाई अस्पतालमा राख्ने :

कडा रोग लागी बिरामी परेको कैदी वा थुनुवालाई अस्पतालमा राखी इलाज गराउनुपर्दा कारागारका तर्फबाट पूरा पालोपहराका साथ राखिनेछ । यसरी अस्पतालमा राखिएकोमा कुनै खास प्रकारको अपराधी वा अभियुक्त व्यक्तिलाई अरूसँग कुरा गर्न नदिनु भनी जेलरले अडर दिएमा त्यस्तासँग कुरा गर्न दिइनेछैन ।

६१. आफ्नो खर्चमा उपचार गराउने :

कुनै थुनुवा वा कैदीले आफ्नै खर्चमा चिकित्सा गराउन चाहेमा निजले वा निजको नजिकका नातादार वा मित्रले लिखित दर्खास्त जेलरकहाँ पेस गर्नुपर्दछ । त्यस्तो दर्खास्तमा निजले सरकारिया चिकित्सकबाट नगरी अन्य चिकित्सकवाट उपचार गराउन चाहेको कारण स्पष्ट उल्लेख गर्नुपर्दछ । उपचार गर्ने चिकित्सकको नाम, थर वतन र योग्यतासमेत दर्खास्तमा उल्लेख भएको हुनुपर्दछ । उपचार गर्ने चिकित्सक वा कारण मनासिब नदेखिएमा जेलरले त्यस्तो अनुरोधलाई स्थानीय प्रमुख जिल्लाअधिकारीकहाँ जाहेर गर्नुपर्दछ ।

६२. अड्डाअदालत उपस्थित गराउने :

(१) ऐनको दफा १५ बमोजिम थुनुवा वा कैदीलाई अड्डाअदालतमा हाजिर गराउन पुर्जी प्राप्त भएमा सम्बन्धित कारागारले त्यस्तो थुनुवा वा कैदीलाई

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तोकिएको दिन र समयमा आवश्यक सुरक्षाको प्रबन्ध गरी प्रहरीमार्फत अड्डाअदालतमा पर्खी काम सकेपछि थुनुवा वा कैदीलाई अड्डाअदालतबाट फिर्ता लगी कारागारमा बुझाउनुपर्नेछ । तर इजलास कोठाभित्र थुनुवा वा कैदीको जिम्मा इजलासले तोकिदिएको कर्मचारीको हुनेछ ।

(२) कारगारबाहिर कुनै थुनुवा वा कैदीलाई पठाउनुपर्दा निजको निजी सामान केही भए सो सामान नाइके सहनाइकेको जिम्मा दिनुपर्छ ।

६३. काम सम्पादन गर्ने :

यस नियमबमोजिम अन्य पदाधिकारीका निमित्त तोकिएको बाहेक अरू सबै काम जेलर आफैंले वा निजको नियन्त्रणमा रही निजका मातहतका कर्मचारीले गर्न सक्नेछन् र सो सबै कामका निमित्त जेलर आफैं जवाफदेही हुनेछन् ।

६४. यस नियमावलीबमोजिम गर्ने :

यस नियमावलीमा लेखिएको कुरामा यसै बमोजिम र अरू कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

६५. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने :

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(१) केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू: 'जेल' 'अफिस' 'पुलिस' 'अफिसर' र 'रिपोर्ट' को सट्टा 'कारागार' 'कार्यालय' 'प्रहरी' 'अधिकृत' र 'प्रतिवेदन'

(२) स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रूपान्तर भएका शब्दहरू :

(क) 'बडा हाकिम वा मेजिष्ट्रेट' को सट्टा 'अञ्चलाधीश'

(ख) 'गढी गौडा गोस्वारा' को सट्टा 'अञ्चलाधीश कार्यालय'

(३) न्यायप्रशासन विविध व्यवस्था (संशोधन) ऐन, २०२१ द्वारा रूपान्तर भएका शब्दहरू :

'इलाका अदालत' को सट्टा 'जिल्ला अदालत'

(४) यस नियमावलीका ठाउँठाउँमा प्रयोग भएको 'खोर' भन्ने शब्दको सट्टा 'छानविन तथा अनुसन्धान केन्द्र', भाइनाइके भन्ने शब्दको सट्टा 'सहनाइके' र 'जवान' भन्ने शब्दको सट्टा 'सुरक्षाकर्मी' भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) मूल नियमावलीको ठाउँठाउँमा रहेको 'अधिराज्य' भन्ने शब्दको सट्टा 'राज्य' भन्ने शब्द राखी सोही नियमावलीमा रहेका 'श्री ५ को सरकार' भन्ने शब्दहरूको सट्टा 'नेपाल सरकार' भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची –१

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

थुनुवा कैदीको लगत

अनुसूची –२

(नियम ८ को सँग सम्बन्धित)

धरौटी

अनुसूची –२ (क)

(नियम १६(क) को उपनियम (१) सँग सम्बन्धित)

सामुदायिक सेवा गर्न दिने निवेदनको ढाँचा

अनुसूची –२(ख)

(नियम १६ (ख) को उपनियम (२) सँग सम्बन्धित)

खुला कारागारमा बस्ने अनुमतिका लागि दिइने निवेदन

अनुसूची –३

(नियम २३ सँग सम्बन्धित)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वन ऐन, २०४९

लालमोहर र प्रकाशन मिति

२०४९।१०।५

संशोधन गर्ने ऐन

वन (पहिलो संशोधन) ऐन २०५५ २०५५।१०।२१

वन जङ्गलको संरक्षण र सुव्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको आधारभूत आवश्यकता पूरा गर्न, सामाजिक तथा आर्थिक विकास गर्न तथा स्वस्थ वातावरणको प्रवर्द्धन गर्न र राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वनको रूपमा व्यवस्थापन गरी वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न र निजी वनको संरक्षण र विकासमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "वन ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रूखहरूले ढाकिएको क्षेत्र सम्झनुपर्छ ।

(ख) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरू कुनै वस्तुको खम्बा वा चिन्हपट सम्झनुपर्छ र सो शब्दले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रचलित कानुनबमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्हसमेतलाई जनाउनेछ ।

(ग) "वन पैदावार " भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनुपर्छ :-

(१) काठदाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा

(२) रूख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी र सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा अङ्ग वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी बालुवा वा

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्य जन्तुको आखेटोपहार ।

(घ) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास संरक्षण तथा वन पैदावारको उपयोग र बिक्रीवितरण गर्न तयार गरिएको र यस ऐनबमोजिम स्वीकृत वनसम्बन्धी कार्ययोजना सम्झनुपर्छ ।

(ङ) "राष्ट्रिय वन" भन्नाले निजी वनबाहेक नेपाल अधिराज्यभित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वन सम्झनुपर्दछ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउ रहेको प्रति वा एलानी जग्गा तथा वनभित्र रहेको बाटो पोखरी, ताल, वा खोलानाला र बगरसमेतलाई जनाउँछ ।

(च) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले परिच्छेद ३ बमोजिम नेपाल सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनुपर्छ ।

(छ) "संरक्षित वन" भन्नाले विशेष वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको ठानी नेपाल सरकारले यस ऐनबमोजिम संरक्षित वनको रूपमा घोषित गरेको राष्ट्रिय वन सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ज) "सामुदायिक वन" भन्नाले सामूहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न दफा २५ बमोजिम उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनुपर्छ ।

(झ) "कबुलियती वन" भन्नाले दफा ३१ मा उल्लेखित उद्देश्यहरूको लागि प्रचलित कानुनबमोजिम स्थापित कुनै संस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ३२ बमोजिम कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनुपर्छ ।

(ञ) "धार्मिक वन" भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न दफा ३५ बमोजिम कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वन सम्झनुपर्छ ।

(ट) "निजी वन" भन्नाले प्रचलित कानुनबमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय सम्झनुपर्छ ।

(ड) "विभाग" भन्नाले नेपाल सरकारको वन विभाग सम्झनुपर्छ

(ढ) "जिल्ला वनअधिकृत" भन्नाले जिल्ला वन कार्यालयको प्रमुख सम्झनुपर्छ ।

(ण) "वनअधिकृत" भन्नाले विभाग र अन्तर्गतका कार्यालयहरूमा खटिएका सबै तहका राजपत्राङ्कित प्राविधिक कर्मचारीहरू सम्झनुपर्छ ।

(त) "वन सहायक" भन्नाले राजपत्र अनङ्कित प्राविधिक कर्मचारीहरू सम्झनुपर्छ ।

(थ) "समिति" भन्नाले दफा दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(द) "उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको व्यवस्था तथा उपयोग गर्न दफा ४२ बमोजिम दर्ता भएको उपभोक्ता समूह सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ध) "वनसम्बन्धी पट्टा" भन्नाले दफा ३२ अन्तर्गत प्रदान गरिएको पट्टा सम्झनुपर्छ ।

(न) "पट्टावाला" भन्नाले दफा ३२ बमोजिम वनसम्बन्धी पट्टा प्राप्त गर्ने व्यक्ति सम्झनुपर्छ ।

(प) "औजार" भन्नाले वनक्षेत्रमा आवास वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रूख बिरुवा ताछ्ने, काट्ने, खुकुरी, बन्चरो, आरा तथा मेसिनसमेत सम्झनुपर्छ ।

(फ) "बोझ वाहक" भन्नाले गाडा, ट्रक, लहरी, मोटर, ट्रेक्टर, नाउ, डुङ्गा वा वन पैदावार लादी ल्याउने यस्तै अन्य साधन वा जनावर सम्झनुपर्छ ।

(ब) "चौपाया" भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनुपर्छ ।

(भ) "टाँचा" भन्नाले काठ वा खडा रूखमा लगाइने छाप, चिन्ह वा निसाना सम्झनुपर्छ ।

(म) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियमहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद – २

राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. वन सिमाना : जिल्ला वन अधिकृतले यस परिच्छेदमा लेखिएका कुराहरूका अधीनमा रही सम्बन्धित जिल्लाको राष्ट्रिय वनको सिमाना छुट्याई वन सिमाना चिन्ह लगाउन सक्नेछ ।

४. जग्गा प्राप्त गर्ने सूचना :

(१) दफा ३ बमोजिम राष्ट्रिय वनको सिमाना छुट्याउँदा सो वन वा त्यसको सिमानाको संरक्षणको निमित्त जिल्ला वनअधिकृतले सो वनभित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रोसमेत वनको सिमानाभित्र पारी छुट्याउन पर्ने भएमा सोको कारण र त्यस्तो जग्गा प्राप्त

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घरदैलो र गाउँ विकास समिति वा नगरपालिको कार्यालय, माल वा मालपोत कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायको कुराहरूसमेत खुलाउनुपर्नेछ :-

(क) प्राप्त गरिने जग्गा वा घरको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम,

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेको सरोकारवाला व्यक्तिहरूले यो सूचना टाँस भएको वा जानकारी पाएका मितिले बाटोको म्यादबाहेक सत्तरी दिनभित्र जिल्ला वनअधिकृतसमक्ष आफ्नो हकभोगको प्रमाण सहित क्षतिपूर्ति माग दाबी गरी दर्खास्त दिन आउनु र सो म्यादभित्र दर्खास्त दिन नआएमा पछि कुनै उजुर लाग्नेछैन भन्ने कुरा ।

५. <u>घरजग्गा प्राप्त गर्ने कुरामा उजुर गर्ने :</u>

(१) दफा ४ को उपदफा (१) बमोजिम घरजग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचना चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएका मितिले बाटोको म्यादबाहेक पैँतीस दिनभित्र समितिसमक्ष उजुर दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा आवश्यक जाँचबुझ गरी समितिले निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएका मितिले पैँतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

६. <u>क्षतिपूर्ति रकम :</u>

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घरजग्गाबापत दिइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा समितिले देहायका कुराहरू विचार गरी निर्धारण गर्नुपर्नेछ :-

(क) दफा ४ को उपदफा (१) अन्तर्गत सूचना जारी भएका मितिमा गाउँ बजारमा चलेका दरले सो घर जग्गाको मोल,

(ख) सो जग्गामा भएको खडा बाली र रूखसमेत लिने भए सरोकारवाला व्यक्तिले बेहोर्नु पर्ने नोक्सानी,

(ग) सरोकारवाला व्यक्तिलाई आफ्नो बसोबास वा सरोकारको ठाउँ छोडी अन्त जान कर लागेमा त्यसरी जाँदा बेहोर्नु पर्ने मनासिब माफिकको खर्च ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि जिल्ला वन अधिकृतले त्यस्तो रकम लिनआउनु भनी सरोकारवालालाई सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना पाएका मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएका मितिले पाँच वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम सञ्चित कोषमा जम्मा हुनेछ ।

७. क्षतिपूर्ति दिने : दफा ६ को उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकम जिल्ला वन अधिकृतले सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट दिनुपर्नेछ ।

८. जग्गा कब्जामा लिने : दफा ६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घरजग्गा जिल्ला वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मितिदेखि उक्त घरजग्गा नेपाल सरकारको हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

९. समितिको गठन : यस परिच्छेदको प्रयोजनका लागि प्रत्येक जिल्लामा देहायबमोजिमको एक समिति गठन हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी –अध्यक्ष

(ख) जिल्ला विकास समितिले तोकेको सदस्य –.सदस्य

(ग) सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुख –सदस्य

(घ) मालपोत अधिकृत –सदस्य

(ङ) जिल्ला सरकारी अधिवक्ता –सदस्य

(च) जिल्ला स्थित मेन्टिनेन्स नापी शाखाका प्रमुख –सदस्य

(छ) जिल्ला वनअधिकृत वा निजले तोकिदिएको वनअधिकृत –सदस्य सचिव

१०. सरजमिन बुझ्ने : जिल्ला वन अधिकृतले आवश्यक परेमा प्राप्त गरिने घर वा जग्गामा हकदैया पुग्ने व्यक्तिको अंशियार, ठेकदार, बन्धकी साहू वा सो जग्गा कमाउने व्यक्ति र सो जग्गाको पछिल्लो तीन वर्षको कूत, तिरो वा मुनाफाबारे सरजमिन बुझ्न सक्नेछ ।

११. राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्न र प्राप्त गर्नमा प्रतिबन्ध : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी घर वा जग्गा राष्ट्रिय वनको सिमानाभित्र पार्दा वा त्यस्तो घर वा जग्गा प्राप्त गर्दा देहायमा लेखिएको कुराहरूका अधीनमा रही गर्नुपर्नेछ :-

(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता आवाद भइसकेको निजी जग्गा र त्यस्तो जग्गामा घर बनेको भए सोसमेत राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन र सोबमोजिम प्राप्त गर्दा कुनै एक व्यक्तिको जग्गामध्ये तराईमा भए दुई बिगाहा र उपत्यकामा र पहाडमा भए चार रोपनीभन्दा बढी जग्गा नेपाल सरकारको पूर्व स्वीकृति बेगर प्राप्त गरिने छैन र तराईमा पाँच बिगाहा र उपत्यका र पहाडमा दस रोपनीभन्दा बढी त्यस्तो जग्गा सो जग्गाधनीको मन्जुरीले बाहेक कुनै अवस्थामा प्राप्त गर्न सकिने छैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वनभित्रको कुनै व्यक्तिको नाममा दर्ता भइराखेको घरजग्गा प्राप्त गरी राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सकिनेछ ।

१२. पुरै जग्गा प्राप्त गर्ने : यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कार्बाही गर्दा सो जग्गाको धनीले पुरै घर जग्गा नेपाल सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदनको केबल दुई बिगाहा वा सोभन्दा कम जग्गा रहेछ भने सो जग्गाको केही भागमात्र लिने गर्नुहुँदैन । पुरै घरजग्गा यस परिच्छेद बमोजिम गरी लिनु पर्नेछ ।

१३. जिल्ला वनअधिकृत र समितिलाई अदालतको अधिकार हुने : यस परिच्छेद बमोजिम आफूसमक्ष पेस हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरू र निजहरूका साक्षीहरूलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरूबाट लिखत गराउनेसमेत प्रचलित कानुन बमोजिम अदालतले पाएसरहको अधिकार जिल्ला वन अधिकृत र समिति दुवैलाई हुनेछ ।

१४. निजी जग्गाको लगत काट्ने :

(१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध, किल्ला, मौजा इत्यादि सबै विवरण खोली जिल्ला वन अधिकृतले स्थानीय माल वा मालपोत कार्यालयमा जनाउ दिनुपर्नेछ र सो बमोजिम मालपोत कार्यालयले पनि सो जग्गा मालपोत वा करको लगत कट्टा गर्न कार्बाही गरी त्यसको सूचना नेपाल सरकार, मालपोत विभागमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वनभित्र पारी छुट्याएको मितिदेखि सो जग्गाको मालपोत वा अरू कुनै किसिमको कर बुझाउनु पर्नेछैन ।

१५. बल प्रयोग गर्न सक्ने : जिल्ला वनअधिकृतले यस परिच्छेदबमोजिम कार्बाही गर्दा वा घर वा जग्गा कब्जामा लिँदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कार्बाही गर्न र घरजग्गा कब्जामा लिन सक्नेछ ।

१६. जग्गा दर्ता गर्न नहुने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउनु हुँदैन ।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गराइएको भए तापनि सो दर्ताको नाताले त्यस्तो जग्गा दाबी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वतः बदर हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानुनी रूपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्तो दर्ताको लगत कट्टा गरिनेछ ।

१७. राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने : नेपाल सरकार वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीबाट पट्टा वा पुर्जी गरी वा अरू कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुनेछैन ।

१८. राष्ट्रिय वनमा हक बेचबिखन गर्न नहुने : नेपाल सरकारको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरू कसैलाई बिक्री–बन्धक, दान–दातव्य वा सट्टा गरी वा अरू कुनै प्रकारले हक छाडिदिनु हुँदैन ।

१९. राष्ट्रिय वनमा बाटो, खोला बन्द गर्ने अधिकार : नेपाल सरकारले वा नेपाल सरकारबाट अधिकारप्राप्त अधिकारीले वनको विकास र संरक्षणका निमित्त राष्ट्रिय वनभित्र पर्ने जुनसुकैको निजी वा सार्वजनिक बाटो वा खोला बन्द गर्न सक्नेछ,

तर, त्यसरी बन्द गर्नुअगावै त्यसको सट्टा यथासम्भव त्यत्तिकै सुविधाजनक अर्को बाटो वा खोला उपलब्ध गराइ दिनुपर्नेछ ।

परिच्छेद – ३

सरकारद्वारा व्यवस्थित वनसम्बन्धी व्यवस्था

२०. कार्य योजना :

(१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि विभागले तोकिएबमोजिम कार्य योजना तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेस गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम पेस भएको कार्य योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा मन्त्रालयले त्यस्तो कार्ययोजना विभागमा फिर्ता पठाउन सक्नेछ र आवश्यक हेरफेरसहित विभागबाट प्राप्त हुन आएपछि सो कार्ययोजना मन्त्रालयले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वकृित भएको कार्ययोजना जिल्ला वनअधिकृतले आ-आफ्नो जिल्लामा लागु गर्नेछ ।

२१. सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्ध : कार्ययोजनाले निर्दिष्ट गरेको कार्य तथा वन विकास कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइनेछैन ।

२२. सरकारद्वारा व्यवस्थित वनको वन पैदावारको स्वामित्व र बिक्री वितरण :

(१) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा नेपाल सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न तोकिएको अधिकारीले तोकिएबमोजिम इजाजत दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिएबमोजिम हुनेछ ।

परिच्छेद – ४

संरक्षित वनसम्बन्धी व्यवस्था

२३. संरक्षित वन :

(१) नेपाल सरकारलाई राष्ट्रिय वनको कुनै भाग विशेष वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको वा अन्य विशेष महत्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको भागलाई संरक्षित वनका रूपमा घोषित गर्न सक्नेछ ।

(२) उपदफा (.१) बमोजिम नेपाल सरकारले राष्ट्रिय वनको कुनै भागलाई संरक्षित वनका रूपमा घोषित गरेपछि त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२४. संरक्षित वनभित्र वन व्यवस्थापन योजना :

(१) संरक्षित वनमा गरिने वनसम्बन्धी कार्यहरूको व्यवस्थापनको लागि विभागले तोकिएबमोजिम कार्य योजना तयार गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएको कार्य योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा मन्त्रालयले त्यस्तो कार्य योजना विभागमा फिर्ता पठाउन सक्नेछ र आवश्यक हेरफेरसहित विभागबाट प्राप्त हुन आएपछि सो कार्ययोजना मन्त्रालयले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्य योजना जिल्ला वन अधिकृतले लागु गर्नेछ ।

(४) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्य योजनालाई कार्यान्वयन गर्नका लागि तोकिएबमोजिमको अनुमतिपत्र दिन र उक्त कार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने जुनसुकै किसिमका सूचनाहरू जारी गर्ने अधिकार जिल्ला वन अधिकृतलाई हुनेछ ।

परिच्छेद – ५

सामुदायिक वनसम्बन्धी व्यवस्था

२५. सामुदायिक वन सुम्पने :

(१) उपभोक्ता समूहले कार्य योजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रूपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिएबमोजिम सामुदायिक वनका रूपमा उपभोक्ता समूहलाई सुम्पन्न सक्नेछ । त्यसरी सामुदायिक वन सुम्पदा जिल्ला वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) को प्रयोजनका लागि जिल्ला वन अधिकृतले उपभोक्ताहरूलाई परिचालन गरी तोकिएबमोजिम उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवम् अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

२६. कार्य योजना संशोधन :

(१) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्य योजनामा आवश्यकताअनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधनको जानकारी जिल्ला वनअधिकृतलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा जिल्ला वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागु नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

२७. सामुदायिक वन फिर्ता लिन सकिने :

(१) दफा २५ बमोजिम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने सर्तहरू पालन नगरेमा जिल्ला वन अधिकृतले तोकिएबमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर, त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाइ पेस गर्ने मौका दिइनेछ ।

(१.क) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरूले समुदायको हितको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नाममा विधान र कार्य योजना विपरीत कुनै काम कार्बाही गरेको भनी उपभोक्ताको उजुरी परेमा त्यस्ता पदाधिकारीलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले तोकिएबमोजिम क्षेत्रीय वन निर्देशकसमक्ष उजुर गर्न सक्नेछ । त्यस्तो उजुरीमा क्षेत्रीय वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरूले समुदायको हितको नाममा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम कार्बाही गरेमा निजहरूलाई यस ऐनबमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिनेछैन ।

२८. सामुदायिक वन पुनः सुम्पन सकिने : दफा २७ को उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सबन्धी निर्णय बदर भएमा जिल्ला वन अधिकृतले साविककै उपभोक्ता समूहलाई पुनः सुम्पनु पर्नेछ । त्यस्तो निर्णय सदर भएमा जिल्ला वन अधिकृतले दफा २५ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन सुम्पनु पर्नेछ ।

२९. कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजाय : सामुदायिक वनमा कुनै उपभोक्ताले कार्य योजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले उपयुक्त सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएमा बिगोसमेत असुलउपर गर्न सक्नेछ ।

३०. सामुदायिक वनलाई प्राथमिकता दिनुपर्ने : यस ऐनमा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनका रूपमा उपभोक्ता समूहलाई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वनका रूपमा दिइनेछैन ।

३०.क) सामुदयिक वनको विकासका लागि खर्च गर्नुपर्ने : सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाबमोजिम आर्जन गरेको आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रकम अन्य विकास कार्यका लागि खर्च गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ६

कबुलियती वनसम्बन्धी व्यवस्था

३१. कबुलियती वन प्रदान गर्ने : नेपाल सरकारले देहायका उद्देश्यहरूका लागि राष्ट्रिय वनको कुनै भाग कबुलियती वनका रूपमा प्रदान गर्न सक्नेछ :-

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षरोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी कीट पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

३२. कबुलियती वनको पट्टा :

(१) दफा ३१ मा उल्लेखित उद्देश्यहरूका लागि कबुलियती वन लिन चाहने प्रचलित कानुनबमोजिम स्थापित सङ्गठित संस्था, उद्योग वा समुदायले कबुलियती वनको रूपमा लिन चाहेको वनको क्षेत्रफल र चार किल्ला उद्देश्य प्राप्त गर्नको लागि गरिने कार्यहरूको योजनाबद्ध कार्यक्रम तथा तोकिएको अन्य विवरणहरू र आर्थिक सम्भाव्यता प्रतिवेदन सहित क्षेत्रीय वन निर्देशक समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन पर्न आएमा क्षेत्रीय वन निर्देशकले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरेबमोजिम वा त्यसमा घटबढ गरी कबुलियती वन प्रदान गर्न उपयुक्त देखिएमा आफ्नो सिफारिस सहित स्वीकृतिको लागि विभाग मार्फत मन्त्रालयमा लेखि पठाउनुपर्नेछ । त्यसरी लेखि पठाउँदा निवेदकको मागमा थपघट गरिएको भए निवेदकको सहमति लिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपदफा (२) बमोजिम स्वीकृतिका लागि लेखिआएपछि मन्त्रालयले तत्सम्बन्धी पत्र प्राप्त भएका मितिले तीस दिनभित्र स्वीकृति दिने नदिने कुराको निर्णय गर्नेछ र त्यसको जानकारी विभागमार्फत क्षेत्रीय वन निर्देशकलाई दिइनेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएपछि मन्त्रालयले स्वीकृति दिने निर्णय गरेकोमा त्यस्तो जानकारी प्राप्त भएका मितिले तीस दिनभित्र क्षेत्रीय वन निर्देशकले तोकिएबमोजिम वनसम्बन्धी पट्टा तयार गरी तोकिएको दस्तुर लिई निवेदकलाई सो पट्टासहित कबुलियती वन प्रदान गर्नुपर्नेछ र मन्त्रालयले स्वीकृति नदिने निर्णय गरेकोमा त्यस्तो जानकारी प्राप्त भएका मितिले तीन दिनभित्र त्यसको जनाउ निवेदकलाई दिनु पर्नेछ ।

३३. कबुलियती वन फिर्ता लिन सकिने :

(१) दफा ३२ बमोजिम प्रदान गरिएको कबुलियती वनमा पट्टावालाले वनसम्बन्धी पट्टाबमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा क्षेत्रीय वन निर्देशकले तोकिएबमोजिम वनसम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर, त्यसरी वनसम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाइ पेस गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम क्षेत्रीय वन निर्देशकले गरेको निर्णयउपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णको सूचना पाएका मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३४. कबुलियती वनमा बाटो, खोला बन्द गर्न सकिने : कुनै कबुलियती वनभित्रको जोसुकैको निजी वा सार्वजनिक बाटो वा खोला बन्द गर्नुपरेमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सम्बन्धित पट्टावालाले त्यसरी बन्द गर्नुअगावै त्यसका सट्टा यथासम्भव त्यत्तिकै सुविधाजनक बाटो वा खोला उपलब्ध गराइदिनुपर्नेछ ।

परिच्छेद – ७

धार्मिक वनसम्बन्धी व्यवस्था

३५. धार्मिक वन :

(१) कुनै धार्मिक स्थल वा त्यसको वरिपरिको राष्ट्रिय वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिएबमोजिमका अन्य विवरणहरू खुलाई जिल्ला वन अधिकृतसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरेबमोजिम वा त्यसमा घटबढ गरी धार्मिक वनका रूपमा त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पन सक्नेछ । त्यसरी वन सुम्पदा परम्परागत उपभोक्ताहरूको हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३६. धार्मिक वनमा वनसम्बन्धी कार्यको सञ्चालन : धार्मिक वनमा रहेका वन पैदावर सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका अन्य धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ ।

तर, वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रूपमा हानिनोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रूख कटान गर्न पाइनेछैन ।

३७. धार्मिक वन फिर्ता लिन सकिने :

(१) दफा ३५ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ३६ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा जिल्ला

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर, धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाइ पेस गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक निकाय समूह वा समुदायले तोकिएबमोजिम क्षेत्रीय वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ । त्यस्तो उजुरीमा क्षेत्रीय वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

परिच्छेद – ८

निजी वनसम्बन्धी व्यवस्था

३८. निजी वनसम्बन्धी व्यवस्था : निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

३९. निजी वनको प्रमाणपत्र :

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराई पाऊँ भनी जिल्ला वन कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनमा आवश्यक लगत खडा गरी जिल्ला वन अधिकृतले तोकिएबमोजिम प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त गरेका निजी वन धनीलाई आवश्यक प्राविधिक सहयोग जिल्ला वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

४०. नेपाल सरकारको स्वामित्वमा रहने :

(१) बसोवास वा पुनर्वास गरिएका जग्गाहरूमा त्यस्तो जग्गा प्रदान गर्दाको बखतदेखि नै रहेका रूखहरू नेपाल सरकारको स्वामित्वमा रहनेछन् । उक्त रूखहरू नेपाल सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) मा उल्लेखित रूखहरू बिना इजाजत हटाउने व्यक्तिलाई राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ ।

परिच्छेद – ९

उपभोक्ता समूहको गठनसम्बन्धी व्यवस्था

४१. उपभोक्ता समूहको गठन : सामूहिक हितका लागी कुनै वनको विकास र संरक्षण गर्न तथा वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरूले तोकिएबमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

४२. उपभोक्ता समूहको दर्ता :

(१) दफा ४१ बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधानसहित जिल्ला वन अधिकृतसमक्ष तोकिएबमोजिमको ढाँचामा दर्खास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्खास्त पर्नआएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिएबमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(३) वन ऐन २०१८ अन्तर्गत कार्य योजना बमोजिम सामुदायिक वनको व्यवस्थापन गरिरहेका उपभोक्ता समूहले पनि यो ऐन प्रारम्भ भएका मितिले एक वर्षभित्र दर्ताका लागि उपदफा (१) बमोजिम दर्खास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि जिल्ला वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

४३. उपभोक्ता समूह सङ्गठित संस्था हुने :

(१) दफा ४१ बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो छुट्टै छाप हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपभोक्ता समूहले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

४४. प्रतिवेदन दिनुपर्ने :

(१) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तोकिएबमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थितिसमेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालयसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा जिल्ला वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

४५. उपभोक्ता समूहको कोष :

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरू जम्मा गरिनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिवानाबाट प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपभोक्ता समूहले सामुदायिक वनको विकासका निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य सार्वजनिक हितको कार्यमा खर्च गर्न सक्नेछ ।

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

परिच्छेद – १०

बेवारिसी वा दरियाबुर्दी काठसम्बन्धी व्यवस्था

४६. हकको प्रमाण नपुग भएसम्म काठ नेपाल सरकारको ठहर्ने :

(१) बगाइ ल्याएको, किनारा लागेको, अड्केको, डुबेको सबै काठ टाँचा निशानाहरू लागेको वा टाँचा निसाना खुर्केको, बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठहरू कसैले आफ्नो हकको प्रमाण नपुऱ्याएसम्म नेपाल सरकारको सम्पत्ति ठहरिनेछ ।

(२) उपदफा (१) बमोजिमका काठहरू वन अधिकृतले बेवारिसी वा दरियाबुर्दी काठको निमित्त तोकिदिएको कुनै डिपोमा जम्मा गर्न सक्नेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै जात वा किसिमका काठलाई उपदफा (१) र (२) मा लेखिएका कुराहरू लागु नहुने गर्न सक्नेछ ।

४७. बेवारिसी वा दरियाबुर्दी काठको सूचना : दफा ४६ को उपदफा (२) बमोजिम बेवारिसी वा दरियाबुर्दी काठ जम्मा भएपछि त्यस्तो काठको पूरा विवरण र लगत सहितको सूचना सम्बन्धित जिल्ला वन अधिकृतले सम्बन्धित वन कार्यालयमा टाँस गर्नुपर्नेछ र त्यस्तो काठमा हकदाबी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदाबीको सबुत प्रमाण सहितको दर्खास्त उक्त वन कार्यालयमा पेस गर्नुपर्नेछ ।

४८. हकदाबीउपर कार्बाही :

(१) दफा ४७ बमोजिम कसैको दर्खास्त पर्न आएमा सम्बन्धित वन अधिकृतले आवश्यक तहकिकात गरी गराई दर्खास्तवालाको हक दाबी भए नभएको कुराको निर्णय गरी त्यसको सूचना दर्खास्तवालालाई दिनुपर्नेछ र कसैको हक दाबी भएको ठहरेमा त्यस्तो काठ डिपोमा ल्याउन र जम्मा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गर्न लागेको खर्च निजबाट उपर गरी काठ निजलाई सुम्पी दिनेछ ।

(२) उपदफा (१) बमोजिम वन अधिकृतले हकदाबी नभएको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निणर्यको सूचना पाएका मितिले पन्ध्र दिनभित्र सम्बन्धित क्षेत्रीय वन निर्देशकसमक्ष उजुर गर्न सक्नेछ ।

(३) कुनै काठमा कसैको हकदाबी अस्वीकार गरेको वा त्यस्तो काठ रोकेको वा हराएबाट हुन गएको नोक्सानीको हर्जाना नेपाल सरकार वा वन अधिकृतबाट दाबी गर्न पाइनेछैन ।

(४) कसैको हकदाबी नपुगेका बेवारिसी वा दरियाबुर्दी काठहरू जिल्ला वन अधिकृतले तोकिएबमोजिम बिक्री गर्न सक्नेछ ।

४८. क) कोष दाखिला गर्नुपर्ने :

(१) दफा ४८ को उपदफा (४) बमोजिम वेवारिसी वा दरियाबुर्दी काठहरूको बिक्री वितरणबाट प्राप्त रकम मध्येबाट पचास प्रतिशत रकम जिल्ला विकास समितिको कोषमा र बाँकी रकम सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला विकास समितिको कोषमा जम्मा भएको रकम मध्येबाट पचास प्रतिशत रकम जिल्ला विकास समितिले जिल्लाभित्रको वन विकासको निश्चित योजना बनाई सो योजना कार्यान्वयनमा खर्च गर्नुपर्नेछ ।

परिच्छेद – ११

अपराध र दण्डसजाय

४९. राष्ट्रिय वनमा मनाही भएका कार्यहरू : कसैले पनि यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कार्बाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योगसमेत गर्नुहुँदैन । त्यस्तो कुनै काम कार्बाही गरेमा कसुर गरेको मानिनेछ :

(क) वनक्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो बनाउन,

(ख) आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गर्न,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) चौपायालाई तोकिएको वनक्षेत्रभित्र पसाउन वा चराउन,

(घ) वनक्षेत्रबाट वन पैदावार हटाउन, ओसार पसार गर्न वा बिक्री वितरण गर्न,

(ङ) रूख वा बिरुवा काट्न, हाँगा बिँगा छिमल्न, खोटो वा बोक्रा झिक्न वा कुनै पनि प्रकारले नोक्सानी गर्न,

(च) इजाजत प्राप्त गरी रूख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरवाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गर्न,

(छ) ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्न, गोल वा चुन पोल्न वा यी वस्तुहरूबाट अरू तयारी माल बनाउन वा यी वस्तुहरू सङ्कलन गर्न,

(ज) वन पैदावार लिन पुर्जी पाएकामा पुर्जी सर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गर्न,

(झ) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गर्न,

(ञ) वन सिमाना चिन्ह उखेल्न, सार्न, फेर्न, मेट्न वा बिगार्न,

(ट) नर्सरीमा रहेको वा वृक्षरोपण गरिएको बिरुवा काट्न, भाँच्न उखेल्न वा अरू कुनै प्रकारले नोक्सान गर्न,

(ठ) नर्सरी वा वृक्षरोपण गरिएको क्षेत्रका खम्बा, तारको बार वा त्यस्ता अरू सम्पत्ति बिगार्न वा चोरी गर्न,

(ड) टाँचा वा निसाना किर्ते गर्न वा काठ वा खडा रूखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्न, बिगार्न वा मेट्न,

(ढ) शिकार खेल्न,

(ण) यो ऐन र यस ऐनअन्तर्गत बनेका नियमको बर्खिलाप अन्य कुनै कसुर गर्न ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५०. दण्डसजाय :

(१) देहायको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ :-

(क) दफा ४९ को खण्ड (क) अन्तर्गतको कसुर गर्नेलाई त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी दस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र सो जग्गामा बनाएको घर वा छाप्रो समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सोबापत हुने सजाय समेत हुनेछ ।

(ख) दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई बिगो असुल गरी दस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(ग) दफा ४९ को खण्ड (ग) अन्तर्गतको कसुर गर्नेलाई प्रत्येक चौपायको देहायका दरले जरिवाना हुनेछ :-

(१) भेडा, बाख्रा जातको भए पाँच रुपैयाँदेखि पचास रुपैयाँसम्म,

(२) हात्ती जातको भए पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म,

(३) अन्य चौपाया भए दस रुपैयाँदेखि एक सय रुपैयाँसम्म ।

(घ) दफा ४९ को खण्ड (घ), (ङ), (च), (छ) वा (ज) अन्तर्गतको कसुर गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी देहायबमोजिमको सजाय हुनेछ :

(१) एकसय रुपैयाँसम्मको बिगो भए एक सय रुपैयाँसम्म जरिवाना,

(२) एकसय रुपैयाँदेखि माथि एक हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिमको जरिवाना,

(३) एक हजार रुपैयाँदेखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा ६ महिनासम्म कैद वा दुवै,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) पाँच हजार रुपैयाँभन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै ।

(ङ) दफा ४९ को खण्ड (झ) अन्तर्गतको कसुर गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी बिगो बमोजिम जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै,

(च) दफा ४९ को खण्ड (ञ) वा (ड) अन्तर्गतको कसुर गर्नेलाई पाँचसय रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै,

(छ) दफा ४९ को खण्ड (ट) अन्तर्गतको कसुर गर्नेलाई कसुरको मात्रा हेरी प्रति बिरुवाको एक सय रुपैयाँसम्म जरिवाना हुनेछ र सोही कसुर पुनःगर्नेलाई कसुरको मात्रा अनुसार उक्त सजायमा एक हजार रुपैयाँसम्म थप जरिवानासमेत हुनेछ ।

(ज) दफा ४९को खण्ड (ठ) अन्तर्गतको कसुर गर्नेलाई बिगो असुल गरी पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(झ) दफा ४९ को खण्ड (ढ) अन्तर्गतको कसुर गर्नेलाई प्रचलित कानुनमा व्यवस्था भएअनुसार सजाय हुनेछ ।

(ञ) दफा ४९ को खण्ड (ण) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा १६ को उपदफा (१) अन्तर्गत कसुर गर्ने व्यक्ति वा सरकारी कर्मचारीलाई दस हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

५१. हैरानी गर्ने नियतले कब्जा वा गिरफ्तार गर्नेलाई सजाय :

(१) मनासिब माफिकको कारण नभई वनसम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा प्रहरी कर्मचारीले रिसइबीले वा हैरानी गर्ने नियतले मालवस्तु कब्जा गरेमा वा कसैलाई

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गिरफ्तार गरेमा त्यस्ता कर्मचारीलाई एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) उपदफा (१) मा लेखिएका कर्मचारीको नियत त्यस्तो थियो भन्ने कुरा प्रमाणित गर्ने भार उजुरवाला माथि रहनेछ ।

५२. कर्तव्य पालन गर्दा बाधा अड्चन पुऱ्याएमा : यस ऐनबमोजिम सरकारी कर्मचारीले आफ्नो पदीय कर्तव्य पालन गर्दा कसैले बाधा अड्चन पुऱ्याएमा निजलाई एक हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५३. कसुरदारलाई उम्काउनेलाई सजाय : यस ऐनअन्तर्गतको कसुर गर्नेलाई उम्काउने व्यक्तिलाई कसुरदारलाई हुने सरहको सजाय हुनेछ ।

५४. दुरुत्साहन दिनेलाई सजाय : यस ऐनअन्तर्गतको कसुर गर्न दुरुत्साहन दिने वा मिलोमतो गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सरहको सजाय हुनेछ ।

परिच्छेद – १२

कसुरको जाँचबुझ र कार्याविधि

५५. कसुर रोक्न आवश्यक कार्बाही गर्ने : कसैले यस ऐनबमोजिम सजाय हुने कसुर गर्न लागेको छ भन्ने शङ्का लागेमा वा कसुर गर्दैको अवस्थामा फेला पारेमा वनसम्बन्धी काम गर्ने कर्मचारी वा प्रहरी कर्मचारीले सो अपराध हुन नपाउने प्रबन्ध गर्नुपर्नेछ र सो कामका लागि चाहिँदो बल प्रयोग गरी आवश्यक कार्बाही गर्न सक्नेछ ।

५६. विशेष अधिकार :

(१) यस ऐनअन्तर्गतको वनसम्बन्धी कसुरमा संलग्न कसुरदार वनक्षेत्रभित्र वा बाहिर पक्रन लाग्दा पक्रन नदिने वा पक्रिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहज्जत गरी कसुदारलारलाई भगाई लैजाने अवस्था परी पक्रनेकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था पर्न आएमा वन सुरक्षाको लागि खटिएका कर्मचारीले घुँडामुनि लाग्ने गरी गोली चलाउन सक्नेछ ।

(२) राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले आवाद गरेको वा त्यस्तो जग्गामा घर, छाप्रो बनाइसकेको भए पनि जिल्ला वन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकृत वा निजले तोकेको वन अधिकृत वा वन सहायकले सो आवादी हटाउन वा घर, छाप्रो भत्काउन सक्नेछ र बालीसमेत जफत गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले हुने अरू सजायमा सो उपदफामा लेखिएको कुराले कुनै असर पार्नेछैन ।

५७. खानतलासीको अधिकार :

(१) यस ऐनबमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा कम्तीमा वन सहायक दर्जासम्मको कर्मचारी वा सहायक प्रहरी निरीक्षक दर्जाको कर्मचारीले कुनै स्थानको खानतलासी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिने व्यक्तिले खानतलासी लिनुपर्ने कारण खोली खानतलासी लिने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी लिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम खानतलासी लिँदा कम्तीमा दुईजना साक्षी राखी ती साक्षीहरूको रोहवरमा खानतलासी लिनुपर्नेछ ।

(४) मानिस बसोबास गरेको घरमा खानतलासी लिनुपरेमा सो घरमा स्वास्नी मानिस भए हट्न सूचना र मौका दिनुपर्नेछ ।

(५) यस दफामा लेखिएको कुनै कुराले खानतलासी लिने कर्मचारीलाई सूर्यास्तदेखि सूर्योदय नभएसम्म मानिस बसोबास गरेको घरमा प्रवेश गर्न पाउने अधिकार हुनेछैन ।

स्पष्टीकरण : यो दफाको प्रयोजनका लागि स्थान भन्नाले पाल, डुङ्गा तथा विभिन्न किसिमका सवारीका साधनलाई समेत जनाउँछ ।

५८. वन पैदावार र तत्सम्बन्धी मालवस्तु कब्जा गर्न सक्ने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) कुनै वन पैदावारका सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो वन पैदावार र कसुरसँग सम्बन्धित हतियार, डुङ्गा, सवारी तथा चौपायालाई वनसम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा प्रहरी कर्मचारीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको मालको विवरण खोली कसुरसँग सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिई त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडै इलाका वन कार्यालय वा जिल्ला वन कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको वन पैदावार बाहेकको औजार, हतियार, डुङ्गा, सवारी, चौपाया इत्यादि तोकिएको दिन र स्थानमा दाखिला गर्ने सर्तमा मालधनी वा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा स्थानीय भलाद्मीलाई जमानीको कागज गराई कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको वन सहायक दर्जासम्मको कर्मचारीले त्यस्तो मालवस्तु छाडिदिन सक्नेछ ।

५९. बिना वारेन्ट गिरफ्तार गर्ने अधिकार :

(१) कुनै व्यक्तिले यस ऐनबमोजिम सजाय हुने कसुर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागि जाने सम्भावना छ भन्ने लागेमा वनसम्बन्धी काम गर्ने कर्मचारी वा प्रहरी कर्मचारीले निजलाई बिना वारेन्ट गिरफ्तार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई सो गिरफ्तार गर्ने कर्मचारीले बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्न अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ ।

(३) कुनै कसुरको सिलसिलामा गिरफ्तार गरिएको व्यक्तिका सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई सो मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

५९.क) दसी प्रमाण पेस गर्नेसम्बन्धी व्यवस्था :

(१) यस ऐनबमोजिम कसुर हुने अपराधमा बरामद भएका वन पैदावार वा त्यस्तो कसुर हुने कार्य गर्नको लागि प्रयोग भएका साधन वा औजार दसी प्रमाणको रूपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम कसुर हुने अपराधमा बरामद भएका वन पैदावार, औजार तथा अन्य साधन दसी प्रमाणको रूपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेस गर्न नसकिने भएमा त्यस्तो दसी प्रमाण नजिकको वन कार्यालयको जिम्मामा राखी सोको मुचुल्का पेस गरेमा दसी प्रमाण पेस गरेसरह मानिनेछ ।

(३) मुद्दा हेर्ने अधिकारीले त्यस्तो दसी प्रमाण राखेका ठाउँमा डोर खटाई प्रतिवेदन लिई कार्बाही गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६०. मुद्दाको तहकिकात र दायरी :

(१) यस ऐनबमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको वन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सहायक दर्जाको कर्मचारीले गर्नेछ र मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित वन कार्यालयका नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा गर्दा सरकारी वकीलको राय सल्लाह लिनुपर्नेछ ।

६१. नेपाल सरकार वादी हुने : यस ऐनअन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

६२. कब्जा गरिएका वन पैदावार, औजार, हतियार, डुङ्गा, सवारी तथा चौपायाको माल धनी पत्ता नलागेमा गर्ने : यस ऐनबमोजिम सजाय हुने कसुरसित सम्बन्धित मालवस्तुको धनी पत्ता नलागेमा तहकिकात गर्ने कर्मचारीले कब्जा गरिएको माल वस्तुको हकदार कुनै भए हकदाबी गर्न आउनु भनी सबैले देख्ने ठाउँमा सात दिनको म्याद दिई सूचना टाँस गर्नुपर्नेछ । उक्त मालवस्तु उपर हकदाबी परे निर्णयका लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेस गर्नुपर्नेछ । उक्त मालवस्तु उपर हकदाबी नपरे वा मुद्दा हेर्ने अधिकारीबाट हकदाबी पुग्ने नठहरी फैसला भएमा त्यस्तो मालवस्तु नेपाल सरकारको हुनेछ ।

६३. सडी गली जाने मालवस्तु र चौपाया लिलाम गर्न सकिने : यस ऐनअन्तर्गत सजाय हुने कसुरका सम्बन्धमा कब्जा गरिएका सडी गली जाने मालवस्तु वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाका मालवस्तु र चौपायालाई नजिकको वन कार्यालय वा सुरक्षित स्थानमा ल्याई जिल्ला वन अधिकृतले लिलाम बिक्री गर्न सक्छ । त्यसरी लिलाम बिक्रीबाट आएको रकम पछि ठहरे बमोजिम गर्ने गरी धरौटीमा आम्दानी बाँधिनेछ ।

६४. पुर्पक्षसम्बन्धी व्यवस्था

(१) यस ऐनबमोजिम गिरफ्तार गरिएका व्यक्तिलाई एक वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने वनसम्बन्धी मुद्दाको अभियोगमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिने मनासिब माफिकको आधार देखिएमा त्यस्तो अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राखी कार्बाही गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अरू कसुरदारलाई निजलाई हुन सक्ने कैद वा जरिवानाको उपल्लो

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हदसम्मको नगद धरौट वा जेथा जमानी दिए तारेखमा र दिन नसकेमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्छ ।

तर, पटके कसुरदारलाई धरौटीमा छोड्न पाइनेछैन ।

(३) उपदफा (१) वा (२) बमोजिम अभियुक्तलाई थुनामा राखी कार्बाही गर्दा थुनामा रहेका दिनहरूलाई कैदमा गणना गरी कसुरदारलाई हुनसक्ने सजायको हदभन्दा बढी दिन थुनामा राख्न पाइनेछैन ।

६५. मुद्दा हेर्ने अधिकारी :

(१) यस ऐनअन्तर्गत दस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा जिल्ला वन अधिकृतले कार्बाही र किनारा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले मुद्दाको कार्बाही र किनारा गर्दा विशेष अदालत ऐन २०३१ बमोजिमको कार्याविधि र अधिकारको प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६६. बरामद भएको मालवस्तु जफत हुने : यस ऐन बमोजिम सजाय हुने कसुर गरेको ठहरिएमा कसुरमा बरामद भएका सबै बोझ वाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछन् ।

तर, बिगो दस हजार रुपैयाँभन्दा कम्ती मोल पर्ने वन पैदावार लादी ल्याउने टेक्टर, ट्रक, लहरी, मोटर र अन्य सवारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दस हजार रुपैयाँसम्म थप सजाय हुनेछ ।

परिच्छेद – १३

विविध

६७. नेपाल सरकारको भू-स्वामित्व रहने : यस ऐन बमोजिमको सामुदायिक वन, कबुलियती वन तथा धार्मिक वनक्षेत्रहरूमा नेपाल सरकारको भू-स्वामित्व रहनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६८. वन प्रयोग गर्न सक्ने :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न वनको प्रयोग गर्नबाहेक अन्य कुनै पनि विकल्प नभएमा र त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो योजना सञ्चालन गर्नका निमित्त नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन वा धार्मिक वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनको प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा नेपाल सरकारले तत्सम्बन्धमा उपयुक्त व्यवस्था गरी दिनुपर्नेछ ।

६९. प्राविधिक सहयोग दिने : कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनका धनीले सामुदायिक वन कबुलियती वन, धार्मिक वन, वा निजी वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित जिल्ला वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराइदिन सक्नेछ ।

७०. वनक्षेत्रमा प्रवेश निषेध :

(१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा तोकिएको अधिकृतले राष्ट्रिय वन वा संरक्षित वनको सम्पूर्ण भाग वा कुनै भागमा निश्चित समयका लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ

तर, तोकिएको अधिकृतले तोकिदिएको बाटोबाट आवतजावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन

(२) उपदफा (१) बमोजिम निषेध गरेको क्षेत्रमा निषेधाज्ञा उल्लङ्घन गरी प्रवेश गर्नेलाई पाँच सय रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

७०.क) प्रतिबन्ध लगाउन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनका लागि तोकिएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वन पैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

७०.ख) सशस्त्र वन रक्षकसम्बन्धी व्यवस्था :

(१) नेपाल सरकारद्वारा संरक्षित र व्यवस्थित वनको सुरक्षाको लागि मन्त्रालयले सशस्त्र वन रक्षकको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सशस्त्र वन रक्षकको नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७१. असल नियतले काम गरेकोमा बचाउ : यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन ।

७२. नियम बनाउने अधिकार : यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

७३. बाझिएमा गर्ने : यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोहीबमोजिम र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

७४. खारेजी र बचाउ :

(१) देहायका ऐनहरू खारेज गरिएका छन् :-

(क) 'वन ऐन, २०१८'

(ख) 'वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४'

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वन ऐन २०१८ र वन संरक्षण (विशेष व्यवस्था) ऐन २०२४ र उक्त ऐनबमोजिम बनाइएको नियम वा निकालिएको आदेशअन्तर्गत गरिएको काम यसै ऐनअन्तर्गत भए गरेको मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वन नियमावली २०५१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५१।१२।२०

संशोधन

वन(पहिलो संशोधन) नियमावली, २०५६	२०५६।५।२१
वन (दोस्रो संशोधन) नियमावली, ०५९	२०५९।४।२७

वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "वन नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले वन ऐन २०४९ सम्झनुपर्छ ।

(ख) "महानिर्देशक" भन्नाले वन विभागको महानिर्देशक सम्झनुपर्छ ।

(ग) "निर्देशक" भन्नाले क्षेत्रीय वन कार्यालयको क्षेत्रीय वन निर्देशक सम्झनुपर्छ ।

(घ) "अधिकारप्राप्त अधिकारी" भन्नाले जिल्ला वनअधिकृत सम्झनुपर्छ र त्यस्तो अधिकृत नियुक्त नभएको अवस्थामा नेपाल सरकारले तोकेको अधिकृत सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) "दाउरा" भन्नाले खयर बाहेक बल्लाबललीका रूपमा वा चिरानको रूपमा जान नसक्ने दुई फिटभन्दा कम लम्बाइ र डेढ फिटभन्दा कम गोलाइको काठ सम्झनुपर्छ ।

(च) "निकाय" भन्नाले नेपाल सरकारले काठ दाउराको सङ्कलन, कटान, मुछान, घाटगद्दी तथा बिक्री वितरणको व्यवस्थापन गर्न पाउने गरी अख्तियारी दिएको निकाय सम्झनुपर्छ ।

(छ) "विधान" भन्नाले उपभोक्ता समूहको विधान सम्झनुपर्छ ।

परिच्छेद – २

सरकारद्वारा व्यवस्थित वन

३. कार्य योजना तयार गर्ने :

(१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि विभागले देहायका कुराहरू खुलाई एक वा एकभन्दा बढी जिल्लाका निमित्त भू-बनोट तथा प्राकृतिक सिमानाको आधारमा वन व्यवस्थापन कार्य योजना तयार गर्नुपर्नेछ ।

(क) सबै जङ्गल, झाडी, बुटयान, घाँसे जग्गाले ओगटेको तथा खाली पर्ति रहेको क्षेत्र,

(ख) वन सीमाहरूको अवस्थिति,

(ग) भू-उपयोग तथा रूखका प्रजाति अनुसारको विवरण देखिने गरी तयार गरिएको वनको नक्शा,

(घ) जनसङ्ख्या तथा जनघनत्व तथा वन पैदावारको उपयोग सम्बन्धी विवरण,

(ङ) वन पैदावारको विवरण,

(च) वन जङ्गलका विकास तथा संरक्षणसम्बन्धी कार्यक्रम र उपाय,

(छ) वन पैदावारको सङ्कलन, उपयोग तथा बिक्रीसम्बन्धी वार्षिक विवरण,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ज) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावार,

(झ) कार्य योजना अवधिभर वन पैदावारबाट प्राप्त हुने वार्षिक राजस्वको अनुमान,

(ञ) कार्य योजना लागु गर्नका लागि आवश्यक पर्ने जनशक्ति तथा खर्चको विवरण,

(ट) भू-संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षणसम्बन्धी कार्यक्रम,

(ठ) वन व्यवस्थापनका लागि उपयुक्त अन्य विवरणहरू ।

(२) यो नियम प्रारम्भ हुनुभन्दा अघि स्वीकृत भएका कार्य योजना यसै नियमावली बमोजिम तयार गरेको मानिनेछ ।

४. कार्यान्वयन तथा मूल्याङ्कन : निर्देशकले आफ्नो क्षेत्रभित्र पर्ने सरकारद्वारा व्यवस्थित वनको कार्य योजनाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी मन्त्रालयमा प्रतिवेदन पेस गर्नुपर्नेछ र सो प्रतिवेदनको एकप्रति जानकारीको लागि विभागमा पठाउनुपर्नेछ ।

५. कार्य योजनामा संशोधन :

(१) जिल्ला वन अधिकृतले कार्य योजनामा कुनै संशोधन गर्नुपर्ने देखेमा आफ्नो रायसहितको प्रतिवेदन विभागमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट कार्य योजनामा संशोधन गर्नु उपयुक्त हुने देखिएमा विभागले आफ्नो रायसहितको प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ ।

६. सङ्कलन तथा बिक्रीवितरण गर्न नपाइने :

(१) कार्य योजनामा वर्षभरिमा सङ्कलन तथा बिक्री वितरण गर्न तोकिएको परिमाणभन्दा बढी हुने गरी वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न पाइनेछैन ।

(२) उपनियम (१) मा जनुसुकै कुरा लेखिएको भएतापनि बाढी, पैह्रो, हिमपात, आगजनी आदिजस्ता दैवी प्रकोपका कारणले गर्दा वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नासिने अवस्था आइ परेमा सो वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न र बिक्री गर्न कार्य योजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुऱ्याएको मानिनेछैन ।

७. इजाजतपत्र लिनुपर्ने र टाँचा लगाउनुपर्ने :

(१) यस नियमावली बमोजिम अधिकारप्राप्त अधिकारीबाट इजाजतपत्र नलिई कसैले कुनै किसिमको वन पैदावार उपलब्ध गर्न सङ्कलन गर्न, हटाउन, बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्नुहुँदैन र उपर्युक्त उद्देश्यले वनक्षेत्र भित्र प्रवेश गर्नसमेत हुँदैन ।

(२) ऐनको दफा २२ को उपदफा (२) बमोजिम इजाजतपत्र प्राप्त गरेको कुनै व्यक्ति वा निकायले वनमा कुनै काठ वा दाउरा काट्दा टुक्र्याउँदा, वा त्यसको निकासी गर्दा इजाजतपत्रमा उल्लेख भएको तथा नेपाल सरकारले निर्धारण गरेको सर्तहरू अनिवार्य रूपले पालना गर्नुपर्नेछ ।

(३) वनको काठदाउरा काट्दा टुक्र्याउँदा, उपभोग गर्दा, हटाउँदा, बिक्री वितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा विभागले तोकिदिएको टाँचा लगाउनु पर्नेछ ।

(४) काठ दाउराबाहेकका अन्य वन पैदावार काट्दा, टुक्र्याउँदा, उपयोग गर्दा, हटाउँदा, बिक्री वितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा नेपाल सरकारले निर्धारण गरेको कार्याविधिका अधीनमा रही गर्नुपर्नेछ ।

८. वन पैदावार प्राप्त गर्न निवेदन दिनुपर्ने :

(१) वन पैदावार प्राप्त गर्न चाहने कुनै व्यक्ति, जिल्ला वन पैदावार आपूर्ति समिति वा निकायले देहायका कुराहरू खुलाई अधिकारप्राप्त अधिकारीसमक्ष रितपूर्वकको निवेदन दिनुपर्नेछ :-

(क) वन पैदावारको नाम,

(ख) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) वन पैदावारको किसिम र परिमाण,

(घ) वन पैदावार लिन चाहेको प्रयोजन, र

(ङ) वन पैदावार प्रयोग गरिने ठाउँ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी कार्य योजनाअनुसार बिक्री वितरण गर्न तोकिएको परिमाणसमेतलाई विचार गरी अनुसूची -१ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

(३) अधिकार प्राप्त अधिकारले, निवेदन दिने व्यक्ति, जिल्ला वन पैदावार आपूर्ति समिति वा निकायबाट यस नियमावलीबमोजिम लाग्ने वन पैदावारको मूल्य, शुल्क वा दस्तुर अग्रिम रूपमा बुझेर मात्र इजाजतपत्र दिनुपर्नेछ ।

९. काठ दाउराको बिक्री वितरणसम्बन्धी व्यवस्था :

(१) नेपाल सरकारले सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी उपनियम (२) बमोजिम काठदाउरा बिक्रीवितरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिदिएको जिल्लामा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहेको एक जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्नसक्नेछ :–

(क) जिल्ला वनअधिकृत – अध्यक्ष

(ख) सहायक प्रमुख जिल्ला अधिकारी –सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक –सदस्य

(घ) जिल्ला विकास समितिले तोकेको सो समितिको एकजना सदस्य –सदस्य

(ङ) समाजसेवी तथा लब्धप्रतिष्ठित व्यक्तिहरू मध्येबाट मन्त्रालयबाट मनोनीत दुईजना– सदस्य

(च) सहायक वनअधिकृत – सदस्य-सचिव

(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम समिति गठन भएका जिल्लाहरूमा सो समितिले अधिकार प्राप्त अधिकारीबाट नियम ८ बमोजिम इजाजतपत्र लिई देहायको प्रयोजनका लागि काठ दाउराको बिक्री वितरणको व्यवस्था गर्नेछ :-

(क) ग्रामीण जनताको घरकाजको लागि,

(ख) जन सहभागिताद्वारा गरिने साना लागतको विकास निर्माण कार्यको लागि,

(ग) दैवी प्रकोप उद्धार तथा कृषि औजारको लागि ।

(३) उपनियम (१) बमोजिम गठित समितिले यस नियमावलीमा उल्लेखित कुराहरूका अतिरिक्त नेपाल सरकाले समय समयमा दिएका निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

(४) कार्य योजना बमोजिम बिक्री वितरण गर्न तोकिएको परिमाणको अधीनमा रही अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिमको समिति गठन भएका जिल्लाहरूमा त्यस्तो समितिलाई बिक्री वितरणका लागि एकमुष्ट वा लटलट गरी काठ दाउरा उपलब्ध गराउन सक्नेछ र त्यसरी उपलब्ध भएको काठ दाउरा समितिले नियम ८ बमोजिमको इजाजतपत्र लिई टाँचा लगाई आफ्नै खर्चमा कटान, चिरान र ढुवानी गर्नुपर्नेछ ।

(५) कार्य योजनाबमोजिम काठ दाउरा प्राप्त नहुने जिल्लाको हकमा नेपाल सरकारले अन्य काठ दाउरा उपलब्ध हुन सक्ने जिल्लाबाट काठ दाउरा उपलब्ध गराई बिक्री वितरणको व्यवस्था मिलाउन सक्नेछ ।

(६) उपनियम (२) को प्रयोजनका लागि बिक्री वितरण गरिएको काठ दाउरा अन्य प्रयोजनका लागि प्रयोग गर्न तथा जिल्लाबाहिर ओसार पसार गर्न पाइनेछैन ।

(७) अधिकार प्राप्त अधिकारीले बिक्री वितरण गरिसकेको काठ दाउरा समयमै उठाई नलगेको वा बिक्री वितरण गरी बाँकी रहेको दाउरा काठ अधिकार प्राप्त अधिकारीले अनुसूची २ मा तोकिएको मूल्यमा नघटाई प्रचलित बजार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मूल्य समेतलाई आधार मानी बोलकबोल प्रथाद्वारा बिक्री वितरण गर्न सक्नेछ ।

(८) काठदाउरा बिक्री वितरणको परिमाण तथा कार्याविधि कार्य योजनाले तोकिदिए बमोजिम हुनेछ ।

तर कार्य योजना तयार नएभएको अवस्थामा नेपाल सरकारले निर्धारण गरी तोकिदिए बमोजिम हुनेछ ।

(९) अधिकार प्राप्त अधिकारीले काठ दाउराको बिक्री वितरण गर्दा अनुसूची–२ बमोजिमको मूल्य लिई बिक्री वितरण गर्नुपर्नेछ ।

तर, जिल्ला वन पैदावार आपूर्ति समितिलाई अधिकार प्राप्त अधिकारीले काठ दाउरा उपलब्ध गराउँदा समितिले काठ दाउरा बिक्री वितरण गरी सकेपछि मात्र मूल्य बुझाउने गरी उपलब्ध गराउन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

१०. खयर काठ (जरा समेत) को बिक्री वितरण : नियम ९ मा जुनसुकै कुरा लेखेको भए तापनि खयर काठ (जरासमेत को बिक्री वितरण गर्दा अधिकार प्राप्त अधिकारीले अनुसूची २ मा तोकिएको मूल्यमा नघटाई प्रचलित बजार मूल्य समेतलाई आधार मानी तौलका आधारमा बोलकबोल प्रथाद्वारा बिक्री वितरण गर्नुपर्नेछ ।

११. जडिबुटीको सङ्कलन तथा बिक्री वितरण:

(१) कुनै वनक्षेत्रबाट अनुसूची–३ मा उल्लेखित जडिबुटीहरू सङ्कलन गर्न चाहनेले जडिबुटीको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्यसमेत खोली अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्नआएको निवेदन उपर जाँचबुझ गर्दा माग बमोजिमको जडिबुटी सङ्कलन गर्न प्रतिबन्ध लागेको नदेखिएमा अनुसूची–४ बमोजिमका ढाँचामा अधिकार प्राप्त अधिकारीले जडिबुटी सङ्कलन गर्ने इजाजतपत्र दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपनियम (२) बमोजिम प्राप्त जडिबुटी सङ्कलन गर्ने इजाजतपत्र बमोजिम सङ्कलन गरिएको जडिबुटी त्यस्तो इजाजतपत्रसँग भिडाई तथा सङ्कलन गरेको परिमाण जाँची अधिकार प्राप्त अधिकारीले अनुसूची– ३ बमोजिमको दस्तुर लिई अनुसूची– ५ बमोजिमको ढाँचामा छोडपुर्जी दिनुपर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेको जातको जडिबुटीको सङ्कलन तथा बिक्रीवितरण बोलकबोल प्रथाद्वारा सबैभन्दा बढी दस्तुर कबोल गर्ने व्यक्तिलाई दिन सक्नेछ ।

(५) अनुसूची– ५ मा नपरेका र पहिचान हुन नसकेको जडिबुटीको पहिचान र बिक्री वितरणका लागि अधिकार प्राप्त अधिकारीले नेपाल सरकारमा पेस गरी नेपाल सरकारबाट निकासा भए बमोजिम गर्नुपर्नेछ ।

१२. सङ्कलन तथा बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास किसिमको वन पैदावारको सङ्कलन, उपयोग, बिक्री वितरण तथा ओसारपसार गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

१३. वन पैदावारको निकासी सम्बन्धी व्यवस्था :

(१) कुनै व्यक्तिले यस नियमावली बमोजिम सङ्कलन गरेको वा प्राप्त गरेको वन पैदावार मध्ये उपनियम (२) बमोजिम विदेश निकासीमा प्रतिबन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासी गर्न निवेदन दिएको अधिकार प्राप्त अधिकारीले विदेश निकासी गर्ने अनुमतिका लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास किसिमको वन पैदावारको विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(३) कुनै व्यक्ति, सङ्घ संस्था वा उद्योगले सङ्कलन, उपयोग, बिक्री वितरण, ओसारपसार तथा निकासीमा प्रतिबन्ध

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लगाएदेखि बाहेक अन्य वन पैदावार भन्सारको प्रज्ञापनपत्र र सम्बन्धित मुलुकको अधिकारिक प्रमाण सहित विदेशबाट आयात गरी बिक्री वितरण गर्न वा पुनः विदेश निकासी गर्नका निमित्त निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो वन पैदावार आयात गरी बिक्री वितरण गर्न वा पुनः विदेश निकासी गर्नको लागि अनुमति दिन सक्नेछ ।

१४. अन्य वन पैदावारको बिक्री वितरण :

(१) काठ दाउरा, खयर र जडिबुटी बाहेक अनुसूची– ६ मा उल्लेखित वन पैदावार प्रयोग गर्न चाहनेले अधिकारप्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम काठ दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार लिन निवेदन परेमा अधिकार प्राप्त अधिकारीले अनुसूची– ६ बमोजिमको दस्तुर लिई त्यस्तो वन पैदावार बिक्री वितरण गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले काठदाउरा, खयर जडिबुटी बाहेकका अन्य वन पैदावार बिक्री वितरण बोलकबोल प्रथाद्वारा गरी सबैभन्दा बढी दस्तुर कबोल गर्नेलाई दिन सक्नेछ ।

१५. धार्मिक कार्यका निमित्त बिनामूल्य काठ दाउरा दिन सकिने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्य योजनाले तोकेको वार्षिक परिमाणको अधीनमा रही निर्माण कार्यबाहेक परम्परादेखि चलिआएको धार्मिक कामको निमित्त काठ दाउरा माग भएमा नेपाल सरकारले निर्धारण गरी दिएबमोजिमको काठदाउरा अधिकार प्राप्त अधिकारीले बिना मूल्य वितरण गर्न सक्नेछ ।

१६. वन पैदावार सङ्कलन तथा निकाल्ने म्याद : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका जिल्लाहरूको वनक्षेत्रमा कार्तिकदेखि जेष्ठ मसान्तसम्म र अन्य जिल्लाहरूको वनक्षेत्रमा जिल्ला वन अधिकृतले जिल्ला विकास समितिसँग परामर्श गरी बढीमा आठ महिनासम्मका लागि काठ दाउरा सङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाल्ने म्याद निर्धारण गर्नेछ

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

र त्यसरी निर्धारित म्यादभित्र काठदाउरा सङ्कलन गरी वन कक्षेत्रबाट बाहिर निकालि सक्नुपर्नेछ ।

तर, दैवी प्रकोपमा परेका व्यक्तिहरूलाई जुनसुकै समयमा काठको बिक्री वितरण गर्नका लागि वन क्षेत्रबाट काठ सङ्कलन गरी बाहिर निकाल्न यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

१७. रूखको छपान गर्ने, काठदाउरा नाप्ने र आयतन निकाल्ने तरिका :

१) रूख छपान गर्दा नेपाल सरकारले निर्धारण गरेको बिक्री सर्तनामाको अधीनमा रही गर्नुपर्नेछ ।

२) रूख तथा काठको आयतन निकाल्ने तरिका अनुसूची– ७ बमोजिम हुनेछ ।

१८. बिगो कायम गर्ने :

(१) वन जङ्गल नोक्सान भई ठुटासम्म भएको तर काठ फेला नपरी बिगो कायम गर्नुपर्दा अनुसूची– ७ बमोजिम ठुटाबाट आयतन निकाली अनुसूची– २ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ

(२) ठूटा फेला नपरी काठ मात्र फेला परेमा रूखको ३ गिडालाई एक रूख मानी सबैभन्दा मोटो काठको मोटो छेउलाई ठूटाको आधार मानी आयतन निकाली अनुसूची– २ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ ।

(३) केही काठ फेला परेको र ठूटा मौजुद भएका अवस्थामा ठूटालाई नै आधार मानी आयतन निकाली अनुसूची– २ बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गरिनेछ ।

१९. चरिचराउको निमित्त इजाजतपत्र : कार्य योजनामा नपरेको वा अधिकार प्राप्त अधिकारीले निषेध गरेको क्षेत्र बाहेकका अन्य क्षेत्रमा अनुसूची– ८ मा तोकिएबमोजिमको दस्तुर लिई अधिकार प्राप्त अधिकारीले कुनै व्यक्तिलाई जनावर चरिचराउन अनुसूची– ९ बमोजिमको इजाजतपत्र दिन सक्नेछ ।

२०. वन क्षेत्र उपलब्ध गराउन सकिने :

(१) कार्य योजनाले निर्दिष्ट गरेको तथा वन विकास कार्य गर्नका लागि नेपाल सरकारले राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकेको सर्तमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइएको वन क्षेत्रमा रहेका वन पैदावारको उपयोग यस परिच्छेदमा उल्लेख भए बमोजिम नै हुनेछ ।

२१. काठको ओसार पसार :

(१) राष्ट्रिय वन क्षेत्रभित्र सङ्कलन गरिएको गोलिया काठलाई घाटगद्दीबाट टाँचा लगाई अधिकार प्राप्त अधिकारीले ओसार पसार गर्न छोडपुर्जी दिनेछ ।

(२) उपनियम (१) बमोजिम छोडपुर्जी भएको गोलिया काठ चिरान गरेपछि सःमिल तथा फर्निचर उद्योगले आफ्नो उत्पादन भनी जिल्ला वन कार्यालयमा दर्ता गराए बमोजिमको टाँचा प्रयोग गरी ओसार पसार गर्नुपर्नेछ ।

यसरी ओसार पसार गर्दा सोको अग्रिम जानकारी जिल्ला वन कार्यालयमा दिई बाटोमा पर्ने जाँच चौकीहरूबाट दरपिठ गराई लैजानु पर्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले शङ्का लागेमा जुनसुकै समयमा सःमिल तथा फर्निचर उद्योगको जाँचबुझ गर्न सक्नेछ ।

२२. वन विकास सम्बन्धी व्यवस्था :

(१) कार्य योजनाले निर्दिष्ट गरेबमोजिम वा नेपाल सरकारद्वारा स्वीकृत विकास कार्यहरू (नर्सरी निर्माण, बिरुवा उत्पादन वृक्षरोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेस्टिङ्ग, फेलिङ्ग इत्यादि) सुरु गर्दा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको वन सहायक कर्मचारीले विभागले दिएको निर्देशनको अधिनमा रही लगत इस्टिमेट बनाई अधिकार प्राप्त अधिकारीले स्वीकृति लिई गर्नुपर्नेछ ।

(२) स्वीकृत कार्यक्रममा परेका वन विकास तथा संरक्षण, वन कार्यालयको निर्माण तथा मर्मत सम्भार कार्यको लागि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

आवश्यक पर्ने काठ दाउरा जिल्ला वन कार्यालयले लगत राखी उपभोग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमका कार्यहरू मध्ये भवन, घर, छाप्रो, वन, पथ, पुल निर्माण, मर्मत आदि कार्य गर्दा राजपत्र अनङ्कित प्रथम श्रेणीको वन सहायकले दुई लाख रुपैयाँसम्म, सहायक वन अधिकृतले दस लाख रुपैयाँसम्म, जिल्ला वन अधिकृतले सो भन्दा माथिको लगत इस्टिमेट गरी एक तहमाथिको पदाधिकारीबाट स्वीकृत गराई कार्य सञ्चालन गर्न सक्नेछ ।

(४) विकास कार्यको जाँचपास गर्ने अधिकार प्राप्त अधिकारीले तोकिदिएको अधिकृतको हुनेछ ।

तर, जाँचपास गर्ने अधिकार कार्य सम्पन्न गर्ने कर्मचारीभन्दा एक तहमाथिको प्राविधिक कर्मचारीलाई हुनेछ ।

२३. क्षेत्र तोक्न सक्ने : अधिकार प्राप्त अधिकारीले राष्ट्रिय वनको कुनै क्षेत्रलाई बीउ उत्पादन, अनुसन्धान वा तालिम सञ्चालन क्षेत्रका रूपमा तोक्न सक्नेछ ।

परिच्छेद - ३

संरक्षित वन

२४. संरक्षित वनको कार्ययोजना : संरक्षित वनमा गरिने वनसम्बन्धी कार्यहरूको व्यवस्थापनको लागि विभागले देहायबमोजिमका कुराहरू समावेश गरी कार्य योजना तयार गर्नुपर्नेछ :

(क) वन क्षेत्रको चार किल्ला र क्षेत्रफल,

(ख) वन संरक्षणका लागि अपनाइने तरिकाहरू,

(ग) वन पैदावारको उपयोग सम्बन्धी व्यवस्थाहरू,

(घ) वन व्यवस्थापन सम्बन्धी तरिकाहरू ।

२५. अनुतिपत्र दिने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) अधिकार प्राप्त अधिकारीले संरक्षित वनबाट स्वीकृत कार्य योजनाले निर्दिष्ट गरेको तरिका र परिमाणमा वन पैदावार निकाल्ने अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको ढाँचा अनुसूची– १० बमोजिम र वन पैदावारको दस्तुर अनुसूची– २, अनुसूची– ३, र अनुसूची– ६ बमोजिम हुनेछ ।

परिच्छेद ४

सामुदायिक वन

२६. सामुदायिक वनको निर्धारण :

(१) जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग उपभोक्ता समूहलाई सामुदायिक वनका रूपमा सुम्पँदा गाउँ बस्तीबाट जङ्गलको दूरीका साथै वन व्यवस्थापन गर्ने स्थानीय उपभोक्ताहरूको चाहना र व्यवस्थापन क्षमता समेतलाई ध्यान दिनुपर्नेछ ।

(२) राष्ट्रिय वन क्षेत्रभन्दा बाहिरको सार्वजनिक जग्गामा स्थानीय उपभोक्ताहरूले वा अरू कसैले रूख बिरुवा लगाई रूख बिरुवाको संरक्षण गरेको रहेछ भने वा स्थानीय उपभोक्ताहरूले उपभोक्ता समूह गठन गरी त्यस्तो जग्गामा स्वामित्व भएको संस्थाको स्वीकृति लिई सोही संस्थामा जग्गाको स्वामित्व रहने गरी रूख बिरुवा लगाउन चाहेमा जिल्ला वन अधिकृतले सो वन क्षेत्रलाई सामुदायिक वनका रूपमा मान्यता दिन सक्नेछ ।

२७. उपभोक्ता समूहको गठन र दर्ता :

(१) सामुदायिक वनका रूपमा वन व्यवस्थापन गर्न चाहने उपभोक्ताहरूले सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन अधिकृत समक्ष लिखित रूपमा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा जिल्ला वन अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवम् अन्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएका कर्मचारीले स्थानीय निकायसमेतको सहयोग लिई उपभोक्ता समूह गठन गर्न र त्यसको विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नुपर्नेछ । उपभोक्ता समूहको विधानमा अन्य कुराहरूको अतिरिक्त अनुसूची– ११ मा उल्लेखित कुराहरूका सम्बन्धमा व्यवस्था गरिएको हुनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिमको विधान तयार गर्दा र विधानअनुसारको उपभोक्ता समूह गठन गर्दा वडा, गाउँ, नगर तथा जिल्लाको सिमानाले असर नपार्ने गरी सर्वसम्मतिका आधारमा गर्नुपर्नेछ ।

(५) उपनियम (३) बमोजिम पहिचान भएका उपभोक्ताहरूले उपनियम (४) बमोजिम तयार भएको विधानमा उल्लेख भएअनुरूप सम्पूर्ण उपभोक्ताहरू रहने गरी एक उपभोक्ता समूह गठन गरी उपभोक्ता समूहको विधानसहित अनुसूची– १२ बमोजिमको ढाँचामा सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन कार्यालयमा उपभोक्ता समूह दर्ता गराउन दर्खास्त दिनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिमको दर्खास्त दिने उपभोक्ता समूह त्यसको विधान अनुरूप गठन भएको देखिन आएमा जिल्ला वन अधिकृतले त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी ऐन, यस नियमावली तथा नेपाल सरकारले तोकिदिएको सर्तहरू पालन गर्न कबुलियत गराई अनुसूची –१३ बमोजिमका ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

२८. सामुदायिक वनको कार्य योजना :

(१) उपभोक्ता समूहले देहायका कुराहरू समावेश गरी सामुदायिक वनको कार्ययोजना तयार गर्नुपर्नेछ :-

(क) वनको विवरण, नाम, सिमाना, क्षेत्रफल, वनको अवस्था र वनको किसिम,

(ख) वनको नक्सा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) ब्लक विभाजन र यसको विवरण :- नाम, सिमाना, क्षेत्रफल, मोहडा, भिरालोपन,, माटो, वनको किसिम, मुख्य जात, उपयोगी जात, उमेर तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(घ) वन व्यवस्थापनको उद्देश्य,

(ङ) वन संरक्षणको तरिका,

(च) वन संवर्द्धनका कार्यहरू :- थिनिङ्ग, प्रुनिङ्ग, क्लिनिङ्ग, र अन्य वन संवर्द्धनका कार्यहरू,

(छ) नर्सरी, वृक्षरोपण, आयमूलक कार्यक्रम र समय तालिका,

(ज) जडिबुटी खेतीका लागि सम्भाव्य क्षेत्रको विवरण, जडिबुटीका जाति प्रजाति, खेतीको कार्यक्रम र समय तालिका,

(झ) वन पैदावारको बिक्री वितरण र अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ञ) ऐनको दफा २९ बमोजिम उपभोक्ताहरूलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(ट) वन्य जन्तुको संरक्षणसम्बन्धी प्रावधान,

(ठ) विभागले तोकेका अन्य विषयहरू ।

(२) उपभोक्ता समूहले सामुदायिक वनमा मुख्य वन पैदावारको घनत्व (Crown Cover) र उत्पादनमा ह्रास नआउने गरी अन्न बालीबाहेकका लामो अवधिसम्म एउटै बोटले उत्पादन दिने खालका नगदे बाली लगाउन चाहेमा सोसम्बन्धी विवरण कार्य योजनामा उल्लेख गर्नुपर्नेछ ।

(३) जिल्ला वन अधिकृतले यस नियमबमोजिम कार्य योजना तयार गर्न सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक प्राविधिक एवम् अन्य सहयोग उपलब्ध गराउनुपर्नेछ ।

२९. सामुदायिक वन सुम्पने प्रक्रिया :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) राष्ट्रिय वनको कुनै भागलाई उपभोक्ता समूहले सामुदायिक वनका रूपमा लिन चाहेमा अनुसूची– १४ बमोजिमको ढाँचामा जिल्ला वन अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन र उपभोक्ता समूहले स्वीकृतिको लागि पेस गरेको कार्ययोजनाउपर जिल्ला वनअधिकृतले आवश्यक जाँचबुझ गरी कार्ययोजनामा थपघट गर्नुपर्ने भएमा उपभोक्ता समूहको सहमति लिई थपघट गरी स्वीकृत गरिएको कार्य योजनाबमोजिमको वन क्षेत्र सामुदायिक वनका रूपमा उपभोक्ता समूहलाई नेपाल सरकारले तोकेका सर्तहरू पालन गर्ने कबुलियत गराई सामुदायिक वनका रूपमा सुम्पनेछ । त्यसरी सामुदायिक वन सुम्पँदा अनुसूची– १५ बमोजिमको प्रमाणपत्र पनि सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरिनेछ ।

(३) वन क्षेत्र सामुदायिक वनको रूपमा सुम्पँदा गाउँ, नगर तथा जिल्लाको सिमानाले असर पार्नेछैन ।

(४) सामुदायिक वनको रूपमा सुम्पिने वन क्षेत्र दुई वा सोभन्दा बढी जिल्लाभित्र पर्ने भएमा जुन जिल्लाका जिल्ला वन अधिकृत समक्ष निवेदन परेको हो निजले अन्य जिल्लाको जिल्ला वन अधिकृतको सहमति लिई सामुदायिक वन सुम्पन सक्नेछ ।

(५) उपनियम (२) र (४) बमोजिम सुम्पिएको सामुदायिक बनेको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित जिल्लाका जिल्ला वन अधिकृतले गर्नुपर्नेछ ।

३०. सामुदायिक वनको लगत राख्ने : जिल्ला वन अधिकृतले नियम २९ बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वन सुम्पिएपछि सोको लगत आफ्नो कार्यालयमा राखी त्यसको एक एक प्रति विभाग तथा सम्बन्धित क्षेत्रीय वन कार्यालयमा पठाउनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३१. सामुदायिक वनमा गर्न नहुने काम :

(१) उपभोक्ता समूहले सामुदायिक वनमा कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्यसमेत गर्नु गराउनु हुँदैन :-

(क) वन मास्न, सामुदायिक वनले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरू कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) खोरिया फडानी गर्न,

(ग) घर छाप्रो बनाउन,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) प्रचलित कानुन विपरीत वन्यजन्तु पक्रन वा मार्न,

(च) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसारपसार गर्न ।

(२) उपनियम (१) को खण्ड (क) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला वन अधिकृतको स्वीकृति लिई सामुदायिक वन विकासको लागि सामुदायिक वनको वन पैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न वा सुरक्षाका लागि आवश्यक पर्ने घर वा छाप्रो बनाउन सकिनेछ ।

३२. वन पैदावारको सङ्कलन तथा बिक्री वितरण :

(१) उपभोक्ता समूहले कार्य योजनाबमोजिम प्राप्त हुने वन पैदावारको मात्र सङ्कलन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम काठ दाउरा र अन्य वन पैदावार निकालेपछि उक्त वन क्षेत्रमा उपभोक्ता समूहले यथाशीघ्र वृक्षरोपण गर्ने र पुनरुत्थानको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपभोक्ता समूहले वन पैदावारको बिक्रीदरको जानकारी सम्बन्धित जिल्ला वन कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपभोक्ता समूहले कार्य योजनाअनुसार वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्ने भएमा जिल्ला वन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अधिकृतको सिफारिसमा सम्बन्धित निकायको स्वीकृति लिई सामुदायिक वन क्षेत्रबाहिर त्यस्तो उद्योग सञ्चालन गर्न सक्नेछ ।

३३. वन पैदावारको रसिद र लगत :

(१) उपभोक्ता समूहले कार्य योजनाबमोजिम प्राप्त हुने वन पैदावार उपभोक्ता समूहमा खपत हुने भएमा सो वन पैदावारको लगत राखी अनुसूची– १६ बमोजिमको अनुमतिपत्र दिई वितरण गर्न सक्नेछ ।

(२) उपभोक्ता समूहले वन पैदावारको बिक्री वितरण गर्दा अनुसूची– १७ को ढाँचामा तीन प्रति रसिद बनाई एकप्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित इलाका वन कार्यालयलाई दिई एकप्रति आफैँले राख्नुपर्नेछ ।

(३) उपभोक्ता समूहले सामुदायिक वनबाट बिक्री वितरण भएको वन पैदावारको लगत तथा आम्दानी खर्चको हिसाब दुरुस्त राख्नुपर्नेछ ।

३४. टाँचा दर्ता गर्नुपर्ने :

(१) उपभोक्ता समूहले सामुदायिक वनको काठ ओसार पसारको लागि फलामे टाँचा बनाई जिल्ला वन कार्यालयमा टाँचा दर्ता गराई पाऊँ भनी निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर टाँचाको नाम दोहोरो नपर्ने गरी जिल्ला वन अधिकृतले टाँचा निःशुल्क दर्ता गरी दिनुपर्नेछ ।

३५. वन पैदावारको ओसार पसार :

(१) उपभोक्ता समूहले बिक्री गरेको काठ उपभोक्ता समूहको क्षेत्रभन्दा बाहिर ओसार पसार गर्दा उपभोक्ता समूहले तोकेको व्यक्ति वा समितिले नियम ३४ बमोजिमको टाँचा लगाई अनुसूची– १६ बमोजिमको अनुमतिपत्र दिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम काठ ओसार पसार गर्दा सम्बन्धित वन कार्यालयलाई अग्रिम जानकारी दिई बाटोमा पर्ने चेकपोस्टमा दरपिठ गराई लैजानु पर्नेछ ।

(३) काठ बाहेक अन्य वन पैदावारको ओसार पसार गर्दा जिल्ला वन कार्यालयलाई अग्रिम जानकारी दिई उपभोक्ता समूहले तोकेको व्यक्ति वा समितिबाट अनुमतिपत्र लिई लैजानु पर्नेछ ।

३६. उपभोक्ता समूहको कोष सञ्चालन :

(१) उपभोक्ता समूहको कोष र खाताको सञ्चालन उपभोक्ता समूहले तोकेको सो समूहका दुईजना पदाधिकारीको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपभोक्ता समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण उपभोक्ता समूहले तोकेको व्यक्ति वा निकायबाट हुनेछ ।

(३) उपनियम (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एकप्रति उपभोक्ता समूहले सम्बन्धित जिल्ला वन कार्यालयमा पेस गर्नुपर्नेछ ।

(४) अधिकारप्राप्त अधिकारीले उपभोक्ता समूहले राखेको आम्दानी र खर्चको लेखा समयसमयमा जाँचबुझ गर्न सक्नेछ ।

३७. सामुदायिक वन फिर्ता लिने :

(१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेको वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली तथा नेपाल सरकारले तोकेका सर्तहरू पालना नगरेको भन्ने जानकारी प्राप्त हुन आएमा जिल्ला वन अधिकृतले यथाशक्य चाँडो कर्मचारी खटाई स्थलगत निरीक्षण गराई सोको प्रतिवेदनका आधारमा देहायबमोजिम कार्बाही गर्नुपर्नेछ :-

(क) उपभोक्ता समूहले कार्य योजनाबमोजिम कार्य सञ्चालन गर्न नसकेको वा वातावरणमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली तथा नेपाल सरकारले तोकेका सर्तहरू पालना नगरेको भन्ने प्रतिवेदनबाट देखिएमा उपभोक्ता समूहलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समूहले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट सामुदायिक वन फिर्ता लिन उचित ठहऱ्याएमा जिल्ला वन अधिकृतले सो वन फिर्ता लिन र उक्त उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ ।

(ग) सम्बन्धित उपभोक्ता समूहलाई सामुदायिक वन फिर्ता लिएको र उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी भए सो गरेका मितिले पन्ध्र दिनभित्र दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वन फिर्ता लिने र दर्ता खारेज गर्ने गरी गरिएको निर्णयउपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र सम्बन्धित निर्देशकसमक्ष उजुरी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम उजुरी उपरको निर्णय उजुरी परेका मितिले ९० दिनभित्र निर्णय गरी सक्नुपर्नेछ ।

३८. सहयोग लिन सक्ने : यस परिच्छेद बमोजिमको कार्यका लागि विभाग तथा उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछ ।

परिच्छेद – ५

कबुलियती वन

३९. कबुलियती वन प्राप्त गर्ने प्रक्रिया :

(१) कबुलियती वन लिन चाहने सङ्गठित संस्था, उद्योग वा समुदायले ऐनमा उल्लेखित कुराहरूका अतिरिक्त देहायबमोजिमको विवरणहरू खुलाई आर्थिक सम्भाव्यता

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रतिवेदनसहित जिल्ला वन कार्यालय मार्फत वा सोझै निर्देशक समक्ष अनुसूची १८ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ :

(क) कबुलियती वनको अवधि,

(ख) वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा,

(ग) वन क्षेत्रभित्र रहेको वन पैदावार तथा अन्य प्राकृतिक स्रोतको विवरण,

(घ) वन क्षेत्रभित्र रहेका बाटो, नहर, बाँध, खानी आदिको विवरण,

(ङ) अन्य आवश्यक विवरणहरू ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा माग गरेको वन क्षेत्र कबुलियती वनका रूपमा प्रदान गर्न उपयुक्त भएमा निर्देशकले सो वनक्षेत्र वरिपरी बसोबास गर्ने उपभोक्ताहरूलाई उक्त वन क्षेत्र सामुदायिक वनका रूपमा लिन चाहने हो वा नचाहने हो सो जानकारीका लागि पैंतीस दिनको म्याद दिई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र अन्य सार्वजनिक स्थानमा सूचना प्रकाशन गर्न जिल्ला वन कार्यालयलाई निर्देशन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनाको म्यादभित्र उक्त वन क्षेत्र वरिपरी बसोबास गर्ने उपभोक्ताहरूले सो वनक्षेत्र सामुदायिक वनका रूपमा लिन चाहेमा निर्देशकले कबुलियती वनका लागि माग गरिएको निवेदनलाई मुलतबी राखी तीन महिनाभित्र उपभोक्ता समूह गठन गर्न जिल्ला वन कार्यालयलाई निर्देशन दिनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिमका म्यादभित्र निवेदन नपरेमा वा उपनियम (३) बमोजिमको म्यादभित्र उपभोक्ता समूह गठन नभएमा कबुलियती वनको रूपमा दिन उपयुक्त देखिएमा निर्देशकले निवेदकसँग देहायबमोजिमको थप विवरण माग गर्नुपर्नेछ :-

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) विस्तृत कार्य योजना,

(ख) उक्त क्षेत्रमा रहेका रूखहरूको जात र नाप पैमाइस सहितको विवरण,

(ग) भएका रूखहरू हटाउनुपर्ने भएमा सोको योजना,

(घ) कबुलियती वनको अवधि समाप्त हुँदाका बखतको वनको स्थिति,

ङ) अन्य आवश्यक प्राविधिक कुराहरू ।

(५) उपनियम (४) बमोजिमको विस्तृत कार्य योजना तयार गर्ने सिलसिलामा निवेदकले सो वन क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू माग गरेमा उपलब्ध भएसम्म तथ्याङ्कहरू निवेदकलाई जिल्ला वन अधिकृत वा निर्देशकले बिना दस्तुर उपलब्ध गराउनु पर्नेछ ।

(६) एउटै वन क्षेत्र एकभन्दा बढी सङ्गठित संस्था, उद्योग वा समुदायबाट कबुलियती वनका रूपमा लिन निवेदन परेमा गरिबीको रेखामुनिका अधिकांश व्यक्तिहरू रहेको समुदायलाई पहिलो प्राथमिकता र वृक्षरोपण गरी वन पैदावार उत्पादन गर्ने वन पैदावारमा आधारित उद्योगलाई दोस्रो प्राथमिकता दिइनेछ ।

(७) कुनै समुदायलाई कबुलियती वन सुम्पँदा कनै प्राविधिक सहयोग आवश्यक भएमा जिल्ला वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

३९ क) <u>प्रस्ताव आह्वान गरी कबुलियती वन दिन सकिने :</u>

(१) नियम ३९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले राष्ट्रिय वनको देहायको क्षेत्रलाई प्रस्ताव आह्वान गरी सङ्गठित संस्था वा उद्योगलाई कबुलियती वनको रूपमा दिन सक्नेछ :-

(क) झाडी बुट्यान क्षेत्र,

(ख) अतिक्रमणकारीहरूबाट फिर्ता लिएको क्षेत्र,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) प्राकृतिक प्रकोपका कारण वन क्षति भई पुनः उकास भएको क्षेत्र,

(घ) बीस प्रतिशतभन्दा कम क्राउन कभर भएको वन क्षेत्र,

(ङ) भूसंरक्षणको हिसाबले संवेदनशील क्षेत्र ।

(२) निर्देशकले उपनियम (१) बमोजिमको वनक्षेत्रको वातावरण र जैविक विविधताको संरक्षण लगायत दिगो व्यवस्थापन गर्ने आधारहरू समेत खुलाई इच्छुक सङ्गठित संस्था वा उद्योगलाई प्रस्ताव पेस गर्न आह्वान गरेको प्रस्तावमा सहभागी हुन चाहने इच्छुक सङ्गठित संस्था वा उद्योगले देहायका कुराहरू खुलाई प्रस्ताव पेस गर्न सक्नेछ :-

(क) कबुलियती वनको अवधि,

(ख) कबुलियती वनका रूपमा लिन चाहेको स्थान, क्षेत्रफल र चार किल्ला,

(ग) उत्पादन गरिने वन पैदावारको किसिम र तिनको दिगो उपयोगसम्बन्धी वन विकासको कार्य योजना,

(घ) कबुलियती वन क्षेत्रभित्र कुनै किसिमको भौतिक निर्माण (घर टहरा आदि) गरिने भए सोको विवरण,

(ङ) नेपाल सरकारलाई बुझाउने वार्षिक दस्तुरसम्बन्धी प्रावधानहरू,

(च) सम्झौता अवधि समाप्त भएपछि उक्त वन क्षेत्र नेपाल सरकारलाई फिर्ता बुझाउँदाका अवस्थामा कायम रहने वनको अनुमानित स्वरूप र वन पैदावारको स्थिति विवरण,

(छ) अन्य आवश्यक कुराहरू ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रस्तावलाई ऐनको दफा ३२ को उपदफा (२) बमोजिम प्रक्रिया पूरा गरी निर्देशकले विभागमा पेस गर्नु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपनियम (३) बमोजिम निर्देशकबाट प्राप्त प्रस्तावको प्राविधिक तथा आर्थिक मूल्याकन गर्न देहायबमोजिमको मूल्याङ्कन समिति रहनेछ :-

(क) महानिर्देशक -संयोजक

(ख) सम्बन्धित निर्देशक -सदस्य

(ग) प्रमुख लेखा नियन्त्रक, मन्त्रालय -सदस्य

(घ) महानिर्देशकले तोकेको वन विभागको अधिकृत -सदस्य

(५) उपनियम (४) बमोजिमको मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिमको मूल्याङ्कन समितिले प्रस्ताव मूल्याकन गर्दा देहायका आधारमा मूल्याङ्कन गर्नुपर्नेछ :-

(क) वातावरण तथा जैविक विविधताको संरक्षण, भू-क्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट वन विकास सम्बन्धी कार्यक्रम,

(ख) नेपाल सरकारलाई प्रत्यक्ष रूपमा प्राप्त हुने दस्तुर तथा राजस्व,

(ग) कबुलियतमा लिने वा क्षेत्रको वरपर रहने बासिन्दाहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारको सम्भावना,

(घ) स्थानीय क्षेत्रमा औद्योगिक क्रियाकलाप वृद्धि हुने अन्य आयमूलक कार्यक्रम ।

(७) उपनियम (६) बमोजिम मूल्याङ्कन गर्दा सबैभन्दा उपयुक्त ठहर भएको प्रस्ताव पेस गर्ने प्रस्तावकलाई कबुलियती वन दिन मन्त्रालयमा सिफारिस पेस गर्नु पर्नेछ ।

(८) नेपाल सरकारले उपनियम (७) बमोजिम सिफारिस भई आएको प्रस्तावकसँग सम्झौता गरी कबुलियती वन प्रदान गर्ने निर्णय गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(९) उपनियम (८) बमोजिम सम्झौता गर्दा प्रस्तावकले देहायबमोजिम काम कुरा गर्न नपाउने गरी निषेध गर्नुपर्नेछ :

(क) वन विभागको पूर्वस्वीकृति नलिई वनक्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउने,

(ख) वनस्पतिका विकासमा अवरोध पुऱ्याउने, जीवजन्तुको बासंस्थानमा हानि नोक्सानी पुऱ्याउने, प्राकृतिक वा भौतिक स्वरूप बिगार्ने वा सिमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउने,

(ग) जलचर वा अन्य कुनै किसिमका जनावर पशुपन्छी वा जीवजन्तुलाई हानि नोक्सानी हुने गरी कुनै किसिमको विषादि प्रयोग गर्ने,

(घ) ढुङ्गा, गिट्टी, बालुवा झिक्ने वा खानी सञ्चालन गर्ने वरिपरिका स्थानीय बासिन्दाको सामाजिक रीतिरिवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो खोलानालाको निर्बाध उपयोग जस्ता पारम्परिक अधिकारको उपयोगमा व्यवधान उत्पन्न गराउने ।

४०. <u>कबुलियती वन सुम्पने विशेष व्यवस्था :</u>

(१) नेपाल सरकारले गरिबीको रेखामुनि रहेका समुदायहरूको निमित्त कबुलियती वनसम्बन्धी आयोजना तयार पारी सो आयोजनाबाट लाभ पाउने व्यक्तिहरूलाई कबुलियती वन सुम्पन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुबलियती वन सुम्पनु भन्दा अगाडि कबुलियती वनसम्बन्धी आयोजनाले सम्बन्धित समुदायलाई कार्ययोजना तयार गर्न लगाई सो कार्य योजना स्वीकृतिको लागि मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सुम्पिएको कबुलियती वनमा रहेका वन पैदावारको उपयोग र संरक्षण कार्य योजना तोकिएबमोजिम नै हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४१. कबुलियती वनको पट्टा र दस्तुर : ऐनको दफा ३२ को उपदफा (४) बमोजिम मन्त्रालयले कबुलियती वन प्रदान गर्न स्वीकृति दिएमा निर्देशकले अनुसूची– १९ बमोजिमको ढाँचामा कबुलियती वनको कबुलियतनामा तयार गरी अनुसूची– २० मा उल्लेखित वार्षिक दस्तुर लिई निवेदकलाई अनुसूची– २१ बमोजिमको पट्टा सहित कबुलियती वन प्रदान गर्नु पर्नेछ ।

४२. कबुलियती वनको लगत : कबुलियती वन सुम्पिएपछि त्यसको लगत क्षेत्रीय वन कार्यालयमा राखी सोको जानकारी जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ ।

४३. कबुलियतको म्याद थपसम्बन्धी व्यवस्था : पट्टावालाले कबुलियतमा उल्लेखित म्यादभित्र कार्य योजना अनुसार कार्य सञ्चालन गर्न नसकेमा सोको मनासिब माफिकको कारण देखाई निवेदन दिएमा र नेपाल सरकारले मनासिब देखेमा कबुलियतको म्याद बढीमा ६ महिनाको लागि थप गर्न सक्नेछ । सो म्यादभित्र पनि कार्य सञ्चालन गर्न नसकेमा त्यस्तो कबुलियती वनको कबुलियतनामा खारेज गरिनेछ ।

४४. कबुलियती वनको संरक्षण :

(१) कबुलियती वनको संरक्षणको व्यवस्था पट्टावाला आफैंले गर्नु पर्नेछ ।

(२) पट्टावालाले कबुलियती वनको संरक्षणका लागि कुनै सहयोग मागेमा जिल्ला वन अधिकृतले उपयुक्त सहयोगको प्रदान गर्नुका साथै अन्य निकायलाई सहयोगका लागि सिफारिस गरिदिनु पर्नेछ ।

४५. कबुलियती वनमा गर्न नहुने काम :

(१) कबुलियती वनमा देहायको कुनै कार्य गर्नु वा गराउनुहुँदैन :-

(क) कबुलियती वनले चर्चेले जग्गा बिक्री गर्न धितो राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न,

(ख) कार्ययोजनाले गर्न हुने भनी तोकेबाहेकका अन्य कार्य गर्न ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियती वनको विकासको लागि आफूले लगाई हुर्काएको वन पैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

४६. हक हस्तान्तरण वा बिक्री गर्न सकिने :

(१) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियतको एक तिहाइ अवधिसम्म सन्तोषजनक रूपमा काम गर्ने पट्टावालाले आफ्नो अधिकार अन्य कुनै सङ्गठित संस्था, उद्योग वा समुदायलाई हस्तान्तरण वा बिक्री गर्न सक्नेछ । यसरी आफ्नो हक हस्तान्तरण वा बिक्री गर्नुपर्दा सम्बन्धित पट्टावालाले मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हक हस्तान्तरण वा बिक्रीको स्वीकृतिको लागि निवेदन पेस भएकोमा मन्त्रालयले सो वनमा पट्टावालाले लगाएको वा हुर्काएको वन पैदावार नेपाल सरकारको तर्फबाट खरिद गर्न चाहेमा सो वन पैदावारको अनुसूची– २ बमोजिमको मूल्य बराबरको रकम पट्टावालालाई बुझाई खरिद गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम हस्तान्रण वा बिक्री गरिएको कबुलियती वन कुनै सङ्गठित संस्था, उद्योग वा समुदायले खरिद गरेमा साविक पट्टावालाले नेपाल सरकारसँग गरेको कबुलियतनामा निज खरिदकर्तासँग हस्तान्तरण भएको मानिनेछ ।

(४) उपनियम (१) बमोजिम हस्तान्तरण वा बिक्री भएको कबुलियती वनको पट्टामा निर्देशकले त्यसरी कबुलियती वन हस्तान्तरण वा बिक्री भएको व्यहोरा जनाई आफ्नो लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

४७. वन पैदावारको उत्पादन तथा उपभोग :

(१) कबुलियती वनको पैदावार उपभोग वा बिक्री वितरण गर्दा कार्य योजनाले निर्दिष्ट गरेको परिमाण बमोजिमको वन पैदावार मात्र उपभोग वा बिक्री वितरण गर्न सकिनेछ ।

(२) पट्टावालाले कबुलियती वनमा वृक्षारोपण गरेको वन पैदावारको जात र परिमाण खुलाई प्रत्येक वर्ष जिल्ला वन कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(३) पट्टावालाले फलामे टाँचा बनाई जिल्ला वन कार्यालयमा टाँचा दर्ता गराई पाऊँ भनी निवेदन दिनु पर्नेछ । सो निवेदन उपर टाँचाको नाम दोहोरो नपर्ने गरी जिल्ला वन अधिकृतले टाँचा दर्ता गरिदिनु पर्नेछ ।

(४) कबुलियती वनको वन पैदावार ओसार पसार गर्दा उपनियम (३) बमोजिमको टाँचा लगाई सोको अग्रिम जानकारी जिल्ला वन कार्यालयमा दिई बाटोमा पर्ने जाँच चौकीहरूबाट दरपिठ गराई लैजानु पर्नेछ ।

४८. कबुलियती वन प्रदान गर्दाका रूखहरूको स्वामित्व :

(१) कबुलियती वन प्रदान गर्दा त्यसमा भएको रूखहरूको स्वामित्व नेपाल सरकारको हुनेछ । त्यस्ता रूखहरूको व्यवस्थापन र सुरक्षा गर्ने प्रावधान कार्ययोजनामा उल्लेख गरी त्यस्ता रूखहरू पट्टावालाले जिम्मामा लिनु पर्नेछ ।

(२) ऐनको दफा ३१ को खण्ड (क) र (ख) को उद्देश्यका लागि कबुलियती वन प्रदान गर्दा जङ्गलको प्रकृति हेरी त्यहाँ रहेका रूखहरूको मूल्याङ्कन गरी सोको बढीमा दस प्रतिशतसम्मको रकम त्यस्तो कबुलियती वनको पट्टावालाबाट धरौटी वा बैङ्क ग्यारेन्टी लिन सकिनेछ ।

तर, गरिबीको रेखामुनिका समुदायलाई कबुलियती वन प्रदान गर्दा त्यस्तो धरौटी लिइने छैन ।

(३) उपनियम (१) बमोजिमका रूखहरू कटान गर्दा पट्टावालाले जिल्ला वन कार्यालयको रेखदेखमा कटान गरी प्राप्त भएको वन पैदावार कार्य योजना अनुसार

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

पट्टावालाले लिन चाहेमा पहिलो पाँच वर्षसम्मका लागि अनसूची २ बमोजिमको मूल्य लिई बिक्री गरिनेछ ।

तर, पट्टावालाले लिन नचाहेमा सरकारद्वारा व्यवस्थित वनमा भएको व्यवस्था अनुसार बिक्री वितरण गरिनेछ ।

४९. कबुलियती वनको दस्तुर :

(१) पट्टावालाले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा अनुसूची– २० बमोजिमको वार्षिक दस्तुर जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने पट्टावालालाई पौष मसान्तसम्मका लागि दसप्रतिशत, चैत्र मसान्तसम्मको लागि पचास प्रतिशत र अर्को आषाढ मसान्तसम्मको लागि शतप्रतिशत जरिवाना गरी दस्तुर असुल गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने पट्टावालाको पट्टा खारेज हुनेछ ।

तर, पट्टावालाले दस्तुर बुझाउन नसकेको कारण खुलाई नेपाल सरकार समक्ष निवेदन दिएमा नेपाल सरकालाई मनासिब लागेमा उपनियम (२) बमोजिम जरिवाना सहित लाग्ने जम्मा दस्तुरमा शत प्रतिशत थप जरिवाना थप लिई एक वर्षसम्म पट्टा कायम राख्न सक्नेछ ।

५०. कबुलियती वनको अवधि :

(१) कबुलियती वन बढीमा चालीस वर्षसम्मको लागि सुम्पन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियती वनको अवधि निर्धारण गर्दा कार्य योजना बमोजिम त्यस्तो वनमा लगाइने वन पैदावारको किसिम र त्यस क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमलाई आधार मानी गर्नु पर्नेछ ।

(३) पट्टावालाले कार्य योजना र कबुलियतनामा बमोजिम सन्तोषजनक रूपले कबुलियती वन सञ्चालन गरेको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

देखिएमा र पट्टावालाले चाहेमा त्यस्तो वन क्षेत्रलाई थप चालीस वर्षसम्मको लागि पुनः सुम्पन सकिनेछ ।

५१. पट्टाको नक्कल दिन सकिने :

(१) कबुलियती वनको पट्टा हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरू कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन परेमा पट्टावालाले निर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा निर्देशकले कबुलियती वनको पट्टाको प्रतिलिपि दिनु पर्नेछ ।

५२. मूल्याङ्कन :

(१) पट्टावालाले प्रत्येक आर्थिक वर्ष समाप्त भएका मितिले दुई महिनाभित्र कबुलियती वनको वार्षिक प्रतिवेदन निर्देशक समक्ष पेस गर्नु पर्नेछ ।

(२) निर्देशक वा निजले तोकेको अधिकृतले पट्टावाला वा निजको प्रतिनिधिको रोहवरमा कम्तिमा वर्षको एक पटक कबुलियती वनमा कार्य योजनाबमोजिम कार्य गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र विभाग समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको व्यहोराबाट पट्टावालाले निषेधित कार्य गरेको भन्ने देखिएमा सोको छानविन नहुन्जेल निर्देशकले कबुलियती वनको वनपैदावार उपभोग वा सङ्कलन गर्न नपाउने गरी वा कार्ययोजना बमोजिमको कुनै कार्य गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

५३. पट्टा खारेज गर्न सक्ने :

(१) पट्टावालाले पट्टाबमोजिम कार्य सञ्चालन गर्न नसकेको, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली बमोजिम पालना गर्नुपर्ने कुराहरू पालन नगरेको भनी उजुरी परेमा वा अन्य कुनै स्रोतबाट पट्टावालाले निषेधित कार्य वा कार्य योजना

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

विपरीत कार्य गरेको देखिएमा निर्देशकले प्राविधिक कर्मचारी खटाई पट्टावाला वा निजको प्रतिनिधिको रोहवरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेस भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट वा नियम ५२ को उपनियम (२) बमोजिम पेस भएको मूल्याङ्कन प्रतिवेदनबाट पट्टावालाले निषेधित कार्य गरेको देखिन आएमा निर्देशकले सम्बन्धित पट्टावालालाई बढीमा पैंतीस दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पट्टावालाले पेस गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो सफाइ पेस भएका मितिले पैंतालीस दिनभित्र निर्देशकले पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय भएकोमा त्यस्तो कबुलियती वनमा पट्टावालाले लगाई हुर्काएको वन पैदावारका हकमा निर्देशकले जिल्ला वन कार्यालयलाई उक्त वन पैदावारको मूल्याङ्कन गर्न लगाई अनुसूची २ बमोजिम रकम क्षतिपूर्ति बापत पट्टावालालाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम गरिएको वन पैदावारको मूल्याङ्कनमा पट्टावाला सहमत नभएमा मध्यस्थता ऐन २०३८ बमोजिम उक्त विवाद टुङ्गो लगाइनेछ ।

(६) उपनियम (४) वा (५) बमोजिम निर्धारण भएको क्षतिपूर्ति दिँदा पट्टावालाले पट्टामा उल्लेखित सर्त विपरीत काम गरेका कारण भएको हानि नोक्सानीको बिगो बापतको रकम कट्टा गरी बाँकी रकम मात्र पट्टावालालाई दिनु पर्नेछ ।

५४. कार्ययोजना संशोधन : कबुलियती वनको कार्य योजना संशोधन गर्नु परेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ६

धार्मिक वन

५५. धार्मिक वनका लागि निवेदन :

(१) प्रचलित कानुनबमोजिम दर्ता भएका धार्मिक निकाय, समूह वा समुदायले परम्परागत वा सनातनदेखि चलिआएको धार्मिक कार्यको लागि प्रयोग गरिरहेको वनको व्यवस्थापन सुनियोजित तवरले गर्न चाहेमा ऐनको दफा ३५ मा उल्लेखित विषयका अतिरिक्त देहायका विवरणहरू समेत खुलाई कार्य योजना सहित अनुसूची– २२ बमोजिमको ढाँचामा जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ :

(क) धार्मिक वनको नाम,

(ख) धार्मिक वनको संरक्षणका लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,

(ग) धार्मिक वनको वन पैदावार सङ्कलन गर्ने तरिका,

(घ) वृक्षरोपण र वनको सुधार सम्बन्धी तरिका,

(ङ) धार्मिक वनका लागि आवश्यक पर्ने अन्य विवरणहरू ।

(२) जिल्ला वन अधिकृतले उपनियम (१) बमोजिम पर्न आएको निवेदनमा आवश्यक जाँचबुझ गरी अनुसूची– २३ बमोजिमको प्रमाणपत्र सहित सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई धार्मिक वन सुम्पन सक्नेछ ।

५६. धार्मिक वनको लगत राख्ने : नियम ५५ को उपनियम (२) बमोजिम सुम्पिएको धार्मिक वनको जिल्ला वन अधिकृतले लगत खडा गरी त्यसको एक एक प्रति निर्देशक र विभाग समक्ष पठाउनु पर्नेछ ।

५७. कार्य योजनाको कार्यान्वयन : धार्मिक वनका रूपमा सुम्पिएको वनक्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले कार्य योजनाबमोजिमको कार्य साधारणतया तीन महिनाभित्र सुरु गरिसक्नु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५८. धार्मिक वनको अनुगमन : धार्मिक वनमा कार्य योजनाबमोजिम काम भए नभएको अनुगमन जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले गर्नेछ ।

५९. धार्मिक वनको वन पैदावारको उपयोग : धार्मिक वनको वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न पाउनेछ ।

तर, धार्मिक वनक्षेत्रभित्र रहेका काठ दाउरा बाहेकका अन्य वन पैदावार बिक्री गरी त्यसबाट प्राप्त रकम धार्मिक कार्यमा उपयोग गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

६०. धार्मिक वन फिर्ता लिन सकिने :

(१) धार्मिक निकाय, समूह वा समुदायले ऐन र यस नियमावली तथा कार्य योजना विपरीतको कार्य गरेमा जिल्ला वन अधिकृतले धार्मिक वन फिर्ता लिन सक्नेछ ।

(२) जिल्ला वन अधिकृतले उपनियम (१) बमोजिमको धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई बढीमा पैंतीस दिनको म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

(३) जिल्ला वन अधिकृतले उपनियम (१) बमोजिम धार्मिक वन फिर्ता लिने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको सूचना पाएका मितिले पैंतीस दिनभित्र निर्देशक समक्ष उजुर दिन सक्नेछ र निर्देशकको निर्णय अन्तिम हुनेछ ।

(४) यस नियम बमोजिम जिल्ला वन अधिकृतले धार्मिक वन फिर्ता लिने गरी निर्णय गरेमा सो धार्मिक वनलाई पुनः धार्मिक वनकै रूपमा जिल्ला वन अधिकृतले व्यवस्थापन गर्नु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद – ७

निजी वन

६१. निजी वन दर्ताका लागि निवेदन :

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले त्यस्तो निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोगको निस्सा प्रमाण संलग्न राखी अनुसूची– २४ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदनमा उल्लेखित जग्गा निजी हक भोगको ठहरिन आएमा त्यस्तो जग्गामा रहेका रूखहरूको जात र सङ्ख्या खुलाई सो जग्गा निजी वनका रूपमा दर्ता गरी अनुसूची– २५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएको निजी वनको जग्गा धनीले आफ्नो हक भोगको जग्गामा नयाँ वृक्षरोपण गरेकोमा वन पैदावारको जात र सङ्ख्या खुलाई लिखित रूपमा सम्बन्धित जिल्ला वन कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

६२. काठको ओसारपसार :

(१) निजी वन धनीले निजी वन रहेकै ठाउँमा आफ्नो प्रयोजनको लागि निजी वनको वन पैदावार प्रयोग गर्ने भएमा सो वन पैदावारको जात र परिमाण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्यको सिफारिससाथ प्रयोग गर्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सम्बन्धित इलाका वन कार्यालयमार्फत वा सोझै जिल्ला वन कार्यालयमा लिखित रूपमा सूचना दिई प्रयोग गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यस परिच्छेदबमोजिम दर्ता भएको निजी वनको धनीले निजी वनको वन पैदावार ओसार पसार गर्दा वन पैदावारको जात र परिमाण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्यको सिफारिस साथ ओसार पसार गर्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सम्बन्धित जिल्ला वन कार्यालयमा लिखित सूचना दिई बाटोमा पर्ने वन चेक पोस्टमा दरपिठ गराई निजी वन पैदावार ओसार पसार गर्न सक्नेछ ।

(३) यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले सम्बन्धित इलाका वन कार्यालय मार्फत वा सोझै जिल्ला वन कार्यालयमा निजी वनको वन पैदावारमध्ये रूख काटनका लागि निवेदन दिनु पर्नेछ । सो निवेदन उपर आवश्यक जाँचबुझ गरी जिल्ला वन अधिकृतले रूख कटान गर्ने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको निजी वनको काठ ओसार पसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालयबाट छोडपुर्जी लिई वन चेकपोस्टमा दरपिठ गराई ओसार पसार गर्न सक्नेछ ।

(५) यो नियमावली प्रारम्भ हुनु भन्दा अगावै निजी वनको कटान भइसकेको काठ ओसार पसार गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी वा समिति समक्ष निवेदन दिनु पर्नेछ । सो निवेदन उपर त्यसरी तोकिएको अधिकारी वा समितिले आवश्यक जाँचबुझ गरी निर्णय गरे मुताविक ओसार पसार गर्नु पर्नेछ ।

६३. प्रमाणपत्रको नक्कल दिन सकिने : निजी वनको दर्ताको प्रमाणपत्र हराएमा च्यातिएमा नष्ट भएमा वा अन्य कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन सम्बन्धित निजी वनको धनीले निवेदन दिएमा जिल्ला वन अधिकृतले प्रमाणपत्रको नक्कल दिनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

६४. निजी वनको लगत कट्टा गर्ने :

(१) नियम ६२ बमोजिम दर्ता भएको निजी वन फाँड्न चाहने धनीले सो कुराको सूचना जिल्ला वन कार्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएमा जिल्ला वन कार्यालयले त्यस्तो निजी वनको लगत कट्टा गर्नु पर्नेछ ।

परिच्छेद - ८

विविध

६५. प्राथमिकता प्राप्त योजनाको सञ्चालन :

(१) कुनै वन क्षेत्रभित्र राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्दा सो बाट स्थानीय व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुन गएमा सो बापतको क्षतिपूर्तिको रकम सम्बन्धित योजना सञ्चालनकर्ताले नै व्यहोर्नु पर्नेछ ।

(२) स्वीकृत प्राप्त योजनाले प्रयोग गर्ने वन क्षेत्रको वन पैदावार काट्दा टुक्याउँदा तथा ढुवानी गर्दाको सम्पूर्ण खर्च योजना सञ्चालनकर्ताले नै व्यहोर्नु पर्नेछ ।

६६. लिलाम बिक्रीसम्बन्धी व्यवस्था : कुनै पनि वन पैदावारको पच्चीस लाख रुपैयाँसम्मको लिलाम बिक्री गर्नेगराउने अधिकार महानिर्देशकलाई र पाँचलाख रुपैयाँसम्मको वन पैदावारको लिलाम बिक्री गर्ने गराउने अधिकार जिल्ला वन अधिकृतलाई हुनेछ ।

६७. निर्देशिका बनाउन सक्ने : यस नियमावलीको उद्देश्य पूरा गर्नको लागि मन्त्रालयले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ र त्यसरी जारी गरिएको निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६८. अनुसूची थपघट वा हेरफेर गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार अनुसूची थपघट वा हेरफेर गर्न सक्नेछ ।

६९. खारेजी : देहायका नियमावलीहरू खारेज गरिएका छन् :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) वन पैदावार बिक्री वितरण नियमावली, २०२७

(ख) वन संरक्षण (विशेष व्यवस्था) नियमावली २०२७

(ग) पञ्चायत संरक्षित वन नियमावली, २०३५

(घ) कबुलियती वन नियमावली, २०३५

(ङ) पञ्चायती वन नियमावली, २०३५

(च) निजी वन नियमावली, २०४१

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची –१

(नियम ८ सँग सम्बन्धित)

वन पैदावार प्राप्त गर्ने इजाजतपत्र

अनुसूची –२

नियम ९, १०, १८, २५, ४६, ४८ र ५३ सँग सम्बन्धित)

काठदाउराको मूल्य दर

अनुसूची –३

(नियम ११ र २५ सँग सम्बन्धित)

जडिबुटीको नाम र दस्तुर

अनुसूची –४

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

जडिबुटी सङ्कलन इजाजतपत्र

अनुसूची –५

(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)

जडिबुटीको छोडपुर्जी

अनुसूची –६

नियम १४ र २५ सँग सम्बन्धित

काठ दाउरा, खयर र जडि बुटीबाहेक अन्य वन पैदावारको मूल्य दर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ७

नियम १७ र १८ सँग सम्बन्धित

रूखको काठ नाप्ने आयतन निकाल्ने, मूल्याङ्कन गर्ने तरिका

अनुसूची–८

नियम १९ सँग सम्बन्धित

चरिचराउ दस्तुर

अनुसूची –९

(नियम १९ सँग सम्बन्धित)

चरिचराउ गर्न दिइने इजाजतपत्र

अनुसूची –१०

नियम २५ सँग सम्बन्धित)

संरक्षित वनको वन पैदावार निकाल्न दिइने अनुमतिपत्र

अनुसूची–११

नियम २७ को उपनियम (३) सँग सम्बन्धित

उपभोक्ता समूहको विधानमा समावेश हुनु पर्ने कुराहरू

अनुसूची–१२

(नियम २७ को उपनियम (५) सँग सम्बन्धित)

उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची –१३

(नियम २७ को उपनियम (६) सँग सम्बन्धित)

उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

अनुसूची –१४

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

सामुदायिक वन दर्ताका लागि दिइने निवेदन

अनुसूची –१५

(नियम २९ को उपनियम (२) सँग सम्बन्धित)

सामुदायिक वन दर्ताको प्रमाणपत्र

अनुसूची –१६

(नियम ३३ र ३५ सँग सम्बन्धित)

सामुदयिक वनको वन पैदावार दिएको अनुमतिपत्र)

अनुसूची –१७

(नियम ३३ को उपनियम (२) सँग सम्बन्धित)

सामुदायिक वनको वन पैदावार बिक्री वितरण रसिद

अनुसूची –१८

(नियम ३९ को उपनियम (१) सँग सम्बन्धित)

कबुलियती वन दर्ताका लागि दिइने निवेदन)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची –१९

(नियम ४१ सँग सम्बन्धित)

कबुलियती वनको कबुलियतनामा

अनुसूची –२०

(नियम ४१ र ४९ सँग सम्बन्धित)

कबुलियती वनको दस्तुर

अनुसूची –२१

(नियम ४१ सँग सम्बन्धित)

कबुलियती वनको पट्टा

अनुसूची –२२

(नियम ५५ को उपनियम (१) सँग सम्बन्धित)

धार्मिक वन दर्ताका लागि दिइने निवेदन

अनुसूची –२३

(नियम ५५ को उपनियम (२) सँग सम्बन्धित)

धार्मिक वन दर्ताको प्रमाणपत्र

अनुसूची –२४

(नियम ६१ को उपनियम (१) सँग सम्बन्धित)

निजी वन दर्ताका लागि दिइने निवेदन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची –२५

(नियम ६१ को उपनियम (२) सँग सम्बन्धित)

निजी वन दर्ताको प्रमाणपत्र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

लालमोहर र प्रकाशन मिति

२०२९।११।२८

संशोधन गर्ने ऐन

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पहिलो संशोधन) ऐन, २०३१	२०३१।६।२०
२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०३९	२०३९।९।८
३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०४६	२०४६।६।११
४. न्याय प्रशासन ऐन, २०४८	२०४८।२।१६
५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (चौथो संशोधन) ऐन, २०४९	२०५०।२।२७

२०२९ सालको ऐन नं. २०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकार नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँहरूको संरक्षण, संवर्द्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस ऐनको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९" रहेको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) यो ऐन नेपाल अधिराज्यभर लागु हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "राष्ट्रिय निकुञ्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र सम्झनुपर्छ ।

(ख) "संनियमित प्राकृतिक आरक्ष" भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुटचाइएको पारिस्थिकी महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र सम्झनुपर्छ ।

(ग) "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरूको वासंस्थानको संरक्षण तथा व्यवस्था गर्न छुटचाइएको क्षेत्रलाई सम्झनुपर्छ ।

(घ) "शिकार आरक्ष" भन्नाले शिकारीहरूलाई शिकार गर्न दिनका निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनका लागि छुट्याइएको क्षेत्रलाई सम्झनुपर्छ ।

(ङ) "आरक्ष" भन्नाले संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष र शिकार आरक्षलाई सम्झनुपर्छ ।

(ङ १) "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि (एकीकृत योजनाअनुसार व्यवस्थापन गरिने क्षेत्र सम्झनुपर्छ ।

(ङ २) "मध्यवर्ती क्षेत्र (वफर जोन)" भन्नाले स्थानीय बासिन्दाहरूलाई नियमित रूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्षवरिपरिको दफा ३ क. बमोजिम तोकिएको क्षेत्र सम्झनुपर्छ ।

(च) "वन्यजन्तु" भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स) पक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पिसिज), भ्यागुता जाति (एम्फिवियन्स)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

र कीरा फटचाङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनुपर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुलसमेतलाई जनाउँछ ।

(छ) "हातहतियार" भन्नाले जुनसुकै किसिमको बन्दुक, पेस्तोल वा यस्तै गोली चलाइने हतियारहरू, धनुषवाण, भाला, दर्जन, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने जुनसुकै हतियारलाई पनि सम्झनुपर्छ ।

(ज) "शिकार" भन्नाले कुनै वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको फुल, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गरिदिने कामलाई जनाउँछ ।

(झ) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरूको जीवित वा मृत शरीर वा चिनिन सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्गलाई सम्झनुपर्छ ।

(ञ) "अधिकारप्राप्त अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई सम्झनुपर्छ ।

(ञ१) "संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त व्यक्ति सम्झनुपर्छ,

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गतका नियमहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. <u>नेपाल सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्ने :</u>

(१) नेपाल सरकारले आवश्यक ठानेमा कुनै क्षेत्रलाई त्यसको चार किल्लासमेत खोलिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरी राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकपटक घोषित भइसकेको राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र परित्याग वा स्वामित्वको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हस्तान्तरण वा सिमाना हेरफेर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

३ क. मध्यवर्ती क्षेत्र तोक्न सक्ने

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको कुनै पनि क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको परित्याग, स्वामित्व हस्तान्तरण वा सिमाना हेरफेर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

३ ख. मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण : मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षणसम्बन्धी कार्य संरक्षकले गर्नेछ ।

तर, यसरी व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भूस्वामित्वलाई कुनै असर पारिनेछैन ।

३ ग. क्षतिपूर्ति दिने : मध्यवर्ती क्षेत्रभित्रका कुनै बासिन्दाको घरजग्गा बाढीपहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको प्राकृतिक सिमानाभित्र पर्न गई त्यस्तो बासिन्दाको घरबास उठेमा दफा १६ ग. बमोजिम गठित उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले दफा २५ क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि छुट्याइने रकम मध्येबाट निजलाई मनासिब माफिकको क्षतिपूर्ति दिनेछ ।

४. राष्ट्रिय निकुञ्जभित्र प्रवेशमा बन्देज :

(१) तोकिएबमोजिमको प्रवेशपत्र वा अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नपाई कुनै पनि व्यक्ति राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश गर्न पाउने छैन ।

तर, काजमा खटिएको सरकारी कर्मचारी वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रचलित बाटाको अधिकार पाएको व्यक्तिको हकमा यो उपदफा लागु हुनेछैन ।

(२) उपदफा (१) बमोजिमको प्रवेशपत्रको ढाँचा, प्रकार, दस्तुर र अन्य सर्तहरू तोकिएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषिद्ध कार्यहरू : अधिकारप्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्टिय निकुञ्ज वा आरक्षभित्र देहायको काम गर्न पाउनेछैन :

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरू आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भूभाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी ख्वाउन,

(ङ) रूख, बिरुवा, झाडी वा अन्य कुनै वनपैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरू कुनै प्रकारले हानि नोक्सानी पुऱ्याउन,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिजपदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वनपैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्रको प्रचलित बाटाका यात्रुहरूबाहेक अरूले घरपालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान र

(ञ) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरू प्रयोग गर्न ।

६. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र सेवा सञ्चालन :

(१) राष्ट्रिय निकुञ्ज वा आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरी हितका निमित्त नेपाल सरकारले स्वयं वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तोकिएबमोजिमको कार्याविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमको अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्ष वा संरक्षण क्षेत्रभित्र जुनसुकै किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउनेछैन ।

७. खारेज .....

८. खारेज .....

९. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश आफ्नो दायित्वमा :

(१) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश आफ्नै दायित्वमा हुनेछ ।

(२) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कसैको मृत्यु भएमा वा हानि नोक्सानी भएमा वा कसैलाई चोटपटक लागेमा त्यस्तो मृत्यु, हानि नोक्सानी वा चोटपटकको लागि नेपाल सरकार क्षतिपूर्तिका लागि जिम्मेवार हुनेछैन ।

१०. संरक्षित वन्यजन्तु : यस ऐनको अनुसूची १ मा उल्लिखित वन्यजन्तु संरक्षित वन्यजन्तु मानिनेछन् र तिनीहरूको शिकार गर्न निषेध गरिएको छ ।

तर,

(क) बौलाएको जङ्गली हात्ती, मानिस खान पल्किएको बाघ र नबाँच्ने किसिमले रोगग्रस्त भएका वा अङ्गभङ्ग भएका वन्यजन्तुलाई तोकिएको अधिकारीको आदेशले मार्न वा पक्रन सकिनेछ ।

(ख) वनक्षेत्रबाहिर आई मानिस वा घर पालुवा पशुपंक्षीलाई धेरै नोक्सान गर्ने वन्यजन्तुलाई मार्नुपर्ने ठहराएमा तोकिएको अधिकारीको आदेशले मार्न, पक्रन वा लखेट्न सकिनेछ ।

११. अनुज्ञापत्र नलिई सिकार गर्न नपाइने :

(१) अनुज्ञापत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले वन्यजन्तु सिकार गर्न पाउने छैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तर, तोकिएको वन्यजन्तु सिकार गर्न अनुज्ञापत्र लिनु पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको अधिकारीछेउ तोकिएको ढाँचामा दर्खास्त दिनुपर्नेछ र त्यस्तो दर्खास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएबमोजिम दस्तुर लिई वन्यजन्तुको सिकार गर्न तोकिएको ढाँचा र प्रकारको अनुज्ञापत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले तोकिएबमोजिमका सर्त र तरिकाहरूको अधीनमा रही सिकार गर्नुपर्नेछ ।

(४) तोकिएको अधिकारीले कुनै कारण देखाई वा नदेखाई उपदफा (२) बमोजिमको अनुज्ञापत्र दिन इन्कार गर्न सक्नेछ ।

१२. शिकारको वार्षिक भाग (कोटा) निश्चित गर्ने : समय समयको वन्यजन्तुको गणनाको आधारमा तोकिएको अधिकारीले सिकार आरक्षमा वर्षभरि शिकार गरिने वन्यजन्तुको वार्षिक भाग (कोटा) निश्चित गर्नेछन् ।

१३. नेपाल सरकारले अनुज्ञापत्र रद्द गर्न सक्ने : नेपाल सरकारले आवश्यक देखेमा कारण देखाई वा नदेखाई जनुसुकै बखत पनि दफा ११ बमोजिम प्रदान गरिएको अनुज्ञापत्र रद्द गर्न सक्नेछ ।

१४. शिकार बन्द समय : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको अवधिसम्मका लागि शिकार बन्द सयम तोक्न सक्नेछ ।

१५. नमुना सङ्कलन गर्न इजाजतपत्र लिनुपर्ने :

(१) इजाजतपत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्ष वा अन्य वन्यजन्तु वासंस्थानबाटै वैज्ञानिक अनुसन्धानको लागि नमुना सङ्कलन गर्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचाको दर्खास्त दिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपदफा (२) बमोजिमको दर्खास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएबमोजिमको दस्तुर अनुसूची– १ मा उल्लेखित वन्यजन्तुबाहेक जुनसुकै वन्यजन्तुको शिकार गर्न वा कुनै कीट, किटाणु, माछा वा कुनै प्राकृतिक उपज जम्मा गर्न तोकिएका सर्तहरू पालन गर्ने गरी इजाजतपत्र दिन सक्नेछ ।

१६. राष्ट्रिय निकुञ्ज वा आरक्षको व्यवस्थापन : राष्ट्रिय निकुञ्ज वा आरक्षको उपयुक्त व्यवस्थाका लागि आवश्यक भएमा तोकिएको अधिकारीले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र सिकार गर्न, कुनै प्राकृतिक उपज हटाउन वा अन्य यस्तै आवश्कयक कामहरू गर्न सक्नेछ ।

१६ क. वनपैदावार तथा अन्य सेवा उपलब्ध गराउन सकिने : राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिएबमोजिमको दस्तुर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्नेछ ।

१६ ख. संरक्षण क्षेत्रको व्यवस्थापन : दफा ३ को उपदफा (१) बमोजिम घोषणा गरिएको कुनै संरक्षण क्षेत्रको व्यवस्थापन गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो सूचनामा तोकिएको अवधिसम्मको लागि प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्य लिई स्थापना भएको संस्थालाई सुम्पन सक्नेछ ।

१६ ग. उपभोक्ता समिति :

(१) राष्ट्रिय निकुञ्ज वा आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र ढलेको रूख, सुकेका काठदाउरा र घाँसको व्यवस्थापन गर्न सम्बन्धित संरक्षकले स्थानीय निकायसँग समन्वय गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक उपभोक्ता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१७. आखेटोपहार अनुज्ञापत्र दिने अधिकारी समक्ष पेस गर्नुपर्ने :

(१) आफूले पाएको अनुज्ञापत्रबमोजिम आखेटोपहार प्राप्त गर्ने व्यक्तिले त्यस्तो आखेटोपहार प्राप्त गरेको समयले बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र अनुज्ञापत्र दिने अधिकारी वा निजले तोकेको अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम आफूसमक्ष पेस गरिएको आखेटोपहार अनुज्ञापत्र बमोजिम नै प्राप्त गरिएको हो भन्ने लागेमा अनुज्ञापत्र दिने अधिकारीले त्यसको लगत राखी तोकिएबमोजिमको निस्सासहित त्यस्ता वन्यजन्तुको सम्पूर्ण शरीर वा अङ्ग पेस गर्ने व्यक्तिलाई नै फिर्ता बुझाइ दिनुपर्छ ।

तर, शिकार गरिएको वन्यजन्तुको सम्पूर्ण शरीर वा अङ्ग नेपाल सरकार लाग्ने सर्तमा अनुज्ञापत्र दिइएको रहेछ भने सोही सर्त बमोजिम हुनेछ ।

१८. निस्सा नभई आखेटोपहार राख्न नपाइने :

(१) यो ऐन लागु हुनुभन्दा अगावै आखेटोपहार प्राप्त गरेको व्यक्तिले तोकिएको म्यादभित्र त्यस्तो आखेटोपहार तोकिएको अधिकारी समक्ष पेस गरी तोकिएबमोजिमको निस्सा लिई राख्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा दफा १७ को उपदफा (२) बमोजिम निस्सा प्राप्त नगरी राखिएको आखेटोपहार नेपाल सरकारले जफत गर्न सक्नेछ ।

१९ . इजाजतपत्र नलिई आखेटोपहारको बिक्री वितरण वा व्यवसाय गर्न नपाइने :

(१) तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई कुनै पनि व्यक्तिले आखेटोपहारको बिक्री वितरण गर्न वा कुनै किसिमले हक छाडिदिन वा आखेटोपहार सम्बन्धी कुनै व्यवसाय गर्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिबाट खरिद गरेको वा हक हस्तान्तरण भई आफ्नो हक हुन आएको आखेटोपहार सम्बन्धित व्यक्तिले तोकिएको म्यादभित्र तोकिएको अधिकारी कहाँ दर्ता गराई स्वामित्वको निस्सा लिइराख्नुपर्छ ।

२०. आखेटोपहार निकासी वा पैठारी गर्न सिफारिस लिनुपर्ने : प्रचलित नेपाल कानुनबमोजिम कुनै आखेटोपहार नेपाल राज्यबाट विदेशमा निकासी गर्न वा विदेशबाट नेपाल राज्यभित्र पैठारी गर्न चाहने व्यक्तिले नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लिखित सिफारिस लिनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२१. आत्मसुरक्षाका लागि आवश्यक काम गर्न सकिने :

(१) आफ्नो वा अरू कुनै व्यक्ति वा घर पालुवा जनावरको बचावटको लागि कुनै वन्यजन्तुको वास्तविक र तत्काल आक्रमणको विरुद्ध अन्य कुनै विकल्प नभएमा हातहतियार प्रयोग गर्न वा अन्य कुनै उपाय गर्न सकिनेछ र त्यस्तो गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा यस ऐनबमोजिम कसुर गरिएको मानिनेछैन ।

(२) उपदफा (१) बमोजिम कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा बाटाको म्यादबाहेक सो भएगरेको चौबीस घण्टाभित्र तोकिएको अधिकारीसमक्ष सो कुराको सूचना दिनुपर्छ ।

(३) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरू विपरीत काम गरिरहेको व्यक्तिको हकमा उपदफा (१) बमोजिमको सुविधा प्राप्त हुनेछैन ।

२२. सिमाना चिन्हहरू बिगार्न नपाइने : कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्ष संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको सिमाना, बार पर्खाल, चिन्हपट वा सूचनाहरू नष्ट गर्न बिगार्न, कुरूप पार्न हटाउन वा अन्यथा बाधा अड्चन गर्नुहुँदैन ।

२३. निरीक्षण तथा खानतलासीको अधिकार : यस ऐनविरुद्ध कसैले कुनै काम गरेको भन्ने विश्वास हुने मनासिब कारण भएमा निजले गरेको त्यस्तो कामको सबुत बुझ्नका निमित्त वा निजको गिरफ्तारीको निमित्त आवश्यक भएमा तोकिएको अधिकारीले तोकिएको अधिकारीबाट वारेन्ट प्राप्त गरी जुनसुकै समय त्यस्ता व्यक्तिको घर, जग्गा, जमिन र सबै प्रकारको सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्नेछ ।

तर, कुनै घरजग्गा, जमिन वा सवारीमा प्रवेश गरी खानतलासी गर्न पाउने वा कुनै कसुरदारलाई गिरफ्तार गर्न पाउने वारेन्ट प्राप्त गर्न केही समय लाग्ने भई सो समयभित्र कसुरदार भागिजाने वा कसुरको सबुत गायब गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित अभिलेख खडा गरी तोकिएको अधिकारीले पनि त्यस्ता घर, जग्गा, जमिन वा सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

स्पष्टीकरण : यस दफाअन्तर्गत बिनावारेन्ट प्रवेश र खानतलासी गर्दा दफा ३० मा तोकिएको दर्जाभन्दा मुनिको दर्जाको अधिकारीले गर्न पाउनेछैन । साथै त्यसरी बिनावारेन्ट प्रवेश वा खानतलासी गर्दा कसुरदारको गिरफ्तारी वा सबुत बरामद नभएको अवस्थामा प्रवेश वा खानतलासी गर्ने अधिकारीले प्रवेश वा खानतलासीसित सम्बन्धित व्यक्तिलाई प्रवेश वा खानतलासी गरेका कुराको प्रमाणपत्र दिनुपर्छ र त्यसरी प्रवेश वा खानतलासी गर्नुपर्ने कारणसमेत खोली सो भएगरेका मितिले पन्ध्र दिनभित्र तोकिएको अधिकारीलाई लिखित सूचनासमेत दिनुपर्छ ।

२४. बिनावारेन्ट गिरफ्तार गर्ने अधिकार :

(१) यस ऐनबमोजिमको कुनै कसुरदार भाग्छ भन्ने विश्वास पर्ने कारणहरू भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ । उक्त गिरफ्तार गरिएको व्यक्तिलाई बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र कानुनी कार्बाहीको निमित्त मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्छ ।

(२) उपदफा (१) बमोजिम अधिकारप्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुट्टाई वा पक्रन नदिन कसुरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागिजाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिनआएमा वा हतियार नचलाइ नहुने अवस्था पर्न आएमा भरसक घुडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सोबमोजिम गोली चलाउँदा कसुरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्नेछैन ।

२५. पुरस्कार दिने :

(१) गैंडा, बाघ, हात्ती, कस्तुरी, मृग, ध्वाँसेचितुवा, हिउँचितुवा वा गौरीगाई मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराइदिने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म र उपर्युक्त वन्यजन्तुबाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराइदिने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म नगद पुरस्कार दिन सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) गैरकानुनी तरिकाले कुनै आखेटोपहार राख्ने व्यक्तिको सुराक लगाई पक्राउ गराइदिने वा त्यस्तो व्यक्तिलाई पक्रने व्यक्तिलाई सो आखेटोपहार बरामद भई लिलाम बिक्री गरिएकोमा लिलाम बिक्रीबाट आएको मूल्यको पचास प्रतिशत वा वन्यजन्तु संरक्षणको दृष्टिकोणले आखेटोपहार लिलाम बिक्री गर्न नहुने भएमा त्यस्तो आखेटोपहारको अवस्था, महत्व र परिमाण विचार गरी दस हजार रुपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यस ऐनअन्तर्गत कसुर गरेको सुराक लगाई अभियुक्त पक्राउ गराइदिने व्यक्तिलाई एक हजार रुपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

२५क. स्थानीय विकासको लागि खर्च गर्न सकिने : राष्ट्रिय निकुञ्ज वा आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकममध्ये तीसदेखि पचास प्रतिशतसम्म रकम स्थानीय निकायसँग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिनेछ ।

२६. दण्डसजाय :

(१) गैरकानुनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरीमृग, ध्वाँसेचितुवा, हिउँचितुवा वा गौरीगाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँचितुवाको छाला, तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) मा लेखिएको वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई चालीस हजार रुपैयाँदेखि पचहत्तर हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि दस वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई पंक्षि र माछाबाहेक अन्य

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा एक हजार रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनादेखि २ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पाँचसय रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षीबाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा दुई सय रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(६) उपदफा (१), (२), (३), (४), र (५) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम विपरीत कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी दस हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

२७. मतियारलाई सजाय हुने : यस ऐनअन्तर्गत कसुर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानीजानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसुरदारलाई हुने सजायको आधी सजाय हुनेछ ।

तर, गैंडा, बाघ, कस्तुरीमृग र हात्तीसित सम्बन्धित कसुर गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजायसरह नै सजाय हुनेछ ।

२८. जफत गर्ने अधिकार : यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमहरूको उल्लङ्घन गर्ने कसुरदार दोषी ठहरिएमा मुद्दा हर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन र अन्य वस्तुहरू जफत गर्न सक्नेछ ।

तर, बरामद भएको शिकारी कुकुरलाई मुद्दा किनारा नहुँदै मुद्दा हेर्ने अधिकारीको आदेशले मार्न सकिनेछ ।

२९. नेपाल सरकार वादी हुने : यस ऐनअन्तर्गतका मुद्दाहरूमा नेपाल सरकार वादी हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३०. मुद्दाको तहकिकात र दायरी :

(१) यस ऐनअन्तर्गतको कसुरको तहकिकात रेन्जर वा वन र वन्यजन्तु व्यवस्थासित सम्बन्धित सुवेदार दर्जासम्मका कर्मचारी वा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीले वा प्रहरीमा कम्तीमा नायब निरीक्षक दर्जासम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वनसम्बन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्दा सम्बन्धित अधिकृतले सरकारी वकीलसित रायसल्लाह लिन सक्नेछ ।

३१. मुद्दा हर्ने अधिकार :

(१) यस ऐनअन्तर्गतको मुद्दाका कार्बाही र किनारा गर्ने अधिकार तोकिएको अदालत वा अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) अन्तर्गत मुद्दाको कार्बाही र किनारा गर्दा तोकिएको अदालत वा अधिकारीले सुरु अदालतले अपनाएसरहको कार्याविधि अपनाउनेछ ।

(३) उपदफा (१) अन्तर्गत तोकिएको अदालत वा अधिकारीले गरेको निर्णय वा आदेशउपर सो निर्णय वा आदेश भएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

३२. अनुसूचीमा संशोधन गर्ने नेपाल सरकारको अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐनको अनुसूची संशोधन गर्न सक्नेछ ।

३३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिका लागि नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

३४. खारेजी र बचाउ :

(१) 'जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५' लाई खारेज गरिएको छ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूमा लेखिएको जति कुरामा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

अनुसूची –१

(दफा १० सित सम्बन्धित)

(संरक्षित वन्यजन्तुहरू)

अनुसूची –२

दोस्रो संशोधनद्वारा खारेज

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सैनिक अदालत नियमावली, २०६४

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यी नियमहरूको नाम "सैनिक अदालत नियमावली, २०६४" रहेको छ ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले सैनिक ऐन २०६३, सम्झनुपर्छ ।

(ख) "कोर्ट अफ इन्क्वायरी" भन्नाले नियम ४ बमोजिम गठित कोर्ट अफ इन्क्वायरी सम्झनुपर्छ ।

(ग) "प्राड विवाकको कार्यालय" भन्नाले प्राड विवाकको प्रमुख रहने जङ्गी अड्डाको कार्यालय सम्झनुपर्छ र सो शब्दले पृतना प्राड विवाक शाखा तथा बाहिनी प्राड विवाक शाखा कार्यालय समेतलाई जनाउनेछ ।

(घ) "समिति" भन्नाले ऐनको दफा ६२ को उपदफा (२) बमोजिमको समिति सम्झनुपर्छ ।

(ङ) "रजिस्टार" भन्नाले नियम ३७ बमोजिम सैनिक विशेष अदालतमा काम गर्न तोकिएको प्राड अधिकृत सम्झनुपर्छ ।

परिच्छेद –२

कोर्ट अफ इन्क्वायरीको गठन, अनुसन्धान तथा तहकिकात र मुद्दा दायरी

३. कसुरको सूचना दिनुपर्ने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) कुनै कसुर भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी कसुरको बारेमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुत प्रमाण र सकेसम्म देहायका कुराहरूसमेत खुलाई यथाशीघ्र सो कुराको लिखित दर्खास्त वा मौखिक सूचना नेपाली सेनाको नजिकको युनिट वा सम्बन्धित युनिटलाई दिनुपर्नेछ :-

(क) कसुर भएको वा भइरहेको वा हुने सम्भावना भएको मिति, समय र ठाउँ,

(ख) कसुर गर्ने व्यक्तिको नाम, ठेगाना, युनिट, कम्प्युटर नं. र हुलिया,

(ग) कसुरसँग सम्बन्धित सबुत प्रमाण,

(घ) कसुरसँग सम्बन्धित अन्य विवरण ।

(२) कसुरको सूचना मौखिक रूपमा दिइएकोमा सम्बन्धित युनिटले सूचना दिने व्यक्तिले भनेका सबै कुराहरू र उपनियम (१) बमोजिमको कुराहरूसमेत लिखित रूपमा खुलाई निजलाई पढी वाँची सुनाई निजको सहीछाप समेत गराई राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त लिखित दर्खास्त वा उपनियम (२) बमोजिमको सूचना आफ्नो युनिटको दर्ता किताबमा दर्ता गरी जाहेरवाला वा सूचना दिने व्यक्तिलाई सोको भरपाई दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त कसुरको सूचना सम्बन्धित युनिटले नजिकको प्राड विवाकको कार्यालयलाई दिनुपर्नेछ ।

(५) कुनै कसुरको सम्बन्धमा कुनै युनिटमा प्राप्त हुन आएको सूचनाको व्यहोराबाट सो कसुर वा कसुरमा संलग्न व्यक्ति अन्य कुनै युनिटको क्षेत्रभित्र पर्ने देखिन आएमा सूचना प्राप्त गर्ने युनिटले सो सूचना यथाशीघ्र सम्बन्धित युनिटमा पठाउनु पर्नेछ ।

(६) यस नियमबमोजिम सूचना प्राप्त भएपछि सम्बन्धित युनिटपतिले त्यस्तो कसुरको सम्बन्धमा प्रारम्भिक रूपमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसन्धान तथा तहकिकात गर्नुपर्नेछ । युनिटपतिका सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्नुपर्ने भए त्यस्तो अनुसन्धान तथा तहकिकात एक तह माथिल्लो तहबाट गर्नु पर्नेछ ।

(७) उपनियम (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै युनिटमा प्राप्त हुन आएको सूचनाको व्यहोराबाट सो कसुर ऐनको दफा ६२ सँग सम्बन्धित देखिन आएमा सूचना प्राप्त गर्ने युनिटले सो सूचना तुरुन्त प्राड विवाकको कार्यालयमा पठाउनु पर्नेछ ।

४. कोर्ट अफ इन्क्वायरीको गठन :

(१) नियम ३ बमोजिम कसुर सम्बन्धी सूचना प्राड विवाकको कार्यालयमा प्राप्त भएमा वा अन्य कुनै माध्यमबाट ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले कुनै कसुर गरेको भनी जानकारी हुन आएमा त्यस्तो कार्यालयले प्रधान सेनापति समक्ष कोर्ट अफ इन्क्वायरी गठनका लागि सिफारिस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस प्राप्त भएपछि प्रधानसेनापतिले आफैँले कोर्ट अफ इन्क्वायरी गठन गर्न वा आवश्यकताअनुसार पृतनापति, बाहिनीपति वा युनिटपतिलाई अधिकार प्रत्यायोजन गरी कोर्ट अफ इन्क्वायरी गठन गर्न लगाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कोर्ट अफ इन्क्वायरी गठन गर्दा सोको अध्यक्ष वा सदस्य सामान्यतया आरोपित व्यक्ति भन्दा तल्लो दर्जाको हुने गरी गठन गरिने छैन ।

५. कोर्ट अफ इन्क्वायरीको कार्याविधि :

(१) कोर्ट अफ इन्क्वायरी गठन भएपछि प्राड विवाकको कार्यालयले नियम ३ को उपनियम (४) बमोजिम आफूलाई प्राप्त कसुरको सूचना तथा युनिटपतिले सोही नियमको उपनियम (६) बमोजिम भएको अनुसन्धान तथा तहकिकातको प्रतिवेदन कोर्ट अफ इन्क्वायरीलाई उपलब्ध गराउनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम कसुरको सूचना प्राप्त भएपछि कोर्ट अफ इन्क्वायरीले सो कसुर हुनबाट रोक्ने, कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र आरोपित व्यक्ति भाग्न उम्कन नपाउने व्यवस्था गर्नु पर्नेछ ।

(३) कोर्ट अफ इन्क्वायरीले कुनै कसुर भएको वा भइरहेको जानकारी पाई अनुसन्धान तथा तहकिकात गर्न गएका बखत वा आफ्नो उपस्थितिमा कुनै कसुर भएको देखेमा तुरुन्त आरोपित व्यक्तिलाई पक्रनु पर्नेछ । त्यसरी पक्रेको आरोपित व्यक्तिलाई अनुसूची– १ बमोजिमको ढाँचामा पक्राउ पुर्जी दिनु पर्नेछ ।

(४) कोर्ट अफ इन्क्वायरीले उपनियम (३) बमोजिम पक्राउ परेको आरोपित व्यक्तिको बयान लिनु पर्नेछ । त्यसरी बयान गराउँदा इमान धर्म सम्झी साँचो बयान गरुँला भन्ने व्यहोराको शपथ लिन लगाई बयान गराउनु पर्नेछ ।

(५) कोर्ट अफ इन्क्वायरीले कुनै कसुरको सम्बन्धमा शङ्कास्पद देखिएको तथा तत्सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नु पर्नेछ ।

(६) कुनै कसुर भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा कोर्ट अफ इन्क्वायरीले यथाशीघ्र त्यसको अनुसन्धान तथा तहकिकात गरी सबुतप्रमाण सङ्कलन गर्नु पर्नेछ । कोर्ट अफ इन्क्वायरीले अनुसन्धान तथा तहकिकातको सिलसिलामा कसुरसँग सम्बन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनु पर्नेछ ।

(७) कुनै कसुरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा कोर्ट अफ इन्क्वायरीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची– १ बमोजिमको मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई भए सरहको अधिकार हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(८) कोर्ट अफ इन्क्वायरीले यस नियम बमोजिम अनुसन्धान तथा तहकिकातको सिलसिलामा बुझेको साक्षीको बकपत्र, सङ्कलन गरेको प्रमाण, चिजवस्तु र मिसिलको दुरुस्त अभिलेख राख्नु पर्नेछ ।

६. हिरासतमा राख्ने कार्याविधि :

(१) कसुरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी अवधि हिरासतमा राख्नु पर्ने भई ऐनको दफा ७५ को उपदफा (३) बमोजिम कमान्डिङ्ग अधिकृतले प्रतिवेदन पठाउँदा हिरासतमा रहेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई हिरासतमै राखी अनुसन्धान तथा तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयानको व्यहोरा समेत स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन पर्न आएमा प्रधानसेनापतिले सम्बन्धित कागजात हेरी अनुसन्धान तथा तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको र हिरासतमा राखी अनुसन्धान तथा तहकिकात गर्नुपर्ने अवस्था विद्यमान रहे वा नरहेको सम्बन्धमा विचार गरी अनुसन्धान तथा तहकिकात सन्तोषजनक रूपमा भइ रहेको र हिरासतमै राखी अनुसन्धान तथा तहकिकात गर्नुपर्ने अवस्था विद्यमान रहेको देखेमा हिरासतमा राख्न अनुमति दिन सक्नेछ ।

७. प्रतिवेदन पेस गर्नुपर्ने :

(१) कोर्ट अफ इन्क्वायरीले अनुसन्धान तथा तहकिकात पूरा गरिसकेपछि देहायका कुराहरू खुलाई आफ्नो राय सहितको प्रतिवेदन प्राड विवाकको कार्यालयमा पेस गर्नुपर्नेछ :-

(क) आरोपित व्यक्तिको पूरा नाम, थर, वतन, कम्प्युटर नं. दर्जा, युनिट,

(ख) कसुरसम्बन्धी विवरण,

(ग) आरोपित व्यक्तिको बयानको व्यहोरा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) जाहेरवाला वा पीडितको बयानको व्यहोरा,

(ङ) आरोपित व्यक्तिउपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण,

(च) सम्बन्धित कानुन,

(छ) हिरासतमा राखी कार्बाही गर्नुपर्ने वा नपर्ने कारण,

(ज) कसुरबाट क्षति पुगी क्षतिपूर्ति भराउनुपर्ने भए क्षतिपूर्तिको रकम,

(झ) मुद्दा दायर गर्नुपर्ने भए सोको राय,

(ञ) आरोपित व्यक्तिले पहिले पनि कुनै कसुरमा सजाय पाइसकेको कारणले बढी सजाय हुनुपर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने निकायको नाम,

(ट) मुद्दासँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

(२) उपनियम (१) बमोजिम कोर्ट अफ इन्क्वायरीबाट रायसहितको प्रतिवेदन प्राप्त भएपछि प्राड विवाकको कार्यालयले सो राय सहितको प्रतिवेदन अध्ययन गरी आरोपित व्यक्ति उपर मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णयको लागि आफ्नो राय सहित प्रधान सेनापति समक्ष मिसिल पठाउनु पर्नेछ । त्यसरी मिसिल प्राप्त भएपछि प्रधान सेनापतिले आरोपित व्यक्ति उपर मुद्दा चलाउने वा नचलाउने विषयमा अन्तिम निर्णय गर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ६८ को खण्ड (ग) बमोजिम समरी सैनिक अदालतले पुर्पक्ष, सुनुवाइ, कार्बाही र किनारा गर्ने मुद्दा भए प्राड विवाकको कार्यालयले मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा अन्तिम निर्णय गर्नेछ ।

(४) प्राड विवाकले आवश्यकतानुसार उपनियम (३) बमोजिमको अधिकार कोर्ट अफ इन्क्वायरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

८. थप प्रमाण बुझ्न निर्देशन दिन सक्ने :

(१) मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा प्राड विवाकले थप सबुद प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन कोर्ट अफ इन्क्वायरीलाई निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्देशन भएमा त्यस्तो निर्देशनको पालना गर्नु कोर्ट अफ इन्क्वायरीको कर्तव्य हुनेछ ।

९. जाहेरवालालाई सूचना दिनु पर्ने : कुनै कसुरको सम्बन्धमा मुद्दा चलाउने वा नचलाउने निर्णय भएपछि प्राड विवाकको कार्यालयले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ ।

१०. सैनिक अदालत गठनको लागि सिफारिस गर्ने :

(१) कुनै अभियुक्त उपर यस नियमावली बमोजिम मुद्दा चलाउने निर्णय भएमा त्यस्तो निर्णय भएका मितिले सात दिनभित्र प्राड विवाकको कार्यालयले सैनिक अदालत गठनको लागि प्रधान सेनापति समक्ष सिफारिस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्दा आरोपित व्यक्ति विरुद्ध दायर हुने अभियोगपत्र समेत संलग्न गर्नु पर्नेछ ।

११. मुद्दा दायर गर्ने : कुनै अभियुक्त उपर नियम ७ को उपनियम (२) वा (३) बमोजिम मुद्दा चल्ने निर्णय भएमा अनुसन्धान तथा अभियोक्ता शाखा वा सो शाखाबाट तोकिएको प्राड अधिकृतले देहायका कुराहरू उल्लेख गरी अनुसूची– २ बमोजिमको ढाँचामा अभियोगपत्र तयार गरी दसी प्रमाण तथा कसुरसँग सम्बन्धित चिज वा वस्तु र थुनुवा भए थुनुवा सहित सम्बन्धित सैनिक अदालतमा मुद्दा दायर गर्नु पर्नेछ :

(क) अभियुक्तको पूरा नाम, थर, वतन, कम्प्युटर नं., दर्जा, युनिट,

(ख) कसुर सम्बन्धी विवरण,

(ग) अभियुक्तको बयानको व्यहोरा,

(घ) जाहेरवाला वा पीडितको बयानको व्यहोरा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण,

(च) सम्बन्धित कानुन,

(छ) अभियुक्तलाई हुनु पर्ने सजाय,

(ज) कसुरबाट क्षति पुगी क्षतिपूर्ति भराउनु पर्ने भए सो क्षतिपूर्तिको रकम,

(झ) अभियुक्तले पहिले पनि कुनै कसुरमा सजाय पाइसकेको कारणले थप सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने निकायको नाम,

(ञ) मुद्दासँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

१२. फेला परेको सबुद प्रमाण पेस गर्ने :

(१) सैनिक अदालतबाट कार्बाही चलिरहेको मुद्दासँग सम्बन्धित कुनै माल वस्तु, लिखित वा अन्य कुनै प्रमाण सैनिक व्यक्ति वा अरू कसैले फेला पारेमा प्राड विवाकको कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दाखिल हुन आएको माल, वस्तु लिखत वा अन्य कुनै प्रमाण प्राड विवाकको कार्यालयले तुरुन्त सम्बन्धित सैनिक अदालतमा पेस गर्नु पर्नेछ ।

१३. थप अभियोगपत्र दायर गर्न बाधा नपर्ने :

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुरका सम्बन्धमा कुनै अभियुक्त उपर यस नियमावली बमोजिम अभियोगपत्र दायर भई सैनिक अदालतबाट मुद्दा पुर्पक्ष भइरहेकोमा पछि थप सबुद प्रमाणहरू प्राप्त हुन आई त्यस्तो अभियुक्त उपर थप अभियोग माग दाबी लिनु पर्ने भएमा वा अन्य व्यक्तिहरू उपर समेत मुद्दा दायर गर्नु पर्ने देखिन आएमा सैनिक अदालतको अनुमति लिई अभियुक्त उपर थप अभियोग माग दाबी लिन वा अन्य व्यक्ति उपर पूरक अभियोगपत्र दायर गरी मुद्दा चलाउन सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम पूरक अभियोगपत्र दायर गरिएकोमा त्यस्तो पूरक अभियोगपत्र सुरुमा पेस गरेको अभियोगपत्रको अभिन्न अङ्ग मानिनेछ ।

(३) उपनियम (१) बमोजिम कुनै अभियुक्त उपर थप अभियोगको माग दाबी लिएकोमा त्यसरी थप अभियोग लगाइएको विषयमा चित्त नबुझेमा अभियुक्तले सो अभियोग बदर गराउन पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।

(४) यस नियम बमोजिम थप अभियोग लगाउँदा हेलचेक्र्याइँ वा बदनियत चिताई थप अभियोग लगाएको देखिन आएमा सैनिक अदालतले त्यसरी हेलचेक्र्याइँ वा बदनियत चिताई थप अभियोग लगाउने व्यक्ति उपर विभागीय कार्बाही गर्न आदेश दिन सक्नेछ ।

१४. अभियुक्त बुझाउनु पर्ने : सैनिक व्यक्तिले ऐनको दफा ६६ बमोजिम अन्य अदालतको अधिकारक्षेत्र भित्र पर्ने कसुर गरेमा त्यस्तो सैनिक व्यक्तिलाई कार्बाहीका लागि सम्बन्धित निकायमा बझाउनु पर्नेछ ।

परिच्छेद – ३

सैनिक अदालतको कार्याविधि

१५. सैनिक अदालतको अध्यक्ष, सदस्य र प्राड अधिकृत खटाउने :

(१) प्रधानसेनापति वा निजबाट अधिकारप्राप्त गरेको अधिकृतले सैनिक अदालतको अध्यक्ष वा सदस्यका रूपमा कार्य गर्न ऐनको दफा ६७ को उपदफा (१) बमोजिमको अधिकृत तथा दफा ८१ को उपदफा (१) बमोजिम प्राड विवाक वा प्राड अधिकृतलाई खटाइदिन सैनिक सचिव विभाग समक्ष अनुरोध गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा सैनिक सचिव विभागले प्राड विवाक वा प्राड अधिकृतलाई निर्धारित मिति, समय र मुकाममा खटाइ दिनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) सैनिक अदालतका अध्यक्ष, सदस्य तथा प्राड विवाक वा प्राड अधिकृत उपस्थित भई शपथ ग्रहण गरेपछि सैनिक अदालत गठन भएको मानिनेछ ।

१६. प्राड विवाक वा प्राड अधिकृतको काम, कर्तव्य र अधिकार :

(१) नियम १५ बमोजिम खटिएको प्राड विवाक वा प्राड अधिकृतले कानुन र न्यायको विषयमा सैनिक अदालतको अध्यक्ष एव सदस्यहरूलाई जानकारी गराउनेछ ।

(२) नियम १५ बमोजिम खटिएको प्राड विवाक वा प्राड अधिकृतले सैनिक अदालतको प्रशासकीय अधिकृतको रूपमा समेत काम गर्नेछ ।

१७. विरोध भए वा नभएको सोध्नु पर्ने :

(१) सैनिक अदालतको अध्यक्ष, सदस्य र प्राड विवाक वा प्राड अधिकृत सैनिक अदालतको मुकाममा उपस्थित भइसकेपछि प्राड विवाक वा प्राड अधिकृतले अध्यक्ष र सदस्यहरू उपर अभियुक्तको कुनै किसिमको विरोध छ वा छैन भनी सोध्नुपर्ने र निजको विरोध नभएमा अनुसूची– ३ बमोजिमको ढाँचाको कागजमा अभियुक्तको दस्तखत गराई मिसिल सामेल राख्नु पर्नेछ ।

(२) सैनिक अदालतको अध्यक्ष वा कुनै सदस्य उपर अभियुक्तको कुनै विरोध भएमा ऐनको दफा ८२ को प्रक्रिया अपनाई सैनिक अदालतको काम कार्बाही अगाडि बढाउनु पर्नेछ ।

१८. शपथग्रहण :

(१) सैनिक अदालतका अध्यक्ष तथा सदस्यहरूले अभियुक्तको रोहवरमा अनुसूची–४ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) सैनिक अदालतमा प्राड विवाक वा प्राड अधिकृतले अभियुक्तको रोहवरमा अनुसूची– ५ मा तोकिएका ढाँचामा शपथग्रहण गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) सैनिक अदालतमा साक्षीको रूपमा उपस्थित हुने प्रत्येक व्यक्तिलाई बकपत्र गराउनु अघि अनुसूची– ६ बमोजिमको ढाँचामा शपथ गराउनु पर्नेछ ।

१९. पोसाकसम्बन्धी व्यवस्था : सैनिक अदालतका अध्यक्ष, सदस्यहरू र प्राड विवाक वा प्राड अधिकृतले टचुनिक, फरेज क्याप, अफिसर बुट, कालोपेटी, अलङ्कार पदकहरू भएमा सो समेत लगाई खड्ग सहित सैनिक अदालतमा उपस्थित हुनु पर्नेछ ।

२०. सैनिक अदालतको इजलास : सैनिक अदालतको इजलास सम्बन्धित सैनिक अदालतको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२१. प्रतिरक्षा सम्बन्धी व्यवस्था :

(१) ऐनको दफा ८१ को उपदफा (२) बमोजिम कुनै कसुरको अभियोगमा मुद्दा चलाइएको अभियुक्तले आफ्नो प्रतिरक्षाको लागि प्राड अधिकृत खटाइ पाऊँ भनी प्राड विवाकको प्रतिरक्षा शाखामा निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन प्राप्त भएमा प्राड विवाकले अभियुक्तको प्रतिरक्षाका लागि प्राड अधिकृतको व्यवस्था गरिदिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएको प्राड अधिकृतले सैनिक अदालतमा उपस्थित भई अभियुक्तको तर्फबाट बहस पैरवी लगायत निजको प्रतिरक्षा सम्बन्धी कार्य गर्नेछ ।

(३) अभियुक्तको तर्फबाट प्रतिरक्षा गर्ने प्राड अधिकृतले अभियुक्तको विरुद्धमा वा निजको प्रतिकूल हुने गरी कुनै प्रमाण लगायतका कुराहरू सैनिक अदालत समक्ष पेस गर्न सक्नेछैन । अभियुक्त र निजको प्रतिरक्षा गर्ने प्राड अधिकृतबीच भएका कुराहरूको बारेमा सैनिक अदालतमा प्रश्न उठाउन र त्यस्ता कुराहरू सैनिक अदालत समक्ष प्रकट गर्न बाध्य पारिने छैन ।

(४) सैनिक अदालतका अध्यक्ष एवम् सदस्यहरूले अभियुक्तको प्रतिरक्षा गर्ने प्राड अधिकृत उपर कुनै पनि किसिमले नकारात्मक असर पर्ने गरी प्रभाव पार्नुहुँदैन र निजले प्रतिरक्षाको सिलसिलामा उठाएका कुनै पनि कुरालाई लिएर निज उपर कुनै नकारात्मक टीकाटिप्पणी गर्नु हुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२२. अभियुक्तको बयान : सैनिक अदालतले अभियुक्त तथा निजको तर्फबाट उपस्थित प्राड अधिकृतलाई मिसिल कागजात तथा अभियोगपत्र पढी वाँची सुनाएपछि इजलासमा अभियुक्तसँग लिखित बयान लिई अभियुक्तको दस्तखत गराइ राख्नु पर्नेछ । अभियुक्तको बयान कागजको शिर पुछारमा सैनिक अदालतका अध्यक्ष तथा सदस्यहरूले दस्तखत गर्नु पर्नेछ ।

२३. प्रारम्भिक सुनुवाइ सम्बन्धी व्यवस्था :

(१) अभियोगपत्र दायर भई अभियुक्तको बयान भइसकेपछि सैनिक अदालतले मुद्दाको प्रारम्भिक सुनुवाइ गर्नेछ र प्रारम्भिक सुनुवाइको सिलसिलामा सैनिक अदालतले कसुरको मात्रा र कसुर गर्दाको अवस्थासमेत विचार गरी अनुसूची– ७ बमोजिमको ढाँचामा देहायका मध्ये कुनै एक आदेश गर्न सक्नेछ :-

(क) अभियुक्तलाई तारेखमा राखी पुर्पक्ष गर्ने,

(ख) अभियुक्तलाई आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने,

(ग) अभियुक्तसँग धरौटी वा जमानत माग्ने,

(घ) अभियुक्त भागि जाने वा प्रमाण नष्ट गर्ने सम्भावना भएमा वा पटके कसुरदार भएमा थुनामा राखी पुर्पक्ष गर्ने,

(२) सैनिक अदालतले उपनियम (१) बमोजिम गरेको आदेशको व्यहोरा अभियुक्तलाई पढी वाँची सुनाई आदेश सुनी पाएको कागज गराइ राख्नु पर्नेछ ।

२४. पीडितको बयान : सैनिक अदालतले अभियुक्तको रोहवरमा पीडितको बयान गराई निजको दस्तखत गराइराख्नुपर्नेछ । पीडितले गरेको बयानको शिर पुछारमा सैनिक अदालतका अध्यक्ष तथा सदस्यहरूले दस्तखत गर्नु पर्नेछ ।

२५. अभिलेख राख्ने : प्राड विवाक कार्यालयले सैनिक अदालतबाट भएको फैसलाको अभिलेख बनाई सुरक्षित राख्नु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२६. बन्द इजलास सम्बन्धी व्यवस्था :

(१) ऐनको दफा ७९ को उपनियम (२) बमोजिम राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था र पीडितको अधिकारको संरक्षण गर्नुपर्ने अवस्थामा बन्द इजलासमा मुद्दाको सुनुवाइ गर्दा अभियुक्तको प्रतिरक्षा गर्न उपस्थित भएको प्राड अधिकृत, अभियुक्त, पीडित व्यक्ति एवम् निजको संरक्षक तथा सैनिक अदालतले अनुमति दिएका व्यक्तिहरू बाहेक अन्य व्यक्तिहरू उपस्थित हुन सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम बन्द इजलासमा सुनुवाइ भएको विषयलाई फैसला हुनुभन्दा अगाडि कुनै किसिमले सार्वजनिक गर्नु हुँदैन ।

परिच्छेद – ४

भ्रष्टाचार, चोरी यातना र बेपत्ताको कसुर सम्बन्धी मुद्दाको दायरीसम्बन्धी विशेष व्यवस्था

२७. सूचना दिनुपर्ने :

(१) नियम ३ को उपनियम (६) बमोजिम कसुरको सूचना प्राप्त भएपछि प्राड विवाकको कार्यालयले सो कसुरको अनुसन्धान तथा तहकिकातको लागि रक्षा मन्त्रालयमा लेखी पठाउनु पर्नेछ र सो कुराको जानकारी प्रधान सेनापतिलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कसुरको अनुसन्धान र तहकिकातको लागि रक्षामन्त्रालायमा लेखि आएपछि रक्षा मन्त्रालयले सो कुरा समितिमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखि आएपछि समितिले आवश्यक देखेका ठाउँमा मुकाम खडा गरी अनुसन्धान तथा तहकिकातको कार्य प्रारम्भ गर्नेछ ।

२८. मुद्दा दायर गर्ने :

(१) समितिले अनुसन्धान तथा तहकिकातको कार्य पूरा गरेपछि अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची २ बमोजिमका ढाँचामा नियम ११ मा लेखिएका कुराहरू खुलाई अभियोगपत्र तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार भएको अभियोगपत्र, सक्कल मिसिल र अभियुक्त भए निजलाई समेत प्राड विवाक मार्फत सैनिक विशेष अदालतमा पेस गर्नु पर्नेछ ।

परिच्छेद – ५

सैनिक विशेष अदालतको कार्याविधि सम्बन्धी व्यवस्था

२९. सैनिक विशेष अदालतको गठन प्रक्रिया :

(१) रक्षा मन्त्रालयले ऐनको दफा ११९ मा व्यवस्था भए बमोजिम सैनिक विशेष अदालतको अध्यक्ष तोक्नको लागि आवश्यक कार्बाही गर्नु पर्नेछ ।

(२) सैनिक विशेष अदालतको अध्यक्ष तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

३०. अधिकार क्षेत्रको प्रयोग सामूहिक रूपमा गर्ने :

(१) सैनिक विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रूपमा गर्नेछन् र बहुमतको राय अदालतको निर्णय मानिनेछ ।

(२) उपनियम (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र अर्को एकजना सदस्यको उपस्थिति भएमा मुद्दाको कार्बाही र किनारा गर्न सकिनेछ । अध्यक्ष बाहेक अन्य दुईजना सदस्यको उपस्थितिमा मुद्दाको फैसला गर्न वा अन्तिम आदेश दिनबाहेक अरू कार्बाही गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम दुईजना सदस्यको उपस्थितिमा मुद्दाको कार्बाही वा किनारा गर्दा दुईजनाको मतैक्य हुन नसकेमा कार्बाहीको हकमा अध्यक्षको राय बमोजिम र फैसला र अन्तिम आदेशको हकमा पहिले अनुपस्थित रहेको सदस्य समक्ष पेस गरी निजले समर्थन गरेको राय सैनिक विशेष अदालतको निर्णय मानिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) उपनियम (३) बमोजिम पहिला अनुपस्थित सदस्य समक्ष पेस गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालतसमक्ष पेस गर्नु पर्नेछ ।

३१. मिसिल झिकाउन सक्ने : सैनिक विशेष अदालतले अन्य कुनै सैनिक अदालतमा विचाराधीन रहेको जुनसुकै मुद्दाको मिसिल वा कागज झिकाउन सक्नेछ ।

३२. प्रतिरक्षाको लागि कानुन व्यवसायी राख्न पाउने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक विशेष अदालतमा मुद्दाको सुनुवाइ हुँदा प्रतिवादीले चाहेमा आफ्नो प्रतिरक्षाको लागि छुट्टै कानुन व्यवसायी राख्न पाउनेछ ।

३३. सैनिक विशेष अदालतको अधिकार र कार्याविधि :

(१) सैनिक विशेष अदालतलाई देहायबमोजिमको अधिकार हुनेछ :-

(क) वादी प्रतिवादीका साक्षीका अतिरिक्त मुद्दासँग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने,

(ख) म्यादमा हाजिर नहुने प्रतिवादीलाई पक्री बयान गराउने वा साक्षीलाई बकपत्र गराउने,

(ग) मुद्दाको कुनै पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आएने गरी तारेखमा राखी पुर्पक्ष गर्ने,

(घ) तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने नदेखिएमा निजसँग निजले हानि नोक्सानी गरेको बिगो वा गैरकानुनी रूपमा लिएको रकम र निजलाई हुन सक्ने कैद वा जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा निजलाई थुनामा राखी पुर्पक्ष गर्ने,

(च) कुनै अभियुक्तउपर लागेको अभियोगको गम्भिरता, अभियुक्तको स्थिति, कसुरको मात्रा तथा प्रकृतिका आधारमा त्यस्तो अभियुक्तको कुनै सम्पत्ति रोक्का राख्ने, त्यस्तो अभियुक्तलाई राहदानी जारी नगर्ने वा जारी भइसकेको भए सो राहदानी रोक्का गर्न सम्बन्धित निकायलाई आदेश दिने ।

(२) मुद्दाको सुरु कार्बाही र किनारा गर्दा यस परिच्छेदमा लेखिए जतिमा यसै परिच्छेद बमोजिम र सो बाहेकका अन्य कुरामा सैनिक विशेष अदालतले प्रचलित कानुनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्याविधि प्रयोग गर्न सक्नेछ ।

(३) ऐनको दफा ६८ को खण्ड (क) अन्तर्गत जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर परेको पुनरावेदनको कार्बाही र किनारा गर्दा सैनिक विशेष अदालतले देहायबमोजिमको अधिकार र कार्याविधि प्रयोग गर्नेछ :-

(क) जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतको निर्णय सदर, बदर वा केही बदर गर्ने,

(ख) जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने,

(ग) मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतले बुझ्न छुटाएको रहेछ भने आफैँले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल सो अदालतमा पठाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरू मध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब माफिकको समय तोकी बाँकी प्रश्नहरूको समेत निर्णय गरी मुद्दा किनारा गर्न भनी मिसिल सो अदालतमा पठाउने,

(ङ) पक्ष र साक्षी झिकाउने, बयान वा बकपत्र गराउने, प्रमाण बुझ्ने कागजपत्र दाखिल गराउने र दण्डसजाय गर्नेसमेत प्रचलित कानुनबमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने ।

(४) सैनिक विशेष अदालतले आफूसमक्ष परेको उजुरी वा पुनरावेदन कार्बाही र किनारा गर्दा ऐन वा यस नियमावलीमा लेखिएकोमा बाहेक अन्य कुरामा आफ्नो कार्याविधि आफैं निर्धारण गर्न सक्नेछ ।

३४. पुनरावेदन समितिले अपनाउने कार्याविधि :

(१) ऐनको दफा ६८ को खण्ड (ख) र (ग) अन्तर्गतको क्षेत्राधिकारभित्रका कसुरहरूको सम्बन्धमा सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेशउपर परेको पुनरावेदनको कार्बाही र किनारा गर्दा ऐनको दफा ११९ को उपदफा (७) बमोजिमको पुनरावेदन समितिले नियम ३३ को उपनियम (३) बमोजिमको अधिकार र कार्याविधि प्रयोग गर्नेछ ।

(२) ऐनको दफा ११९ को उपदफा (७) बमोजिमको पुनरावेदन समितिले अन्य कार्याविधि आफैं निर्धारण गर्न सक्नेछ ।

३५. पुनरावेदन पत्रमा खुलाउनु पर्ने कुराहरू :

(१) ऐनको दफा ११९ को उपदफा (२) वा उपदफा (६) बमोजिम पुनरावेदन गर्दा देहायको कुराहरू खुलाउनु पर्नेछ :-

(क) जुन फैसलामा आफ्नो चित्त बुझेको छैन सो फैसला गर्ने सैनिक अदालतको नाम,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) सुरु मुद्दामा वादी वा प्रतिवादी भएको कुरा,

(ग) मुद्दाको नाम,

(घ) फैसला भएको मिति,

(ङ) सुरु मुद्दामा दाबी गरेको दण्ड सजाय, बिगो, जरिवाना र कायम भएको दण्ड सजाय तथा बिगो जरिवाना,

(च) फैसला गर्दा लिएका आधार,

(छ) फैसलामा चित्त नबुझेका कुराहरू, त्यसको कानुनी आधार र कारण तथा पुनरावेदनपत्रमा माग गरेको कुरा,

(ज) पुनरावेदक कैद वा थुनामा परेको भए कैद वा थुनामा परेको मिति,

(झ) दण्ड जरिवाना बिगो बुझाएको भए कहिले, कहाँ बुझाएको हो सोको प्रमाण,

(ञ) म्यादसमबन्धी कुरा ।

(२) उपनियम (१) बमोजिम गरिएको पुनरावेदन पत्र देहायबमोजिम भएको देखिन आएमा दर्ता गरी सम्बन्धित व्यक्तिलाई सोको निस्सा दिनु पर्नेछ :-

(क) दण्ड जरिवाना वा धरौट लाग्नेमा सो बुझाएको,

(ख) जमानी दिएकोमा सो कानुन अनुरूप भएको,

(ग) म्याद नगुज्रिएको,

(घ) सुरु फैसलाको स्पष्ट बुझिने र रीतपूर्वकको नक्कल पेस भएको ।

(३) जङ्गी अड्डाबाहिर गठित जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतबाट भएको सुरु फैसला उपरको पुनरावेदन पत्र सम्बन्धित पृतना प्राड विवाक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

शाखा वा बाहिनी प्राड विवाक शाखामार्फत सैनिक विशेष अदालतमा पेस गर्न सकिनेछ ।

(४) उपनियम (३) बमोजिम पृतना प्राड विवाक शाखा वा बाहिनी प्राड विवाक शाखामा पुनरावेदन पत्र पेस भएमा सो शाखाले त्यस्तो पुनरावेदन पत्र बुझिलिई सोको निस्सा सम्बन्धित व्यक्तिलाई दिई यथाशीघ्र उक्त पुनरावेदन पत्र सैनिक विशेष अदालतमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पृतना प्राड विवाक शाखा वा बाहिनी प्राड विवाक शाखामा पुनरावेदन पत्र पेस भएकोमा सोही मितिलाई नै पुनरावेदन परेको मिति कायम गरिनेछ ।

(६) पुनरावेदनको ढाँचा अनुसूची– ८ बमोजिम हुनेछ ।

३६. पुनरावेदन दस्तुर : नियम ३५ को उपनियम (१) बमोजिम पुनरावेदन पेस गर्दा पुनरावेदन बापत एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।

३७. रजिस्टार सम्बन्धी व्यवस्था : प्रधानसेनापतिले सैनिक विशेष अदालतको रजिस्टारको रूपमा काम गर्नको निमित्त प्रथम श्रेणीको प्राड अधिकृतलाई तोक्नेछ ।

३८. रजिस्टारको काम, कर्तव्य र अधिकार : रजिस्टारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) कानुन बमोजिम दर्ता गर्नुपर्ने अभियोगपत्र, पुनरावेदन पत्र र मुद्दासँग सम्बन्धित निवेदनपत्र जाँची दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए कारण खुलाई दरपीठ गर्ने,

(ख) मुद्दाको पेसी तोक्ने,

(ग) मुद्दामा पेस भएका प्रमाणका लिखतहरू जाँच्ने,

(घ) मुद्दाका पक्ष र साक्षीहरूलाई समाह्वान, म्याद वा सूचना जारी गर्ने र तामेल भइ आएको म्याद वा सूचना रीतपूर्वकको भए नभएको जाँची बेरीतको देखिए बदर गरी पुनः रीतपूर्वक तामेल गराउने,

(ङ) सैनिक विशेष अदालतको कार्यबोझको विचार गरी मुद्दाको तारेख तोक्न लगाउने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(च) तोरख किताब खडा गरी त्यसमा जनाउ नुपर्ने कुराहरू उल्लेख गर्न लगाउने,

(छ) सुरु सैनिक अदालतबाट प्रमाण लगाइएका मिसिल कागजातहरू मिसिलमा संलग्न छन् छैनन् हेरी संलग्न नभए सम्बन्धित सैनिक अदालतबाट झिकाई संलग्न गराउने,

(ज) कानुन बमोजिम लिन पाउने धरौटी, जमानत वा अन्य दस्तुर लिने वा लिन लगाउने,

(झ) सर्वोच्च अदालतमा पुनरावेदन परेको मुद्दाको मिसिल र प्रमाण कागजातहरू सर्वोच्च अदालतमा पठाउने,

(ञ) शाखामा भएको कुनै मिसिल वा लिखतको निरीक्षण गर्ने,

(ट) लिखतको नक्कल दिने,

(ठ) सैनिक विशेष अदालतबाट भएको आदेशको चाँडो कार्यान्वयन गर्ने र गर्न लगाउने,

(ड) आवश्यक परेमा इजलास अधिकृतको कार्य गर्न प्राड अधिकृत खटाउने,

(ढ) सैनिक विशेष अदालतका अभिलेखहरू दुरुस्त राख्न लगाउने,

(ण) सर्वोच्च अदालतमा पुनरावेदन नपरेमा वा पुनरावेदन दिन पाउने म्याद सकिएपछि सैनिक विशेष अदालतले गरेको फैसला कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखापढी गर्ने ।

परिच्छेद – ६

फैसलासम्बन्धी व्यवस्था

३९. फैसला गर्ने कार्याविधि :

(१) मुद्दामा प्रमाण बुझि सकेपछि सैनिक अदालत वा सैनिक विशेष अदालतले मुद्दामाथि छलफल गर्नका लागि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

तोकिएको दिन हाजिर भएका पक्षलाई राखी छलफल गरी ठहर गर्नुपर्ने विषयउपर ठहर गरी सो ठहरको राय सोही दिन राय किताबमा लेखी अध्यक्ष र सदस्यले सहीछाप गर्नुपर्नेछ ।

(२) यस नियमबमोजिमको फैसलामा देहायका कुराहरू उल्लेख गर्नुपर्नेछ :-

(क) मुद्दाको संक्षिप्त व्यहोरा,

(ख) मुद्दामा मुख नमिलेको कुरा र ठहर गर्नुपर्ने कुरा,

(ग) प्रतिवादीको जिकिर तथा प्रतिरक्षाको विवरण,

(घ) पक्षले पेश गरेको प्रमाण,

(ङ) अदालतको क्षेत्राधिकार सम्बन्धी प्रश्न,

(च) निर्णयका आधार र कारण,

(छ) दाबी पुष्टि हुने भएकोमा प्रतिवादीलाई हुने सजाय,

(ज) पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन गर्नुपर्ने अदालत,

(झ) अन्य आवश्यक कुराहरू ।

(३) फैसलाको ढाँचा अनुसूची – ९ बमोजिम हुनेछ ।

४०. फैसला सुनाउनुपर्ने : नियम ३९ बमोजिम फैसला भएपछि सो फैसला प्रतिवादीलाई सुनाई सुनी पाएको कागज गराई राख्नु पर्नेछ ।

४१. फैसला पठाउनुपर्ने : सैनिक अदालत वा सैनिक विशेष अदातलको फैसलासहितको सक्कलै मिसिल आवश्यक कार्बाहीका निमित्त प्राड विवाकको कार्यालयमा पठाउनु पर्नेछ ।

४२. फैसला कार्यान्वयन गर्ने : ऐनको परिच्छेद १२ बमोजिम मुद्दा सदर भई सो मुद्दामा पुनरावेदन परे सोको टुङ्गो लागेपछि र पुनरावेदन नपरे पुनरावेदन गर्ने म्याद नाँघेको पन्ध्र दिनभित्र प्राड विवाकको कार्यालयले फैसला कार्यान्वयनको लागि आवश्यक कार्बाही गर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेदन – ७

विविध

४३. सुविधासम्बन्धी व्यवस्था : सैनिक विशेष अदालतका अध्यक्ष, सदस्य, समितिका अध्यक्ष, सदस्य र अन्य कर्मचारीहरूको सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

४४. नक्कल माग गर्न सक्ने : सैनिक अदालतमा दायर भएका मुद्दासँग सम्बन्धित कागजातहरू मध्ये बन्द इजलासबाट सुनुवाइ भएका कागजको नक्कल प्रतिवादी वा निजको हकवालाले लिन पाउनेछ र सो बाहेकका अन्य कागजात सम्बन्धित प्रतिवादी वा मुद्दाको सरोकारवाला व्यक्तिले लिन पाउनेछ ।

४५. नक्कलको लागि निवेदन दिनुपर्ने :

(१) नियम ४४ को अधीनमा रही मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल सार्न चाहने सरोकारवाला व्यक्तिले प्राड विवाकको कार्यालयमा अनुसूची– १० बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) प्राड विवाकको कार्यालयले उपनियम (१) बमोजिम प्राप्त निवेदन रीतपूर्वकको छ छैन र नक्कल लिन चाहने व्यक्ति सरोकारवाला हो होइन जाँच गरी नक्कल प्रमाणित गरी नक्कल दिनुपर्नेछ ।

४६. नक्कल दस्तुर : नक्कलको प्रत्येक पृष्ठको पाँच रुपैयाँ दस्तुर लाग्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – १

नियम ५ को उपनियम (३) सँग सम्बन्धित)

पक्राउ पुर्जीको ढाँचा

पक्राउ पुर्जी

श्री..... (युनिट) .....का कम्प्युटर नं. .....दर्जा .....नाम थर.....

.....कसुरको अनुसन्धानका सिलसिलामा तपाईंलाई सैनिक हिरासतमा राखी अनुसन्धान तथा तहकिकात गर्नुपर्ने भएकाले यो पक्राउ पुर्जी दिइएको छ ।

.....

दस्तखत :-

मिति :-.....

अनुसूची – २

(नियम ११ र नियम २८ को उपनियम (१) सँग सम्बन्धित)

अभियोगपत्रको ढाँचा

अभियोगपत्र

मुद्दा : .....

१) अभियुक्तको नाम थर वतन : जिल्ला ....., न.पा./गा.वि.स. .....वडा नं. ..... बस्ने .....को नाति .....को छोरा .....युनिटमा कार्यरत वर्ष ..... को .....नं. दर्जा .....हुलिया .....को श्री.....।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२) यसभन्दा अगाडि कहींकतैबाट सरुवा भई आएको भए युनिटको नाम र समयावधि :

(क) .....

(ख) .....

(ग) .....

३) नोकरी अवधि : .....

४) घट्नाको सङ्क्षिप्त विवरण : .....

५) अभियोग : .....

६) सबुतप्रमाण :

दसीप्रमाण तथा कसुरसँग सम्बन्धित चिजवस्तु :

गवाह:

देख्ने :

(क) .....

(ख) .....

सुन्ने :

(क) .....

(ख) .....

दसीको समान वा कसुरसँग प्रमाण लाग्ने अरू चिजवस्तु :

(क) .....

(ख) .....

प्रस्तुत कागतपत्रहरू :

(क) .....

(ख) .....

७) पहिले कुनै कसुर गरेको भए सोको विवरण :

यो अभियोगपत्रबाट कार्बाही सुरु गर्न सैनिक अदालतसँग सादर अनुरोध गरिन्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

कार्यालयको छाप :

अभियोगपत्र दायर गर्ने अधिकृतको :

दस्तखतः.....

दर्जा :.....

नाम थर :.....

युनिट :.....

कम्प्युटर नं. :.....

मिति :.....

अनुसूची – ३

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

अभियुक्तले सैनिक अदालत समक्ष गर्ने कागजको ढाँचा

लिखितम्..... आगे म उपर लागेको अभियोगका सम्बन्धमा आफैं बहस गर्नु हुन्छ वा प्रतिरक्षाको लागि प्राड अधिकृतको माग गर्नु हुन्छ भनी यस सैनिक अदालतबाट सोधनी भएकोमा म उपर लागेको अभियोगको सम्बन्धमा मेरा तर्फबाट प्रतिरक्षाको लागि प्राड अधिकृत ..... (प्राड अधिकृतको नाम खुलाउनुपर्ने) .....लाई मुकरर गर्दछु । साथै म उपर मुद्दा पुर्पक्ष गर्न गठित यस सैनिक अदालतका अध्यक्ष तथा सदस्यहरू कसैसँग मेरो रिसइबी, बाधा विरोध नभएको र नाता सम्बन्ध समेत पर्दैन भनी यस कागजमा दस्तखत गरी .....सैनिक अदातलमा चढाएँ । इति संवत् २०..... साल .....महिना .....गते रोज .....शुभम् ।

अनुसूची – ४

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

सैनिक अदालतका अध्यक्ष एवम् सदस्यहरूले लिने शपथको ढाँचा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

म .....ले ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि प्रस्तुत मुद्दाका सम्बन्धमा निष्पक्ष रूपमा सबुद प्रमाणहरू बुझी मुद्दा पुर्पक्ष गरी निर्णय गर्नेछु । कसैप्रति पूर्वाग्रह नराखी कसुरको प्रकृति अवस्था र परिवेश अनुसार प्रचलित कानुन बमोजिम न्याय सम्पादन गर्नेछु । यस मुद्दाको सबुद प्रमाण दिनुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा यस सैनिक अदालतको अध्यक्ष र कुनै पनि सदस्यले निर्णयका सम्बन्धमा व्यक्त गरेको राय वा मतदानको कुरा अन्यत्र प्रकट गर्नेछैन ।

शपथ गर्नेको:

दस्तखत :.....

दर्जा : .....

नाम थर : .....

मिति :.....

अनुसूची – ५

नियम १८ को उपनियम (२) सँग सम्बन्धित)

(प्राड विवाक वा प्राड अधिकृतले लिने शपथको ढाँचा)

म..... ले ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि प्रस्तुत मुद्दाका सम्बन्धमा मैले निष्पक्ष रूपमा प्राड विवाकको काम कर्तव्यहरू सम्पादन गर्नेछु । प्रस्तुत मुद्दाको सबुद प्रमाण दिनुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा यस सैनिक अदालतको अध्यक्ष र कुनै पनि सदस्यले निर्णयका सम्बन्धमा व्यक्त गरेको राय वा मतदानको कुरा अन्यत्र प्रकट गर्ने छैन ।

शपथ गर्नेको:

दस्तखत .....

दर्जा .....

नाथ थर :.....

मिति : .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – ६

(नियम १८ को उपनियम (३) सँग सम्बन्धित)

साक्षीले लिने शपथको ढाँचा

म ..... ले ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि प्रस्तुत मुद्दाका सम्बन्धमा आफूलाई जानकारी भएको कुरा कसैप्रति आग्रह पूर्वाग्रह नराखी ठीक साँचो रूपमा बकपत्र गर्नेछु । कुनै पूर्वाग्रह राखी झुठा बकपत्र गरेको ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

शपथ गर्नेको :

दस्तखत :.....

दर्जा :.....

नाम थर :.....

मिति :.....

अनुसूची – ७

(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)

आदेशको ढाँचा

.....सैनिक अदालत

इजलास

अध्यक्ष :.....

सदस्य :.....

सदस्य :.....

आदेश पत्र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

संवत्.....सालको फौजदारी मुद्दा नं. .....

.....वादी/पुनरावेदक

विरुद्ध

..... प्रतिवादी/वादी

मुद्दा :.....

मिति	आदेशको विवरण	कैफियत

अनुसूची – ८

(नियम ३५ को उपनियम (६) सँग सम्बन्धित)

पुनरावेदन पत्रको ढाँचा.....मा चढाएको

पुनरावेदन पत्र

.....सालको पुनरावेदन नं. .....

मुद्दा :.....

.....वादी/प्रतिवादी पुनरावेदक

विरुद्ध

.....वादी/प्रतिवादी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

.....अदालतबाट संवत् .....को .....मुद्दामा मिति .....मा म/हामीहरूलाई ..... गर्ने गरी फैसला भएकोमा सो फैसलामा चित्त नबुझेको हुनाले मुद्दाको दण्डजरिवाना बुझाएको निस्सा सामेल राखी/कैदबापत थुनामा रही पुनरावेदन गरेको छु/गरेका छौँ । मेरो/हाम्रो जिकिर र प्रचलित कानुन बमोजिम सबुद प्रमाणको मूल्याङ्कन गरी न्याय पाऊँ । यसमा मेरो/हाम्रो पुनरावेदनको निम्नलिखित पुनरावेदन जिकिर रहेको छ ।

१. .....

२. .....

पुनरावेदक

इति संवत् २०.....साल .....महिना.....गते रोज.....शुभम् ।

अनुसूची – ९

(नियम ३९ को उपनियम (३) सँग सम्बन्धित)

फैसलाको ढाँचा

.....अदालत

इजलास

अध्यक्ष :.....

सदस्य :.....

सदस्य :.....

सदस्य :.....

सदस्य :.....

प्राड विवाक :

फैसला

संवत् २०.....सालको .....मुद्दा नं. .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मुद्दा :.....

नेपाल सरकार (नेपाली सेना).....वादी

विरुद्ध

वतन.....(युनिट).....का

कम्प्युटर नं. .....दर्जा .....नाम थर ..... प्रतिवादी

सैनिक ऐन, २०६३ को दफा .....तथा .....बमोजिम यस सैनिक अदातलको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य यसप्रकार रहेको छ :-

.....
.....
.....
..... ।

अदालतको ठहर

.....
.....
.....
..... ।

तपसिल

१. .....।

२. .....।

.....	.....	.....	.....	.....	.....
प्राड प्रतिनिधि	सदस्य	सदस्य	सदस्य	सदस्य	अध्यक्ष

इति संवत् २०.....साल .....महिना .....गते ....रोज.....शुभम्...।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची – १०

(नियम ४५ को उपनियम (१) सँग सम्बन्धित)

नक्कलको निवेदनपत्रको ढाँचा

.....अदालतमा चढाएको

नक्कलको निवेदन पत्र

.....सालको मुद्दा नं. .....

मुद्दा :.....

.....निवेदक वादी/प्रतिवादी

विरुद्ध

.....वादी/प्रतिवादी

म निवेदक निम्न बमोजिमको लिखत/लिखतहरूको नक्कल सैनिक अदालतको/आफ्नै तर्फबाट सारी लिन पाऊँ भनी नियमबमोजिमको दस्तुर साथै राखी निवेदन गर्दछु ।

नक्कल माग गरेका लिखत/लिखतहरू :

.....

.....

.....।

यसमा लेखिएको व्यहोरा ठीक छ झुटो ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

दस्तखत .....

निवेदक :.....

इति संवत् २०.....साल.....महिना..... गते.....रोज.....शुभम् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निवेदन दर्ता नं. .....

दर्ता मिति :.....

रसिद नं. .....

निवेदन दस्तुर

(साधारण/जरुरी) रु.....

नक्कल दस्तुर प्रतिपाना .....का दरले
पाना.....को जम्मा रु. ....
जम्मा दस्तुर रु.....।

.....

फाँटवालाको दस्तखत

माग बमोजिमको नक्कल बुझिलिएँ ।

.....

दस्तखत

प्रमाणित गर्ने अधिकृतको नामः.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

लाममोहर र प्रकाशन मिति

२०५३।९।३

२०५३ सालको ऐन नं. १४

थुनामा रहँदा यातना दिइएको व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरे बापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको शासनकालको पच्चीसौँ वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "यातना" भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ ।

(ख) "पीडित व्यक्ति" भन्नाले यातना पाउने व्यक्ति सम्झनु पर्छ ।

३. यातना दिन नहुने : (१) अनसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि 'थुनामा रहेको' भन्ने शब्दले प्रचलित कानुन बमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नु पर्नेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि 'चिकित्सक' भन्नाले सरकारी सेवामा रहेको डाक्टर, कविराज, हेल्थ असिस्टेन्ट, अ.हे.व. वा वैद्य समेतलाई सम्झनु पर्छ ।

(३) उपदफा (२) मा उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँचसम्बन्धी प्रतिवेदनको एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

४. क्षतिपूर्ति दिइने : नेपाल सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई यस ऐनबमोजिमको क्षतिपूर्ति दिइनेछ ।

५. उजुरी दिन सक्ने : (१) पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दाबी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाट पीडित व्यक्ति आफैंले उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुन व्यवसायीले उपदफा (१) बमोजिम उजुरी दिन सक्नेछ ।

(३) थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुन व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन परेकोमा अदालतले तीन दिनभित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ । यसरी जाँच गर्दा उपचार गर्नुपर्ने भएमा नेपाल सरकारको तर्फबाट उपचार गराइनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम दिइने उजुरीमा यथासम्भव देहायका कुराहरू समेत खुलाउनु पर्नेछ :-

(क) थुनामा परेको कारण र थुनामा बिताएको अवधि,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) थुनामा रहँदा दिइएको यातनाको विवरण,

(ग) यातना दिइएको कारणबाट पुग्न गएको क्षतिको विवरण,

(घ) दाबी गरेको क्षतिपूर्तिको रकम,

(ङ) दाबी प्रमाणित गर्न सहायक हुने अरू कुनै व्यहोरा ।

६. उजुरीमा कार्बाही र क्षतिपूर्ति : (१) दफा ५ बमोजिम परेको उजुरीका सम्बन्धमा जिल्ला अदालतले सङ्क्षिप्त कार्याविधि ऐन, २०२८ बमोजिमको कार्याविधि अपनाई कार्बाही गर्नेछ र त्यस्तो उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई नेपाल सरकारबाट एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्बाही गर्दा बदनियत चिताई उजुरी दिएको ठहरिएमा जिल्ला अदातलले त्यस्तो उजुरी दिने व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

७. यातना दिने कार्यमा संलग्न व्यक्तिउपर कार्बाही : यस ऐन बमोजिम यातना दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय कार्बाही गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ ।

८. क्षतिपूर्तिको रकम निर्धारण :दफा ६ को उपदफा (१) को प्रयोजनको निमित्त क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायका कुराहरूलाई ध्यानमा राखी निर्धारण गर्नुपर्नेछ :-

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता,

(ख) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास,

(ग) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको, उमेर र निजको पारिवारिक दायित्व,

(घ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) यातनाको कारणबाट पीडित व्यक्तिको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यहरूको सङ्ख्या र तिनीहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

(च) पीडित व्यक्तिले दाबी गरेका कुराहरू मध्ये उचित र उपयुक्त देखिएका कुराहरू ।

९. निर्णयको कार्यान्वयन : (१) पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपि सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएको मितिले पैंतीस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र निवेदन नदिएमा क्षतिपूर्तिको रकम पाउने छैन ।

१०. सरकारी वकीलबाट प्रतिरक्षा हुन सक्ने : दफा ५ बमोजिम परेको उजुरीको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखले अनुरोध गरेमा सरकारी वकीलले त्यस्तो कर्मचारीको तर्फबाट अदालतमा उपस्थित भई प्रतिरक्षा गरिदिनेछ ।

११. यातना दिएको नमानिने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम थुनामा रहेका कारणबाट स्वभावतः हुने कष्टलाई यस ऐनको प्रयोजनको निमित्त यातना दिएको मानिने छैन ।

१२. प्रचलित कानुनबमोजिम कार्बाही चलाउन बाधा नपर्ने : यातना दिए बापत यस ऐन बमोजिम क्षतिपूर्तिको लागि कार्बाही चलेको वा क्षतिपूर्ति प्राप्त गरेको कारणले मात्र प्रचलित कानुन बमोजिम अपराध ठहरिने विषयमा छट्टै कार्बाही चलाउन बाधा पुगेको मानिने छैन ।

१३. नियम बनाउन सक्ने : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मानव अधिकार आयोग ऐन, २०५३

लालमोहर सदर वा प्रकाशित मिति

२०५३।९।२४

संशोधन गर्ने ऐन

१. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ २०६३।६।२८

प्रस्तावना : संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवम् संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको शासन कालको पच्चीसौं वर्षमा संसद्ले यो ऐन बनाइएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "मानवअधिकार आयोग ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय मानव अधिकार आयोग सम्झनुपर्छ ।

(ख) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ (*हालमा नेपालको अन्तरिम संविधान, २०६३*) सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनुपर्छ र सो शब्दले दफा २० बमोजिम कायममुकायम अध्यक्ष भई काम गर्ने आयोगको सदस्यसमेतलाई जनाउँछ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षसमेतलाई जनाउँछ ।

(ङ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(च) "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिएबमाजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद–२

आयोगको गठन, सदस्यको सेवा शर्त सम्बन्धी व्यवस्था

३. आयोगको स्थापना र गठन :

(१) देहायबमोजिमका अध्यक्ष र सदस्य रहने गरी राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र गठन हुनेछ :

(क) सेवानिवृत भएका सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा न्यायाधीशहरूमध्येबाट एक जना –अध्यक्ष

(ख) कानुन, मानव अधिकार, सामाजिक वा सञ्चार तथा पत्रकारिताका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरूमध्ये यथाशक्य सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी महिला दुई जना, दलित र जनजातिका एकएक जना प्रतिनिधिसहित नौ जना –सदस्य

(ग) संवैधानिक अङ्गको कुनै पदमा वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा कार्य गरी सेवा निवृत भएको वा काम गरिसकेका व्यक्तिमध्ये एक जना –सदस्य

(२) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त अध्यक्ष वा सदस्यमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनुपर्छ :-

(क) नेपाली नागरिक,

(ख) चालीस वर्ष उमेर पूरा भएको,

(ग) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(३) आयोगको सदस्य भइसकेको व्यक्ति अन्य कुनै सरकारी सेवाको पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) आयोगको अध्यक्ष वा सदस्यले आयोगमा पदाधिकार रहुन्जेलसम्म अन्यत्र पेसागत रूपमा काम गर्न पाउने छैनन् ।

(५) आयोग एक अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ ।

(६) आयोगको आफ्नै छुट्टै छाप हुनेछ ।

(७) आयोगले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(८) आयोगले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर दिन र आयोगउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

४. अध्यक्ष तथा सदस्यको नियुक्ति :

(१) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा आयोगका अध्यक्ष र सदस्यहरू नियुक्त गर्नेछ ।

(२) आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिको सिफारिस गर्नका लागि देहायबमोजिमको सिफारिस समिति रहनेछ :

(क) प्रधानमन्त्री –अध्यक्ष

(ख) प्रधानन्यायाधीश –सदस्य

(ग) सभामुख प्रतिनिधिसभा –सदस्य

(३) उपदफा (२) बमोजिम गठित समितिले आफ्नो कार्याविधि आफैँ व्यवस्थित गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठकका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने जिम्मेवारी नेपाल सरकारको मुख्य सचिवको हुनेछ ।

५. सदस्यहरूको पदावधि : सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले ५ वर्षको हुनेछ । निजहरूको पुनः नियुक्ति हुन सक्नेछ ।

६. पद रिक्त हुने अवस्था : देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछ :-

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) दफा ५ बमोजिम पदावधि पूरा भएमा, वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) प्रतिनिधिसभाको मानव अधिकारसम्बन्धी समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट आयोगको कुनै सदस्य कार्यक्षमताको अभाव वा खराब आचरण भएको कारण पदमा रहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव प्रतिनिधिसभाको बैठकबाट पारित भएमा ।

तर, त्यस्तो आरोप लागेको सदस्यलाई प्रतिनिधिसभाको मानव अधिकारसम्बन्धी समितिमा आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौका दिइनेछ ।

७. सदस्यहरूको सेवा सर्त : आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तहरू तोकिएबमोजिम हुने छन् ।

तर, त्यस्तो पारिश्रमिक र सुविधा सर्वोच्च अदालतका न्यायाधीशले पाउने पारिश्रमिक र सुविधाभन्दा कम हुने छैन ।

८. आयोगको बैठक :

(१) आयोगको बैठक अध्यक्षले तोकेको मिति र स्थानमा बस्नेछ ।

(२) आयोगको बैठक सामान्यतया महिनाको दुईपटक बस्नेछ ।

(३) तीन जना सदस्य उपस्थित भएमा आयोगको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित रहेको अवस्थामा वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) आयोगको निर्णय सदस्यहरूको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कार्बाही अमान्य हुने छैन ।

(७) आयोगको बैठकसम्बन्धी अन्य कार्याविधि आयोग आफैंले व्यवस्था गर्न सक्नेछ ।

परिच्छेद–३

आयोगका कार्यहरू र कार्याविधिसम्बन्धी व्यवस्था

९. आयोगको काम र कर्तव्य :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न आयोगले देहायका कामहरू गर्न सक्नेछ :-

(क) देहायका कुनै विषयमा पीडित व्यक्ति आफैँ वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा छानविन र अनुसन्धान गर्ने :-

(१) मानव अधिकारको उल्लङ्घन र त्यसको दुरुत्साहन, र

(२) मानव अधिकारको उल्लङ्घन रोक्ने सम्बन्धमा सम्बन्धित कुनै व्यक्ति, संस्था वा निकायले गरेको लापरवाही वा हेलचेक्र्याइँ ।

(ख) खण्ड (क) मा उल्लिखित विषयको छानविन र अनुसन्धान आयोग आफैँले वा नेपाल सरकारको निकाय वा कर्मचारी वा कुनै व्यक्तिमार्फत गर्न गराउन सकिनेछ र त्यस्तो निकाय, कर्मचारी वा व्यक्तिले आयोगको निर्देशनबमोजिम छानविन र अनुसन्धान गरी आयोगलाई प्रतिवेदन दिनुपर्नेछ,

(ग) आयोगलाई प्राप्त निवेदन, उजुरी वा जानकारी तथ्यहीन लागेमा वा नेपालको अदालतबाट लागु गर्न नसकिने प्रकृतिको देखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो निवेदन वा उजुरी तामेलीमा राख्न सक्नेछ,

(घ) मानव अधिकारको अतिक्रमणको अदालतसमक्ष दाबी समाविष्ट भएको विचाराधीन कार्बाहीको सम्बन्धमा सम्बन्धित अदालतको अनुमतिबाट छानविन गर्ने,

(ङ) नेपाल सरकार अन्तर्गतका निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता संस्थाको कामकार्बाही,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भौतिक सुविधा आदिमा गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(च) मानव अधिकारको प्रचलनको लागि संविधान तथा प्रचलित अन्य कानुनद्वारा दिइएको संरक्षणसम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक र उपयुक्त सुझाव दिने,

(ज) मानव अधिकारको क्षेत्रमा अनुसन्धान कार्य गर्ने गराउने,

(झ) सेमिनार, गोष्ठी, सम्मेलन, सञ्चार माध्यम तथा प्रकाशनको माध्यमबाट समाजका विभिन्न क्षेत्रहरूमा मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्ने तथा मानव अधिकारको संरक्षणको सम्बन्धमा विद्यमान कानुनी प्रत्याभूतिहरूबारे अवगत तथा सचेत गराउने,

(ञ) गैर सरकारी क्षेत्रमा कार्यरत मानव अधिकार सङ्गठनहरूको कार्य तथा प्रयासहरूलाई प्रोत्साहन गर्ने,

(ट) मुलुकको विद्यमान मानव अधिकारको स्थितिको बारेमा समीक्षा गर्ने,

(ठ) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनको सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने, र

(ड) मानव अधिकारको प्रचलन, संवर्द्धन र संरक्षणको लागि आवश्यक र उचित ठानेको आवश्यक अन्य कार्यहरू गर्ने ।

(३) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सान्धि सम्झौताअनुरूप नेपालले प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले आयोगको राय लिई पठाउनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१०. आयोगको अधिकार क्षेत्र नहुने : देहायको कुनै विषयमा यस ऐनअन्तर्गत जाँचबुझ गर्ने वा अन्य कुनै कार्बाही चलाउने अधिकार आयोगलाइ हुनेछैन :-

(क) सैनिक ऐनको क्षेत्राधिकारको विषय,

तर, संविधान र प्रचलित कानुन बमोजिम अदालतले मुद्दा हेर्न सक्ने विषयमा यस ऐन बमोजिमको काम गर्न आयोगलाई कुनै बाधा पर्नेछैन ।

(ख) नेपाल सरकार र कुनै विदेशी सरकार वा अर्न्तराष्ट्रिय वा अन्तर्सरकारी संस्थाका बीच सम्पन्न सन्धि सम्झौता वा नेपाल राज्यको सुरक्षामा प्रतिकूल असर पर्न सक्दछ भनी नेपाल सरकारको मुख्य सचिवले प्रमाणित गरेको विषय,

(ग) कुनै अपराधको कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्न सक्दछ भनी महान्यायधिवक्ताले प्रमाणित गरेको विषय ।

११. आयोगको जाँचबुझसम्बन्धी अधिकार :

(१) आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्न आएको उजुरी वा निवेदन वा प्रतिवेदनहरूको कार्बाही गर्दा देहाय बमोजिमको कार्य गर्ने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भएसरह अधिकार हुनेछ :

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्न तथा बकपत्र गराउने,

(ग) कुनै लिखित कागजात पेस गर्न आदेश गर्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखित वा त्यसको नक्कल झिकाउने,

(ङ) प्रमाण बुझ्ने, र

(च) स्थलगत निरीक्षण गर्ने गराउने, दसीप्रमाण पेस गर्न आदेश गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेस गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झेबमोजिम म्याद तोक्न सक्नेछ ।

(३) आयोगले आफ्नो छानविन वा अनुसन्धानसम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिको साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानुनबमोजिम त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेको त्यस्तो वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखत पुरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्नेछ ।

(४) आयोगले कुनै घटनामा जाँचबुझको सम्बन्धमा आवश्यक देखेमा सार्वजनिक सुनुवाइ गर्न सक्नेछ ।

(५) आयोगले जाँचबुझको माग गरेका कागजातहरू वा आवश्यक प्रमाणहरू नपठाउने वा आयोगको कार्यमा असहयोग गर्ने वा आयोगमा उपस्थितिको लागि बोलाएकोमा उपस्थित नभई अटेर गर्नेलाई आयोगले विशेष टिप्पणी लेखी कार्बाहीको लागि नेपाल सरकार वा अधिकारप्राप्त निकाय वा अधिकारीसमक्ष पठाउन सक्नेछ ।

(६) आयोगले यस ऐनबमोजिम गर्नुपर्ने कुनै कामको सम्बन्धमा आवश्यकतानुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार र त्यस्तो समिति वा उपसमितिको सदस्यले पाउने भत्ता र सुविधा आयोगले तोकेबमोजिम हुनेछ ।

(७) आयोगले आवश्यकतानुसार सम्बन्धित विषयका विशेषज्ञहरू वा विशिष्टीकृत निकायहरूको सेवा लिन सक्नेछ । त्यसरी सेवा प्रदान गर्ने विशेषज्ञहरूको सेवा, सर्त र सुविधा आयोगले तोकेबमोजिम हुनेछ ।

१२. मानव अधिकारको उल्लङ्घनसम्बन्धी उजुरी र कार्बाही : मानव अधिकारको उल्लङ्घनसम्बन्धी उजुरी दिने र तत्सम्बन्धी कार्बाही तोकिएबमोजिम हुनेछ ।

१३. आयोगको निर्णय कार्यान्वयनको प्रक्रिया :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) आयोगले आफ्नो अधिकारक्षेत्र अर्न्तगत पर्न आएको उजुरी तथा निवेदनहरू उपर दफा ११ बमोजिम कार्बाही गर्दा दोषी देखिएमा दोषीउपर आवश्यक कार्बाही गर्न सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी पठाउँदा आयोगले पीडित व्यक्तिलाई आवश्यक क्षतिपूर्ति दिन आवश्यक देखेमा सोसमेत लेखी पठाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति दिँदा अपनाउनुपर्ने आधार र कार्याविधि तोकिएबमाजिम हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम कार्बाहीका लागि लेखि आएकोमा सम्बन्धित निकाय वा अधिकारीले पनि आयोगबाट लेखिआए बमोजिमको कार्बाही गरी वा गर्न नमिल्ने भएमा सो कारणसमेत खुलाई आयोगबाट पाप्त भएको मितिले तीन महिनाभित्र सोबमोजिम कार्बाही गरिएको जानकारी प्रतिवेदनसम्बन्धी निकाय वा अधिकारीले आयोगसमक्ष पठाउनु पर्नेछ ।

१४. प्रतिवेदन पेस गर्ने :

(१) आयोगले प्रत्येक वर्ष आफूले गरेको कामकार्बाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेस गर्नेछ र राष्ट्रपतिबाट सो प्रतिवेदन संसद् समक्ष पेस गर्न लगाइनेछ ।

(२) आयोगले आफूले गरेको काम कार्बाहीको विवरण सर्वसाधारणको जानकारीको लागि वर्ष वर्ष दिनमा प्रकाशन गर्नेछ ।

तर, आयोगले आवश्यकता देखेमा जुनसुकै समयमा पनि आफ्नो कार्यको विवरण प्रकाशन गर्न सक्नेछ ।

१५. आर्थिक व्यवस्थापन :

(१) आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने साधन र स्रोतहरू आयोगले विभिन्न निकायबाट अनुदानको रूपमा प्राप्त गर्न सक्नेछ ।

(२) आयोगले दफा ९ बमोजिमका कार्यहरू सम्पादन गर्न सहायता पुऱ्याउने उद्देश्यले आर्थिक सहायता लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको सहायताको खर्च दाता र आयोगको बीचमा भएको शर्तबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) आयोगले प्रचलित कानुनबमोजिम आफ्नो आय व्ययको लेखा र अन्य सम्बद्ध अभिलेख राख्नुपर्नेछ ।

(५) आयोगको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(६) आयोगको आर्थिक व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

पच्छिेद–४

विविध

१६. आयोगको कार्यालय : आयोगको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आयोगले आवश्यकतानुसार नेपाल अधिराज्यका विभिन्न क्षेत्रहरूमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

१७. सचिव :

(१) आयोगमा एक जना सचिव रहनेछ ।

(२) सचिवको नियुक्ति आयोगको सिफारिसमा नेपाल सरकारले गर्नेछ । सचिवको पदावधि, सेवा सर्त र अन्य सुविधा नेपाल सरकारको सचिवसरह हुनेछ ।

१८. आयोगका कर्मचारी :

(१) आयोगले आफ्नो कामका लागि आवश्यक पर्ने कर्मचारी तोकिएबमोजिम नियुक्त गर्न सक्नेछ र त्यसरी नियुक्त कर्मचारीको सेवा, सर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि आयोगलाई आवश्यक पर्ने कर्मचारी आयोगले नेपाल सरकारबाट माग गर्न सक्नेछ । त्यसरी माग गरिएका कर्मचारी उपलब्ध गराउनु नेपाल सरकारको कर्तव्य हुनेछ ।

(३) आयोगले आफ्नो कार्यसम्पादनको सम्बन्धमा कुनै सरकारी कार्यालयबाट सहयोग माग गरेमा त्यस्तो कार्यालयले सहयोग उपलब्ध गराउनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१९. अधिकार प्रत्यायोजन : आयोगले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष वा सदस्य वा आयोगको कर्मचारी वा नेपाल सरकारको अधिकृत कर्मचारी वा यस ऐनअन्तर्गत गठन हुने समिति वा उपसमिति वा कुनै व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. कार्यवाहक अध्यक्ष भई काम गर्ने : अध्यक्ष बिदा बसेकोमा बिदाको अवधिभर वा अध्यक्षको पद रिक्त हुन आएको अवस्थामा त्यस्तो रिक्त पद पूर्ति नभएसम्मको लागि आयोगको वरिष्ठतम सदस्यले कार्यवाहक अध्यक्ष भई काम गर्नेछ । यसरी कार्यवाहक अध्यक्ष भई काम गर्ने सदस्यले त्यसरी कार्यवाहक अध्यक्ष भएको अवधिभरको लागि अध्यक्षले पाएसरह पारिश्रमिक र सुविधा पाउनेछ ।

२१. शपथग्रहण : यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको अध्यक्ष र सदस्यले र यो ऐन प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष र सदस्यले प्रतिनिधिसभाको विशेष समितिले व्यवस्था गरेबमोजिम शपथग्रहण गनुपर्नेछ ।

२२. नेपाल सरकारसँग सम्पर्क : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रिपरिषद् सचिवालयमार्फत राख्नुपर्नेछ ।

२३. नियम बनाउने : यस ऐनको उद्देश्य पूरा गर्न आयोगले आवश्यक नियमहरू बनाउन सक्नेछ । त्यस्तो नियम बनाउँदा आयोगले नेपाल सरकारको परामर्श लिन सक्नेछ ।

तर, पारिश्रमिक र सुविधासम्बन्धी नियम बनाउँदा नेपाल सरकारको परामर्श लिनुपर्नेछ ।

२४. बचाउ : आयोग वा अध्यक्ष वा सदस्य वा कर्मचारी वा आयोगले खटाएको कुनै व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै कामकार्बाहीका सम्बन्धमा कुनै मुद्दा वा कानुनी कार्बाही चलाइनेछैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची

(दफा २१ सँग सम्बन्धित)

शपथ

नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी वा कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनका सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानुनको पालन गर्दाबाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्नेछैन भनी म ..... ईश्वरलाई साक्षी राखी सत्यनिष्ठापूर्वक शपथ लिन्छु ।

मिति : हस्ताक्षर :

रूपान्तर : 'श्री ५ को सरकार' को सट्टा 'नेपाल सरकार' र 'नेपाल अधिराज्य' को सट्टा 'नेपाल राज्य' गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सपुर्दगी ऐन, २०४५

लालमोहर र प्रकाशन मिति

२०४५।५।१५

२०४५ सालको ऐन नं. ३

अभियुक्त वा अपराधीहरूको सपुर्दगी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : शान्ति र व्यवस्था कायम राख्न तथा अभियुक्त वा अपराधीहरूको सपुर्दगीका सम्बन्धमा दक्षिण एसियाली राष्ट्रहरूको तेस्रो शिखर सम्मेलनद्वारा पारित आतङ्कवादको दमनसम्बन्धी सार्क क्षेत्रीय महासन्धि (सार्क रिजनल कन्भेन्सन अन सप्रेसन अफ टेरोरिजम्) समेतलाई अङ्गीकार गरी सपुर्दगीसम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "सपुर्दगी ऐन, २०४५" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

२.१ "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालत सम्झनुपर्छ ।

२.२ "अपराध" भन्नाले अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने गरी कुनै विदेशी राष्ट्रसँग भएको सपुर्दगी सन्धिमा उल्लेखित अपराध सम्झनुपर्छ र सो शब्दले अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने सम्बन्धमा व्यवस्था भएको नेपाल सदस्य रहेको महासन्धिमा उल्लेखित अपराधलाई समेत जनाउँछ ।

२.३ "विदेशी राष्ट्र" भन्नाले कुनै अपराधसँग सम्बन्धित अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने सम्बन्धमा नेपाल सरकारसित सपुर्दगी सन्धि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भएको राष्ट्र वा त्यस्तो सपुर्दगीको व्यवस्था भएको नेपाल सदस्य रहेको महासन्धिको सदस्य राष्ट्र सम्झनुपर्छ ।

२.४ "महासन्धि" भन्नाले कुनै अपराधसँग सम्बन्धित अभियुक्त वा अपराधीलाई सपुर्द गर्नेसम्बन्धी व्यवस्था भएको नेपाल सदस्य रहेको महासन्धि सम्झनुपर्छ ।

२.५ "सपुर्दगी सन्धि" भन्नाले कुनै अपराधसँग सम्बन्धित अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने सम्बन्धमा नेपाल सरकार र कुनै विदेशी राष्ट्रबीच भएको सन्धि सम्झनुपर्छ ।

३. विदेशी राष्ट्रले सपुर्द गर्न वा सजाय गर्नका लागि माग गर्ने :

३.१ कुनै विदेशी राष्ट्रमा अपराध गरी नेपाल अधिराज्यभित्र भागी आएका अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा त्यस्तो विदेशी राष्ट्रले काठमाडौँस्थित आफ्नो कूटनीतिक नियोगमार्फत नेपाल सरकारसमक्ष लेखी पठाउन वा त्यस्तो विदेशी राष्ट्रस्थित नेपाली कूटनीतिक नियोगमा लेखी पठाउन सक्नेछ । त्यसरी कूटनीतिक नियोगमार्फत लेखी पठाउन वा नेपाली कूटनीतिक नियोगमा लेखी पठाउन नमिलेको वा उपयुक्त नदेखिएका अवस्थामा सम्बन्धित विदेशी राष्ट्रले सोझै नेपाल सरकारसमक्ष लेखी पठाउनुपर्नेछ ।

३.२ उपदफा ३.१ बमोजिम विदेशी राष्ट्रले अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्नका लागि माग गरी लेखिपठाउँदा सम्बद्ध सबुत प्रमाण संलग्न गरी अभियुक्त वा अपराधीको नागरिकता, हुलिया र त्यस्तो अभियुक्त वा अपराधी नेपालभित्र कुन इलाका वा ठाउँमा आइ बसेको छ यथासम्भव सोसमेत उल्लेख गरी पठाउनुपर्नेछ ।

४. जाँचबुझ गर्न आदेश दिन सक्ने : दफा ३ बमोजिम कुनै विदेशी राष्ट्रले कुनै अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्न माग गरी नेपाल सरकार समक्ष लेखी पठाएमा सो विषयमा जाँचबुझ गर्न मनासिब देखेमा नेपाल सरकारले त्यसरी जाँचबुझ गर्न अदालतलाई आवश्यक आदेश दिन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५. वारण्ट जारी गर्ने :

५.१ दफा (४) बमोजिम नेपाल सरकारको आदेश प्राप्त भएपछि अदालतले त्यस्तो आदेशमा उल्लेखित अभियुक्त वा अपराधीलाई पक्राउ गर्न वारेन्ट जारी गर्नुपर्नेछ ।

५.२ उपदफा ५.१ बमोजिम जारी गरिएको वारण्टबमोजिम अभियुक्त वा अपराधी पक्राउ हुन नसकेमा अदालतले त्यसको सूचना पन्ध्र दिनभित्र नेपाल सरकारलाई दिनुपर्नेछ र त्यसरी सूचना गरिसकेपछि अभियुक्त वा अपराधी फेला परेमा त्यसरी फेला परेको तीन दिनभित्र अदालतले सो कुराको सूचना नेपाल सरकारलाई दिनुपर्नेछ ।

६. जाँचबुझ र कार्बाही :

६.१ अभियुक्त वा अपराधी पक्राउ भई अदालतसमक्ष पेस भएपछि अदालतले सपुर्दगीको माग वा सजायको माग गर्ने विदेशी राष्ट्रबाट प्राप्त सबुत प्रमाण र अभियुक्त वा अपराधीले गरेको अपराधबाट पेस हुन आएको समेत सबै सबुत प्रमाण सङ्कलन गरी अभियुक्त वा अपराधीले गरेको अपराध सपुर्दगी सन्धि वा महासन्धिबमोजिम सपुर्द हुन सक्ने अपराध हो होइन र सो अपराध राजनैतिक किसिमको हो होइन भन्ने कुराको जाँचबुझ गर्नुपर्नेछ ।

६.२ उपदफा ६.१ बमोजिम जाँचबुझ गर्दा अभियुक्त वा अपराधीलाई सपुर्द गनुपर्ने वा सजाय गर्नुपर्ने पर्याप्त कारण नदेखिएमा अदालतले त्यस्तो अभियुक्त वा अपराधीलाई छोड्न सक्नेछ ।

७. प्रतिवेदन पेस गर्ने :

७.१ दफा ६ बमोजिम जाँचबुझ गरिसकेपछि अदालतले सङ्कलित सबुत प्रमाणको आधारमा अभियुक्त वा अपराधीलाई विद्शी राष्ट्रको मागबमोजिम सपुर्द गर्न वा सजाय गर्न पर्याप्त कारण भएको देखेमा त्यस्तो अभियुक्त वा अपराधीलाई नेपाल सरकारबाट अर्को आदेश नहुन्जेलसम्म थुनामा राख्ने आदेश दिई जाँचबुझको सिलसिलामा प्राप्त सबै सबुत प्रमाणहरूसहितको प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७.२ उपदफा ७.१ बमोजिम प्रतिवेदन पेस गर्दा अदालतले सम्बन्धित अभियुक्त वा अपराधीले पेस गर्न चाहेको कुनै निवेदन, लिखत, प्रमाण तथा विवरणहरूसमेत पेस गर्नुपर्नेछ ।

८. अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने वा सजाय गर्ने :

८.१ दफा ७ बमोजिम अदालतले पेस गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले कुनै अभियुक्त वा अपराधीलाई सपुर्द गर्न मनासिब देखेमा सपुर्दगीको लागि थुनामा राखी सपुर्दगी गर्ने ठाउँ र सपुर्दगी लिने व्यक्तिको नामसमेत तोकी सपुर्द गर्ने आदेश जारी गर्नेछ ।

तर, त्यस्तो अभियुक्त वा अपराधी नेपाली नागरिक भएमा नेपाल सरकारले निजलाई सपुर्द नगरी सजायसम्बन्धी कार्बाही चलाउन अदालतलाई आदेश दिनेछ ।

८.२ उपदफा ८.१ बमोजिम कुनै अभियुक्त वा अपराधीलाई सपुर्द गर्दा त्यस्तो अभियुक्त वा अपराधीबाट बरामद भएका नगद तथा सरसामानहरूमा अन्य कुनै व्यक्तिको कुनै हकदाबी नभएमा त्यस्तो नगद तथा सरसामानहरूसमेत अभियुक्त वा अपराधी बुझिलिने व्यक्तिको जिम्मा लगाइनेछ ।

८.३ दफा ७ बमोजिम अदालतले पेस गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले कुनै अभियुक्त वा अपराधीलाई सपुर्द नगरी सजाय गर्न मनासिब देखेमा सजायसम्बन्धी कार्बाही चलाउन अदालतलाई आदेश दिन सक्नेछ ।

९. प्रचलित नेपाल कानुनबमोजिम कार्बाही गर्ने :

९.१ दफा ८ बमोजिम अभियुक्त वा अपराधीलाई सपुर्द नगरी सजायसम्बन्धी कार्बाही चलाउँदा अदालतले त्यस्तो अभियुक्त वा अपराधीले विदेशी राष्ट्रमा गरेको अपराध नेपाल राज्यभित्र गरेकोसरह मानी प्रचलित नेपाल कानुनबमोजिम कार्बाही गर्नुपर्नेछ ।

९.२ उपदफा ९.१ बमोजिम अदालतले गरेको निर्णयउपर प्रचलित नेपाल कानुनबमोजिम पुनरावेदन लाग्नेछ ।

१०. थुनाबाट मुक्त गर्ने : यस ऐनबमोजिम कुनै विदेशी राष्ट्रलाई सपुर्द गर्नको लागि उपदफा ८.१ बमोजिम थुनामा राखिएको कुनै अभियुक्त वा अपराधी त्यसरी थुनामा राखिएको मितिले साठी दिनभित्र नेपाल राज्यबाहिर नलगेमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

त्यस्तो अभियुक्त वा अपराधीले निजको तर्फबाट दिएको निवेदनका आधारमा सर्वोच्च अदालतले मनासिब देखेमा त्यस्तो अभियुक्त वा अपराधीलाई थुनाबाट मुक्त गर्ने आदेश दिन सक्नेछ ।

११. एकभन्दा बढी राष्ट्रबाट सपुर्दगीको माग भएमा : एउटै अभियुक्त वा अपराधीका सम्बन्धमा एकभन्दा बढी विदेशी राष्ट्रले सपुर्दगी माग गरेकोमा अपराधको प्रकृति हेरी नेपाल सरकारले उपयुक्त सम्झिएको विदेशी राष्ट्रलाई त्यस्तो अभियुक्त वा अपराधी सपुर्द गर्न सक्नेछ ।

१२. सपुर्द गर्नमा बन्देज : सपुर्द गर्न माग गरिएको अभियुक्त वा अपराधीलाई देहायको अवस्थामा नेपाल सरकारले सपुर्द गर्नेछैन :-

१२.१ त्यस्तो अभियुक्त वा अपराधी राजनैतिक अपराधी भएमा वा सपुर्दगी माग गर्ने राष्ट्रबाट प्राप्त भएका प्रमाणहरूको आधारमा वा अदालतबाट जाँचबुझको सिलसिलामा अभियुक्त वा अपराधीबाट पेस गरिएको प्रमाणको आधारमा निजले गरेको अपराध राजनैतिक अपराध लागेमा वा निजलाई राजनैतिक अपराधमा सजाय गर्न माग गरिएको देखिएमा,

१२.२ त्यस्तो अभियुक्त वा अपराधीलाई सो राष्ट्रको कानुनबमोजिम कार्बाही गर्न सो कानुनी कार्बाहीका लागि तोकेको हदम्याद नघाई सपुर्दगीको माग गरेको देखिएमा,

१२.३ त्यस्तो अभियुक्त वा अपराधीले नेपाल राज्यभित्र गरेको कुनै अपराधबापत प्रचलित कानुनबमोजिम सजाय भोगिरहेको वा निजउपर कार्बाही चलिरहेकोमा सो सजाय वा कार्बाही पूरा नहुन्जेलसम्म ।

१३. केही अवस्थामा पक्राउ गर्न वारेन्ट जारी गर्ने अधिकार :

१३.१ यस ऐनबमोजिम सपुर्दगी वा सजाय हुन सक्ने अवस्थाका कुनै विदेशी राष्ट्रका फरार अभियुक्त वा अपराधी कुनै जिल्ला अदालतको अधिकारक्षेत्रभित्रको कुनै इलाकामा आएको वा बसेको कुराको सूचना वा प्रमाण प्राप्त भएमा त्यसको आधारमा निजलाई पक्राउ गर्न आवश्यक छ भन्ने लागेमा सम्बन्धित जिल्ला अदालतले त्यस्तो अभियुक्त वा अपराधीलाई पक्राउ गर्न वारेन्ट जारी गर्न सक्नेछ ।

१३.२ उपदफा १३.१ बमोजिम कुनै अभियुक्त वा अपराधीलाई पक्राउ गर्न वारेन्ट जारी गरेको कुराको प्रतिवेदन र सम्बन्धित सूचना तथा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रमाण वा त्यसको प्रतिलिपि सम्बन्धित जिल्ला अदालतले तीन दिनभित्र नेपाल सरकारसमक्ष पेस गर्नुपर्नेछ ।

१३.३ उपदफा १३.१ अन्तर्गत जारी गरिएको वारेन्टबमोजिम पक्राउ भई थुनामा रहेको व्यक्तिको सम्बन्धमा नेपाल सरकारबाट कुनै आदेश प्राप्त भएमा बाहेक निजलाई तीन महिनाभन्दा बढी थुनामा राखिनेछैन ।

१३.४ उपदफा १३.२ बमोजिम कुनै अभियुक्त वा अपराधीको सम्बन्धमा जिल्ला अदालतले प्रतिवेदन पेस गरेकोमा नेपाल सरकारले त्यस्तो अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने वा सजाय गर्ने सम्बन्धमा कार्बाही चलाउन आदेश दिएमा सम्बन्धित जिल्ला अदालतले यसै ऐनबमोजिम कार्बाही गर्नुपर्नेछ ।

१४ राजनैतिक अपराध नमानिने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आतङ्कवादको दमनसम्बन्धी सार्क क्षेत्रीय महासन्धि (सार्क रिजनल कन्भेन्सन अन सप्रेसन अफ टेरोरिजम्) मा उल्लेखित अपराधहरूलाई सपुर्द गर्ने प्रयोजनको लागि राजनैतिक अपराध वा राजनैतिक अपराधसँग सम्बन्धित अपराध वा राजनैतिक उद्देश्यले प्रेरित अपराध मानिने छैन ।

१५. नेपाल सरकारको विशेष अधिकार : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध मामुली किसिमको भएको कारण वा सपुर्द मागिएको अभियुक्त वा अपराधीले सपुर्द नगर्न पेस गरेको कारण वा न्यायका लागि वा राजनैतिक कारण वा नेपाल सरकारलाई चित्त बुझ्दो अन्य कुनै कारणबाट सपुर्दगीको लागि माग गरिएको अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा कुनै कार्बाही गर्न मनासिब छैन भन्ने लागेमा नेपाल सरकारले कुनै पनि बखत त्यस्तो अभियुक्त वा अपराधीको विरुद्ध गरिएको सबै काम, कार्बाही, वारेन्ट वा आदेश खारेज गरी त्यस्तो अभियुक्त वा अपराधी थुनामा रहेको भए निजलाई थुनामाबाट मुक्त गर्नसमेत आदेश दिन सक्नेछ ।

१६. विशेष व्यवस्था : प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम कार्बाही चलाइएको मुद्दाको सम्बन्धमा विदेशी राष्ट्रबाट प्राप्त हुन आएको सबुत प्रमाण तथा लिखितहरूलाई अदालतले प्रमाणमा लिन सक्नेछ ।

१७. विदेशी राष्ट्रसँग सपुर्द गर्न वा सजाय गर्न माग गर्ने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१७.१ नेपाल राज्यभित्र कुनै अपराध गरी कुनै व्यक्ति विदेशी राष्ट्रको अधिकारक्षेत्रभित्रको कुनै ठाउँमा भागी गई बसेको छ भने त्यस्तो अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्नको लागि माग गरी नेपाल सरकारले सम्बन्धित विदेशी राष्ट्रको सरकारलाई लेखी पठाउनु पर्नेछ ।

१७.२ उपदफा १७.१ बमोजिम नेपाल सरकारले अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा सम्बद्ध सबुत प्रमाण सङ्कलन गरी अभियुक्त वा अपराधीको नागरिकता, हुलिया र त्यस्तो अभियुक्त वा अपराधी सो विदेशी राष्ट्रभित्र कुन इलाका वा ठाउँमा गई बसेको छ यथासम्भव सोसमेत उल्लेख गरी पठाउनु पर्नेछ ।

१८. यस ऐनको व्यवस्था लागु नहुने : नेपालसित सपुर्दगी सन्धि भएको कुनै राष्ट्रले वा नेपाल सदस्य रहेको महासन्धिको कुनै सदस्य राष्ट्रले त्यस्तो सपुर्दगी सन्धि वा महासन्धिको पालना गर्न कानुनी व्यवस्था गर्नुपर्ने रहेछ र त्यस्तो राष्ट्रले सो सन्धि वा महासन्धिअनुरूप आवश्यक कानुनी व्यवस्था गरेको रहेनछ भने यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो राष्ट्रको हकमा यस ऐनको व्यवस्था लागु हुनेछैन ।

१९. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२०. खारेजी : सपुर्दगी ऐन, २०२० खारेज गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अध्यागमन ऐन, २०४९

संशोधन गर्ने ऐन	लालमोहर र प्रकाशन मिति
	२०४९।७।१७।२
१. अध्यागमन (पहिलो संशोधन) ऐन, २०५०	२०५०।६।२७।४
२ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३	२०५३।८।१२

२०४९ सालको ऐन नं. ३०

अध्यागमनसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवम् नियन्त्रण गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अध्यागमन ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अध्यागमन" भन्नाले नेपाल राज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थान गर्ने प्रक्रिया सम्झनुपर्छ ।

(ख) "विदेशी" भन्नाले तत्काल नेपालको नागरिक नभएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(ग) "राहदानी" भन्नाले कुनै राष्ट्रको सरकारले विदेश भ्रमणको लागि जारी गरेको राहदानी, ट्राभल डकुमेन्ट वा यस्तै भ्रमण गर्ने स्वीकृति प्रदान गरिएको अनुमतिपत्र सम्झनुपर्छ र सो शब्दले संयुक्त राष्ट्रसङ्घले जारी गरेको लेसेपेसे समेतलाई जनाउँछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) "भिसा" भन्नाले कुनै विदेशीलाई नेपाल राज्यभित्र प्रवेश तथा उपस्थितिको लागि नेपाल सरकारबाट दिइने अनुमतिपत्र सम्झनुपर्छ ।

(ङ) "विभाग" भन्नाले नेपाल राज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्न नेपाल सरकारले स्थापना गरेको अध्यागमन विभाग सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले विभागअन्तर्गतको अध्यागमन कार्यालय सम्झनुपर्छ ।

(छ) "महानिर्देशक" भन्नाले विभागको प्रमुख सम्झनुपर्छ ।

(ज) "अध्यागमन अधिकृत" भन्नाले विभाग र कार्यालयमा कार्यरत अधिकृत सम्झनुपर्छ र सो शब्दले कार्यालय प्रमुखलाई समेत जनाउँछ ।

(झ) "पदयात्रा" भन्नाले कुनै विदेशीद्वारा रात बिताउने गरी गरिने पैदल भ्रमण सम्झनुपर्छ र सो शब्दले हिमशिखर आरोहण गर्न जाने विदेशीद्वारा गरिने आधार शिविरसम्मको पैदल भ्रमण समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. प्रवेश, उपस्थिति र प्रस्थानसम्बन्धी व्यवस्था : (१) कुनै पनि विदेशीले राहदानी र भिसा नलिई नेपाल राज्यभित्र प्रवेश गर्न र नेपालमा बस्न पाउनेछैन ।

(२) भिसाको प्रकार, दस्तुर तथा भिसासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) नेपाल राज्यको तोकिएको क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशीले भिसाको साथै तोकिएबमोजिम अनुमति लिनुपर्नेछ ।

(४) पदयात्रासम्बन्धी दस्तुर तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) कुनै पनि विदेशीले नेपाल राज्यभित्र प्रवेश गर्ने र नेपाल राज्यबाट प्रस्थान गर्ने स्थल तोकिएबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(६) नेपाल राज्यबाट विदेश प्रस्थान गर्ने वा नेपाल राज्यमा आउने नेपाली नागरिकहरूको प्रस्थान तथा आगमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४. विदेशीले पालन गर्नुपर्ने सर्तहरू : (१) नेपाल राज्यमा बसोबास गर्ने विदेशीहरूले पालन गर्नुपर्ने सर्तहरू तोकिएबमोजिम हुनेछन् ।

(२) विदेशीलाई भिसा वा पदयात्राको लागि सेवा उपलब्ध गराउने एजेन्सीले पालन गर्नुपर्ने सर्तहरू तोकिएबमोजिम हुनेछन् ।

५. जाली राहदानी वा भिसा प्रयोग गर्न नहुने : (१) कसैले आफ्नो नाम, उमेर, राष्ट्रियता वा अन्य कुनै कुरा ढाँट्न, झुट्टा विवरण दिन वा जाली राहदानी वा भिसा प्रयोग गर्नुगराउनु हुँदैन ।

(२) कसैले जाली राहदानी वा भिसा पेस गरी नेपाल राज्यभित्र प्रवेश, उपस्थिति र नेपाल राज्यबाट प्रस्थान गर्नुहुँदैन ।

(३) विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारद्वारा अधिकारप्राप्त अधिकारीबाट जारी गरिएको राहदानी र भिसा नभएको कुनै पनि विदेशीलाई कसैले नेपाल राज्यभित्र प्रवेश, उपस्थिति र प्रस्थान गराउनुहुँदैन ।

६. लिखत जाँच गर्न वा कब्जामा लिन सक्ने : विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानसँग सम्बन्धित लिखत अध्यागमन अधिकृत वा महानिर्देशकले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा पनि जाँच गर्न सक्नेछ र तत्सम्बन्धी कागजपत्र आफ्नो कब्जामा लिन सक्नेछ ।

७. महानिर्देशकको काम, कर्तव्य र अधिकार : महानिर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नेपाल राज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, व्यवस्थित र नियन्त्रण गर्ने, गराउने,

(ख) विदेशीहरूलाई पदयात्रा गर्न अनुमति दिने,

(ग) तोकिए बमोजिमको भिसा जारी गर्ने तथा भिसाको म्याद थप गर्ने,

(ग१) खण्ड (ख) बमोजिम दिइएको पदयात्रा अनुमति वा खण्ड (ग) बमोजिम जारी गरिएको वा म्याद थप गरिएको भिसा तोकिए बमोजिमको अवस्थामा रद्द गर्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने,

(ङ) नेपाल सरकारले समय समयमा दिएको निर्देशनअनुसार अन्य काम गर्ने, गराउने ।

८. अध्यागमनसम्बन्धी अपराधको तहकिकात : (१) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै अपराध भए गरेको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभाग वा कार्यालयलाई जानकारी हुन आएमा महानिर्देशकले तोकेको अध्यागमन अधिकृतले सोसम्बन्धी अपराधको तहकिकात र कार्बाही गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अपराधको तहकिकात गर्दा वा सबुत प्रमाण सङ्कलन गर्दा अपराधमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, अपराधको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिन अपराधसँग सम्बन्धित कागजात वा अन्य मालवस्तु आफ्नो जिम्मामा लिन तथा सर्जमिन मुचुल्का तयार गर्नसमेत प्रचलित कानुनबमोजिम प्रहरीले पाएसरहको सबै अधिकार अध्यागमन अधिकृतलाई प्राप्त हुनेछ । त्यसरी तहकिकात गर्दा अध्यागमन अधिकृतले अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाडन वा अदालतको अनुमति लिई पच्चीस दिनसम्म थुनामा राख्न सक्नेछ ।

तर, अध्यागमन अधिकृतले अपराधको तहकिकात सुरु गर्नेबित्तिकै सोको जानकारी महानिर्देशकलाई दिनुपर्नेछ ।

(२क) उपदफा (२) बमोजिम धरौट वा जमानत दिनुपर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई थुनामा राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम तहकिकात गर्दा अध्यागमन अधिकृतले आवश्यक परेमा सरकारी वकीलको परामर्श लिन सक्नेछ ।

९. निष्काशन गर्न सकिने : (१) यस ऐनबमोजिम अध्यागमन अधिकृतले कुनै विदेशीको हकमा अपराधको तहकिकात पूरा गरी महानिर्देशक समक्ष प्रतिवेदन पेस गरेपछि सो प्रतिवेदनको आधारमा महानिर्देशकले तोकिए बमोजिम नियमित गर्नुपर्ने कुराहरूको हकमा नियमित गरी त्यस्तो विदेशीलाई नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी पुनः नेपाल राज्यमा प्रवेश गर्न नपाउने गरी नेपाल राज्यबाट निष्काशन गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा प्रचलित कानुन विपरीत कार्य गरेबापत दण्डसजाय भोगिसकेका भिसा लिनुपर्ने अवस्थाका विदेशीलाई महानिर्देशकले नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी नेपाल राज्यबाट निष्काशन गर्ने आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) र (१क) बमोजिम निष्काशन गरिएको विदेशीले निष्काशन गरिएको अवधिसम्म नेपाल राज्यभित्र पुनः प्रवेश गर्न पाउनेछैन ।

(३) निष्काशनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. दण्डसजाय : (१) कसैले दफा ५ बमोजिमको अपराध गरे गराएमा निजलाई पचास (५०) हजार रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ९ को उपदफा (२) को उल्लङ्घन गरे गराएमा निजलाई पहिलोपटक पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा त्यसपछि पुनः उल्लङ्घन गरेमा निजलाई पटकैपिच्छे पचास हजार रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) वा (२) अन्तर्गतको सजाय हुने अपराधको मतियारलाई त्यस्तो अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) माथिका उपदफाहरूमा लेखिएबाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कसैले कुनै कार्य गरेमा निजले तिर्नुपर्ने भनी ठहर भएको बिगो रकम समेत असुल गरी निजलाई महानिर्देशकले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

११. पुनरावेदन दिन सक्ने : दफा १० को उपदफा (४) बमोजिम सजाय भएकोमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१२. नेपाल सरकार वादी हुने : यस ऐनअन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

१३. भिसा दस्तुर नलाग्ने : यो ऐन वा प्रचलित कानुन बमोजिम तहकिकातको क्रममा थुनामा परेको कुनै विदेशीको हकमा थुनामा रहेको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अवधिसम्म र मुद्दा दायर गरिएको कुनै विदेशीको हकमा त्यस्तो मुद्दा दायर गरिएको दिनदेखि मुद्दाको फैसला भई कैदको सजाय भएकोमा कैद भुक्तान भएको दिनसम्म र जरिवाना मात्र भएकोमा जरिवाना बुझाएको दिनसम्मको भिसा दस्तुर लाग्ने छैन ।

१४. नेपाल सरकारको अधिकार : (१) नेपाल सरकारले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको सबै वा केही प्रावधानहरू कुनै वर्ग, जात, जाति वा राष्ट्रियताका विदेशीहरूलाई लागु नहुने वा तोकिएको सर्तहरू बमोजिम मात्र लागु हुने व्यवस्था गर्न सक्नेछ ।

(२) नेपाल सरकारलाई नेपाल राज्यभित्र कुनै पनि विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थानबाट राष्ट्रिय हित प्रतिकूल हुन सक्छ भन्ने लागेमा त्यस्तो विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थान निषेध गर्न सक्नेछ ।

१५. अधिकार प्रत्यायोजन गर्न सक्ने : यस ऐनबमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आफ्नो मातहतका अन्य अधिकृत वा कर्मचारीलाई सुम्पन सक्नेछ ।

१६. अन्य प्रचलित कानुनअनुसार कार्बाही गर्न बाधा नपर्ने : यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्तिमाथि अन्य प्रचलित कानुनबमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

१७. असल नियतले गरेकोमा बचाउ : यस ऐनबमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कार्यको निमित्त क्षतिपूर्तिको दाबी गर्न वा कुनै कर्मचारी उपर मुद्दा चलाउन वा अन्य कुनै कानुनी कार्बाही चलाउन पाइने छैन ।

१८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

१९. खारेजी र बचाउः (१) विदेशीसम्बन्धी ऐन, २०१५ खारेज गरिएको छ ।

(२) विदेशीसम्बन्धी ऐन, २०१५ र सो ऐनअन्तर्गतका नियमबमोजिम भए गरेका काम कार्बाही यसै ऐनबमोजिम भएगरेको मानिनेछ ।

रूपान्तरण : *श्री ५ को सरकारको* सट्टा नेपाल सरकार *र नेपाल अधिराज्यको* सट्टा नेपाल राज्य गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अध्यागमन नियमावली, २०५१

(अध्यागमन (पाँचौं संशोधन) नियमावली, २०६४ समेत)

नेपाल राजपत्रमा प्रकाशित मिति :

२०५१।२।२३

संशोधन

अध्यागमन (पहिलो संशोधन) नियमावली, २०५८	२०५८।२।२२
अनसूचीमा संशोधन	२०५३।६।२८
अध्यागमन (दोस्रो संशोधन) नियमावली, २०५९	२०५९।३।३
अनुसूचीमा सूचनाले हेरफेर	२०५९।३।३
अध्यागमन (तेस्रो संशोधन) नियमावली, २०५९	२०५९।६।२१
अध्यागमन (चौथो संशोधन) नियमावली, २०६०	२०६०।४।१९
अध्यागमन (पाँचौं संशोधन) नियमावली, २०६४	२०६५।३।२

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "अध्यागमन नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले अध्यागमन ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) "पर्यटक" भन्नाले कम्तीमा एक रात वा चौबीस घन्टा नेपाल राज्यमा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

बिताउने विदेशी सम्झनुपर्छ ।

(ग) "परिवार" भन्नाले लोग्ने स्वास्नी तथा आमा, बाबु र आश्रित छोरा, छोरी सम्झनुपर्छ ।

(घ) "पदयात्रा क्षेत्र" भन्नाले पदयात्रा गर्न अनुमति लिनुपर्ने गरी नेपाल सरकारले तोकेको क्षेत्र सम्झनुपर्छ ।

(ङ) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, नेपाली महावाणिज्य दूतावास र नेपाली वाणिज्य दूतावास सम्झनुपर्छ र सो शब्दले स्थायी वा अस्थायी रूपमा नेपाल सरकारको विदेशमा प्रतिनिधित्व गर्ने सङ्गठन वा अधिकारीलाई समेत जनाउँछ ।

(च) "एजेन्सी" भन्नाले विदेशीहरूको आगमन, उपस्थिति र प्रस्थानसम्मको अवधिमा विदेशीलाई सेवा उपलब्ध गराउने व्यक्ति वा नेपाल सरकारको इजाजत प्राप्त संस्था तथा यात्रुहरूको आवागमन गराउने संस्था सम्झनुपर्छ ।

(छ) "भिसा वर्ष" भन्नाले यस नियमावलीको प्रयोजनको लागि कुनै सालको जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधि सम्झनुपर्छ ।

परिच्छेद २

भिसासम्बन्धी व्यवस्था

३. भिसा दिने वा नदिने नेपाल सरकारको अधिकार :

(१) कुनै विदेशीलाई भिसा दिने वा नदिने सम्पूर्ण अधिकार नेपाल सरकारमा निहित रहनेछ ।

(२) नेपाल सरकारले कुनै मित्रराष्ट्रका नागरिकलाई पारस्परिकताको आधारमा भिसा नलिई नेपालभित्र प्रवेश गर्न दिन सक्नेछ ।

४. कूटनीतिक भिसा :

(१) नेपाल सरकारले विशेष आदेश जारी गरेको अवस्थामा बाहेक कुनै पनि मुलुकबाट कूटनीतिक राहदानी प्राप्त गरी सम्बन्धित विदेशी कूटनीतिक नियोगबाट कूटनीतिक भिसाको निमित्त सिफारिस गरी पठाएको व्यक्ति, नेपाल सरकारबाट कूटनीतिक सुविधा प्रदान गर्न उपयुक्त ठहऱ्याएको व्यक्ति तथा त्यस्तो कूटनीतिक राहदानी प्राप्त व्यक्तिको परिवारका

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सदस्यलाई कूटनीतिक भिसा दिइनेछ ।

(२) कूटनीतिक भिसा नेपालमा काम गरुन्जेलसम्मको लागि पारस्परिकताको आधारमा एकैपटक वा पटकपटक म्याद थप गरी दिइनेछ ।

(३) कूटनीतिक भिसाका लागि अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

तर, विदेशी कूटनीतिक नियोग वा सो कार्यको लागि अधिकार प्राप्त निकायबाट विवरणसहित अनुरोध वा सिफारिस भई आएमा अनुसूची - १ बमोजिम निवेदन दिनु आवश्यक हुनेछैन ।

५. औपचारिक भिसा (अफिसियल भिसा) :

(१) नेपाल सरकारले उपयुक्त ठहऱ्याएका व्यक्ति र तिनका परिवार तथा सम्बन्धित विदेशी कूटनीतिक निकायको सिफारिसमा देहायका विदेशी र तिनका परिवारलाई औपचारिक (अफिसियल) भिसा दिइनेछ :

(क) नेपालका लागि आवासीय वा गैरआवासीय कूटनीतिक नियोग, वाणिज्य दूतावासमा काम गर्ने प्रशासनिक, प्राविधिक तथा गैरकूटनीतिक कर्मचारी तथा बाह्य मुलुकबाट नेपाल घुम्न आउने बहालवाला नेपाली अवैतनिक महावाणिज्यदूतहरू, वाणिज्यदूतहरू र तिनका परिवार,

(ख) नेपाल सरकारसँग भएको सम्झौताबमोजिम नेपालमा रहने सल्लाहकार विशेषज्ञहरू,

(ग) संयुक्त राष्ट्र सङ्घ वा त्यसअन्तर्गतका संस्थाहरूका नेपालस्थित कार्यालयमा काम गर्ने कर्मचारीहरू र संयुक्त राष्ट्र सङ्घद्वारा प्रदान गरिएको लेसेपेसे प्राप्त व्यक्तिहरू,

(घ) नेपालस्थित अन्तर्राष्ट्रिय संस्था वा क्षेत्रीय सङ्गठनहरूमा काम गर्ने कर्मचारीहरू,

(ङ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्र सङ्घ वा क्षेत्रीय सङ्गठन वा सो अन्तर्गतका अन्य निकायद्वारा आयोजित सभा, सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने व्यक्तिहरू ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) औपचारिक भिसाको लागि अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

तर, विदेशी कूटनीतिक नियोग वा सो कार्यको लागि अधिकारप्राप्त निकायबाट विवरणसहित अनुरोध वा सिफारिस भई आएमा अनुसूची -१ बमोजिमको निवेदन दिनुपर्ने छैन ।

६. पर्यटक भिसा:

(१) नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई पर्यटक भिसा दिइनेछ ।

(२) पर्यटक भिसा एक भिसा वर्षमा बढीमा एकसय पचास दिनका लागि दिइनेछ ।

(३) एक भिसा वर्षमा जारी गरिएको भिसामा तोकिएको अवधि पूरा नगर्दै प्रस्थान गरेको पर्यटकले बाँकी अवधि अर्को भिसा वर्षमा जोडी उपयोग गर्न पाउने छैन ।

(४) एक भिसा वर्षको अन्त्यतिर नेपाल प्रवेश गरी अर्को भिसा वर्षको पर्यटक भिसामा बस्न पाउने अवधि पनि कुनै विदेशीले उपभोग गर्न चाहेमा सो सुविधा निजले उपभोग गर्न सक्नेछ ।

तर, त्यस्तो अवधिको दस्तुरको गणना भने निज बसेको कूल अवधिका आधारमा गरिनेछ ।

(५) पर्यटक भिसाका लागि अनुसूची -१ बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

७. अध्ययन भिसा :

(१) नेपाल सरकारको स्वीकृति प्राप्त गरी नेपाल राज्यको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न आउने विदेशीहरू, तिनका परिवारलाई अध्ययन भिसा दिइनेछ ।

(२) नेपाल सरकारबाट प्राप्त छात्रवृत्तिअन्तर्गत वा नेपाल सरकारबाट स्वीकृत कार्यक्रमअर्न्तगत वा दुई विश्वविद्यालय बीच भएको सम्झौता अन्तर्गत अध्ययन तथा अनुसन्धान गर्न आउने वा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रहरूबाट अध्ययन गर्न आउने विदेशी वा माध्यमिक तहसम्मको अध्ययन गर्न आउने विदेशी बाहेक आफू खुसी अध्ययन तथा अनुसन्धान गर्न चाहने अन्य विदेशीलाई नेपालमा रहँदा एकैपटक वा मासिक दामासाहीमा वार्षिक न्यूनतम तीन

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हजार अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा र निजका परिवारका हकमा वार्षिक न्यूनतम दुई हजार अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा खर्च गर्न सक्ने आधिकारिक स्रोत वा सो बराबरको वैदेशिक मुद्राको सटही रसिद वा सो बराबरको नेपाली मुद्रा स्थानीय बैङ्कमा मौज्दात रहेको कागजात पेस गरेको आधारमा मात्र अध्ययन भिसा दिइनेछ ।

(३) अध्ययन भिसा एकपटकमा एक वर्षका लागि दिइनेछ । सोभन्दा बढी अवधिका लागि दिनुपरेमा त्यस्ता व्यक्तिको अध्ययन तथा अनुसन्धान प्रगति विवरण तथा क्रियाकलाप लगायत अन्य आवश्यक कुराहरूलाई समेत विचार गरी म्याद थप गर्न सकिनेछ ।

तर, अनुसन्धानकर्ता र अध्ययनकर्ताको हकमा यस्तो म्याद थप अनुसन्धान अवधि वा अध्ययनरत शैक्षिक उपाधि अवधिसम्मका लागि मात्र हुनेछ ।

(३क.) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक विषयमा अध्ययन गर्नेहरूको हकमा सम्बन्धित विषयमा शैक्षिक उपाधि अवधिसम्मको लागि एकैपटक अध्ययन भिसा दिन सकिनेछ ।

(४) अध्ययन भिसाको लागि सम्बन्धितको सिफारिस पेस गर्नुपर्नेछ ।

(५) अध्ययन भिसाको लागि अनुसूची - २ बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

८. <u>गैरपर्यटक भिसा:</u>

१) देहायका विदेशी र तिनका परिवारका सदस्यहरूलाई गैरपर्यटक भिसा दिइनेछ ।

(क) विदेशी मित्रराष्ट्रका सरकारी वा गैरसरकारी संस्थाबाट खर्च व्यहोर्ने गरी नेपाल सरकारको स्वीकृति प्राप्त सामाजिक वा आर्थिक विकास कार्यमा संलग्न विदेशीहरू,

(ख) नेपालस्थित विदेशी नियोगद्वारा सञ्चालित संस्थामा काम गर्नको लागि परराष्ट्र मन्त्रालयबाट सिफारिस प्राप्त विदेशीहरू,

(ग) विदेशी पत्रपत्रिका तथा समाचार समितिमा काम गर्नका लागि सूचना तथा सञ्चार मन्त्रालयबाट सिफारिस प्राप्त विदेशी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रतिनिधिहरू,

(घ) कूटनीतिक वा औपचारिक भिसा प्राप्त विदेशीको परिचारकको रूपमा काम गर्न सम्बन्धित मन्त्रालयबाट सिफारिस प्राप्त विदेशीहरू,

(ङ) नेपाल राज्यभित्र कुनै फर्म, कम्पनी, संस्था, उद्योग वा व्यवसायमा पारिश्रमिक पाउने गरी काम गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशीहरू,

(च) नेपाल रज्यस्थित कुनै अन्तर्राष्ट्रिय हवाई संस्थामा काम गर्न सम्बन्धित मन्त्रालयबाट सिफारिस प्राप्त विदेशीहरू,

(छ) विदेशी सरकारी निकाय वा विदेशी मुलुकको उद्योग वाणिज्य सङ्घ वा च्याम्बर अफ कमर्सको सिफारिसमा तेस्रो मुलुकबाट नेपाल आउने विदेशी आयातकर्ता,

(ज) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भई विवाह दर्ताको प्रमाणपत्र पेस गर्ने विदेशीहरू,

(ज१) नेपाली मूलका विदेशी वा नेपाली बाबु वा आमाको विदेशी राहदानीवाहक सन्तान नेपालमा कुनै नातेदार भेट्न आउने भएमा वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीका बाबु, आमा, दाजु, भाइ, दिदी वा बहिनी सम्बन्धित दूतावासको नाता खुलेको सिफारिससहित निजलाई भेट्न आउने भएमा,

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि 'नातेदार' भन्नाले बाबु वा आमापट्टिको तीन पुस्ताभित्रको व्यक्तिलाई जनाउनेछ ।

(झ) सरकारी वा गैरसरकारी स्तरमा सम्पन्न सम्झौता वा सहमतिअनुसार सम्बन्धित मन्त्रालयको सिफारिसमा काम गर्न आएका विदेशीहरू,

(ञ) उद्योग वा व्यवसायको सम्भाव्यता अध्ययन गर्न बढीमा ६ महिनासम्मका लागि सम्बन्धित मन्त्रालयको सिफारिस प्राप्त विदेशीहरू,

तर, यस खण्डबमोजिमका विदेशीहरूले भिसा निवेदन फारम साथ लगानीको स्रोत खुलेको कागजात, लगानीकर्ताको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

योग्यता तथा अनुभवसम्बन्धी विवरणहरूसमेत पेस गर्नुपर्नेछ ।

(ट) समूहगत रूपमा पर्यटकहरूलाई नेपाल भ्रमण गराउन सम्बन्धित मन्त्रालयको सिफारिससहित आवेदन गर्ने विदेशीहरूको टोली नेता,

(ट १) समाज कल्याण परिषद् वा सम्बन्धित मन्त्रालयसँग सम्पन्न सम्झौताअनुसार गैरसरकारी संस्थामा काम गर्न आउने सम्बन्धित मन्त्रालयको सिफारिस प्राप्त विदेशीहरू,

(ठ) नेपाल सरकारले उपयुक्त ठहऱ्याएका विदेशीहरू ।

(२) गैरपर्यटक भिसा एकपटकमा बढीमा एक वर्षका लागि प्रदान गरिनेछ र आवश्यकताअनुसार पुनः म्याद थप गर्न सकिनेछ ।

(३) झिकिएको ।

(४) गैरपर्यटक भिसा लिनका लागि अनुसूची -२ बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

तर, उपनियम (१) को खण्ड (ज) बमोजिमका विदेशीहरूले अनुसूची -२ (क) बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

९. व्यावसायिक भिसा:

(१) देहायका विदेशीहरू र तिनका परिवारलाई सम्बन्धित निकायको सिफारिसमा व्यावसायिक भिसा दिइनेछ :

(क) नेपाल राज्यभित्र व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने इजाजत प्राप्त विदेशीहरू वा त्यस्ता व्यापारिक वा औद्योगिक संस्थाको अधिकृत प्रतिनिधि,

(ख) नेपाल राज्यबाट निकासी व्यापार गर्न लगानी गर्ने इजाजत प्राप्त विदेशीहरू,

(ग) तेस्रो मुलुकबाट नेपालमा आई नेपालमा उत्पादित माल सामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीहरू ।

(२) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक व्यावसायिक भिसा एकपटकमा बढीमा पाँच वर्षका लागि प्रदान गरिनेछ र आवश्यकताअनुसार यसको म्याद थप गर्न सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (ग) बमोजिमको विदेशीलाई एकपटकमा नब्बे दिनसम्म नेपाल राज्यमा बस्न पाउने गरी पाँच बर्षे बहुप्रवेशी व्यावसायिक भिसा दिइनेछ ।

(२ख) उपनियम (२क) बमोजिम नेपाल राज्यमा बस्न पाउने गरी दिइएको म्यादभित्र भिसा वाहकको व्यावसायिक काम कारोबार सम्पन्न हुन नसकेको कारण र सम्बद्ध प्रमाणसमेत राखी निवेदन दिएमा निजको कार्यक्षमताको आधारमा उपनियम (२क) मा उल्लेख भएबमोजिम नेपालमा बस्न पाउने अवधिसम्मको लागि भिसा नवीकरण गर्न सकिनेछ ।

(३) व्यावसायिक भिसाका लागि अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

१०. अन्तरिम (ट्रान्जिट) भिसा : (१) नेपालको विमानस्थल भई कुनै अर्को मुलुक जाने गरी हवाई टिकटसहित रात बिताउने गरी नेपालमा प्रवेश गरेका विदेशीलाई वा कुनै कारणवश आकस्मिक रूपमा नेपालको विमानस्थलमा अवतरण गरेको वायुयानमा यात्रा गरिरहेको विदेशीलाई एक दिनका लागि अन्तरिम भिसा दिइनेछ।

(२) उपनियम (१) बमोजिमको भिसाको लागि अनुसूची - ३ बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

१०क. गैरआवासीय नेपाली भिसा (नन रेजिडेन्सियल नेप्लिज भिसा):

(१) विदेशमा बसोबास गर्ने नेपाली मूलका विदेशीले नेपालमा बसोबास गर्न वा व्यापार, व्यवसाय वा कुनै विषयमा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न चाहेमा निज र निजको परिवारलाई गैरआवासीय नेपाली भिसा दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको भिसाको लागि अनुसूची -३क. बमोजिमको ढाँचामा विदेशस्थित नेपाली नियोगमार्फत वा विभागमा सोझै निवेदन दिन सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको भिसा एकपटकमा बढीमा दस वर्षसम्मको लागि प्रदान गर्न सकिनेछ र आवश्यकताअनुसार यसको म्याद थप गर्न सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(४) गैरआवासीय भिसाको ढाँचा अनुसूची -३ख. बमोजिमको हुनेछ ।

११. आवासीय (रेजिडेन्सियल) भिसा:

(१) नेपाल राज्यमा जीवन बिताउन चाहने देहायका विदेशीहरू र तिनका परिवारलाई आवासीय भिसा दिइनेछ :-

(क) अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति,

(ख) नेपाल राज्यको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिमा विशेष योगदान पुऱ्याउन सक्ने व्यक्ति,

(ग) नेपाल राज्यको औद्योगिक व्यवसायमा कम्तीमा एक लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा एकैपटक लगानी गर्ने व्यक्ति,

(घ) नेपाल राज्यमा कुनै व्यवसाय नगरी जीवनयापन गर्न चाहने विदेशी ।

(२) उपनियम (१) को खण्ड (घ) मा उल्लेख भएका विदेशीबाहेक अन्य खण्डमा उल्लेख भएका विदेशीलाई आवासीय भिसा सिफारिस गर्ने नियोगले परराष्ट्र मन्त्रालयमार्फत त्यस्तो विदेशीले भरेको निवेदनसहित विभागमा पठाउनुपर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ङ) का आधारमा आवासीय भिसा प्राप्त गर्न चाहने विदेशीले एकमुष्ट वार्षिक बीस हजार अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा नेपालमा खर्च गर्ने स्रोत प्रमाणित हुने कागजात र नवीकरण गर्न चाहने विदेशीले सो कागजातसहित एकमुष्ट वा पटक पटक उक्त रकम खर्च गरेको पुष्टि हुने प्रमाण पेस गर्नुपर्नेछ ।

(४) आवासीय भिसा लिन चाहने विदेशीले अनुसूची (४) बमोजिमको ढाँचामा विभागमा वा सम्बन्धित नियोगमा निवेदन दिनुपर्नेछ ।

(५) आवासीय भिसाको ढाँचा अनूसूची - ४(क) बमोजिमको हुनेछ ।

१२. भिसा दिने, नियमित गर्ने र नवीकरण गर्ने अधिकारी :

(१) देहायको भिसा देहायको अधिकारीद्वारा दिइने, नियमित गरिने र नवीकरण गरिनेछ ।

भिसाको किसिम	भिसा दिने, नियमित गर्ने र नवीकरण गर्ने अधिकारी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) कूटनीतिक भिसा	परराष्ट्रमन्त्रालय, तर, तीस दिनसम्मको लागि नियोग वा प्रवेश स्थलस्थित अध्यागमन कार्यालयले (प्रवेश भिसाको रूपमा) कूटनीतिक भिसा दिन सक्नेछ ।
(ख) औपचारिक भिसा	परराष्ट्र मन्त्रालय, तर, तीस दिनसम्मको लागि नियोग वा प्रवेश स्थलस्थित अध्यागमन कार्यालयले (प्रवेश भिसाका रूपमा) औपचारिक भिसा दिन सक्नेछ ।
(ग) पर्यटक भिसा	(१) भिसा वर्षमा पन्ध्र दिन, तीस दिन र नब्बे दिनको प्रवेश भिसाका लागि नियोग वा प्रवेश बिन्दुको अध्यागमन अधिकृत, (२) नेपाल प्रवेश गरिसकेका पर्यटकहरूको भिसा म्याद थप तथा नियमित गरिदिनका लागि महानिर्देशक, तर, प्रस्थानका समयमा एकसय पचास दिनको अवधिभित्रको भए पन्ध्र दिनसम्मको भिसा प्रस्थान बिन्दुमा अध्यागमन अधिकृतले नियमित गरिदिन सक्नेछ ।
(घ) अध्ययन भिसा	महानिर्देशक,
(ङ) गैरपर्यटक भिसा	(१) नियम ८ को खण्ड (छ) बमोजिमको विदेशीको हकमा विदेशस्थित नेपाली राजदूतावास वा स्थायी नेपाली कूटनीतिक नियोग वा महानिर्देशक, (२) नियम ८ को खण्ड (ठ) बमोजिमको विदेशीको हकमा नेपाल

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

	सरकारको स्वीकृति लिई महानिर्देशक,
	(३) नियम ८ को अन्य खण्डबमोजिमको विदेशीका हकमा महानिर्देशक,
(च) व्यावसायिक भिसा	महानिर्देशक,
(छ) अन्तरिम भिसा	अध्यागमन अधिकृत,
(ज) आवासीय भिसा	पहिलो एक वर्षका लागि गृहमन्त्रालयको स्वीकृति लिई विभाग र नवीकरणको लागि विभाग,
	तर, नियम ११ को उपनियम (१) को खण्ड (घ) बमोजिमका विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई उद्योग विभागको सिफारिसमा विभाग,
(झ) गैरआवासीय नेपाली भिसा	पहिलो पटकको लागि गृहमन्त्रालयको स्वीकृतिमा नियोग वा महानिर्देशक र नवीकरणका लागि महानिर्देशक ।

(२) उप नियम (१) को खण्ड (क) र (ख) बमोजिम भिसा दिइएको व्यक्तिहरूको नाम, राष्ट्रियता, राहदानी नम्बर र भिसा अवधि खुलेको विवरण मासिक रूपमा परराष्ट्र मन्त्रालयले विभागलाई दिनुपर्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) बाहेक अन्य खण्डहरूबमोजिम नियोगबाट भिसा जारी गर्दा उठेको राजस्वको विवरण मासिक रूपमा परराष्ट्र मन्त्रालयले विभागमा पठाउनुपर्नेछ ।

(४) भिसा दिने अधिकारीले सम्बन्धित निकायहरूबाट भिसाका लागि सिफारिस भई आएकोमा त्यस्तो सिफारिस दर्ता भएका मितिले सामान्यतया ७ दिनभित्र भिसासम्बन्धी निर्णय गर्नुपर्नेछ ।

१३. भिसा दिन वा नेपाल राज्यभित्र प्रवेश गर्न दिन इन्कार गर्न सकिने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विदेशीहरूलाई भिसा दिन वा नेपालभित्र प्रवेश गर्न दिन अध्यागमन अधिकृतले

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

प्रवेश नै इन्कार गर्न सक्नेछ :-

(क) राहदानी र भिसा शङ्कास्पद देखिएमा,

(ख) ऐन वा यस नियमावलीको विपरीत काम गरेबापत निष्काशन गरिएका वा नेपालमा प्रवेश गर्न निषेध गरिएका,

(ग) यस नियमावलीबमोजिम बस्न पाउने अवधि व्यतीत गरिसकेका,

(घ) प्रवेश गर्न आउने विदेशीको यात्रा सम्बन्धी कागजात शङ्कास्पद देखिएमा ।

१४. नेपाल राज्यबाट प्रस्थान गर्न रोक लगाउन सकिने : देहायका व्यक्तिलाई नेपालबाट प्रस्थान गर्न विभाग वा अध्यागमन कार्यालयले रोक लगाउन सक्नेछ :-

(क) वैध राहदानी र प्रस्थान गर्ने भएको देशमा प्रवेश गर्नको लागि भिसा नभएका,

(ख) नेपाल राज्यबाट प्रस्थान गर्नबाट रोक लगाउनको लागि कुनै अधिकार प्राप्त अधिकारीबाट कारणसहितको जानकारी प्राप्त हुन आएका ।

१५. प्रवेश वा प्रस्थान स्थल : भिसा लिई नेपाल राज्यभित्र प्रवेश गर्न र नेपाल राज्यबाट प्रस्थान गर्ने विदेशीको प्रयोजनको लागि प्रवेश तथा प्रस्थान स्थल अनुसूची -५ बमोजिम हुनेछ ।

१६. आगमन तथा प्रस्थान फारम भर्नुपर्ने :

(१) प्रत्येक विदेशीले नेपाल राज्यभित्र प्रवेश गर्दा अनुसूची -६ बमोजिमको आगमन फारम र नेपाल राज्यबाट बाहिर प्रस्थान गर्दा अनुसूची -६(क) बमोजिमको प्रस्थान फारम भरी अध्यागमन कार्यालयमा बुझाउनुपर्नेछ ।

(१क.) अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी नेपाल बाहिर प्रस्थान गर्ने र नेपालभित्र प्रवेश गर्ने प्रत्येक नेपालीले क्रमशः अनुसूची -६(ख) र अनुसूची -६(ग) बमोजिमको ढाँचामा प्रस्थान वा आगमन फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बुझाएको फारमका आधारमा अध्यागमन कार्यालयले प्रत्येक दिन विदेशीहरूको आगमन अभिलेख अनुसूची -७ बमोजिमको ढाँचामा र प्रस्थान अभिलेख अनुसूची -७(क) बमोजिमको ढाँचामा तयार गरी विभागमा पठाउनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१७. आगमन तथा प्रस्थान प्रमाणित गर्ने : नेपाल राज्यमा प्रवेश वा नेपाल राज्यबाट प्रस्थान गर्ने प्रत्येक व्यक्तिले प्रवेश वा प्रस्थान स्थलमा आफ्नो प्रवेश वा प्रस्थान प्रमाणित गराउनुपर्नेछ । यसरी प्रस्थान वा प्रवेश प्रमाणित हुन छुट भएको व्यक्तिको हकमा कारणसहित निजको निवेदन पर्न आएमा विभागले छानविन गरी उचित देखेमा आगमन वा प्रस्थान प्रमाणित गरिदिनेछ ।

१८. कागजात देखाउनुपर्ने : विभाग वा सो अन्तर्गतका कार्यालयका कर्मचारीहरू र त्यस्ता कर्मचारीहरू नभएका ठाउँमा जिल्ला प्रशासन कार्यालयका अधिकृत कर्मचारी, प्रहरी कर्मचारी तथा सीमा प्रशासन कर्मचारीले कुनै विदेशीको राहदानी, भिसा, पदयात्रा अनुमतिपत्र र तत्सम्बन्धी कागजात हेर्न चाहेमा निजले तुरुन्त देखाउनुपर्छ ।

१९. उपस्थिति दर्ता गर्ने तथा ठेगाना परिवर्तनको सूचना दिनुपर्ने : (१) पर्यटक भिसाबाहेक अन्य भिसामा ६ महिनाभन्दा बढी अवधिसम्म नेपालमा बस्न पाउने गरी अनुमति प्राप्त गरेका विदेशीहरूले उपस्थिति दर्ता प्रयोजनको लागि अनुसूची -७(ख) बमोजिमको ढाँचामा विवरण भरी विभाग वा विभागले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ र अनुसूची -७(ग) बमोजिम सो को अभिलेख राखी विभाग वा विभागले तोकेको कार्यालयले निजलाई अनुसूची -७(घ) बमोजिमको उपस्थिति दर्ता प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ । भिसा अवधि थप भएका अवस्थामा उपस्थिति दर्ता प्रमाणपत्रको नवीकरण समेत गराउनुपर्नेछ ।

(२) भिसा लिन वा भिसाको म्याद थप्नको लागि निवेदनमा उल्लेख गरिएको वा उपस्थिति दर्ता प्रयोजनका लागि बुझाएको विवरणमा उल्लेख भएको नेपालमा बस्ने ठेगाना परिवर्तन गरेमा उपस्थिति दर्ता प्रमाणपत्र लिएका विदेशीले भए विभागमा वा दर्ता प्रमाणपत्र दिने कार्यालयमा र सोबाहेकका अन्य विदेशीले भए विभाग वा कार्यालय वा स्थानीय प्रहरी कार्यालयमा आफ्नो नाम, राहदानी नम्बर र नयाँ ठेगानाको सूचना दिनुपर्नेछ ।

(३) एक सय बीस दिनभन्दा बढी नेपालमा बसोबास गरेको कुनै विदेशीले नेपालको कुनै स्थानमा तीन दिनभन्दा बढी समय बिताउने गरी गएमा आफ्नो नाम, राहदानी नम्बर र ठेगाना समेत खुलेको विवरणसहित त्यस्तो स्थानको स्थानीय प्रहरी कार्यालयमा आफ्नो उपस्थिति दर्ता गराउनु पर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२०. काम गर्नमा प्रतिबन्ध :

(१) यस नियमावलीबमोजिम पर्यटक र परिवारको सदस्यको हैसियतले भिसा पाउने विदेशीले नेपाल राज्यभित्र रहँदा पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न पाउने छैन ।

(२) यस नियमावलीबमोजिम भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो सोबाहेक अन्य काम गर्न पाइने छैन ।

२१. भिसा खारेजीको लागि सूचना दिनुपर्ने : पर्यटक भिसाबाहेक अन्य किसिमको भिसा प्राप्त कुनै विदेशीले कुनै कारणबाट आफूले पाएको भिसा अवधि व्यतीत गर्न नपाउने भएमा सम्बन्धित विदेशी वा निजको कार्यसँग सम्बन्धित कार्यालयको प्रमुखले उक्त भिसा खारेजीको निमित्त सात दिनभित्र अनिवार्य रूपमा भिसा दिने अधिकारीलाई सूचना गर्नुपर्नेछ ।

२२. भिसा नियमित गर्ने : प्रचलित कानुनबमोजिम कार्बाहीको सिलसिलामा कुनै विदेशी थुनिएमा वा थुनिएको आधिकारिक जानकारी प्राप्त भएमा वा निजउपर कुनै कानुनी कार्बाही चलेकोमा सो को किनारा नभएसम्मको लागि नेपालमा निजको उपस्थिति आवश्यक पर्ने अवस्था भएमा विभागले निजलाई सोही व्यहोरा उल्लेख गरी ऐनमा व्यवस्था भएअनुसार भिसा नियमित गरिदिनुपर्नेछ । थुनाबाट मुक्त भएको वा कानुनी कार्बाहीको किनारा लागेका मितिले सामान्यतया सात दिनभित्र त्यस्तो विदेशीलाई नेपाल राज्यबाट निष्काशन वा प्रस्थान गराउन सकिनेछ ।

२३. भिसाको हैसियत बदल्न सकिने : कुनै किसिमको भिसा लिएर आएको विदेशीले जुन कामको लागि त्यस्तो भिसा प्राप्त गरेको थियो सो काम समाप्त भएपछि त्यस्तो विदेशीले अर्को किसिमको भिसाको लागि निवेदन गरेमा नियम १२ बमोजिमको अधिकारीले ऐन र यस नियमावलीमा लेखिएको कुराहरूको अधीनमा रही त्यस्तो विदेशीलाई अर्को किसिमको भिसा दिन सक्नेछ ।

२४. अस्थायी रूपमा भिसा सिफारिस वा जारी गर्न सकिने :

(१) अध्ययन, गैर-पर्यटक र व्यावसायिक भिसाको लागि सिफारिस गर्न समय लाग्ने भएमा सम्बन्धित मन्त्रालयले सोही व्यहोरा जनाई बढीमा ३ महिनासम्मको लागि अस्थायी रूपमा अध्ययन, गैर-पर्यटक र व्यावसायिक भिसाको सिफारिस गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) नियम ८ को उपनियम (१) (ज) अनुसारका विदेशीलाई विवाह दर्ता प्रमाणपत्र पेस गर्न समय लाग्ने भएमा सम्बन्धित मुलुकको अधिकारी वा दूतावासको सिफारिसको आधारमा विभागले बढीमा ३ महिनासम्मको गैरपर्यटक भिसा जारी गर्न सक्नेछ ।

२५. यात्रा अनुमतिपत्र जारी गर्न सक्ने : कुनै विदेशीको राहदानी हराई वा प्रयोग हुन नसक्ने गरी नोक्सान भई, म्याद समाप्त भई वा अन्य कुनै कारणबस नयाँ राहदानी प्राप्त गर्न नसक्ने अवस्थाका विदेशीलाई नेपाल राज्यबाहिर प्रस्थान गर्ने प्रयोजनको लागि विभागले यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

तर, कूटनीतिक र औपचारिक राहदानीवाहकको हकमा त्यस्तो अनुमतिपत्र परराष्ट्रमन्त्रालयले जारी गर्नेछ ।

२६ भिसा स्थानान्तरण : नियम २५ बमोजिम कुनै विदेशीले यात्रा अनुमतिपत्र प्राप्त गरेको वा पुरानो राहदानी हराई वा म्याद समाप्त भई नयाँ राहदानी प्राप्त गरेको अवस्थामा कूटनीतिक वा औपचारिक भिसाको हकमा परराष्ट्रमन्त्रालय र अन्य भिसाका हकमा विभागले राहदानी वा यात्रा अनुमतिपत्रमा भिसा स्थानान्तरण गरी दिन सक्नेछ ।

२७. भिसाको म्याद थपका लागि निवेदन : कूटनीतिक तथा औपचारिक भिसाबाहेक अन्य भिसाको म्याद थप गराउन अनुसूची -८ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२८ भिसा रद्द गर्न सकिने अवस्था :

(१) देहायका अवस्थामा विभागले विदेशीको भिसा रद्द गर्न सक्नेछ :

(क) माग भएको समयमा स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रमाणपत्र पेस नगरेमा,

(ख) मगज बिग्रेमा वा बहुलाएमा,

(ग) सङ्गिन फौजदारी अपराधको कसुर गरी भागि आएको देखिएमा,

(घ) कुनै सरुवा वा गम्भीर रोग लागेको भएमा,

(ङ) निजको उपस्थितिबाट नेपालको शान्ति, सुरक्षा र नेपाली जनताको पारस्परिक सौहार्दतामा प्रतिकूल असर पर्ने देखिएमा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(च) संन्दिग्ध आचरण वा अवान्छित क्रियाकलाप गरे, गराएमा,

(छ) नेपाल राज्यभित्रको सामाजिक र सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा,

(ज) ऐन, यस नियमावली र अन्य प्रचलित कानुनको उल्लङ्घन गरे, गराएमा,

(झ) जुन उद्देश्यका लागि भिसा प्रदान गरिएको हो सो अनुरूपको कार्य नगरी अन्य कामकुरा गरेमा वा जुन प्रयोजनको लागि भिसा लिएको हो, सो समयअगावै त्यस्तो प्रयोजन समाप्त भएमा,

(ञ) एक प्रकारको भिसामा बसिरहेको अवस्थामा अन्य भिसा दिनुपर्ने गरी सम्बन्धित निकायबाट सिफारिस प्राप्त भएमा वा भिसाको लागि आवेदन गरेमा त्यस्तो विदेशीलाई नयाँ भिसा जारी गर्नको लागि सावि‍क भिसा रद्द गर्नु परेमा ।

(२) उपनियम (१) बमोजिम भिसा रद्द गरिएमा, सोबापत बुझाएको दस्तुर फिर्ता गरिने छैन ।

२९. दस्तुर :

(१) नेपाल राज्यभित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा, भिसाको म्याद थप गर्दा वा भिसाको म्याद नघाई बसेका विदेशीहरूको भिसा नियमित गर्नुपर्दा वा यात्रा अनुमतिपत्र जारी गर्दा वा भिसा स्थानान्तरण गर्दा भिसासम्बन्धी वा अन्य दस्तुर अनुसूची - ९ मा तोकेबमोजिम हुनेछ ।

तर दस वर्षमुनिका बालबालिकाहरूलाई भिसा दस्तुर लाग्नेछैन ।

(२) उपनियम (१) बमोजिम तोकेको भन्दा घटी वा बढी भिसा दस्तुर लगाउने मुलुकको नागरिकहरूलाई पारस्परिकताको आधारमा भिसा दस्तुर लिइनेछ ।

३०. एकप्रवेशी वा बहुप्रवेशी सुविधाको व्यवस्था :

(१) यस नियमावलीबमोजिम भिसा जारी गर्दा एकप्रवेशी र बहुप्रवेशी सुविधासमेत प्रदान गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम जारी गरिएको सुविधा नियोगबाट भिसा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

जारी गरेको अवस्थामा भिसाको प्रवेश मान्य अवधिसम्म र कार्यालय वा विभागबाट भिसा जारी गरेको अवस्थामा भिसा मान्य अवधिसम्म मात्र कायम रहनेछ ।

तर, यस्तो सुविधा प्राप्त विदेशीको नेपाल बस्ने कूल अवधि भने अन्य सुविधा लिएको वा म्याद थप गरेको अवस्थामा बाहेक सुविधा जारी गर्दा उल्लेख गरिएको नेपाल बस्ने अवधिभन्दा बढी हुन सक्ने छैन ।

३१. भिसा दस्तुर छुट : देहायका अवस्थामा देहायका व्यक्तिलाई नेपाल राज्यभित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा र भिसाको म्याद थप गर्दा भिसा दस्तुर छुट दिन वा मिनाहा गर्न सकिनेछ :-

(क) कूटनीतिक वा औपचारिक भिसा प्राप्त गर्ने विदेशीलाई,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्रसङ्घ वा क्षेत्रीय सङ्गठन वा अन्य कुनै अन्तर्राष्ट्रिय सङ्घसंस्था वा सो अन्तर्गतका निकायहरूद्वारा आयोजित सभा, सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने विदेशीलाई,

(ग) नेपाल राज्यसँग दौत्य सम्बन्ध भएको मुलुकका प्रतिष्ठित व्यक्तिलाई,

(घ) पारस्परिकताका आधारमा जुनसुकै मुलुकका नागरिकहरूलाई,

(ङ) नेपाली बाबुआमा वा बाबुआमामध्ये एकजना नेपाली भई निजहरूबाट जन्मेका १६ वर्षसम्मका विदेशी राहदानी प्राप्त सन्तानलाई,

(च) नेपाली मूलको व्यक्तिले नेपाल राज्यस्थित विदेशी नियोगबाट पहिलोपटक राहदानी लिएपछि विदेश प्रस्थान नगरुन्जेलसम्म त्यस्तो व्यक्तिलाई,

(छ) नेपाल सरकारको छात्रवृत्ति वा नेपाल सरकारबाट बजेट विनियोजन भएको स्वीकृत कार्यक्रममा भाग लिनआउने वा नेपाल सरकारसँग भएको सम्झौतामा भिसा दस्तुर छुट दिइने उल्लेख भएका व्यक्तिहरूलाई,

(ज) उडान रद्द भई नेपालराज्यबाट प्रस्थान गर्न नसक्ने व्यक्तिलाई अर्को उडानबाट प्रस्थान नगरुन्जेलसम्मको अवधिका लागि,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) आफ्नो काबुबाहिरको परिस्थितिले गर्दा कुनै विदेशीले भिसामा तोकिएको अवधिभन्दा बढी अवधि बस्नुपरेमा वा नियम २९ को उपनियम (१) बमोजिम नियमित गराउँदा ।

३१क. भिसा दस्तुर छुट दिने अधिकारी : देहायका अवस्थामा देहायका अधिकारीले भिसा दस्तुर छुट दिन वा मिनाहा गर्न सक्नेछन् :-

(क) नियम ३१ को खण्ड (क), (ख) र (ग) का अवस्थामा : परराष्ट्रमन्त्रालय, प्रवेश भिसाका रूपमा कूटनीतिक वा औपचारिक भिसा जारी गर्दा विदेशस्थित नेपाली नियोगहरू र अध्यागमन अधिकृत,

(ख) नियम ३१ को खण्ड (ङ), (च) का अवस्थामा : महानिर्देशक,

(ग) नियम ३१ को खण्ड (घ) र (छ) का अवस्थामा : सम्बन्धित मन्त्रालयको सिफारिसमा महानिर्देशक,

(घ) नियम ३१ को खण्ड (ज) का अवस्थामा : अध्यागमन अधिकृत,

(ङ) नियम ३१ को खण्ड (झ) का अवस्थामा :

(१) एक हप्ताका लागि : महानिर्देशक वा अध्यागमन अधिकृत,

(२) एक हप्ताभन्दा बढी अवधिका लागि : गृह मन्त्रालय ।

परिच्छेद - ३

पदयात्रासम्बन्धी व्यवस्था

३२. पदयात्रा अनुमतिपत्रको लागि दर्खास्त दिनुपर्ने : अनुमति लिई पदयात्रा गर्नुपर्ने पदयात्रा क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशीले पदयात्रा अनुमतिपत्रको लागि अनुसूची -१० बमोजिमको ढाँचामा र समूहगत रूपमा भए पदयात्रा गराउने एजेन्सीले अनुसूची -१०(क) बमोजिमको ढाँचामा विभाग समक्ष दर्खास्त दिनुपर्नेछ ।

३३. पदयात्रा अनुमतिपत्र दिने : नियम ३२ बमोजिमको दर्खास्त प्राप्त भएपछि सम्बन्धित विदेशीको भिसा अवधि ननाँघ्ने गरी पदयात्रा गर्ने पदयात्रीहरूको लागि अनुसूची -११ बमोजिमको ढाँचामा विभागले पदयात्रा अनुमतिपत्र जारी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

गर्न सक्नेछ ।

३४. पदयात्रीहरूको अधिकतम सङ्ख्या निर्धारण गर्न सक्ने (१) नेपाल सरकारले नेपाल राज्यभित्रको कुनै पनि पदयात्रा क्षेत्रमा पदयात्रा गराइने विदेशीहरूको अधिकतम सङ्ख्या वार्षिक रूपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सङ्ख्या निर्धारण भएकामा सो भन्दा बढी हुने गरी विभागले पदयात्रा अनुमतिपत्र जारी गर्ने छैन ।

(३) पदयात्रा अनुमति लिनु नपर्ने क्षेत्रमा जाने पदयात्रीहरूको अभिलेख व्यवस्थापन प्रयोजनका लागि नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३५. तोकिएको बाटोबाट मात्र पदयात्रा गर्नुपर्ने : नियम ३३ बमोजिम जारी गरिएको अनुमतिपत्रमा तोकिएको बाटोबाट बाहेक अन्य बाटोबाट पदयात्रा गर्न वा निषेधित क्षेत्रमा जानु हुँदैन । पदयात्रा गराउने एजेन्सीले पनि विदेशीलाई अनुमतिपत्रमा तोकिएको बाटोबाहेक अन्य बाटोबाट पदयात्रा गराउन वा निषेधित क्षेत्रमा लानुहुँदैन ।

३६. पदयात्रा क्षेत्र परिवर्तन गर्न सक्ने : दैवी प्रकोप वा काबु बाहिरको परिस्थितिका कारण पदयात्रा अनुमतिपत्र लिइ सकेको क्षेत्रमा पदयात्रा गर्न नसक्ने अवस्था परी पर्याप्त कारण सहित आवेदन गर्न आएमा सोही आर्थिक वर्षभित्र प्रयोग हुने गरी सो पदयात्रा अनुमतिपत्रलाई समान दस्तुर लाग्ने अन्य क्षेत्रमा महानिर्देशकले परिवर्तन गरिदिन सक्नेछ ।

३७. अनुमतिपत्र रद्द हुने अवस्था : (१) देहायका अवस्थामा कुनै विदेशीलाई प्रदान गरिएको पदयात्रा अनुमतिपत्र विभागले रद्द गर्न सक्नेछ :-

(क) नियम २८ बमोजिम भिसा रद्द गरिएमा,

(ख) पदयात्रा अनुमतिपत्रमा उल्लिखित बाटो र क्षेत्रबाहेक अन्य बाटोबाट वा क्षेत्रमा पदयात्रा गरेमा,

(ग) नियम ४१ मा उल्लेख भएअनुसारको आचरण र सर्तहरूको पालना नगरेमा,

(घ) पदयात्रा अनुमतिपत्रमा उल्लेख गरिएका अन्य सर्तहरूको पालना नगरेमा,

(ङ) ऐन र यस नियमावलीले गरेका व्यवस्थाहरूको उल्लङ्घन गरेमा ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) उपनियम (१) बमोजिम रद्द गरिएको पदयात्रा अनुमतिपत्रबापत बुझाएको दस्तुर फिर्ता हुनेछैन ।

३८. पदयात्रीसँग जाने नेपाली नागरिकलाई दिनुपर्ने सुविधा :

(१) पदयात्रा गर्ने पर्यटक वा टोली वा पदयात्रा गराउने एजेन्सीले पदयात्रा प्रारम्भ गर्नुअघि साथै जाने नेपाली नागरिकको व्यक्तिगत दुर्घटना बिमा गर्नु पर्नेछ ।

(२) पदयात्रा गर्ने पर्यटक वा टोलीले आफूसाथ जाने नेपाली नागरिकलाई नेपाल सरकारले निर्धारण गरेको रकमभन्दा कम नहुने गरी दैनिक पारिश्रमिक, आवश्यक लुगा तथा उपकरणसमेतको सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम बिमा गराउनुपर्ने व्यक्तिको बिमा नगराउँदै काममा लगाइएको कारणबाट दुर्घटना परी चोटपटक लागेमा, अङ्गभङ्ग वा मृत्यु भएमा व्यक्तिगत दुर्घटना बिमा गराइएको भए निजले जेजति रकम पाउने थियो सोहीबराबरको रकम निज वा निजको नजिकको हकवालालाई पदयात्रा गर्ने पर्यटक वा एजेन्सी वा टोलीले क्षतिपूर्तिको रूपमा दिनु पर्नेछ ।

३९. पदयात्रा अनुमतिपत्र दस्तुर : पदयात्रा अनुमति दस्तुर अनुसूची -१२ मा तोकेबमोजिम हुनेछ ।

तर, देहायका विदेशीलाई विभागले पदयात्रा अनुमति दस्तुर छुट दिन सक्नेछ :-

(क) कूटनीतिक भिसा प्राप्त विदेशी,

(ख) कुनै पनि दस्तुर नलाग्ने भनी नेपाल सरकारसँग सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौतासँग सम्बद्ध भई आफ्नो कामसँग सम्बन्धित क्षेत्रमा जाने प्रयोजनका लागि पदयात्रा अनुमति माग गर्ने विदेशी,

(ग) नेपाल सरकारको योजना वा कार्यक्रमसँग सम्बद्ध विदेशीको कार्यक्षेत्र पदयात्रा क्षेत्रमा नै परेको रहेछ भने त्यस्ता विदेशीहरू,

(घ) आफ्ना बाबु वा आमासँग पदयात्रामा जाने १० वर्षमुनिका बालबालिकाहरू,

(ङ) गृहमन्त्रालयमार्फत दस्तुर छुट गर्न लेखिआएका विदेशीहरू ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

परिच्छेद ४

प्रवेश तथा प्रस्थान गर्दा पालन गर्नुपर्ने आचरण तथा सर्तहरू :

४०. प्रस्थान र प्रवेश बिन्दुमा राहदानीमा छाप लगाउनुपर्ने : राहदानी लिई नेपाल राज्यबाट विदेश प्रस्थान गर्ने र विदेशबाट नेपाल राज्यभित्र प्रवेश गर्ने प्रत्येक नेपाली नागरिकले प्रवेश र प्रस्थान बिन्दुमा अध्यागमन कार्यालयबाट आफ्नो राहदानीमा छाप लगाउनुपर्नेछ ।

४१. विदेशीले पालन गर्नुपर्ने आचरण र सर्तहरू : नेपाल राज्यमा प्रवेश, उपस्थिति, पदयात्रा वा नेपाल राज्यबाट प्रस्थान गर्ने प्रत्येक विदेशीले ऐन तथा यस नियमावलीमा उल्लेख गरिएका व्यवस्थाका अतिरिक्त देहायबमोजिमको आचरण तथा सर्तहरूको पालना गर्नुपर्नेछ :-

(क) अनुमतिपत्र विना पदयात्रा क्षेत्रमा जानु हुँदैन ।

(ख) राजनीतिमा भाग लिनु हुँदैन ।

(ग) प्रचलित कानुनले निषेध गरेका वस्तुहरू राख्न वा प्रयोग गर्न वा निषेध गरेका कार्यहरू गर्नु हुँदैन ।

(घ) स्थानीय परम्परा र रीतिरिवाज विपरीत कुनै क्रियाकलाप गर्नु वा गराउनु हुँदैन ।

(ङ) पदयात्रा क्षेत्रमा अधिकारप्राप्त अधिकारीले दिएका निर्देशनहरूको पालना गर्नु पर्नेछ ।

(च) प्रवेश, उपस्थिति वा प्रस्थानका समयमा कार्यालयले माग गरेमा पहिचानसम्बन्धी विवरण, छायाँ चित्र, औंठा छाप र प्रवेश, उपस्थिति वा प्रस्थानसम्बन्धी कागजात उपलब्ध गराउनु पर्नेछ ।

४२. एजेन्सीले पालन गर्नुपर्ने आचरण तथा सर्तहरू : एजेन्सीले ऐन तथा यस नियमावलीमा व्यवस्थित अन्य व्यवस्था तथा सर्तहरूको अतिरिक्त देहायबमोजिमको आचरण तथा सर्तहरू पालन गर्नु पर्नेछ :-

(क) नेपाल राज्यबाट यात्रुहरू विदेश लैजाने वा नेपाल राज्यमा ल्याउने विमान वा गाडी वा त्यस्तै कुनै पनि बाहन सञ्चालन गर्ने नेपाली वा विदेशी कम्पनी वा संस्था वा चालकले आफ्नो बाहनबाट नेपाल राज्यभित्र ल्याएका वा नेपाल राज्यबाट विदेश लगिएका नेपाली वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

विदेशी यात्रुहरू तथा चालक दल एवम् बाहन सहभागीहरूको नामावली आगमन र प्रस्थान गर्दा अग्रिम रूपमा कार्यालयलाई दिनु पर्नेछ ।

(ख) वैध राहदानी नभएका, निष्काशन गरिएका वा प्रवेश गर्न नदिने गरी रोक लगाइएको विदेशीलाई ल्याउनु हुँदैन ।

(ग) यस नियमावलीबमोजिम प्रवेशनिषेध गरिएका व्यक्तिलाई ल्याएमा विभाग वा कार्यालयले निर्देश गरेको समयमा फिर्ता लाने दायित्व ल्याउने पक्षको हुनेछ ।

(घ) राहदानी, भिसा वा अनुमतिपत्र नभएको विदेशीलाई आफ्नो होटेल वा घरमा भाडामा राख्न वा कुनै सेवा उपलब्ध गराउनु हुँदैन ।

(ङ) आफूकहाँ बसेका वा आफूले सेवा पुऱ्याएका विदेशीहरूको मासिक लगत हरेक अर्को महिनाको पहिलो हप्ताभित्र विभागमा दिनु पर्नेछ ।

(च) अन्य देशबाट निष्काशन गरी वा प्रवेश अस्वीकार गरी एजेन्सीको जिम्मा लगाई पठाइएका व्यक्तिहरूलाई सम्बन्धित कागजातसहित अध्यागमन कार्यालयको जिम्मा बुझाउनु पर्नेछ ।

परिच्छेद ५

विविध

४३. पर्वतारोहीहरू सम्बन्धी विशेष व्यवस्था :

(१) पर्वतारोहणको इजाजतपत्र प्राप्त विदेशीहरूले पर्वतारोहणको लागि इजाजत प्राप्त हिमशिखरतर्फ जाँदा र आउँदा पदयात्रा क्षेत्रमा जानुपरेमा पदयात्रा अनुमतिपत्र लिनुपर्नेछ । तर, त्यस्तो अनुमतिपत्र बापतको दस्तुर भने तिर्नुपर्ने छैन ।

(२) पर्वतारोहणका लागि जाने विदेशीहरूले पर्वतारोहण अवधिको समेत भिसा दस्तुर बुझाउनुपर्नेछ । तर, पर्वतारोहणको अवधि पर्यटक भिसाको अवधिमा गणना गरिने छैन ।

४४. विभागले तोकेको स्थानमा बस्नुपर्ने :

(१) ऐन वा यस नियमावलीबमोजिम प्रस्थान गराउनु वा निष्काशन गर्नुपर्ने विदेशीले नेपाल राज्यबाट प्रस्थान नगरुन्जेलसम्मका लागि

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

विभागले तोकेको वा उपलब्ध गराएको स्थानमा बस्नु पर्नेछ र त्यस्तो विदेशीले नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैंले व्यहोर्नु पर्नेछ ।

(२) निष्काशनको आदेश अनुसूची - १३ बमोजिमको ढाँचाको हुनेछ ।

४४क. कार्याविधि बनाउने अधिकार: ऐन र यस नियमावलीको उद्देश्य पूर्ति गर्न तथा अध्यागमन सम्बन्धी कार्य प्रभावकारी र पारदर्शी बनाउन गृह मन्त्रालयले आवश्यक कार्याविधि बनाई लागु गराउन सक्नेछ ।

४५. फारमहरूको भाषा : यस नियमावलीअन्तर्गतका फारमहरू आवश्यकतानुसार अङ्ग्रेजी भाषामा पनि छपाउन र प्रयोग गर्न गराउन सकिनेछ ।

४६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४७. खारेजी र बचाउ :

(१) विदेशीसम्बन्धी नियमावली, २०३२ खारेज गरिएको छ ।

(२) पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ मा जनुसुकै कुरा लेखिएको भए तापनि पदयात्राको हकमा यसै नियमावलीबमोजिम हुनेछ ।

(३) यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र अरूमा प्रचलित कानुन बमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची १

(नियम ४(३).५(२) र ६(५) सँग सम्बन्धित)

कूटनीतिक, औपचारिक, पर्यटक भिसा निवेदन फारम

फोटो

श्री महामहिम राजदूतज्यू/वाणिज्यदूतज्यू/महावाणिज्यदूतज्यू,
महानिर्देशकज्यू/अध्यागमन अधिकृतज्यू ।

मलाई नेपाल भ्रमण गर्नुपर्ने र गर्न इच्छा भएकाले कूटनीतिक । औपचारिक । पर्यटक प्रवेश भिसा दिनुहुन अनुरोध गर्दछु । मेरो विवरण निम्नानुसार छ ।

१. नाम थर :

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. जन्म मिति :

५. स्थायी ठेगाना :

६. नेपालको अस्थायी ठेगाना :

७. पेसा :

८. राहदानी नं. :

९. राहदानी जारी मिति :

१०. राहदानी बहाल रहने मिति :

११. नेपाल भ्रमणको उद्देश्य :

१२. नेपालमा रहने अवधि ..... दिन र हप्ता र महिना

१३. प्रस्थान भई जाने मुलुक :

१४.नेपाल बसाइलाई लाग्ने खर्चको स्रोत (विदेशी मुद्रामा) :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१५. यसअघि नेपाल भ्रमण गरेको पटक :

१६. पछिल्लोपटकको नेपाल भ्रमण गरेको साल र महिना तथा बसेको अवधि :

१७. आफ्नो नाममा अन्य देशको राहदानी भए देशको नाम र राहदानी नं. :

मिति : .....

निवेदकको हस्ताक्षर

कार्यालयको प्रयोजनका लागि मात्र

१. भिसाको किसिम :

२. निशुल्क भए त्यसको आधार :

३. प्रवेश भिसा नं. :

४. भिसा बहाल रहने मिति :

५. भिसा जारी गरेको मिति :

६. भिसा स्टिकर नम्बर :

मिति :

भिसा जारी गर्ने अधिकृत

प्रवेश स्थलमा भए अध्यागमन

कोड नं. समेत उल्लेख गर्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची २

(नियम ७(५), ८(४) र ९(३) सँग सम्बन्धित)

अध्ययन/गैरपर्यटक/व्यावसायिक भिसाका लागि निवेदन फारम

फोटो

फोटो

श्री महानिर्देशकज्यू,

अध्यागमन विभाग ।

मलाई अध्ययन/गैरपर्यटक/व्यावसायिक भिसा आवश्यक भएकाले मागबमोजिम भिसा दिनुहुन अनुरोध गर्दछु । मेरो विवरण निम्नअनुसार छ :

१. नाम थर :

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. जन्म मिति :

५. स्थायी ठेगाना :

६. नेपालको अस्थायी ठेगाना :

७. व्यवसाय :

८. (क) राहदानी नं.: .....(ख) जारी मिति..... .(ग) बहाल रहने मितिः.....

९ (क) नेपाल प्रवेश गरको मितिः..... (ख) स्थानः.....

१०. नेपाल बसेको कुल अवधि :

११.अन्तिम भिसा नम्बर :

१२.(क) अन्तिम भिसा बहाल रहेको मिति : (ख) भिसाको किसिम

१३.. हाल भिसा माग गर्नुको कारण :

१४. माग गरिएको भिसा स्वीकृत भएमा नेपाल बस्ने अवधि :

१५. नेपाल बस्दा संलग्न रहने निकाय/क्षेत्र :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१६. (क) स्थानीय कर तिर्नुपर्ने/नपर्ने (ख) तिर्नुपर्ने भए तिरेनतिरेको (प्रमाण संलग्न गर्ने)

१७. परिवार सङ्ख्या :

१८. माग गरिएको भिसा स्वीकृत भएमा नेपालमा हुने खर्चको स्रोत :

१९. माग गरेको भिसा प्राप्त गर्ने आधार के छ :

२०. अन्य केही खुलाउनुपर्ने भए :

२१. संलग्न कागजातहरू.....

(क) सम्बद्ध निकायको सिफारिस

(ख) श्रम स्वीकृति

(ग) .....

(घ) .....

.....

मितिः..... निवेदकको हस्ताक्षर

कार्यालय प्रयोजनका लागि

१.. भिसा जारी गर्ने निर्णय मितिः

२. फाइल नं.:

३. भिसा स्टिकर नं. :

४. भिसाको किसिम :

५. भिसा शुल्क :

६ .बिल नं. :

७. भिसा जारी गरेको मिति :

८. भिसा बहाल रहने मिति :

९. अन्य केही भए :

मितिः ..... अध्यागमन अधिकृत

कोड नम्बर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची २ (क)

(नियम ८(४) को प्रतिबन्धामक वाक्यांशसँग सम्बन्धित)

श्री महानिर्देशकज्यू

अध्यागमन विभाग ।

मैले नेपाली नागरिक श्री.....सँग विधिवत विवाह गरी प्रमाणपत्र प्राप्त गरेकाले निम्नानुसार विवरण खोली नियामानुसार पाउने गैरपर्यटक भिसाको लागि आवेदन गर्दछु ।

१. नाम, थर :

२. राष्ट्रियता :

३. जन्म मिति :

४. ठेगाना :

५ राहदानी नम्बर :

६. राहदानी बहाल मिति :

७. पेसा :

८. प्रवेश मिति :

९. प्रवेश भिसा नम्बर :

१०. भिसाको म्याद :

११. (क) नेपाली नागरिक पति/पत्नीको नाम :

(ख) ठेगाना :

(ग) नागरिकता प्रमाणपत्र नम्बर :

१२. विवाह दर्ता प्रमाणपत्र प्राप्त गरेको जिल्ला र लिएको मिति :

१३. भिसा माग अवधि :

१४. संलग्न कागजातहरू :

(क)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख)

(ग)

(घ)

.....

मिति : ..... निवेदकको हस्ताक्षर

उपरोक्त व्यहोरा ठीक साँचो हो । निज मेरो पति/पत्नी हुन् र व्यहोरा फरक परे नेपाल कानुनबमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने नेपाली पक्ष :

नाम :

मिति : सहीछाप :

अनुसूची ३

(नियम १० (३) सँग सम्बन्धित)

अन्तरिम भिसाका लागि निवेदन फारम

श्री महामहिम राजदूतज्यू/वाणिज्यदूतज्यू/महावाणिज्यदूतज्यू,

महानिर्देशकज्यू/अध्यागमन अधिकृतज्यू ।

मलाई अन्तरिम भिसा आवश्यक भएकोले लाग्ने शुल्क लिई अन्तरिम भिसा दिनुहुन अनुरोध गर्दछु । मेरो विवरण निम्नअनुसार छ :

१. नामथर :

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. जन्म मिति :

५. स्थायी ठेगाना :

६. पेसा :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७. राहदानी नं. :

८. राहदानी जारी मिति :

९. राहदानी बहाल रहने मिति :

१०. अन्तरिम भिसा माग गर्नुको कारण :

११. नेपालको बाटो भई जाने मुलुकको नाम :

१२. अन्तरिम अवधिमा नेपालमा बस्ने ठेगाना :

१३. संलग्न कागजातहरू (केही भए) :

(क) (ख)

१४. अन्तरिम भिसा माग अवधि : मिति .....देखि ..... सम्म ..... दिन

मिति : .....

निवेदकको हस्ताक्षर

कार्यालयको प्रयोजनका लागि मात्र

१. अन्तरिम भिसा स्वीकृत अवधि :

२. भिसा नं. :

३. भिसा स्टिकर नं. :

४. सशुल्क/निशुल्क :

५. निशुल्क भए त्यसको आधार :

६. भिसा जारी मिति :

भिसा जारी गर्ने अधिकृत

(प्रवेश स्थलमा भए अध्यागमन

कोड नं. समेत उल्लेख गर्ने ।)

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची-३क.

(नियम १० क. को उपनियम (२) सँग सम्बन्धित)

गैरआवासीय भिसाको लागि निवेदन फारम

kmf]6f]

फोटो

श्री महामहिम राजदूतज्यू/श्री महावाणिज्यदूतज्यू/श्री वाणिज्यदूतज्यू/ श्री महानिर्देशकज्यू ।

मलाई गैरआवासीय नेपाली भिसा आवश्यक परेकोले सो भिसा दिनुहुन अनुरोध गरेको छु । मेरो विवरण निम्नअनुसार छ ।

१. नामथर :

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. स्थायी ठेगाना :

५. नेपालको ठेगाना :

६. व्यवसाय :

७. (क) राहदानी नं. : (ख) जारी मिति :

८. अन्तिम भिसा बहाल रहने मिति : (नेपाल प्रवेश गरी सकेको भए)

९. (क) यसअघि नेपाल बसेको कूल अवधि :

(ख) नेपाल बस्दा संलग्न रहेको क्षेत्र :

१०. गैरआवासीय भिसा माग गर्नुको कारण र सोको आधार :

११. परिवार सङ्ख्या :

१२. अन्य खुलाउनुपर्ने केही भए :

१३. संलग्न कागजातहरू :

(क)

(ख)

(ग)

मिति : नवेदकको हस्ताक्षर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची ३ ख

(नियम १०क को (४) सँग सम्बन्धित)

नेपाल सरकार गृहमन्त्रालय

अध्यागमन विभाग

गैरआवासीय नेपाली भिसा

फोटो

१. नाम थर :

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. स्थायी ठेगाना :

५. नेपालको ठेगाना :

६. व्यवसाय :

७. राहादानी नम्बर :

८. गैरआवासीय भिसा दिने निर्णय मिति :

९. आवासीय भिसा जारी मिति :

१०. आवासीय भिसा बहाल रहने मितिः

मितिः .....

अध्यागमन अधिकृत

कोड नम्बरः

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

भिसा नवीकरण

सि.नं.	भिसा बहाल मिति		नवीकरण गरेको मिति	अध्यागमन अधिकृतको दस्तखत र कोड नम्बर
	देखि	सम्म		

अनुसूची ४

(नियम ११ (४) सँग सम्बन्धित)

आवासीय भिसाको लागि निवेदन फारम

kmf]6f]

kmf]6f]

श्री महामहिम राजदूतज्यू/श्री महावाणिज्यदूतज्यू/श्री वाणिज्यदूतज्यू/श्री महानिर्देशकज्यू ।

मलाई नेपालमा जीवन बिताउन इच्छा भएकाले आवासीय भिसा दिनुहुन अनुरोध गरेको छु । मेरो विवरण निम्नअनुसार छ :

१. नाम थर

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. स्थायी ठेगाना :

५. नेपालको ठेगाना :

६. व्यवसाय :

७. (क) राहदानी नम्बर : (ख) जारी मिति :

८. अन्तिम भिसा बहाल रहने मिति : (नेपाल प्रवेश गरिसकेको भए)

९. (क) यसअघि नेपाल बसेको कुल अवधि :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) नेपाल बस्दा संलग्न रहेको क्षेत्र :

१०. आवासीय भिसा माग गर्नुको आधार :

(क) ख्याती आर्जन गरेको भए क्षेत्र :

ख) नेपालको कुन क्षेत्रमा योगदान गर्ने उद्देश्य छ :

ग) एकपटक १० लाख अमेरिकी डलरभन्दा बढी लगानी गरेको :

(घ) अन्य

(अ) .....

(आ) .....

(इ) ....

११. परिवार सङ्ख्या :

१२. अन्य खुलाउनुपर्ने केही भए :

१३. संलग्न कागजातहरू :

(क) ...

(ख) ...

(ग) ...

मितिः ....

निवेदकको हस्ताक्षर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची ४ (क)

(नियम ११ (५) सँग सम्बन्धित)

नेपाल सरकार गृहमन्त्रालय

अध्यागमन विभाग

आवासीय भिसा

फोटो

१. नाम थर :

२. राष्ट्रियता :

३. जन्म स्थान :

४. स्थायी ठेगाना :

५. नेपालको ठेगाना :

६. व्यवसाय :

७ राहादानी नम्बर :

८ आवासीय भिसा दिने निर्णय मिति :

९.आवासिय भिसा जारी मितिः

१० आवासीय भिसा बहाल रहने मिति :

मिति

_____

अध्यागमन अधिकृत

कोड नम्बर

भिसा नवीकरण

सि.नं.	भिसा बहाल मिति		नवीकरण गरेको मिति	अध्यागमन अधिकृतको दस्तखत र कोड नम्बर
	देखि	सम्म		

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची ५

(नियम १५ सँग सम्बन्धित)

प्रवेश वा प्रस्थान स्थल

भिसा लिई प्रवेश गर्नुपर्ने विदेशीहरूको प्रवेश तथा प्रस्थान स्थल देहायबमोजिम हुनेछन् :-

(क) काँकडभित्ता, झापा

(ख) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौँ

(ग) कोदारी, सिन्धुपाल्चोक

(घ) वीरगन्ज, पर्सा

(ङ) बेलहिया, (सुनौली) रूपन्देही

(च) जमुनाहा, नेपालगन्ज, बाँके

(छ) मोहना, धनगढी, कैलाली

(ज) गड्डा चौकी, महेन्द्रनगर, कञ्चनपुर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची- ६

(नियम १६(१) सँग सम्बन्धित)

विदेशीहरूको लागि आगमन फारम

sfof{no k|of]usf] nflu

१. नाम थर :

२. राष्ट्रियता :

३. लिङ्ग : पुरुष/महिला

४. जन्म मिति :

५. राहदानी नं. :

६(क). प्रवेश भिसा नम्बर :

(ख). भिसा बहाल रहने मिति :

७. पेसा :

८. आगमन प्रकार : हवाईमार्ग/स्थल मार्ग

९. उडान नं. :

१०. प्रवेश स्थल :

११. कहाँबाट आएको :

१२. कुन देशको बासिन्दा हो : सहर/राज्य : मुलुक :

१३. पहिलो भ्रमण हो : हो/होइन :

१४. एक्लै आएको/समूहमा आएको :

१५. नेपालमा बस्ने ठेगाना र फोन नं. :

१६. बस्न चाहेको दिन/महिना

१७. भ्रमणको उद्देश्य :

अफिसियल/व्यावसायिक/पदयात्रा/पर्वतारोहण/तीर्थयात्रा/घुम्न/जलयात्रा/सम्मेलन/बैठक/अध्ययन अनुसन्धान/रोजगारी/अन्य

१८. प्रवेश मिति : दस्तखतः .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची- ६(क)

(नियम १६(१) सँग सम्बन्धित)

विदेशीहरूका लागि प्रस्थान फारम

sfof{no k|of]usf nflu नं.

१. नाम थर :

२. जन्म मिति :

३. लिङ्ग : पुरुष/महिला

४. राष्ट्रियता :

५. राहदानी नं. :

६(क). अन्तिम भिसा नम्बर :

(ख). भिसा बहाल अवधि :

७. प्रस्थान प्रकार : हवाईमार्ग/स्थलमार्ग

८. उडान नं. :

९. प्रस्थान पछिको पहुँचस्थल :

१०. नेपालमा बसेको अवधि : दिन/महिना

११. प्रस्थान मिति :

दस्तखतः .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -६(ख)

नियम १६ (१ क) सँग सम्बन्धित

नेपालीका लागि प्रस्थान फारम

नाम,थर :		
जन्म मिति : साल महिना गते		लिङ्ग : ☐ पुरुष ☐ महिला
राहदानी नं. :	जारी गरेको मिति :	स्थान :
राहदानी बहाल रहने अवधि :		
नेपालको ठेगाना :		
भ्रमणको उद्देश्य		
☐ सरकारी काम ☐ खेलकुद ☐ धार्मिक	☐ स्वास्थ्य उपचार ☐ व्यापार ☐ मनोरञ्जन	☐ अध्ययन/तालिम ☐ सभा/सेमिनार ☐ अन्य
वायुसेवा उडान नं.:	भ्रमण गरिने मुलुकः	पुगिने पहिलो सहर :
नेपालबाहिर बिताउने अवधि : दिन महिना वर्ष		
प्रस्थान मिति : साल महिना गते		
		.... हस्ताक्षर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची -६(ग)

नियम १६ (१ क) सँग सम्बन्धित

नेपालीका लागि आगमन फारम

<table>
<tr><td colspan="3">नाम,थर :</td></tr>
<tr><td colspan="2">जन्म मिति :
साल महिना गते</td><td>लिङ्ग : ☐ पुरुष
☐ महिला</td></tr>
<tr><td>राहदानी नं. :</td><td colspan="2">जारी गरेको मिति : स्थान :</td></tr>
<tr><td colspan="3">राहदानी बहाल रहने अवधि :</td></tr>
<tr><td colspan="3">नेपालको ठेगाना :</td></tr>
<tr><td>वायुसेवा र उडान नं.:</td><td>भ्रमण गरेको मुलुक:</td><td>नेपाल आउनुअघिको सहर :</td></tr>
<tr><td colspan="3">नेपाल बाहिर बिताएको अवधि :</td></tr>
<tr><td colspan="3">आगमन मिति : साल महिना गते</td></tr>
<tr><td colspan="3">..... ....
हस्ताक्षर</td></tr>
</table>

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची ७

(नियम १६ (२) सँग सम्बन्धित)

आगमन अभिलेख

कार्यालय आगमन मिति उडान नं.

सि.नं.	राहदानी नं.	राष्ट्रियता	लिङ्ग	नाम थर	नेपालको ठेगाना	प्रवेश भिसाको किसिम	भिसा नं.	भिसा अवधि	कैफियत

तयार गर्ने: प्रमाणित गर्ने :

अध्यागमन कोड नं.: अध्यागमन कोड नं.:

मितिः मितिः

अनुसूची ७ (क)

(नियम १६(२) सँग सम्बन्धित)

प्रस्थान अभिलेख

सि. नं.	जाने मुलुक	राष्ट्रियता	राहदानी नं.	लिङ्ग	नाम, थर	नेपालको ठेगाना	प्रवेश भिसा नं.	अन्तिम भिसा नं.	अन्तिम भिसा म्याद	आगमन मिति	कैफियत

कार्यालयः प्रस्थान मितिः उडान नं.:

तयार गर्ने : प्रमाणित गर्ने :

अध्यागमन कोड नं. : अध्यागमन कोड नं.:

मिति : मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची- ७(ख)

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

उपस्थिति दर्ता विवरण

कार्यालय : .....

राहदानी आकारको फोटो

१. सि.नं. :

२. नाम थर :

३. राष्ट्रियता :

४. उमेर :

५. राहदानी नं. र म्याद :

६. नेपालमा पाएको भिसाको प्रकार :

७. भिसाको मान्य अवधि :

८. सम्बद्ध संस्था :

९. संस्था रहेको ठेगाना : जिल्ला ..... न.पा./गा.वि.स..... वडा नं. .....

टोल ..... फोन नं. .....

१०. पद/पेसा/व्यवसायको प्रकार :

११. नेपालमा बस्ने ठेगाना :

जिल्ला ..... न.पा./गा.वि.स. ..... वडा नं. .....

टोल ..... फोन नं. .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१२. आफूसँग आश्रित वा नेपालमा सँगै रहेका परिवारको विवरण :

सि.नं.	नाम, थर	उमेर	राहदानी नं. र म्याद	भिसाको मान्य अवधि	नाता

.....

मिति : दस्तखत

कार्यालय प्रयोजनका लागि

दर्ता नं. :

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची- ७ (ग)

(नियम १९को उपनियम (१) सँग सम्बन्धित)

उपस्थिति दर्ता अभिलेख

१. दर्ता नं. र मिति :

२. नाम, थर :

३. राष्ट्रियता :

४. राहदानी नं. :

५. भिसाको प्रकार र मान्य अवधि :

६. आफूसँग बस्ने परिवारको सङ्ख्या :

७. उपस्थिति दर्ता विवरणमा परिवर्तन भई सूचना गरिए अनुरूप परिवर्तन भएको विवरण :

(क) .....

(ख) .....

(ग) .....

(घ) .....

(ङ) .....

८. मान्य अवधि :

९. नवीकरण विवरण :

सविक मान्य अवधि	नवीकरण मिति	थप मान्य अवधि	कर्मचारीको दस्तखत

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची- ७ (घ)

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

उपस्थिति दर्ता प्रमाणपत्र

दर्ता नं. :

राहदानी आकारको फोटो

१. नाम, थर :

२. राष्ट्रियता :

३. राहदानी नं. र मान्य अवधि :

४. पाएको भिसाको प्रकार :

५. भिसाको मान्य अवधि :

६. सम्बद्ध संस्थाको नाम :

७. नेपालमा रहेका परिवार सङ्ख्या :

.....

प्रमाणित गर्ने

नवीकरण विवरण

मिति	मान्य अवधि	प्रमाणित गर्नेको दस्तखत

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची ८

(नियम २७ सँग सम्बन्धित)

भिसाको म्याद थप गर्न दिइने निवेदन फारम

फोटो

श्री महानिर्देशकज्यू,

अध्यागमन विभाग/श्री शिष्टाचार महापालज्यू,

परराष्ट्रमन्त्रालय ।

लाग्ने भिसा शुल्क लिई/निःशुल्क मेरो भिसाको म्याद थप गरी दिनु हुन अनुरोध गरेको छु । मेरो विवरण निम्नअनुसार छ :

१. नाम, थर :

२: राष्ट्रियता :

३. जन्मस्थान:

४. जन्म मिति:

५. स्थायी ठेगाना:

६. नेपालको अस्थायी ठेगाना:

७. व्यवसाय :

८. क) राहदानी नम्बर: ख) जारी मिति : ग) बहाल मिति:

घ) आफ्नो नाममा अन्य देशको राहदानी भए देशको नाम र राहदानी नम्बर :

९ क) प्रवेश भिसा जारी गरिएको स्थान : ख) मिति:

१०. क) अन्तिम भिसा बहाल रहने मिति : ख) भिसा स्टिकर नम्बर :

११. यो वर्ष नेपाल बसेको कुल अवधि :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१२. माग गरेको भिसाको किसिम :

१३. भिसा माग गरेको अवधि : मिति .....देखि.....सम्म ..... दिन

१४. एकप्रवेशी र दुईप्रवेशी र बहुप्रवेशी भिसा माग गरेको भए उल्लेख गर्ने :

१५. भिसा म्याद थप गर्नुपर्ने कारण :

१६. नेपाल बसाइका लागि छुटचाइएको रकम (विदेशी मुद्रामा) :

१७. नेपालबाट प्रस्थान गर्ने मिति :

१८. प्रस्थान स्थल :

१९. जाने मुलुक :

२०. फर्कने हवाई र बस र टिकट छ, छैन :

२१. संलग्न कागजातहरू

(क)

(ख)

(ग)

.....

मितिः निवेदकको हस्ताक्षर

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची ९

(नियम २९ सँग सम्बन्धित)

भिसा दस्तुर

भिसा दस्तुरः

१. **नियोग वा प्रवेशस्थल स्थित कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुर :**

(क) १५ दिनको बहुप्रवेशी सुविधासहितको भिसाका लागि २५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ख) ३० दिनको बहुप्रवेशी सुविधासहितको भिसाका लागि ४० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ग) ९० दिनको बहुप्रवेशी सुविधासहितको भिसाका लागि १०० अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा,

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रका राहदानीवाहकलाई ३० दिनसम्मको अवधिका लागि भिसा दस्तुर लाग्नेछैन ।

२. **पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर :**

(क) म्याद थप गर्न प्रतिदिनको २ अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ख) म्याद थप अवधिका लागि मात्र मान्य हुने गरी बहुप्रवेशी सुविधा माग गरेमा खण्ड (क) बमोजिमको दस्तुरमा थप २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) पर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्नुपरेमा प्रतिदिनको ३ अमेरिकी डलरका दरले हुने नेपाली मुद्रा यस नियमावली बमोजिम भिसा म्याद थप गर्दा लाग्ने साधारण दस्तुरमा थप दस्तुर लाग्नेछ ।

(घ) पर्यटक भिसामा बस्न पाउने अवधि १५० दिनभन्दा बढी अवधि भिसाको म्याद थप नगराई बसेका विदेशीका हकमा क्रमसङ्ख्या २ को खण्ड (ग) मा उल्लिखित दस्तुर र ऐनको दफा १०(४) बमोजिम हुन सक्ने जरिवाना समेत थप लाग्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) क्रम सङ्ख्या २ को खण्ड (क) मा जेसुकै लेखिएको भए तापनि पर्यटक भिसाको म्याद थप गर्ने प्रयोजनका लागि भिसा दस्तुरको गणना गर्दा १५ दिनभन्दा कम अवधिको भए १५ दिनको र सोभन्दा बढी अवधिको भए क्रमसङ्ख्या २ को खण्ड (क) बमोजिमको दस्तुर लाग्नेछ ।

३. **अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :**

(क) प्रवेशको समयमा ३० दिनको अध्ययन भिसा जारी गर्नु परेमा ३० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(ख) अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा शैक्षिक उपाधि प्राप्त हुने गरी (Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई प्रतिमहिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा, शैक्षिक उपाधि प्राप्त नहुने गरी (Non - Degree Programme) अध्ययनरत विद्यार्थी र तिनका आश्रित परिवारलाई प्रतिमहिना ५० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) बङ्गलादेशबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई पारस्परिकताको आधारमा बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा वार्षिक अमेरिकी डलर १५ बराबरको नेपाली मुद्रा,

(घ) माल्दिभ्सबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई पारस्परिकताको आधारमा बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा वार्षिक २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ङ) भुटानबाट अध्ययन गर्न आउने विद्यार्थी र तिनका आश्रित परिवारलाई बहुप्रवेशी अध्ययन भिसा जारी गर्दा मासिक १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(च) क्रमसङ्ख्या ३ को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रीलङ्का र पाकिस्तानबाट अध्ययन गर्न आउने विद्यार्थीलाई पारस्परिकताको आधारमा अध्ययन भिसा जारी गर्दा भिसा दस्तुर लाग्नेछैन । तर, यी विद्यार्थीका परिवारलाई अध्ययन भिसा जारी गर्दा मासिक १०(दस) अमेरिकी डलर बराबरको नेपाली मुद्रा भिसा शुल्क बापत लाग्नेछ ।

(छ) नेपाल स्थित विश्वविद्यालयहरू र विदेशी विश्वविद्यालयहरू बीच शिक्षक आदान प्रदान कार्यक्रम अन्तर्गत नेपाल आई निःशुल्क अध्ययन भिसा प्राप्त गर्ने भनी निर्णय भएका विदेशीका आश्रित परिवारलाई अध्ययन भिसा जारी गर्दा मासिक दस अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ज) अध्यापन तथा अनुसन्धान गर्न आउने अन्य विदेशी र तिनका आश्रित परिवारलाई मासिक ४० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

४. **गैरपर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :**

(क) प्रवेशको समयमा ३० दिनको गैर पर्यटक भिसा जारी गर्नु परेमा अमेरिकी डलर ३० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा,

(ख) नेपाली मूलका विदेशी र नेपाली बाबु वा आमाका विदेशी राहदानी वाहक सन्तानलाई प्रतिमहिना ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) पत्रकारहरू र तिनका आश्रित परिवारलाई प्रतिमहिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(घ) नेपाल सरकारको कार्यालय वा आयोजनामा प्रत्यक्ष रूपमा संलग्न भई कार्यरत हुने विदेशीहरू र तिनका आश्रित परिवारलाई प्रतिमहिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ङ) नेपाली नागरिकसँग विवाह गर्ने विदेशीलाई प्रतिमहिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(च) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीका बाबु, आमा, दाजु, भाइ, दिदी वा बहिनी निजलाई भेट्न आउने भएमा वा नातेदार भेट्ने प्रयोजनका लागि आउने अन्य विदेशीलाई प्रतिमहिना १५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(छ) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थासँग ठेक्का पट्टामा काम गर्न श्रम स्वीकृति प्राप्त वा सन् १९८९ भन्दा अघिदेखि नेपालमा कुनै कारोबार गरिबसेका चिनियाँ नागरिकहरूलाई प्रतिमहिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ज) दातृराष्ट्र र नेपाल सरकारबीच सम्झौता भई दातृराष्ट्रको प्रत्यक्ष लगानीमा सञ्चालित गैरसरकारी संस्थामा कार्यरत विदेशी र तिनका आश्रित परिवारलाई प्रतिमहिना ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(झ) अन्य विदेशीहरूलाई प्रतिमहिना ६० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ञ) क्रमसङ्ख्या ४ को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यागमन नियमावली, २०५१ लागु हुनुभन्दा अघि विदेशीसम्बन्धी

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नियमावली, २०३२ बमोजिम निशुल्क भिसा प्राप्त गरिसकेका नेपाली पुरुष नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी महिलालाई वैवाहिक सम्बन्ध कायम रहेसम्म भिसा दस्तुर लाग्नेछैन ।

५. **व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :**

(क) एक करोड रुपैयाँभन्दा बढी व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई एक वर्षभन्दा कम अवधिको भिसा जारी हुने अवस्थामा बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा मासिक दस अमेरिकी डलर बराबरको नेपाली मुद्रा, वार्षिक रूपमा बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा एक सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र पाँच वर्षको बहुप्रवेशी व्यावसायिक भिसा लिन चाहेमा तीन सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ख) एक करोड रुपैयाँ र सोभन्दा कम व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई एक वर्षभन्दा कम अवधिको भिसा जारी हुने अवस्थामा बहु प्रवेशी व्यावसायिक भिसा जारी गर्दा मासिक ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा, वार्षिक रूपमा बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा तीन सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र पाँच वर्षको बहुप्रवेशी व्यावसायिक भिसा लिन चाहेमा एक हजार अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीहरूलाई क्रमसङ्ख्या ५ को खण्ड (क) बमोजिमको भिसा दस्तुर लाग्नेछ ।

(घ) क्रमसङ्ख्या ५ को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दस करोड रुपैयाँ वा सोभन्दा बढी व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई बहुप्रवेशी व्यावसायिक भिसा जारी गर्दा भिसा दस्तुर लाग्नेछैन ।

(ङ) प्रविधि हस्तान्तरण प्रयोजनका लागि आउने विशेषज्ञ र निजको आश्रित परिवारलाई क्रम सङ्ख्या ५ को खण्ड (ख) मा उल्लेख भएबमोजिम भिसा दस्तुर लाग्नेछ ।

६. **अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तुर :** पाँच अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७. **गैरआवासीय नेपाली भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :** बहुप्रवेशी भिसाका लागि वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र अध्ययन गर्न आउने विद्यार्थीका हकमा वार्षिक २५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

८. **बहुप्रवेशी सुविधासहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर :**

(क) प्रथम पटक २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ख) नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ङ) बमोजिमको विदेशीका लागि प्रथमपटक ७०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक १२०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) क्रम सङ्ख्या ८ को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यागमन नियमावली, २०५१ मा भएको प्रथम संशोधन, २०५८ लागु हुनुपूर्व उक्त नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ङ) बमोजिम आवासीय भिसा प्राप्त गरी नेपालमा बसि आएका विदेशीहरूलाई नवीकरण दस्तुरबापत वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

९. **व्यावसायिक, अध्ययन र गैरपर्यटक भिसाको म्याद थप नगरी बसेका विदेशीको भिसा नियमित गर्दा लाग्ने दस्तुर :**

(क) व्यावसायिक, अध्ययन र गैर पर्यटक भिसाको सिफारिस विभागमा दर्ता भएको मितिदेखि मात्र सिफारिस गरिएको भिसा प्राप्त हुने भएकाले समयमै भिसाको म्याद थप नगरी बसेका विदेशीका हकमा सम्बन्धित निकायबाट पुनः सोही भिसाको सिफारिस प्राप्त भएमा म्याद थप नगरी बसेको अवधिका हकमा पहिले जुन भिसामा बसेको हो सो भिसाबापत यस नियमावलीबमोजिम लाग्ने दस्तुरमा शतप्रतिशत थप दस्तुर लाग्नेछ तर साविक भिसा पर्यटक भिसा भएमा १५० दिनको अवधिभित्रको भए क्रम सङ्ख्या २ बमोजिम पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुरसरहको दस्तुर,

(ख) क्रम सङ्ख्या ९ को खण्ड (क) बमोजिम पुनः सिफारिस प्राप्त नभएमा १५० दिनको अवधिभित्रको भए क्रम सङ्ख्या २ अनुसार पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर सरहको दस्तुर र सो अवधिभन्दा बढी भए ऐनको दफा १० को उपदफा (४) बमोजिम जरिवाना समेत लाग्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१०. **पर्यटक भिसाबाहेक अन्य भिसाको मान्य अवधिसम्म मात्र कायम रहने गरी एकप्रवेशी र बहुप्रवेशी सुविधा लिनुपरेमा लाग्ने दस्तुर :** एकप्रवेशीका लागि २० र बहुप्रवेशीका लागि ६० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

११. **अन्य दस्तुर :**

(क) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गर्ने विदेशीलाई पर्यटक भिसा जारी गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तुरमा ५० प्रतिशत थप गरी सो बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(ख) यात्रा अनुमतिपत्र जारी गर्दा ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(ग) आगमन वा प्रस्थान प्रमाणित गर्दा वा भिसा स्थानान्तरण गर्नुपरेमा २ अमेरिकी डलर बराबरको नेपाली मुद्रा लाग्नेछ ।

(घ) क्रम सङ्ख्या ११ को खण्ड (क) मा जेसुकै लेखिएको भए तापनि यस नियमावलीबमोजिम प्रवेश भिसा दस्तुर नलाग्ने व्यवस्था भएका विदेशी (दस वर्षमुनिका बाहेक) प्रवेशस्थलबाट भिसा नलिई प्रवेश गरेमा विभागबाट प्रवेश भिसा जारी गर्दा क्रम सङ्ख्या १ को खण्ड (क) वा (ख) वा (ग) बमोजिमको दस्तुर बराबरको नेपाली मुद्रा र यस नियमावली वा नेपाल सरकारले भिसा दस्तुर नलाग्ने व्यवस्था गरेका विदेशीले भिसाको म्याद थप नगरी बसेमा भिसा नियमित गर्दा १६ वर्षमुनिका विदेशीका हकमा निजका अभिभावक र १६ वर्षमाथिका विदेशीका हकमा राहदानीवाहकलाई ऐनको दफा १० को उपदफा (४) अनुसार जरिवाना हुन सक्नेछ ।

१२. **भिसा दस्तुरको गणना :** पर्यटक भिसा बाहेक अन्य भिसाको दस्तुर गणना गर्ने प्रयोजनका लागि अवधि गणना गर्दा १५ दिन भन्दा कम अवधिको भए १५ दिनसम्मको र १५ दिन भन्दा बढी एक महिनाभन्दा कम अवधिको भए १ महिनाको भिसा दस्तुर लाग्ने गरी दस्तुरको गणना गरिनेछ ।

१३. **आवासीय भिसाको नवीकरण नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर :** आवासीय भिसा नवीकरण नगरी बसेका विदेशीको भिसा नवीकरण गर्दा नियम बमोजिम लाग्ने दस्तुरमा मासिक ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्नेछ ।

१४. **गैरआवासीय नेपाली भिसाको म्याद थप नगरी बसेका विदेशीलाई लाग्ने दस्तुर :** गैरआवासीय नेपाली भिसा म्याद थप नगरी बसेका विदेशीको म्याद थप गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तुरमा मासिक १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा थप दस्तुर लाग्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची १०

(नियम ३२ सँग सम्बन्धित)

पदयात्रा अनुमतिका लागि निवेदन फारम

kmf]6f]

श्री महानिर्देशकज्यू,

अध्यागमन विभाग ।

मलाई नेपालको निम्न स्थानमा पदयात्रा गर्ने इच्छा भएकाले निम्न विवरण खुलाई निवेदन दिएको छु । उल्लिखित क्षेत्रमा पदयात्रा गर्ने अनुमति दिइएमा प्रचलित कानुन तथा अध्यागमन नियमावली २०५१ को परिधिभित्र रही पदयात्रा गर्ने व्यहोरा अनुरोध गर्दछु ।

तपसिल

१. पर्यटकको विवरण

नाम थर : राष्ट्रियता:

जन्ममिति : स्थायी ठेगाना:

व्यवसाय : अस्थायी ठेगाना:

राहदानी नम्बर : राहदानी जारी गरेको मिति:

प्रवेश भिसा जारी गरिएको स्थान : मिति :

भिसा बहाल रहने मिति :

२. पदयात्राको उद्देश्य :

३. पदयात्रा गर्ने क्षेत्र :

४. पदयात्रा गर्ने बाटो :

५. पदयात्राको अवधि : (मिति) .....देखि.....सम्म ..... दिन

६. पदयात्रा सुरु गर्ने स्थान :

७. पदयात्रा समाप्त हुने स्थान :

८. पदयात्राका लागि अनुमानित खर्च : (परिवर्त्य मुद्रामा उल्लेख गर्ने)

मिति : निवेदकको हस्ताक्षर

द्रष्टव्य : उल्लिखित स्थानमा जाने बाटाको नक्सा माग भएमा यसैसाथ बुझाउनुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची १० (क)

(नियम ३२ सँग सम्बन्धित)

एजेन्सीमार्फत पदयात्रा अनुमति निवेदन फारम

विषय : पदयात्रा अनुमति उपलब्ध गराइदिने ।

श्री महानिर्देशकज्यू,

अध्यागमन विभाग, काठमाडौं ।

हाम्रो इजाजत प्राप्त ट्रेकिङ एजेन्सीमार्फत निम्न पर्यटकहरूले पदयात्रा गर्न जान इच्छा गरेकाले निजहरूलाई पदयात्रा अनुमति उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु । अनुमति दस्तुरबापत रकम रु. ..... संलग्न छ ।

पदयात्रा गराएबापत सेवा शुल्क जम्मा रकम .....(परिवर्त्य विदेशी मुद्रा उल्लेख गर्ने) लिएका छौं/लिनेछौं । ऐन तथा नियमावलीले निर्देशन गरेका सम्पूर्ण सर्तहरूको पालना गरी निर्धारित क्षेत्र र बाटोमा मात्र पदयात्रा गराउनेछौं ।

पर्यटकहरूको विवरण निम्नानुसार छ ।

सि. नं.	नाम, थर	राष्ट्रियता	राहदानी नं. र बहाल रहने मितिः	प्रवेश भिसा जारी गरेको स्थान र मिति	आगमन स्थल र मिति	भिसा बहाल रहने मिति	पदयात्रामा जाने क्षेत्र र जाने अवधि ..... देखि ..... सम्म दिन	पदयात्रा सुरु र समाप्त हुने स्थान	पदयात्रा को मार्ग

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

बोधार्थ :

श्री कर कार्यालय ..... जिल्ला ।

श्री नेपाल राष्ट्रबैङ्क ।

विदेशी विनिमय विभाग ।

श्री पर्यटन विभाग, त्रिपुरेश्वर, काठमाडौँ ।

इजाजत प्राप्त एजेन्सीको अधिकार प्राप्त अधिकारीको

नाम थर :

दस्तखत :

मिति :

अनुसूची ११

(नियम ३३ सँग सम्बन्धित)

नेपाल सरकार

गृहमन्त्रायल

अध्यागमन विभाग

फोटो

पदयात्रा अनुमतिपत्र

अध्यागमन नियमावली २०५१ को नियम ३३ बमोजिम निम्न पर्यटकलाई निम्न क्षेत्र (उक्त क्षेत्रमा पर्ने निषेधित इलाकाबाहेक) मा मिति..... देखि .....सम्म पदयात्रा गर्न अनुमति प्रदान गरिएको छ ।

१) नाम,थर :

२) राष्ट्रियता :

३) स्थायी ठेगाना :

४) नेपालको अस्थायी ठेगाना :

५) राहदानी नं. :

६) नेपाली भिसाको म्याद (मिति लेख्ने):

७) पदयात्रा गर्न अनुमति दिइएको क्षेत्र :

८) पदयात्राका लागि निर्धारित बाटो :

९) पदयात्रा सुरु हुने स्थान :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१०) पदयात्रा समाप्त हुने स्थान :

११) ट्रेकिङ एजेन्सीमार्फत पदयात्रा गर्ने भए एजेन्सीको नाम :

१२) पदयात्रा अनुमति नं :

मिति :

अध्यागमन अधिकृत
कोड नं.

द्रष्टव्य :

१) निर्धारित क्षेत्र वा बाटोबाहेक अन्य क्षेत्र वा बाटोबाट पदयात्रा गराएमा कानुनको उलङ्घन गरेको मानिनेछ ।

२) पदयात्रामा जाँदा यो अनुमतिपत्र साथमा राख्नुपर्छ ।

३) अध्यागमनका कर्मचारी वा प्रहरी कर्मचारीले अनुमतिपत्र माग गरेमा देखाउनुपर्नेछ ।

अनुसूची– १२

(नियम ३९ सँग सम्बन्धित)

पदयात्रा अनुमति दस्तुर

१. **माथिल्लो मुस्ताङ क्षेत्र र माथिल्लो डोल्पा क्षेत्रमा पदयात्रा गर्दा लाग्ने दस्तुरः** पहिलो १० दिनका लागि प्रतिव्यक्ति ५०० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रतिव्यक्ति प्रतिदिन ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

२. **मनास्लु क्षेत्रमा पदयात्रा गर्दा लाग्ने दस्तुर :**

(क) सेप्टेम्बरदेखि नोभेम्बरसम्म प्रतिहप्ता प्रतिव्यक्ति ७० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रतिदिन प्रतिव्यक्ति १० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) डिसेम्बरदेखि अगस्तसम्म प्रतिहप्ता प्रतिव्यक्ति ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रतिदिन प्रतिव्यक्ति ७ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

३. **हुम्ला (सिमिकोट-यारी क्षेत्रमा) पदयात्रा गर्दा लाग्ने दस्तुर :** प्रतिहप्ता प्रतिव्यक्ति ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रतिदिन प्रतिव्यक्ति ७ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

४. **कञ्चनजङ्घा र तल्लो डोल्पा क्षेत्रमा पदयात्रा गर्दा लाग्ने दस्तुर :** प्रतिव्यक्ति प्रतिहप्ता १० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

५. **गौरीशङ्कर तथा लामाबगर क्षेत्रमा पदयात्रा गर्दा लाग्ने दस्तुर :** दोलखा जिल्लाको गौरीशङ्कर तथा लामाबगर क्षेत्रमा प्रतिव्यक्ति प्रतिहप्ता १० अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा,

६. **छेकम्पार र चुन्चेत क्षेत्रमा पदयात्रा गर्दा लाग्ने दस्तुर :** गोरखा जिल्लाको छेकम्पार, चुन्चेत गा.वि.स. (सिर्दिवास-लोक्पा-चुमलिङ-छेकम्पार-निले-छुले) क्षेत्रमा पदयात्रा अनुमति जारी गर्दा पहिलो आठ दिनका लागि सेप्टेम्बरदेखि नोभेम्बरसम्म प्रतिव्यक्ति ३५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा तथा डिसेम्बरदेखि अगस्तसम्म प्रतिव्यक्ति २५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

७. **अन्य पदयात्रा क्षेत्रमा पदयात्रा गर्दा लाग्ने दस्तुर :** माथि उल्लिखित क्षेत्रहरू बाहेक अन्य पदयात्रा क्षेत्रको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

८. **नेपाली मुद्रामा दस्तुर बुझाउन सक्ने :** क्रमसङ्ख्या १, २, ३, ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि भारतीय नागरिकले सोही क्रम सङ्ख्याहरूमा उल्लिखित अमेरिकी डलर बराबरको रकम नेपाली मुद्रामा बुझाउन सक्ने ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची १३

(नियम ४४(२) सँग सम्बन्धित)

निष्काशन आदेश

kmf]6f]

श्री .... वर्ष .....

नागरिक..... राहदानी नं. ..... जारी मिति

तपाईंको देहायको काम कुराबाट अध्यागमनसम्बन्धी ऐन नियम र प्रचलित नेपाल कानुनको उल्लङ्घन भएकाले अध्यागमन नियमावली, २०५१ को नियम ४४(२) अनुसार तपाईंलाई नेपालबाट .....देखि .....सम्म पुनः आउन नपाउने गरी निष्काशन गर्ने मिति .....को निर्णयानुसार निष्काशन गरिएकाले सूचना गरिएको छ ।

गरेको काम अध्यागमन अधिकृत

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

राहदानी ऐन, २०२४

लालमोहर र प्रकाशन मिति

२०२४।६।११

प्रस्तावना : विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहादानीको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "राहदानी ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागु हुनेछ र जहाँसुकै रहेबसेको भए तापनि नेपाली नागरिकहरूलाई लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : यस ऐनमा "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरू तथा समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ ।

३. राहदानी लिनुपर्ने : विदेशयात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भई बहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

तर, नेपाल सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धि सम्झौता अनुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिनुनपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमणका निमित्त राहदानी लिनुपर्नेछैन ।

४. राहदानी जारी गर्ने अधिकार : नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।

तर,

(१) राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई वा नदेखाई कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) नेपाल सरकारले कुनै कारण देखाई वा नदेखाई कुनै समय पनि जारी भइसकेको राहदानीलाई खिच्न वा रद्द गर्न सक्नेछ । र

(३) राहदानीबमोजिम विदेश भम्रण गरिरहेको व्यक्ति जहाँसुकै रहे बसेको भए तापनि तत्सम्बन्धमा नेपाल सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५. दण्ड सजाय : कसैले झुट्टा बयान वा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालन नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै कामकार्बाही गरेमा निजलाई एक वर्षसम्म कैद वा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

६. नेपाल सरकार वादी हुने :

(१) दफा ५ अन्तर्गत दण्ड सजाय हुने कसुरको अभियोगमा चलाइने मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

(२) कसैले दफा ५ अन्तर्गत सजाय हुने अपराध गरेको छ वा गर्ने उद्योग गरेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब माफिकको कारण भएमा जुनसुकै प्रहरीले त्यस्तो व्यक्तिलाई बिनावारेन्ट गिरफ्तार गरी कार्बाहीको लागि आफ्नो अधिकारीमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीसमक्ष पेस गर्नेछ ।

७. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) विभिन्न कामका लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानीसम्बन्धी सर्तहरू,

(ख) राहदानीबापत लाग्ने दस्तुर,

(ग) राहदानीको नवीकरण र तत्सम्बन्धी दस्तुर,

(घ) अन्य आवश्यक कुराहरू ।

रूपान्तर : *'श्री ५ को सरकार'* को सट्टा 'नेपाल सरकार' र *'नेपाल अधिराज्य'* को सट्टा 'नेपाल राज्य' गरिएको छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

राहदानी नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५९।१०।२

राहदानी ऐन, २०२४ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यी नियमहरूको नाम "राहदानी नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "यात्रा अनुमतिपत्र" भन्नाले नियम ८ बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र सम्झनुपर्छ ।

(ख) "परिवार" भन्नाले राहदानी वाहकको पति, पत्नी, बाबु, आमा, छोरा, अविवाहित छोरी सम्झनुपर्छ ।

(ग) "आश्रित व्यक्ति" भन्नाले राहदानी वाहकको पति, पत्नी, छोरा, छोरी, बुहारी, अविवाहित छोरी, बाबु, आमा, एकै सगोलका दाजुभाइ, अविवाहिता दिदीबहिनी सम्झनुपर्छ र सो पुरुषको हकमा बाजे, बज्यै तथा महिलाको हकमा सासु ससुरासमेतलाई जनाउनेछ ।

(घ) "मन्त्रालय" भन्नाले परराष्ट्रमन्त्रालय सम्झनुपर्छ ।

(ङ) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, नेपाली महावाणिज्य दूतावास, स्थायी नियोग वा विशेष नियोग सम्झनुपर्छ ।

३. राहादानी प्रकार : विदेश यात्रामा जान चाहने नेपाली नागरिकलाई देहायबमोजिमको राहदानी जारी गर्न सकिनेछ :

(क) कूटनीतिक राहदानी,

(ख) विशेष राहदानी,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) साधारण राहदानी ।

४. राहदानीको लागि दर्खास्त दिने र राहदानी जारी गर्ने : (१) राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र र पाँच वर्ष उमेर पूरा गरेका नाबालकको हकमा नाबालक परिचयपत्र तथा नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो संलग्न गरी अनुसूची –१ मा उल्लेखित कार्यालयसमक्ष अनुसूची –२ बमोजिमका ढाँचामा निवेदन दिनुपर्नेछ ।

तर, राहदानी वितरण गर्दाको बखत सक्कल प्रमाणपत्र राहदानी जारी गर्ने अधिकारीसमक्ष दाखिला गर्नुपर्नेछ ।

(२) पाँच वर्ष उमेर पूरा गरेका नाबालकको हकमा निजका बाबु, आमा वा निजलाई अभिभावका रूपमा पालनपोषण गर्ने कुनै व्यक्तिले उपनियम (१) बमोजिमको निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्ति राहदानी दिनको लागि योग्य देखिएमा राहदानी जारी गर्ने कार्यालयले मन्त्रालयले तोकेबमोजिमको ढाँचामा त्यस्तो व्यक्तिलाई राहदानी जारी गर्नेछ । राहदानी जारी नगरिएमा सोको सूचना सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कूटनीतिक वा विशेष राहदानी प्राप्त गर्ने पदाधिकारी वा व्यक्तिले त्यस्तो राहदानी प्राप्त गर्नको लागि निवेदन दिँदा नागरिकताको प्रमाणपत्र संलग्न गर्नुपर्ने छैन ।

५. कूटनीतिक राहदानी : (१) देहायका पदाधिकारीलाई विदेश भ्रमणमा जानका लागि सम्बन्धित निकायबाट लेखिआएमा मन्त्रालय नियोगले बिनादस्तुर कूटनीतिक राहदानी जारी गर्नेछ :

(क) *श्री ५ बडामहारानी, श्री ५ युवराजधिराज, श्री ५ युवराज्ञी, श्री ५ नवयुवराज, श्री ५ अधिराजकुमारी तथा राजपरिवारका अन्य सदस्य,*

(ख) *श्री ५ महाराजधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजधिराज, श्री ५ युवराज्ञी, श्री ५ नवयुवराजको विदेश भ्रमणमा संलग्न भ्रमण दलका सदस्य,*

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, *राजपरिषद् स्थायी समितिका सभापति,* उपप्रधानमन्त्री, मन्त्री, प्रतिनिधिसभाका विपक्षी दलका नेता, प्रतिनिधिसभाका उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष, राज्यमन्त्री, *राजपरिषद् स्थायी समितिका सदस्य,* राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, सहायक मन्त्री, प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्य, प्रधान सेनापति, राष्ट्रिय योजना आयोगका सदस्य, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, महालेखा परीक्षक, लोकसेवा आयेगका अध्यक्ष, प्रमुख निर्वाचन आयुक्त, महान्याधिवक्ता, *बडा गुरुज्यू,* नेपाल राष्ट्र बैङ्कका गर्भनर, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्त, लोकसेवा आयेगका सदस्य, निर्वाचन आयोगका आयुक्त,

(घ) *राजप्रसाद सेवा,* निजामति सेवा, *शाही* नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका विशिष्ट श्रेणीका अधिकृत,

(ङ) नेपाल प्रशासन सेवाका कूटनीतिक समूहका राजपत्राङ्कित अधिकृत,

(च) प्रधानमन्त्रीको औपचारिक विदेश भ्रमणमा संलग्न भ्रमण दलका सदस्य,

(छ) संयुक्त राष्ट्रसङ्घको साधारण सभा, विशेष सभा र सो सङ्घको अन्य विशिष्टीकृत निकायको साधारण सभा, एसियाली विकास बैङ्कको साधारण सभा, दक्षिण एसियाली क्षेत्रीय सहायोग सङ्गठन (सार्क) को शिखर सम्मेलन तथा मन्त्रिस्तरीय बैठकलगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शिखर सम्मेलनमा भाग लिन नेपाल सरकारको प्रतिनिधित्व गरी भ्रमणमा जाने सदस्य,

(ज) नेपाली राजदूत, संयुक्त राष्ट्रसङ्घका लागि नेपाल राज्यको स्थायी प्रतिनिधि, नियोग प्रमुख र निजका परिवारका सदस्य तथा नियोगमा खटिइजाने कर्मचारी र निजका परिवारका सदस्य,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(झ) नेपाल सरकारको प्रतिनिधित्व गरी विशेष नियोगमा खटिइ जाने व्यक्ति र

(ञ) नेपाल सरकारको निर्णयद्वारा कुनै खास प्रयोजनको लागि कूटनीतिक राहदानी दिने गरी तोकिएका व्यक्ति ।

(२) सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा कूटनीतिक राहदानी पाउने पदाधिकारीको पति वा पत्नी साथमा जानुपर्ने भएमा निजलाई समेत कूटनीतिक राहदानी जारी गर्न सकिनेछ ।

६. विशेष राहदानी : (१) देहायका पदाधिकारीलाई सरकारी कामका सिलसिलामा विदेश भ्रमणमा जानका लागि सम्बन्धित निकायबाट लेखिआएमा मन्त्रालय वा नियोगले बिनादस्तुर विशेष राहदानी जारी गर्नेछ :-

(क) नियम ५ बमोजिम कूटनीतिक राहदानी पाउने पदाधिकारीबाहेक *राजप्रसाद सेवा,* निजामती सेवा, *शाही* नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका अन्य अधिकृत,

(ख) जिल्ला विकास समितिका सभापति र नगरपालिकाका प्रमुख,

(ग) नेपाल सरकारद्वारा स्थापित विश्वविद्यालयका उपकुलपति, नेपाल *राजकीय* प्रज्ञाप्रतिष्ठान तथा नेपाल *राजकीय* विज्ञान प्रतिष्ठानका उपकुलपति, र

(घ) नेपाल सरकारको निर्णयद्वारा कुनै खास प्रयोजनको लागि विशेष राहदानी दिने गरी तोकिएका व्यक्ति ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट मनोनीत भई छात्रवृतिमा अध्ययन गर्न वा अध्ययन भ्रमणका सिलसिलामा विदेश भ्रमणमा जाने *राजप्रसाद सेवा,* निजामति सेवा, *शाही* नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका अधिकृतलाई विशेष राहदानी जारी गर्न सकिनेछ ।

७. साधारण राहदानी : (१) नेपाली नागरिक तथा निजका पाँच वर्ष उमेर पूरा गरेका नाबालक सन्तानलाई साधारण राहदानी जारी गर्न सकिनेछ ।

(२) साधारण राहदानी मन्त्रालय वा नियोग वा नेपाल सरकारले तोकेको जिल्ला प्रशासन कार्यालयबाट जारी गरिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) देहायका व्यक्तिलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयले साधारण राहदानी जारी गर्न सक्नेछ :

(क) कुनै जिल्लामा बसोबास गरी सोही जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिक,

(ख) अन्य जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेको भए तापनि सम्बन्धित कार्यालयको सिफरिसमा सम्बन्धित जिल्लामा कार्यरत *राजप्रसाद सेवा*, निजामती सेवा, *शाही* नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सार्वजनिक संस्थानका कर्मचारी तथा निजका आश्रित व्यक्ति ।

(४) देहायका व्यक्तिलाई मन्त्रालयले साधारण राहदानी जारी गर्न सक्नेछ :

(क) काठमाडौं उपत्यकामा स्थायी बसोबास गरेकोमा बाहेक काठमाडौं उपत्यकास्थित विदेशी कूटनीतिक एवम् अन्य नियोगमा स्थानीय कर्मचारीको रूपमा कार्यरत नेपाली नागरिक आफू कार्यरत नियोगको काममा विदेश भ्रमणमा जान जरुरी परेको व्यहोरा दर्शाई सम्बन्धित नियोगबाट सिफारिस भई आएमा त्यस्ता कर्मचारीलाई,

(ख) विदेशमा उपचार गराउन जानको लागि नेपाल मेडिकल बोर्ड वा सम्बन्धित चिकित्सकले सिफारिस गरेको बिरामीले आफूले नागरिकता प्रमाणपत्र लिएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिन व्यावहारिक नभएको यथेष्ट प्रमाण पुऱ्याई निवेदन दिने नेपाली नागरिकलाई,

(ग) तत्काल राहदानी नलिई नहुने अवस्था परी समयाभावको कारण आफूले नागरिकता प्रमाणपत्र प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिन व्यावहारिक नभएको यथेष्ट प्रमाण पुऱ्याई निवेदन दिने नेपाली नागरिकलाई ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहेका नेपाली नागरिकलाई साधारण राहदानी जारी गर्नुपर्दा सम्बन्धित नियोगले गर्नेछ ।

८. <u>यात्रा अनुमतिपत्र</u> :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) देहायका अवस्थामा यात्रा अनुमतिपत्र जारी गरिनेछ :

(क) विदेशमा रहेको कुनै नेपाली नागरिक राहदानी हराएको वा नासिएको कारणले नेपाल फर्कन असमर्थ भएको कारण दर्शाई निजले प्रमाणसहित साधारण राहदानी प्राप्त गर्नका लागि आवश्यक पर्ने प्रक्रिया पूरा गरी सम्बन्धित देशको वा नजिकको नियोगसमक्ष निवेदन दिएमा,

तर, त्यस्तो देशमा नियोग नभएमा त्यस्तो नेपाली नागरिकको परिवारको सदस्यले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा श्रम मन्त्रालयको सिफारिससहित साधारण राहदानी प्राप्त गर्नका लागि आवश्यक पर्ने सबै प्रक्रिया पूरा गरी मन्त्रालय समक्ष निवेदन दिएमा यस नियम बमोजिम यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(ख) कुनै खास प्रयोजनका लागि नेपालमा रहेका शरणार्थी विदेश भ्रमणमा जानको लागि गृहमन्त्रालयको सिफारिससहित वा नेपालमा विदेशी नियोग नभएका मुलुकका विदेशी नागरिकले राहदानी हराएको वा नासिएको कारणले आफ्नो देशमा फिर्ता हुन नसकेको कारण दर्शाई राहदानी हराएको वा नासिएको प्रहरी प्रतिवेदन तथा अन्य आवश्यक प्रमाण सहित मन्त्राल यसमक्ष निवेदन दिएमा,

(ग) विदेशी नागरिकद्वारा धर्मपुत्र वा पुत्री ग्रहण गरिएका नेपाली बालबालिकाको हकमा त्यस्तो नागरिकको मुलुकको विदेशी नियोग नेपालमा नभएमा वा त्यस्तो नियोगले यात्रा अनुमतिपत्र जारी गर्ने नभएमा त्यस्तो विदेशी नागरिकले महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको सिफारिस सहित मन्त्राल यसमक्ष निवेदन दिएमा ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिलाई यात्रा अनुमतिपत्र जारी गर्न योग्य देखिएमा मन्त्रालय वा नियोगले मन्त्रालयले तोकेबमोजिमको ढाँचामा यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) उपनियम (१) बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र बहाल रहने अवधि त्यस्तो अनुमतिपत्र जारी गर्ने अधिकारीले तोकेबमोजिम हुनेछ । त्यसरी अवधि नतोकिएमा सामान्यतया एक वर्षसम्म बहाल रहनेछ ।

९. राहदानी तथा यात्रा अनुमतिपत्र दस्तुर : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि साधारण राहदानी तथा यात्रा अनुमतिपत्र प्राप्त गर्नको लागि अनुसूची –३ को खण्ड (क) बमोजिमको दस्तुर बुझाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन नभएसम्मको लागि यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेको राहदानी तथा यात्रा अनुमतिपत्र दस्तुर बुझाउनुपर्नेछ ।

१०. राहदानी बहाल रहने अवधि : *(१) श्री ५ बडामहारानी, श्री ५ युवराजधिराज, श्री ५ युवराज्ञी तथा श्री ५ नवयुवराजलाई आजीवनका लागि र राजपरिवारका अन्य सदस्यलाई एकपटकमा पाँच वर्षसम्मका लागि कूटनीतिक राहदानी जारी गरिनेछ ।*

(२) उपनियम (१) मा उल्लेख भएका बाहेक अन्य पदाधिकारी वा व्यक्तिका नाममा जारी गरिने कूटनीतिक वा विशेष राहदानी सामान्यतया एक वर्षसम्म बहाल रहने गरी त्यस्तो राहदानी जारी गर्ने अधिकारीले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम जारी भएका राहदानीको बहाल रहने अवधि समाप्त भएपछि राहदानी जारी गर्ने अधिकारीले आवश्यकतानुसार सोही राहदानीमा म्याद थप गर्न सक्नेछ ।

(४) साधारण राहदानीको बहाल रहने अवधि राहदानी पुस्तिकामा उल्लेख भएबमोजिम हुनेछ । साधारण राहदानीको बहाल रहने अवधि समाप्त भएपछि सोही राहदानीमा नवीकरण गरिने छैन ।

११. नयाँ राहदानी जारी नगरिने : (१) एकपटक एक प्रकारको राहदानी जारी गरिसकेको नागरिकलाई सो राहदानी बहाल रहेका अवस्थामा सोही प्रकारको अर्को राहदानी जारी गरिने छैन ।

तर, देहायका अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछ :-

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(क) राहदानी पुरानो भई पढ्न नसकिने भएमा वा च्यातिई झुत्रो भएमा,

(ख) राहदानीको सबै पानाहरू भरिन गई भिसा प्राप्त गर्न वा दरपिठ गर्नका लागि पाना नभएमा,

(ग) राहदानी हराएको सम्बन्धमा स्थानीय प्रहरी कार्यालयमा राहदानी वाहकले दिएको दर्खास्तको विवरणसहितको प्रहरी कार्यालयले दिएको प्रतिवेदन र राहदानी हराएको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित भएको निस्सासहित दर्खास्त पर्न आएमा,

(घ) साधारण राहदानी बहाल रहने अवधि पूरा भएमा वा

(ङ) नियम ८ को उपनियम (१) को खण्ड (क) को आधारमा प्राप्त गरेको यात्रा अनुमतिपत्र पेस गरेमा ।

(२) उपनियम (१) बमोजिम नयाँ राहदानी लिँदा नियम ४ बमोजिमको पक्रिया पूरा गरेको हुनुपर्नेछ ।

१२. राहदानी रद्द गरेको सूचना गर्नुपर्ने : (१) नियम ११ को उपनियम (१) को खण्ड (ग) बमोजिम नयाँ राहदानी जारी गर्दा हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सो खुलाई हराएको राहदानी रद्द गरिएको सूचना मन्त्रालयले नेपाल सरकारको सम्बन्धित कार्यालय तथा नेपालस्थित विदेशी नियोगलाई गर्नुपर्नेछ । कुनै नागरिकको राहदानी विदेशमा हराई नियोगबाट नयाँ राहदानी जारी भएको अवस्थामा त्यस्तो नियोगले हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सो खुलाई हराएको राहदानी रद्द गरेको सूचना स्थानीय अध्यागमन कार्यालय तथा विदेशी नियोगलाई दिनुपर्नेछ ।

(२) नियम ११ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम नयाँ राहदानी जारी गर्दा नयाँ राहदानीमा मन्त्रालयले तोकेबमोजिम व्यहोरा उल्लेख गरिनेछ ।

१३. राहदानी र यात्रा अनुमतिपत्रको अभिलेख राख्ने : (१) यस नियमावलीबमोजिम जारी गरिने राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख राहदानी जारी गर्ने कार्यालयले अनुसूची –४ बमोजिमका ढाँचामा राख्नुपर्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) मन्त्रालय र नियोगबाट जारी गरिएका राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख मन्त्रालयले राख्नेछ ।

(३) जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएका राहदानीको अभिलेख गृहमन्त्रालयले राख्नेछ ।

(४) नियोगबाट जारी गरिएका राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख नियोगले र जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएका राहदानीको अभिलेख गृहमन्त्रालयले प्रत्येक तीन महिनामा एकामुष्ट मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ ।

१४. मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्षभन्दा कम उमेरका नाबालकको नाम तथा फोटो दरपिठ गर्न सकिने : (१) कुनै राहदानी वाहकको मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्षभन्दा कम उमेरका नाबालकलाई आफूसँगै विदेशमा लैजानुपर्ने भएमा सोको कारण खुलाई राहदानी जारी गर्ने कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिको राहदानीमा मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्षभन्दा कम उमेरका नाबालकको नाम तथा फोटो दरपिठ गर्न योग्य देखिएमा राहदानी जारी गर्ने कार्यालयले मन्त्रालयले तोकेबमोजिमको ढाँचामा अनुसूची –३ को खण्ड (ख) बमोजिमको दस्तुर लिई त्यस्तो राहदानी वाहकको राहदानीमा मानसिक अवस्था ठीक नभएको व्यक्ति वा नाबालकको नाम तथा फोटो दरपिठ गर्न सक्नेछ ।

१५. राहदानी तथा यात्रा अनुमतिपत्र संशोधन : (१) यस नियमावलीबमोजिम जारी भएको राहदानी तथा यात्रा अनुमतिपत्रमा उल्लिखित कुनै विवरण संशोधन गर्नका लागि राहदानी तथा यात्रा अनुमतिपत्र वाहकले त्यस्तो राहदानी तथा यात्रा अनुमतिपत्र जारी गर्ने कार्यालयसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिको राहदानी तथा यात्रा अनुमतिपत्र संशोधन गर्न उपयुक्त देखिएमा राहदानी जारी गर्ने कार्यालयले मन्त्रालयले तोकेबमोजिमको ढाँचामा अनुसूची –३ को खण्ड (ख) बमोजिमको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

दस्तुर लिई त्यस्तो राहदानी तथा यात्रा अनुमतिपत्रमा संशोधन गर्न सक्नेछ ।

१६. राहदानी अन्य प्रयोजनको लागि प्रयोग गर्न नहुने : (१) *राजपरिवारका सदस्यबाहेक* अन्य पदाधिकारी वा व्यक्तिले नियम ५ वा ६ बमोजिम जारी गरिएका राहदानी जुन प्रयोजनको निमित्त जारी भएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रयोजन समाप्त हुनसाथ नियम ५ वा ६ बमोजिम जारी गरिएको राहदानी सम्बन्धित राहदानी वाहक वा निजको अख्तियार प्राप्त व्यक्तिले मन्त्रालय वा नियोगमा फिर्ता बुझाउनुपर्नेछ ।

(३) कुनै राहदानी वाहकले नियम ५ वा ६ बमोजिम जारी गरिएको राहदानी सम्झनाको लागि साथमा राख्न चाहेमा मन्त्रालय वा नियोगले त्यस्तो राहदानी रद्द गरी सम्बन्धित व्यक्तिलाई फिर्ता दिन सक्नेछ ।

१७. निरीक्षण तथा सुपरिवेक्षण गर्न सकिने : (१) मन्त्रालयले कुनै अधिकृतस्तरको कर्मचारीबाट कम्तीमा वर्षको एकपटक राहदानी वितरण तथा अभिलेख व्यवस्था सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्न गराउन सक्नेछ । यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकृतले अनुसूची –५ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(२) मन्त्रालय र नियोगले राहदानी तथा यात्रा अनुमतिपत्र र जिल्ला प्रशासन कार्यालयले राहदानी जारी गर्ने अधिकृतको नाम तथा हस्ताक्षरको नमुना एकप्रति आफ्नो कार्यालयमा अद्यावधिक राखी एक एक प्रति मन्त्रालय र अध्यागमन विभागमा पठाउनुपर्नेछ ।

१८. अनुसूचीमा हेरफेर गर्ने अधिकार : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१९. खारेजी र बचाउ : (१) राहदानी नियमहरू, २०२७ खारेज गरिएको छ ।

(२) राहदानी नियमहरू, २०२७ बमोजिम भए गरेका कामकार्बाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

नोटः बाङ्गा बनाइएका शब्दहरू हाल नेपालको परिस्थितिमा असान्दर्भिक छन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

राहदानीका लागि निवेदन कार्यालय

१. कूटनीतिक तथा विशेष राहदानीका लागि मन्त्रालय वा नियोग,

२. साधारण राहदानीका लागि मन्त्रालय वा नियोग वा जिल्ला प्रशासन कार्यालय ।

अनुसूची–२

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

राहदानीका निमित्त निवेदन

अनुसूची–३

(नियम ९, नियम १४ को उपनियम (२) र नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

(क) साधारण राहदानी तथा यात्रा अनुमतिपत्र दस्तुर :

(ख) साधारण राहदानी तथा यात्रा अनुमतिपत्रमा संशोधन वा दरपिठ दस्तुर :

अनुसूची–४

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

राहदानी तथा यात्रा अनुमतिपत्र अभिलेख

अनुसूची–५

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन फारम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

विष्फोटक पदार्थ ऐन, २०१८

		लालमोहर मितिः	प्रकाशन मितिः
		२०१८।२।१३	२०१८।२।१५
संशोधन गर्ने ऐन		लामोहर मिति	प्रकाशन मिति
१.	नेपाल ऐन (संशोधन गर्ने) ऐन, २०१८	२०१८।७।३०	२०१८।८।१
२.	नेपाल ऐनहरू संशोधन गर्ने ऐन, २०१८	२०१८।८।२३	२०१८।९।१३
३.	नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९	२०१९।१२।३०	२०१९।१२।३०
४.	विष्फोटक पदार्थ (पहिलो संशोधन) ऐन, २०३१	२०३१।६।२०	२०३१।६।२०
५.	विष्फोटक पदार्थ (दोस्रो संशोधन) ऐन, २०४८	२०४८।७।१४	२०४८।७।१४

विष्फोटक पदार्थ उत्पादन गर्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको ऐन

प्रस्तावना : शान्ति र व्यवस्था कायम राख्न विष्फोटक पदार्थहरू उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "विष्फोटक पदार्थ ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागु हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखी प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "विष्फोटक पदार्थ" भन्नाले :

(१) बारुद, नाइट्रोग्लिसरिन, डाइनामाइट, गन–कटन, ब्लास्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरू धातुको फल्युनेट र सोही सरहको भए वा नभए तापनि विष्फोटनद्वारा व्यावहारिक असर ल्याउने वा आतसबाजीको ढङ्गको असर ल्याउने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरू जुनसुकै पदार्थ सम्झनुपर्छ र

(२) फोग्सिग्नल, फ्युजरकेट, परक्युसन क्याप, केप, पडकाउने वस्तु (डिटोनेटर), कारतुस र यस्तै अन्य सबै प्रकारका खरखजाना र उप-खण्ड (१) बमोजिमको कुनै विष्फोटक पदार्थसँग मिल्दोजुल्दो गरी वा मिलाई उत्पादन वा तयार गरिएको पदार्थलाई जनाउँछ ।

(३) विष्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने संयन्त्र, मेसिन वा ज्यावलसमेत जनाउँछ ।

(४) दफा ३ बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित गरी विष्फोटक पदार्थ भनी घोषित गरिएको पदार्थलाई सम्झनुपर्छ ।

(ख) "उत्पादन" भन्नाले कुनै विष्फोटक पदार्थलाई भाग भागमा छुट्याउने वा टुक्राउने वा बनाइसकेकोलाई बिगार्ने विधि वा कुनै नोक्सानी भएको विष्फोटक पदार्थलाई कामलायक बनाउने विधि र कुनै विष्फोटक पदार्थलाई दोहोऱ्याई बनाउने, हेरफेर गर्ने वा मर्मत गर्ने विधिलाई समेत जनाउँछ ।

(ग) "बोझ वाहक" भन्नाले मोटर, गाडा, बग्गी, रिक्सा, डुङ्गा, टाँगा र पानी वा जमिन वा हवाई मार्गबाट मालवस्तु वा यात्री ओसार्ने अरू जुनसुकै सवारीको साधनलाई समेत जनाउँछ ।

(घ) "पैठारी" भन्नाले नेपाल राज्यभित्र ल्याउने काम सम्झनुपर्दछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ङ) "इजाजतपत्र" भन्नाले यस ऐनअन्तर्गत दिइएको इजाजतपत्र सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिमको" भन्नाले यस ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिमको सम्झनुपर्छ ।

३. विष्फोटक पदार्थ घोषित गर्ने अधिकार : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै पदार्थ त्यसमा विष्फोटक तत्वहरू रहेको कारणले वा त्यसको उत्पादन गर्दाको सिलसिलामा चाहिने विधिहरूको अपनाउँदा कुनै किसिमको विष्फोट हुने सम्भावना भएको कारणले व्यक्तिहरूको जिउ ज्यान वा सम्पत्तिमा खतरा हुने देखेमा नेपाल सरकारले सो पदार्थलाई विष्फोटक पदार्थ भनी घोषित गर्न सक्नेछ र त्यसरी घोषित गरिएका प्रत्येक पदार्थलाई यस ऐनको तात्पर्यको लागि विष्फोटक पदार्थ भनिनेछ ।

४. विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण :

(१) कुनै व्यक्तिले इजाजतपत्र बिना र इजाजतपत्रवालाले पनि त्यसमा लेखिएका सर्त बन्देजमा नरही विष्फोटक पदार्थ उत्पादन गर्न, राख्न, प्रयोग गर्न, बिक्री गर्न, परिवहन गर्न वा पैठारी गर्नु हुँदैन ।

(२) कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र चाहिने वा त्यस्तो इजाजतपत्रको म्याद बढाउन चाहने व्यक्तिले तोकिएको विवरणहरूसहितको तोकिएको ढाँचाको लिखित आवेदनपत्र प्रमुख जिल्ला अधिकारी छेउ दिनुपर्छ । त्यस्तो प्रत्येक इजाजतपत्रको ढाँचा, त्यसमा लाग्ने दस्तुर र त्यसको म्याद तोकिएबमोजिमको हुनेछ ।

(३) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमहरूको अधीनमा रही प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्रमा लेखिएका कुनै कुरामा सम्बन्धित इजाजतपत्रवालालाई सूचना दिई आवश्यक देखेको संशोधन गर्न सक्नेछन् ।

(४) आफ्नो इजाजतपत्रमा संशोधन गर्न चाहने कुनै व्यक्तिले सो संशोधन गर्न चाहेको कुनै कुरा र त्यसको कारण खोली प्रमुख जिल्ला अधिकारीछेउ आवेदनपत्र दिनुपर्छ । त्यसरी संशोधन गर्न लाग्ने दस्तुर तोकिएबमोजिमको हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५. विष्फोटक पदार्थको उत्पादन, प्रयोग, बिक्री, परिवहन, र पैठारी गर्ने तथा राख्ने काम निषेध तथा नियन्त्रण गर्न सक्ने नेपाल सरकारको अधिकार : यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सार्वजनिक सुरक्षाको निमित्त आवश्यक देखेमा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामलाई पूर्णतः वा केही हदसम्म मनाही गर्न सक्नेछ ।

६. निरीक्षण गर्ने, खानतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार :

(१) प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कित वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने वा पैठारी गर्ने काम भैरहेको कुनै ठाउँ वा बोझवाहकमा गई निरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमुना मूल्य तिरी लिन सक्नेछ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमको बर्खिलाप कुनै ठाउँ वा बोझवाहकमा कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भएको भन्ने विश्वास हुने मनासिव माफिकको कारण भएमा प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको कुनै राजपत्राङ्कित कर्मचारीले वा घटीमा नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सो ठाउँ वा बोझवाहकमा गई निरीक्षण र जाँचबुझ गर्न, खोज तलासी गर्न त्यस्तो विष्फोटक पदार्थ फेला परेमा त्यस उपर कब्जा गर्न र त्यसलाई रोक्का गर्न सक्नेछ ।

७. गिरफ्तार गर्ने अधिकार : यो ऐन वा यस ऐनअन्तर्गत सजाय हुने कुनै कसुर कुनै व्यक्तिले गर्न लागेको फेला परेमा र निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन कुनै हवाई अड्डा वा कुनै बोझ वाहकमा वा त्यसको आसपासमा विष्फोटन हुने वा आगलागी हुने सम्भव देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्थाअनुसार सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पाएको अरू व्यक्तिले रेल्वे प्रशासन वा हवाई अड्डाका कुनै कर्मचारीले बिना वारेन्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सक्नेछ र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई बाटाका म्याद बाहके चौबीस घण्टाभित्र प्रमुख जिल्ला अधिकारीको जिम्ममा बुझाई दिनुपर्छ ।

८. दुर्घटनाको सूचना : (१) कुनै विष्फोटक पदार्थ उत्पादन भइरहेको, राखिएको वा प्रयोग भइरहेको ठाउँ वा परिवहन भइराखेको वा लाद्ने वा गिराउने काम भइराखेको कुनै बोझवाहकमा वा सो ठाउँ वा बोझवाहकको आसपासमा विष्फोट वा आगलागी भई व्यक्तिहरूको जिउ ज्यान वा सम्पत्तिको नास भएमा वा ठूलो क्षति भएमा सो ठाउँको तत्काल भोग चलन गर्ने व्यक्ति वा सो बोझवाहकको धनी वा तत्कालको चालकले सो कुराको सूचना तोकिएको तरिकाबमोजिम तोकिएको म्यादभित्र सबैभन्दा नजिकको प्रहरी थाना चौकीको अधिकृत इन्चार्ज कहाँ दिनुपर्छ ।

९. दुर्घटनाको जाँचबुझ गर्ने :

(१) शाही नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझवाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिएबमोजिमको कुनै दुर्घटना भएमा सरोकारवाला शाही नेपाली सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्दछ ।

(२) उपदफा (१) अन्तर्गत जाँचबुझको काम गर्ने सैनिक अधिकृत वा उपदफा (४) अन्तर्गत जाँचबुझ गर्ने नेपाल सरकारबाट खटिएको अधिकारीलाई प्रमुख जिल्ला अधिकारी सरहको सबै अधिकार हुनेछ र दफा ६ बमोजिम प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने अधिकारको प्रयोग पनि सो जाँझबुझको प्रयोजनको निमित्त आवश्यक एवम् उपयुक्त देखेमा गर्न सक्नेछ ।

(३) यस दफा अन्तर्गत कुनै दुर्घटनासम्बन्धी जाँचबुझ गर्ने व्यक्तिले सो जाँचबुझ सकिएपछि सो दुर्घटनाको कारण र परिस्थितिसमेत खोली नेपाल सरकारमा लिखित प्रतिवेदन पेस गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भइसकेपछि वा नहुँदै नेपाल सरकारले दुर्घटनाको रूप हेरी आवश्यक देखेमा उपदफा (१) अन्तर्गत जाँचबुझ गर्ने कामलाई रोक्ने आदेश दिन सक्नेछ र अरू उपयुक्त ठानेका कुनै अधिकारीद्वारा सो दुर्घटनाको कारणको जाँचबुझ गराउन सक्नेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(५) यस दफा अन्तर्गत जाँचबुझ गर्न खटिएका अधिकारीहरूलाई साक्षीहरू झिकाउने लिखित अन्य महत्वपूर्ण मालवस्तुहरू दाखिल गराउने, बयान बकपत्र गराउने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम सुरु अदालतलाई भए सरहको अधिकार हुनेछ ।

१०. दण्ड सजाय र जफती :

(१) कुनै व्यक्तिले दफा ४ अन्तर्गत इजाजतपत्र नदिई वा दफा ५ को उल्लङ्घन गरी देहायको विष्फोटक पदार्थ उत्पादन गरेमा, राखेमा, प्रयोग गरेमा, बिक्री गरेमा, परिवहन गरेमा वा पैठारी गरेमा निजलाई प्रत्येक कसुरबापत देहायबमोजिम दण्ड सजाय हुनेछ :-

(क) नाइट्रोग्लिसरिन, डाइनामाइट, ब्लास्टिङ्ग पाउडर वा पारोको वा धातुको फलमिनेट भए दुई वर्षसम्म कैद वा बीसहजार रुपैयाँसम्म जरिवाना वा दुवै,

(ख खण्ड (क) मा लेखिएको विष्फोटक पदार्थ र आतसबाजी र पटाकाबाहेक अन्य विष्फोटक पदार्थ भए १ वर्षसम्म कैद वा दसहजार रुपैयाँसम्म जरिवाना वा दुवै,

(ग) आतसबाजी वा पटका भए एकहजार रुपैयाँसम्म जरिवाना ।

तर, एउटै विष्फोटक पदार्थका सम्बन्धमा दण्ड सजाय गर्दा उत्पादन गरेको, पैठारी गरेको वा प्रयोग गरेबापत सजाय हुने भएमा सो पदार्थ साथ राखे बापत र पैठारी गरेको, प्रयोग गरेको वा बिक्री गरे बापत सजाय हुने भएमा परिवहन गरे बापत छुट्टै दण्ड सजाय हुने छैन ।

(२) कुनै व्यक्तिले दफा ४ अन्तर्गत लिएको इजाजतपत्रको सर्त उल्लङ्घन गरेमा वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा उपदफा (१) को खण्ड (क) को कुरामा पाँचहजार रुपैयाँसम्म र खण्ड (ख) को कुरामा दुई हजार पाँचसय रुपैयाँसम्म र खण्ड (ग) को कुरामा पाँचसय रुपैयाँसम्म जरिवाना हुनेछ ।

स्पष्टिकरण : इजापतपत्रको म्याद नाघेकोमा र इजाजतपत्रले अधिकार नै नदिएको काम कुरा गरेकोमा इजाजतपत्र नलिएको मानि कारवाही र सजाय हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(३) दफा ४ वा ५ अन्तर्गतको कसुरसँग सम्बन्धित विष्फोटक पदार्थ जफत भई नेपाल सरकार लाग्नेछ ।

११. हातहतियार र खरखजानासम्बन्धी नेपाल कानुनको बचाउ : यस ऐनमा लेखिएका कुनै कुराले हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानुनमा कुनै कुरालाई असर पार्नेछैन ।

तर, कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र दिने प्रमुख जिल्ला अधिकारीलाई यस ऐन अन्तर्गत बनेको नियमबमोजिम अधिकार भएमा निजले दिएको कुनै इजाजतपत्रलाई हातहतियार र खरखजानासम्बन्धी नेपाल कानुनअन्तर्गत दिइएसरह मान्यता हुनेछ भन्ने सो इजाजतमा लेखिदिन सक्नेछ ।

१२. अन्य नेपाल कानुनअन्तर्गत सजाय हुन सक्ने : कुनै कसुर यस ऐनअन्तर्गत सजाय हुने र अन्य नेपाल कानुनअन्तर्गत पनि सजाय हुने रहेछ भने सो कसुरमा कुनै व्यक्तिलाई अन्य नेपाल कानुनअन्तर्गत मुद्दा चलाइने वा यस ऐनभन्दा बढी सजाय हुने गरी व्यवस्था भएको अन्य नेपाल कानुनअन्तर्गत सजाय दिनमा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै कुराले बाधा पुऱ्याउनेछैन ।

१३. बचाउ र लागु नगर्ने अधिकार :

(१) यस ऐनमा लेखिएको कुनै कुरा निम्नलिखित व्यक्ति वा अधिकारीद्वारा उत्पादन हुने, राखिने, प्रयोग गरिने, परिवहन गरिने वा पैठारी गरिनेमा लागु हुनेछैन :-

(क) नेपाल सरकारले बनाएको नियमअनुसार शाही नेपाली सेनाद्वारा र

(ख) नेपाल सरकारको कुनै मन्त्रालय, विभाग वा अड्डाद्वारा ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै विष्फोटक पदार्थका सम्बन्धमा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको सबै वा कुनै कुरा पूर्ण तथा केही सर्तको अधीनमा रही लागु नहुने गर्न सक्नेछ ।

१४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

१५. ..... झिकिएको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हातहतियार खरखजाना ऐन, २०१९

	लालमोहर मिति	र प्रकाशन मिति
	२०१९।१०।२२	२०१९।१०।२३
संशोधन गर्ने ऐन		
१.न्याय प्रशासन सुधार ऐन, २०३१	२०३१।४।१८	२०३१।४।१८
२. केही नेपाल ऐन (संशोधन) ऐन, २०४३	२०४३।७।२४	२०४३।७।२४
३. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३	२०४३।७।२४	२०४३।७।२४
४. हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८	२०४८।७।११	२०४८।७।११
५. न्याय प्रशासन ऐन, २०४८	२०४८।।२।१६	२०४८।२।१६
६. हातहतियार खरखजाना (दोस्रो संशोधन), २०६४	२०६४।९।२२	२०६४।९।२२

हातहतियार खरखजानासम्बन्धी नेपाल कानुनलाई एकीकरण तथा संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपालको सुरक्षा एवम् शान्ति र व्यवस्था कायम राख्नको निमित्त हतियार खरखजानासम्बन्धी प्रचलित नेपाल कानुनलाई एकीकरण र संशोधन गर्न वाञ्छनीय भएकाले,

*श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेव*बाट नेपालको संविधानको धारा ९३ अनुसार यो बनाइबक्सेको छ ।

१. सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "हातहतियार खरखजाना ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

तर, नेपाल सरकारको आदेशबमोजिम वा कुनै सरकारी कर्मचारीको हैसियतले आफ्नो कर्तव्य पालन गर्दा निजले दिएको आदेशबमोजिम हातहतियार खरखजाना बनाउन, मर्मत गर्न एक रूपबाट अर्को रूपमा परिणत गर्न, बेच्न, बिक्रीका लागि दिन, लिएर हिँड्न, आफूसाथ वा आफ्नो नियन्त्रणमा राख्न, नेपाल राज्यबाट विदेशमा निकासी गर्न, विदेशबाट नेपाल राज्यभित्र पैठारी गर्न वा नेपाल

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

राज्यभित्रको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानमा यस ऐनको कुनै कुरा लागु हुने छैन ।

(३) यो ऐन नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "तोप" भन्नाले सबै किसिमको तोप, मार्टरहरू र त्यसको पार्टपुर्जाहरू, त्यस्तो तोप बनाउने कल मेसिनलाई समेत जनाउँछ ।

(ख) "मेसिनगन" भन्नाले ब्रेनगन, लुइसगन, स्टेसन मेसिन कारबाइन, टम्सन मेसिन कारबाइन र सो सरहका अटोमेटिक हतियारहरू र त्यसको पार्टपुर्जाहरू, त्यस्तो मेसिनगन ओसार पसार र चढाउनका लागि प्रयोग गरिने गाडीहरू र त्यस्तो मेसिन गन बनाउने कल मेसिनलाई समेत जनाउँछ ।

(ग) "हातहतियार" भन्नाले राइफल बन्दुक, पिस्तौल, रिवाल्भर, माइनिङ्ग र ग्रिनेड, त्यसका पार्टपुर्जाहरू र त्यस्तो हातहतियार बनाउने कल मेसिनलाई समेत जनाउँछ ।

(घ) "खरखजाना" भन्नाले फागसिग्नल (धुमिका सङ्केत) फ्युज, बारुद, केप, गोला, छर्रा, पड्काउने वस्तु (डिटोनेटर) कार्तस त्यस्तै किसिमको विष्फोटक पदार्थ र अरू खरखजानाहरूलाई समेत जनाउँछ ।

(ङ) .....

(च) "लाइसेन्स" भन्नाले हातहतियार, खरखजानाका सम्बन्धमा यो ऐन बमोजिम प्राप्त भएको लाइसेन्स र 'लाइसेन्सवाला' भन्नाले त्यस्तो लाइसेन्स प्राप्त गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिमको" भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिएबमोजिमको सम्झनुपर्छ ।

३. तोप, मेसिनगन र लाइसेन्स नभई हातहतियार, खरखजाना बनाउन, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन, एक रूपबाट अर्को रूपमा परिणत गर्न र बिक्री गर्नसमेत मनाही :

(१) कसैले तोप वा मेसिनगन बनाउन, मर्मत गर्न, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा बेच्न वा बिक्रीको लागि दिनसमेत हुँदैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(२) लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको सर्त बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाउन, मर्मत गर्न, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा बेच्न वा बिक्रीको लागि दिन, राख्नुसमेत हुँदैन ।

तर, आफ्नो निजी उपयोगको निमित्त कानुनी तवरबाट हातहतियार वा खरखजाना राखेको कुनै व्यक्तिले सो हातहतियार वा खरखजाना तत्काल लागु रहेको कानुनले निषेध नगरिएको अरू कुनै व्यक्तिलाई बेच्नमा उपदफा (२) का कुनै कुराले बाधा पुऱ्याउने छैन । त्यस्तो हातहतियार वा खरखजाना बेच्नुपर्दा किन्ने व्यक्तिको नाम, ठेगाना र बिक्रीको कुरा खोली प्रमुख जिल्ला अधिकारी छेउ पूर्व सूचना दिनुपर्छ ।

४. ल्याउन वा लैजान मनाही :

(१) कसैले तोप वा मेसिनगन विदेशबाट नेपाल राज्यभित्र ल्याउन, नेपाल राज्यबाट विदेशमा लैजान वा नेपाल राज्यको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानुसमेत हुँदैन ।

(२) लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना विदेशबाट नेपाल राज्यभित्र ल्याउन, नेपाल राज्यबाट विदेशमा लैजान वा नेपाल राज्यको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानसमेत हुँदैन ।

५. लाइसेन्स बेगर हातहतियार लिएर हिँड्न मनाही :

(१) कुनै व्यक्तिले लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको सर्त बन्देजमा नरही हातहतियार वा खरखजाना लिएर हिँड्न हुँदैन ।

(२) लाइसेन्स बेगर वा यस ऐनका विरुद्ध हातहतियार लिएर हिँड्ने कुनै व्यक्तिलाई सहायक निरीक्षक दर्जा वा सोभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारी वा निजले खटएको व्यक्तिले बिना वारेन्ट गिरफ्तार गर्न वा निजले साथमा लिएको हातहतियार कब्जासमेत गर्न सक्नेछ । त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्ने वा हातहतियार कब्जा गर्ने प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारीबाट खटिएको व्यक्तिले सो गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरिएको हातहतियारलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र प्रमुख जिल्ला अधिकारीछेउ बुझाइ दिनुपर्छ ।

५क. निर्वाचन अवधिमा हातहतियार लिएर हिँड्न मनाही :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा वा राष्ट्रिय सभा तथा गाउँ, नगर वा जिल्लाको स्थानीय

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निकायको सदस्यका लागि हुने निर्वाचनमा उम्मेदवारको लागि दर्खास्त दिने मितिदेखि निर्वाचनको परिणाम घोषणा भएको सात दिनसम्मको अवधिभर सुरक्षासम्बन्धी सरकारी कर्मचारीबाहेक अरू कसैले निर्वाचन क्षेत्रमा लाइसेन्स प्राप्त हातहतियार पनि लिइहिँड्न हुँदैन ।

(२) कसैले उपदफा (१) को बर्खिलाप हातहतियार लिई हिँडेमा लाइसेन्स नभएको हातहतियार लिएर हिँडेसरह मानी निजलाई दफा ५ बमोजिम कार्बाही हुनेछ ।

६. शङ्का लागेमा हातहतियार, खरखजाना, ल्याउने लैजाने व्यक्तिहरूको खानतलासी लिई पक्राउ गर्ने :

(१) लाइसेन्स बेगर वा लाइसेन्स भए तापनि कुनै गैरकानुनी काम गर्ने हेतुले कुनै व्यक्तिले हातहतियार वा खरखजाना नेपाल राज्यबाट विदेशमा वा विदेशबाट नेपाल राज्यभित्र वा नेपाल राज्यको एक जिल्लाबाट अर्को जिल्लामा ओसार पसार गरेको शङ्का लागेमा सहायक निरीक्षक दर्जा वा सोभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतले त्यस्ता व्यक्तिको जिउ र त्यस्तो वस्तु भएको शङ्का लागेको गाडी, पोका, भारी, बोक्ने जवानहरू र ओसार पसार गर्दाको बाकसहरूलाई रोकी खानतलासी गर्न र त्यस्तो वस्तु फेला परेमा निजलाई बिना वारेन्ट गिरफ्तार गर्न र त्यस्तो हातहतियार वा खरखजाना कब्जासमेत गर्न सक्नेछ ।

(२) यस दफाअन्तर्गत गिरफ्तार गरिएको व्यक्ति र बरामद भएको हातहतियार वा खरखजानालाई बाटाको म्यादबाहेक २४ घण्टाभित्र प्रमुख जिल्ला अधिकारी छेउ बुझाइ दिनुपर्छ ।

७. खानतलासी गर्ने अड्डा वा चौकी : नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरहद र विदेशी सरहदको सिमानाका बीच हातहतियार वा खरखजानाको तलासी लिने चौकीहरू खडा गर्न सक्नेछ र नेपाल सरकारबाट अख्तियार पाएको व्यक्तिले त्यस ठाउँमा आवत जावत गर्ने गाडी र भारी बोक्ने मानिस वा जीवजन्तुहरूलाई रोकी ओसार पसार गर्दा प्रयोग गरिएको बाकसहरू र पोकाहरूको तलासी गर्न सक्नेछ ।

८. कुनै निश्चित ठाउँमा हातहयिार, खरखजाना राख्न मनाही : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका ठाउँमा तोकिएको कुनै किसिमको हातहतियार वा खरखजाना कुनै व्यक्तिले पनि राख्न नपाउने गर्न सक्नेछ ।

९. प्रहरी थानामा हातहतियार खरखजाना बुझाउने :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(१) हातहतियार वा खरखजाना राख्ने कुनै पनि व्यक्तिले लाइसेन्सको अवधि समाप्त भएमा वा लाइसेन्स बदर गरिएमा वा दफा ८ अन्तर्गत सूचना प्रकाशित भएबाट वा अरू कुनै तरिकाबाट त्यस्तो हातहतियार वा खरखजाना राख्न गैरकानुनी हुन आएमा त्यस्तो हातहतियार वा खरखजाना स्थानीय प्रहरी कार्यालयमा तुरुन्त बुझाइदिनुपर्छ र प्रहरी कार्यालयले पनि बुझी लिई प्रचलित कानुनबमोजिम कार्बाही गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम हातहतियार वा खरखजाना बुझाइदिएपछि सो बुझाउने व्यक्तिले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको अवधि समाप्त हुनुभन्दा अगावै पनि पुनः देहायको हक प्राप्त गर्न सक्नेछ :-

(क) त्यसरी बुझाएको हातहतियार वा खरखजाना आफूसाथ राख्न कानुनी हुन आएमा सो हातहतियार वा खरखजाना फिर्ता लिन पाउने,

(ख) त्यसरी बुझाएको हातहतियार वा खरखजाना कानुनी तवरबाट राख्न पाउने व्यक्तिलाई बिक्री गर्न, गराउन वा त्यस्तो बिक्रीबाट आएको मुनाफा आफूले लिन पाउने ।

तर, दफा १६ बमोजिम जफत गरिएको कुनै हातहतियार वा खरखजाना यस उपदफाको कुनै कुराले फिर्ता लिन वा बिक्री गर्न अधिकार दिएको मानिने छैन ।

(३) तोकिएको अवधिभित्र उपदफा (२) बमोजिम फिर्ता नभई जम्मा भएको हातहतियार वा खरखजाना नेपाल सरकारको सम्पत्ति हुनेछ ।

(४) माथि उल्लेख गरिएको दफाहरूको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायको नियम बनाउन सक्नेछ :-

(क) लाइसेन्सवालाले कस्तो अवस्था र परिस्थितिमा हातहतियार वा खरखजाना बुझाउनुपर्ने र

(ख) कति अवधि समाप्त भएपछि उपदफा (३) अन्तर्गत हातहतियार वा खरखजाना जफत हुने ।

१०. <u>लाइसेन्स प्राप्त गर्ने वा रीन्यु गर्ने गरिका</u> :

(१) कुनै व्यक्तिले यस ऐनअन्तर्गत लाइसेन्स लिनको निमित्त तोकिएको दस्तुर र तोकिएको ढाँचाको दर्खास्त प्रमुख जिल्ला अधिकारी छेउ दिनुपर्छ ।

(२) उपदफा (१) अन्तर्गत कसैको दस्तखत दाखिल भएपछि प्रमुख जिल्ला अधिकारीले तोकिएबमोजिमको आवश्यक जाँचबुझ गरी हेर्दा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

दर्खास्तमा लेखिएबमोजिम काम गर्न पाउने गरी लाइसेन्स दिन मनासिब सम्झिएमा तोकिएबमोजिमको सर्तबन्देज राखी दर्खास्तवालालाई तोकिएको ढाँचाको लाइसेन्स दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको प्रत्येक लाइसेन्सको अवधि र त्यसलाई रिन्यु गर्ने तरिका, स्थान र त्यसरी रिन्यु गराउँदा लाग्ने दस्तुर तोकिएबमोजिको हुनेछ ।

११. लाइसेन्स रद्दी वा स्थगित गर्ने अधिकार :

(१) सार्वजनिक शान्ति सुरक्षाको लागि आवश्यक देखिएमा प्रमुख जिल्ला अधिकारीले कारणसहितको पर्चा खडा गरी आफ्नो अधिकारक्षेत्रभित्रको सबै ठाउँमा वा त्यसको कुनै भागमा वा सबै वा केही लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमाजिम कुनै लाइसेन्सवाला दोषी ठहरिएमा प्रमुख जिल्ला अधिकारीले निजको लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल राज्यभर वा त्यसको कुनै भागमा रहेको सबै वा केही लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ ।

१२. खानतलासी लिने, कब्जा गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार : कुनै प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र बसोबास भएका कुनै व्यक्तिसँग बिना लाइसेन्स वा गैरकानुनी प्रयोजनको निमित्त कुनै हातहतियार वा खरखजाना राखिएको छ भन्ने भरपर्दो शङ्का लागेमा वा त्यस्तो व्यक्तिसँग सो हातहतियार वा खरखजाना राख्न दिनु सार्वजनिक शान्तिका निमित्त उचित हुनेछैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई विश्वास लागेमा कारणसहितको पर्चा खडा गरी सो पर्चाको आधारमा त्यस्तो व्यक्तिको घर जग्गामा वा अरू शङ्का लागेको ठाउँमा खानतलासी गर्न गराउन र लाइसेन्स भएको वा नभएको जुनसुकै हातहतियार वा खरखजना उपर कब्जा गर्न सक्नेछ ।

त्यस्तो किसिमको खानतलासी गर्दा गराउँदा प्रमुख जिल्ला अधिकारीले अरू कुनै अड्डाखानाको कर्मचारीलाई साक्षी राखी मात्र गर्नु गराउनु पर्छ ।

१३. रोक्का गर्ने नेपाल सरकारको अधिकार : कसैले हातहतियार वा खरखजाना राख्न लाइसेन्स पाएको भए तापनि नेपाल सरकारले सार्वजनिक सुरक्षाको लागि आवश्यक ठानेमा जुनसुकै समयमा सो व्यक्तिको साथमा रहेको हातहतियार वा खरखजाना कब्जा गरी रोक्का राख्न आदेश दिन सक्नेछ ।

१४. लागु गर्ने नेपाल सरकारको अधिकार : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा व्यक्तिहरूको

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

सम्बन्धमा वा कुनै खास इलाकामा वा कुनै खास किसिमको हातहतियार वा खरखजानाको सम्बन्धमा यस ऐनको सबै वा केही कुराहरू लागु नहुने वा सोही सूचनामा तोकिएबमोजिम संशोधित भई लागु हुने गर्न सक्नेछ ।

१५. हातहतियार, खरखजानाको लगत लिने अधिकार : नेपाल सरकारले समय समयमा सूचना प्रकाशित गरी नेपाल राज्यभरमा सोही सूचनामा तोकिएको कुनै ठाउँमा कुनै हातहतियार वा खरखजाना राख्ने व्यक्तिले त्यसको लगत तोकिएको अधिकारीलाई दिन निर्देशन गर्न सक्नेछ ।

त्यस्तो सूचना प्रकाशित भएपछि सम्बन्धित हातहतियार वा खरखजाना राख्ने सबै व्यक्तिहरूले तोकिएको अधिकारीले मागेबमोजिमको लगत दाखिल गर्नुपर्छ र निजले त्यस्तो हातहतियार वा खरखजाना नै हेर्न चाहेमा सो समेत देखाउनुपर्छ ।

१६. हातहतियार, खरखजाना पदार्थ जफत गर्ने अधिकार : कुनै व्यक्तिले यस ऐनअन्तर्गत सजाय हुने कसुर गरेको सावित भएमा सो कसुर सावित गर्ने प्रमुख जिल्ला अधिकारीले निजसँग भएको कसुरसँग सम्बन्धित सबै वा कुनै हातहतियार वा त्यसको खरखजाना वा त्यसको सम्बन्धमा प्रयोग भएको सवारी, जन्तु, बाकस वा थैली जफत गरी नेपाल सरकार लाग्ने गर्न सक्नेछ ।

१७. सेनासम्बन्धी हातहतियारको प्रतिवेदन पेस नगरेमा जफत हुने : कसैले सरकारी बोरको (सेनासम्बन्धी) राइफल, पिस्तौल, रिवाल्भर र त्यस्तै अरू हातहतियार लाइसेन्स लिई झिकाएको भए त्यसको प्रमाण र कम्पनीको बिलसमेत तोकिएको अवधिभित्र तोकिएको अधिकारी छेउ पेस गर्नुपर्छ । मनासिब कारणबाहेक तोकिएको अवधिभित्र सो हातहतियार पेस नगरेमा नेपाल सरकारले बिना मुआब्जा त्यस्तो हातहतियार जफत गर्न सक्नेछ ।

१८. कसुरका सम्बन्धमा सूचना दिनुपर्ने : यस ऐनले कसुर हुने सजाय गरेको काम कुरा थाहा पाउने प्रत्येक व्यक्तिले मनासिब माफिकको समयमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा वा प्रहरी कार्यालयमा उक्त कुराको सूचना दिनुपर्छ ।

१९. सूचना र कानुनी कार्बाहीको हदम्याद : यस ऐनबमोजिम गरेको कुनै कामका निमित्त कुनै व्यक्तिको विरुद्ध देहायबमोजिम नभई नालेस उजुर दिन बाहेक अरू कुनै कानुनी कार्बाही चलाइनेछैन :-

(क) कानुनी कार्बाही चलाउने मनसाय र कारणसहितको लिखित सूचना कमसेकम एक महिना अगावै सम्बन्धित व्यक्तिलाई दिएको र

(ख) कानुनी कार्बाही चलाउनुपर्ने कारण परेको तीन महिनाभित्र त्यस्तो कानुनी कार्बाही चलाइएको ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

२०. दण्डसजाय :

(१) देहायको कुनै कसुर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ७ वर्षसम्म कैद वा साठी हजारदेखि एक लाख चालीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ :-

(क) दफा ३ को उपदफा (१) को बर्खिलाप तोप वा मेसिनगन तयार गर्ने वा मर्मत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने वा

(ख) दफा ४ को उपदफा (१) बर्खिलाप जुनसुकै तोप वा मेसिनगन ल्याउने वा लैजाने ।

(२) देहायको कुनै कसुर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ५ वर्षसम्म कैद वा साठी हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(क) दफा ३ को उपदफा (२) को बर्खिलाप हातहतियार तयार गर्ने वा मर्मत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने वा

(ख) दफा ४ को उपदफा (२) को बर्खिलाप हातहतियार ल्याउने वा लैजाने वा

(ग) दफा ५ को बर्खिलाप हातहतियार लिएर हिँड्ने वा

(घ) दफा ८ को बर्खिलाप जुनसुकै हातहतियार आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउने वा आफ्नो नियन्त्रणमा राख्ने वा

(ङ) दफा ९ बमोजिम हातहतियार नबुझाउने ।

(३) देहायको कुनै कसुर गर्ने व्यक्तिलाई १ वर्षदेखि ३ वर्षसम्म कैद वा बीस हजारदेखि साठी हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ :

(क) दफा ३ को उपदफा (२) बर्खिलाप हातहतियार तयार गर्ने वा मर्मत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने वा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) दफा ४ को उपदफा (२) को बर्खिलाप हातहतियार ल्याउने वा लैजाने वा

(ग) दफा ८ को बर्खिलाप हातहतियार आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने वा आफ्नो नियन्त्रणमा राख्ने वा

(घ) दफा ९ बमोजिम हातहतियार नबुझाउने ।

२१. जानीजानी अनधिकृत व्यक्तिलाई हातहतियार वा खरखजाना दिएमा वा त्यस्तो व्यक्तिबाट खरिद गरेमा दण्डसजाय :

(१) कुनै पनि व्यक्तिले देहायको कसुर गरेमा १ वर्षदेखि तीन वर्षसम्म कैद वा बीस हजारदेखि साठी हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ :-

(क) दफा ३ को उपदफा (२) बमोजिम बिक्री गर्न अख्तियार नपाएको व्यक्तिसँग हातहतियार खरिद गरेमा वा

(ख) हातहतियार राख्न वा खरिद गर्ने अधिकार नभएको व्यक्तिलाई जानी जानी हस्तान्तरित गरेमा ।

(२) कुनै पनि व्यक्तिले देहायको कसुर गरेमा निजलाई महिनादखि १ वर्षसम्म कैद वा दस हजारदेखि बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(क) दफा ३ को उपदफा (२) बमोजिम बिक्री गर्न अख्तियार नपाएको व्यक्तिसँग हातहतियार खरिद गरेमा वा

(ख) हातहतियार राख्न वा खरिद गर्ने अधिकार नभएको व्यक्तिलाई जानीजानी हस्तान्तरित गरेमा ।

२२. लाइसेन्सको सर्त उल्लङ्घन गरेमा सजाय : कसैले लाइसेन्सको सर्त वा नियम उल्लङ्घन गरी काम गरेमा निजलाई ३ महिनासम्म कैद वा सात सय पचास रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२३. अरू दण्ड सजाय :

(१) दफा १८ बमोजिम कसुर गरेको काम कुरा थाहा पाई प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयलाई सूचना नदिने प्रत्येक व्यक्तिलाई एक महिनासम्म कैद वा दुई सय पचास रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) (क) दफा १५ अन्तर्गत तोकिएको अधिकारी छेउ हातहतियारको लगत दाखिल गर्न वा ती वस्तु देखाउन निर्देश गरिएको कुनै व्यक्तिले सो बमोजिम लगत दाखिल

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नगरेमा वा नदेखाएमा निजलाई एक महिनासम्म कैद वा दुईसय पचास रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(ख) दफा १५ अन्तर्गत तोकिएको अधिकारी छेउ खरखजानाको लगत दाखिल गर्न वा ती वस्तु देखाउन निर्देश गरिएको कुनै व्यक्तिले सो बमोजिम दाखिल नगरेमा वा नदेखाएमा निजलाई २० दिनसम्म कैद वा एकसय पचहत्तर रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कसैले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेबापत दण्ड तोकिएकामा भए सोही बमोजिम र नतोकिएकामा निजलाई एक महिनासम्म कैद वा रु. ५० (पचास) सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२४. मुद्दा हेर्ने अधिकारक्षेत्र :

(१) यस ऐनअन्तर्गत सजाय हुने अपराधसम्बन्धी मुद्दा मामिला हेरी सुरु कार्बाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको अन्तिम आदेश वा फैसला उपर प्रचलित कानुनबमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

२४क. थुनामा राखी कार्बाही गर्ने : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दामा अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कार्बाही गर्नुपर्नेछ ।

२५. जाहेरवालालाई पुरस्कार दिने : यस ऐनको प्रतिकूल कुनै काम गरेभएको कुरा जाहेर गर्ने व्यक्तिलाई निजको जाहेरीबाट चलेको मुद्दामा कसुरदारबाट उपर भएको जरिवानाको सरकारी कर्मचारी भए चौथाइ र अरू भए आधा पुरस्कार दिइनेछ ।

२६. नेपाल सरकारको नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरूमा खास गरेर देहायका सबै वा केही कुराहरूको व्यवस्था गर्न सकिनेछ :-

(क) लाइसेन्स दिने हातहतियारको किसिम र सङ्ख्या तोक्ने,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) हातहतियार वा खरखजानाको सम्बन्धमा दिइने लाइसेन्सको ढाँचा र लाइसेन्स दिँदाका सर्त बन्देजहरू तोक्ने,

(ग) त्यस्तो लाइसेन्स लागु हुने अवधि तोक्ने,

(घ) लाइसेन्सको दस्तुर निर्धारित गर्ने,

(ङ) प्रत्येक लाइसेन्सवालाले तेकिएबमोजिमको ढाँचामा लाइसेन्सबमोजिम काम कुरा गरेको हिसाब किताब वा लगत राख्ने र सरकारी कर्मचारीले जाँच्न चाहेमा त्यस्तो हिसाकिताब वा लगत देखाउनुपर्ने निर्देश दिने,

(च) प्रमुख जिल्ला अधिकारीले हातहतियार वा खरखजाना तयार हुने वा बिक्री हुने ठाउँमा प्रवेश गर्ने र जाँच निरीक्षण गर्ने वा हिसाब जाँच्ने कुनै सरकारी कर्मचारीलाई अख्तियार दिने,

(छ) लाइसेन्सबमोजिमको वस्तु तयार गर्ने वा बिक्री गर्ने व्यक्तिलाई आफ्नो साथमा रहेको वा नियन्त्रणमा रहेको हातहतियार वा खरखजाना नेपाल सरकारबाट अख्तियार पाएको व्यक्तिलाई देखाउन निर्देश दिने,

(ज) हातहतियार वा खरखजाना आफ्नो साथमा राख्ने व्यक्तिले नेपाल सरकारबाट जाँच्नको लागि अख्तियार पाएको व्यक्तिलाई लगत हिसाब दिने,

(झ) लाइसेन्स रिन्यु गर्ने व्यवस्था गर्ने,

(ञ) हातहतियार वा खरखजानाको पसल र कारखाना नेपाल राज्यभित्र खोल्न दिने व्यवस्था गर्ने,

(ट) विदेशतर्फको लाइसेन्स दिने,

(ठ) कस्ता बन्दुक, राइफल, पिस्तौल र रिवाल्भर सरकारी बोरमा गणना गर्ने सो कुरा तोक्ने ।

२७. खारेजी : निम्नलिखित नेपाल कानुन खारेज गरिएको छ :

(क) संवत् १९६५ साल फाल्गुण २५ गते रोज २ मा सदर भएको खड्ग निशानाबमोजिम जारी भएको हातहतियार खरखजानाको ऐन र समय समयमा भएको त्यसको संशोधन,

(ख) अमिनी जावताको ९९ नम्बर,

(ग) मधेश गोस्वारा ऐन, २०१२ को दफा ४,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) अमिनीको सवालको दफा ५८,

(ङ) काठमाडौँ उपत्यकाञ्चल कमिस्नर मेजिस्ट्रटको सवालको दफा ४ को 'शिर व्यहोराको' हतियार खजाना विदेशबाट झिकाउन दिन र यहाँ भएको खरिद गर्नेलाई लाइसेन्स गरी दिने र सिकार खेल्न पाउने पास दिनेसमेतको कामलाई आई.जी.पी. ले र हातहतियार घरमा राख्ने, पास दिने काम र खण्ड (क) र खण्ड (ख),

(च) सदर पुलिस गोस्वारा सवालको दफा १०९ र १११,

(छ) मधेश पुलिस इन्सपेक्टर सवालको दफा ६१,

(ज) ने पु.डा.ज. अफिसको नाउँको २००२।११।१४ को तोक सदर,

(झ) २००३।११।७ को रिर्पोट सदरबमोजिम इन्सपेक्टरको नाउँको २००३।१२।१३ को थप सवाल,

(ञ) हतियार खरखजाना विषय अन्य गैरसवाल सनद ।

हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४ निष्क्रिय भएपछि त्यसको परिणाम :

हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४ निष्क्रिय भएपछि अर्को अभिप्रायः नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालु भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै कामकार्बाही वा उयायलाई असर पार्नेछैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानुनी कार्बाही वा उपायलाई पनि सुरु गर्न, चालु राख्न वा लागु गर्न सकिनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

द्रष्टव्य :

(१) स्थानीय प्रशासन ऐन, २००२२ द्वारा रूपान्तर भएका शब्दहरू : 'बडाहाकिम वा मेजिस्ट्रट' को सट्टा 'अञ्चलाधीश'

(२) प्रहरी (पहिलो संशोधन) ऐन, २०२९ द्वारा रूपान्तर भएका शब्दहरू :

'असिस्टेन्ट सब इन्सपेक्टर' को सट्टा 'सहायक निरीक्षक'

(३) नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :

(क) 'पुलिस' को सट्टा 'प्रहरी'

(ख) 'अफिसर' को सट्टा 'अधिकृत'

(ग) 'गजेट' को सट्टा 'राजपत्र'

(घ) 'रिपोर्ट' को सट्टा 'प्रतिवेदन'

(च) 'अपिल' को सट्टा 'पुनरावेदन'

४. हातहतियार (पहिलो संशोधन) ऐन, २०४८ द्वारा रूपान्तर भएका शब्दहरू :

'स्थानीय अञ्चालाधीश' वा 'अञ्चलाधीश' को सट्टा 'प्रमुख जिल्ला अधिकारी'

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

हातहतियार खरखजाना नियमावली, २०२८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२८।९।१८

संशोधन

हातहतियार खरखजाना (पहिलो संशोधन) नियमावली, २०२९	२०२९।३।२७
हातहतियार खरखजाना (दोस्रो संशोधन) नियमावली, २०३०	२०३०।११।२८
हातहतियार खरखजाना (तेस्रो संशोधन) नियमावली, २०४५	२०४५।९।१२
हातहतियार खरखजाना (चौथो संशोधन) नियमावली, २०५१	२०५१।५।२७
हातहतियार खरखजाना (पाँचौं संशोधन) नियमावली, २०५५	२०५५।८।७
अनुसूची ११क. मा हेरफेर	२०५२।७।२७
अनुसूची ११ क. मा पुन हेरफेर	२०६०।७।३

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार त्यस सम्बन्धमा प्राप्त सबै अधिकारको प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "हातहतियार खरखजाना नियमावली, २०२८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले हातहतियार खरखजाना ऐन, २०१९ सम्झनुपर्छ ।

(ख) "इजाजतपत्र (लाइसेन्स)" भन्नाले यस नियमावलीबमाजिम प्रदान गरिने कुनै किसिमको इजाजतपत्र (लाइसेन्स) सम्झनुपर्छ ।

(ग) "यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स)" भन्नाले एक जिल्लाको लागि मात्र इजाजतपत्र (लाइसेन्स) भएको हातहतियार खरखजानालाई अन्य जिल्लामा वा अन्यत्र लैजान, राख्न र फिर्ता ल्याउनको लागि प्रदान गरिने इजाजतपत्र (लाइसेन्स) सम्झनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(घ) "खरिद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स)" भन्नाले विदेशबाट वा नेपाल राज्यको कुनै हातहतियार खरखजाना बिक्रेताबाट हातहतियार खरखजाना खरिद गर्न पाउने गरी प्रदान गरिएको इजाजतपत्र (लाइसेन्स) सम्झनुपर्छ ।

ङ) "परिवार" भन्नाले सगोलको पति, पत्नी छोरा वा अविवाहित छोरी सम्झनुपर्छ ।

३. इजाजतपत्र लिनुपर्ने हातहतियार तथा खरखजाना :

(१) १२, १६, २०, ४१०, बोरको टोटवाला बन्दुक (सर्टगन), भरुवा बन्दुक, हावादारी बन्दुक र २२ बोरको राइफल र त्यसका खरखजाना सुरक्षा वा शिकारको लागि राख्न, लिएर हिँड्ने वा प्रयोग गर्नको लागि इजाजपत्र लिनुपर्छ ।

तर, टोटावाला बन्दुक, भरुवा बन्दुक वा २२ बोरको राइफल र त्यसका खरखजाना राख्न इजाजतपत्र प्राप्त व्यक्तिले हावादारी बन्दुक राख्नको लागि छुट्टै इजाजतपत्र लिनुपर्ने छैन र हावादारी बन्दुक राखेबापत कुनै दस्तुर तिर्नुपर्ने छैन ।

(२) उपनियम (१) मा उल्लेख भएका बाहेक अरू कुनै पनि किसिमका बन्दुक, पेस्तोल वा रिवाल्भर र त्यस्ता हातहतियारका खरखजानाको लागि इजाजतपत्र दिइने छैन ।

४. इजाजतपत्र दिइने हातहतियारका सङ्ख्या :

(१) हातहतियारको इजाजतपत्र दिँदा हावादारी बन्दुक बाहेक एक व्यक्तिलाई बढीमा तीन नालसम्म, सगोलको एक परिवारलाई बढीमा ६ नालसम्म र कूटनीतिक सुविधा प्राप्त व्यक्तिलाई बढीमा ६ नालसम्म हातहतियार राख्न इजाजतपत्र दिइनेछ ।

तर, यो नियम प्रारम्भ हुँदाको बखत कसैले इजाजतपत्र प्राप्त गरी यस नियमबमोजिम राख्न पाउने भन्दा बढी हातहतियार खरखजाना राखेको रहेछ भने त्यस्तो व्यक्तिले त्यस्तो हातहतियार खरखजाना आफ्नो जीवनभर मात्र राख्न पाउनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कूटनीतिक सुविधा प्राप्त व्यक्तिबाहेक अन्य व्यक्तिलाई एकपटकमा एक नाल हातहतियारको मात्र इजाजतपत्र दिइनेछ र त्यसरी इजाजतपत्र प्राप्त गरेको पाँच वर्ष भुक्तान नभईकन थप हातहतियारको लागि इजाजतपत्र दिइने छैन ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

५. इजाजतपत्र (लाइसेन्स) का लागि निवेदन : देहायको इजाजतपत्र (लाइसेन्स) लिन चाहने व्यक्तिले देहायको अनुसूचीमा तोकिएको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्छ :-

इजाजतपत्र (लाइसेन्स)	अनुसूची
(क) हातहतियार राख्ने इजाजतपत्र (लाइसेन्स)	अनुसूची १ (क), अनुसूची १ (ख)
(ख) यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स)	अनुसूची २
(ग) हातहतियार खरखजाना मरमत गर्ने इजाजतपत्र (लाइसेन्स)	अनुसूची ३
(घ) खरिद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स)	अनुसूची ४
(ङ) हातहतियार खरदजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स)	अनुसूची ५(क)
(च) हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स)	अनुसूची ५(ख)

६. इजाजतपत्र (लाइसेन्स) दिन जाँचबुझ गर्ने : यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) बाहेक अन्य इजाजतपत्र (लाइसेन्स) को लागि निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले निवेदनको सम्बन्धमा देहायका कुराको जाँचबुझ गर्न सक्नेछ ।

(क) उमेर र मानसिक स्वास्थ,

(ख) नागरिकता र प्रतिष्ठा,

(ग) सङ्गिन फौजदारी अभियोगमा सजाय पाएको छ, छैन,

(घ) हिंसात्मक राजनैतिक गतिविधि र खराब चालचलन छ, छैन,

(ङ) कुनै किसिमको हातहतियारको इजाजतपत्र (लाइसेन्स) पाइसकेको छ वा छैन,

(च) पहिले कुनै हातहतियार लुटिए चोरिए हराएको छ, छैन,

(छ) शिकार र हातहतियार खरखजाना सम्बन्धमा कुनै कसुरको सजाय पाएको छ, छैन,

(ज) पहिले कुनै हातहतियार अरूलाई बेचबिखन वा नामसारी गरेको छ, छैन,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

७. इजाजतपत्र दिने :

(१) प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्र (लाइसेन्स) का लागि आफू कहाँ परेको निवेदनमा नियम ६ बमोजिम आवश्यक अन्य सबै कुराको जाँचबुझ गरी इजाजतपत्र (लाइसेन्स) दिन ठहराए लाग्ने दस्तुर लिई अवस्थाअनुसार अनुसूची ६, ७, ८, ९, १०, र ११ बमोजिमको इजाजतपत्र (लाइसेन्स) गरी दिनुपर्छ ।

तर, नियम ५ को खण्ड (ङ) र (च) बमोजिमको इजाजतपत्र (लाइसेन्स) दिँदा प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको पूर्व स्वीकृत लिएर मात्र दिनुपर्छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायबमोजिम गर्नुपर्छ :

(क) हातहतियार खरखजाना विदेश यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) का हकमा सम्बन्धित विदेशी सरकार वा राजदूतावासबाट आवश्यक इजाजतपत्र प्राप्त गराई दिन इजाजतपत्रवाला (लाइसेन्स होल्डर) सँग आवश्यक विवरण र पचास रुपैयाँ दस्तुर लिई सो निजको निवेदन र आफ्नो सिफारिस साथ परराष्ट्र मन्त्रालयमा पठाउनुपर्छ ।

(ख) विदेशबाट हातहतियार खरखजाना खरिद गरी झिकाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) का हकमा प्रमुख जिल्ला अधिकारीले नियमबमोजिम आवश्यक जाँचबुझ गरी झिकाउन दिन हुनेमा आवश्यक विवरण र पचास रुपैयाँ दस्तुर लिई आफ्नो सिफारिस सहित सो विदेशी सरकारका राजदूतवासबाट हातहतियार खरखजाना झिकाउन दिन आवश्यक इजाजतपत्र प्राप्त गराई गृहमन्त्रालयमा लेखिपठाउनुपर्छ । गृह मन्त्रालयले पनि झिकाउने दिन मनासिब देखेमा त्यस्तो इजाजतपत्र प्राप्त गराई दिने आवश्यक कार्बाही गर्नेछ ।

त्यस्तो इजाजतपत्र प्राप्त गरेकोमा इजाजतपत्रको म्यादभित्र हातहतियार खरखजाना खरिद गरी झिकाइ सक्नुपर्छ । आइपुगि सकेकोमा यस नियमावली बमोजिम पन्ध्र दिनभित्र दर्ता गराइ राख्ने इजाजतपत्र (लाइसेन्स) लिई सक्नुपर्छ । झिकाएको हातहतियार आइपुगि सकेकोमा माल चलान भएको कागज (सिपिङ् डकुमेन्ट) को सूचनाको नक्कल समेत राखी विवरण खुलाई सूचना र झिकाउँदै नझिकाएकोमा सो हातहतियार खरखजाना विदेशबाट खरिद गरी झिकाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) म्याद

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

नाघेको पन्ध्र दिनभित्र प्रमुख जिल्ला अधिकारी छेउ दाखिल गर्नुपर्छ ।

माथि लेखिएबमोजिम म्यादभित्र सूचना दिएकोमा गृहमन्त्रालयले म्याद थप्न मनासिब सम्झेमा आवश्यक म्याद थप गरी दिन सक्नेछ । म्याद थपी नदिएकोमा वा म्याद थपी दिएकोमा सो थप म्याद नाघेपछि त्यस्तो झिकाउने इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(३) यस नियम बमोजिम दिइएको इजाजतपत्र (लाइसेन्स) को लगत इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले सो दिएको ३० दिनभित्र सम्बन्धित इजाजतपत्र पाउने व्यक्तिको स्थायी बसोबास भएको जिल्लाको जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई दिनुपर्नेछ ।

(३क) उपनियम (३) बमोजिम नगद प्राप्त भएपछि सम्बन्धित कार्यालयले त्यसको अभिलेख राख्नुपर्नेछ ।

(४) हातहतियार राख्ने इजाजतपत्र (लाइसेन्स) वालाको निवेदनमा यस नियमावली बमोजिम लाग्ने इजाजतपत्र (लाइसेन्स) दस्तुरबमोजिमको थप दस्तुर लिई सो हातहतियार खरखजानाको एकजना वाहक (रिटेनर) को नाम इजाजतपत्रमा उल्लेख गर्न सकिनेछ । प्रत्येकपटक वाहकको नाम परिवर्तन गर्दा यस उपनियमबमोजिम थप दस्तुर लाग्नेछ ।

८. राख्न र खरिद गर्न पाउने खरखजानाको परिमाण :

(१) यस नियमावली बमोजिम हातहतियार राख्न इजाजतपत्र प्राप्त व्यक्तिले देहायको हातहतियारको लागि एकपटकमा राख्न पाउने र प्रत्येक वर्ष विदेशबाट झिकाउन वा खरिद गर्न पाउने खरखजानाको परिमाण देहायबमोजिम हुनेछ ।

खरखजानाको परिमाण

	हातहतियारको किसिम	जम्मा राख्न पाउने खरखजाना	प्रत्येक वर्ष विदेशबाट झिकाउन वा खरिद गर्न पाउने
(क)	१२, १६, २०, ४१०, बोरको बन्दुक (सर्टगन) को टोटा	दुई सयसम्म	एक सयसम्म

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) २२ बोरको राइफलको सर्टगोली	दुई सयसम्म	दुई सयसम्म
(ग) भरुवा बन्दुकको	१. केप दुई सय २. बारुद दुई के.जी. ३. सर्ट सिसाको गोली दुई के.जी.	१. केप एक सय २. बारुद एक के.जी. ३. सर्ट सिसाको गोली एक के.जी.
(घ) हावादारी बन्दुकको	दुई हजार	दुई हजार
(ङ) टोटा भर्ने मेसिन	एक	एक
१. केप	एक सय	एक सय
२ बारुद	एक के.जी.	एक के.जी.
३. सर्ट	एक के.जी	एक के.जी.
(च) हावादारी बन्दुकको पिलेट बनाउने मेसिन	एक	एक
पिलेट	एक के.जी.	एक के.जी.

.

तर,

१. कूटनीतिक सुविधा प्राप्त व्यक्तिले यस उपनियममा उल्लेखित खरखजानाको परिमाणमा दोब्बरसम्म राख्न वा खरिद गर्न पाउनेछ ।

२ नियम ३ को उपनियम (१) बमोजिम इजाजतपत्र लिनुपर्ने हातहतियारबाहेक अन्य हातहातियारको इजाजतपत्र प्राप्त व्यक्तिले साविक इजाजतपत्रमा तोकिएबमोजिमको खरखजाना राख्न वा खरिद गर्न पाउनेछ ।

(२) उपनियम (१) मा तोकिएको हदमा नबढाई हातहतियार राख्ने इजाजतपत्र (लाइसेन्स) दिँदा सो इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले इजाजतपत्र (लाइसेन्स) मा नै जम्मा राख्न वा प्रत्येक

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वर्ष खरिद गर्न वा विदेशबाट झिकाउन पाउने खरखजानाको हद तोकी दिनेछ । त्यसरी हद तोक्दा इजाजतपत्र (लाइसेन्स) वालाको आवश्यकता र स्थितिसमेत हेरी इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले तोकी दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जेसुकै लेखिएको भए तापनि राइफल क्लबहरूका लागि र खास परिस्थितिमा कुनै इजाजतपत्रवालाका लागि बढी खरखजाना राख्न वा खरिद गर्न, झिकाउन दिन उपयुक्त देखेमा नेपाल सरकारले विशेष रूपले अनुमति दिन सक्नेछ ।

(४) उपनियम (१), (२), (३) मा जुनसुकै कुरा लेखिएको भए पनि विदेशबाट खरखजाना झिकाउन अनुमति दिँदा त्यस्तो अनुमति दिने वा दिलाउने अधिकारीले आवश्यक सम्झेमा त्यस्तो इजाजतपत्र (लाइसेन्स) वालासँग हाल रहको स्टक पहिले खरिद गरेको वा झिकाएकामा खर्च भएको विवरण लिन सक्नेछ ।

९. इजाजतपत्र (लाइसेन्स) को दस्तुर र अवधि : (१) इजाजतपत्र दस्तुर अनुसूची ११क. मा तोकिएबमोजिम हुनेछ ।

(१क) यो नियमावली प्रारम्भ हुनुअघि अञ्चलभरको लागि जारी भएको इजाजतपत्रको नवीकरण दस्तुर अनुसूची ११क. मा जिल्लाभरको लागि तोकिएको नवीकरण दस्तुरसरह नै हुनेछ ।

(२) यात्रा इजाजतपत्रको अवधि सोही इजाजतपत्रमा तोकिएबमोजिम र खरिद गर्ने इजाजतपत्रको अवधि छ महिनाको हुनेछ । यात्रा इजाजतपत्र र खरिद गर्ने इजाजतपत्रबाहेक यस नियमावलीबमोजिम प्राप्त अन्य इजाजतपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो अवधि नाघेको पैँतीस दिनभित्र अर्को आर्थिक वर्षका निमित्त नवीकरण गराइसक्नुपर्छ । त्यसरी नवीकरण गराउँदा इजाजतपत्र (लाइसेन्स) बहाल रहेको आर्थिक वर्षभित्र एकैपटक दुई आर्थिक वर्षसम्मको लागि पनि नवीकरण गराउन सकिनेछ ।

१०. नवीकरण (रिन्यु) दस्तुर :

(१) इजाजतपत्र नवीकरण दस्तुर अनुसूची ११क. मा तोकिएबमोजिम हुनेछ ।

(२) नियम ९ को उपनियम (२) मा तोकिएको म्याद नघाई नवीकरण (रिन्यु) गर्न आएमा देहायको अवधिका निमित्त देहायबमोजिमको थप दस्तुर लाग्नेछ :-

(क) नवीकरण (रिन्यु) गर्ने म्याद नाघेको पैँतीस दिनमा नवीकरण (रिन्युवल) दस्तुरको सयकडा पच्चीस,

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछि तीन महिनासम्म नवीकरण (रिन्युवल) दस्तुरको सयकडा पचास र

(ग) खण्ड (ख) बमोजिमको म्याद नाघेपछि सोही वर्षको अन्त्यसम्म नवीकरण (रिन्युवल) दस्तुर सरह ।

१०क. नवीकरणसम्बन्धी विशेष व्यवस्था :

(१) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र विशेष परिस्थिति पर्न आई इजाजतपत्र नवीकरण गर्न नसकेको कारण खोली इजाजतपत्रवालाले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएमा उक्त म्याद नाघेको मितिले देहायको अवधिको लागि नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त देहायबमोजिमको थप दस्तुर लिई नवीकरण गर्न सक्नेछ :-

(क)	एक वर्षसम्म	एक सय रुपैयाँ
(ख)	दुई वर्षसम्म	दुई सय रुपैयाँ
(ग)	तीन वर्षसम्म	तीन सय रुपैयाँ
(घ)	चार वर्षसम्म	चार सय रुपैयाँ
(ङ)	पाँच वर्षसम्म	पाँच सय रुपैयाँ

(१क) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र नवीकरण हुन नसकेको मनासिब कारण देखाई यो नियमावली प्रारम्भ भएको मितिले ३ महिनाभित्र निवेदन दिएमा प्रत्येक आर्थिक वर्षका लागि एक हजार रुपैयाँ नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ ।

(२) उपनियम (१क) मा तोकिएको म्यादभित्र पनि इजाजतपत्र नवीकरण गर्न नसकेमा सो इजाजतपत्र स्वतः खारेज हुनेछ र त्यस्तो हातहतियार जफत हुनेछ ।

११. नवीकरण (रिन्युवल) गर्ने अधिकारी :

(१) देहायको इजाजतपत्रको नवीकरण गर्ने अधिकारी देहायका अधिकारीलाई हुनेछ :-

इजाजतपत्रको किसिम	नवीकरण गर्ने अधिकारी
(क) भरुवा बन्दुकको इजाजतपत्र	नगरपालिका वा गाउँ विकास समिति ।
(ख) भरुवा बन्दुकबाहेक अरू हातहतियारको इजाजतपत्र	प्रमुख जिल्ल अधिकारी वा सीमा प्रशासन अधिकृत ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ग) हातहतियार खरखजाना उत्पादन गर्ने, मर्मत गर्ने तथा बिक्री गर्ने इजाजतपत्र	नेपाल सरकारको स्वीकृति ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाइसेन्स) रिन्यु गर्ने अधिकारीले चाहेमा इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गर्दा त्यस्तो इजाजतपत्र (लाइसेन्स) मा उल्लिखित हातहतियार खरखजाना आफूसमक्ष निरीक्षणका लागि पेस गर्न लगाउन सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) बमोजिम नगरपालिका वा गाउँ विकास समितिले र खण्ड (ख) बमोजिम सीमा प्रशासन अधिकृतले प्रत्येक वर्ष नवीकरण गरेको इजाजतपत्रको लगत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्नेछ ।

(४) उपनियम (१) को खण्ड (क) बमोजिम नगरपालिका वा गाउँ विकास समितिले भरुवा बन्दुकको इजाजत नवीकरण गर्दा प्राप्त हुने दस्तुर सोही नगरपालिका वा गाउँ विकास समितिले आफ्नै खातामा राखी उपयोग गर्न पाउनेछ ।

१२. अर्को इलाकामा पनि नवीकरण (रिन्यु) गर्न सकिने :

(१) कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति आफ्नो इलाका छाडी अस्थायी रूपमा अन्यत्र गई बसेको अवस्थामा सोही इलाकाको इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गर्ने अधिकारीबाट पनि आफ्नो हातहतियार राख्ने इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गर्ने अधिकारीले इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गरी दिएपछि निजले त्यसको सूचना नियम ११ को उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गर्ने अधिकार भएको सम्बन्धित अधिकारीलाई दिनुपर्छ ।

१३. वारेसद्वारा नवीकरण (रिन्यु) गर्न सकिने : कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति कुनै कारणवश इजाजतपत्र नविकरण (लाइसेन्स रिन्यु) गराउन आफैँ उपस्थित हुन नसक्ने भएमा वारेसद्वारा आफ्नो इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गराउन सक्नेछ ।

१४. इजाजतपत्र (लाइसेन्स) हराएमा अर्को इजाजतपत्र (लाइसेन्स) लिनुपर्ने :

(१) यस नियमावलीबमोजिम प्राप्त कुनै इजाजतपत्र (लाइसेन्स) हराएमा वा चोरिएमा वा अन्य कुनै कारणबाट नासिएमा त्यस्तो इजाजतपत्र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(लाइसेन्स) प्राप्त व्यक्तिले अर्को इजाजतपत्र (लाइसेन्स) प्राप्त गर्नको लागि नियम ५ बमोजिम निवेदन दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा लेखिएको व्यहोरा मनासिब ठहरे पचास रुपैयाँ दस्तुर लिई इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले अर्को इजाजतपत्र (लाइसेन्स) गरी दिनुपर्छ ।

१५. इजाजतपत्र (लाइसेन्स) को लगत कट्टा :

(१) कुनै हातहतियार हराएमा वा चोरिएमा वा बिग्री काम नलाग्ने भएमा वा अन्य कुनै कारणबाट नासिएमा पैंतीस दिनभित्र सो कुराको सूचना त्यस्तो हातहतियारको धनी इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिई त्यस्तो हातहतियारको लगत कट्टा गराउनुपर्छ । हातहतियार हराएमा वा चोरिएमा भने नजिकको प्रहरी ठानामा यथाशीघ्र सात दिनभित्र सूचना दिन अनिवार्य हुनेछ ।

तर, बिग्रेको हातहतियार मर्मत गरी फेरी काम लाग्ने भएमा वा हराएमा वा चोरिएको हातहतियार फेला परेमा यस नियमावलीबमोजिम पुनः इजाजतपत्र (लाइसेन्स) लिनुपर्नेछ ।

(२) हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने काम छाड्न चाहेमा निजले त्यस्तो सूचना प्रमुख जिल्ला अधिकारीलाई दिई त्यसको लगत कट्टा गराउनुपर्छ ।

(३) नेपाल सरकारले जफत गरेको वा अन्य कुनै प्रकारले सरकार लागेको हातहतियार खरखजानाको लगत स्वतः कट्टा गरिनेछ ।

(४) यस नियमावलीबमोजिम दर्ता नगराइएको, राख्ने इजाजतपत्र (लाइसेन्स) नलिइएको वा दर्ता गराई राख्ने इजाजतपत्र (लाइसेन्स) लिई सकेकोमा पनि यस नियमावलीबमोजिम नवीकरण नगराइएको हातहातियार खरखजानाको लगत स्वतः कट्टा गरिनेछ र त्यस्तो हातहतियार खरखजाना तुरुन्त प्रहरी ठानामा बुझाउनुपर्नेछ ।

१६. लगत राख्नेबारे : हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले प्रत्येक महिनामा उत्पादन गरेको वा बिक्री गरेको वा मर्मत गरेको हातहतियार खरखजानाको लगत अनुसूची १२ बमोजिमको ढाँचामा भरी प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र जिल्ला प्रशासन कार्यालयमार्फत गृह मन्त्रालयमा पठाउनुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१७. हातहतियारको नामसारी :

(१) कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले आफ्नो कुनै हातहतियार अरू कसैलाई बिक्री गरी वा अरू कुनै तरिकाले हक छाडी दिन चाहेमा त्यस्तो हक छाडी दिने र लिने दुवै थरीले क्रमशः अनुसूची १३ र १४ मा तोकिएको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्छ । त्यस्ता हक पाउने व्यक्तिलाई खरिद गर्ने इजाजतपत्र (लाइसेन्स) भइराखेको भए वा त्यस्तो व्यक्तिको सम्बन्धमा जाँचबुझ गर्दा इजाजतपत्र (लाइसेन्स) दिन हुने ठहरिएमा प्रमुख जिल्ला अधिकारीले बिक्री गर्ने वा हक छाड्न स्वीकृत दिनेछ ।

तर कूटनीतिक सुविधा प्राप्त व्यक्तिले भने परराष्ट्र मन्त्रालयमार्फत गृह मन्त्रालयको स्वीकृति लिई मात्र बिक्री गरी वा हक छाडी दिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति मरी निजको हातहतियारको नामसारी गराउन निजका सबभन्दा नजिकको उमेर पुगेको हकवालाले प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिएमा प्रमुख जिल्ला अधिकारीले दिन नहुने ठहराइएमा बाहेक त्यस्तो हकवालाको नाममा यस नियमावलीबमोजिम नामसारी गरी दिनपर्छ ।

(३) हातहतियारको इजाजत प्राप्त व्यक्तिले नियम ३ को उपनियम (१) मा उल्लेखित हातहातियारबाहेक अरू हातहतियार कसैलाई बेचविखन वा नामसारी गर्न पाउनेछैन ।

(४) हातहतियारको इजाजत व्यक्तिले उपनियम (३) बमोजिम मनाही नगरिएका हातहतियारहरू पनि इजाजतपत्र पाएको मितिले ५ वर्ष भुक्तान नभएसम्म बेचविखन वा नामसारी गर्न पाउने छैन ।

तर इजाजत प्राप्त व्यक्तिले त्यस्तो हातहतियार सो अवधि ननाघ्दै पनि आफ्नो परिवारको कुनै सदस्यको नाममा नामसारी गरिदिन सक्नेछ ।

(५) उपनियम (२) बमोजिम निवेदन दिँदा इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएको मितिले ६ महिनाभित्र सम्बन्धित हकवालाले वा वारिसमार्फत निवेदन दिनुपर्नेछ ।

(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाको बखतसम्म कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए मनासिब कारण देखाई यो नियमावली प्ररम्भ भएको मितिले तीन महिनाभित्र

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाँ नामसारी दस्तुर लिई नामसारी गरिनेछ ।

(५ख) उपनियम (५क) मा तोकिएको म्यादभित्र पनि कसैले इजाजतपत्र नवीकरण नगराएमा वा हातहतियार खरखजानाको नामसारी नगरेमा त्यस्तो इजाजतपत्र स्वतः खारेज हुनेछ र सम्बन्धित हातहतियार खरखजाना जफत हुनेछ ।

(६) इजाजतपत्र प्राप्त व्यक्तिले नेपाल सरकारको स्वीकृत लिई आफूसँग भएको जुनसूकै किसिमको हातहतियार पनि विदेशी नागरिकलाई बेचविखन गर्न यो नियमले बाधा पुऱ्याएको मानिने छैन ।

१८. कूटनीतिक सुविधा प्राप्त व्यक्तिहरूलाई इजाजतपत्र (लाइसेन्स) दिने :

(१) कूटनीतिक सुविधा प्राप्त व्यक्तिको हातहतियार खरखजानाको इजाजतपत्र (लाइसेन्स) गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयले लेखि पठाएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो हातहतियार खरखजानाको इजाजतपत्र (लाइसेन्स) गरी दिनुपर्छ ।

(२) कूटनीतिक सुविधा प्राप्त व्यक्तिहरूलाई यस नियमावलीबमोजिम हातहतियार खरखजानाको इजाजतपत्र (लाइसेन्स) दिँदा वा इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गर्दा कुनै दस्तुर लिइने छैन ।

१८क. पुरानो बन्दुकको नाल फुटाएर वा बोल्ट झिकेर राख्न पाउने : कसैले पुरानो बन्दुकको नाल फुटाएर वा बोल्ट झिकेर शोखका लागि सजायर राख्न चाहेमा नियम १० बमोजिम तोकिएको नवीकरण दस्तुर तिरी राख्न पाउनेछ ।

तर, यस्तो बन्दुकको खरखजाना राख्न पाउनेछैन ।

१९. प्रहरी ठानामा बुझाएमा हातहतियार खरखजाना तीन महिनाभित्र फिर्ता लिनुपर्ने : ऐनको दफा ९ को उपदफा (१) बमोजिम बुझाएको हातहतियार खरखजाना फिर्ता दिने निर्णय भएमा त्यस्तो हातहतियार खरखजाना फिर्ता लिन आउनु भनी प्रमुख जिल्ला अधिकारीले सूचना पठाएमा वा प्रकाशित गरेमा त्यस्तो सूचना पाएको वा प्रकाशित भएको मितिले मनासिब माफिकको करण परेमा बाहेक तीन महिनाभित्रै फिर्ता लिन आउनुपर्नेछ र त्यसरी फिर्ता लिंदा यस नियमावलीबमोजिम इजाजतपत्र (लाइसेन्स) लिनुपर्ने वा इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गराउनुपर्ने भए सो समेत लिनु गर्नुपर्छ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

१९क. हातहतियार दाखिला गर्ने :

(१) इजाजतपत्र प्राप्त व्यक्तिले चाहेमा आफूसँग भएको हातहतियार र खरखजाना जिल्ला प्रहरी कार्यालयमार्फत नेपाल सरकारलाई बुझाउन सक्नेछ ।

(२) नियम ३ को उपनियम (२) मा उल्लेखित हातहतियारको इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा त्यस्ता हातहतियार र नियम ४ को उपनियम (१) मा ताकिएको नालभन्दा बढी हातहतियार राख्न पाउने इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा त्यस्तो बढी हातहतियार मृतकको हकवालाले इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएको ६ महिनाभित्र सम्बन्धित जिल्ला प्रहरी कार्यालयमार्फत नेपाल सरकारमा बुझाउनुपर्नेछ ।

(३) नियम १७ को उपनियम (२) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिको शेषपछि निजको सबभन्दा नजिकको हकवालाको नाममा हातहतियार नामसारी गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीले उपयुक्त नठहराएमा त्यसको सूचना पाएको मितिले ३५ दिनभित्र सम्बन्धित हकवालाले उक्त हातहतियार सम्बन्धित जिल्ला प्रहरी कार्यालयमार्फत नेपाल सरकारमा बुझाउनुपर्नेछ ।

१९ख. मुआब्जा दिइने : नियम १९क. बमोजिम दाखिल हुन आएको हातहतियार र खरखजानाको सम्बन्धमा नियम १९ग. बमोजिम गठित मुआब्जा निर्धारण समितिले निर्धारण गरेबमाजिमको मुआब्जा रकम नेपाल सरकारले त्यस्तो हातहतियार खरखजाना दाखिल गर्ने व्यक्तिलाई दिनेछ ।

१९ग. मुआब्जा निर्धारण समिति :

(१) नियम १९ख. बमोजिम मुआब्जा निर्धारण गर्न देहायका सदस्यहरू भएको एक मुआब्जा निर्धारण समिति रहनेछ :

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाको हकमा शाही नेपाली जङ्गी अड्डाले खटाएको प्रतिनिधि र अन्य जिल्लाका हकमा शाही नेपाली सेनाको स्थानीय ब्यारेक प्रमुख –सदस्य

(ग) जल्ला प्रहरी कार्यालयको प्रमुख –सदस्य

(घ) भन्सार कार्यालयको प्रमुख वा सो कार्यालय नभएको स्थानमा जिल्लास्थित अर्थ मन्त्रालय

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अन्तर्गतको कुनै कार्यालयको प्रमुख —सदस्य

(२) मुआब्जा निर्धारण समितिले दाखिला हुन आएको हातहयिार र खरखजाना अवस्था एवम् मूल्यको जाँचबुझ गरी मुआब्जा रकम निर्धारण गरी गृहमन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) मुआब्जा निर्धारण समितिले निर्धारण गरेको मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले मुआब्जा निर्धारण भएको कुराको सूचना पाएको मितिले पैंतीस दिनभित्र नेपाल सरकारमा पुनरावेदन दिन सक्नेछ र त्यस्तोमा नेपाल सरकारको निर्णय अन्तिम हुनेछ ।

१९घ. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीका अनुसूचीहरूमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

२०. बचाउ :

(१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित नेपाल कानुनबमोजिम प्रदान गरिएको हातहतियार खरखजानासम्बन्धी इजाजतपत्र (लाइसेन्स) हरू यो नियमावली प्रारम्भ भएको मितिदेखि यसै नियमावलीबमोजिम जारी भएको मानिनेछ ।

(२) २०२८ साल चैत्र मसान्तसम्मका लागि नवीकरण (रिन्यु) भएका इजाजतपत्र (लाइसेन्स) हरू २०२९ साल अषाढ मसान्तसम्म नवीकरण (रिन्यु) भएको मानिनेछ र त्यसपछिका लागि नवीकरण (रिन्यु) गराउँदा यसै नियमावलीबमोजिम हुनेछ ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची– १ (क)

(नियम ५(क) सँग सम्बन्धित)

विषय : हातहतियार खरखजाना नामसारी गरी राख्न इजाजतपत्र (लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

देहायको हातहयिार तथा खरखजानाको लागि .....कार्यालयबाट.....को नाउँमा .....नं. को इजाजतपत्र (लाइसेन्स) भई राखेको निज .....मितिमा परलोक भएको र निजको सबभन्दा नजिकको हकदार म भएकाले निवेदन गर्दछु ।

मृतकको म भन्दा नजिकको हकदार अरू कोही छैन । म भन्दा नजिकको वा म सरहको हकदार देहायका व्यक्ति भए पनि मेरो नाउँमा नामसारी भई इजाजतपत्र हुन निजहरूको मन्जुरनामा यसैसाथ पेस गरेको छु ।

म.....वर्ष पूरा भएको स्वस्थ नेपाली नागरिक हुँ । मृतकसँगको मेरो सम्बन्ध र मेरो हैसियत र चालचलनबारे दुई जना प्रतिष्ठित व्यक्तिको सिफारिस यसैसाथ संलग्न छ । जो बुझ्नुपर्ने बुझी हातहितयर खरखजाना नियमावली, २०२८ बमोजिम दस्तुर लिई सो हातहतियार खरखजाना मृतकका नाउँबाट निजलाई भएको इजाजतपत्रको सर्तमा वा देहायका सर्तमा मेरो नाउँमा नामसारी इजाजतपत्र गरी पाऊँ ।

मेरो नाउँमा नामसारी भई इजाजतपत्र पाएमा हातहितयार खरखजाना ऐन, २०१९ र हातहतियार खरखजाना नियमावली, २०२८ को पालन गर्नेछु र सो हातहतियार खरखजाना कानुन विरुद्ध कुनै काममा प्रयोग गर्ने गर्न दिनेछैन । व्यहोरा झुठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

दर्ता गर्ने हातहयिार खरखजानाको विवरण	इजाजतपत्र(लाइसेन्स) गराउन चाहेको इलाका	कुनै अन्य हातहतियारको इजाजतपत्र (लाइसेन्स) प्राप्त गरेको भए त्यसको विवरण		
हातहतियार खरखजाना	हातहतियार	खरखजाना	इजाजतपत्र (लाइसेन्स) दिने कार्यालय	दर्ता नं

निवेदक,

मिति.....

.....को छोरा .....बस्ने

वर्ष ....को नाम.....

पेशा.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–१ (ख)

(नियम ५ (क) सँग सम्बन्धित)

विषय : हातहयिार खरखजाना दर्ता गरी राख्न इजाजतपत्र (लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

देहायको हातहतियार तथा खरखजाना मेरो नाउँमा भएको .....कार्यालयको मितिको.....नं को हातहतियार खरखजाना खरिद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स) बमोजम विदेश .....बाट खरिद गरी भिकाएको/वा नेपालभित्र .....हातहतियार खरखजाना बिक्रेताबाट/वा .....कार्यालयबाट .....नं. को इजाजतपत्र प्राप्त व्यक्तिबाट प्रचलित कानुनबमोजिम खरिद गरी लिएको हुँदा सो हातहतियार खरखजाना नियमावली, २०२८ बमोजिम दस्तुर लिई देहायको सर्तमा मेरो नाउँमा दर्ता गरी सुरक्षा/प्रदर्शन/सिकारका लागि इजाजतपत्र गरी पाऊँ ।

मेरो नाउँमा दर्ता भई इजाजतपत्र पाएमा हातहतियार खरखजाना ऐन, २०१९ र हातहतियार खरखजाना नियमावली, २०२८ को पालन गर्नेछु र सो हातहतियार खरखजाना कानुन विरुद्ध कुनै काममा प्रयोग गर्ने गर्न दिनेछैन ।

व्यहोरा झठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

मैले पाएको खरिद गर्ने इजाजतपत्र विदेशबाट पैठारी गर्दा तिरेको भन्सार महसुल रसिद नेपालभित्र खरिद गर्दाको बिल यसै साथ संलग्न छ ।

दर्ता गर्ने हातहतियार खरखजानाको विवरण		इजाजतपत्र (लाइसेन्स) गराउन चाहेको इलाका	कुनै अन्य हातहतियारको इजाजतपत्र (लाइसेन्स) प्राप्त गरेको भए त्यसको विवरण			
हातहतियार	खरखजाना		हातहतियार	खरखजाना	इजाजतपत्र (लाइसेन्स) दिने कार्यालय	दर्ता नं.

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

निवेदक,

.....को छोरा .....बस्ने

वर्ष ....को नाम.....

मिति.....

पेशा.....

अनुसूची–२

(नियम ५ (ख) सँग सम्बन्धित)

विषय : यात्रा इजाजतपत्र (जोर्नी लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

मेरो नाउँमा .....जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको नं. .....को इजाजतपत्र (लाइसेन्स) को देहायको हातहतियार खरखजाना निम्न कारणबाट देहायका निम्न ठाउँसम्म लैजानु परेकाले उक्त स्थानसम्म लगी राखी फिर्ता ल्याउन निम्न अवधिको यात्रा इजाजतपत्र (जोर्नी लाइसेन्स) गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । उल्लिखित म्यादभित्र हातहतियार खरखजाना उल्लिखित स्थानबाहेक अन्यत्र लैजान वा कानुन विरुद्ध कुनै काम गर्नेछैन । व्यहोरा झुठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हातहतियार	खरखजाना विवरण	लैजाने स्थान	लैजानुपर्ने कारण	अवधि

भवदीय,

.....को छोरा .....बस्ने

वर्ष ....को नाम.....

मिति .....

पेशा .....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–३

(नियम ५ (ग) सँग सम्बन्धित)

विषय : हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

मैले हातहतियार मर्मत गर्ने पेशा अपनाउने इच्छा गरेकाले हातहतियार मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गरेको छु । हातहतियार खरखजाना नियमावली, २०२८ बमोजिम दस्तुर लिई मेरो नाउँमा हातहतियार मर्मत गर्न इजाजतपत्र (लाइसेन्स) गरी पाऊँ ।

मैले देहायको हातहतियार मर्मत गर्ने कामको प्रशिक्षण र अनुभव .....मा पाई प्रमाणपत्र पाएको छु वा छन् ।

१.....

२.....

३.....

मैले हातहतियार मर्मत गर्ने प्रशिक्षण नपाए पनि .....कामको अनुभवबाट सो काम राम्रोसँग गर्न सक्छु ।

मैले हातहतियार मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाएमा सो इजाजतपत्रमा तोकिएको शर्त र हातहतियार खरखजाना ऐन, २०१९, हातहतियार खरखजाना नियमावली, २०२८ र अन्य प्रचलित कानुनको पालना गरी काम गर्नेछु । इजाजतपत्र प्राप्त हातहतियार मात्र मर्मत गर्नेछु र मर्मत गरेको प्रत्येक हातहतियारको दर्ता किताब राखी इजाजतपत्र (लाइसेन्स) नं. .....इजाजतपत्रवालाको नाम, दाखिल गरेको र फिर्ता लगेको मिति, समय, सहीछाप, हातहतियारको हालत र मर्मत गरेको काम, लिएको ज्याला समेतको विवरण खुलाउनेछु र इजाजतपत्र (लाइसेन्स) दिने नवीकरण (रिन्यु) गर्ने अधिकारी वा प्रहरी अधिकृतले निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न दिनेछु ।

मेरो हैसियत, योग्यता र चालचलनबारे दुई प्रतिष्ठित व्यक्तिहरूको सिफारिस यसैसाथ संलग्न छ । व्यहोरा झुठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदक,

.....को छोरा .....बस्ने

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वर्ष ....को नाम.....

मिति : ..... पेशा.....

.अनुसूची–४

(नियम ५ (घ) सँग सम्बन्धित)

विषय : हातहतियार खरखजाना खरिद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

मलाई ... .बोरको ... . नाले बन्दुक वा राइफल वा पेस्तोल वा रिवाल्भर वा र.....त्यसको टोटा.... .... खरिद गर्न आवश्यक भएकाले .... ठाउँ स्थित ....कम्पनी वा पसलबाट खरिद गर्न पाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) को लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गरेको छु ।

निवेदक,

.....को छोरा .....बस्ने

वर्ष ....को नाम.....

मिति : पेशा.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–५ (क)

(नियम ५ (ङ) सँग सम्बन्धित)

विषय : हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

देहायबमोजिमको हातहतियार खरखजाना देहायबामोजिम उपलब्ध गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउनका लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) मा तोकिएको सर्त बन्देज उल्लङ्घन गरेमा ऐनबमोजिम सजाय सहुँला बुझाउँला :

१. निम्नलिखित व्यहोराबाट उपलब्ध गरी बिक्री गर्ने :

(क) विदेशबाट पैठारी गरी, वा

(ख) नेपाल राज्यभित्र इजाजतपत्र (लाइसेन्स) वालासँग खरिद गरी ।

२. बिक्री गर्ने स्थान .....

३. सालभर पैठारी गरी नेपाल राज्यभित्र खरिद गरी बिक्री गर्ने हातहतियार वा खरखजाना विवरण... ....

भवदीय,

.....को छोरा .....बस्ने

वर्ष ....को नाम.....

मिति : पेशा.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–५ (ख)

(नियम ५ (च) सँग सम्बन्धित)

विषय : हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

देहायबमोजिम हातहतियार खरखजाना देहायबमाजिम उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउनको लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) वा तोकिएको सर्त बन्देज उल्लङ्घन गरेमा ऐनबमोजिम सजाय सहुँला बुझाउँला ।

निम्नलिखित व्यहोराबाट उत्पादन गरी बिक्री गर्ने :

(क) मेसिनरी, प्राविधिज्ञ, अन्य पदार्थ विदेशबाट पैठारी गरी वा नेपाल राज्यभित्र उपलब्ध गर्ने,

(ख) उत्पादन गरिने, हातहतियार खरखजानाको किसिम, परिमाण र अन्य विवरण,

(ग) उत्पादन गर्ने कारखानाको स्थान र पूर्ण विवरण,

(घ) सुरक्षा र बिक्रीको व्यवस्था,

(ङ) उत्पादन गरिने हातहतियार वा खरखजानाको अनुमानित लागत र बिक्री मोल,

(च) नेपाल राज्यभित्र खपत हुने परिमाण र विदेश निकासी हुने भए त्यसको विवरण,

(छ) अन्य विवरण ।

भवदीय,

.....को छोरा .....बस्ने

वर्ष ....को नाम.....

मिति : पेशा.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–६

(नियम ७ (१) सँग सम्बन्धित)

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

इजाजतपत्र (लाइसेन्स) नम्बर.....

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको फोटो

हातहतियार खरखजाना राख्न पाउने इजाजतपत्र (लाइसेन्स)

१	२	३		४	५
इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम, थर, वतन	हातहतियार विवरण	खरखजानाको एकपटकमा राख्न पाउने अधिकतम सङ्ख्या	विवरण एक सालमा किन्न पाउने अधिकतम सङ्ख्या	हातहतियार खरखजाना राख्न पाउने इलाका	कैफियत
इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति	इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति	इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको सहीछाप		इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत	
इजाजतपत्र नवीकरण	म्याद समाप्त हुने	नवीकरण (रिन्यु) गर्ने अधिकारीको दस्तखत		नवीकरण (रिन्यु गर्ने	

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(लाइसेन्स रिन्यु) गरेको साल र मिति	साल र मिति		अधिकारीको कार्यालयको छाप	

नोट : इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले पालन गर्नुपर्ने सर्तहरू यसका पछाडि दिइएका छन् ।

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले पालन गर्नुपर्ने सर्तहरू :

(१) इजाजतपत्र (लालसेन्स) बमोजिमको हातहतियार खरखजाना इजाजतपत्र (लाइसेन्स) मा लेखिएको मानिस र इलाकाको हकमा मात्र लागु हुने हुँदा त्यस्तो इजाजतपत्र (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजानाहरू कसैलाई दिन वा नियमबमोजिम इजाजतपत्र (लाइसेन्स) नगराई अन्यत्र लिएर जानु हुँदैन ।

(२) इजाजतपत्र (लाइसेन्स) मा लेखिएभन्दा बढी खरखजाना राख्नु वा खरिद गर्नु हुँदैन ।

(३) इजाजतपत्र (लाइसेन्स) को अवधि समाप्त भएमा वा बदर गरिएमा वा कुनै ठाउँमा हातहतियार खरखजाना राख्न गैरकानुनी हुन आएमा त्यस्तो हातहतियार खरखजाना तुरुन्त स्थानीय प्रहरी कार्यालयमा वा त्यस्तो सूचनामा तोकिएको स्थानमा बुझाई दिनुपर्छ ।

(४) यो इजाजतपत्र (लाइसेन्स) को म्याद भुक्तान भएपछि नियमबमोजिम नवीकरण (रिन्यु) गराउनुपर्छ ।

(५) कुनै प्रचलित नेपाल कानुनले मनाही गरेका ठाउँमा हातहतियार खरखजाना लिई जानु वा मनाही गरिएको जनावर वा पशुपक्षीहरूको शिकार खेल्नुहुँदैन ।

(६) नेपाल सरकारले तोकेको कुनै कर्मचारीले वा अख्तियार प्राप्त प्रहरी अधिकृतले कुनै इजाजतपत्र प्राप्त व्यक्तिको हातहतियार खरखजाना वा इजाजतपत्र (लाइसेन्स) हेर्न चाहेमा त्यस्तो इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले हातहतियार खरखजाना वा इजाजतपत्र (लाइसेन्स) देखाउनुपर्छ ।

(७) यस इजाजतपत्र (लाइसेन्स) मा तोकिएको बाहेक अरू हातहतियार वा खरखजाना राख्नु हुँदैन ।

(८) यस इजाजतपत्र (लाइसेन्स) बमोजिमको हातहतियारले सिकार खेल्न चाहने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

वन्यजन्तु संरक्षण ऐन, २०२९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० पालन गर्नुपर्नेछ ।

अनुसूची–७

(नियम ७ (१) सँग सम्बन्धित)

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

यात्रा इजाजतपत्र (जोर्नी लाइसेन्स)

निम्न हातहयिार खरखजाना .....बस्ने श्री.....ले साथमा लिई जान र आउन पाउने गरी यो यात्रा इजाजतपत्र (जोर्नी लाइसेन्स) गरी दिएको छ । यसमा सम्बन्धित कर्मचारीले कानुनबमोजिम जाँची छाडिदिनुहोला ।

हातहतियार खरखजानाको विवरण		लिएर जाने स्थान	लैजानुपर्ने करण	अवधि	कैफियत
हातहतियार	खरखजाना				

द्रष्टव्य : इजाजतपत्र (लाइसेन्स) मा लेखिएको अवधि नाघेपछि यो इजाजतपत्र (लाइसेन्स) स्वतः रद्द हुनेछ ।

प्रमुख जिल्ला अधिकारी

दस्तखत

मिति :

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–८

(नियम ७ (१) सँग सम्बन्धित)

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स)

नियम	इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको नाम, थर वतन	मर्मत गर्न पाउने हातहतियारको विवरण		कैफियत
१. यो इजाजतपत्र (लाइसेन्स) को कलम ३ मा लेखिएबमोजिमको हातहतियार मात्र मर्मत गर्नुपर्छ				
२. इजाजतपत्र (लाइसेन्स) भएको हातहतियार मात्र मर्मत गर्नुपर्छ	इजाजतपत्र (लाइसेन्स) नम्बर र सो पाएको साल र मिति	इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति	इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको सहीछाप	इजाजतपत्र (लाइसेन्स)दिने अधिकारीको दस्तखत
३. मर्मत गरेको हातहतियारको इजाजतपत्र (लाइसेन्स) नम्बर सहित हातहतियारको नियमबमोजिमको विवरण खोली सम्बन्धित प्रमुख जिल्ला अधिकारीकहाँ पठाउनुपर्छ ।	इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यु) गरेको साल र मिति	म्याद समाप्त हुने साल मिति	नवीकरण (रिन्यु) गर्ने अधिकारीको सहीछाप	नवीकरण (रिन्यु) गर्ने अधिकारीको कार्यालयको नाम

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–९

(नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

खरिद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स)

हातहतियार खरखजाना खरिद गर्न पाउने व्यक्तिको नाम, थर ठेगाना	हातहतियार खरखजानाको किसिम		हातहतियार खरखजाना खरिद गर्न कम्पनी वा पसलको नाम र त्यसको ठेगाना	कैफियत
	हातहतियार	खरखजाना		

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–१०

(नियम ७ (१)सँग सम्बन्धित

हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स)

अनुसूची–११

(नियम ७ (१) सँग सम्बन्धित)

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

हातहतियार खरखजाना बिक्री गर्ने र उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स)

नियम	बिक्री र उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम थर वतन	बिक्री उत्पादन गरिने स्थान	बिक्री उत्पादन गर्न पाउने हातहतियार खरखजानाको किसिम	हातहतियार खरखजानाको परिमाण	कैफियत
१. यो इजाजतपत्र (लाइसेन्स) बमोजिम उत्पादन गरेको हातहतियार खरखजाना मात्र बिक्री गर्नुअघि श्री ५ को सरकारले तोकिदिएको					

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

व्यक्तिद्वारा जाँच गराई निजले प्रमाणित गरिदिएको हातहतियार खरखजाना मात्र बिक्री गर्नुपर्छ ।					
२. बिक्रीको लागि उत्पादन गरेको तथा बिक्री भएका हातहतियार खरखजानाको नियमबमोजिम विवरण महिना भुक्तान भएको सात दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दखिल गर्नुपर्छ ।	इजाजतपत्र (लाइसेन्स) पाएको साल मिति	इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति	इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको सहीछाप	इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत	
३. हातहतियार खरखजाना खरिद गर्ने इजाजतपत्र (लाइसेन्स) पाएकालाई मात्र इजाजतपत्र (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजाना बिक्री गर्नुपर्छ ।					
४. बिक्रीको	इजाजतपत्र	म्याद	नवीकरण (	नवीकरण (	कैफियत

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

लागि राखेको वा उत्पादन गरेको हातहतियार खरखजानाको लगत र पसल वा कारखाना तथा सोसम्बन्धी सबै हिसाबकिताबको खाता नेपाल सरकारको अधिकार प्राप्त अधिकारीले जाँच्न वा निरीक्षण गर्न दिनुपर्छ ।	नवीकरण (लाइसेन्स रिन्यु) गरेको साल र मिति	समाप्त हुने साल र मिति	रिन्यु) गर्ने अधिकारीको दस्तखत	रिन्यु) गर्ने अधिकारीको कार्यालयको छाप ।	
५. खरखजाना बिक्री गर्दा इजाजतपत्र (लाइसेन्स) मा तोकिएको अधिकतम सङ्ख्यामा नबढाई बेच्नुपर्छ । बिक्री गरेको मिति त्यस्तो खरखजाना किन्ने व्यक्तिको इजाजतपत्र (लाइसेन्स) मा पनि जनाई दिनुपर्छ ।					
६. कलम ३ मा					

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

उल्लिखित स्थानबाहेक अन्यत्र हातहतियार खरखजाना बिक्री गर्न वा उत्पादन गर्नुहुँदैन ।					

अनुसूची–११क.

(नियम ९ को उपनियम (१) र नियम १० को उपनियम (१) सँग सम्बन्धित)

हातहतियार खरखजाना इजाजतपत्र दस्तुर एवम् नवीकरण दस्तुर

(क) हातहतियार राख्ने इजाजतपत्र :

	इजाजतपत्र दस्तुर		नवीकरण दस्तुर	
	जिल्लाभर	अधिराज्यभर	जिल्लाभर	अधिराज्यभर
१ पिस्तोल रिभाल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको रु.	२००।–	३००।–	५००।–	७५०।–
२. टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको रु.	२००।–	३००।–	१५०।–	३००।–
३. भरुवा बन्दुक प्रत्येकको रु.	२००।–	२००।–	१००।–	२००।–
४. हावादारी बन्दुक प्रत्येकको रु.	२००।–	२००।–	२००।–	३००।–

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

(ख) हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र :

	इजाजतपत्र दस्तुर	नवीकरण दस्तुर
१. हातहतियार मात्रको रु.	१२,०००।–	४,०००।–
२. खरखजाना मात्रको रु.	१२,०००।–	४,०००।–
३. हातहतियार खरखजाना दुवैको रु.	२४,०००।–	८,०००।–

(ग) हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र :

१. हातहतियार मात्रको रु.	२,०००।–	१,०००।–
२. खरखजाना मात्रको रु.	२,०००।–	१,०००।–
३. हातहतियार खरखजाना दुवैको रु.	४,०००।–	२,०००।–

(घ) हातहतियार मर्मत गर्ने
इजाजतपत्र रु. १,०००।– ३००।–

(ङ) यात्रा इजाजतपत्र (जोर्नी लाइसेन्स) :

१. पिस्तोल रिभाल्वर वा मिनिएचर राइफल सहित राइफल प्रत्येकको रु. २००।–
२. टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको रु. १००।–
३. भरुवा बन्दुक प्रत्येकको रु. ५०।–

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–१२

(नियम १६ सँग सम्बन्धित)

हातहतियार खरखजाना मर्मत गर्ने, बिक्री गर्ने वा उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) पाएका व्यक्तिले दिनुपर्ने लगत

इजाजतपत्र (लाइसेन्स) नम्बर :

महिना.....साल.....मिति

उत्पादन गरेको वा मर्मत गरेको वा बिक्रीको लागि प्राप्त गरेको हातहतियार खरखजानाको विवरण	यो महिनामा मर्मत गरेको, बिक्री गरेको, उत्पादन गरेको	मर्मत गराउने वा खरिद गर्ने व्यक्तिको नाम, थर, वतन र इजाजतपत्र (लाइसेन्स) नम्बर	कैफियत

इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको नाम र थर .....

स्थायी वतन.....

मर्मत, बिक्री वा उत्पादन गर्ने स्थान.....

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको सहीछाप

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

अनुसूची–१३

(नियम १७ सँग सम्बन्धित)

विषय : हातहतियार खरखजानाको हक छाडी दिने इजाजतपत्र पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

.....जिल्ला प्रशासन कार्यालय ।

महोदय,

मेरो नाममा .....जिल्ला प्रशासन कार्यालयबाट लाइसेन्स भइरहेको हातहतियार खरखजानामध्ये देहायको हातहतियार खरखजाना.....को छोरा वर्ष ..... को.....बस्ने.....लाई दिन मेरो मन्जुरी भएकाले मेरो नामबाट लगत कट्टा गरी निजको नाममा नामसारी दर्ता प्रमाणपत्र गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । मैले जाने बुझेसम्म निजको हैसियत र चालचलन राम्रो नै छ । यो व्यहोरा झुठ्ठो ठहरे ऐनबमोजिम सहुँला बुझाउँला ।

इजाजतपत्र (लाइसेन्स) भैरहेको हातहतियार खरखजानाको विवरण				
	हातहतियार	खरखजाना	इजाजतपत्र (लाइसेन्स) नम्बर	कैफियत
जम्मा हातहतियार खरखजाना लगत कट्टा गर्ने				
बाँकी कायम रहने हातहतियार खरखजाना				

भवदीय,

निवेदक

सहीछाप

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

मिति :.....

अनुसूची–१४

(नियम १७ सँग सम्बन्धित)

विषय : हातहतियार खरखजानाको नामसारी गरी इजाजतपत्र (लाइसेन्स) गारी पाऊँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

.....जिल्ला प्रशासन कार्यालय ।

महोदय,

.....बस्ने .....ले आफ्नो नाममा .....जिल्ला प्रशासन कार्यालयबाट इजाजतपत्र (लाइसेन्स) भएको देहायको हातहतियार खरखजाना मलाई हक छाडी दिने भएकाले मेरो नाममा लाइसेन्स गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु ।

दर्ता गर्ने हातहतियार खरखजानाको विवरण	इजाजतपत्र (लाइसेन्स) गराउन चाहेको इलाका	यसभन्दा अघि कुनै हातहतियारको इजाजतपत्र (लाइसेन्स) रहेको भए त्यसको विवरण				
हातहतियार खरखजाना		हातहतियार	खरखजाना	इजाजतपत्र (लाइसेन्स) गरिदिने कार्यालय	दर्ता नम्बर	कैफियत

भवदीय,

.....को छोरा.....बस्ने

वर्ष .....को नाम.....

पेशा.....

मिति :.....

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional

Back Cover

हरि फुयाल नेपालको सर्वोच्च अदालतका अधिवक्ता हुन् । उनले भारतको नेशनल ल स्कुल अफ इण्डिया यूनिभर्सिटी (NLSIU), बैङ्लोरबाट LL.M तथा बेलायतको एसेक्स विश्वविद्यालय (University of Essex) बाट एल.एल.एम. सम्मको अध्ययन पूरा गरेका छन् । उनले राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारको उच्च आयुक्तको कार्यालय, नेपाल तथा इन्टरनेशनल कमिशन अफ जुरिष्ट (ICJ) मा विशेषज्ञ तथा कानुनी सल्लाहकारको रूपमा काम गरिसकेका छन् । उनका कानुन र मानव अधिकार सम्बन्धमा विभिन्न विश्लेषणात्मक लेख, रचनाहरू तथा प्रतिवेदनहरु प्रकाशित छन् ।

Created with nitroPDF professional
download the free trial online at nitropdf.com/professional